# मेरो सम्झनामा ती घरहरू



पूर्णशोभा चित्रकार
केन्द्रीय अनुशासन आयोग सदस्य

'कमरेड, यी केही किताबहरू तपाईंको घरमा राख्न मिल्छ ? यी केही पेजहरू तपाईंले सारी दिन मिल्छ ? दुई–चार जना कमरेडको कुराकानीका लागि तपाईंले ठाउँ मिलाउन मिल्छ ? यस्तो खालको भेला तपाईंको ठाउँमा आयोजना गर्न मिल्छ ? केही कमरेडहरू एक–दुई रात सुत्नका लागि ठाउँ व्यवस्था गर्न मिल्छ ? एउटा टाइपराइटर राख्न मिल्छ ? एउटा लिथो मेसिन राख्न मिल्छ ? केही प्रति पार्टी सामग्रीहरू छाप्न मिल्छ ?' कमरेडहरूका यस्ता प्रश्नको जवाफ म सजिलै हुन्छ भनेर दिन्थेँ। कमरेडहरू अनन्य मित्रहरू मात्र होइनन्, मुक्तिदाताजस्तै लाग्थे। कमरेडहरूले मेरो घरको दैलोमा टेक्दा पनि मलाई असीम आनन्दको अनुभूति हुने गर्थ्यो। कमरेडहरूले खटखटाएको 'टकटक' आवाजसँगै मैले दैलो खोल्थेँ, न्यानो र कसिलो हात मिलाउँथेँ। हाम्रा चम्किला आँखाहरूमा मुक्तिका सपनाहरू हुन्थे। अल्छी, थकान र डर हामीबाट टाढै भाग्थे। मलाई कमरेडहरू सधैँ सधैँ मेरो घरमा आइरहून् जस्तो लाग्दथ्यो। कमरेडहरूले दिएका कामहरू समयमा सिध्याएर बुझाउन पाउँदा हुने सुखको अनुभवको बयान म शब्दमा दिन सक्दिनथेँ। मेरा कैयौँ रात र दिनहरू अनिँदा हुन्थे। यस्तै कामको सिलसिलामा मेरो घर कुन बेला पार्टीको एक सुरक्षित सेल्टर भैसकेको थियो भन्ने मलाई पत्तो नै भएन।

मेरो घरमा 'मातँ' तल्लामा दुईवटा ठूला र एउटा सानो 'न्हूकोठा' थियो। पुरानो शैलीमा बनाएका बाक्ला भित्ता भएको घरमा हरेक भित्तामा धेरै तख्ता भएका अग्ला दराज थिए। कति सामान अट्थ्यो त्यो घरमा, त्यसको कुनै हिसाब रहेन। त्यो घरमा शिक्षक, मजदुर, संस्कृतिकर्मी, विद्यार्थी, महिला लगायत विभिन्न निकाय तथा फाँटका कमरेडहरूको बैठक र भेला भैरहन्थे। थुप्रै किताबहरू, चिठीपत्रहरू, टाइपराइटर, लिथो मेसिन, पार्टीका महत्त्वपूर्ण दस्तावेज त्यहाँ सुरक्षित रहन्थे। एकचोटि माधव

नेपालले एउटा बन्द बक्सा पार्टीका ठूलै नेतालाई पनि नदेखाउनु है भनेर दिनुभएको थियो। त्यो पनि त्यहीँ थियो। पार्टीका सर्कुलरहरू समयमा सबै ठाउँमा पुऱ्याउन रातभर टाइप र लिथो गरी छाप्ने काम भ्याउनु पर्थ्यो। गोपनीयताका कारणले मैले अरूबाट सहयोगको आशा पनि गर्न सक्दिनथेँ। कहिलेकाहीँ तलसम्म जाने हल्का सर्कुलरहरू र डकुमेन्टहरूका लागि सुरेन्द्र तुलाधरसँग टाइपका लागि सहयोग माग्दथेँ। कहिलेकाहीँ बाहिरबाट काठमाडौँ आउने कमरेडहरू पनि एक–दुई रात बस्ने गर्नु हुन्थ्यो। कहिलेकाहीँ बैठक बस्दाबस्दै राती अबेर हुँदा घुप्लुक्क त्यहीँ लाइन लगाएर सुत्थ्यौँ। २०३९ सालमा सीपी मैनालीसँगको बादविवाद चर्किरहेका बेलाका केही बैठक त्यही घरमा भएका थिए। 'आज त चर्काचर्की होला जस्तो छ ? ठूलो स्वर होला, छिमेकीहरूको अवस्था कस्तो छ ?' भनेर झलनाथ खनाल कमरेडले सोध्नुभएको अहिलेजस्तो लाग्छ। ईश्वर पोखरेल र मीरा ध्वँजूको भूमिगत विवाह पनि त्यहीँ भएको थियो। त्यो घरमा खास गरी मेरी माइली भाउजू दिलशोभाले निकै धेरै मिहिनेत गर्नुहुन्थ्यो। भात पकाएर ख्वाउने मात्र होइन, साथीहरूलाई अन्न, पैसा पनि सहयोग गर्नु हुन्थ्यो। जेल–टीका कार्यक्रममा सहभागी बन्नु हुन्थ्यो। सासू–ससुराको गालीबाट नन्दलाई बचाउनु हुन्थ्यो। विभिन्न पार्टीका काममा आफैँ सहभागी बन्नुहुन्थ्यो। मेरी अर्की भाउजू गङ्गाको पनि सेल्टरका लागि धेरै योगदान रहेको थियो। मेरा भदाभदैहरू सुनिल, सुजन, अनु, मिनु, बिनु, श्रृजन, प्रज्वलहरूले पनि पार्टीका काममा आवश्यक सहयोग गर्दथे।

२०४१ सालमा शिक्षक आन्दोलन चर्किरहेको थियो। देशैभर शिक्षकहरूको धरपकड चलिरहेको थियो। एक दिन मलाई घरको वरिपरि केही शङ्कास्पद मानिसहरू ओहोरदोहोर गरिरहेको जस्तो लाग्यो। परिस्थिति जे पनि हुन सक्छ भन्ने विचार गरेर त्यो रात दराजहरूमा भएका सबै किताब, सामग्रीहरू विभिन्न कोठामा थुपारेँ। चिठीपत्र र लिखित कागजातहरू एउटा बोरामा जम्मा पारेँ। अबेर राती मात्र सुत्न गएँ। थकाइले भुसुक्क निद्रा पनि लाग्यो। राती त एक्कासि ढोका ढकढक्याएको आवाजले म बिउँझेँ। ढोकामा दुवै जना भाउजूहरूले कानेखुसी गरेर यहाँ सीआईडीहरू आएर हेरेर गइसक्यो, पुलिसले दाजु भक्तलाललाई पक्रेर थानामा लगेको छ, तपाईं जोगिनु पऱ्यो भन्नुभयो। मैले पार्टीका त्यति विघ्न सामग्रीहरू सम्झेँ। उहाँहरूलाई पीर नगर्नुस्, सबै मिलाउँला भनेर आश्वासन दिँदै मैले टोलको साथी नानीबाबा मानन्धर र ज्ञानीमैया मानन्धरलाई भेटी सामग्रीका बारेमा कुरा गरेँ। उहाँहरू सहयोग गर्न तयार हुनुभयो र घरका सबै जना मिलेर सामान ओसार्न थाल्यौँ। सामानहरूको थुप्रो उहाँहरूको घरमा पनि राख्ने ठाउँ भएन। त्यसपछि मङ्गलसिद्धि मानन्धर, महेन्द्र मानन्धर र अन्य केही छिमेकीहरूको घरमा ती सामान सारिए। केही सवल बहालको घरहरूमा सारियो। करिब ४० बोरा

जति सामग्री ओसारिसकेपछि उज्यालो हुन लागिसकेको थियो। उज्यालोमा सामान सार्न असम्भव हुने भएकाले केही सामान घरपछाडि इनारमा फालियो। सबै ठीकठाक भएपछि म एउटा खास्टो ओडेर ज्ञानीमैयाको घरमा एकछिन बसेर कमरेडहरूको सहयोगमा पाटनको सेल्टरमा पुगेँ।

बिहानको झिसमिसेमा भाउजूहरूले देख्नुभयो, चिठीपत्रहरू राखेको बोरा त घरबाहिर पो परिरहेको रहेछ। त्यो पनि टिपेर हतार हतार जलाउनु भएछ। त्यसमा जीवराज आश्रित लगायत धेरै जना कमरेडहरूका चिठीपत्र र हस्तलिखित सामग्री थिए। परिवार र टोल छिमेकको सहयोगले मेरो जीवन मात्र होइन, पार्टीलाई ठूलो नोक्सान हुनबाट पनि यसरी जोगाइएको थियो। प्रहरीहरू फेरि घरमा आएर खानतलासी लिए। पाँच प्राधिकारको फोटो भएको एउटा क्यालेन्डर न्हूकोठाको ढोकापछाडि झुन्ड्याइएको झिक्न बिर्सेको रहेछ, त्यो उनीहरूले पाए। त्यसपछि महिनौँ दिनसम्म मेरो खोजी हुन थाल्यो। कैयौँपटक सेल्टरको खानतलासी भयो र कैयौँपल्ट बुवा बसेको स्वयम्भूको घरमा मात्र होइन, टोलमै समेत प्रहरी भ्यानको आतङ्कले सतायो।

सेल्टरको कुरा गर्दा त्यससित जोडिएर आउने कमरेडहरूको सम्झना पनि सँगसँगै आउने गर्दछ र मलाई भावुक बनाउँछ। त्यही भावुकता र संवेदनशीलता नै मान्छे हुनुको चिनो हो भन्छु म। २०३५/३६ सालमा श्यामप्रसाद शर्माको समूहमा रहँदैमा लगन सवलबहालको सफाइ मजदुर बस्तीको जिम्मा मेरो भागमा परेपछि त्यहाँका सेल्टरदाताहरूको उत्साह, सहयोग, त्याग, दृढता, निडरताका कुरालाई म बिर्सन सक्दिनँ। आमा, राधेश्याम, जानुका, दिलकुमारी, किशोरको घरमा सधैँजसो साना बैठकहरू हुने गर्दथे। २०३५/३६ को आन्दोलनताका शिक्षकहरूको पहिलो पर्चा स्टेन्सिलमा कोरी छाप्ने ठाउँ थियो त्यो। त्यो पर्चा म र अष्टलक्ष्मी शाक्य भएर बालाजु औद्योगिक क्षेत्रमा छरेका थियौँ। सेल्टरदाता कमरेडहरूले बिहानको झिसमिसेमा सडक सफा गर्ने बहानामा पर्चा सडकभरि छरेर जनतालाई सचेत गर्नु हुन्थ्यो। श्यामप्रसादको त्यो समूह २०३६ सालमा नेकपा (माले)मा विलय भएपछि त्यो बस्तीका साथीहरूले भूमिगत कमरेडहरूलाई बास दिनुहुन्थ्यो। पार्टीका सामग्रीहरू सुरक्षित राख्नुहुन्थ्यो। जेलबाट राजबन्दीहरू छुट्दा मन्जरी पनि त्यही बस्तीमा बस्नुभएको थियो। त्यस बस्तीभित्रका बसु र रामकृष्ण, जुनु, मैया, प्रकाशका घरहरूले पनि सेल्टरको रूपमा ठूलो योगदान गरेको थियो।

पद्मा मानन्धर (पकनाजोल), अष्टलक्ष्मी शाक्य (झोछेँ), सुलोचना मानन्धर (झोछेँ), शोभा स्थापितका डेराहरू, प्रणय मानन्धर (झोछेँ) का घरहरूमा पार्टीका बैठक

हुने गर्दथ्यो। पद्मा मानन्धरको घर त मेरो आफ्नै घरजस्तो हुन्थ्यो। प्रायःजसो त्यहाँ पुगिरहनु पर्ने काम आइपर्थ्यो। कोही पनि त्यस घरमा पुग्दा खाना वा खाजा नख्वाईकन पठाउनु हुन्थेन। २०३५/३६ को आन्दोलन र २०४६ सालको जनआन्दोलनताका गरी म त्यही सेल्टरमा धेरै दिन बसेकी थिएँ। टोखा जमुना श्रेष्ठको कोठा, बालाजु कमला श्रेष्ठ, शारदा कोइराला र सुभद्रा कोइरालाका घरहरू पनि सेल्टरका रूपमा प्रयोग हुन्थे। कमला श्रेष्ठको घर बालाजुका मजदुर नेताहरूको डेरा र सेल्टर थियो। नेताहरू पनि बेलाबखतमा पुग्ने गरिरहनु हुन्थ्यो। प्रहरीले छापा मारेर मजदुर नेता लक्ष्मी कारञ्जितलाई सोही घरबाट पक्राउ गरेको थियो। शारदा र सुभद्रा कोइरालाको घरमा लालबाबु पण्डित डेरा गरेर बस्नु हुन्थ्यो। सो डेरामा कमरेडहरू कहिलेकाहीँ बस्ने खाने गर्नु हुन्थ्यो।

डल्लुको एक सेल्टरमा युवराज कार्की र बालिका गिरीको भूमिगत विवाहको आयोजना भएको थियो। अष्टलक्ष्मी शाक्य भूमिगत भएर घरबाट निस्कँदा काठमाडौँको बोहराटारको शारदा लामाको घरमा केही दिन र त्यसपछि धर्मस्थलीको सरस्वती महर्जनको सेल्टरमा बस्नुभएको थियो। चिकँमुगलको मीरा ध्वँजुको डेरा, नरदेवीको सीताराम र राधा मास्केको जलजला शिशु सदनमा बैठकहरू हुने गर्दथे। विष्णु प्रभातका डेराहरू, महाबौद्धमा हीरा शर्माको कोठा, पर्वतका झलक गौतमको डेराहरूले महत्त्वपूर्ण योगदान गरेका थिए। महेन्द्र पाण्डे र सरिता पाण्डेका डेरामा पनि विद्यार्थी र महिलाको बैठकमा म केही पटक गएकी छु। प्रमेश हमालको घर र सोही घरमा डेरा गरी बस्ने बी कौडिन्यको डेरामा पनि बैठकहरू हुने गर्थे।

कमलाछीको स्वस्ती बज्राचार्यको घर विभिन्न बैठक र भूमिगत महिला कमरेडहरूको व्यवस्थापनका लागि निकै प्रयोग हुन्थ्यो। २०४६ सालको जनआन्दोलनताका त्यो घरमा म निकै पटक गएकी छु। जनआन्दोलनका दौरानमा गोलीबाट बच्दै त्यही घरमा पसी केही घण्टा बिताएकी थिएँ। सुरक्षाका लागि त्यहाँ पस्ने १०/१२ जनाले अश्रुग्यासको प्रभाव कम होस् भनेर निकैवटा प्याज टोकेको मलाई सम्झना छ।

विष्णु चित्रकार र रवि चित्रकारको घर ट्यँगःमा म निकै पल्ट पुगेकी छु। त्यहाँ हप्तौँ दिनसम्म पनि जिम्मेवार कमरेडहरूको बसोबास भइरहेको देख्थेँ। ऋषि देवकोटा आजादको हत्या भैसकेपछि उहाँका छोरा सुवासलाई केही महिना त्यही घरमा आश्रय दिइएको थियो र केही समय मलेखु धादिङका नेत्रराज पाण्डे (राजेन्द्र पाण्डे) को घरमा राखिएको थियो। धादिङ जिल्लामै अरू धेरै सेल्टरहरू थिए। त्यसमध्ये अखिल नेपाल महिला सङ्घ धादिङ जिल्लाको सम्मेलन छेपाङको गोविन्द पन्तको घरमा भएको

थियो। सुभाषकी बहिनी कल्पनालाई चाबहिल महाँकालको राजेन्द्र पौडेलको घरमा राखिएको थियो।

नरदेवीमा उत्तम महत, चुनु र उनका भाइहरू बस्ने कोठा थियो। त्यहाँ कमरेडहरूलाई भेटघाट गर्न र आवश्यक पर्दा कतिपय कमरेडहरूलाई केही रात बस्ने व्यवस्था पनि गरिन्थ्यो। ठँहिटीको श्रीलक्ष्मीको घरमा मदन थेवे, निदेश कोइराला, उपेन्द्र कार्की, विष्णु शर्माका सेल्टरहरूमा पनि साना छलफल र भूमिगत कमरेडहरूलाई राख्नका लागि प्रयोग हुन्थे। मेरो विवाहमा जन्तीको रूपमा माधव नेपाल, विष्णु चित्रकार, मदन थेबे र विष्णु शर्मा आउनु भएको थियो। त्यसअगाडि मेरा आमाबुवासँग केटी माग्न माधव नेपाल र विष्णुबहादुर राउत आउनु भएको थियो।

चाबहिलको सानु मिश्रको घर एउटा महत्त्वपूर्ण सेल्टर थियो। उहाँको घर–परिवारमा राजनीतिक रूपले असहज परिस्थिति थियो। तर उहाँको दृढता र भावना राम्रो थियो। पार्टी कामको सिलसिलामा काठमाडौँको पूर्वी भेग घुम्ने बेलामा म उहाँको सेल्टरमा धेरैपल्ट बसेकी छु। मेरो जेठो छोरो पेटमा हुँदा उहाँले शिशीभरिको अचार ख्वाउनु भएको म कहिल्यै बिर्सन्नँ। अग्निशिखा, शार्दूल भट्टराई, बबिता र भीमानन्दका घरहरू पनि बैठक र भेलाहरू गर्नका निम्ति प्रयोग भैरहन्थ्यो। गैरीगाउँको यादव पौडेल र कालीमाटीडोल (गैरीगाउँ) को श्रीधर शर्माको घर पनि सेल्टरका रूपमा प्रयोग हुन्थ्यो।

पार्टीको भूमिगत राजनीतिक अवस्थामा काठमाडौँको पार्टी जिल्ला कमिटी सदस्यको हैसियतले गर्नुपर्ने कामदेखि सफाइ मजदुरको फाँट संचालन गर्ने, फ्याक्सनमार्फत शिक्षकहरूलाई पार्टीका निर्देशनहरू लागू गर्ने, महासचिवको हैसियतले अखिल नेपाल महिला सङ्घको जिम्मेवारी बहन गर्ने, महिला मुक्ति प्रकाशन गर्ने, विभिन्न आन्दोलनहरूका लागि पर्चाहरू लेख्ने र प्रकाशन गर्ने, जेल टीका कार्यक्रमका लागि व्यवस्था गर्ने र राजबन्दीहरूको सम्पर्क गर्ने, पार्टीका सर्कुलर र डकुमेन्टहरू टाइप गरी लिथोमा छाप्ने, भूमिगत महिलालाई आवश्यक सहयोग गर्ने, आन्दोलनहरूको नेतृत्व गर्ने, पार्टीका दस्तावेज तथा सामग्रीहरू सुरक्षित राख्ने र सेल्टरका लागि व्यवस्थापन गर्नेदेखि लिएर आवश्यक पर्दा सबैखाले काम गर्नुपर्ने अवस्था थियो। त्यसबेला उपत्यका बाहिरका जिल्लाहरू र उपत्यकाभित्रका विभिन्न ठाउँमा पुग्थेँ। म कीर्तिपुर, पाँगा, नगाँ, थानकोट, बलम्बु लगायतका स्थानका धेरैवटा सेल्टरमा पुगेकी छु। कीर्तिपुरको सुविन्द्र र राजेन्द्र महर्जनको घरमा २०४६ जेठ महिनामा अखिल नेपाल महिला सङ्घको पहिलो राष्ट्रिय सम्मेलन भएको थियो। त्यहाँका अप्ठ्यारा, रमाइला, नरमाइला र चुनौतीपूर्ण आफ्नै कथाहरू थिए। कीर्तिपुरको रमेश महर्जनको

सेल्टर अनेरास्ववियुको भूमिगत रूपको नवौँ राष्ट्रिय सम्मेलनका लागि प्रयोग भएको थियो। रीना महर्जनको सेल्टरमा नेताहरू केही समयका लागि बस्नुहुन्थ्यो। उहाँको बिहे राजेन्द्र महर्जनसँग भएपछि नेताहरू राख्ने जिम्मालाई दुवै जनाले निरन्तरता दिनुभयो। रामकुमारी महर्जनको सेल्टरमा विभिन्न बैठक हुने गर्दथे। गोपाल महर्जनको सेल्टरमा मदन भण्डारी, सीपी मैनाली केही दिन बस्नुभएको थियो। इन्द्रबहादुर महर्जन, रत्न महर्जनको सेल्टरमा विभिन्न बैठक बस्ने गर्थे। पाँगाको रत्न महर्जनकहाँ झलनाथ खनाल, अमृत बोहरा केही समयका लागि बस्नुभएको थियो भने अष्ट र अमृतका छोराछोरीको हेरविचारका लागि केही समय त्यहीं राखिएको थियो। पाँगाकै विष्णुभक्त महर्जन, नानीछोरी महर्जर्न, राजेश महर्जन, बल्बु महर्जन, साहना महर्जनको सेल्टरहरूले भूमिगत बैठकहरूका लागि महत्त्वपूर्ण भूमिका खेलेका थिए। नगाँको कोमल महर्जन, पद्मबहादुर महर्जनका सेल्टरहरूमा भूमिगत बैठक गरिन्थ्यो। पूर्ण महर्जनको सेल्टरमा ठूला कोठाहरू भएका कारणले ठूला भेलाहरूका लागि प्रयोग गरिन्थ्यो।

बोसिगाउँमा श्यामलाल महर्जनको घरमा प्रदीप नेपाल केही समय बस्नुभएको थियो भने कमरेड मदन भण्डारीसहितका बैठकहरू त्यहाँ हुने गर्दथे। अष्टलक्ष्मी शाक्य र अरू कमरेडहरू बेलाबेलामा छोटो समयका लागि त्यहाँ बस्नु हुन्थ्यो। पाँगामा रामकृष्ण दुलालको घरमा बैठकका लागि म गएकी छु। त्यतिखेर म जाने गरेको अरू पनि सेल्टर थिए। मेरो ठूलो छोरो जन्मेपछि बलम्बुको श्रीलाल र देबमाया महर्जनको घरमा ६ वर्षसम्म बसेकी थिएँ। उहाँहरूले बाबु र आमाको माया दिनुभयो। भान्छामा केही पाक्यो भने पनि मेरो कोठामा आइपुग्थ्यो। हरेक चाडवाडहरू उहाँहरूसँगै मनाउन पाउँथें। घरका जीतबहादुर, पूर्णबहादुर, तःधीबाबु, चिधीबाबु, अशोक, जीतमाया, चिरीमायाको असिम माया र सहयोगले मैले जहिले मेरो परिवार आफैँसँग रहेको महसुस गर्थें। उहाँहरूको सहयोगले पञ्चायती दमनको कठोर समयमा पनि सुरक्षित रहँदै हरेक काम सफलतापूर्वक गर्न मद्दत मिलेको थियो।

ललितपुरका सेल्टरदाताहरूको सूची पनि लामै छ। ललितपुर पाटनको कुरा गर्दा सुशीलचन्द्र अमात्य र कमला अमात्यको घर एउटा महत्त्वपूर्ण सेल्टर थियो। त्यहाँ बैठक भेलाहरू गर्ने, भूमिगत नेताहरूलाई छोटो लामो समयका लागि बस्न र खानका लागि व्यवस्था गर्ने, सामग्रीहरू छाड्ने र प्राप्त गर्ने व्यवस्था लगायतका कामका लागि प्रयोग हुन्थ्यो। २०४१ सालदेखि नै ललितपुर पार्टी जिल्ला कमिटीको सचिवका रूपमा काम गर्न सुरु गरिसकेकी थिएँ। काठमाडौँ, ललितपुर, भक्तपुर र अन्य फाँटलाई मिलाएर बनेको उपत्यका सङ्गठन कमिटीको सदस्य पनि बनिसकेकी थिएँ।

मैले गर्व गर्नुपर्छ कि तत्कालीन नेकपा (माले)को जिल्ला कमिटीको सचिव सम्हाल्ने महिलामा सायद म नै पहिलो हुनुपर्छ। २०४१ सालमा काठमाडौँको झोछेँको सेल्टर घेराउ भएपछि केशव र किशोर श्रेष्ठको घरमा म केही महिनासम्म बसेकी थिएँ। घरको जेठी बुहारी मन्दिराले मेरो देखभाल गर्नुहुन्थ्यो। केशव र किशोर श्रेष्ठ लगायत घरका सम्पूर्ण परिवारले मलाई धेरै माया र सहयोग गर्नुभएको थियो।

झोछेँको सेल्टरमा राखेको लिथो मेसिन काठमाडौँको ज्ञानीमैयाको घरबाट पाटनको सुन्धाराको रमेश चित्रकारको घरमा सारियो। पछि मर्मतका लागि दिलबहादुर श्रेष्ठको घरमा राखियो, त्यहाँबाट सरिता हुँदै गीतामार्फत फेरि मकहाँ आइपुगेको रहेछ। २०४२ सालमा मेरो भूमिगत विवाह पाटनको बखुँ बाहाःमा रहेको उत्तम बज्राचार्यको घरमा भएको थियो।

त्यसको केही समयपछि औपचारिक रूपमा मेरो विवाह भयो। माइतीबाट छोरी बिदा गर्दा माइतीले केटाको घरमा पुऱ्याउनु पर्ने चलन रहेछ। हामीलाई पुऱ्याउन मेरो कान्छो दाजु लक्ष्मीलाल चित्रकार हामीसँगै आउनु भयो। हाम्रो पार्टी जीवनको गोपनीयता कायम गर्नुपर्ने भएकाले हामीले तय गरेको सेल्टरमा दाजुलाई लैजानु उपयुक्त थिएन। हामीले हतारहतार सुशीलचन्द्र अमात्यको घर जाने निधो गऱ्यौँ र दाजुलाई त्यहीँबाट बिदा गऱ्यौँ। त्यसपछि म बुद्धिबहादुर तामाङको परिवार बसेको डेरा कुम्भेश्वरमा बस्न थालेँ। त्यहाँ लामै समयसम्म बसेँ। त्यस परिवारले आर्थिक सङ्कट झेल्दै पनि मलाई निकै सहयोग गर्नुभएको थियो। म दुई जीउकी बनेपछि पाटन स्वथःको उज्वल अमात्यको घरमा माधव नेपाल र गायत्री आचार्य बसेको डेरामा सरेँ। बच्चा हुने अवस्था भएपछि मेरो परिवार सँगै बस्ने विचारले माधव नेपाल र गायत्रीको कोठा छोड्ने निर्णय गरेँ र काठमाडौँ सिंहसत्तल भन्दा केही परको रामघाटको डेरामा सऱ्यौँ।

पाटन सुन्धाराको रमेश चित्रकारको घर, माहापालको राधिका शाक्य र ज्ञानेन्द्र शाक्यको घरलाई पार्टी कमिटीका बैठक, नेताहरू कहिलेकाहीँ बस्न र खानका लागि प्रयोग गरिन्थ्यो। हौगलको मिश्री चित्रकार र सरिता चित्रकार, लक्ष्मण चित्रकार र तीर्थशोभा चित्रकारको घर, हौगलमा बस्नुहुने दयालक्ष्मी, पूर्णलक्ष्मी र पद्माको डेरामा उत्तम महत लगायतका कमरेडहरू बस्न, खानका लागि प्रयोग हुन्थ्यो। पाटनको मदन महर्जन, दौबाहाका पूर्णमान महर्जन, गुईटोलका कयः मामा, आशाकाजी महर्जन र माया महर्जन, न्हूछेमाया महर्जन, पूर्ण महर्जन, नानीकाजी शाक्यका घरहरूमा बैठक र भूमिगत कार्यकर्ताहरू थोरै समयका लागि रहने गर्दथे। २०४० सालमा गुईटोलको कयः मामा (आमा) को घरमा र २०४२ सालमा कपिछेँको मदन महर्जनको मामाको

घरमा अनेरास्ववियुका भूमिगत राष्ट्रिय सम्मेलन भएका थिए। विष्णु रिमाल, चोमराज, गङ्गालाल तुलाधर, सुमन मानन्धरका कोठाहरूमा विद्यार्थी फाँट र अन्य साना बैठक भेलाहरू हुने गर्थे। कुपण्डोलको रामलाल तुलाधरको घरमा बैठकहरू गर्नका लागि म बेलाबेलामा पुग्ने गर्दथेँ। पिलाछेँका पूर्ण महर्जन र धर्म महर्जनको घरमा पार्टीको भेटघाट र बैठक हुने गर्दथ्यो। ठैवको हरि श्रेष्ठको घरमा विशेष तहका नेताहरूको बैठकको व्यवस्था गरिन्थ्यो। २०४३ सालमा ठैवकै रामकृष्ण श्रेष्ठको घरमा पोटिलव्युरोको बैठकको व्यवस्थापन गर्ने मेरो जिम्मा पर्नु खुसीको कुरा थियो। त्यस्तै चेतबहादुर श्रेष्ठको घरमा पनि बेलाबेलामा भूमिगत बैठक बस्ने गरिन्थ्यो। ललितपुरको दक्षिणी पहाडी भेगतिरको कुरा गर्नुपर्दा माझखण्डको बुद्धिबहादुर तामाङको कोठा बैठक र भेलाका लागि प्रयोग हुने गर्दथ्यो। उत्तम महतसँगै त्यो सेल्टरमा पुगेकी थिएँ। २०४१ सालमा महेन्द्र तिम्सिनाको घर इकुडोलमा उपत्यका सङ्गठन कमिटीको भूमिगत बैठक बसेको थियो।

भक्तपुरको कुरा गर्दा राजाराम, सरस्वती बाटीका घरहरूमा बैठक बस्नका लागि प्रयोग गरिन्थ्यो। भक्तपुरको सत्यनारायण फैजुको घरमा बैठक भेलाहरू गरिन्थ्यो। अष्टलक्ष्मी शाक्यको ठूली छोरीलाई त्यो घरमा केही समय राखिएको थियो। बच्चा छोड्न जाँदा म आफैँ अष्टलक्ष्मीसँगै गएकी थिएँ। त्यो बेला त्यहाँ घरभरि कुखुरा पालिएको थियो। घरबेटी भाउजू स्वयंको बच्चा पाउने बेलाको ठूलो पेट देख्दा मैले केही असहज महसुस गरेकी थिएँ। नेताहरूका बच्चा पाल्ने जिम्मा त्यो परिवारले कसरी निभाउने होला भन्ने मनभरि उकुसमुकुस लिएर फर्केकी थिएँ। केही समय मात्र भयो, सत्यनारायण फैजु बितेको खबर सुनेपछि श्रद्धाञ्जलीका लागि म त्यहाँ पुगेकी थिएँ। भाउजूका बारेमा सोधीखोजी गरेँ। तर उहाँ पनि केही दिनको अन्तरालमा बित्नुभएको खबर सुनेर मर्माहत भएँ।

यसरी काठमाडौँ उपत्यकामा नेकपा (माले)को विस्तारमा धेरै व्यक्तिहरू र सेल्टरहरूको योगदान अविस्मरणीय रहेको छ। आउँदो पिँढीका लागि यो इतिहास शिक्षा र प्रेरणाको स्रोत बन्नेछ भन्ने म विश्वास गर्दछु। लेख्दा लेख्दै मलाई लागेको छ– अझै धेरै सेल्टरहरू थिए, जसले पार्टीका लागि अमूल्य र अविस्मरणीय योगदानहरू गरे। ●

# सेल्टर र आमाहरू



प्रदीप ज्ञवाली
केन्द्रीय कमिटी उपमहासचिव

**बिदाइ**

हुँगाको पुच्छार, कछौटेको एउटा सेल्टर (लालबहादुर घर्तीको घर हो कि ?) मा आयोजित गुल्मी–पाल्पा संयुक्त जिल्ला कमिटीको बैठक सकेर जनबोध निमावि, वाहादीमा आइपुग्दा अपराह्न भइसकेको थियो। बैठकले मलाई औपचारिक रूपमा भूमिगत लैजाने निर्णय गरेको थियो। जिल्ला कमिटीका सचिव जीवराज आश्रित र सदस्य देवेन्द्र घिमिरे त्यसै बैठकबाट बिदा हुनुभएको थियो। म आफूले पढाउँदै गरेको विद्यालयमा औपचारिक बिदाइका लागि आइपुगेको थिएँ।

२०३४ मङ्सिर १४ गते जनज्योति प्राvि काउलेमा, खाजा खाने छुट्टी भएका बेला, कमरेड आश्रितसँग अचानक भेट भएपछि र भोलिपल्ट रातभरि उहाँबाट प्रशिक्षित भइसकेपछि म को–अर्डिनेस केन्द्र (कोके)सँग आबद्ध भएको थिएँ। अर्को साता नै म, मीनप्रसाद ज्ञवाली र लक्ष्मण ज्ञवाली रहेको पार्टी सक्रिय दल गठन भयो र साथीहरूले मलाई सचिवको जिम्मेवारी दिनुभयो। २०३५ कार्तिक १३ गते माया ज्ञवाली दिदी डेरा लिएर बस्नुभएको चौतारा गिरबहादुर खड्काको घरमा मलाई कमरेड आश्रितले औपचारिक रूपमा कोकेको पार्टी सदस्यताको शपथ गराउनु भएको थियो। २०३५ चैत ७ गते काउलेको त्यही स्कुल माथिपट्टि खुमानन्द ज्ञवालीको घरमा आयोजित बैठकले कमरेड आश्रित सचिव रहनुभएको नेकपा (माले) गुल्मी–पाल्पा संयुक्त जिल्ला कमिटी गठन गरेको थियो, जसमा सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे र म सदस्य थियौँ।

यसरी राजनीतिक जिम्मेवारीमा होमिँदै थिएँ, तर त्यतिन्जेलसम्म विज्ञान पढ्न काठमाडौँ जाने सपना निभिसकेको थिएन। १३ वर्षको उमेरमै एसएलसी दिएको मलाई

सानै छस्, एक–दुई वर्षपछि पढ्न गए पनि हुन्छ भनेर घरबाट रोक्नु भएको थियो। फुर्सदको समय मैले केही समय भरेक, त्यसपछि काउले र त्यतिबेला जनबोधमा पढाउँदै थिएँ। केही समयअगाडि, एक रात हामी– कमरेड आश्रित, प्रदीप नेपाल, सिद्धिनाथ ज्ञवाली र म अँध्यारैमा रिडीबजार काट्ने गरी कुलचन्द्र ज्ञवालीको घरबाट निस्केका थियौँ। जुनेली रात थियो। त्यही उज्यालोमा अचानक प्रदीप नेपालले गुनगुनाउन थाल्नुभयो:

‘टाढै छ छोरो भन्दिनू दाजै आमालाई नरुनू,
फर्केर आउला बन्दुक बोकी उदास नहुनू !’

गीतका ती पङ्क्तिले मलाई अचानक भूमिगत जीवनको रुमानी सपनामा चुर्लुम्मै डुबाए। त्यही रात मैले उच्च शिक्षा अध्ययनको सपना त्यागेर पार्टीले जतिबेला भन्छ, त्यही बेला घर छाड्ने मानसिकता तयार गरेको थिएँ। त्यसमाथि केही समयअगाडि मेरा विरुद्ध वारेन्ट जारी भएको थियो र कार्तिकको अन्तिम सातादेखि विद्यालय जान छाडिसकेको थिएँ। त्यसैले पार्टीको यो निर्णय अपेक्षितै थियो।

आफ्नो प्यारो शिक्षकलाई धेरै दिनपछि विद्यालयमा देख्दा विद्यार्थीहरू खुसीले कल्याङमल्याङ गर्न थाले। कक्षा कोठामा नपसी म सिधै कार्यालयमा गएँ र प्रधानाध्यापक रामचन्द्र ज्ञवालीलाई राजिनामा बुझाएँ। त्यहाँ माविनि राममणि ज्ञवाली पनि रहेछन्, चिनजान भयो। ‘किन घरपायकको विद्यालय छाड्न लाग्नु भो सर ?’ उनले सोधे। ‘बल्ल १७ वर्ष हुँदैछु सर, अहिल्यै विद्यालयमा डुबेर के गर्ने ? उच्च शिक्षाका लागि काठमाडौँ जान लागेको, त्यसैले राजिनामा दिएँ।’ उनले विश्वास गरे र शुभकामना दिए। ( बहुदल आइसकेपछि तिनै राममणिसँग अर्घाखाँचीमा भेट भयो– म पार्टीको जिल्ला प्रमुख र उनी नेपाली काङ्ग्रेसका जिल्ला उपसभापति भएका बेला। त्यो प्रसङ्ग सम्झाउँदा उनी छक्क परे। त्यस्ता सज्जन, बौद्धिक र जनप्रिय मान्छे द्वन्द्वकालमा माओवादीहरूबाट क्रूरतापूर्वक मारिए।) त्यतिबेला माविनिहरू सत्ताका बलियै आधारस्तम्भ मानिन्थे र कुनै झन्झट आइलाग्नुअगावै म बाहिरिन चाहन्थेँ। कक्षाहरूमा गएँ र ‘नानी बाबु हो, म उच्च शिक्षाका लागि काठमाडौँ जाँदैछु। राम्रोसँग पढ्नू, जिन्दगीका प्रत्येक परीक्षामा सफल हुनू’ भन्दै हतार–हतार बिदा भएँ। विद्यार्थीहरूसँगको बिदाइको त्यो क्षण र उनीहरूको सुँक्कसुँक्क देख्दा मलाई निकै गाह्रो भयो।

यसरी २०३६ पुसको पहिलो सातादेखि मेरो भूमिगत यात्रा प्रारम्भ भयो।

पुसको चिसो सिरेटो र छिटफुट पानीमा रुझ्दै गोरेटो बाटोबाट माथि डाँडामा निस्कैँ। दक्षिणतिर बलेटक्सार बजार देखियो, जहाँ २०२६ सालमा, सात वर्षकै उमेरमा सिद्धिनाथ ज्ञवालीले प्रधानपञ्च जितेको खुसीमा आयोजित विजय जुलुसमा 'यो जीत कसको जनताको' भन्ने नारा लगाएको थिएँ। चौतारा स्कुल पनि देखियो, जहाँबाट २०२८ माघमा कमल श्रेष्ठ र नीलकण्ठ गौतमलाई प्रशासनले गरेको गिरफ्तारीविरुद्ध विद्यार्थी जुलुसको नेतृत्व गर्दै दुई घण्टाको बाटो थोर्गा पुगेको थिएँ।

तल्लाथुम्का आफ्नो घर नियालेँ। आमाको बिछट्टै सम्झना आयो। मुटुभित्र केही चीजले गहिरो गरी घोँचेजस्तै भयो। गीतका पङ्क्ति गुनगुनाउन त सजिलै थियो, तर आमासँग साँच्चै छुट्टिनु पर्दा धेरै गाह्रो हुँदो रहेछ। मनलाई दह्रो पारेर अज्ञात गन्तव्यतिर पाइला चालेँ।

**झण्डै कालीको भेलमा**

पार गुल्मी भूगोलका हिसाबले निकै फराकिलो थियो, तर भरपर्दा सङ्गठन त परै छाडौँ, गतिलो सम्पर्कसूत्र र एउटा विश्वासिलो सेल्टरसम्म थिएन। अर्कातिर म थिएँ– पार्टी कामको खासै अनुभव नभएको, पिठ्युँमा एउटा झोला र मनमा क्रान्तिका रुमानी सपना बोकेको, १७ वर्षको कलिलो केटो। बडिगाड त तरेँ, झोला कहाँ बिसाउने भन्ने टुङ्गो थिएन। कसोकसो सदरमुकामबाट फर्किंदै गरेका कर्मचारी जीवन न्यौपाने (अर्बेनी) र रवीन्द्र पाण्डे (हर्मिचौर)सँग भेट भयो। सामान्य राजनीतिक कुरा गर्दै भोलिपल्टको रात जीवनजीका घरमा बिताएँ, कतै पढाउने शिक्षकको आवरणमा। हल्का राजनीतिक कुरा गर्दै जाँदा मन जित्न सकैँ र त्यो घर भर–अभरको सेल्टर बन्न पुग्यो।

विभिन्न सूत्रहरू प्रयोग गर्दै जाँदा रेशम र श्री कुँवरहरू (चेहेमी), नेत्र भट्टराई, हरि भट्टराई, जङ्ग, चुरामणि (पाहाँदी– धुसेनी) लगायतका युवाहरूको एउटा पङ्क्ति तयार भयो। सक्रिय दल गठन गर्‍यौँ। अनेरास्ववियुको कमिटी पनि बन्यो। कम्तीमा टेक्ने एउटा सङ्गठनात्मक आधार तयार भयो। तर अभिभावकहरूको मन भने जित्न सकिएको थिएन। छोराको साथी या कुनै कार्यालयको कर्मचारी या कतै पढाउने शिक्षकको बहानामा उहाँहरूका घरमा आकलझुकल खाने बस्ने गरे पनि एउटै विश्वासिलो सेल्टर बनाउन सकिएको थिएन। यसै क्रममा एउटा आपत् आइलाग्यो।

नेत्र भट्टराईको घरमा बस्दा मैले पाल्पा छहरातिरको शिक्षक भनेर चिनाएको थिएँ। हरि भट्टराईकहाँ भने मैले गुल्मी दिगामतिरको ठेगाना बताउनुपर्ने खण्ड–खातिर आइलाग्यो। त्यसै पनि छोराहरूलाई भड्काएर राजाविरोधी राजनीतिमा लगाउने यो

शङ्कास्पद मान्छे को हो भन्ने प्रश्न बाआमाका मनमा पसिसकेकै थियो, एक दिन दुवैतिरका अभिभावक भेट हुँदा मेरो चर्चा चलेछ । मैले दिएको परिचय त बाझिई हाल्यो । गाउँमा आशङ्का बाक्लियो । एकदिन राति अबेरसम्मको बैठक सकेर चुरामणिकहाँ आएर सुतेको थिएँ, बिहान आमाको झिरजस्ता वचनले निद्रा बिथोलिदियो । त्यहाँ बस्नै नसकिने भयो ।

साथीहरूसँग सल्लाह गर्‍यौँ। दिनभरि रित्तो गोठमा लुकेर बस्ने, रात परेपछि साथीहरूले खाना ल्याइदिने र एक छाक खाएर भए पनि सङ्गठन विस्तार गर्ने। साथीहरूले कहिले आफ्नो भागबाट एउटा रोटी बचाएर सुटुक्क ल्याइदिन्थे, कहिले भाँडाबाट अलिकति चामल खुसुक्क निकालेर ल्याउँथे । पकाउने उपाय थिएन, चामल कपडामा भिजाएर पनि छाक टारियो । एक–दुई दाना आरुको भरमा समेत दिन कटाइयो । दिनभरि जङ्गलतिर जान्थेँ, साथमा भएका पुस्तक पढ्थेँ र साँझ परेपछि रित्तो गोठमा आएर साथीहरूलाई कुर्थें । भोकको ज्वाला निभाउन नपाए पनि ज्ञानको तिर्खा भने ती दिनहरूमा निकै मेटियो । झोलामा बोकेका मार्क्सवादका शास्त्रीय रचनाहरूको अध्ययन मैले प्रायः त्यतिबेलै गरेँ ।

एकदिन नेत्र भट्टराई आए । हजुरबा पिसाब रोकिएर सिकिस्त हुनुभएछ, त्यसैले औषधि लिन बिर्घा जानु पर्ने भएछ । मलाई गोठमै बस्न लगाएर उनी निस्किए । कसैले नदेखून्, थाहा नपाऊन् भनेर म गोठको तलामा थोत्रो कोठा थुनेर भित्र पल्टिरहेँ। त्यति नै बेला गाउँबाट नेत्रकी श्रीमती झरेर कुन्नि किन हो, त्यही कोठा खोल्न थालेपछि मलाई आपत् पर्‍यो ! मैले दाउरा–साउराले अड्याएर भए पनि ढोका बन्द गरेको थिएँ। बाहिरबाट जबर्जस्ती खोल्न खोज्दा कच्ची ढोका गन्द्रयाङ–गुन्द्रुङ गर्दै भत्कियो। भित्र मलाई देख्दा झस्किइन्। मैले आफू नेत्रजीलाई पर्खेर बसिरहेको, सञ्चो नभएर सुतिरहेको भनेर दिएको स्पष्टीकरणमा उनले विश्वास गरिनन्। अनुहारमा आशङ्का, डर र अविश्वासको गहिरो बादल मडारिएको स्पष्टै देखियो ।

त्यसको केही महिनापछि म फेरि त्यही गाउँमा आएँ। नेत्रले घरमै जाऔँ भनेकाले गाउँमा निस्कियौँ। अवस्था सामान्य नै होला भन्ने लागेको थियो। तर घर पुग्दा जे स्थिति भोग्नु पर्‍यो, त्यो मेरो कल्पना बाहिरको विषय थियो ।

आँगनमा पुगेर टुसुक्क बस्यौँ। झमक्क रात परिसकेको थियो । नेत्रले भित्र गएर दुइटा थालमा गहुँको पानी रोटी र आँपको अचार बोकेर आए। एक गाँस मुखमा मात्रै के हालेको थिएँ, आमा आउनुभो र टुकीले यसो अनुहार हेर्नुभो। अहो, त्यसपछि प्रकट भएको आमाको रौद्र रूप ! जिन्दगीमा मैले त्यति धेरै अपमान, गाली र तिरष्कार कहिल्यै

सामना गरेको थिइनँ। 'काम गर्नाका अल्छीले हिँडेका डिङ्नाहरू !', 'राति–राति लुकेर हिँड्ने चोर हुन् कि डाँका हुन् यिनीहरू ?', 'राम्रो काम गर्न हिँडेको भए गोठमा लुकेर बस्न पर्थ्यो ?' 'मेरो घरमा सदावर्त लागेको छैन दुनियाँलाई घिचाउन !' 'यस्तै मान्छेहरू हुन् भन्ने थाहा पाएको भए एक टुक्रा रोटी पनि अन्भार्ने थिइनँ' यस्तै के के हो के के ! गाली सुन्दै जाँदा म सङ्ज्ञाशून्य जस्तै भएँ। नेत्रले 'नकराउनुस् आमा' भन्न के भ्याएका थिए, उल्टै 'तँ पनि घरबाट निस्कीहाल, यस्तैका पछाडि सती जा !' भनेर हप्की खाए। पल्लोघरका मान्छेहरूले रमिता हेरिरहे।

मुखमा हालेको गाँस न निल्न सकेँ, न ओकल्न नै। म घरको कान्छो छोरो, एक किसिमले पुल्पुलिएरै हुर्केको। आर्थिक अभाव भए पनि मायाको अभाव कहिल्यै भएन। भूमिगत हिँडेको केही समयभित्रै खेप्नुपरेको यस अपमानले मलाई भित्रैदेखि भत्काइदियो।

जिन्दगीमा त्यति लामो रात कहिल्यै भोगेको थिइनँ जस्तो लाग्यो। नेत्रले आफ्नो कोठामा लगेर सुताए र गहभरि आँसु पारेर पीडा साटे। तर मेरो मन भने कतिखेर उज्यालो होला र यहाँबाट भागौँला भनेर तड्पिरह्यो।

उज्यालो नहुँदै म उकालो लागेँ, ठूलो लुम्पेकतिर। गाउँ कटेपछि अलि माथि एउटा चौपारी आयो। टुसुक्क बसेँ। त्यतिन्जेल उज्यालो भइसकेको थियो। तल हेरेँ, साउनको कालीगण्डकी उत्पातै उर्लिरहेको थियो। बिर्घा जाने पुल नजिकै ठूलो भुँवरी नाचिरहेको थियो। मेरो मन भने त्यो भन्दा गहिरो पीडाको भुँवरीमा उद्वेलित थियो। हिजो रातिका एकएक घटना सिनेमाका रिलजस्तै दोहोरिए। कानमा तिनै कर्कश गालीहरू प्रतिध्वनित भइरहे। आफू भने छँदाखाँदाको जागिर र ठिकैको जिन्दगी छाडेर, सम्भाव्य अवसरहरू लत्याएर देश र जनताका निम्ति काँडाघारीको यात्रा हिँड्दैछु। तर जसका लागि हिँडेको छु, उनीहरू भने यति निष्ठूर ? एक छाक खानका लागि यति ठूलो अपमान ? आमाहरू त महान् हुन्छन् भनिन्छ, तर एउटी आमाको ओँठबाट त्यस हदसम्मका कटु वचन ?

अब के गर्ने ? कति दिन यस्ता टोकसोहरू सुनिरहने ? अब कहाँ जाने ? के फेरि फर्केर गाउँ जाऊँ ?

साथीभाइहरूले के भन्लान् ?

कमरेड आश्रितलाई सम्झिएँ। 'केही समयका लागि, कुनै घटना विशेषमा क्रान्तिकारी हुन त सजिलो छ, तर जीवनभर, जस्तोसुकै प्रतिकूलतामा पनि अविचलित

भएर क्रान्तिकारी बाटोमा समर्पित हुनु सजिलो छैन है सागर कमरेड !' भनेको सम्झेँ। उहाँको आँखामा प्रतिविम्बित विश्वास र भरोसा सम्झेँ। फर्केर उहाँलाई कसरी मुख देखाउने ?

मैले त्यसो गर्न सक्दैनथेँ।

अचानक राघवेश ज्ञवालीलाई सम्झेँ। काठमाडौँ पढ्दापढ्दै कोकेको सम्पर्कमा आएर पूर्णकालीन राजनीतिमा होमिएका उनी हाम्रै गाउँका थिए। एकपल्ट रूपन्देहीमा भेट्दा मलाई उनी आँधीजस्तै लागे, असाध्यै क्रियाशील र गतिवान्। तर उनी दुई वर्ष पनि टिक्न सकेनन्। जनमतसङ्ग्रहको घोषणापछि, मोदनाथ प्रश्रितले अर्घाखाँचीमा बहुदलको पक्षमा भाषण गरेको थाहा पाएका उनी 'पार्टी बिग्र्यो' भन्ने निष्कर्षमा पुगेका रहेछन्। मसँग कुरा गर्दा आफू त पार्टीसँग जनमुक्ति सेना छ, हामी जस्ताले त त्यहाँ राजनीतिक कमिसारको भूमिका खेल्ने हो भन्ने बुझेर आन्दोलनमा होमिएको, तर यहाँ त अर्कै रहेछ भनेर सुस्केरा काढे। सम्झाएर टिकाउने कोसिस गरियो, तर उनी पलायन भए।

म कसरी पलायन हुन सक्छु ?

तर टिक्ने चाहिँ कसरी ?

म द्विविधाको भुँवरीमा डुब्दै गएँ। उर्लिएको भेल हेर्दै थिएँ, एक सेकेन्ड जति मनमा झिलिक्क बिजुली चम्क्यो– कि त्यही भेलमा हेलिऊँ ?

तर जसरी बिजुली चम्केर निभ्छ, त्यो अनिष्ट सोच त्यसै गरी निभ्यो। केही समयअघि पढी सिध्याएको चिनियाँ उपन्यासको किशोर पात्र सम्झेँ, जसले क्रान्तिकारीहरूसँग भेट्न उर्लिएको नदी पौडेर पार गरेको थियो। छातीमा गोली थाप्दै क्रान्तिको जयगान गाउने सुखानीका सहिदहरूका आदर्श सम्झेँ। सुत्केरी श्रीमतीलाई छाडेर हाँसीहाँसी जीवनको आहुती दिने गङ्गालालको वीरगाथा सम्झेँ। सेल्टरमा अपमान त आखिर कमरेड आश्रित र सिद्धिनाथले पनि खेप्नु भएकै थियो नि ! मैले नै आफ्नै गाउँका टक्सारी दाइको आकलझुकल बस्ने गोठमा त्यो सेल्टर तय गरेको थिएँ। तर उनले आश्रित र सिद्धिनाथ कमरेडलाई भुटेका मकैले टारे र आफूहरूले तल सिङ्गै भाले सक्याए। यस्तो व्यवहार पनि उहाँहरूले पचाउनु भएकै थियो। बस्दै जाँदा मैले मन बलियो पारेँ र उकालो लागेँ।

पहिलो गाँसमै ढुङ्गा लाग्यो। त्यस ढुङ्गाबाट मैले अनुभव र शिक्षाको जग बसालेँ।

ती दिनमा म प्रायः एउटा सेल्टरबाट बिहानै निस्कन्थेँ, दिनभरि कुनै वन या पाखाको एकान्तमा पढी बस्थेँ। साँझ अबेर गरेर अर्को सेल्टर पुग्थेँ र खाएर आएको भनेर ढाँट्थेँ, ताकि भोलिपल्ट सहज ढङ्गले बस्न सकियोस्।

## आमा, जसले 'ज्वाइँ' बनाएर जोगाउनु भयो

खड्गकोटमा सम्पर्क विस्तार भएपछि भने सेल्टरका समस्या सल्टिँदै गए। २०३० सालअगावै टीकाराम ढकाल, बालकृष्ण ढकालहरूले त्यहाँ पार्टी सम्पर्क विस्तार गर्नुभएको रहेछ। टीकाराम ढकालको सहयोगमा छोटो प्रयासमै त्यहाँ कमिटीहरू बने। २०३७ चैत १४ गते अनेरास्ववियुले राष्ट्रव्यापी आम हडतालको आह्वान गरेको थियो। पूर्तिघाटमा विरोध प्रदर्शन र सभा गर्ने तय भयो। तर वक्ता कसलाई बनाउने ? उहाँहरू शिक्षक हुनुहुन्थ्यो, बोल्न मिलेन। टीकारामजीले एक दिन म बसेको सेल्टरमा एक जना विद्यार्थी लिएर आउनु भयो। गोरो मुहार, बास्नादार तेल लगाएर लरक्क लर्किएको जुल्फी, सेतो र सफा सर्ट, एकदमै स्मार्ट र गाउँका आमविद्यार्थीभन्दा एकदमै फरक। छक्क परेँ। टीकाजीले परिचय दिनुभयो– रामनाथ ढकाल, सानोमा पूर्वोत्तर भारतमा पढेर कक्षा १० मा यहाँ भर्ना भएका। एकछिन कुरा गरेपछि रामनाथले सभामा बोल्ने तय भयो। 'मैले के बोल्नु पर्ने हो, टिपोट दिनूस्' भने। मैले एक किसिमको मस्यौदा नै तयार गरेँ। त्यसमाथि आधारित उनको भाषणले त्यस क्षेत्रमा हलचल नै ल्याइदियो। रामनाथ पोखरा पढ्न गइसकेपछि पुण्य, भूमिश्वर, गोविन्द, उमा, यशोदा, जमुना, हरिकला, प्रेम, पुरुषोत्तम लगायत विद्यार्थी कार्यकर्ताहरू तयार भए। उपल्लो कोरेङ, तल्लो कोरेङ, उर्लेनी, खनियाँपाटा, खमारीपाटा, छापचौर र तोलाकोटसम्म सम्पर्क र सेल्टर विस्तार भए। त्यस अवधिमा टीकाराम ढकाल, तिलकराम ढकाल, त्रिलोचन ढकाल, रामनाथ ढकाल, शिव ढकाल, मुकुन्द ढकाल, नारायण ढकाल लगायतका घर, चक्रपाणि ज्ञवाली, मुक्ति ज्ञवाली र टीकाराम ज्ञवालीका घर र बाबुराम लगायतका घरहरू सेल्टरका रूपमा अत्यधिक प्रयोग भए। त्यसमध्ये पनि टीकाराम ढकालका दुईवटा घर, चक्रपाणि गुरुका उर्लेनी र उपल्लो कोरेङको (खाली) घरमा सबैभन्दा बढी आश्रय र बैठक भए।

खड्गकोटका सेल्टर र सेल्टरदाताहरूले मलाई पाहाँदीको दिक्दारी बिर्साइदिए। आमाको नियास्रो पनि भुलाइदिए। यहाँ मैले असाध्यै माया गर्ने आमाबुबाहरू पाएँ,

ज्यान दिन तयार कमरेडहरू पाएँ र हुरुक्कै हुने भाइबहिनीहरू पाएँ। त्यहाँ बसेको अवधिलाई मैले भूमिगत जीवनका सबैभन्दा सुन्दर पलका रूपमा स्मरण गर्छु।

तर पार्टी गतिविधि बढ्दै गइसकेपछि प्रहरी प्रशासन र स्थानीय जाली फटाहाहरूको सलबलाहट पनि बढ्न थाल्यो। त्यसअघि छापचौर स्कुलमा विद्यार्थीहरूको आन्दोलन भइसकेको थियो। पूर्तिघाटको कार्यक्रमले उनीहरूलाई झस्काइसकेकै थियो। एकदिन हाम्रा एक जना पूर्णकालीन साथी हिमाल (धनीश्वर पौडेल) पार्टीको चिठी लिएर कोरेङ आइपुगेछन्। म त्यतिबेला अन्तै थिएँ। टीकाराम ढकालका दाइ होमनाथ ढकाललाई दिनु पर्ने चिठी लिएर उनी पञ्चायती सत्ता निकटका र गाउँका ठालू ठानिने अर्कै होमनाथकहाँ पुगेछन्। बिना जाँचबुझ उनले त्यहाँ चिठीको कुरा मात्रै खोलेनन्, 'पार्टीसँग धेरै हतियारहरू भएको, गुरिल्लाको ठूलै टिम रिडीबजारमा आइपुगेको, अब गाउँगाउँबाट सामन्तहरू लखेटिने र जनसत्ताहरू गठन हुने' जस्ता हावा कुरा पनि सुनाउन भ्याएछन्। होमनाथले घरमा राम्रो खातिरदारी गरेर मिठा बात मार्दै हिमालबाट गोप्य कुरा धुत्नसम्म धुतेछन्। (साथीमा त्यतिबेलै थोरै मानसिक समस्या सिर्जना भइसकेको रहेछ। त्यहाँ बस्न सम्भव नभएपछि उनलाई पाल्पा सरुवा गर्‍यौँ। तर त्यहाँ पनि समस्या झनै बल्झिएपछि उनलाई पार्टी कामबाटै बिदा गरियो।) यो गोपनीयता भङ्गको घटनाले पनि जटिलता थपियो। यसै सिलसिलामा २०४० जेठमा 'राजारानीको फोटो जलाएको', 'राजपरिवारका विरुद्ध अवाच्य बोलेको' र 'राजगद्दीको अपमान गरेको' लगायत सङ्गीन आरोप सहित टीकाराम ढकाल, बालकृष्ण ढकाल, दुर्गा ढकाल, तिलकराज ढकाल र उमानाथ ढकालका विरुद्ध तत्कालीन अञ्चलाधीशको निर्देशनमा राजकाज मुद्दा दायर भयो। टीकाराम र तिलकजी फरार हुन सफल भए पनि बाँकी तीन जनाले २४ महिनाभन्दा बढी बन्दी जीवन बिताउनु पर्‍यो। अरु धेरैले तारेख धाउनु पर्‍यो। गाउँमा आतङ्क मच्चियो। त्यतिबेला राजकाज मुद्दा र प्रशासनको खेदाइ डरलाग्दै थियो।

त्यस्तै आतङ्कका बीच, आमाबुबाहरू आत्तिनु भएको होला भनेर एक रात सुटुक्क टीकाराम ढकालकहाँ पुगेँ। मलाई देखेर आमा रुनुभयो। टीकाजीहरू सुरक्षित हुनुहुन्छ, जसरी म यहाँ तपाईंको काखमा छु, त्यसरी नै उहाँहरू अरु आमाहरूको काखमा हुनुहुन्छ भनेँ, आमाले 'माइला (टीकाराम) को अस्याट मेटियो' भन्दै आँसु पुछ्नुभयो। बिदा हुन खोज्दै थिएँ, 'बाबुलाई भोकै कहाँ पठाउँछु ?' भन्नुभयो र भान्सातिर लाग्नुभयो। एकछिन भए पनि छोराको साथी सँगै होस् भनेर होला, आँटीमा पनि जान दिनुभएन। राति अबेर भइसकेकाले कोही आउन्नन् कि भन्ने लाग्यो। खाना खान के थालेको थिएँ, बाहिर कल्याङमल्याङ सुनियो। आमा हतार–हतार बाहिर निस्कनुभयो। 'त्यो राजद्रोही

कहाँ छ, अझै आएको छैन ?' उनीहरूले थर्काए। आमाले सानो आवाजमा जवाफ दिनुभयो– 'कुन्नि त, मलाई के थाहा ? तपाईंहरूले पक्रनु भयो कि ? म घर बस्नेलाई के थाहा त ?' कुरा हुँदाहुँदै उनीहरूले मलाई भित्र देखिहाले। 'को हो नि भित्र ?' फेरि थर्काए। 'ज्वाइँ !' आमाले एकदम सहजै जवाफ दिनुभयो। 'को ज्वाइँ ?' उनीहरूले केरकार गरे। 'ब्यादीका साना ज्वाइँ। चिन्नु भएन ?' उहाँले उत्तिकै स्वाभाविक लयमा जवाफ दिनुभयो। भित्र पस्न खोज्दै थिए, 'साँझमा आएका ज्वाइँचेलालाई राम्ररी खान पनि नदिने ?' भनेर बाटो छेक्नुभयो। के ठाने कुन्नि, 'टीकाराम आयो भने खबर गर्नू नि !' भन्दै धम्क्याउँदै गए।

आमाले त्यस रात अत्यन्त कुशलतापूर्वक मलाई जोगाउनुभयो।

खड्गकोटमा म आफ्नै घरजस्तो गरेर बसेँ। २०४२ सालमा बिदा हुने बेलामा बहिनीहरूका अश्रुपुरित आँखाहरू र साथीहरूले आयोजना गरेको बिदाइ कार्यक्रम अहिले पनि झलझली सम्झिन्छु। वर्गीय हिसाबले आधारभूत तहमा पर्नुहुने तिलकराम ढकालका घरमा बसेका सम्झनाहरू विशेष छन्। एकदिन उपल्लो कोरेङ एउटा सेल्टरमा बसिरहेका बेला छिमेकको घरमा आगलागी हुँदा आफू बसेको घरमा पनि आगो सल्केला भनेर निस्केको र भीरैभीर भाग्दा पछाडिबाट मान्छेहरूले हल्ला गर्दै लखेटेको नमिठो स्मृति पनि ताजै छ।

**ग्वाघाको त्यो घर, कान्छा दाइको त्यो डर**

खड्गकोटकै मुक्ति ज्ञवाली ग्वाघा निमाविमा पढाउनु हुन्थ्यो। उहाँकै सूत्र प्रयोग गरेर त्यहाँ हामीले सम्पर्क विस्तार गर्‍यौँ। दिलबहादुर रेगामी, लालबहादुर थापा, टीका पुन लगायत साथीहरू क्रमशः पार्टीमा आबद्ध हुनुभयो।

मुक्ति ज्ञवाली हामीले साइँली भाउजू भन्ने एकल महिलाको घरमा डेरा लिएर बस्नुहुन्थ्यो। २०४२ को मङ्सिरमा होला सायद, अनेकिसङ्घ गठन गर्ने भनेर साथीहरू जम्मा हुनुभयो। म चिसापानीको एउटा सेल्टरबाट त्यहाँ पुगेको थिएँ। दुई–तीन रातको अनिँदो थिएँ। कार्यक्रम सुरु भयो। त्यतिबेलाको हाम्रो स्कुलिङ अनुसार अन्तर्राष्ट्रिय परिस्थितिबाट सुरु गर्दै राष्ट्रिय राजनीति, किसानहरूको अवस्था र वर्ग सङ्घर्षका बारेमा दुई घण्टा जति प्रशिक्षण चल्यो। सबै तन्मयताका साथ सुनिरहनु भएको थियो। बुझाउन त कति सकिएको थियो कुन्नि ? एकटक सुनिरहेका श्रोतामध्ये 'कान्छा दाइ' भन्ने घरबेटी किसान पनि थिए। असाध्यै सोझा, तर मिहिनेती। राति पनि हँसिया खुर्पेटो भिरेरै आएका थिए। कार्यक्रम एकछिन रोकेर हामी पिसाब फेर्न बाहिर निस्कियौँ।

कोठामा फर्केपछि सङ्गठनको महत्त्व र शैलीका बारेमा फेरि एकछिन प्रशिक्षण भयो। तर अघिसम्म आँखा झिमिक्क नगरी कार्यक्रममा सहभागी कान्छा दाइ बाहिरबाट फर्केदेखि नै घुँडामा टाउको निहुऱ्याइरहेका थिए। दिलबहादुर सरले 'ए कान्छा दाइ, निदायौ कि क्या हो ?' भन्दै घचघच्याउनु भयो। तर उनी उठेनन्। दुई–तीन पटक घचघच्याएपछि यसो टाउको उठाए, आँखाबाट त बलिन्द्रधारा आँसु झरिरहेका ! भर्खरको भर्खरै के भयो भनेर हामी छक्क पर्दै थियौँ, उनी त एक्कासि चिच्याउन थाले। हेर्दाहेर्दै खुर्पेटोबाट हँसिया निकालेर फन्काउन थाले– 'ए सामन्त आइज, तँलाई मैले अहिल्यै छप्काउँछु !' हामी आत्तियौँ। दिलबहादुरले सम्झाउन खोज्नुभयो, तर उनको आवेग बढ्दै गयो। घरि मतिर हेर्दै 'मेरी आमा !' भनेर घ्वाँघ्वाँ रुन्छन्, घरि खुर्पा फनन्न घुमाउँछन् र दाह्रा किट्दै 'सामन्तलाई मास्छु !' भन्दै चिच्याउँछन्। बल्लबल्ल तीन–चार जना मिलेर समाउनु भयो, तर उनको क्रन्दन र चिच्याहट रोकिएन। घरिघरि मतिर हेर्दै कटटट.. दाह्रा किट्छन् र रुन्छन्, घरि फुत्किन खोज्दै 'सामन्तलाई भर्खरै सिध्याउँछु !' भनेर चिच्याउँछन्।

मेरो सातो गयो। उनको आँखाको आक्रोशको ज्वाला, आँसु र दाह्रा किटाइ आफैँमा तर्साउने खालको थियो। अर्को आशङ्का पनि बढ्यो। यो कुरा 'लिक' भयो भने ? एक त बैठकको गोपनीयता बाहिरिने भयो, अर्कातिर उनलाई टुनामुना गरेर पागलजस्तो बनाउने को मान्छे हो ? भनेर मप्रति एकदमै नकारात्मक धारणा बन्ने भयो। त्यसै त, दुई–तीनदेखिको अनिँदो, त्यसैमाथि यो अप्रत्यासित सङ्कट। साथीहरूलाई भनेँ– 'मलाई देख्दा कान्छा दाइ झनै भावुक र आवेगयुक्त देखिनुभयो, म पल्लो घर गएर सुत्छु, तपाईंहरूले सम्हाल्नूस्।' साथीहरूलाई मेरो प्रस्ताव उचितै लाग्यो। एक जनाले मलाई पल्लो घर लिएर जानुभयो। मङ्सिरको चिसो रात, ग्वाघाको डाँडो। पल्तिर उनको प्रलाप सुनिन्छ। आँखामा उनले दाह्रा किटेको तस्बिर आइरहन्छ। म झिमिक्कै निदाउन सकिनँ। एकातिर अनिँदो, अर्कातिर त्रास। सिङ्गो रात छटपटीमा बित्यो।

बिहान एक जना साथीलाई लिएर शान्तिपुर गयौँ। प्रहरी थाना भएको ठाउँ, जोखिम त थियो नै। तर औषधि खाइनँ र गहिरो गरी निदाइनँ भने म नराम्ररी थला पर्ने पक्का थियो। लुकिछिपी एउटा क्लिनिकमा पुग्यौँ र स्वास्थ्यकर्मीलाई एक जना मानसिक असन्तुलन भएको मान्छेले तर्साएका कारण निदाउन नसकेको बताएँ। उनले धेरै नाटिकुटी गरेनन्। एउटा सुई लगाइदिँदै भने– यसले तपाईंलाई गहिरो र लामो निद्रा लाग्ने बनाउनेछ। निद्रा पुगेपछि पक्कै ठिक हुन्छ।' शान्तिपुरबाट हरेवा आउँदासम्म मलाई बाटोमा धेरै चोटि निद्राले झ्यापझ्याप बनाइरह्यो। बल्ल–बल्ल हरि पौडेलजीकहाँ पुगेँ र केही नखाई सुत्न गएँ। साँझ आठ बजेतिर निदाएको मान्छे एकैचोटि बिहान ११

बजेतिर ब्युँझेँ। जीउ हलुङ्गो भएको थियो। तर त्यस घटनाको सम्झनाले पछिसम्म पनि झस्काइरह्यो।

## आश्रितको गाउँमा आमाहरू

हरेवा, कमरेड जीवराज आश्रितको गाउँ। २०३० अगावै कमरेड आश्रित, गिरिराज शर्मा, हरि पथिक, गोविन्द आत्रेय लगायत अग्रजहरूले सङ्गठन निर्माण गरेको ठाउँ। नेकपा (माले) गठन भएसँगै त्यहाँ पनि सम्पर्क विस्तार गरिएको थियो। २०३६ मङ्सिरमा स्टालिनको स्मृतिमा एउटा कार्यक्रम समेत आयोजना गरिएको थियो। २०३७ मङ्सिरमा अनेरास्ववियुले आह्वान गरेको राष्ट्रव्यापी कार्यक्रम अनुरूप शान्तिपुरमा पनि विद्यार्थीहरूको जुलुस प्रदर्शन भएको थियो। हरेवा र आसपासका गाउँहरू ढुक्कले बस्न सकिने आश्रय र सङ्गठन निर्माण भएको ठाउँका रूपमा स्थापित भए। बाटाकाचौरमा युवराज पौडेल र हरि, भेंडीखाल्टामा धनीश्वर पौडेल, हरेवामा गिरिराज, हरि पथिक, हरि पौडेल, नरिनारायण, विद्यार्थी नेता गङ्गा, वेदनिधि, गोपाल, हेमनाथ लगायत साथीहरू हुनुहुन्थ्यो भने तिलपाटामा रामेश्वर, लक्ष्मी लगायत। त्यहीँबाटै सावित्रा पौडेल (आचार्य) र दिब्रुङबाट दिलशोभा पुनले पहिले विद्यार्थीका रूपमा र पछि महिला नेतृका रूपमा राजनीतिक यात्रा अगाडि बढाउनु भयो। खादिकोटमा चन्द्रजीको घर पनि यदाकदा सेल्टरका रूपमा प्रयोग हुन्थ्यो। प्रहरी थाना नजिकै भएको र कम्युनिस्ट गाउँ भनेर चिनिने हरेवामा अलि सतर्क चाहिँ हुनुपर्थ्यो। तर सुरक्षित सेल्टरको अभाव थिएन। मलाई स्नेह, विश्वास र अभिभाकत्व दिनुहुने गिरिराज, हरि, नरिनारायण, गोपाल शर्माका आमाहरू र चिसापानीकी न्यौपाने आमालाई सधैँ सम्झिरहन्छु।

## जुकाको आक्रमणबाट रक्ताम्य

खादिकोटसँग सम्बन्धित एउटा बिर्सनै नसकिने प्रसङ्ग छ। २०४२ साउनतिर हुनुपर्छ, म भार्से दबुङ केबी पुनजीको घरमा पुगेँ। पार्टी एकतापछि फेरि उहाँहरू डीबी सिंहसँगै अलमलिइरहनु भएको थियो। उहाँ घरमा हुनुहुन्थेन। आमा र बैनीले भुटेका मिठा मकै–भट्ट खुवाउनु भयो। हिँड्ने बेलामा बाटोमा जुका लाग्ला भनेर टालोमा नुन पोको पारेर लट्ठीमा बाँधेर दिनुभयो। म हरेवा जानुपर्ने थियो। साउनको महिना। झमझम झरी। अन्धाधुन्ध कुहिरो। वरपर केही देखिँदैन। तल कतै हुग्दी खोला गडगडाएको सुनिन्छ। मैले बाटो बिराएँ। दुवैतिर भीर छ। जुका स्याउँस्याउँ गर्दै खुट्टामा झुण्डिइरहेका छन्। एकछिन त नुन दल्दै झार्दै थिएँ। एकछिनपछि रुखबाट खरी जुका झरेर गर्दनमा टाँसिन थाले। नुनले पनि काम गर्न छाड्यो। झरीबाट जोगिन ओढेको प्लास्टिक सम्हाल्नु कि, झ्याङ पन्छाउँदै बाटो बनाउनु कि, नुन दल्न थाल्नु ? नुन पनि कताकता

दल्नु ! पानीमा भिजेर नुन पग्लिँदै गयो। म हाला भएँ। नुनको पोको फ्याँकेर एकातिर रुखका पोथ्रा र अर्कातिर लट्ठीको सहारामा बाटो काट्न थालेँ। शरीर रगताम्ये भयो।

कति बेर हिँडियो, थाहा छैन। तल खेतमा काम गर्दै गरेका मान्छेहरू देखिए। चिच्याएर बाटो सोधेँ। यस्तो मध्यबर्खामा त्यस्तो बाटो हिँडेर आएको देखेर उनीहरू छक्क परे। इसाराले खादिकोट जाने बाटो बताइदिए। खेतका आलीमा लोट्दैपोट्दै बल्लबल्ल एउटा खोलामा पुगेँ। जुका फालेँ। अलिअलि रगत पखालेँ। खाली ठाउँ थियो, जुका नलाग्ने खालको। त्यहीँ बसेँ। बस्दाबस्दै चक्कर आयो। थाहा छैन, कतिबेरमा ब्युझिएँ। एकातिर शरीर रगताम्ये थियो, अर्कातिर पानीले भिजेर निथ्रुक्क। बडो सकसले साँझ चन्द्रजीकोमा पुगेँ। राति निस्लोट ज्वरो आयो। दाजु–भाउजूले ठूलो स्याहार गरेर राख्नुभयो।

### शङ्काले जलाएको लङ्का

आँपचौरमा पनि राम्रै सम्पर्क विस्तार भयो। जीवन खरेल (तल्लाफाँट), घनश्याम खरेल, रमेश खरेल, विष्णु खरेल, युवराज खरेल, लीला खरेल लगायत घरहरू विश्वसनीय सेल्टरहरू थिए। आँपचौरमा क्रमशः बलियो सङ्गठनात्मक आधार निर्माण भयो। आज पनि जीवन खरेल, घनश्याम खरेल, लीला खरेल र विष्णु खरेलका घरमा आमाहरूबाट प्राप्त आतिथ्य र स्नेह सम्झिरहन्छु।

विष्णु खरेलजीसँगको एउटा प्रसङ्ग छ। उहाँसँग क्यामेरा थियो र उहाँकै जोडबलमा एकपटक फोटो खिचिएको थियो। प्रहरीले बाक्लै खोजिरहेको बेला थियो। विष्णुजी अलि स्मार्ट पनि। स्थानीय साथीहरूसँग केही प्रसङ्गमा अलि–अलि अन्तरविरोध पनि रहेछ। कुरै–कुरामा फोटोको प्रसङ्ग आयो। उहाँसँग फोटो छाड्न नहुने, त्यसको दुरूपयोग हुन सक्छ भन्ने आशङ्का साथीहरूले गर्नुभयो। मैले अप्ठ्यारो मानीमानी फोटो मागेँ, उहाँले आफूमाथि अविश्वास गरेको भनेर निकै नमिठो मान्नुभयो। बेला पनि त्यस्तै थियो। गहुँगो मानेर फोटो फिर्ता दिनुभयो।

आँपचौरमै टेकेर हामीले अर्जेवामा पनि सङ्गठन विस्तार गरेका थियौँ। बाबुराम खरेल अहेबको पढाइ सकेर गाउँमा फर्किनु भएको थियो र राजनीतिमा सक्रिय हुनुहुन्थ्यो। तर बुबा योगप्रसाद चाहिँ कट्टर पञ्चायत समर्थक। कहिलेकाहीँ गएर एक छाक खाए पनि बस्न सम्भव थिएन। योगेश लगायत केही साथीहरू सम्पर्कमा हुनुहुन्थ्यो।

एक दिन अर्जेवामा भेटघाट सकेर दिब्रुङ दिलशोभा पुनको घर जान हिँडेँ। झमक्क साँझ परिसकेको थियो। गाउँबाट उकालो लाग्नासाथ खोल्सापारि चितुवा

करायो । झसङ्ग भएँ । फर्किऊँ, बस्ने सुरक्षित सेल्टर छैन । एकछिन पछि छाड्ला नि त भनेर बिस्तारै हिँडिरहेँ । ऊ पनि मेरै समानान्तर गर्जिंदै उकालो लागिरह्यो । अब त गाउँ तलै छाडिसकिएको थियो । मुटु ढुकढुक भयो, चिटचिट पसिना आउन थाल्यो । धत्तेरी ! क्रान्ति गर्न हिँडेको, हाँसीहाँसी सहिद हुन तयार यो ज्यान चितुवाको आहारा बन्ने भयो भन्ने पछुतो पनि लाग्यो । झण्डै १ घण्टा हाम्रो समानान्तर यात्रा जारी रह्यो । त्यसपछि भने चितुवा कराउन छाड्यो ।

दिलशोभाको घर पुग्दासम्म पनि मुटु स्वाभाविक लयमा फर्किन सकेको थिएन । सुनाउँदा उहाँहरू चिन्तित हुनुभयो । 'केही भएको भए ?'

दिब्रुङसँग सम्बन्धित अर्को प्रसङ्ग पनि बिर्सनै नसकिने खालको छ । २०३८ को मङ्सिरतिर हुनुपर्छ, म वामी जान भनेर माथिल्लो बाटो लागेँ । दह पुगेपछि मान्छेहरूले भने– यता देउराली हुँदै ददल्काको बाटो जानुभयो भने तपाईं रातभरि हिँडे पनि पुग्नुहुन्न । जङ्गलको बाटो छोटो छ, यताबाट जानूस् ।' स्कुलमा पढेको राजकुमार दिक्पालको कथा याद आयो...– कायरहरू पो लामो र सजिलो बाटो रोज्छन् त, बहादुरहरू त जोखिमपूर्ण भए पनि छोटो बाटो हिँड्ने हो नि ! मैले पनि जङ्गलको बाटो जाने दुस्साहस गरेँ ।

गाईबस्तु चर्न जाने बाटो लागेको रहेछु । केही समय त बाटो फराकिलै थियो, बिस्तारै गोरेटो समेत हराउँदै गयो । साँझ पर्न थाल्यो । काँडाघारी र बुट्यान पन्छयाएर हिँड्दैछु, गोरेटोको नामनिसाना छैन । चराचुरुङ्गी मात्रै होइन, जङ्गली जनावरहरू पनि कराउन थाले । अब के गर्ने ? अत्यास लाग्यो । आफ्नै छनोटप्रति पछुतो भयो । तर के नै गर्न सकिन्थ्यो र ? एकातिर वामी नपुगी नहुने थियो, अर्कोतिर पछाडि फर्कन पनि सम्भव थिएन । धेरै पर पुगिसकेको थिएँ । काँडाले चिथोरिँदै, ढुङ्गाको ठेस सहँदै र मनमा आशङ्का बोकेर घस्रिइरहेँ । कतै केही देखिँदैन, अन्धाधुन्ध हिँडिरहेको छु । डरलाग्दा आवाजहरू आइरहेका छन् जङ्गलबाट । रुख चढेर रात बिताउँ कि भन्ने पनि सोचेँ । तर त्यस लेकमा मङ्सिरको चिसो सहन सक्छु भन्ने आँट आएन ।

कतिबेर घिस्रिएँ थाहा छैन । पर कतै पिलपिल बत्ती बलेको देखियो । बल्ल सास आएजस्तो भयो । बल्लबल्ल त्यहाँ पुगेँ र 'को हुनुहुन्छ ?' भनेर चिच्याएँ । धेरै बेर चिच्याएपछि एक जना महिला बाहिर निस्किन्, टुकी लिएर । म त सालिमे दहमा आइपुगेछु । उनी त्यहीँ आश्रममा बस्ने भक्तिनी रहिछन् । सबै कुरा बताएँ । उनले आजको रात आश्रममै बसेर भोलि बिहान जान आग्रह गरिन् । तर मलाई नपुगी नहुने

थियो। पानी मागेर पिएँ र उनले देखाएको बाटो ओरालो लागेँ। अब भने राम्रो बाटो भेटियो। वामीटक्सार करुणा श्रेष्ठकहाँ पुग्दा रातिको १२ बज्न थालेको थियो।

## कुकुर र झिँगा

२०३७ बाट सम्पर्क जोडिएको वामीमा म २०४२ सालसम्म बसेँ, त्यहाँ पार्टीको एकदमै बलियो आधार निर्माण भयो। बनारसमा पढेर र उतैबाट पार्टी सम्पर्क लिएर फर्किनु भएका खड्ग केसी पार्टीको बलियो स्तम्भ भएर उभिनुभयो। वामीटक्सार बजारमा करुणा श्रेष्ठ लगायत साथीहरूको घर भरपर्दो आश्रय थियो। भाइ युवराज अखिलको जिल्ला नेता पनि बन्नुभयो। आगो पार्ने गाउँमा घनश्याम सापकोटा, सोमनाथ सापकोटा र काका लीलाधर सापकोटासहित सिङ्गो परिवार, उकाला गाउँमा काठमाडौँ पढ्दै गरेका अग्निधर लोहनी, यमलाल लोहनी, अलि माथि दुई जना यमलाल लामिछानेहरू (एक जना २०६२/६३ को आन्दोलनमा बर्दियामा सहादत प्राप्त), दाल्कामा महेश जीसी, ठाकुरव्यास केसी र हरिलाल घिमिरे लगायतकहाँ भरपर्दा सेल्टरहरू बने। वामीलाई आधार बनाएर हामीले बाग्लुङको खर्बाङ र ग्वालीचौरसम्म सङ्गठन विस्तार गर्‍यौँ। समयक्रममा वामीटक्सार पञ्चायती शासकहरूका नजरमा 'बामे टक्सार' बन्यो। २०४६ सालको आन्दोलनमा ठूलो भूमिका खेल्यो, चरम दमन व्यहोर्‍यो।

दाल्कामा ठाकुरव्यासको घर थियो। भारतीय सेनाबाट भर्खर पेन्सन पकाएर निस्कनुभएका उहाँ अध्ययनशील, जिज्ञासु र जुझारु हुनुहुन्थ्यो। घरमा मार्क्सवादी साहित्यको सानोसानो पुस्तकालय नै राख्नुभएको थियो। साथमा गितार पनि थियो। (त्यो गितारलाई मैले गुल्मी–पाल्पाको कार्यकर्ता भेलामा प्रदीप नेपाल आउनु हुने थाहा भएपछि बोकेर पाल्पाको सिद्धेश्वर पुर्‍याएको थिएँ। उहाँले त्यही गितार बजाउँदै मिठा गीत गाउनुभएको थियो।) भाउजू पनि उत्तिकै सहृदयी र समझदार। उहाँहरूका सन्तान थिएनन्। त्यो घर पार्टीकै घरजस्तो थियो। उहाँहरूले भोटे कुकुर पाल्नुभएको थियो। कुकुर यति ठूलो र डरलाग्दो थियो कि नजिक पर्ने आँट कसैले गर्दैनथे। प्रायः कुकुरहरू घरमा अपरिचित आउँदा भुकेर तर्साए पनि घरको पाहुना भन्ने चिनेपछि सहज व्यवहार गर्छन्। तर त्यो कुकुर त्यस्तो थिएन। कतिसम्म रिसाहा भने– भात खाने बेलामा प्रत्येक गाँस मुखतिर लैजाँदा घरै थर्काउने गरी भुक्थ्यो। खाएको आँडै लाग्न दिँदैनथ्यो। आँटीमा जाँदा होस् कि झर्दा, बाहिर निस्कँदा होस् वा भित्र पस्दा, भुकेर सातो खान्थ्यो। बिहान उज्यालो भएपछि कुकुर फुकाइन्थ्यो र उसले उहाँहरूको सरहदको पूरै रक्षा गर्थ्यो। कुकुरकै डरले पुलिसहरू त्यहाँ जाने आँट गर्दैनथे। २०४६ सालभन्दा अगाडि

कतिपय महत्त्वपूर्ण बैठकहरू साथीहरूले त्यही कुकुरको रखबारीमा सम्पन्न गर्नुभएको थियो। हामी कुकुर फुक्का छैन भन्ने यकिन भएपछि मात्रै सेल्टरमा जान्थ्यौँ।

यस्तो माया गर्ने सेल्टरमा एकपल्ट उहाँहरूले मलाई घरको पछाडिपट्टि ओसारी (सानो कोठा) मा राख्नुभयो। म अलमल परेँ, किन यस्तो फरक व्यवहार भयो होला ? धेरैपछि थाहा पाइयो, प्यूठान हो कि बाग्लुङतिरका एक जना मसालका कार्यकर्ताले सेल्टरदातामाथि नै यौन दुर्व्यवहार गरेछन्। त्यसैको नकारात्मक हावा त्यहाँसम्म आइपुगेको रहेछ। पछि भने उहाँहरूको त्यो आत्मीयता फेरि फर्कियो।

खड्ग केसीले लिनुभएको राजनीतिक बाटोसँग बुबा सहमत हुनुहुन्थेन। बुबा जिम्मुवाल र प्रशासनसम्म पहुँच भएको खानदानी मान्छे हुनुहुन्थ्यो। त्यसैले उहाँ छुट्टिएर परुवामा एकनाले घर बनाएर बस्न थाल्नुभयो। त्यस घरलाई हामीले हेडक्वार्टरजस्तै बनाएर प्रयोग गऱ्यौँ। पढालेखा नभए पनि म्याडम असाध्यै समझदार हुनुहुन्थ्यो, नानीहरू एकदमै मायालु।

के कारणले हो कुन्नि, घरमा असाध्यै झिँगा लाग्थे। एकपटक कमरेड विष्णु पौडेल र मैले खान थाल्दा यति धेरै झिँगा आए कि खासमा भातको थालै देखिएन। पछिसम्म पनि हाम्राबीच ती झिँगाको चर्चा भइरह्यो।

उहाँहरूकै सक्रियतामा वामी पार्टीको बलियो आधार बन्यो। आन्दोलनमा अग्रणी भूमिका खेल्यो र २०५६ पछि मैले प्रतिनिधिसभा/संविधानसभाको निर्वाचन लड्दा सधैँभरि बलियो साथ दिइरह्यो।

**बिर्सनै नसकिने दजाकोट**

बिस्तारै दजाकोटमा सम्पर्क विस्तार भयो। हरि छन्तेल र जुद्ध छन्तेलको पहलमा त्यो गाउँ समयक्रममा एमालेलाई शतप्रतिशत मत खसाल्ने ठाउँका रूपमा विकास भयो। उहाँहरूका घर भरपर्दा सेल्टर बने, जहाँ हामीले जिल्ला कमिटीका बैठक गऱ्यौँ। महत्त्वपूर्ण प्रशिक्षणहरू सञ्चालन गऱ्यौँ। बोम खड्का तथा दिलशोभा पुनको भूमिगत विवाह पनि त्यहीँ जुद्ध कमरेडको घरमा आयोजना गरिएको थियो।

अरु त सबै ठिकै थियो, तर त्यतिन्जेल घरमा ट्वाइलेट बनाउने चलन बसिसकेको थिएन। सुरुसुरुमा साथीहरूले लोटामा पानी दिएर बुट्यानतिर पठाउनुहुन्थ्यो। समस्या के हुन्थ्यो भने सुँगुरहरू पनि सँगसँगै पिछा लाग्थे। बस्न पाएको छैन, टोकौँलाझैँ गरी दिसा टिप्न आउँथे। सुरुसुरुमा त त्यत्तिकै फर्कियो। पछि साथीहरूले लठ्ठी पनि सँगै

दिएर पठाउनु भयो। बिस्तारै बानी पर्दै गयो। हरि छन्तेलकी मायालू आमालाई आज पनि सपनामा देखेजस्तै लाग्छ।

केही वर्षअगाडि त्यो गाउँ आगलागीमा ध्वस्त भयो। सरकार र नागरिक स्तर लगायत सबैतिरको सहयोगबाट अहिले पुनःनिर्माण भएर अझ सुन्दर बनेको छ। राम थापा र उहाँको परिवार निकै सहयोगी थियो। राम आँखामा राखे पनि नबिझाउने जस्तो सज्जन र असाध्यै कुशल शिक्षक हुनुहुन्थ्यो भने आमा असाध्यै स्नेही।

**नाम मिल्दाको फजिती**

२०३७ सालको सुरुसुरुको कुरा हो। सेल्टरको अभावसँग नराम्रोसँग जुझिरहेको थिएँ। उल्लीखोलामा तोयनाथ भन्ने साथीसँग सम्पर्क भयो, बेसीको गोठमा। कुरा गर्दै जाँदा पार्टीको समर्थनमा ल्याउन सकियो। उनले यो गोठ खेती गर्दा मात्रै प्रयोग हुने, त्यसैले आफूहरू बेँसी नभएको बेला कहिलेकाहीँ गाउँमै आउनु भए हुन्छ नि भने। एउटा सेल्टर भेटियो भनेर दङ्ग परेँ। केही समयपछि उनको घर सोध्दै गाउँमा गएँ। गाउँलेहरूले ठूलै घर देखाइदिए।

'को हुनुहुन्छ भित्र ?' भनेर सोधेँ, एउटी महिला निस्किन्। तोयनाथको साथी, उहाँलाई भेट्न आएको भनेँ। उनले 'उल्लीखोलातिर जानुभएको छ, अलिबेरमा आउनु हुन्छ, बस्दै गर्नूस्' भनिन्। भान्सा भए नभएको सोधिन् र खाना बनाउन भित्र पसिन्। अलिअलि अलमल त भएको थियो– साथी भने भर्खरकै छ, तर श्रीमती त चालिसमाथिकी देखिन्छिन् ! तर सोध्न मेसो परेन। एकछिनपछि उनी 'भान्सा तयार भयो, भित्र जाउँ' भन्दै पानीको आम्खोरा लिएर आइन्। 'तोयनाथजी आएपछि सँगै खाउँला नि !' भनें, 'होइन हजुरले लिँदै गर्नुस्' भनिन्। नाइँ भन्न मिलेन, अन्कनाउँदै भान्सामा पसेँ। धेरै परिकार सहितको भान्सा रहेछ।

पहिलो गाँस लिएको मात्र के थिएँ, बाहिर जुत्ताको टकटक आवाज आयो। श्रीमती हतारहतार बाहिर निस्किन्। बुढाबुढीको कुरा भित्रैसम्म सुनियो।

'भित्र पाहुना आउनु भएको छ।'

'को पाहुना ?' रोबिलो स्वर सुनियो। मन झसङ्ग भयो।

'खोई, तपाईंको साथी भन्नुहुन्छ।'

'को रहेछ खोईखोई !'

त्यसपछि ढोकामा एउटा पचपन्न/साठी उमेरका, दौरा–सुरुवाल लगाएका, जुँगा बटारेका एक जना मान्छे देखिए। म नराम्ररी झस्किएँ।

'को हो, मेरो साथी भन्ने ? कहाँबाट आएको ?' उनले भित्र पस्दै हकारे। हातको गाँस हातैमा, मुखको गाँस मुखैमा भयो। कहाँ आएर फसेँ म ?

'म त तोयनाथलाई भेट्न आएको। घर सोध्दै आएको, गाउँलेले यही बताइदिए। झुक्किएँछु कि क्या हो ?' मुखको गाँस खेलाउँदै सुस्तरी भनेँ।

'ए, त्यो तोइने ?' उनले एकदमै हेपेर भने, ह्वास्स वर्गीय दुर्गन्ध आयो। 'तिमी त्यसको पो साथी, के गर्छौ ? घर कहाँ हो ? किन डुल्दै हिँडेको ? के काम छ ?' पुलिसले भन्दा बढी केरकार गर्न थाले। अपमानले सीमा नाघ्यो।

'हेर्नूस्, म तोयनाथलाई भेट्न आएको हुँ। गाउँलेले यही घर बताइदिए, त्यसैले आएँ।'

'दुई कौडीको मान्छेसँग मलाई दाँज्ने ?' उनी त्यत्तिकै मुर्मुरिए।

मैले सफाइ दिन खोजेँ। माने पो !

'अचेल गाउँगाउँ डुल्ने र समाज भाँड्दै हिँड्ने अराष्ट्रिय तत्वहरू बढ्न थालेका छन् भन्छन्। तिमी पनि त्यस्तै त होइनौ ?' फेरि हकारे।

अब भने अति भयो। मैले फेरि नाम मिलेका कारण आफू झुक्किएको, आफू शिक्षक भएको र भार्सेतिर जान लागेको बताएँ। अलमलमा परेकी श्रीमतीले खाना सक्याएर जानूस् न भन्दै थिइन्। निलिए पो !

खाना अधुरै छाडेर बाहिर निस्किएँ।

तघालो नाघेर बाटोमा पुग्दा समेत उनी गनगनाउँदै थिए– 'कहाँकहाँबाट आउँछन् यस्ता, खानाका कालहरू ?'

**होस्ल्याङे तालले गर्दा प्रहरी हिरासतमा**

२०४३ को राष्ट्रिय पञ्चायत निर्वाचनमा पार्टीले गुल्मीमा कमलराज श्रेष्ठलाई जनपक्षीय उम्मेदवार उठाएको थियो। मतगणना चल्दै थियो। हामीहरू तम्घास ठाडो गल्लीमा सोमनाथ सापकोटाहरूले चलाउनु भएको एउटा होटलमा लुकीछिपी बसेका थियौँ। प्रतिस्पर्धा नै थियो, त्यसैले मतको अपडेट पाउने खसखस त हुने नै भयो। म

हातमा बुथहरूको चार्ट सहितको फारम बोकेर सुटुक्क निस्कैँ र जिल्ला अदालतको कम्पाउन्डबाहिर पुगेँ। यसो चिहाएर हेर्न खोज्दैथेँ, पछाडिबाट कसैले समायो। यसो हेर्छु त पुलिस। झसङ्गै भएँ। 'साबले बोलाउनु भा'छ, हिँड्नूस्,' उसले आदेश दियो। केही भन्न खोज्दैथेँ, 'जे भन्ने हो उतै भन्ने, छिटो हिँड्नूस्' भनेर हप्कायो। उम्किनै उपाय थिएन, लुरुलरु पछि लागेँ। जिप्रकामा पुग्दा हाम्रै गाउँकी सरस्वती गौतम सुटुक्क निस्केको देखेँ। 'पालिकी' भनेर चिनिने उनी प्रशासनकी बफादार सुराकी, पञ्चहरूसँग पहुँच भएकी र उद्दण्ड महिला थिइन्। ए, कारण यो पो रहेछ ?

उनीहरूले मलाई इन्स्पेक्टर बस्ने कोठाको छेउमा राखे। मनमा छटपटी भयो। विष्णु पौडेल लगायत कमरेडहरूले खोज्दै होलान्, म भने थुनामा छु। साथीहरूलाई थाहा छैन। आफ्नै लापरबाहीले गर्दा प्रहरी फन्दामा परेको थिएँ। मलाई किन बढी जान्ने हुन परेको ? आफैँलाई गाली गरेँ।

झण्डै एक घण्टासम्म पनि कोही सोधपुछ गर्न आएनन्। यसो विचार गरेँ– मलाई चिन्ने तिनै महिला हुन्, उनी बाहिर निस्किन्। सायद आफैँले पक्डाएको भन्ने नपरोस् भन्ने चाहेकी होलिन्। मलाई चिन्ने यहाँ खासै कोही छैनन्। एकपटक कोसिस गरिहेरुँ न त !

प्रहरी जवान नजिकै थियो, उसलाई 'मलाई यहाँ किन ल्याएको ? किन यतिबेर यत्तिकै राखेको ?' भनेर हप्काउने शैलीमा सोधेँ। उसले 'खोइ हजुर, मलाई त थाहा छैन। सा'बलाई थाहा होला' भन्यो। झर्केजस्तो गर्दै सा'बलाई बोलाउन भनेँ।

एकछिनपछि इन्स्पेक्टर आए। मैले त्यही प्रश्न दोहोऱ्याएँ। उनले 'तपाईं प्रदीप ज्ञवाली होइन ?' भने। मैले छक्क परेजस्तै गरेर भनेँ– को प्रदीप ज्ञवाली ? मेरो नाम त रामप्रसाद खनाल हो, घर अर्घाखाँची ढाकाबाङ। रामपुर कृषि क्याम्पस पढ्छु। आँपचौरमा कफीको अध्ययन गर्न भनेर गएको थिएँ। फर्किंदा तपाईंहरूले त्यत्तिकै अल्झाइदिनु भयो। साँझ पर्न थाल्यो, म कसरी आज घर पुग्ने ?'

इन्स्पेक्टर अलमलमा परेको स्पष्ट देखियो। उनले अनकनाउँदै 'तपाईं त बलेटक्सारको प्रदीप ज्ञवाली, झापाली कम्युनिस्ट भन्ने पो थियो त। फरक परेछ कि क्या हो ?' भने। मैले फेरि जोड दिएर आफ्नो पूर्वोक्त परिचय दोहोऱ्याउँदै उनीहरूलाई दपेट्न थालेँ। उनले यताउति कसैलाई खोजे। मलाई चिन्ने त्यहाँ कोही थिएनन्, पालिकी बाहिर निस्किसकेकी थिइन्। अहिले जस्तो मोबाइलमा कल गरेर बोलाउन सम्भव

थिएन। मेरो प्रस्तुति विश्वास लाग्ने खालकै थियो। के सोचेर हो कुन्नि, इन्स्पेक्टरले 'झुक्किएछ हजुर, सरी है !' भन्दै छाडिदिए।

जतिसक्दो छिटो त्यहाँबाट निस्कें र सासै नफेरी मरेङतिर लागेँ। उहाँ पुगेपछि मात्रै कमरेडहरूलाई यस अनपेक्षित दुर्घटनाका बारेमा खबर पठाएँ, आत्मालोचना सहित।

## अर्घाखाँचीतिर

२०४३ को फागुनमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको आवश्यक संयोजन गर्न जानुभएका कमरेड कोशल पोखरेल खर्ज्याङ नजिकै गिरफ्तार हुनुभयो। त्यतिबेला गुल्मी–अर्घाखाँची संयुक्त जिल्ला कमिटी क्रियाशील थियो र उहाँले अर्घाखाँचीको भूगोल हेर्नुहुन्थ्यो। जिल्ला कमिटी बैठकले मलाई अर्घाखाँची पठाउने निर्णय गर्‍यो। कमरेड विष्णु पौडेलले मलाई चिदिका, बलकोट, खिदिम, पाली, सन्धिखर्क, खन र मरेङतिरका सेल्टर तथा सङ्गठन चिनाउँदै लैजानुभयो।

पुष्पलाल समूहकै कार्यकालमा अर्घाखाँचीमा बलियो सङ्गठनात्मक आधार निर्माण भएको थियो। २०१८ सालपूर्व गुल्मी र अर्घाखाँची एउटै जिल्ला गुल्मीका रूपमा थिए। यहाँ २०१६ सालको उपनिर्वाचनमा कम्युनिस्ट पार्टीले खुविराम आचार्यलाई उम्मेदवार बनाएपछि पार्टीको प्रचार र सङ्गठनका कामहरू औपचारिक रूपमा सुरु भएका थिए। २०१८ पछि प्रशासनिक रूपमा दुई जिल्ला छुट्टिए। अर्घाखाँचीको पार्टी निर्माणमा मोदनाथ प्रश्रित तथा शिक्षकका रूपमा आउनु भएका नेत्रलाल अभागी, वीरबहादुर सिंह जस्ता अग्रजहरूको पनि विशेष योगदान थियो। जालीफटाहाविरुद्ध धेरै आन्दोलन भएका थिए। कमरेड जीवराज आश्रितको संयोजनमा भएको २०३० कार्तिक २६ गतेको किसान आन्दोलन विशेष थियो। पुष्पलालसँग दूरी बढाउँदै लगेका केशरमणि पोखरेलको महत्त्वाकाङ्क्षाले घटित बर्रे घटनापछि भने अर्घाखाँचीमा बर्बर दमन भयो। हेमनाथ भुसाल, बुद्धि रायमाझी, वेदुराम भुसाल, नेत्र ढुङ्गाना, लीला ढुङ्गाना, रामचन्द्र पौडेल र प्रभाकृष्ण पौडेल लगायत साथीहरूले कसैले १० त कसैले १३ वर्षको कठोर जेलजीवन र यन्त्रणा भोग्नु पर्‍यो। पीताम्बर भुसाल, गुणनिधि भुसाल, नारायण खनाल, टेकराज खनाल, मीन पौडेल लगायत धेरैले मुद्दा, वारेन्ट, यातना र केही समय कारागार चलान हुनुपर्‍यो। जेलमा रहनु भएका कमरेडहरू जेलमै नेकपा (माले) सँग आबद्ध भइसक्नु भएको थियो। बाहिर कुनै समूहमा आबद्ध नभई स्वतन्त्र बसिरहेका साथीहरूले पनि पछि नेकपा (माले)सँग आबद्ध हुने निर्णय गर्नुभयो। दमन र अर्घा मूर्ती काण्डको नकारात्मक प्रचारको असर गहिरै थियो। तर सङ्गठन पनि क्रमशः विस्तार भइरहेको थियो।

यस्तै पृष्ठभूमिमा म अर्घाखाँची पुगेको थिएँ।

२०४३ को अन्त्यदेखि २०४७ सालको सुरुसम्मका तीन वर्ष अर्घाखाँचीमा भूमिगत जीवन बिताउँदाका स्मृतिहरू मनमा जीवन्त छन्। त्यसो त, म २०५० जेठसम्म अर्घाखाँचीमा रहेँ र पार्टी खुला भइसकेपछि सङ्गठन विस्तारमा असाध्यै क्रियाशील रहेँ। त्यहाँ रहँदाबस्दा कमरेडहरूले दिनुभएको मायाले अहिले पनि ऊर्जा दिइरहेको अनुभूति हुन्छ।

अर्घाखाँचीमा हामीले सयौँ सेल्टर निर्माण र प्रयोग गर्‍यौँ। मरेङ, छत्रगन्ज, चिदिका, खिदिम, पाली, धनचौर, खन, खनदह, डिभर्ना र हंशपुर हाम्रा बलिया जनाधार भएका गाउँहरू थिए। त्यहाँ सुरक्षित सेल्टरहरू थिए। सदरमुकाम आसपासका क्षेत्रमा पनि हेमनाथ भुसाल, नेत्र ढुङ्गाना, गणेश भुसाल र धर्म पौडेल (कुर), नारायण दाइ (गच्छेखोला), सिद्धिप्रसाद ज्ञवाली (भालुखोला) लगायत भरपर्दा आश्रय थिए। त्यसैले अर्घाखाँचीमा रहँदाबस्दा सेल्टरको अभाव भएन। अर्घा अँधेरीमा टीकाराम आचार्यको घर र बाँगी तिलकराम खनालको घर पनि हामीले बाक्लै प्रयोग गर्‍यौँ। टीकाराम पुष्पलालकालमा पार्टी जिल्ला कमिटीको सदस्य हुनुहुन्थ्यो। त्यतिबेला विद्यार्थी अगुवाका रूपमा रहनु भएका छोरा चेतनारायण आचार्य आज पार्टी केन्द्रीय कमिटी सदस्य र लुम्बिनी प्रदेशको मुख्यमन्त्री हुनुहुन्छ।

## चौथो महाधिवेशन आयोजना गर्ने आँट

२०४५ को अन्त्यतिर कमरेड माधव नेपाल र ईश्वर पोखरेलहरू धनचौर आउनुभयो। हामी पीताम्बर भुसालको घरमा थियौँ। चौथो महाधिवेशन गर्न सकिने सम्भाव्य स्थानहरूको खोजी गर्न भनिए अनुसार हामीले खगीश्वर पन्थीजीको घरलाई 'मार्क' गरेका थियौँ। सबै त्यो घर हेर्न गयौँ। अलिकति खर्च गरेपछि गोठमा महाधिवेशन स्थल बनाउन सकिने स्थिति देखियो। सदरमुकामबाट ५/६ घण्टा र ठाडाबाट पनि ३/४ घण्टा दूरीमा भएको धनचौरमा सुरक्षाको समस्या खासै थिएन। अर्घाखाँची जिल्ला कमिटी सबै दायित्व बहन गर्न तयार थियो। पीताम्बर भुसाल, तारा भट्टराई, खगीश्वर पन्थी लगायत साथीहरूले दह्रिलो भरोसा दिनुभएको थियो।

तर बाहिरबाट आउने कमरेडहरूलाई राजमार्गबाट ल्याउन भने लामो दूरी पर्ने भयो। पछि चौथो महाधिवेशन २०४६ भदौमा सिरहामा आयोजना भयो। म पनि त्यस महाधिवेशनमा सहभागी भएँ।

पीताम्बरजीकै घरमा मैले जाल्पा र कोमलका हातबाट तिहारको टीका लगाएको छु । बहिनीको अभाव पूर्ति गरेको छु ।

**आकाशजस्तै फराकिलो मनकी मनशोभा**

सन्धिखर्कमा हामीले अत्यधिक प्रयोग गर्ने सेल्टर थियो गुणनिधि भुसालको 'हिमाली कटेज' । चिटिक्कको सानो घर, आउन जान सजिलो । गुणनिधिजी सम्पन्न, पुरानो राजनीतिकर्मी र २०४४ पछि अर्घाखाँची जिल्ला पञ्चायतका जनपक्षीय उपसभापति समेत भएका कारण मान्छेको आवतजावतमा प्रशासनको त्यति आँखा नजाने । त्यसैले त्यो रुचाइएको सेल्टरमध्ये थियो ।

तर त्यो घर रुचाइनुको मुख्य कारण थियो मनशोभा भाउजूको मायालू, सदाबहार हँसिलो र अथक आतिथ्य । हामी रातविरात जान्थ्यौँ, तर भाउजूको हात रातको १२ बजे होस् कि दिउँसोको दुई बजे, मिठो खान पस्केर दिन हरहमेसा तयार हुनुहुन्थ्यो । तुङ्गभद्र, धरती, शारदा र हिमाली किरण सबै असाध्यै मायालु नानीहरू । त्यहाँ जाँदा हामीले सबै थकाइ बिर्सन्थ्यौँ ।

गुणनिधि दाइको पारी बिर्तीमा पनि घर थियो। त्यहाँ वृद्ध हुँदै गर्नुभएका विष्णुप्रसाद भुसाल बुबा (कुनै बेला पार्टी जिल्ला कमिटीका सदस्य समेत), आमा र दुई भाउजूहरू बस्नु हुन्थ्यो। छोरी सावित्रा काठमाडौँमा अखिल छैटौँको नेतृत्वमा र छोराहरू राजमुकुट र पपुलर जेन्टिल पनि विद्यार्थी राजनीति र पेसामा आबद्ध थिए। पार्टीका कतिपय बैठक हामीले बिर्तीमा गरेका छौँ, फराकिलो ठाउँ र यताउता निस्कन वैकल्पिक बाटोहरू पनि भएकाले ।

२०४६ सालको आन्दोलनको तयारी गर्न बोलाइएको जिल्ला कमिटीको बैठक २०४६ सालको माघ २ गते त्यहीँ आयोजना गरिएको थियो। बैठक चल्दाचल्दै अचानक बुबा आँटीमा आउनुभयो र सासैसासले 'तुरुन्त भागिहाल, पुलिसले घर घेराउ गर्न थाल्यो, म एकछिन अलमलाउँदै गर्छु' भन्नुभयो । साथीहरूले आन्दोलनको सबै अख्तियारी हतार–हतार म (सचिव) लाई दिनुभयो । केही सेकेण्डमै बैठक समापन गरेर सबैभन्दा पहिले रामजी घिमिरे, गणेश गौतम र जयप्रकाश किसानलाई पछाडिको ढोकाबाट निस्कन लगायौँ। प्रहरीहरू चिया खाँदै थिए, उनीहरूलाई बुबाले कुरैकुरामा अलमल्याउनु भएको थियो । पहिलो लट साथीहरू सुरक्षित निस्केपछि पीताम्बर भुसाल र पीताम्बर सारुलाई निस्कन लगायौँ। उहाँहरू पनि उम्किन सफल हुनुभयो ।

अन्त्यमा म, गुणनिधि भुसाल र नेत्र क्षेत्री बर्को ओढेर कुरतिर लाग्यौँ। साथीहरूलाई जोगाउन सकेकोमा अलि ढुक्क थियौँ। अरु बेला बुट्यान र वनजस्तो देखिने कुरको पाखो माघको पतझडमा उजाड र पारि सन्धिखर्कबाट छयाङ्ग देखिने खालको रहेछ, हामीले ख्यालै गरेनछौँ ! तर अरु उपाय थिएन। केही गरी कुरको स्कुलसम्म निस्कन पाइयो भने त्यहाँबाट अर्घातिर जाने र नेपाली काङ्ग्रेसका नेताहरू रेवती भुसाल र राममणि ज्ञवालीसँग सहकार्य गर्ने योजना थियो। तर स्कुलमुनिको चौपारीमा पुग्दा हामी प्रहरी 'एम्बुस' मा पऱ्यौँ।

'नमस्कार है उपसभापतिज्यू, हामी त हजुरलाई खोज्दै आएको, यहाँ पो भेट भयो !' हामीलाई कुरेर बसेका प्रहरी टोलीको भीडबाट सईले व्यङ्ग्य गर्दै भने। हामी निरूपाय थियौँ। प्रतिरोध गरेर भाग्न सकिने अवस्था पनि थिएन। 'अँ, हामी त यसो गाउँतिर जाँदै थियौँ। तपाईंहरू कता नि ?' गुणनिधिले थाहा नपाएजस्तो गरेर सोध्नुभयो। 'उपसभापतिज्यू पनि ! हाकिम सा'बले तपाईंहरूलाई ल्याउन भन्नुभएको छ। साथीहरू तपाईंहरूलाई खोज्दै पारि घर पनि गएका थिए। ए, प्रधानज्यू पनि साथै हुनुहुँदो रहेछ ! हजुर पनि हिँड्नु पर्ने भो।' यतिन्जेल गुणनिधिमा केन्द्रित उनीहरूको ध्यान नेत्र क्षेत्रीतिर समेत गयो। उहाँ सीतापुरको जनपक्षीय प्रधानपञ्च हुनुहुन्थ्यो।

मलाई माइन्युट र अन्य कागजात बाटैमा नष्ट नगरेकामा ठूलो पछुतो भयो। साथमा अपानि थियो, भर्खरै सम्पन्न लुम्बिनी क्षेत्रीय कमिटीको बैठकका निर्णय नोटहरू थिए र जिल्ला कमिटीको माइन्युट लगायत महत्त्वपूर्ण कार्ययोजना पनि थिए। अब केही गर्न सकिने ठाउँ थिएन।

यतिन्जेलसम्म उनीहरूको ध्यान गुणनिधि र नेत्र क्षेत्रीमै केन्द्रित थियो। झिलिक्क मनमा सुझ्यो– एउटा 'चान्स' किन नलिने ? उम्किन सकियो भने ठिकै छ, अन्यथा गिरफ्तार हुनु त छँदैछ। सोझो पारामा गुणनिधिलाई भनेँ– 'उपसभापतिज्यू, म जान्छु। केटी पनि खासै मन परिनँ, माइतीका मान्छेहरू त साह्रै घमण्डी लाग्यो। जिन्दगी जाने कुरा छ, त्यसै त कसरी 'हुन्छ' भन्नु र ?' जुँघा चल्यो कि कुरा बुझ्यो भनेझैँ भयो। गुणनिधिले सहजै भन्नुभयो– 'त्यही त माड्साब ! कसैकी नभएकी छोरी उनीहरूकी मात्र छ जस्तो गरे। तपाईंजत्तिको मान्छेलाई केटी त जत्ति पाइन्छन्। अहिलेलाई जानूस्। वैशाखसम्म जसरी पनि पार लगाउँला, मेरै जिम्मा भयो।' यो संवाद यति सहज र स्वाभाविक लयमा भयो कि पुलिसहरू साँच्चै अलमलिए। पल्याकपुलुक गर्दै थिए, म बिदा मागेर बिस्तारै ओरालो लागेँ। मलाई त्यो बाटोका चप्पाचप्पा थाहा थियो।

एक मिनेट मात्रै समय पाए त !

दौडन पनि मिलेन, तर म हतारहतार ओर्लिएँ। कुइनेटो आयो, अब म केही सुरक्षित थिएँ। दौडेर बुद्धि रायमाझीको घर पुगेँ र लामो सास फेरेँ। घर आमा हुनुहुन्थ्यो र एक डेढ वर्षकी सिर्जना पनि। मामाको काखमा बस्न पाएर उनी फुरुङ्ग परिन्। बुद्धि र बिजुला आउनु भएपछि मैले सबै कथा सुनाएँ।

त्यो घर पनि मेरो प्यारो आश्रय थियो।

## असफल आन्दोलनका यातना र ग्लानि

रामजी घिमिरे राम्रो सम्भावनायुक्त कार्यकर्ता हुनुहुन्थ्यो– वैचारिक रूपमा तीक्ष्ण, कुशल वक्ता र सङ्गठक पनि। उहाँ गिरफ्तार हुनुभयो। उहाँलाई दिइएको चरम यातनाका खबर सुनेर सेल्टरमा मन तड्पिइरहन्थ्यो। यद्यपि गर्न सकिने केही थिएन। जेल जीवन पूरा गरेर उहाँ फेरि उत्तिकै सक्रियताका साथ काममा जुट्नुभयो।

२०४५ सालमा भारतले नाकाबन्दी सुरु गरेपछि पार्टीले आन्दोलन उठाउने निर्णय गर्‍यो। नाकाबन्दीका कारण पञ्चायती सत्ता कमजोर भएका बेला जनआन्दोलन उठाउन सकियो भने छिटो सफल हुन सकिन्छ भन्ने विश्लेषण थियो, जुन आखिरमा गलत ठहरियो। हामीले जिल्लामा व्यवस्थित योजना बनायौँ। पहिलो दिनको कार्यक्रममा मोती खनाल, तुङ्ग भुसाल, विष्णु आचार्य, केशव लगायत साथीहरूले जुलुसको नेतृत्व गर्नुभयो। तर दमन भयो, साथीहरू गिरफ्तार हुनुभयो र निर्मम यातना भोग्नुपर्‍यो। यातनाका कारण साथीहरू चिच्याएको आवाज बाहिरै सुनिन्थ्यो भनेर भेट्न जानेले खबर ल्याउँदा ज्यादै पीडाबोध हुन्थ्यो। यद्यपि यो पार्टीको निर्णय थियो, तर पनि साथीहरूलाई पठाउने योजना मैले बनाएकाले त्यो यातनाले मेरो मनमा ग्लानिबोध भइरह्यो। २०४५ को यस दमनको असरले गर्दा २०४६ सालको आन्दोलन उठाउन हामीलाई केही समय निकै गाह्रो भयो।

## सम्झनाको क्यानभासका विभिन्न सेल्टरहरू

मरेङको अमिलेमा हेमराज आचार्यको घर त्यतातिरको हाम्रो सुरक्षित आश्रय थियो। बार्धक्यतिर उक्लिँदै गर्नुभएका हेमराज विधुर हुनुहुन्थ्यो। पार्टीप्रतिको उहाँको भावना कति उच्च र पवित्र थियो भने गाउँ कमिटी बनेपछि लेभीको कुरा हुँदा हाइस्कुलमा हेडसरका रूपमा कार्यरत कमरेडले दिएको महिनाको रु. ७५ (जो त्यतिबेलाको हिसाबमा आफैँमा उच्च रकम थियो) भन्दा बढी ८० रुपैयाँको लेभीको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। हरेक महिना कहाँकहाँबाट पैसा जुटाएर समयमै तिर्नुहुन्थ्यो। छोराहरू बाहिर पढ्न गएका बेला घरको भातभान्सा लगायत सबै काम आफैँ सम्हाल्नुहुन्थ्यो।

छोरा किशोर पछि गुल्मी जिल्ला कमिटीको नेताका रूपमा स्थापित हुनुभयो। बुहारी सावित्रा पनि पार्टी नेतृ हुनुहुन्छ। अर्का छोरा रमेश र छोरी कविता पनि सक्रिय थिए।

ऋषि आजाद, तीर्थ आचार्य, टानबहादुर पाण्डे, पछाइँ बन्धुहरू (अमिले), धर्म सर, गङ्गा म्याडम र चुरामणि भुसाल (छेँडाठाँटी), नारायण सन्तोषी (काउले), श्री र विष्णुमाया उपेक्षित, दिल सर, प्रदीप शाह र माधव पन्थी (छत्रगन्ज), कृष्ण पन्थी र ध्रुव पाण्डे (बल्कोट), घनश्याम ज्ञवाली लगायत ठूलाखर्कको लगभग सिङ्गै गाउँ सेल्टरका रूपमा प्रयोग गरिन्थे। खिदिम गणेश गौतम, जयप्रकाश किसान र टेकराजजीको घर पनि अत्यधिक प्रयोग हुन्थे।

एकपटक किसानजीको घरबाट निस्केर कमरेड विष्णु पौडेल र मैले दुर्गा खोलामा धेरै बेर नुहायौँ। भोकले पेटमा मुसा दौडिन थाले। कुखुरे देउरालीको एउटा पसलमा चना पकाएर राखेको रहेछ, मगायौँ। मैले त खुरुखुरु खाएँ, विष्णु कमरेडले भने ओल्ट्याङ–पल्ट्याङ गर्न थाल्नुभयो। ईश्वर पोखरेलले जहिल्यै प्रयोग गर्ने थेगो 'नाकनिकेका भागमा झुसिल्किरा' सापटी लिएर उहाँलाई जिस्क्याउँदै थिएँ, नभन्दै उहाँको प्लेटमा त भुँडी पल्टाएको मृत बिच्छी पो फेला पऱ्यो ! उहाँले त एकदाना खानुभएको थिएन, मलाई भने खाएको उल्टी गरुँ कि के गरौँ भयो। दिनभरि दिगमिग भइरह्यो।

खनदहमा जनार्दन खनाल र जीवन चौहानको घर त्यस्तै ज्यादै प्रयोग हुने सेल्टर थिए। एकपटक हामीले जनार्दनका घरमा लामो प्रशिक्षण कार्यक्रम सञ्चालन गरेका थियौँ। आमाले असाध्यै ठूलो सहयोग गर्नुभएको थियो।

कुर पूर्वे दाइ (मेघनाथ चुँदाली) को घर मैले अत्यधिक प्रयोग गरेको सेल्टरमध्ये पर्छ। उहाँ निम्नमध्यम किसान परिवारको हुनुहुन्थ्यो। तर हामी जति जना, जतिबेला र जहिले गए पनि उहाँको घर हाम्रो स्वागतका लागि तम्तयार हुन्थ्यो। अनेमसङ्घको पहिलो सम्मेलन पनि हामीले यहीँ गरेका थियौँ।

पवित्रा दिदी र कृष्ण पौडेल, डिल्लीराज गैरे, ऋषिकेशव घिमिरे र भाउजू, नारायण श्रेष्ठ, नेत्र क्षेत्री, गोबर्द्धन थापा लगायत साथीहरूका घर अहिले पनि मानसपटमा सिनेमाका दृश्यझैँ घुमिरहन्छन्।

**डेरामा आश्रय दिने शिक्षक र कर्मचारीहरू**

साढे १० वर्ष लामो भूमिगत जीवनमा धेरै शिक्षक र कर्मचारीका डेराहरूले मलाई सुरक्षित सेल्टर दिए। डा. विधान पौडेल र डा. बाबुकाजी श्रेष्ठ (त्यतिबेला हेल्थ

असिस्टेन्ट) को डेरा (मजुवा), नारायण आचार्यको डेरा (तम्घास), गणेश तिमिल्सिनाको डेरा (मजुवा), मुक्ति ढकालको कोठा (शान्तिपुर), छायादत्त वाशिष्ठ र गोपाल पन्थीका कोठा (वामीटक्सार), भीमकान्त ज्ञवाली, नेत्र थापा, गिरिबहादुर कुँवरहरूका कोठा (ठूलो लुम्पेक), अनि कविराज रेवती पौडेलको डेरा (पूर्तिघाट) लगायतले हामीलाई सम्पर्क सूत्र निर्माण, आउँदा–जाँदा खान–बस्न र चिठीपत्र आदान–प्रदानमा ठूलो गुन लगाएका छन्। अहिले प्रतिनिधिसभा सदस्य र पार्टी पोलिटब्युरो सदस्य रहेका सूर्य थापालाई मैले नरेन्द्र क्षेत्री सरको हंशपुरको डेरामा पहिलो चोटि साना, तेजतर्रार र सम्भावनायुक्त विद्यार्थीका रूपमा भेटेको थिएँ।

**चैतमा बहुदल, जेठमा खुला**

सुरुमा आन्दोलन खासै उठाउन नसकिए पनि चैत लागेपछि भने बिस्तारै माहौल उठ्दै गयो। चैत १० गते अर्घातोषमा विशाल जुलुस प्रदर्शन र सभा भयो, गाउँगाउँमा आन्दोलनको आँधी उठ्न सुरु भयो। सदरमुकाम वरिपरि रातिमा मसाल जुलुसहरू निस्कन थाले, रुख–रुखमा काला झण्डा झुण्डिन थाले। म नेत्र ढुङ्गानाको घरमा बसिरहेको थिएँ। आमा असाध्यै स्नेही हुनुहुन्थ्यो। राति ११ बजे रेडियो नेपालले राजाद्वारा पार्टीमाथिको प्रतिबन्ध हटाइएको घोषणा सुनायो। हामीले राति नै खुसीयाली मनायौँ। भोलिपल्ट खुला मञ्चमा विशालसभा भयो।

पञ्चायतको पूर्ण अन्त्य भएको थिएन, मनको संशय मेटिएको थिएन। त्यसैले म केही समयसम्म आफ्नो सार्वजनिक पहिचान सहित प्रस्तुत भइनँ। वैशाख दोस्रो साता कमरेड केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा सम्पन्न जिल्लास्तरीय भेलाको अध्यक्षता पनि जिल्ला कमिटी सचिव 'सुबोध' का रूपमा गरेँ।

तर यो अलमल लामो समय रहिरहन सम्भव थिएन। मुलुक नयाँ राजनीतिक कोर्समा गइसकेको थियो। पार्टीका सबै नेताहरू खुला भइसक्नु भएको थियो। २०४७ जेठ ६ गते नेकपा (मसाल) ले आयोजना गरेको सहिद टङ्क भुसाल स्मृति दिवसको कार्यक्रममा पार्टी प्रतिनिधिका रूपमा मैले बोल्ने तय भयो। त्यस दिन बिहान घटित रमाइलो घटना अहिले पनि सम्झिरहन्छु।

उही हिमाली कटेजमा बसिरहेका थियौँ। रामजी घिमिरे साथमै हुनुहुन्थ्यो। उहाँले 'एकछिन पछि तपाईंको नाम सार्वजनिक भइहाल्छ, त्यसैले अहिल्यै भन्नूस् न' भनेर निकै जोड गर्नुभयो। धेरै कर गरेपछि मैले ठट्टैठट्टामा 'भनूँ त ?' भनेर सोधेँ र 'मेरो नाम विनोद घिमिरे' हो भनेँ। आफ्नो प्यारो कमरेड आफ्नै थरको रहेछ भन्ने सुनेर उहाँ तीन

छक्क पर्नुभयो र 'साँच्चै !' भन्दै उफ्रिनु भयो। मलाई भने ठट्टामै सही, यसरी नढाँटेको भए हुने, उहाँको भावनामा चोट पुऱ्याएँ कि भन्ने लाग्यो। पछि उहाँ अलिकति खिन्न देखिनुभयो।

त्यसै दिनदेखि मेरो झण्डै साढे १० वर्ष लामो भूमिगत यात्रा समाप्त भयो।

**सेल्टर अर्थात् आमाहरू**

सेल्टरको निर्माण र व्यवस्थापन आफैँमा चुनौतीपूर्ण विषय थियो। निरङ्कुश तानाशाही शासन व्यवस्थामा, प्रशासनले टाउकाको मूल्य तोकेका र भेटे 'इन्काउन्टर' गर्ने ती अँध्यारा दिनमा, नाम, थर, ठेगाना केही थाहा नभएका नेकपा (माले)का नेता–कार्यकर्तालाई सुरक्षित रूपमा लुकाउनु, उनीहरूको खानपिन, दिसापिसाब र स्वास्थ्यको ख्याल राख्नु, त्यसका लागि छिमेकी, आफन्त र अन्य प्रियजनसँग पनि टाढिन तयार हुनु, कहिलेकाहीँ हप्तौँसम्म चल्ने बैठक, भेला र प्रशिक्षणको जोहो गर्नु, पार्टीका बहुमूल्य र गोप्य दस्तावेज एवं सामग्रीको राखनधरन गर्नु सामान्य भावना, निष्ठा, इमान्दारी र आँटले हुने विषय थिएन। प्रशासनले थाहा पाएमा आफैँले चरम यातनासहित जेल भोग्नुपर्ने अवस्था थियो, जसरी आफ्नो घरमा फेला परेका केशरमणिका कारण टेकराज खनालले चरम पीडा भोग्नुपरेको थियो। तर सेल्टरदाताले यी सबै कुरा झेलेर पनि हामीलाई लामो समय आश्रय दिनुभयो। चिन्दै नचिनेका व्यक्तिहरूको साथ लगाएर छोरी चेलीहरूलाई सङ्गठनको काममा पठाउनु भयो, घरको भण्डारघरको चाबी सुम्पनु भयो। हामीले घरमा पुगअपुग के छ भनेर सोधपुछ गरे पनि सघाउन सक्ने अवस्थामा थिएनौँ। उहाँहरूले गाँस काटेर हामीलाई खुवाउनु भयो, आफू नाङ्गै सुतेर पनि हामीलाई न्यानोमा राख्नुभयो। चाडबाडमा पाकेको मिठो मसिनो कमरेडहरू आएर खालान् भनेर राखिदिनुभयो। मिठा फलफूल र यदाकदा पाक्ने चामलको भात हामी आएकै बेला पकाएर खुवाउनु भयो। उहाँहरूका यी योगदानहरू अतुलनीय, अविस्मरणीय र स्तुत्य छन्।

त्यसो त, हामी पनि सेल्टरमा परिवारकै सदस्य भएर बस्यौँ। गोपनीयता जोगाउँदै घरका काममा सक्दो सहयोग गऱ्यौँ। भाँडा माझ्ने, तरकारी केलाउने, मकै छोडाउने, नानीहरूलाई पढाइदिने, उहाँहरू बाहिर काममा गएका बेला भित्र सरसफाइ गर्ने लगायत काममा सघाइलाग्यौँ। नानीहरू हामीलाई देखेर हुरुक्क हुन्थे र सेल्टरका ती नानीहरू पछि गएर असल स्कुलिङसहितका कार्यकर्तामा विकास पनि भए। घरायशी समस्या, झैझगडालाई सल्टाउन सहयोग गर्ने, हुर्केका छोराछोरीका लागि उपयुक्त जोडी खोजिदिने काम पनि पार्टी कामका अङ्गकै रूपमा विकास गऱ्यौँ। ज्वरो नाप्ने, सुई लगाउने, सामान्य औषधोपचार गर्ने, औषधि ल्याइदिने या उपचारका लागि सहजीकरण गर्ने काम

पनि गऱ्यौँ। रहँदाबस्दा सेल्टरदाता र भूमिगत कार्यकर्ताहरू एउटै परिवारका सदस्यसरह बन्यौँ। एउटा कार्यक्षेत्रबाट अर्को क्षेत्रमा सरुवा हुँदा भावुकता र पीडामा दुवैतिरबाट आँसु बगायौँ। हुन पनि फेरि भेट हुन्छ कि हुँदैन भन्ने टुङ्गो नभएको युगमा बाँचिरहेका थियौँ हामी त्यतिबेला।

मलाई सेल्टर र आमा पर्यायवाचीजस्तै लाग्छ। यद्यपि सेल्टर निर्माणमा सम्बन्धित घरका बुबासहित सिङ्गो परिवारको साथ र सहयोग हुन्थ्यो, तर हाम्रो संरक्षणमा मुख्य भूमिका आमाहरूले नै गर्नुभयो। उहाँहरूले गाँस काटेर पनि हामीलाई भोकबाट बचाउनु भयो। निःसन्देह, केही अज्ञानताले, केही चेतनाको अभावले, केही भ्रमले र केही हाम्रै बेढङ्गी तालले गर्दा कतिपय सेल्टरमा हामीले अपमान पनि भोग्यौँ। तर ती अपवाद थिए। सेल्टरदाताहरूको छाती आमाको जस्तै विशाल थियो।

ती दिन सम्झिँदा अहिले 'नोस्टाल्जिक' हुन्छु। कहिलेकाहीँ लाग्छ– एउटा पिठ्युँमा एउटा झोला भिरुँ र महिनौँ लगाएर ती सेल्टरहरूमा पुगूँ, आफू गोप्यरूपमा बसेका कोठाचोटा चहारुँ र आमाबुबाहरूसँग घण्टौँ बात मारुँ। यसो भन्दाभन्दै कतिपय आमाहरू, सेल्टरदाताहरू बितेर गइसक्नुभयो। मलाई ज्वाइँ बनाएर जोगाउने आमा लीलादेवी उपाध्यायसँग अन्तिम बेलामा भेट्न नसकेको पीडा अझै पनि मनमा चहऱ्याइरहन्छ। ●

# विगतका अनुभूति र अनुभव



मायानाथ अधिकारी
केन्द्रीय अनुशासन आयोग सदस्य

सुरक्षित सेल्टर र अनुशासित कार्यकर्ताका कारण नै प्रतिक्रियावादीको चरम दमनका बाबजुद जनताको काखमा पार्टीलाई सुदृढ, व्यापक र अनुशासित तुल्याउन सम्भव भयो। प्रतिकूल अवस्थामा पनि भूमिगत रूपमा पार्टीका महत्त्वपूर्ण बैठक, भेला, प्रशिक्षण, सम्मेलन, अधिवेशन र महाधिवेशन सम्पन्न भए। जनताको व्यापक समर्थन एवं पार्टीको पहलकदमी र नेतृत्वमा निरङ्कुश निर्दलीय व्यवस्थाबाट जनतालाई मुक्त गराइयो। अहिलेसम्म त लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता र समावेशी लोकतन्त्र समेत प्राप्त भएको छ। देशमा राजनैतिक अवस्थामा ठूलो परिवर्तन भएको छ तर जनताको जीवनमा अपेक्षाकृत परिवर्तन भइसकेको छैन। त्यो पूरा गर्नुपर्ने जिम्मेवारी छ।

यो परिवर्तन सानोतिनो प्रयासबाट भएको होइन। जनताको लामो र अथक सङ्घर्ष, नेता– नेतृत्वको सुझबुझकारी नेतृत्व र पहलकदमीका बलमा ठूलो उथलपुथलकारी आन्दोलनाबाट मात्र उपलब्धि प्राप्त हुन सम्भव भएको हो।

अहिले पार्टीमा लामो इतिहास बोकेका र सङ्कटमा पार्टी जोगाउन सतिसालझैँ उभिएका नेता र कार्यकर्ताको ठूलो पङ्क्ति छ। नयाँ युवाहरूको पङ्क्ति पनि पार्टीमा ठूलो छ। नेकपा (एमाले) मन पराएर ठूला समूहहरू पार्टीमा सामेल हुने क्रम निरन्तर बढिरहेको छ। हाम्रो पार्टीमा लाखौँको सङ्ख्यामा पार्टी सदस्य भइरहेका छन्। पुरानो पङ्क्तिले पार्टीको हिजोको सङ्घर्ष, पृष्ठभूमि र इतिहास बुझेको छ, थुप्रै भोगाइ र अनुभवका शृङ्खला छन् तर आजको परिस्थिति अनुसार अपेक्षाकृत प्रविधिमैत्री हुन सकेको छैन। नयाँ पुस्ताले प्रविधि बुझेको छ, देश दुनियाँका घटनाक्रमबाट क्षणभरमा नै अपडेट हुन सक्छ तर उसलाई पार्टीको इतिहास, अनुभव र सङ्घर्षको ज्ञान कम

छ। यसर्थ नयाँ पङ्क्तिलाई पार्टीको हिजोका अनुभव बुझाउनु जरुरी छ भने पुरानो पङ्क्तिलाई अहिलेको परिस्थिति अनुसार प्रविधिसँग जोड्नु आवश्यक छ। यसो हुन सक्यो भने पार्टीभित्र रहेको रिक्तता पूरा हुन सक्छ। नेकपा स्थापनाको ७५ वर्ष पुगेको हीरक वर्षका सन्दर्भमा 'सेल्टर' को प्रकाशन त्यसको एउटा महत्त्वपूर्ण कोसेढुङ्गा बन्न सक्ने र यसले पार्टीमा ऊर्जा दिन सहयोगी बन्न सक्छ भन्ने विश्वास छ। मैले काठमाडौँ, काभ्रे र सिन्धुपाल्चोकमा विगतमा बिताएका केही अनुभूति प्रस्तुत गरेको छु।

**काठमाडौँमा पार्टीलाई सेल्टर**

धादिङको गजुरीमा २०३४/३५ मा हाइस्कुल पढ्दादेखि नै वामपन्थी प्रभाव परेको, २०३५/०३६ को आन्दोलनमा सहभागी भएको, २०३६ सालमा बहुदलको प्रचारमा सक्रिय भएको र २०३७ सालबाट अनेरास्ववियुमा सङ्गठित हुँदै युथ लिगमार्फत नेकपा (माले)मा आबद्ध भएको हुँ।

२०४०/०४१ सालमा धनगढीमा रहँदा यज्ञराज बास्तोला लगायत कमरेडसँग सम्पर्कमा रहेको थिएँ। आईएस्सी (एजी) उत्तीर्ण भएपछि काठमाडौँ आएँ र रत्नज्योति बहुमुखी क्याम्पसको रात्रिकालीन कक्षा बिकममा भर्ना भएँ। पारिवारिक रूपमा आर्थिक व्यवस्थापनमा समस्या भएपछि बबरमहलस्थित महालेखा परीक्षकको कार्यालयमा नासुसरहको जागिरमा पनि आबद्ध भएँ। कलेजमा प्रारम्भिक कमिटीको कोषाध्यक्ष र युथ लिगको सचिवको जिम्मेवारीमा थिएँ। सुरुमा आफन्तकोमा बसेर काम गर्दै अघि बढेको थिएँ। पछि काठमाडौँमा हाम्रै सक्रियतामा अनेरास्ववियु गण्डकी सम्पर्क कमिटी गठन गर्‍यौँ। त्यसको कोषाध्यक्ष बनेँ।

काठमाडौँ आएपछि पार्टी सम्पर्कका क्रममा रामेश्वर फुयाल कमरेडसँग भेटघाट हुन थाल्यो। विद्यार्थी नेताहरू झलक गौतम, अनिरुद्र गौतम र रामप्रसाद ज्ञवालीहरूसँग भेटघाट सहकार्य बढ्दै गयो। २०४२ सालमा नै महेन्द्ररत्न क्याम्पस ताहाचलमा रामप्रसाद ज्ञवालीले म लगायत केही विद्यार्थी अगुवालाई कम्युनिस्ट युथ लिगको सदस्यता दिनु भई शपथ गराउनु भएको थियो।

मेरो क्रियाशीलता बढ्दै गयो। पार्टी, क्रान्ति र नेतृत्वप्रतिको मेरो विश्वास र भरोसा पनि परिपक्व बन्दै गयो। रामेश्वर फुयालमार्फत कमरेड सुरेन्द्र पाण्डेसँग कुरा पुगेछ। सुरेन्द्र पाण्डेले मलाई सम्पर्क गर्नुभयो र उहाँले एक जना कमरेडसँग मिलेर छुट्टै कोठामा बस्ने र पार्टीलाई सेल्टर दिने प्रस्ताव राख्नु भयो। मैले उहाँको भनाइलाई प्रस्ताव होइन, निर्देशनका रूपमा ग्रहण गरेँ र सहर्ष स्वीकार गरेँ। मैले पनि आफन्तको बसाइबाट

मुक्त भएर पार्टीलाई सहयोग गर्न चाहन्थेँ। ममा क्रान्ति जतिसक्यो छिटो पूरा गर्न पाए हुन्थ्यो, क्रान्ति कति वर्ष वा समयमा सम्पन्न गर्न सकिएला ? प्रतिक्रियावादीको दमन, अत्याचारको त्यो अँध्यारो युगबाट जनतालाई मुक्त गरी कति छिटो उज्यालो भविष्यतर्फ जनतालाई लान सकिएला भन्ने हुटहुटी जागेको थियो। यस्तो बेलामा उहाँको प्रस्ताव मेरा लागि जेलबाट मुक्त भएजस्तो महत्त्वपूर्ण मोड बन्न पुग्यो।

म र कुलबहादुर आचार्य मिलेर काठमाडौँको त्यौडमा पार्टीका लागि सेल्टर दिने सहमति भयो। यो भेटभन्दा पहिला मैले कुलबहादुर आचार्यलाई चिनेको थिइनँ। उहाँ दूरसञ्चारमा काम गर्नु हुँदोरहेछ। उहाँसँगको भेटमा मैले असल, इमान्दार र परिपक्व अभिभावक पाएको महसुस गरेँ।

हाम्रो कोठामा कमरेड मदन भण्डारी, माधव नेपाल, अमृत बोहरा, जीवराज आश्रित, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने लगायतका नेता कमरेडहरूको आवतजावत हुन्थ्यो। यस बाहेक पार्टीका अन्य महत्त्वपूर्ण कमरेडहरू पनि आउनुहुन्थ्यो। एक किसिमले यो केन्द्रीय सेल्टरका रूपमा नै थियो। मध्य–उत्तर र उपत्यकाको जिम्मेवार भएको नाताले माधव नेपाल नियमितजसो र अन्य कमरेडहरू बेलाबखत आउनुहुन्थ्यो। भुइँतलामा ताप्लेजुङका खड्ग साम्सुहाङ बस्नुहुन्थ्यो। उहाँको कोठामा प्रदीप नेपाल लगायतका नेताहरूको आवतजावत हुन्थ्यो। सेल्टरमा गरिने महत्त्वपूर्ण काम कुलबहादुर आचार्यले गर्नुहुन्थ्यो, मैले सघाउँथे।

हामी बसेको सेल्टरको निश्चित आचारसंहिता थियो। कडा अनुशासन र गोपनीयतामा रहनु पर्थ्यो। गल्ली–गल्लीमा शत्रुका जासुसहरूको निगरानी हुन्थ्यो। तिनका आँखा छलेर हामी तमाम काम गर्थ्यौं। सेल्टरमा अनुमति बेगर कसैलाई ल्याउन र कोठा देखाउन नपाइने अवस्था थियो। म रात्रिकालीन कलेज पढ्ने प्राकको नेतृत्वदायी जिम्मेवारीमा थिएँ। क्याम्पस युथ लिगको सचिव थिएँ। अफिसमा काम गर्थें। मैले सङ्गठनका, अफिसका र कुनै आफन्तलाई कोठामा लगिनँ। मेरो कारणले कतै कमजोरी नहोस् भन्नेमा म सजग थिएँ।

यति नै बेला एक दिन महङ्गीविरोधी आन्दोलनमा मलाई प्रहरीले असनबाट गिरफ्तार गऱ्यो र एक रात राखेर छोडिदियो। त्यसको अलिक समयपछि मेघालयबाट खेदिएका नेपालीहरूको पक्षमा आन्दोलन गर्दा क्षेत्रपाटीबाट पोषणराज सुवेदी, रामप्रसाद खनाल सहित मलाई फेरि गिरफ्तार गऱ्यो र हनुमान ढोका खोरमा कडा यातनाका साथ ६० दिन राखेको थियो। रामप्रसाद खनाल र पोषणराज सुवेदी रत्नज्योतिकै आईकमका विद्यार्थी हुनुहुन्थ्यो। हामीलाई हनुमानढोका खोरमा यातनाका साथ राख्दा झूटा मुद्दामा

फसाउने षड्यन्त्र थियो। हामीले जनपक्षीय उम्मेदवार पद्मरत्न तुलाधरका प्रचारक र अनेरास्ववियु (एकताको पाँचौं) का कार्यकर्ता भनेर परिचय दिएका थियौँ। पद्मरत्न तुलाधरको चुनाव प्रचारमा हामी दक्षिणकालीको छैमलेसम्म पुगेका पनि थियौँ। ६० दिनको खोरको बसाइपछि हामीलाई तारेखमा छोडियो। भूमिगत सेल्टर नखुलोस् भनेर विद्यार्थी नेताहरू झलक गौतम र अनिरुद्र गौतमको सहयोगमा केही दिन म नरदेवी होस्टेलमा बसेँ। त्यसपछि आफ्नो नियमित काममा सहभागी बनेँ।

यो घटनाको केही समयपछि कुलबहादुर आचार्यको कीर्तिपुर मच्छेगाउँ निवासी गौरी विष्टसँग विवाह भयो। हामी त्यहाँको कोठा छोडेर मैतीदेवी सऱ्यौँ। गौरीजी असाध्यै मिलनसार र भद्र हुनुहुँदोरहेछ। मलाई उहाँहरूसँगको बसाइ आफ्नै घरमा बसेको भन्दा फरक लागेको थिएन।

कमरेड कुलबहादुर आचार्यको परिपक्व अभिभावकत्व, नेता कमरेडहरूको नियमित आवतजावत र उहाँहरूको असल आचरण व्यवहार अनि मेरो क्रान्ति र पार्टीप्रतिको हुटहुटीले पार्टीले मलाई भूमिगत पूर्णकालीन बनाउने निर्णय गऱ्यो। माधव नेपाल र कुलबहादुर आचार्यले मैतीदेवीको कोठाबाट बिदाइ गर्नुभयो। युवराज कार्कीले मलाई पूर्णकालीन भूमिगत कार्यकर्ताका रूपमा काभ्रे लैजानुभयो। त्यसपछि यता ३६ वर्ष बितेछ। अनेकौँ आरोह/अवरोह पार गर्दै म पार्टीप्रति निष्ठा, त्याग र इमान्दारीपूर्वक लागिरहेको छु।

## काभ्रे र सिन्धुपाल्चोकमा काम गर्दा

काठमाडौँको मैतीदेवीमा सेल्टर दिँदादिँदै म काभ्रेमा भूमिगत भएर हिँडे। कमरेड युवराज कार्की पार्टीको सिनियर जिम्मेवार कमरेड हुनुहन्छ भन्नेसम्म त थाहा थियो तर उहाँ मध्य–उत्तरको सचिव र काभ्रे जिल्लाको पनि सचिव हुनुहुन्छ भन्ने थाहा थिएन। त्यस्तो विषय सोध्ने कुरा पनि हुँदैनथ्यो। युवराज कार्कीसँग बनेपामा केही समय शीला कतिलाकोमा सम्पर्क गर्दै बेलुका हामी मण्डनको महादेवस्थान विदुर सापकोटाको घर पुग्यौँ। पूर्वनिर्धारित योजना सायद बनेको थियो होला, त्यहाँ कृष्णप्रसाद सापकोटा (नयाँगाउँ), केदार नेपाल (चण्डेनी) र विदुर सापकोटा (महादेवस्थान) सहित भेला भयौँ। कमरेड युवराज कार्कीले इलाका पार्टी सक्रिय दल गठन गरेर मलाई सुरुमा ज्याम्दी र जैसिथोकको जिम्मा दिनुभयो। भूमिगत भएर जाँदासमेत म पार्टीको सदस्य थिइनँ। केही समयपछि नै मलाई गौरवपूर्ण पार्टी सदस्यता प्रदान गरियो र काभ्रे जिल्ला कमिटीमा सदस्यमा मनोनीत गरियो।

समयक्रममा हामीले काभ्रेको जिल्ला अधिवेशन भूमिगत रूपमा नयाँगाउँको पुच्छारमा वनभित्र धन्सारमा आयोजना गरियो। अधिवेशनमा जिम्मेवार कमरेडहरूको सहयोगमा मैले मूल व्यवस्थापकको जिम्मेवारी पूरा गरेको थिएँ। अधिवेशनले कमरेड युवराज सचिव र मलाई उपसचिवमा चयन गरेको थियो।

२०४६ भदौमा आयोजना भएको नेकपा (माले)को चौथो राष्ट्रिय महाविधेशनमा काभ्रेबाट युवराज कार्की र म प्रतिनिधिका रूपमा सहभागी भएका थियौँ। मदन भण्डारीलाई महासचिव बनाएको उक्त महाधिवेशनले संयुक्त जनआन्दोलनको कार्यनीति पास गरेको थियो। महाधिवेशनमा युवराज कार्की केन्द्रीय कमिटीको सदस्यमा छनोट हुनुभयो। त्यसपछि केही समय काभ्रेको पार्टीको नेतृत्व मैले गरेको थिएँ।

काभ्रे जिल्लामा म जिल्ला कमिटीमा सदस्य/उपसचिवको भूमिकामा भएपछि पार्टी कामका निम्ति मण्डनसहित जिल्लाका सबै भूभागमा जान सकिने अवस्था बन्यो। विभिन्न भूभागमा घुम्दा पार्टी निर्माणको क्रममा थुप्रै कमरेडहरूको घरमा सेल्टर लिइयो र गतिविधि गरियो। यहाँ कतिपयको नाम छुट्न पनि सक्छ, त्यसमा क्षमाप्रार्थी छु। यहाँ मैले मुख्य रूपमा प्रयोग गरेका सेल्टरसम्बन्धी सङ्क्षिप्त चर्चा गरेको छु।

काभ्रेमा रहँदा पार्टी नेता केशव बडाल र जिल्ला कमिटीमा सँगै काम गर्दा शिवबहादुर देउजा र माधव अधिकारीको महत्त्वपूर्ण समन्वय, सहयोग मैले प्राप्त गरेँ, यो अविस्मरणीय रहेको छ। जनगालमा रहेको उद्धव केसीको घरमा मैले लामो समय नै सेल्टर प्रयोग गरेको थिएँ। सानो, सचेत र सहयोगी परिवार थियो। शीला कतिलाको बनेपा बजारमा रहेको घर काभ्रेका सबै ठाउँबाट आउँदा मुख्य सम्पर्क थलोको रूपमा थियो। रघु वैद्य, केदार प्रधानहरूको सहयोग पनि अविस्मरणीय छ। पनौतीमा माधव अधिकारी र रामप्रसाद अधिकारीले जस्तै अप्ठ्यारोमा पनि पार्टीलाई सम्पर्क र सेल्टर दिनुहुन्थ्यो। पनौतीमै भीमसेन बस्नेत र अम्बुभवानी कार्कीकोमा मैले लामो समय सेल्टर लिएको थिएँ। रामहरि सुवेदी, विष्णुप्रसाद स्याउला र तुइँकाजी ताम्राकारको पनि सहयोगी भूमिका थियो।

चलाल गणेशस्थानको डेरीमा राजाराम सैजु जागिरे हुनुहुन्थ्यो। उहाँको कोठा पनि मैले कैयौँ पटक सेल्टरका रूपमा प्रयोग गरेँ। कुशादेवीमा किशोर थापा, रयालेमा कृष्णप्रसाद सापकोटा, दुङ्खर्कमा अर्जुन घिमिरे, मिदिनकोटमा प्रेमलाल भूर्तेल, काफ्लेथोकमा उद्धव काफ्ले, चुखावेसीमा सुकवीर लामा, शरमथलीमा रत्न उप्रेती र ठूलो पर्सेलमा नारायण पाण्डेले पार्टीलाई सेल्टर र सम्पर्क दिनुभएको थियो। ज्याम्दीमा शिक्षक शिव भूर्तेल, महादेवस्थानमा विदुर सापकोटा, नयाँ गाउँमा कृष्णप्रसाद सापकोटा,

डिलबहादुर तमाङ र ईश्वरी सापकोटाले महत्त्वपूर्ण सहयोग र सेल्टर दिनुभएको थियो। पछिल्लो समय ईश्वरी सापकोटाकोमा काभ्रेको त्यस क्षेत्रमा जाँदा मैले बढी सेल्टर प्रयोग गरेको थिएँ।

डेडीथुम्का माविका प्रधानाध्यापक भानुभक्त थपलियाको सहयोगलाई पनि स्मरण गर्नुपर्दछ। पलान्चोक घर भएका थपलिया सर महादेवस्थानमा बसेर विद्यालयमा सेवा गर्नुहुन्थ्यो। त्यतिबेला मीरा ध्वजु पनि सोही विद्यालयमा पढाउनुहुन्थ्यो। गोकुल बास्कोटा त्यस विद्यालयमा पढ्दै हुनुहुन्थ्यो। उहाँ मेरो कार्यकालमा राम्रो विद्यार्थी नेताका रूपमा विकास हुनुभएको थियो। उद्धव थापा अनेरास्ववियु काभ्रेको अध्यक्ष र कुशादेवीकै कमला अधिकारी अनेमसङ्घ, काभ्रेको सचिव हुनुहुन्थ्यो। पार्टीको आयोजनामा उहाँहरूको गोदावरीमा विवाह भएको थियो। विवाहपछि उद्धव थापा र कमला अधिकारीले पछिल्लो समय तिनपिप्लेमा बोर्डिङ खोल्नु भएको थियो। काभ्रेका पूर्वी गाउँहरूमा जान मलाई राम्रो सेल्टर बनेको थियो।

## जिल्लास्तरीय विद्यार्थी प्रशिक्षण

युथ लिगको काभ्रे जिल्लास्तरीय कार्यकर्ता प्रशिक्षण अनेरास्ववियु जिल्ला प्र्याक्सनको आयोजनामा भएको थियो। चलाल गणेशस्थानमा आयोजना भएको त्यस कार्यक्रममा जिल्लाभरका अगुवा कार्यकर्तालाई समूहमा बाँडेर ल्याउने जिम्मा लगाइएको थियो। पूर्ण भूमिगत र अत्यन्तै अनुशासित रूपमा आयोजना भएको यो कार्यक्रममा पार्टी जिल्ला सचिव युवराज कार्की, उपसचिव एवं विद्यार्थी इन्चार्ज म सहित जिम्मेवार कमरेडहरू प्रशिक्षणका लागि आमन्त्रित थियौँ।

युवराज कार्की र म पनौतीमा कार्यक्रममा सहभागी र अतिथिहरूलाई सम्पर्क गर्दै कार्यक्रमस्थल पठाउँदै थियौँ। पनौती चल्तीको व्यापारिक केन्द्र र प्रशासनिक रूपमा पनि बढी नै चियोचर्चा हुने ठाउँ थियो। यस्तैमा काठमाडौबाट अनेरास्ववियु जिल्ला प्र्याक्सनको एक सदस्यका बारेमा अध्ययन गर्नुपर्ने भनेर युवराज कार्कीलाई सूचना आयो। हामी दुईबीचमा कुरा भयो। ती व्यक्तिका बारेमा शङ्का भएपछि कार्यक्रममा सहभागी बनाउन नहुने निष्कर्षमा पुग्यौँ। ती शङ्का गरिएका व्यक्तिको नेतृत्वमा सहभागीको एउटा समूह आउँदै थियो। एकछिनमा ती व्यक्ति पनौती आइपुगे। युवराज कार्कीले उनलाई पार्टीले तपाईंसँग केही कुरा बुझ्नुपर्ने आवश्यक ठानेकाले आजको कार्यक्रममा सहभागी हुन नसक्ने जानकारी गराउनु भयो। उनका लागि त्यो निर्णय अप्रत्यासित थियो। उनी रन्थनिए। अप्ठ्यारो मान्दै फर्किए।

हाम्रो मनमा भने त्यो घटनाले अनेकौँ आशङ्का जन्मायो । कतै प्रशासनमा खबर पुगेर कार्यक्रममा हस्ताक्षेप त हुँदैन ? कतै तिनै कार्यक्रमस्थल खोज्दै आएर समस्या बनाउने त होइनन् ? हामीले यो विषयलाई अत्यन्त गोप्य राख्यौँ। सबै सहभागीहरू कार्यक्रमस्थल व्यवस्थित रूपमा आइपुग्नु भयो । हामी पनि पुग्यौँ। कार्यक्रमलाई योजना अनुसार नै व्यवस्थित गर्‍यौँ।

कार्यक्रमस्थलमा सबैको काम सिद्धिएपछि बेलुका अतिथि र सहभागीहरूलाई एक ठाउँमा जुटाएर सहिदको वीरताको घटना सुनायौँ। अनुशासन र गोपनीयताका नियमहरू सुनायौँ। सबै साथीहरू सुत्न गएपछि म र युवराज कार्की आजको दिउँसो घटना र भोलिको कार्यक्रमबारेमा लालटिनको मधुरो उज्यालोमा ढिलोसम्म समीक्षा गर्दै थियौँ। यत्तिकैमा सुतिरहेका एक जना सहभागी अत्तालिँदै चिच्चाए। हामीसँगै सुतेका सहभागी जर्‍याकगुरूक उठेर तल झर्न थाले। बीच तलामा सुत्नेहरू पनि लौ के भयो भनेर खलबल गर्न थाले। हामीले संयमतापूर्वक ती सबैलाई सम्झायौँ र साम्य पार्‍यौँ। के भएको हो भनेर छलफल गर्दा अर्धनिद्रामा लालटिनको मधुरो प्रकाशमा देखिएको कालो धब्बाबाट ती सहभागी आत्तिएका रहेछन्।

बिहान उठेर हाम्रो कार्यक्रम व्यवस्थित रूपमा अघि बढ्यो। घरबेटी कमरेडलाई दायाँबायाँ बुझेर आउन भनियो। वरपर बस्ती पातलो थियो। हाम्रो सेल्टर वनको छेउमा डाँडामा थियो। घरबेटी कमरेडले समस्या नभएको सूचना गर्नुभयो। हामीले कार्यक्रम व्यवस्थित रूपमा नै सम्पन्न गर्‍यौँ र कार्यक्षेत्रमा लाग्यौँ।

## रोशीपारि पार्टी सम्पर्क

त्यतिबेला काभ्रेका दूरदराज क्षेत्रमा पार्टी विस्तार हुँदै थियो। रोशीपारि रहेका गाउँहरूमा हाम्रो सम्पर्क भेटिएको थिएन। दाप्चा खनालथोकका खनालजीले पार्टी सम्पर्कका लागि म तपाईंलाई लिएर जान्छु भन्नुभयो। खनालजी पार्टीका समर्थक हुनुहुन्थ्यो। उहाँले रोशीपारि सङ्गठन विस्तार गर्न सकिने आधार बताउनु भयो। उहाँले खहरेपाँगुमा मीत लगाउनुभएको रहेछ। त्यही सम्बन्धलाई आधार बनाएर उहाँ र म खहरेपाँगु जान हिँड्यौँ।

साँझ रोशीपारिको गाउँमा पुग्यौँ। एकै घरमा ५–६ वटा दुहुना भैँसी, कति व्याउने पनि थिए। दही, मोही, दूध र घिउको पसारो थियो। तामाङको बाहुल्य बस्ती खहरेपाँगुमा खाना खाएपछि १५–१६ जना युवा र किसानहरूको जमघट भयो। तात्कालिक राजनीतिक अवस्था, परिवर्तनको आवश्यकता, पार्टी प्रतिबन्ध हट्नु पर्ने

र जनताको अधिकार बहाली हुनुपर्ने लगायतका विषयमा छलफल भयो। छलफल पछि १५ जनाको प्रगतिशील अध्ययन मण्डल गठन गरियो। भोलि बिहान हिँड्न लाग्दा साथीहरूले मलाई पनि मीत लगाउने प्रस्ताव गर्नुभयो। अनेक बहाना बनाउँदा पनि नमानेपछि विधिपूर्वक नै मीत लगाइयो। मैले मेरो पार्टीको नाम सागर भए पनि विकास केसी, पनौती इन्द्रेश्वर माविको शिक्षकका रूपमा परिचय दिएको थिएँ। यसरी रमाइलो गर्दै हामी फर्कियौँ।

## भूमिगत जीवनमै विवाह

पार्टी जीवनको पहिलो मोड भूमिगत भएर लाग्नु र दोस्रो मोड विवाह थियो। विवाहले पनि राजनीतिक जीवनमा ठूलो प्रभाव पार्न सक्थ्यो। सुदूर भविष्यमा अवरोध गर्न सक्ने अजङ्का पहाडहरूलाई छिचोलेर अघि बढ्नु थियो। ती पहाडलाई छिचोल्न विवाह महत्त्वपूर्ण कोसेढुङ्गा बन्न सक्थ्यो।

घरबाट विवाहका लागि दबाब आउन थाल्यो। मैले यो विषयलाई पार्टीका नेता कमरेड युवराज कार्की, केशव बडाल र सुरेश कार्कीसमक्ष राखेँ। सुरेश कार्कीको पहलमा धादिङको तत्कालीन नलाङ गाविस महादेवस्थान निवासी इन्दिरा लम्सालको प्रस्ताव आयो। सुरेश कमरेडले काठमाडौँमा मोदनाथ प्रश्रितको कोठा डल्लुमा भेटघाटको प्रारम्भिक व्यवस्था मिलाए पनि त्यहाँ व्यवस्थित रूपमा कुराकानी हुन सकेको थिएन। उहाँकै योजना अनुसार विवाहका बारेमा कुरा गर्न म धादिङ गएँ। मलेखुमा मलाई राजेन्द्र पाण्डे सरको घर सम्पर्क दिइएको थियो। उहाँ त्यतिबेला जिल्ला पञ्चायत धादिङको जनपक्षीय सभापति हुनुहुन्थ्यो तर उहाँलाई व्यवस्थाविरोधी गतिविधिमा सक्रिय भएको भनेर जेलमा राखिएको थियो। म मलेखुमा ओर्लेर घर सोध्दै गएँ। घरकै अगाडि सडकमा सीता पाण्डे भेटिनु भयो। मैले सुरेश कार्की (एमटी)को हुलिया बताएँ, किनकि मैले उहाँलाई भेट्नु पर्ने थियो।

सीता पाण्डेले सहजै तपाईं घरमा गएर बस्नोस्, बिहान त यतै हुनुहुन्थ्यो म बुझेर आउँछु भनेर साथीहरूकोमा जानुभयो। २०३४–०३६ सम्म गजुरीमा राजेन्द्र सरले मलाई भूगोल पढाउनु भएको थियो र सीता पाण्डे पनि त्यतिबेला सायद विद्यार्थी हुनुहुन्थ्यो।

म घरको बरण्डामा गएर बसेँ। मेरो साथमा देशान्तर पत्रिका थियो। पत्रिका हेर्दै बसेँ। सीता पाण्डे आउनु भएन। एक जना अर्कै व्यक्ति आउनु भयो। सायद मेरो इन्क्वारीमा आउनु भएको थियो। मैले कीर्तिपुरको पाँगामा पढाउने शिक्षक भएको, राजेन्द्र सरसँग शिक्षक आन्दोलनमा परिचय भएको र पोखरा जाने क्रममा परिवारसँग

भेटघाटलाई यहाँ पसेको भनेर जवाफ दिएँ। मेरो भनाइ, हाउभाउ सबै अध्ययन गरेछन्, कम्युनिस्ट जस्तो लागेनछ। यो व्यक्ति त सीआईडी हुन सक्छ, राजेन्द्र सर जेल हुँदा यहाँ भेटघाटको के जरुरत थियो भनेर सीता पाण्डेलाई गएर उल्टो कुरा लगाएछन्।

मलाई बस्न लगाएर गएकी सीता पाण्डे घन्टौँ बित्दा पनि फर्किनुभएन। साना छोराहरूले 'अङ्कल ! रात पर्‍यो, कोठाभित्र आउनोस्' भनेर बोलाए, लालटिन बालेर उज्यालो बनाए। एकछिनपछि चर्को स्वर निकाल्दै सीता पाण्डे आउनु भयो। मैले बिहान तपाईंलाई भनेको खबर के छ त भनेर सोध्दै थिएँ, उहाँ त्यहाँ नअडीकनै 'खोई त्यो एमटी त म चिन्दिनँ, मदन तामाङ पो रहेछ। तपाईं अब यहाँ बस्न पनि उपयुक्त छैन, आफ्नो व्यवस्था गर्नूस्' भन्नु भयो। मैले डराएको अनुभूति गरेँ। मैले भनेँ, 'राजेन्द्र सर भए चिन्नुहुन्थ्यो। तपाईंले पनि त चिन्नुपर्ने नि। नडराउनूस्। म खराब मान्छे होइन। साथीहरूले तपाईंलाई गलत सूचना दिए। समय आएपछि फेरि भेट होला, त्यतिबेला थाहा पाउनु हुनेछ। काम नभएपछि म किन बस्नु पर्‍यो र ? म जान्छु। नाइट बसमा काठमाडौँ फर्कन पनि सकिन्छ।' बिहान भेट हुँदा सुरेश कार्की (एमटी) चिन्छु भन्ने, त्यत्रो समय कुराएर साँझ आएर मलाई थाहा छैन भन्दा मलाई अलिकति चित्त पनि दुख्यो। तैपनि मैले संयमित भएर कुरा राखेँ र बिदा भएँ। म जे उद्देश्यले आएको थिएँ, त्यो काम नहुने भयो, सम्पर्क नै हुन सकेन। नजिकैको होटलमा बुझेँ, खान बस्न ठाउँ रहेछ। रातको बेला जानुभन्दा बिहान जानुपर्ला भनेर त्यहीँ बस्ने निधो गरेँ।

म होटलमा खाना खाएर बास बस्ने योजनामा लागिरहेका बेला सूचना आयो, 'तपाईं माथि घर आउनोस्।' 'नचिन्ने ठाउँमा किन जाने ? म आउन्न' भनेँ। पछि राजेन्द्र पाण्डेका भाइ उपेन्द्र पाण्डे मलाई लिन आउनु भयो। 'आज रिचोकटारमा प्रहरीले दुई जना किसानलाई पकडेर गजुरी लगेको, हुलियाका आधारमा धेरैलाई वारेन्ट गरेको र सुरेश कार्कीलाई पनि मैले धादिङबेसीतिर पुर्‍याएर आएको, मीनराज कँडेल (कैलाश) पनि तल झर्न सक्नु भएनछ, आजै भएको पुलिस आतङ्कका कारण घरमा सीआईडी पो आयो कि भन्ने शङ्का भएछ। अप्ठ्यारो नमान्नूस्, जाऔँ' भनेर जिद्दी गर्नुभयो। सुरुमा त मानिनँ, पछि मीनराज कँडेल (कैलाश) पनि आउनु भएको छ भनेपछि र घटना विवरण सुनेपछि कन्भिन्स भएँ। उहाँसँगै गएँ। नभन्दै मीनराज कँडेल आउनु भएको रहेछ। चौथो महाधिवेशनमा उहाँसँग भेट भएको थियो। सीता पाण्डे अप्ठ्यारो मान्दै भित्रबाहिर गर्नुभयो। मैले विषयलाई सहज बनाउने काम गरेँ। मीनराज कँडेलले सुरेश कार्कीको पत्र दिनुभयो। त्यहाँ सबै उल्लेख भएको थियो। भोलि बिहान नलाङ जाने योजना बन्यो।

भोलिपल्ट मलाई एक जना बाटो देखाउने मान्छेको जिम्मा लगाइयो। उहाँसँगै नलाङ पुगेँ। त्यहाँ सुरेश कार्की आउन सक्नु भएन। तत्कालीन इलाका सचिव उत्तम कँडेलको उपस्थितिमा हाम्रो विवाहसम्बन्धी छलफल भयो। इन्दिरा लम्साल २०४५ सालको पार्टी सदस्य हुनुहुँदो रहेछ। उहाँको घर पार्टीको पुरानो सेल्टर रहेछ। अनेमसङ्घ धादिङको जिल्ला सदस्यका रूपमा क्रियाशील उहाँको साना किसान सहकारी, छत्रे देउरालीमा जागिर पनि रहेको कुरा पछि मात्र थाहा भयो। केही समयपछि सुरेश कार्कीकै उपस्थितिमा थप छलफल भयो र विवाह गर्ने निधो भयो।

मध्य–उत्तर क्षेत्रीय कमिटीको आयोजनामा धादिङको नलाङमा अत्यन्त कम खर्चमा भूमिगत रूपमा २०४६ जेठ २ गते हाम्रो विवाह भयो। मध्यउत्तर र धादिङका अगुवा नेता र कार्यकर्ताको उपस्थितिमा सम्पन्न भएको विवाहमा खिचिएका सबै फोटा नेताहरूको सुरक्षाका कारण नष्ट गरियो। यसपछि ३४ वर्ष बिते। अनेक आरोह–अवरोह पार गर्दै पार्टीले जोडिदिएको जोडी इमान्दारी र निष्ठापूर्वक क्रियाशील भइरहेका छौँ।

काभ्रे जिल्लाबाट २०४६ माघमा मेरो सिन्धुपाल्चोकको सचिव र बागमतीको सदस्यको जिम्मेवारीमा सरुवा भयो। सिन्धुपाल्चोक चौतारामा सुभाष कर्माचार्य र कृष्णराज श्रेष्ठ, सिपापोखरेमा रामप्रसाद नेपाल र झम्क नेपाल, मेलम्चीमा राधाकृष्ण श्रेष्ठ र धर्मकृष्ण श्रेष्ठ, तालामराङमा डम्बर अर्याल र बालकृष्ण देउजा, चनौटेमा हस्त पण्डित र थाङपालधापमा माधव पाण्डेले पार्टीमा सेल्टर दिनुभएको थियो। काठमाडौँमा शेरबहादुर तामाङ र उद्धव भट्टराई, खाडीचौरमा सरेश नेपाल, टेकानपुरमा जगतबहादुर बोहरा, पिस्करमा छत्रबहादुर बोहरा र चोकटीमा मेघनाथ पौडेलले सेल्टर दिनुभएको सम्झन्छु। पिस्कर क्षेत्र लगायत जलवीरे, पाखर र अत्तरपुरमा पनि पार्टी सम्पर्क गतिविधि हुन्थ्यो र कमरेडहरूले सहयोग गर्नुभएको थियो। पिस्कर क्षेत्रका थामी र दलित समुदायको पार्टीप्रतिको समर्थन र भरोसा उल्लेखनीय थियो।

म सिन्धुपाल्चोक रहँदै गर्दा आन्दोलनको तयारीको समय थियो। देशभर फासिष्ट तानाशाही व्यवस्थाको विरुद्ध संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेस मिलेर संयुक्त जनआन्दोलन गर्ने सहमति बनिरहेको थियो। सुरुमा पार्टी सङ्गठनमार्फत आन्दोलनकै तयारीमा लागियो। फागुन ७ बाट संयुक्त आन्दोलनको सुरुआत हुँदै थियो। काठमाडौँको न्युरोडको पीपलबोटबाट संयुक्त जुलुस निकाल्ने योजना थियो। हामी बागमतीका जिम्मेवार कमरेडहरू बसन्तपुर नजिकको कोठामा सल्लाह गर्दै थियौँ। म र केशव बडाल फागुन ७ गते न्युरोड पीपलबोटबाट निस्किएको जुलुसमा प्रत्यक्ष सहभागी भयौँ। जुलुस न्युरोड, जुद्ध सडक, इन्द्रचोक, किलागल, भोटाहिटी,

रत्नपार्क, बागबजार, पुतलीसडक, सिंहदरबार हुँदै त्रिपुरेश्वर गएर टुङ्गिएको थियो। असाध्यै जोसिलो र आक्रामक जुलुसलाई भाँड्न किलागलमा तत्कालीन बागमती अञ्चलाधीश नरेन्द्रकुमार चौधरी नै निर्देशन दिन सडकमा उत्रिएका थिए। प्रशासनको चर्को दमनबीच किलागल, भोटाहिटी, बागबजार र पुतलीसडकमा प्रहरीसँग झडप भएको थियो। मूल जुलुस सकिएपछि हामी कोठामा फर्कियौँ। देशैभरि आन्दोलनको सुरुआत भयो। काठमाडौँ उपत्यकामा रातभर नै गल्ली–गल्लीमा जुलुस भइरहे। हामीलाई पार्टीले जिल्लामा नै केन्द्रित हुन निर्देशन अनुसार जिल्ला केन्द्रित भयौँ। आखिर आन्दोलनले सफलता प्राप्त गऱ्यो। दलमाथिको प्रतिबन्ध हट्यो। जनताका मौलिक अधिकार बहाल भए। राजा संवैधानिक बने।

हाम्रो पार्टीलाई खुला रूपमा लाने कि मोर्चाको माध्यमबाट जाने बहस पनि पार्टीमा थियो। सीपी मैनालीहरू मोर्चामार्फत जनताको बीचमा जाने कुरा गरिरहनु भएको थियो। जननेता मदन भण्डारीले 'पार्टीलाई खोपाको भीमसेन बनाउने होइन, जनताको बीचमा खुला रूपमा लगेर प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्नुपर्छ' भनेर कन्भिन्स गर्नुभयो। यसरी जनताको बीचमा खुला रूपमा उपस्थित हुने परिस्थिति बन्यो। ●

# सङ्घर्ष, स्वयंसेवक र सेल्टर



मुकुन्द न्यौपाने
स्थायी कमिटी सदस्य

'हामी क्रान्ति कहिले सुरु गर्छौं, आरके ?'

'तिमी कति आत्तिन्छौ, त्यसै क्रान्ति हुन्छ ? धेरै कुरा मिलाउनु पर्छ ।'

आरके मैनालीको जवाफ यस्तो थियो । आरके/सीपीको कुरा चित्त नबुझेर मैले आफ्नो बाटो आफैँ खोज्नुपर्छ भन्ने ठानी २०२७ सालको दसैँ मानेर भद्रपुर छोडेँ । अनि, गौरादहतिर लागेँ ।

पहिलेदेखि नै जानपहिचान भएका मन मिल्दा साथीहरू गौरादह, दमक र मधुमल्लातिर थिए। मलाई भद्रपुरतिरका विद्यार्थीहरूभन्दा उनीहरूचाहिँ साँचो कम्युनिस्टजस्तो लाग्यो । गौरादह स्कुलमा डिल्लीप्रकाश घिमिरे र उमा रिजाल दुई जना शिक्षक थिए, जससँग मेरो घनिष्ठ सम्बन्ध थियो। उनीहरूकै सम्बन्धबाट म त्यहाँको हाइस्कुलका विद्यार्थीको सम्पर्कमा आएँ। युवराज कार्की नौ कक्षामा पढ्ने विद्यार्थी थिए । तिनलाई आफ्नो घनिष्ठ साथी बनाएँ र उनीमार्फत त्यहाँ विद्यार्थीको एउटा दस्ता बन्यो । मेरा केही आफन्तहरू ग्वालडुब्बामा खेतीपाती गरेर बसेका थिए । तीमध्ये मेरा काकाका छोरा उमानाथ न्यौपाने गाउँपञ्चायतको मुखिया थिए । म निरन्तर जुलुस र हडतालमा हिँडेको देखेर उनीहरू डराएका थिए र मेरो बाप्रतिको माया र ममताले गर्दा चिन्तित पनि थिए ।

मैले अन्तर्राष्ट्रिय नेताहरूले लेखेका किताब पढेको थिएँ, तर नेपालको कम्युनिस्ट पार्टीको कुनै पनि सामग्री देखेकोसम्म थिइनँ। ग्वालडुब्बा बस्ने निश्चित भएपछि मैले सानो गाउँले बजारको बीच भागमा एउटा काठको घरमा डेरा लिएँ। घर मालिक

त्यहाँ थिएनन्, गाउँतिर कतै खेतीमा बस्थे। घरको भाडा तिर्नु पर्दैनथ्यो। त्यस घरमा बस्न थालेपछि मैले गौरादह र गौरीगन्ज हाइस्कुलका विद्यार्थीहरूलाई त्यहीँ बोलाएर भेट्न थालेँ। त्यहाँ अब १५–२० जनाको जमघट हुन थाल्यो। त्यो बेला गौरीगन्ज हाइस्कुलमा विद्यार्थी युनियन थिएन। त्यहाँ युनियन निर्माण गर्ने कुरा उनीहरूसँग गरेँ। एक महिनामै त्यस आसपासका युवा विद्यार्थीहरू पचासौँको सङ्ख्यामा मेरो सम्पर्कमा आए। सबैलाई समेटेर सक्रिय कम्युनिस्ट दल बनाएँ। १५ वटाजति दलहरू प्रत्येक शनिबार गाउँ–गाउँमा चीन सचित्र, हुनानको किसान आन्दोलनजस्ता पुस्तक बोकेर क्रान्तिको प्रचार गर्न जाने निधो भयो। गौरादह स्कुलतर्फको नेतृत्व युवराज कार्कीको थियो। कोरोवारी– अजित राजवंशी र कालुराम राई, गौरीगन्ज– राम दहाल र जुरोपानी/ग्वालडुब्बा उद्धव शर्मा ढकाललाई जिम्मा दिएँ। म आफूले महारानी झोडाको पाटागाडा र आसपासको क्षेत्र लिएँ।

हामीभन्दा माथि हामीलाई निर्देशन दिने कुनै कमिटी थिएन। भद्रपुर छोडेपछि आरके, सीपीहरूसँगको सम्पर्क पनि टुटिसकेको थियो। झोडामा निरन्तर सुकुम्बासीको आन्दोलन हुँदै थियो। यसैबेला हाम्रो दबाबमा गौरीगन्ज हाइस्कुलमा स्ववियुको चुनाव भयो। अनेरास्ववियुको प्यानलले जित्यो र नेविसङ्घ हार्‍यो। गौरीगन्ज बजारका व्यापारी प्रायः काङ्ग्रेस रहेछन्। उनीहरूलाई गौरीगन्ज स्कुलमा कम्युनिस्टले जितेको सह्य भएन। यो २०२७ फागुनतिरको कुरा थियो। हाइस्कुलमा दिनहुँजस्तो मारपिट हुन थाल्यो। त्यहाँको व्यापारिक समुदायको एक जना काङ्ग्रेसीले बाहिरबाट गुण्डा ल्याएर कुटाउन थालेपछि हाम्रा विद्यार्थी स्कुल जान नसक्ने भए। मैले पनि ग्वालडुब्बामा हाम्रा सक्रिय दलका सबैको भेला बोलाएर गौरीगन्ज हाइस्कुलमा साथीहरूलाई सहयोग गर्ने र गाउँ–गाउँमा काङ्ग्रेसविरुद्ध अभियान चलाउने निर्देशन दिएँ। हाटबजार, बाटोघाटो, बस जहाँ काङ्ग्रेस भेटिन्छन्, त्यहीँ प्रतिवाद गर्ने भनेर टोली बनाएर हिँड्न थाल्यौँ। गौरादह, दमक, ग्वालडुब्बा, गौरीगन्ज आदि ठाउँमा हरेक बसहरू चेक गर्ने र उनीहरूलाई गाडीबाट उतार्ने कुरा भयो।

दमकको जिम्मा दार्जिलिङबाट ज्यान मारेर आएको गौतम राई भन्ने केटालाई दिइयो। ऊ हुल्लडबाज र मारपिटमा सक्रिय भएकाले नै हाम्रो सम्पर्कमा आएको थियो। हाम्रो अभियानले त्यो क्षेत्रमा एक प्रकारको आतङ्क सिर्जना गर्‍यो। मेला, हाटबजार जतासुकै मारपिट हुन थाल्यो। गौरीगन्ज हाइस्कुलका हाम्रा विद्यार्थीमाथिको उनीहरूको ज्यादती बढ्दै गयो। वरिपरिका बस्तीबाट अनेरास्ववियुका कुनै पनि विद्यार्थीलाई स्कुल प्रवेश बन्द गरे। २०२८ जेठ २७ गते शुक्रबारको दिन दिउँसो हाम्रा विद्यार्थी नेताहरू

अजित राजवंशी, कालुराम राई, देवराज वस्ती, भोजराज ओस्ती लगायत माथि स्कुलमै निर्घात कुटपिट गरे।

यो खबरले हाम्रो पङ्क्तिमा सनसनी फैलायो। शुक्रबार हामी मान्छे जम्मा गर्न लाग्यौँ। रातभरि झोडाका घरघर गयौँ। चार–पाँच सय मानिस जम्मा गरेर प्रत्येकले लाठो बोकेर गौरीगन्जतिर लाग्यौँ। बाटामा निस्कँदै गर्दा ग्वालडुब्बामा सीपी मैनाली भेटिए। उनी त्यसबेला मेची क्याम्पस स्ववियुका सभापति थिए। अनेरास्ववियुको केन्द्रीय सर्कुलर हाइस्कुलमा बाँड्दै आएका रहेछन्। मलाई पनि भेट्ने र गौरीगन्जको सर्कुलर पनि छोड्ने विचार रहेछ। उनले सर्कुलर निकालेर दिए। मैले यो पछि पढौँला, आज गौरीगन्जमा गुण्डासँग प्रतिकार छ, हिँड्नुहोस् भनेँ र एउटा लौरो हातमा दिएँ। उनले कुनै प्रतिक्रिया दिएनन् र लौरो हातमा लिएर हुलमा मिसिए।

हामी गौरीगन्ज पुग्दा मारपिट भइरहेको थियो। पहिलो भिडन्त मैरै टोलीसँग भयो। हाम्रो शक्तिसँग उनीहरू टिकेनन्, भागे। हामी गौरीगन्जबाट पारिको बजार महेन्द्रनगरतर्फ गयौँ। हाट बजारको दिन थियो। दसौँ हजार मान्छे किनमेलमा व्यस्त थिए। हामी पचास–पचासको जत्था बनाएर बसेका थियौँ। अचानक उत्तरतर्फ गोली चलेको आवाज आयो। त्यसको केही क्षणमै तीन सयजतिको लाठीधारी जत्थाले बजार तोडफोड र मारपिट मच्चाउन थाल्यो। मान्छेको भागाभाग र कोकोहोलो मच्चियो। जुन बाटोतिर जहाँ पनि लाठीधारी जत्थाहरू देखिन्थे। हामी घेरामा परिसकेको महसुस भयो। हामीलाई अघिल्लै दिन साथीहरूले भारतबाट ६ सय लाठीधारी ल्याएर गोदाममा राखेका छन्, भात पाकिरहेको छ भनेर रिपोर्ट गरेका थिए। तर हामीले त्यसलाई गम्भीरतापूर्वक लिएका थिएनौँ।

म बिहान चार बजे त्यहाँ पुगेको हल्ला महारानी झोडावरिपरि फैलिएछ। शनिबार बजारमा यहाँका पनि धेरै मानिसले कुटाइ खाएका रहेछन्। मिर्मिरे उज्यालो नहुँदै मलाई हेर्ने मानिसको भीड लाग्न थाल्यो। मान्छेहरू उत्तेजित र आक्रोशित थिए। दिउँसोतिर गौरादह र ग्वालडुब्बाबाट पनि मानिस हेर्न आए। उनीहरूले मलाई भने– ‘हामी भोलि गौरीगन्ज बजारमा आक्रमण गर्छौं। तोपगाछी, बैगुन्धरा, गौरादह, चप्रामारी, जुरोपानी, महाभारा, कोरोबारी जतासुकैका मान्छेले पिटाइ खाएका छन्। मान्छे आक्रोशित छन्, हामी भाला, बन्दुक सबै लिएर जान्छौँ।’ मैले ‘साथीहरूसँग सल्लाह गर्नूस्’ मात्र भनेँ। त्यसदिन मलाई हेर्न आउने–जानेको ओहोर–दोहोर मात्र रह्यो। सीपीहरू थुनामा परेको खबर आयो। जेठ ३० गते बिहानै हातमा लाठी बोकेका झोडाका किसान र तीर लिएका सतारहरू म बसेको ठाउँमा आए। उनीहरूले ‘हामी सबै ग्वालडुब्बामा जम्मा हुँदैछौँ,

चारैतिरबाट मानिस त्यहीँ जम्मा हुँदैछन्। आज हामी अस्तिको बदला लिएर आउँछौँ' भने। मैले हात हल्लाएर बिदा गरेँ। त्यस दिनभरि ग्वालडुब्बाबाट गौरीगन्ज बजारतर्फ गएका मानिसको हुलका बारेमा चर्चा भइरह्यो। कसैले ५० हजार भन्थे, कसैले ४० हजार। प्रायः सबैका हातमा लाठी थिए। बैगुन्धाराबाट आउने मानिसका हातमा बन्दुक थिए। केही मान्छेका हातमा भालाहरू पनि थिए। सतारहरू सबैले तीर बोकेका थिए। यस्तै–यस्तै अफवाहका बीच दिन बित्यो। ६ बजेतिर मानिसहरू फर्कन थाले। धेरैका हातमा पोका र सामग्रीहरू देखिन्थ्यो।

मेराअगाडि मानिसको भीड लाग्यो। उनीहरू जोसिएका थिए, कुरो सुनाउन उछिन–पाछिन गरिरहेका थिए। ती हुलहरूमा केही गौरादहका शिक्षकहरू थिए, जो मलाई विराटनगर अस्पताल लाने सल्लाह गरेर आएका रहेछन्। उनीहरूकै मुखबाट त्यहाँको घटना मैले यसरी सुनेँ– 'ग्वालडुब्वाबाट छुट्दा १५ हजारको जुलुस थियो। बीच–बीचमा मान्छे थपिँदै गए। भाला, खुकुरी, बन्दुक, तीर सबै प्रकारका हतियार थिए। 'मास' आक्रोशित थियो। कसैले नियन्त्रण गर्ने सम्भावना थिएन।

यो कुरो बेलुकै थानामा खबर पुगिसकेको रहेछ। बजारमा पनि ठूलो आक्रमण हुँदैछ भन्ने हल्ला चलेछ र मानिसहरू बेलुकैदेखि भाग्न थालेछन्। हामी १०–११ बजे पुग्दा बजार सुनसान थियो। घरमा ताला लागेका थिए। हतारमा भाग्दा कोही–कोहीले घरका ढोका खुल्लै छोडेर हिँडेछन्। कतिपय घरमा दूध तताउँदा तताउँदै छोडेर हिँडेका पाइयो। धेरै रक्तपात होला कि भनेर हामी डराएका थियौँ। लुटपाट हुन नदिन धेरै कोसिस गर्‍यौँ। मान्छेहरूले चिनी, मसला र केही ठाउँबाट कपडा पनि लुटे। मानिस नभेटेको आक्रोशमा उत्तेजित हुँदै मानिसहरू थाना घेर्न पुगे।

सीपी मैनालीलगायत त्यहाँ थुनिएकाहरूलाई 'मास' देख्नासाथ छोडियो। सीपीले छोटो भाषण गरेपछि मानिसहरूलाई फेरि बजारतिर लग्यौँ। बजारको बीचमा ठूलो भट्टी पसल थियो, मालिक पसल छोडेर भागेछ। मान्छेले सबै रक्सी अञ्जुलीमा थापेर खाए। मान्छे मिलहरूभित्र पसे। त्यहाँ पनि केही लुटपाट भयो। भारतका गाउँमा हमला गर्न जाने भनेपछि हामीलाई समस्या पर्‍यो। कसैको कुरो कसैले सुन्दैन। हामीले एउटा जुक्ति निकाल्यौँ– 'ए साथी हो, मान्छेहरू दूधे खोलातिर लुकेका छन् रे !' यति भनेपछि झोडातिर हामी कराउँदै कुद्यौँ। सबै मान्छे हाम्रो पछि–पछि लागे। समय पनि बित्दै गयो। मानिसहरू बिस्तारै मत्थर हुँदै गए। सीपी, गोपाल लामा र अरू घाइतेहरूलाई गौरादह पठाइयो। आज डिल्ली घिमिरेकोमा बसेर बिहानै विराटनगर जाने कुरा छ। गाडीको पनि बन्दोबस्त भइसक्यो। हामी तपाईंलाई लिन आएका हौँ।'

यसपछि मेरा निम्ति बयलगाडाको बन्दोबस्त गरियो र कृष्णप्रसाद सापकोटा, भोजराज बस्तीसँगै साँझ म गौरादहतर्फ लागेँ। म गौरादह पुग्दा करिब आठ बजेको थियो। उमा रिजाल पनि त्यहीँ थिए। त्यहाँ सीपी, गोपाल लामालगायत पाँच घाइते रहेछन्। सीपीको दाहिने हात भाँच्चिएको रहेछ, अगाडि निधारमाथिको भागमा ठूलो चोट थियो। कसैका टाउका र ढाडमा चोट थियो भने कसैका पिँडुला र हातमा चोट थियो। त्यहाँ पनि मानिसको भीड त्यत्तिकै थियो। कुरा सुन्दा लाग्थ्यो– यो दङ्गाले निरन्तर रूप लिन सक्छ।

गौरीगन्जदेखि शिवगन्जसम्मको केही दिनको बसाइपछि सायद साउनको मध्यतिर होला, राधाकृष्ण मैनालीको पत्र आयो– 'रामनाथ दहालकोमा आउनू।' माइवारी आउनुभन्दा अघि धेरै पटक रामनाथ दहालको घरमा पुगेको थिएँ। म एक्कासि साँझ रामनाथ दहालकोमा पुगेँ। त्यहाँ सीपी मैनाली पनि आएका रहेछन्। हामीलाई रामनाथकै घर पूर्व–उत्तरपट्टिको सानो सतार बस्तीमा लिएर गए। तिनीहरू रामनाथ दहालकै जमिनमा घर बनाएर बसेका रहेछन्।

भूमिगत बसेकाहरूको प्रायः बस्ने थलो त्यसैलाई बनाइएको रहेछ। रामनाथ दहालले 'तपाईंहरू मसँगै भोलि बेलुका यहाँबाट हिँड्नुपर्छ, हामी एउटा महत्त्वपूर्ण ठाउँमा जाँदैछौँ' भने। अरू केही भनेनन्। त्यसै अनुसार हामी मानसिकता बनाएर बस्यौँ। सीपीले मलाई 'अब कसरी क्रान्ति हुन्छ ?' भन्नेबारेमा नक्सलपन्थीहरूका तरिका बारेमा बताए। मलाई 'जमिन्दारको सफाया क्रान्तिको सुरुआत हो' भन्ने कुरा त्यति पचेन। तर, यो सर्वथा नयाँ कुरा भएकाले ममा जिज्ञासा मात्र रह्यो, जवाफ रहेन। हामी खाना खाएर राती त्यहाँबाट हिँड्यौँ। अन्धकार रात, त्यो पनि आकाश बादलले छोपेको मध्य वर्षा। एकले अर्कालाई देख्नसमेत सकिँदैनथ्यो।

हामी बिर्तामोड हुँदै चिया बगानभित्र प्रवेश गर्‍यौँ र बगानपूर्वको खोलाबाट उत्तर घना सालको जङ्गलभित्र गयौँ। मध्यराततिर जङ्गल किनाराको एउटा बस्तीमा पुग्यौँ। बाटाछेउको खपडाको घरमा पस्यौँ। रामनाथले ढोका ढकढक्याए। भित्र बत्ती बल्यो। हट्टाकट्टा मानिसले ढोका खोले।

यसो हात मिलाउन अगाडि बढेको चन्द्रगढीमा कैयौँ पटक जुलुसमा सँगै हिँडेका शिव शिवाकोटी पो रहेछन् ! उनी पनि मलाई देखेर छक्क परे। उनकी श्रीमती पनि अत्यन्त फूर्तिली र हट्टाकट्टा रहिछन्। हामीलाई एकछिनमा अर्को घरमा ओछ्यान लगाइदिए। भोलिपल्ट बेलुकासम्म त्यहीँ बस्यौँ। भोलिपल्ट बेलुका त्यहाँ अरू चार जना थपिए। त्यहाँ सबैका बोलाउने नाम फेरिइसकेका थिए। त्यहीँ खाना खाएर

हामी शिव शिवाकोटीको नेतृत्वमा जङ्गलै जङ्गल सीधै पूर्वतर्फ लाग्यौँ। शिवको हातमा एक मान्छे लामो लाठी थियो, हिँडाइ त्यस्तै। उनी भूमिगत भएको चार महिना भइसकेको रहेछ। वीरेन राजवंशी र केही अरू पनि भूमिगत भइसकेका रहेछन्। जङ्गल पार गरेर हामी गाउँमा पुग्दा रातिको १० बजेको थियो। हामी इजन पुगेछौँ। त्यो राजवंशीको घर थियो। हामी पुग्दा त्यहाँ मान्छे सबै आइसकेका रहेछन्। आरके मैनाली र मदन खपाङ्गी, मैले चिनेका पुराना मान्छे थिए। २८ जनाजति त्यहाँ जम्मा थिए। त्यो दिन झापा जिल्ला को–अर्डिनेसन कमिटी गठन गर्ने र पूर्व कोशीबाट पूर्ण रूपमा अलग हुने घोषणाको दिन रहेछ। यसै उपलक्ष्यमा चारु मजुमदारको नेतृत्वको भारतको कम्युनिस्ट पार्टी (माले) का केन्द्रीय कमिटी सदस्य दीपक विश्वास पनि त्यहाँ उपस्थित थिए। त्यहाँ जति थिए, सबै झापा को–अर्डिनेसन जिल्ला कमिटीका सदस्य भए। म पनि एकैचोटि जिल्ला कमिटीको सदस्य भएँ र मेरो कामको जिम्मा माई पश्चिमको क्षेत्र पर्‍यो। पारिबाट नेपालमा काम गर्न आएका दुई नक्सलपन्थी राजन राजवंशी र भोगेन राजवंशी पनि त्यसको सदस्य भए। सबैको ध्यान दीपक विश्वासतिर गयो। गौरीगन्ज, तोपगाछी र दमक क्षेत्रमा सम्पर्क बलियो थियो। किनभने, मैले २०२६ सालदेखि पूर्णकालीन जस्तै भएर यसै क्षेत्रमा खुला आन्दोलनको नेतृत्व गरेको थिएँ। गौरीगन्जको काण्डपछि म यही क्षेत्रबाट २०२८ सालमा भूमिगत भएको थिएँ। यस क्षेत्रमा एक वर्षजति काम गरेपछि मोरङतिर पनि कामको विस्तार भयो। २०२९ सालको सुरुतिर मोरङ क्याम्पसका विद्यार्थीहरू हाम्रो गतिविधिबाट प्रभावित भएर गाउँ जाने अभियानतिर लाग्न थाले। गौरीगन्ज घटनामा घाइते भएर उपचारका लागि विराटनगर आउने क्रममा त्यसबेलाका मोरङ क्याम्पसका सभापति छत्रमान कार्की, उपसभापति वासु गिरीलगायतका विद्यार्थीसँग हाम्रो गाढा सम्बन्ध कायम भइसकेको थियो। मलाई मोरङ पठाउने पनि सीपीकै प्रस्ताव थियो। म उनीहरूको लाइनको विरुद्धमा भएको र माईवारीको इलाकामा राम्रो आधार भएकाले मोहनचन्द्रहरूबाट अलग गर्न पनि सायद उनीहरूले मलाई मोरङको प्रस्ताव गरे होलान्।

मैले मोरङको गोकुवा गाउँमा पनि एउटा भरपर्दो आश्रयस्थल बनाएको थिएँ। रोहिणी तिम्सिना नाम गरेका एक जना किसान थिए। उनका भाइ मोरङ अनेरास्ववियमा सक्रिय थिए। एक दिन त्यहीँ गोककवामै भएका बेला मोहनचन्द्र अधिकारी र पश्चिम बङ्गाल कमिटीका सदस्य केशव सरकार मलाई भेट्न आए। केशव सरकारले ‘झापामा मोहनचन्द्र असुरक्षित हुनुहुन्छ, तपाईंले मोरङतिर राखेर सुरक्षा दिनुपर्‍यो’ भने। उनको भनाइमा ‘पश्चिम बङ्गालमा दीपक विश्वासले आफ्नै पार्टीका तीन जना कामरेडको हत्या गराए। खोकन मजुमदारको ज्यान समेत जोखिममा छ। अहिले नेपालमा आएका

भाकपा (माले)का मान्छे भनेका दीपकका मान्छे हुन्। उनीहरूको नारा छ– पार्टीभित्रका विरोधीलाई पहिले सफाया गर। त्यसैले उहाँलाई यतै राख्नु राम्रो हुन्छ।' विपत् आफैँ आउँदैन, त्यसलाई निम्त्याइन्छ। दोस्रो दिनको घटना पनि बडो सम्झनलायक छ। राजाबासमा रात बिताएर हामी प्रकाशपुरतिर लाग्दै थियौँ। मोहनचन्द्रले भेष बदल्न सधैँ बरखी बारेका लुगा लगाउँथे। आज पनि त्यस्तै लुगा लगाएका थिए। हामी खेतको आलीबाट जाँदै थियौँ। ठूलो बाटो हिँड्दा चिनेका साथी भेटिएलान् भन्ने डर थियो।

अचानक एक जना औलोमा काम गर्ने कर्मचारी भेटिए। तिनले मोहनचन्द्रलाई राम्रोसँग चिन्दा रहेछन्। उनलाई त्यो हालतमा देख्ता सहानुभूति जाग्नु स्वाभाविकै थियो। उनले भनिहाले– 'मोहन दाइ के भयो ?' मोहनचन्द्र जङ्गिँदै उतिर फर्किएर जवाफ दिन थाले– 'को मोहन दाइ ? कसलाई भनेको ? गजबको मान्छे रहेछ बा ! म त तिमीलाई चिन्दिनँ।' उसले भन्यो– 'हामीसँगै धनकुटामा औलोमा काम गर्दा बसेको होइन ? क्या, मोहन दाइ पनि !' उसले मात्र के भनेको थियो, मोहनचन्द्रले उसको सातो काडे र नचिनेको बहाना गरे। ऊ त्यहाँबाट हिँड्यो। हामी केही बेर पछि एउटा किसानको घरमा पुग्यौँ। त्यहाँ पुगेको १० मिनेट पनि नपुग्दै प्रहरी गाउँ पसेको खबर आयो। त्यहाँका साथीहरू आत्तिएका थिए। त्यही औलोमा काम गर्नेलाई दोष लगाउँदै थिए। यो घटना साँचो थियो वा अफवाह वा त्यहाँका साथीले डरले फैलाएका थिए, छानबिन गर्ने कुनै आधार थिएन। किनकि, हामी सर्वथा नयाँ इलाकामा थियौँ। उनीहरूले भनेको पत्याउनु बाहेक हामीसँग विकल्प थिएन। हामी भात न पानी भएर काँचो दुई माना चामल र अलिकति नुन लिएर कोशी बाँधको बाटो भारतको वीरपुर निक्लने भनेर हिँड्यौँ। त्यहाँबाट नेपालको सिमाना २७ किलोमिटर टाढा रहेछ। अघिल्लो दिनको लामो यात्रा, हातमा काँचो चामलको पोको, भदौका घाम, मोहनचन्द्र जस्तो बसौँ भन्यो भने पनि आइलाग्ने, चाँडो हिँडौँ भन्दा पनि आइलाग्ने साथी, पेटमा काँचो चामल ! हाम्रो हालत के भयो होला ?

मङ्सिर महिना थियो। झापामा धर्मप्रसाद ढकाल र उनका बनारसमा पढ्ने छोरा दुवै जना मारिएको कुरा आयो। झापामा चर्को दमन भएको, सीपीहरू नक्सलवाडीतर्फ पसेको र रामनाथ, केपीहरू चारपानेमै भएको खबर पाएपछि सम्पर्कका लागि मोहनचन्द्र र म झापातिर लाग्यौँ। कसेनीबाट हिँडेर बेलुका झापाको ग्वालडुब्बामा बस्यौँ र दोस्रो दिन घैलाडुब्बाका शिक्षक देवी खतिवडाको घरमा पुग्यौँ। उनी एकदमै डराएका थिए। वरिपरि आश्रयस्थल टुटेको र धेरै मान्छे भागेका थिए। उनको रिपोर्ट अनुसार घैलाडुब्बामा देवीप्रसाद उप्रेतीकोमा प्रहरीले शिविर राखेको र त्यसलाई केन्द्र बनाएर आसपासका सबै गाउँमा चर्को दमन गरेको थियो। मोहनचन्द्र र म राति त्यहीँ बस्यौँ।

बिहान अँध्यारैमा गस्ती चर्को हुने भएकाले घाम लागेपछि खेतको बाटो पूर्व जाने सल्लाह देवीले दिए। हामी घैलाडुब्बाको एक माइल दक्षिणबाट खेतैखेत रामनाथको सम्पर्कका लागि चारपानेतिर लाग्यौँ। उनकोमा दिउँसो जान सक्ने अवस्था थिएन। चारपानेबाट दुई किलोमिटर दक्षिण जङ्गल किनारामा एक जना कार्यकर्ता प्रेम ओलीको घर थियो। हामी १० बजेतिर त्यहाँ पुग्यौँ। हामीलाई देखेर सबै आत्तिए। हतार–हतार घरको तल्लामा लगे। रामनाथ र केपी ओली घैलाडुब्बाबाट चारपानेतर्फ जाँदै रहेछन्। चारपाने पुग्ने बेला प्रहरीसँग जम्काभेट भएछ। प्रहरी उहाँहरूलाई खोज्दै घुमिरेहको थियो। रामनाथले केपीलाई भाग्न इसारा गरेर आफू प्रहरीसित कुरा गर्न थाल्नुभएछ।

प्रहरीले सायद केपीलाई चिनेको थिएन, उसले खोजेको रामनाथलाई थियो। रामनाथलाई समायो र केपी ओली उम्किनुभो। त्यसपछि वरिपरि सबै सतर्क रहेछन्। परिवारले हामीलाई जानकारी गराएपछि हामीले प्रेम ओलीलाई बोलाएर सबै जानकारी लियौँ। पुराना आश्रयस्थलहरू सबै खुलेको र मानिस त्रसित भएकाले सीपीहरू कता छन् भन्ने कुरा पनि थाहा नभएपछि हामी त्यस दिन दिउँसो भात खाएर खेतैखेत गौरीगन्जतर्फ फर्कियौँ। ग्वालडुब्बा पाटागाढा गाउँमा आएर कृष्णप्रसाद सापकोटाको घरमा बस्यौँ र मोरङ आयौँ। निर्मलीमा पुगेर हामीले खाना खायौँ, चनाको सातु, त्यसपछि रोटी। त्यहाँ सातु पनि खानासँगै खाने चलन रहेछ। खाना खाएर रेल्वे स्टेसनतिर गयौँ। रक्सौलको टिकट काटेर रेलमा चढ्यौँ। हामी रक्सौल पुग्दा बिहानको सातजति बजेको थियो होला। मेरो जीवनको यो नै लामो यात्रा थियो। रेल स्टेसनबाट हामी बजारतिर गयौँ। त्यहाँबाट तीन पाङ्ग्रे स्कुटर चढेर वीरगन्जतिर लाग्यौँ।

मोहनचन्द्र अधिकारीले वीरगन्जका शिक्षक प्रमोद अधिकारीलाई लेखेको एउटा पत्र मात्र हाम्रो आधार थियो। ती शिक्षक पनि मोहनचन्द्रका बाबु वीरगन्ज बस्दा सम्पर्कमा आएका साथी थिए। उनको समेत भेट नभएको धेरै वर्ष बितिसकेको थियो। तर पनि, हामी विश्वस्त थियौँ। त्यसबेला हाम्रो सम्पर्क सूत्र पनि छिन्नभिन्न र कमजोर भइसकेको थियो। हामीसँग अघि बढ्नका लागि महान् पुँजीका रूपमा विचार र आत्मविश्वास मात्र थियो। यसै विश्वासलाई बोकेर हामी वीरगन्जको गहवा टोलमा पस्यौँ। शिक्षक अधिकारीको ठेगाना सोध्दै जाँदा गहवाको पूर्व लाइनमा उनको घर फेला पायौँ। उनी घरमै रहेछन्। उनलाई चिठी दियौँ। उनले हामीलाई कोठामा लगेर 'झापाको हल्ला यहाँ पनि धेरै छ, पूर्व घर भन्यो भने शङ्का–उपशङ्का गर्छन्, त्यसैले म घरमा चाहिँ गाउँतिरबाट आएको मास्टर भनेर चिनाउँछु, अन्त परिचय गर्दा घर नेपालगन्ज भन्नु होला' भने। उनको सल्लाह मान्यौँ। हामीलाई बस्न एउटा कोठा दिए।

नुहाउन बाथरुम देखाए। हामी मैलाधैला थियौँ। त्यहीँ नुहाइधुवाइ गयौँ। खाना खायौँ। हामीलाई आराम गर्न भनेर उनी स्कुलतिर लागे।

रातभरिको रेलयात्रा र दिनभरिको थकानले गर्दा हामी दिनभरजसो निद्रामै पऱ्यौँ। करिब आठ पृष्ठको एउटा प्रतिवेदन लेखेँ। हल्काफुल्का चारु मजुमदारको पनि आलोचना गरेँ। नेपालको परिस्थिति, राजाको दमन, विश्वमा आएको कम्युनिस्ट आन्दोलनको उभार र तत्काल नयाँ पार्टी बनाउन ग्रामीण क्षेत्रमा कामको थालनी गर्नुपर्ने कुराहरू राखेँ। यो लिखित अवधारणा मैले उनले मागेको समयअगावै बुझाएँ। कृष्ण निरौला निकै उत्साहित भए। मलाई उनले 'यिनीहरूले अप्ठ्यारो पार्ने भए भन्ने ठानेको थिएँ, तपाईंले कस्तो चाँडो लेख्नुभयो !' भने। हामी तीन दिन बस्यौँ। तेस्रो दिन प्रमोदले हामीलाई निजगढ क्षेत्रमा कामका लागि सम्पर्क गराउने कुरा गरे। कृष्ण निरौलाले त्यहाँको निमाविमा पढाउने र एक जनाले पूर्णकालीन भएर काम गर्ने सल्लाह लिएर आए। कृष्ण निरौलाका लागि त्यहीँ वीरगन्जको गणेश भन्ने कुनै केटाको एसएलसीको प्रमाणपत्र लिएर आए र त्यही अनुसार नै 'तपाईंको नाम पनि गणेश' भने। हामी निजगढतिर गयौँ। त्यसै निमाविमा प्रमोदका माइला भाइ पनि विज्ञान शिक्षक रहेछन्। त्यहाँ अरू कम्युनिस्ट साहित्यको अध्ययन गरेका र पहिले केही काम गरेका प्रगतिशील शिक्षक पनि रहेछन्।

निजगढ पुगेर हामी त्यसै निमाविका शिक्षक शम्भु चापागाईंकोमा बस्यौँ। गणेशले भोलिपल्टदेखि स्कुल जान सुरु गरे। निजगढको उत्तर चुरेफेद लालमा एउटा तामाङ गाउँ रहेछ, त्यहाँ केही क्षत्री बाहुनका घर पनि रहेछन्। एउटा तीन कक्षासम्मको स्कुल पनि रहेछ। नवराज शर्मा त्यहाँ पढाउँदा रहेछन्। म केही दिन उनकै घरमा बसेँ। र, त्यहीँ प्राथमिक पाठशालामा उनीसँगै स्वयंसेवक भएर पढाउन थालेँ। लाल गाउँकै माथि भित्तामा रिजालको घर थियो। उनकोमा बस्न थालेँ। त्यहाँ केटाकेटीलाई सामान्य पढाउने काम गर्थें। त्यस क्षेत्रका शिक्षकलाई प्रत्येक शनिबार भेला गर्ने योजना बनाएँ। नवराजमार्फत सम्पर्क बढाएँ। लाल र सरस्वतीका बीचमा पहाडभित्र वकियामा माछा मार्ने मान्छेहरूको चहलपहल हुन्थ्यो। त्यहाँ ठूलठूला पानीका दहहरू थिए। जिलेटिन पड्काएर माछा मार्दा रहेछन्। हामीले त्यही ठाउँलाई शनिबारे भेलाका लागि छान्यौँ। त्यो मकवानपुर र बाराको सिमाना थियो, प्रशासनको नजरबाट धेरै टाढा। प्रत्येक शनिबार निजगढबाट शम्भु चापागाईं, कृष्ण निरौला, रामकुमार कोइराला र वागदेव प्राविका शिक्षकहरू आउँथे। यताबाट नवराज शर्मा र म जान्थ्यौँ। त्यहाँ नियमित जसो माओको रेडबुक र मार्क्सवादको आधारभूत ज्ञानसम्बन्धी छलफल हुन्थ्यो। देशको परिस्थिति र नेपालका राजनीतिक पार्टीहरूको सम्बन्धमा आलोचना गरिन्थ्यो। मैले

नयाँ–नयाँ गीत र रचना पनि जम्मा गरेको थिएँ। ती गीतहरू गाइन्थे। निजगढबाट आउने साथीहरूले पकाएको भैंसीको मासु र छोयला ल्याउँथे। तीन बजेसम्म त्यहाँ छलफल गर्थ्यौं र बाटो लाग्थ्यौँ। यो शनिबारको भेटघाटले हाम्रो सम्बन्धलाई गाढा बनायो। यसमध्येका केही शिक्षक अति गोप्यतावादी समूहसँग सम्बन्धित रहेछन्। उनीहरूले हामीलाई श्यामप्रसाद शर्माका रचनाहरू दिन थाले। पछि केही कुराहरू पनि बताउन थाले। त्यसपछि हाम्रो सम्पर्क रौतहटको चन्द्रनिगाहपुर, वनवोहरी, हिमालीवासतर्फ पनि बिस्तार भयो। म दुई महिनाजति लालमा बसेपछि त्यहाँ राजनीतिक चहलपहल केही बढ्यो। साना–साना नानीहरूले क्रान्तिकारी गीत गाउन थाले। त्यहाँ प्रहरी चौकी त थिएन, तर वन कर्मचारीहरू आउने–जाने गर्थे। मेराबारेमा पनि चर्चा हुन थाल्यो– 'यो मान्छे किन बस्छ ? स्वयंसेवक भएर पढाउँछ, बेला–बेला हराउँछ, कहाँको हो ?' त यसपछि म हिमालीवास गएँ र त्यहीँ साथीहरूकोमा हलो जोतेर बस्न थालेँ। त्यहाँ सिन्धुली, उदयपुर, महोत्तरी, रौतहटको उत्तरी भाग आदिबाट आएका मानिसको नयाँ बसोबास भएकाले कसैले कसैको खोजीनीति गर्दैनथ्यो। त्यहाँ न त कोही जमिन्दार थियो, न भूमिहीन। सबै मध्यम र निम्न मध्यम वर्गका थिए। हिमालीबासमा बस्दा म सामान्य किसानजस्तो भएर बसेँ। भोटो र कट्टु लगाएर हलो जोत्थेँ। कोल्वीमा तेल पेल्न गोकुल निरौलासँगै जान्थेँ। कोल्वी बजारमा गहुँ बेच्न घरवाला किसानसँगै जान्थेँ। त्यहाँ मुसुरो, तोरी, धान किन्ने मुख्य व्यापारी भैरव साहु थिए। यसैक्रममा मैले बाराका केही चौधरी किसानहरूसँग पनि सम्पर्क गरेँ। हिमालीवास बारा र रौतहट जिल्लाको सिमानामा थियो। बारापट्टि पूरै थारु बस्ती थियो। बाराका थारुहरू प्रायः जङ्गलमा घाँस दाउरा जाँदा हिमालीबासकै आसपास भएर जाने गर्थे। म पनि कहिलेकाहीँ हिमालीबासका किसानसँगै जङ्गल जाने गर्थे। यस्तै क्रममा मेरो पडरीका वास चौधरीसँग भेटघाट भयो। मोरङमा छँदा पनि मैले कसेनी आसपासका चौधरी गाउँमा आश्रय लिएको थिएँ। चार महिनामा हामीले हाम्रो सम्पर्कलाई मकवानपुरको फापरवारी, रौतहटको गैँडाटारदेखि बाराको विसनपर्वासम्म फैलायौँ।

यसले अति गोप्यतावादी साथीहरूमा छटपटी भएछ। उनीहरू हामीलाई त्यहाँबाट कसरी हटाउने भनेर गोप्य बैठक गर्न थालेछन्। एक जना हिमालीवासका शिक्षक त्यसबेला मकवानपुरमा पढाउँदा रहेछन्। तर, श्यामप्रसाद शर्मासँग सम्पर्क भएको व्यक्ति भनेर त्यहाँ उनको चर्चा रहेछ। उनैले हाम्राविरुद्ध त्यहाँ भड्काउन थालेछन्।

तर, मान्छे मसँग यति प्रभावित भइसकेका थिए कि हिमालीवासबाट मलाई हटाउन सजिलो थिएन। उनले किसानलाई तर्साउन थालेछन्। 'यो मान्छे नेपालगन्जको भन्छ, यसको बोली भाषा पूर्वेलीको छ। यो झापाली हुनसक्छ। भोलि बम ल्याएर

राख्यो भने हामी सबै पर्छौं' आदि भनेर प्रचार गर्न थालेछन्। मलाई एकदिन हलो जोतिरहेको ठाउँमा आएर गोकुल निरौलाले भने– 'कमरेड, यहाँ तपाईंको सुरक्षाको समस्या छ। मकवानपुरे मास्टरले गोप्य बैठक गरिरहेको छ। हिजो बेलुकाको बैठकमा पक्राइदिने जस्तो कुरा पनि गर्दै थिए रे !' मैले यो कुरा सुनेपछि सोचेँ– यिनीहरू आतङ्कले गलत कुरा सोच्तैछन्। अब यिनीहरूसँग बिदा भएरै जान ठीक छ।' हलो जोतेर फर्कें, गोकुलकोमा भात खाएर चक्रबहादुर पाण्डेहरूसँग बिदाबारीका लागि गएँ। उनीहरू राम्रै थिए, बा–आमा सबै मलाई माया गर्थे। म भूमिगत राजनीति गर्छु भन्ने कुरा उनीहरूलाई राम्रै थाहा थियो। म 'अब आफ्नै ठाउँतिर फर्कन्छु' भनेर उनीहरूसँग बिदा भएँ। त्यहाँबाट निजगढ गएँ। कृष्ण निरौलासँग सल्लाह गरेँ। अब थरुवान क्षेत्रमा पूर्ण भूमिगत भएर काम गर्ने सल्लाहमा हामी पुग्यौँ। त्यहाँबाट म महेन्द्र चौधरीको ठेगाना लिएर बाराको कलैया हुँदै विसनपुर्वातिर लागेँ। म पहिलो पटक यो बाटो हिँड्दै थिएँ। गन्जभवानीपुरबाट गडहल हुँदै म बिसनपुर्वा पुग्दा साँझ परिसकेको थियो। मैले त्यहाँ सर्लाहीबाट आएको बताएँ।

गाउँ धेरै ठूलो रहेछ। गाउँको उत्तरमा उनको घरमा मलाई एक जना गाउँकै किसानले पुऱ्याइदिए। महेन्द्र घरमै भेटिए। उनकैमा खाना खाएँ। त्यो थारुहरूको बाहुल्य भएको गाउँ रहेछ। बेलुकै उनले वासु चौधरी र दसै चौधरीसँग भेट गराए। मैले उनीहरूसँग सबै कुरा राखेँ। भूमिगत कामका बारेमा छलफल गरेँ। उनीहरू सोहन चौधरीबाट प्रभावित रहेछन्। सोहन त्यसबेला जेलमा थिए। भोलिपल्ट बेलुका मसँग छलफल गर्न अन्य केही साथीलाई पनि बोलाउने निधो गरे। मलाई वासुदेव चौधरीको घरमा भूमिगत राखे। मलाई कोशी तरेर यता आएपछि पहिलो पटक झापाको आफ्नै क्षेत्रको गौरीगन्जमा पुगेजस्तो अनुभूति भयो।

भोलिपल्ट बेलुका वासु चौधरीको घरमै छलफल भयो। अरू केही किसानहरू पनि थिए। मैले उनीहरूसँग झापामा भएको आन्दोलनका बारेमा बताएँ। उनीहरूले केही समयअगाडि रवीन्द्र चौधरी (गडहल) र काशी चौधरी (विसनपुर्वा) लाई झापा सम्पर्कका लागि पठाएका पनि रहेछन्। सोहन चौधरीले उनीहरूलाई चीनका बारेमा गरेको प्रचारले चीनजस्तै सबै समान हुने व्यवस्था ल्याउनुपर्छ भन्ने भावना जागेको रहेछ। तर, उनीहरूसँग सङ्गठन निर्माण र परिपाटीसम्बन्धी कुनै जानकारी थिएन। उनीहरू कुनै पार्टीका मातहत पनि थिएनन्। मैले पार्टी सङ्गठन निर्माण, कामको तरिकाबारे लामो छलफल गरेँ। मेरो कुराले उनीहरू प्रभावित भए। मैले राखेको कमिटी निर्माण गर्ने तरिका र भूमिगत कार्यशैली उनीहरूका लागि नौलो कुरा थियो। उनीहरू सोहन बाहिर छँदा साँझ परेपछि एकान्त खेतमा जम्मा भएर छलफल गर्दा रहेछन्। घरमै

बसेर ससाना समूहमा सङ्गठन निर्माण र विस्तार गर्न सकिने कुरा सुनेपछि उनीहरू काम गर्न उत्सुक भए।

मलाई उनीहरूले 'बारामै बस्ने र नेतृत्व गर्ने भए हामी काम गर्न तयार हुन्छौँ, तपाईंको सुरक्षाको कुनै समस्या हुँदैन' भने। मैले 'म साथीहरूसँग सल्लाह गरेर तपाईंहरूलाई खबर गर्छु। म आइनँ भने पनि अरू कोही साथी आउनुहुन्छ। तपाईंहरू तयार हुनुहोस्' भनेँ। वासु र काशी धेरै उत्साहित मान्छे थिए। उनीहरूले त्यहाँ नारायण चौधरी र सायद जैल चौधरीलाई पनि बोलाए। त्यहाँ पनि एउटा कमिटी गठन गर्ने निधो भयो। त्यहाँबाट हामी ककडी गयौँ। ककडीमा लक्ष्मण चौधरी, मधुर चौधरी, गनेसी चौधरीसँग सम्पर्क र बातचित भयो, एक दिन त्यहीँ बस्यौँ। त्यहाँबाट पुराना, २०११ सालतिरको आन्दोलनदेखि लागेका मोहन कोइरी नामका लोहार साथी रहेछन्। कलैया पूर्वपट्टि बरेवा भन्ने गाउँमा घर रहेछ। उनीसँग सम्पर्क गर्न जाने कुरा भयो र मोहन कोइरीकोमा गयौँ। मोहन कुरा बडो जोसिला गर्ने। २०११ सालको आन्दोलनमा मुखलाल महत्तोसँगै गडहलमा सक्रिय भएका रहेछन्।

२००९ सालदेखि ११ सालसम्म बारा, रौतहटमा किसान आन्दोलन चर्किएको कथा उनले सुनाए। रौतहटको कटरिया, इनरवाडी र बाराको कचरवा, गढहल आदि ठाउँमा आन्दोलनको लहर उठेको र त्यो आन्दोलनमा रौतहटमा बिर्না मुसहर र बारामा मुखलाल महतो सहिद भएको कुरो पनि उनले भने। आफू मुखलाललाई गोली लाग्दा उनको साथमै भएको, बालबाल बचेको र रातभरि खेतमा रोएर बिताएको, वीरगन्जबाट आएको सुब्बाले थानेदारलाई गोली चलाउने आदेश दिएको उनले बताए। उनले मुखलाल महतो मारिएकै रात आफूले बनाएको गीत भनेर एउटा गीत पनि सुनाएः

गोली खुब चलाया सुब्बा थानेदार ने
गडहल के मझारमे ना
जनता हाय हाय चिल्लाती
सुब्बा गोलियाँ बरसाती
आँख मुदकर नरही बजार मे – सुब्बा थानेदार ने ना
मारल गए मुखलाल कुमार
उराइ गए सिंधार।
उनके टुकडे टुकडे करके फेकदिए
तिहौरोँ के धार मे, जङगलोँ मझार मे ना।
रो रही थी जनता भाइ

नेता सपने मे याद आई
बाराके गाव गाव मेँ, गढहलके मझार मे ना,
गोली खुब चलाया
सुब्बा थानेदार ने
गढहलके मझार मे ना।

उनले बडो मीठो स्वरमा अत्यन्त मार्मिक गीत गाएर भावुक बनाए।

बारामा कमिटी निर्माणपछि म जनकपुरतिर लागेँ। माधव दाइकोमा गएँ। उनले मैले दिएको लेख गोविन्द न्यौपाने, शीतल झा र जनकपुर कलेजका विद्यार्थीलाई पढ्न दिएछन्। उनीहरूले मसँग भेट्न चाहेका छन् भने। मैले लालगढतिर बस्छन् भन्नु भनेको थिएँ। बेलुका उनीहरूलाई भेटेँ। गोविन्द न्यौपानेले मेरो बातचित सुनेपछि आफ्नो परिचय खोले। उनी मोरङ क्याम्पस पढ्दापढ्दै यहाँ आएका रहेछन्। त्यहाँ हाम्रा साथीहरूसँग सम्पर्क पनि भएको रहेछ। चारु मजुमदारका पार्टीका मान्छे जयन्तर, रामचन्द्र यादवलाई पनि भेटेका रहेछन्। केही समय मजदुरबीच भूमिगत काम पनि गरेका रहेछन्।

सिरहाका मणिलाल राई बीएको जाँच दिन जनकपुर बसेका रहेछन्। गोविन्दले परिचय गराए। मणिलाल राईसँग मेरो सम्पर्क बढ्दै गयो। उनले सिरहाका कम्युनिस्टहरूका बारेमा सबै कुरा बताए। उनी जिल्ला कमिटीको सदस्य रहेछन्। जयगोविन्द शाहहरूसँग एउटै कमिटीमा भएकाले जयगोविन्द शाहमाथि उनको बढी भरोसा भएको उनको भनाइबाट बुझेँ। उनी अत्यन्तै जोसिला र उत्साहित थिए।

मैले राजनीति गर्ने हो, क्रान्ति गर्ने हो भने घर छोड्नैपर्छ भनेँ। अनेक उदाहरण दिएँ। मेरा उदाहरणहरूले उनलाई निकै प्रभावित गऱ्यो। उनी पूर्णकालीन हुन तयार भए। तर एकपटक मलाई लगेर जयगोविन्दसँग भेटाउने कुरा गरे। मसँग भेटेपछि जयगोविन्द कन्भिन्स हुन्छन् भन्ने उनको भनाइ थियो। उनैले मिलाएको समय अनुसार हामी दुवै जना रात बस्ने गरी जयगोविन्दको घर बडहरा मिर्चैया गयौँ। बेलुका ११ बजेसम्म धेरै छलफल भयो। उनी पूर्णकालीन हुने कुराको विरुद्धमा थिए। आन्दोलन थालिहाल्ने कुरालाई झापाली लाइन भनेर आलोचना गर्थे। जयगोविन्दका यस्ता कुराले मणिलाल पूरै निराश भए। हामी त्यहीँ सुत्यौँ र बिहानै बाटो लाग्यौँ। मणिलालले मसँग बाटामा 'काम लाग्ला कि भनेर ल्याएको उमेशजी, यो बुढो त खत्तम भएछ। काजीलाल वाइवा त झन् काम लाग्दैनन्। मेघनाथ लम्साल पनि त्यस्तै हो। अब नयाँ पिँढीबाट काम थालौँ' भने। मणिलाल र म बसेर एउटा योजना बनायौँ– जनकपुर, सगरमाथा

र नारायणीमा कामको विस्तार गर्ने। शीतल झा र मणिलालको सम्पर्कपछि धनुषा र सिरहाका ग्रामीण क्षेत्रमा पनि कामको विस्तार हुन थाल्यो। यहाँका शिक्षक तथा कर्मचारीबीच पनि सम्पर्क विस्तार भयो।

म फेरि कोशीको सम्पर्कमा जान भनेर पूर्वतिर लागेँ। जनकपुरबाट विराटनगर जाने लास्ट गाडीमा चढेँ। गाडी एक जना सरदारले चलाएका थिए। गाडीको चाल राम्रो थिएन। जब पुल र कलभर्ट आउँथ्यो, मान्छेले चालकलाई गाली गर्न थाल्थे। गाडी एकदमै लरखराउँथ्यो र ठोक्किनबाट जोगिन्थ्यो। यात्रुहरू सुरुदेखि नै कराउँदै थिए– ड्राइभरलाई गाडी चलाउन आउँदैन कि क्या हो भनेर। विराटनगर पुग्नुपर्ने गाडी कमला पुग्दा घाम डाँडामाथि पुगे। धनगढी (कान्छी बजार) काटेर तीन–चार किलोमिटर अगाडि बढेको थियो, एउटा सानो पुलमा मान्छे कराउन थाले 'गाडी लड्यो, गाडी लड्यो।' नभन्दै गाडी यता र उता हल्लिन थाल्यो। के भइरहेको थियो मैले बुझ्न सकिनँ। गाडी अचानक पुलको छेउबाट पल्टियो। दुई–तीन बल्ड्याङ खाएपछि खेतमा गएर उत्तानो पऱ्यो। मेरै सिटमा एक जना मारवाडी व्यापारी पनि बसेका थिए। मलाई पूरै मान्छेको भारले थिचेको थियो। जोड गरिरहेको थिएँ, तर सास फेर्न सकिरहेको थिइनँ। मेरो ढाड बेस्कन झट्कारिएछ। मान्छेले किचेकाले खुट्टा तान्न सकिनँ, बल्लबल्ल देब्रे खुट्टो निकालेँ। दाहिने खुट्टामाथि मान्छेको भार थियो। फेरि आएर थिच्लान् भन्ने पीरले दाहिने खुट्टा जबरजस्ती तानेँ र छुटाएँ। जुरुक्क उठेँ, सिटको माथि टेकेर उभिएँ। माथितिर हेर्दा झ्यालको सिसा फुटेको ठाउँबाट निक्लन सक्ने प्वाल रहेछ, बल्लतल्ल छिरेर बाहिर निस्किएँ र उतानो परेको बसको छेउ समाउँदै खेतमा झरेँ। झोला पनि त्यहीँ छुट्यो।

आलो रगतको गन्ध र चर्को भागदौडले गर्दा मलाई झोला र किताबभन्दा पनि ज्यान जोगाउन धौ धौ थियो। राजमार्गको डिलमा निक्लेँ। बाहिर रुवाबासी थियो। यात्रुहरू खेतभरि छरिएका थिए। भित्रै रहेकाहरू भित्रै कोलाहल गरिरहेका थिए। अन्जान ठाउँ थियो। बाटाछेउमा एक जना मान्छे उभिएको देखेँ। रातको १० बजिसकेको थियो। लहानबाट उनको घर तीन किलोमिटरजति दक्षिण रहेछ। उनको घर पुग्यौँ। सबै सुतिसकेका रहेछन्। उनले उठाए र सबै घटना बताए। राखेको भात चिसो भइसकेको रहेछ। मेरो घुँडा हिँड्दाहिँड्दै दुख्न थालिसकेको थियो। त्यहाँ पुग्दा झन् बेसी दुख्तै थियो। मलाई पटक्कै खाना रुचेन। बल गरेर अलिकति खाएँ।

गोरुलाई भुसा काट्ने सानो कटेरो रहेछ, त्यसैमा एउटा बाँसको खाटमा ओछ्यान लगाएँ र दुवै जना सुत्यौँ। घुँडाको दुखाइ बढ्दै गयो, मलाई राम्ररी निद्रा परेन। बिहानी

पख मेरो खुट्टो सिधा भएन, टेक्नै नसक्ने भयो। दिसापिसाब जान पनि सहारा लिन पर्ने भयो। अब म विराटनगरतर्फ जाने सम्भावना थिएन। मैले लहानपारि गोविन्दको गाउँमा जाने निश्चय गरेँ। मैले साथीलाई 'लक्ष्मीपुरमा मेरा नाता–सम्बन्धीहरू छन्, त्यहाँसम्म पुग्न बयल गाडा खोजिदिनु' भनेँ। गोजीमा १५ रुपैयाँ मात्रै थियो। रु. ३० भन्दा तल कोही गोरुगाडा तयार भएन। उनको आफ्नो बयलगाडा रहेनछ। त्यसपछि गाउँको एक जना गाडावालालाई उनले बोलाएर ल्याए। मैले उनलाई बेलुकाको सबै घटना बताएँ, झोला, सामान सबै हराएको बताएपछि मलाई १५ रुपैयाँमा लक्ष्मीपुर पुऱ्याउन तयार भए। बिहान उज्यालो भएपछि मात्रै मैले थाहा पाएँ, घुँडाको पाङ्ग्रो मान्छेले थिचेर तल सरेछ। जनकपुर छोड्नु ठिकअगाडि मलाई ईश्वर पोखरेलले नयाँ जिन्सको पाइन्ट दिएका थिए। त्यही लगाएको थिएँ। त्यसको झण्डै चार इन्ची भाग ब्लेडले झैँ काटेछ, त्यो पनि ठिक अण्डकोषमाथि। यदि साधारण पाइन्ट भएको भए मेरा निम्ति धेरै खतरा हुने रहेछ। आफू चिरिएर भए पनि मलाई जोगाएकामा पाइन्टलाई धन्यवाद दिएँ। धन्यवाद दिएँ ईश्वर पोखरेललाई।

म केदारसँग सम्पर्क गर्न बाराको चर्मन्ततिर जाँदै थिएँ, झापामा सीपी मैनाली र गोविन्द न्यौपाने पक्राउ परेको खबर आयो। म खबर लिएर पडरी केदारकोमा पुगेँ, उनी काशीको घरमा थिए। खबर सुनेर उनी पनि दुःखी भए। मेरा पनि आँखाबाट आँशु आए।

म सत्यतथ्य बुझ्न जनकपुरतिर लागेँ। बजारमा आफ्ना पुरानै सम्पर्क थिए। ईश्वर पोखरेलले पनि धनुषामै भूमिगत भएर काम थाल्नुभएको थियो। मुडिवा र त्यसको आसपास काम निकै सङ्गठित हुँदै थियो र पुलिसको निगरानी पनि बढिरहेको थियो। जनकपुरबाट माधव नेपालसँग सम्पर्कको प्रयास गर्दा नगर्दै धनुषाको मुडिवाबाट माधव नेपाल पनि पक्राउ परेको सूचना आयो। यसैबीच झलनाथ खनाल र अमृत बोहरासँग पनि सम्पर्क भयो। सीपीहरू पक्राउ परेपछि अमृत बोहरा सम्पर्क खोज्दै आउनु भएछ। बाराको बिसनपुरवा वासुदेव चौधरीको घरमा हामी चार जनाको बैठक बस्यो। झलनाथ खनाललाई कार्यवाहक महासचिव बनाइयो। प्राधिकारको विवाद कोकेमा छँदै थियो। झलनाथ प्राधिकारका पक्षमा हुनुहुन्थ्यो, मणिलाल र म सुरुदेखि नै विरोधमा। बैठकमा प्रसङ्गबस प्राधिकारको कुरा उठ्यो। झलनाथले पक्षबाट वकालत गर्नुभो, मणिलाल र झलनाथको चर्काचर्की पऱ्यो। झलनाथले आँखा चिम्लेर मणिलाललाई व्याख्यान दिन थाल्नुभो, मैले मणिलाललाई थामथुम पारेँ। यस्ता विषयमा विवाद नगरौँ, अप्ठ्यारोमा पार्टी जोगाउनुतिर लागौँ भनेँ। धनुषा खाली थियो, त्यसै बैठकबाट हामीले ईश्वर

पोखरेललाई पनि थप्ने निधो गर्‍यौँ। पुराना चार जना र नयाँ एक जना गरी पाँच जनाको कमिटी बन्यो। अमृत बोहरा र मणिलाल फर्किनुभयो। झलनाथ केही दिन बारामै बस्नुभो। बारामा सँगै बस्दा झलनाथ र मेराबीच निकै प्रश्नउत्तरका कार्यक्रम चले। यो आत्मालोचना बैठकको एक महिना पनि बितेको थिएन, 'वर्ग सङ्घर्ष' सहित झलनाथ खनाल काकडभिट्टा भन्सारमा पक्राउ परेको खबर आयो। यसपछि हामी चार जना मात्र कोकेमा बाँकी रहयौँ। झलनाथ खनालको गिरफ्तारीपछि २०३३ साल भदौको अन्तिमतिर चार जनाको बैठक बसेर अमृत बोहरालाई कार्यवाहक महासचिव बनायौँ र कामलाई अगाडि बढायौँ। माथि केन्द्र कमजोर भएको थियो, तल भने कामले गति पक्रेको थियो। म पूर्णरूपले बारामै केन्द्रित भएँ। ●

# ‘देउता’ लुकाउने सेल्टर



मेनका काफ्ले
केन्द्रीय कमिटी सदस्य

निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्धमा भएको विद्यार्थी आन्दोलनले मेरो बालचेतनामा नयाँ तरङ्ग ल्याइदियो। त्यसताका म कक्षा ६ मा पढ्दै थिएँ, १३ वर्ष उमेरकी। पञ्चायती प्रशासनले विद्यार्थी आन्दोलनलाई दमन गर्न जुन तौरतरिका अपनायो, त्यसले आन्दोलनमा घिउ थप्ने काम गर्‍यो। परिणामस्वरूप विद्यार्थी आन्दोलन जनआन्दोलनमा परिणत भयो र राजाले जनमतसङ्ग्रह घोषणा गर्नुपर्‍यो। विद्यार्थी आन्दोलनमाथि भएको पञ्चायती प्रशासनको क्रूर दमनको जुन दृश्य मैले देखें, त्यसले मभित्र पञ्चायती व्यवस्थाप्रति थप घृणाभाव पैदा गर्‍यो।

२०३७ सालको सुरुवातमै जनमतसङ्ग्रह हुने भयो। तयारीका लागि छलफल गर्न हाम्रै घरमा गाउँका अग्रज दाइहरू भेला भएर गोप्य बैठक गर्नुभयो। निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध बहुदलीय प्रजातन्त्रको जनमत सिर्जना गर्न मेरै घर योजना निर्माणको थलोका रूपमा प्रयोग हुन थाल्यो। पञ्चायती व्यवस्थाको अन्त्य र पूर्ण प्रजातन्त्र प्राप्तिको जनआन्दोलनको अन्त्यसम्म नेकपा (माले)का निमित्त भरोसायोग्य सेल्टरका रूपमा कायम रह्यो। जनमतसङ्ग्रहको त्यस अवधिभरि घरमा धेरै नेता–कार्यकर्ता र बहुदलीय पक्षधर व्यक्तिहरूका गोप्य भेला बैठकहरू चले। रातबिरात मानिस आउने जाने क्रम चल्यो। तर बहुदल पक्ष पराजित भयो। त्यसबेला किन यस्तो परिणाम आयो, मैले बुझ्न सक्ने कुरै भएन।

२०३७ सालमा गाउँकै वीरबहादुर बुढाथोकी दाजुले मलाई चिनियाँ चित्रकथा ल्यु हुलानको जीवनी, ‘नारी बन्धन र मुक्ति’ आदि पुस्तकहरू पढ्न दिनु भयो। ल्यु हुलानको जीवनकथाले मलाई तरङ्गित बनायो। १६ वर्षको उमेरकी युवतीको वीरतापूर्ण लडाइँले मेरो किशोर मस्तिष्कलाई सर्वाधिक उद्वेलित बनायो। मेरो अज्ञात चेतनाले ल्यु हुलानको

समयमा पुग्न दुई वर्षमात्र बाँकी रहेको निष्कर्ष निकाल्यो । मनभित्र एक प्रकारको छटपटी पैदा भयो । अहिले आएर सोच्दा त्यो बचपना सोचबाहेक केही थिएन ।

२०३७ पुस ११ गते नेकपा (माले)को स्थापना दिवस र माओ जयन्तीको अवसरमा गाउँकै साथीहरू, काका र दाजुका छोरीहरूसमेत पाँच जनाको मार्क्सवादी अध्ययन दल गठन गरेर प्रमुखको जिम्मेवारी मलाई दिँदै 'आजदेखि तिमी कम्युनिस्ट भयौ, अब पार्टीको काम गर्नुपर्छ' भनेर डिल्ली काफ्ले दाजुले भन्नुभयो । त्यही बिन्दुबाट म कम्युनिस्ट भएँ। यो स्मरण लेखिँरहदा उक्त घटनाको ४३ वसन्त पार भएछ। मेरो राजनीतिक जीवनको यस अवधिमा म सामान्य र स्वाभाविक गतिमा अगाडि बढ्ने क्रममा नेकपा (एमाले) को केन्द्रीय जिम्मेवारीमा पुगेकी छु। मुलुकलाई त्यो अँध्यारो सुरुङबाट आजको उज्यालो ठाउँसम्म ल्याउनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने वीर सहिदहरू, अग्रज नेता, न्यायप्रेमी जनता र विजयलाई सफलताको उचाइसम्म पुऱ्याउन आफ्नो घरलाई आश्रयस्थलका रूपमा उपलब्ध गराउने सेल्टरदाताहरूप्रति आभार प्रकट गर्दछु ।

दिनहरू बित्दै गए। म मार्क्सवादी अध्ययन दलमा सङ्गठित भएँ, मार्क्सवादी साहित्यको अध्ययन गरेँ। तिनले मलाई नयाँ ज्ञान र सामाजिक परिवर्तनका लागि चेतना दिए। अध्ययनका सिलसिलामा गौरादहस्थित जनता माविमा कक्षा ८ मा भर्ना भएँ। राजा समर्थक मण्डलेहरू र नेकपा (माले) पक्षधर अखिलका बीचमा भिडन्त र झडपहरू सामान्यझैँ लाग्थे। म अखिल पक्षको विद्यार्थी भएकाले दोहोरो भिडन्तबाट अछुतो रहने सवालै भएन। बुवाआमा, दाजु सबै परिवर्तनका पक्षधर र भाइहरू मभन्दा साना भएकाले समस्या हुने कुरै थिएन।

मध्यमवर्गीय मेरो परिवार खानलाउन कुनै दुःख थिएन। भूमिगत नेताहरूको विश्वासिलो र सजिलो सेल्टर भएको हुनाले सागर (मदन भण्डारी), अमर सिंह (अमृत बोहरा), प्रदीप नेपाल आदि नेतासँग भूमिगतकालीन अवस्थामै घरमा भेट भयो। नेतृत्वसँगको लगातारको भेट र सामीप्यले मेरो चिन्तन, विचार र स्वभावहरूमा क्रमशः परिवर्तनको आभास महसुस गर्दै थिएँ।

२०३८ सालको अन्त्यतिर एकदिन डिल्ली दाइले तिमीले आज कमरेड मणिन्द्र कार्कीकोबाट एक जना कमरेडलाई आफ्नो घरमा ल्याउनुपर्छ भन्नुभयो। 'उहाँ पार्टीको जिम्मेवार नेता हो, यो तिमीलाई पार्टीले दिएको जिम्मेवारी हो, गोपनीयताको ख्याल गर्नु, होसियारीपूर्वक काम गर्नु' भन्नुभयो। कमरेड मणिन्द्र कार्कीकोमा गएँ। त्यहाँ कमरेड सरिता (शोभा कुँवर) भेटेँ। महिला पनि भूमिगत भएको पहिलो पटक देखेँ। मैले

उहाँलाई नेपाली ल्यु हुलानजस्तै देखेँ। यस्ता मानिससँगको भेटलाई गौरवका रूपमा महसुस गरेँ। उहाँलाई घर लिएर आएँ। राजनीतिक नेता–कार्यकर्ताका लागि सुरक्षित आश्रयको महत्त्वलाई मैले यस घटनाक्रमबाट बुझ्ने अवसर प्राप्त गरेँ। त्यहाँ आउने उपल्लो नेतृत्वको व्यवहारबाट परेको सकारात्मक प्रभावबाट हाम्रो परिवार असल सेल्टरदाताका रूपमा रूपान्तरित भयो।

२०३९ सालको अन्त्यतिर म कक्षा नौमा पढ्थेँ। हामी र मण्डले विद्यार्थीबीच झडप भयो। दोहोरो झडपमा दुवै पक्षका विद्यार्थी सामान्य घाइते भए। प्रशासनको उक्साहटमा मण्डलेहरूले अखिल पक्षधर विद्यार्थीमाथि ज्यान मार्ने उद्योगको मुद्दा लगाए। साथी शिवमाया तुम्बाहाम्फे गिरफ्तार हुनुभयो। म लगायत साथीहरूलाई वारेन्ट जारी भयो। विद्यालय छाडेर हामी तीन महिना भूमिगत बस्यौँ। तीन महिनापछि जिल्ला अदालतमा हाजिर भयौँ। अखिल पक्षले मुद्दा जितेपछि विद्यार्थी जीवन नियमित बन्यो।

२०४० सालमा भूमिगत कार्यकर्ताका रूपमा कमरेड सुशीला श्रेष्ठ घरमा आउनुभयो। उहाँसँगको भेटघाटबाट महिला पनि पार्टीको नेता हुन सक्ने विश्वास अझ बढ्दै गयो। यसबीच मेरो काम पार्टी कमरेडहरूको सुरक्षाका लागि उपयुक्त वातावरण निर्माण गर्ने, पार्टीका गोप्य चिठीपत्र र प्रकाशन सामग्री सुरक्षित ढङ्गले आदानप्रदान गर्ने, पार्टी प्रकाशनहरूको अध्ययन गर्ने, विद्यार्थी राजनीति गतिविधिहरूमा सहभागी बन्ने आदि हुन्थे। यी कामको मेसोमा लाग्ने क्रमसँगै मेरा भावनाहरूमा क्रमशः परिवर्तन हुँदै गए।

२०४१ सालमा कमरेड अष्टलक्ष्मी शाक्य (टीका) १८ महिनाको शिशु बोकेर पार्टी कामका लागि झापा आउनु भयो। उहाँले कमरेड छवि श्रेष्ठको घरमा आफ्नो १८ महिनाको छोरो विश्वासलाई छोडेर पार्टीको काममा अहोरात्र लाग्न थाल्नुभयो। उहाँलाई नजिकबाट बुझ्दै गर्दा, उहाँको व्यवहारबाट म यो निष्कर्षमा पुगेँ कि मानिस जबसम्म आफ्नो अन्तिम लक्ष्यप्रति प्रतिबद्ध र इच्छाशक्तिबाट निर्देशित हुन्छ, उसलाई कुनै बारबन्देज, अवरोध र कठिनाइले पराजित गर्न सक्दैन। त्याग, बलिदान, निष्ठा, इमान्दारी, प्रतिबद्धता र इच्छाशक्तिले सबै प्रतिकूलतालाई अनुकूलतामा बदल्न सम्भव छ भन्ने ज्ञान मलाई त्यही बेला भयो। मैले उहाँसँगको सङ्गतबाट धेरै ज्ञान र ऊर्जा प्राप्त गरेँ, जसले मलाई एउटा सामान्य महिलाको तहबाट उठाएर विशाल पार्टीको केन्द्रीय नेतृत्वको उचाइसम्म पुऱ्यायो। कमरेड अष्टलाई मेरी आमा असाध्यै माया गर्नुहुन्थ्यो। प्रत्येक भेटमा बच्चाका बारेमा सोध्नुहुन्थ्यो। सानो बच्चा चटक्कै छोडेर पार्टीमा लाग्ने कुराले आमाको मन निकै अमिलो भएको कुरा महसुस गर्थें। कमरेड अष्ट भूमिगत

नेताका रूपमा हाम्रो क्षेत्रमा आउनुभएपछि नै पार्टीको कामले नयाँ गति प्राप्त गऱ्यो। व्यवस्थित कमिटीहरू बने। यसै मेसोमा गाउँमा गाउँ पार्टी सक्रिय दल बन्यो, म त्यसको सदस्य भएँ। म अखिल नेपाल महिला सङ्घको इलाका कमिटीको सचिव भएर पनि काम गरेँ। एसएलसी सकेर पढाइलाई अगाडि बढाउने तयारी गरिरहेकै बेला पार्टीको प्रेरणाबाट मेरो जीवनले नयाँ मोड लियो। पार्टी कामलाई निरन्तरता दिन आफ्नो शैक्षिक यात्रा बिट मार्नुपऱ्यो। त्यसबेलासम्म मेरो घरपरिवार पार्टीप्रति सकारात्मक र सहयोगी नै थियो। तर जब मैले पार्टीको पूर्णकालीन कार्यकर्ता बन्ने मनस्थिति बनाएँ, बुवाआमा, दाजु–भाइहरूले अस्वीकार गर्नुभयो। यो पार्टीप्रतिको विरोध थिएन, बरु मेरो जोखिमपूर्ण जीवनप्रतिको गुनासो थियो। जे भए पनि परिवारबाट मलाई रोक्ने प्रयत्न भएपछि मैले विद्रोह गरेँ।

२०४२ सालमा परिवारसँग विद्रोह गरी पूर्णकालीन भूमिगत कार्यकर्ता भएर जब पार्टी काममा हिँडेँ, आफन्तजन र अन्य मानिसहरूले मेराबारेमा अनेकौँ कुरा गरेछन्। अनेकौँ कथा सुनाएछन्। आमा धेरै बेचैन हुनुभएछ। छोरीलाई घर फर्काइदिन अनुरोध गर्नुभएछ। तर त्यो सम्भव थिएन। छोरीप्रतिको प्रेम आमाको ठाउँमा सही थियो, परन्तु पारिवारिक उल्झनबाट क्रान्तिको लक्ष्य पूरा हुने थिएन। म जनतालाई नै मेरो आफन्त र जनताको घरलाई नै आफ्नो घर बनाएर काम गर्ने मानसिकताका साथ लागेँ। त्यो बेला झापामा इन्द्र बुढाथोकी, नारायणसिंह राजवंशी, बलराम गजुरेल, विश्व बराल, चन्द्र पोखरेल, कृष्ण गौतम, हरि कट्टेल, टङ्क भट्टराई, देवराज घिमिरे, केशव बस्नेत, देवकुमार आचार्य, उमेशचन्द्र मुखिया, तिलबहादुर राई, पवित्रा निरौला, विष्णु खड्का, लीला कट्टेल, सीता बस्नेत, धर्मकला चुँडाल, टीका घिमिरे आदि पार्टीका पूर्णकालीन कार्यकर्ता हुनुहुन्थ्यो। त्यस बेला व्यक्तिगत स्वार्थ भन्ने केही थिएन। आफ्नो ज्यानको पर्वाह थिएन, नेपाली क्रान्तिको निमित्त अनुकूल वातावरण निर्माण मुख्य उद्देश्य थियो।

पार्टी काम गर्न र काममा टिक्न जनाधार महत्त्वपूर्ण भएकाले आधारभूत जनताका बीचमा पार्टी कामलाई केन्द्रित गर्नु आवश्यक थियो। त्यसका लागि पार्टीका सेल्टरहरू विकास र विस्तार गर्नु, तिनै आश्रयहरूमा दरिलो आसन जमाएर कामको विकास गर्नु, कार्यकर्ताहरूको उत्पादन गर्नु आवश्यक थियो।

सेल्टरका लागि विशेष योजना बनाएर स्थान छनोट गरिन्थ्यो। वर्गीय जनता, घना बसोबास, यातायातको पहुँच नपुगेका स्थानहरूमा सेल्टर निर्माणका लागि बढ्ता ध्यान दिइन्थ्यो। आज पार्टी कार्यालयबाट हुने काम त्यतिबेला आश्रय बनाएर गरिन्थ्यो। पार्टीका योजना बैठकहरू, आन्दोलनको तयारी, भेला, सम्मेलन, प्रशिक्षण, अधिवेशन,

पार्टी सामग्रीको सुरक्षा, भूमिगत कार्यकर्ताहरूको विवाह, उनीहरूका बालबच्चाको लालनपालन सबै जनताका घर–झुपडीमै गरिन्थ्यो। प्रतिक्रियावादीहरूको दमन हुने भएकाले आश्रयदाता पूर्णरूपमा सचेत हुन आवश्यक हुन्थ्यो। त्यसका लागि पार्टीको प्रशिक्षण हुन अनिवार्य थियो। भूमिगत कार्यकर्ताहरूका लागि सुरक्षाको जिम्मा सेल्टरदाता कमरेडहरूकै हुने गर्दथ्यो।

भूमिगत भएर काम गर्न थाल्नुभन्दा अगाडिदेखि नै मैले सेल्टरको महत्त्व घरैबाट बुझेकी थिएँ। त्यसबाट शिक्षा लिँदै आफ्नो कार्यक्षेत्रमा धेरै सेल्टर निर्माण र विकासमा ध्यान दिएँ। पछिल्लो अवधिमा झापामा थुप्रै भरपर्दा सेल्टर निर्माण भएका थिए। २०४४ सालको हिउँदमा नेकपा (माले) को विस्तारित बैठक झापामा धरमपुर गाविसका कमरेड देवीप्रसाद रेग्मीको घरमा बसेको थियो। सम्पूर्ण सुरक्षाको जिम्मेवारी हाम्रो काँधमा थियो।

सेल्टरहरूमा पुग्दा पाएको माया र पार्टीप्रतिको अटल विश्वास, सहयोग, रेखदेखले मलाई थप जिम्मेवार बन्न प्रेरणा थपिदियो। नेता–कार्यकर्ताहरू सेल्टरमा बसेका बेला अवस्था अनुकूल भएसम्म बाहिरफेर गएर काम सघाउने, नसकिने परिस्थितिमा घरभित्र खाना पकाउने, बच्चा हेरिदिने गर्नुहुन्थ्यो। जनताले पार्टीका नेता–कार्यकर्तालाई आफ्नै परिवारको सदस्यका रूपमा स्वीकार गर्थे। अन्यसँग भन्न नसक्ने निजी कुरा पनि खुलेर राख्थे। जनता र कार्यकर्ताका बीच यति धेरै माया थियो कि दुई–चार दिन सेल्टरमा आउन ढिलो हुँदा खोजी हुन्थ्यो। चाडबाड आउँदा परिवारकै सदस्यसरह लुगाकपडा किनिदिने, मिठोमसिनो पाक्दा हाम्रो भाग छुट्याएर राखिदिने काम हुन्थ्यो। बालबच्चा, आमाबुवा सबैको प्रिय हुन्थ्यौँ। बिहानै हिँड्दा पनि खुवाएर मात्र पठाउनु हुन्थ्यो। कहीँ मकै–भटमास भुटेर दिनुहुन्थ्यो।

कमरेडली भावना थियो, माया र विश्वास थियो। आफ्नो सबैभन्दा गोप्य पूजाकोठामा हामी बस्ने ठाउँ हुन्थ्यो। आफ्ना बाकस र दराज भएका ठाउँमा राख्नु हुन्थ्यो। कुन जातको, कुन धर्मको केही सोधिँदैन थियो। भूमिगत कार्यकर्ताको आफ्नो निजी जीवन थिएन। जनताको घर आफ्नो घर, जनता नै आफन्त थिए। आफ्नो घर सेल्टरका रूपमा प्रयोग गरेर अतुलनीय गुन लगाउनु हुने कमरेडहरूमा देवीप्रसाद रेग्मी, छविलाल श्रेष्ठ, लता प्रसाईं, तुलसा बराल, काशीनाथ पौडेल, युवराज पाठक, तारा काफ्ले, तुलसा बानियाँ, कमला घिमिरे, नरमाया कार्की जानुका सिटौला, रामचन्द्र उप्रेती, सावित्रा खड्का, कल्पना सिटौला, उर्मिला पौडेल, समधोज कार्की, दिनानाथ गौतम, पृथ्वीशोभा मैनाली, पम्फा दाहाल, इन्दिरा चापागाई, कर्णबहादुर मगर, होमनाथ

भण्डारी, रुद्र चापागाई, गोपाल पन्त, शेखर घिमिरे, माधव घिमिरे, तीर्था उदास, खड्गमाया निरौला, खेमकुमारी काफ्ले, भक्ता दाहाल, हरिमाया बराल, रुद्र खड्का, पवित्रा पाठक, कृष्णमाया भण्डारीको नाम छुटाएँ भने अन्याय हुन्छ। त्यसका साथै पुष्प बस्नेत, रमेश भट्टराई, खडानन्द वाग्ले, कल्याण केसी, इन्द्रकुमारी गुरुङ, अर्जुन राई, कृष्ण राई, बछला खनाल, मेनुका गौतम, कमल लामिछाने, चान फौदार ताजपुरिया, तिला निरौला, डम्बर बस्नेत, भीमा श्रेष्ठ, हरि राना, नीलकण्ठ निरौला, निर्मला शिवाकोटी, कमला घिमिरे, कृष्ण खड्का, उर्मिला भण्डारी, शान्ता मुखिया, जीवलाल गौतम, सीता भट्टराई, वसन्ती न्यौपाने, गणेश श्रेष्ठ, रेणुका ढुङ्गेल, विमला दाहालका घरहरुले दिएको न्यानो स्पर्श र माया कसरी बिर्सन सक्छु र ? त्यस्तै श्री लामिछाने, सीता घिमिरे, गजेन्द्र श्रेष्ठ, खगेन्द्र आचार्य, ददिराम खनाल, भीम अधिकारी, यशोदा अधिकारी, होमबहादुर थापा, भीम खवास, गजेन्द्र खवास, नेत्रकुमारी पौडेल, यमनाथ दाहाल, भोजकुमार घिमिरे, होमनाथ दङ्गाल, किरण राई, बलजित राई होमप्रसाद गौतम आदिको ममतायुक्त छहारी र आश्रयस्थल सधैँभरि सम्झिरहन्छु। अन्य कतिपय कमरेडहरूको नाम मैले सम्झन सकिनँ। पूर्णकालीन कार्यकर्ताका रूपमा काम गर्नेमा गीता गजुरेल, शान्ता खतिवडा, सीता उप्रेती, सुकला गुरुङ, यमुना खरेल आदि हुनुहुन्थ्यो।


क्रान्तिकारी आन्दोलनकै दौरानमा मेरो विवाह पार्टी नेतृत्वको आयोजनामा एउटा सेल्टरमा जिल्लामै भूमिगत रहेर काम गर्ने पार्टी कार्यकर्ता चन्द्रकुमार पोखरेलसँग भयो। विवाहमा प्रमुख अतिथि कमरेड अमृत बोहरा हुनुहुन्थ्यो, मेची अञ्चलका अगुवा नेता र जिल्लाका अगुवा कमरेडहरूको उपस्थिति थियो। विवाह के हो, वैवाहिक जीवनपछि आउन सक्ने समस्या र चुनौतीलाई समाधान कसरी गर्ने भन्ने प्रशिक्षण दिइयो। कार्यक्रम बेलुका ८ बजेदेखि बिहान २ बजेसम्म चल्यो। त्यसको नेतृत्व कमरेड अष्टलक्ष्मी शाक्यले गर्नुभएको थियो। सामान्य खानाको व्यवस्था थियो। सबै कमरेडहरूले विवाहपछि पनि पार्टी कामको निरन्तरताको अपेक्षासहित शुभकामना राख्नुभयो। हामीले पनि पार्टी नेतृत्वलाई ढुक्क रहन अनुरोध गर्दै देश, जनता, पार्टी र क्रान्तिको पक्षमा दृढतापूर्वक लागिरहने प्रतिबद्धता जाहेर गर्यौँ। हाम्रो विवाह तोपगाछी गाविसका प्रेमबहादुर राईको घरमा भएको थियो।

त्यसबेला सेल्टरदाताहरूले नेकपा (माले)का कार्यकर्ताहरूलाई कर्मवीर योद्धा समान ठान्थे। सेल्टरदाताहरू आफ्नो घरलाई देश दुनियाँ बदल्ने योजनाका थलोका रूपमा लिन्थे।

यो संस्मरण लेखिरहँदा कमरेड कर्णबहादुर मगरको नाम लेखिएन भने सेल्टरको स्मरण अधुरो हुनेछ। धाइजनको जङ्गलछेउमा एउटा सानो झुप्रो पार्टीका अध्ययन सामग्री, प्रकाशनहरू त्यही सेल्टरमा हुन्थे। सुरक्षाको अभिभारा सेल्टरदाताकै हुन्थ्यो। एकसरो काम सकेर सानो समूह बनाई पार्टी प्रकाशनको अध्ययन गर्ने काम त्यही सेल्टरमा नै हुन्थ्यो। कर्ण कमरेड दिनभरि मालिकको घरमा काम गर्नु हुन्थ्यो, राती क्रान्तिको काममा जनतालाई सङ्गठित गर्ने काम गर्नु हुन्थ्यो। पार्टीलाई आर्थिक रूपले बलियो बनाउन चुलोको छेउमा माटाको घैँटोमा छाक काटेर पार्टीको नाममा एक मुठी चामल राख्ने, कुखुराले चल्ला निकाल्दा एउटा चल्लो पार्टीका नाममा छुट्याउने, साहुले दिएको ज्याला पार्टीलाई लेभी बुझाउने गर्नुहुन्थ्यो। उहाँकी ८० वर्षीया आमाले पनि 'नानी, माले देउताका लागि भाले छुट्याएर राख्या छ, हाम्रो सुख माले देउताले मात्र ल्याउन सक्छ' भन्नु हुन्थ्यो। आमाले देखाउनु भएको यो अटल विश्वासले मलाई कहिल्यै निराश हुन दिएन। पार्टीका नेता–कार्यकर्ताका लागि भनेर सिरक छपाएर राखिएको थियो, आफू नओढी जाडो आफू सहने तर पार्टीका नेतालाई दुःख नहोस् भन्ने सोच राख्नु हुन्थ्यो।

दर्जनौँ नेता–कार्यकर्ताहरू लामो समयदेखि कठोर बन्दी जीवन बिताउँदै हुनुहुन्थ्यो। कवि–कलाकारहरू बन्द पर्खालभित्र आफ्नो आवाज घन्काइरहनु भएको थियो। हामी पार्टी काममा अहोरात्र लाग्ने कार्यकर्ताहरू गाउँका झुप्राहरूमा जनतालाई सङ्गठित गर्दै सङ्घर्षको ज्वाला घन्काउँदै थियौँ। अन्त्यमा जनताको बलिदानीपूर्ण सङ्घर्ष सडकमा पोखियो। ३० वर्षे निरङ्कुश पञ्चायती व्यवस्था अन्त्य भयो। हाम्रा सेल्टरहरू सहरबजार, सदरमुकाम र राजधानीमा उद्घाटित भए। ●

# पार्टी निर्माणमा सेल्टरदाताको भूमिका



युवराज कार्की
केन्द्रीय सल्लाहकार परिषद् सदस्य

साढे तीन दशकअघिसम्म हाम्रो देश राजाको निरङ्कुश शासनमुनि पिल्सिरहेको थियो। जनताका सम्पूर्ण अधिकार खोसिएका थिए। समयले निरङ्कुश शासनविरुद्ध एउटा जबर्जस्त आन्दोलनको माग गरिरहेको थियो। देशमा निरङ्कुश शासनका विरुद्ध लड्ने दुइटा शक्ति थिए– एउटा उदार पुँजीवादी शक्ति, जसको नेतृत्व नेपाली काङ्ग्रेसले गर्थ्यो र अर्को क्रान्तिकारी वामपन्थी शक्ति, जसको नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले गर्थ्यो। दुवै शक्ति मिलेर लडेको भए निरङ्कुश शासन धेरै अघि धराशयी भइसक्ने थियो र देशमा लोकतन्त्रको नयाँ बिहानी भित्रिसक्ने थियो। तर नेपाली काङ्ग्रेस वामपन्थीहरूसँग मिलेर संघर्षमा उत्रन तयार भएन। ऊ भारतमा निर्वासित भएर एक्लै लोकतन्त्र ल्याउने डङ्का पिटेर बसेको थियो। नेपाल कम्युनिस्ट पार्टी संयुक्त आन्दोलनको पक्षमा त थियो तर टुटफुट र विभाजनले आफैँ कमजोर भइसकेको थियो। यस्तो परिस्थितिमा सबैभन्दा पहिले मुलुकको विभाजित कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्न जरुरी थियो। यो काम आपसी अन्तरद्वन्द्व र गुटबन्दीमा फसेका पुराना कुनै पनि नेता वा समूहबाट सम्भव थिएन। त्यसैले यो ऐतिहासिक जिम्मेवारी पूरा गर्ने पहलकदमी झापाली कम्युनिस्ट क्रान्तिकारीहरूले लिए।

उनीहरू मनमोहन अधिकारीले नेतृत्व गरेको नेकपाको पूर्व कोशी समूहको मातहतमा काम गर्दै थिए। पार्टी काममा लाग्दै जाँदा क्रान्तिकारी आन्दोलन कसरी अगाडि बढाउने भन्ने सबालमा पूर्व कोशी समूहको नेतृत्वसँग झापाली क्रान्तिकारीहरूको मतभेद बढ्दै गयो। सामन्ती शोषण उत्पीडनका विरुद्ध किसानहरूले गरेका शान्तिपूर्ण सङ्घर्षलाई निरङ्कुश पञ्चायती सरकारले निर्मम दमन गर्न थालेपछि झापाली क्रान्तिकारीहरू अब सशस्त्र सङ्घर्ष गर्नुपर्छ भन्ने निष्कर्षमा पुगे। तर पूर्व कोशी समूहको

नेतृत्व चाहिँ अहिले सशस्त्र सङ्घर्ष गर्ने बेला भएको छैन भन्ने मान्यता राख्थ्यो। यसबेलाको परिस्थिति भने झापालीहरूको निष्कर्षलाई सहयोग पुग्ने ढङ्गले विकसित भइरहेको थियो। भारतको पश्चिम बङ्गालमा नक्सलवादी आन्दोलन चर्किरहेको थियो। उत्तरतर्फ चीनमा 'सांस्कृतिक क्रान्ति' को उभार आइरहेको थियो। चीनले भारतको नक्सलवादी आन्दोलनलाई खुलमखुला समर्थन गर्न थालेको थियो। उत्तर र दक्षिण दुवै तर्फको रापतापले हाम्रो देशका क्रान्तिकारीहरूलाई नछुने कुरै थिएन। नेपाल–भारत बीचको खुला सिमानाले गर्दा एक अर्को देशमा आवतजावत गर्न कुनै कठिनाइ थिएन। यसैबीच मेची वारीका झापाली क्रान्तिकारीहरू र मेचीपारिका नक्सलवादीहरूका बीच भेटघाट र विचार आदानप्रदान हुन थाल्यो। नक्सलवादीहरूसँग सम्पर्क बढ्दै गएपछि पूर्व कोशी समूहसँग झापाली क्रान्तिकारीहरूको अन्तरविरोध अझ फराकिलो बन्दै गयो। पूर्व कोशी समूहका नेता गोपालकृष्ण प्रसाईं (झापा) सँग झापाली क्रान्तिकारीहरू पहिलेदेखि नै असन्तुष्ट थिए। त्यसले झापा जिल्ला कमिटीभित्र ठूलो अन्तरविरोध पैदा गर्‍यो। त्यो अन्तरविरोध समाधान गर्न पूर्व कोशीले मोहनचन्द्र अधिकारीलाई झापा पठायो तर उहाँले नेतृत्वको चाहनाबमोजिम गोपालकृष्ण प्रसाईंलाई बचाउ गर्नुको साटो झापाली युवाहरूलाई नै साथ दिनुभयो। यसबाट रुष्ट भएर पूर्व कोशी समूहले मोहनचन्द्र अधिकारीलाई कारबाही गर्‍यो।

यसै घटनालाई लिएर झापाली क्रान्तिकारीहरूले पूर्व कोशी समूहसँग सम्बन्ध विच्छेद गरे र राधाकृष्ण मैनालीको नेतृत्वमा 'झापा जिल्ला को–अर्डिनेसन कमिटी' गठन गरे। यही बिन्दुदेखि उनीहरूले स्वतन्त्र रूपले काम गर्न थाले। उनीहरूले लडाकु किसान आन्दोलनलाई सशस्त्र सङ्घर्षको उचाइमा उठाउन नक्सलवादीहरूले अपनाउँदै आएको 'वर्गशत्रु खत्तम' को बाटो समाते। यस क्रममा किसानहरूमाथि असह्य शोषण, दमन र उत्पीडन चलाउँदै आएका सामन्ती जमिन्दारहरूमाथि एक्सन गर्दा केही मानिसहरू मारिए। यसको बदलामा निरङ्कुश पञ्चायती सरकारले झापाली क्रान्तिकारीहरूमाथि ठूलो दमन अभियान चलायो। त्यो दमन अभियानका क्रममा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरियो, घर घरमा छापा मारियो, कम्बिङ अप्रेसन चलाइयो, तालिम प्राप्त कुकुर समेत प्रयोग गरियो र ठूलो संख्यामा आन्दोलनकारी नेता, कार्यकर्ता र सहयोगी जनतालाई गिरफ्तार गरियो। यस्तो विषम परिस्थितिमा आफ्नो शक्ति जोगाउन कयौँ क्रान्तिकारीहरू भुमिगत भए, कयौ निर्वासित भए। पक्राउ परेका नेता तथा कार्यकर्ताहरूलाई अमानविय यातनाका साथ जेलमा हालियो। जेल हालिएका नेताहरूमध्ये रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन्द्र राजवंशी, कृष्ण कुईकेल र नारायण

श्रेष्ठलाई २०२९ फागुन २१ गते जेल सार्ने बहानामा इलामको सीमा नजिकै झापाको सुखानीमा लगेर निर्ममतापूर्वक गोली हानी हत्या गरियो।

क्रान्तिकारी योद्धाहरूलाई हत्या गरेर क्रान्तिको प्रवाहलाई रोक्ने प्रतिक्रियावादीहरूको दुष्प्रयास संसारमा कहीँ पनि सफल भएको छैन। झापाबाट सुरु भएको क्रान्तिकारी आन्दोलनको प्रभाव पनि त्यसको अपवाद हुन सक्दैन थियो। झापाली क्रान्तिकारीहरूले सुखानीमा बगाएको रगतले देशभर छरिएर रहेका धेरै युवाहरूलाई क्रान्तिकारी आन्दोलनमा लाग्न प्रेरित गर्‍यो। नेपालको कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी कार्यदिशाको खोजी गर्दा झापाली क्रान्तिकारीहरूबाट उग्रवामपन्थी प्रकृतिका गम्भीर गल्तीहरू पनि भएका थिए। अनुभवको कमी र अन्तर्राष्ट्रिय परिस्थितिको प्रभावले गर्दा उनीहरूमा उग्रवामपन्थी चिन्तन र क्रान्तिको नक्कल गर्ने प्रवृत्ति देखापरेको थियो। तर उनीहरूमा रहेको उदात्त क्रान्तिकारी भावना, निरङ्कुश शासनका विरुद्ध लड्ने आँट, जाँगर र प्रतिबद्धता तथा लक्ष्य प्राप्तिका निम्ति अविराम लागिरहने दृढताले गर्दा समयक्रममा उनीहरूले आफ्ना गल्ती–कमजोरीहरू सच्याउँदै गए र नेपालको विभाजित कम्युनिस्ट आन्दोलनलाई क्रान्तिकारी कार्यदिशाको आधारमा पुनर्गठन गर्ने अभियानलाई सफलताको शिखरमा पुर्‍याई छाडे। उनीहरूले सुरु गरेको क्रान्तिकारी अभियानकै जगमा २०३२ सालमा 'अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसन कमिटी (मार्क्सवादी–लेनिनवादी)' गठन भयो। यस घटनापछि नेपालको विभाजित कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिकारी ध्रुवीकरणको नयाँ प्रक्रिया सुरु भयो। देशका विभिन्न भागमा छरिएर रहेका क्रान्तिकारीहरू नयाँ ढङ्गले सोच्न र कम्युनिस्ट आन्दोलनलाई पुनर्गठन गर्ने दिशामा अघि बढ्न थाले।

उता पुष्पलाल समूहभित्र पनि क्रान्तिकारीहरूको ठूलो पङ्क्ति नेतृत्वसँग असन्तुष्ट रहेछ र कम्युनिस्ट आन्दोलनभित्र क्रान्तिकारी कार्यदिशाको खोजीमा रहेछ। झापाली क्रान्तिकारीहरूले 'को–अर्डिनेसन केन्द्र' गठन गरेर देशभरका क्रान्तिकारीहरूलाई एकताको आह्वान गरेपछि उहाँहरू पनि पुष्पलाल समूहबाट अलग हुनुभयो र मुक्ति मोर्चाको नामबाट अघि बढ्न थाल्नु भयो। समान उद्देश्य बोकेका यी दुवै समूहबीच भेटघाट र छलफलपछि एकताबद्ध भएर अघि बढ्ने सहमति भयो। यो सहमतिले देशभर छरिएर रहेका क्रान्तिकारीहरूलाई एकता अभियानमा सामेल हुन ठूलो प्रेरणा दियो। त्यसको केही समयपछि दाङको 'सन्देश समूह' र 'पूर्वको रातो झण्डा समूह' पनि एकता अभियानमा सामेल भए। त्यसैगरी क्रान्तिकारी कार्यदिशाको खोजी गरिरहेका सानाठूला धेरै समूह यो अभियानमा सामेल हुँदै गए। यसरी देशमा एउटा क्रान्तिकारी कम्युनिस्ट

पार्टी निर्माण गर्ने न्यूनतम आधार तयार भएपछि २०३५ सालमा नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेलिनवादी) नामको नयाँ पार्टी गठन भयो ।

यसले नेपालको कम्युनिस्ट आन्दोलनभित्र पुनर्गठन र ध्रुवीकरणको व्यापक लहर सिर्जना गर्नुका साथै निरङ्कुश शासनका विरुद्ध लड्ने बलियो आधार खडा गरिदियो। झापा विद्रोहको आधारशिलामा खडा भएको त्यही पार्टी गठन, पुनर्गठन र एकीकरणका नयाँ चक्रहरू पूरा गर्दै आज आएर नेकपा (एमाले) का रूपमा विकसित भएको छ। नेकपा (एमाले) आज नेपालको कम्युनिस्ट आन्दोलनको मूलधार मात्र नभएर राष्ट्रिय राजनीतिकै मुख्य शक्ति बन्न पुगेको छ। यही पार्टीको नेतृत्व र सहभागितामा देशमा ठूलाठूला आन्दोलनहरू भए, मुलुकका प्रमुख राजनीतिक दलहरूको संयुक्त आन्दोलनले निरङ्कुश राजतन्त्रको अन्त्य भयो र देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। शान्तिपूर्ण जनआन्दोलनले प्राप्त गरेका उपलब्धिहरूलाई संस्थागत गर्न संविधानसभाको निर्वाचन भयो। जननिर्वाचित संविधानसभाले नयाँ संविधान निर्माण गर्‍यो र त्यसले मुलुकलाई समाजवादतर्फ अघि बढ्ने बाटो समेत खोलिदियो। अहिले हामीहरू समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य पूरा गर्दै समाजवादतर्फ अघि बढ्ने विन्दुमा आइपुगेका छौँ।

हाम्रो पार्टी र सिङ्गो देशलाई यहाँसम्म ल्याउन धेरै क्रान्तिकारी योद्धाहरूले महत्त्वपूर्ण भूमिका खेल्नु भएको छ। देशमा एकछत्र निरङ्कुश शासन चलिरहेका बेलामा क्रान्तिकारीहरूको एउटा पङ्क्तिले आफ्ना सम्पूर्ण सुख, सुविधा र व्यक्तिगत उन्नतिका सबै अवसरहरूलाई त्याग्दै सङ्घर्ष र बलिदानको कष्टसाध्य बाटो नरोजेको भए, अर्को एउटा पङ्क्तिले क्रान्तिकारी परिवर्तनका निम्ति सुखानी, चमैता, भीमान, छिन्ताङ, पिस्कर र अन्य कयौँ ठाउँको धर्ती आफ्नो रगतले रङ्ग्याउन तयार नभएको भए, अझ अर्को एउटा पङ्क्तिले आफ्नो जीवनको सबैभन्दा ऊर्जाशील कालखण्ड दशकौँसम्म जेलका चिसा छिडीमा यातनापूर्वक बिताउन तयार नभएको भए, अझ भनौँ अर्को एउटा पङ्क्तिले निरङ्कुश शासकका बन्दुकसँग लुकामारी खेल्दै गाउँ–गाउँमा पुगेर जनतालाई जागृत, सङ्गठित र आन्दोलित नगरेको भए, आज हामीसँग न नेकपा (एमाले) जस्तो क्रान्तिकारी पार्टी हुने थियो, न त देशमा लोकतान्त्रिक गणतन्त्र नै आउने थियो। देशको कम्युनिस्ट आन्दोलनमा सामेल हुन आउने नयाँ पुस्ताले अघिल्लो पुस्ताको यो गौरवशाली इतिहास र योगदानलाई देख्न सक्नुपर्छ, त्यसलाई आदर्शका रूपमा लिन सक्नुपर्छ र त्यसबाट उचित शिक्षा लिंदै आन्दोलनलाई सिर्जनात्मक रूपले अझै उचाइमा पुर्‍याउने सङ्कल्प गर्नु पर्दछ।

हाम्रो पार्टी र मुलुकलाई यो उचाइसम्म पुऱ्याउन सेल्टरदाताहरूको पनि अत्यन्त ठूलो योगदान रहेको छ। निरङ्कुश शासनका विरुद्ध विद्रोहको झण्डा उठाउँदै क्रान्तिकारी आन्दोलनमा होमिएको हुनाले हाम्रो पार्टीले सुरुदेखि नै कडा भूमिगत ढाँचामा काम गर्नुपऱ्यो। यसका अधिकांश नेता तथा कार्यकर्ता भूमिगत राजनीतिक गतिविधिमा लागेका थिए। उनीहरूलाई खान, बस्न र राजनीतिक गतिविधि गर्न सुरक्षित ठाउँको आवश्यकता पर्दथ्यो। त्यस्ता सुरक्षित ठाउँलाई सेल्टर भनिन्थ्यो। पार्टी र क्रान्तिकारी आन्दोलनलाई समर्थन गर्ने जनताका घरलाई सेल्टरका रूपमा प्रयोग गरिन्थ्यो। पार्टीका माइन्युट, दस्तावेज, टाइपराइटर, लिथोमेसिन र अन्य आवश्यक सामग्रीहरू सुरक्षित रूपले राख्न पनि सेल्टरको आवश्यकता पर्दथ्यो। पार्टीका मिटिङ, बैठक, भेटघाट, प्रशिक्षण र भेलाहरू आयोजना गर्न सेल्टर नै चाहिन्थ्यो। ठूलठूला सम्मेलन र महाधिवेशनहरू गर्न पनि सुरक्षित सेल्टर नै चाहिन्थ्यो। निरङ्कुश शासनको त्यस कालखण्डमा सेल्टरबिना हाम्रो पार्टी एक पाइला पनि अघि बढ्न सक्ने थिएन। यति धेरै महत्त्व थियो सेल्टरको त्यतिबेला। तर सेल्टर पाउन कहाँ त्यति सजिलो थियो र ? निरङ्कुश सरकारले वारेन्ट काटेर खोजी गरिरहेका नेता तथा कार्यकर्तालाई सेल्टर दिने कुरा कम जोखिमपूर्ण थिएन। अलिकति तलमाथि पर्ने बित्तिकै त्यस्ता सेल्टरदाताहरू सरकारको कोपभाजनमा पर्न सक्थे। त्यस्तो जोखिमको सामना गर्दै विभिन्न जिल्लाका जनताले हाम्रो पार्टीका नेता तथा कार्यकर्ताहरूलाई सेल्टर दिएर मुलुकको लोकतान्त्रिक आन्दोलनमा ठूलो सहयोग पुऱ्याएका थिए।

कुनै एउटा घरलाई सेल्टरका रूपमा विकास गर्न धेरै मिहिनेत गर्नु पर्दथ्यो। सबभन्दा पहिले घरमूलीलाई पार्टीको पक्षमा ल्याउनु पर्दथ्यो। त्यसपछि क्रमशः घरका प्रत्येक सदस्यहरूलाई पार्टीको पक्षमा ल्याउनु पर्दथ्यो। परिवारका एक जना सदस्य मात्र पनि पार्टीको विपक्षमा रहे भने त्यो घरलाई सेल्टरका रूपमा प्रयोग गर्न सकिँदैनथ्यो। हामी परिवार र सम्पूर्ण सदस्यको समर्थन प्राप्त गर्न पहिले महिलाहरूको विश्वास जित्ने प्रयास गर्थ्यौं। त्यसका लागि हामी भान्सामा गएर तरकारी केलाउने, खाना पकाउने, भाँडा माझ्ने, बच्चा हेर्ने, छोराछोरी पढाइदिने, कपडा धुने, सुरक्षालाई ध्यान दिँदै मेलापातमा गएर सघाउने काम गर्थ्यौं। यसका साथै जनवादी गीतहरू गाउने, क्रान्तिकारी कथाहरू सुनाउने, अन्य मुलुकका क्रान्तिकारी योद्धाहरूको जीवनी पढाउने आदि कामहरू गरेर सेल्टरदाता परिवारको विश्वास जित्ने प्रयास गर्थ्यौं। गाउँमा भन्दा सहरमा सेल्टर बनाउन गाह्रो हुन्थ्यो। तर सेल्टरमा आवतजावत गर्न चाहिँ गाउँमा भन्दा शहरमा सजिलो हुन्थ्यो। गाउँमा सेल्टरभित्र जाँदा कसैले नदेख्ने गरी साँझ परेपछि मात्र प्रवेश गर्नु पर्दथ्यो। त्यसैगरी सेल्टरबाट बाहिर जाँदा पनि उज्यालो नहुँदै कसैले नदेख्ने गरी निस्कनु

पर्दथ्यो। सेल्टरमा बस्दा घरमा आउने नातागोता र अपरिचित मानिसले नदेखून् भनेर प्रायः तलामाथि बस्नु पर्दथ्यो। तलामाथि बस्नु पर्दा तल भान्साबाट आउने धूवाँले साह्रै सताउँथ्यो। दिसापिसाब लाग्दासमेत दिउँसो बाहिर निस्कन पाइँदैनथ्यो। त्यसका लागि घरभित्रै विशेष व्यवस्था मिलाइएको हुन्थ्यो। सेल्टरदाता परिवारले पार्टीका नेता तथा कार्यकर्ताहरूलाई आफ्नै दाजुभाइ, छोराछोरी र पारिवारिक सदस्यजस्तै माया गर्नुहुन्थ्यो। घरमा पाकेको मिठो मसिनो नछुट्याइकन बाँडीचुँडी खानुहुन्थ्यो। जनताबाट प्राप्त यस्तो माया ममताले भूमिगत बसेर काम गर्ने नेता तथा कार्यकर्तालाई आन्दोलनमा लागिरहन थप प्रेरणा दिन्थ्यो। मधेसका जिल्लाहरूमा त भूमिहीन किसानहरूले अर्काको मेलामा जाँदा आफूलाई दिएको खाजासमेत जोगाएर कमरेडहरूलाई ल्याइदिनु हुन्थ्यो। यसरी हिजोका कठिन दिनहरूमा पार्टीलाई सेल्टर दिएर क्रान्तिकारी आन्दोलनमा सहयोग पुऱ्याउने जनताको योगदानलाई हामीले कहिल्यै पनि भुल्नु हुँदैन।

मैले आफ्नो भूमिगत जीवनको सबैभन्दा धेरै समय काठमाडौँको पार्टी काममा लगाएको थिएँ। यहाँ कस्ता कस्ता सेल्टरहरू बनाइयो भन्नेबारेमा सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरेको छु। यहाँ हामीले बनाएका अधिकांश सेल्टर विद्यार्थी, कर्मचारी र मजदुरका डेराहरू थिए। विद्यार्थीहरूले बाआमाले दिएको सीमित खर्च कटौती गरेर तथा कर्मचारी र मजदुरहरूले आफ्ना बालबच्चा पढाउने खर्च कटौती गरेर पार्टीका भूमिगत नेता तथा कार्यकर्ताहरूलाई पालेका थिए। केही महत्त्वपूर्ण सेल्टरहरू पार्टीले आफैँ कोठा भाडामा लिएर पनि चलाएको थियो। स्थानीय जनताका थोरै घरहरू मात्र सेल्टरको रूपमा प्रयोग गरिएको थियो। नख्खु जेल ब्रेक गरेर पार्टीको सम्पर्कमा आइपुगेका झापा विद्रोहका एक नायक तत्कालीन को–अर्डिनेसन केन्द्रका नेता सीपी मैनालीलाई राजधानीमै सुरक्षित रूपले राख्ने कुरा कम जोखिमपूर्ण थिएन। उहाँलाई प्रहरीले रेड अलर्ट नोटिस जारी गरेर खोजी गरिरहेको थियो। यस्तो अवस्थामा निरङ्कुश राजतन्त्रको प्रमुख अखडा नारायणहिटी दरबारको थोरै दूरीमा त्यसलाई उखेलेर फ्याँक्ने अभियान चलाइरहेको राजनीतिक पार्टीको प्रमुख नेता बस्थ्यो भन्ने कुरा आज कतिपय मानिसलाई पत्यार नलाग्न सक्छ। तर त्यसबेला हाम्रो पार्टीले अवलम्वन गरेको कडा भूमिगत कार्यशैलीले गर्दा त्यो सम्भव भएको थियो। ज्ञानेश्वरको मन्दिरको पछाडिपट्टि ताप्लेजुङ जिल्लाका पूर्वसभापति विजय थेवेकी बजुको एउटा सानो घर थियो। त्यही घरमा को–अर्डिनेसन केन्द्रका प्रमुख नेता सीपी मैनाली बस्नु हुन्थ्यो। एकदिन अमृत बोहराले मलाई त्यो घरमा लिएर जानुभयो र उहाँ कमरेड 'जय' भनेर मलाई चिनाउनु भयो। त्यसबेला कसैलाई पनि खुला नामबाट परिचय गराइन्नथ्यो। एकछिनको बातचितबाट मैले उहाँ पार्टीको निकै ठूलो नेता हुनुपर्छ भन्ने अनुमान लगाइसकेको थिएँ तर केही दिनअघिमात्र

बहुचर्चित नख्खु जेल विद्रोहबाट बाहिर निस्कन सफल भएका यति ठूलो नेतालाई यति सजिलै भेट्न सकिएला भनेर मैले कल्पना पनि गरेको थिइनँ।

यट्खाको दमाई टोलमा लोकेन शाहीको घरमा मेरो डेरा थियो। पार्टीले पहिलेदेखि नै सेल्टरका रूपमा प्रयोग गर्दै आएको त्यो डेरामा मलाई अमृतले लैजानु भएको थियो। यट्खाको त्यो सेल्टरमा सीपी मैनाली, माधव नेपाल, अमृत बोहरा लगायत पार्टीका वरिष्ठ नेताहरू बाक्लै आउजाउ गर्नुहुन्थ्यो। यसैबीच भियतनामले कम्बोडियामाथि हमला गर्‍यो। हामीले त्यो अन्यायपूर्ण हमलाका विरुद्धमा एउटा पर्चा निकाल्यौँ। पार्टीले भर्खरै एउटा लिथो मेसिन किनेको थियो। त्यसैबाट त्यो पर्चा छापिएको थियो। माघे सङ्क्रान्तिको दिन थियो, सबै मानिसहरू मिठो मसिनो खान लागेका थिए। हामीचाहिँ काठमाडौँ उपत्यकाका विभिन्न ठाउँमा पर्चा छर्न गयौँ। सुरेश कार्की र मेरो जिम्मा पुरानो बसपार्क परेको थियो। पर्चा छरिसकेपछि केही पर्चा बाँकी रहे। यति किन फिर्ता लैजाने भनेर हामी दोहोर्‍याएर छर्न थाल्यौँ। पञ्चायतकाल न हो, सादा पोसाकका प्रहरीहरू तैनाथ गरेको रहेछ। पहिले छरेका पर्चा भेटेपछि उनीहरू सतर्क भइसकेका रहेछन्। यही गल्तीले गर्दा म पक्राउ परेँ। मलाई हनुमानढोका प्रहरी कार्यालयमा ४५ दिनसम्म बिना पुर्जी यातना दिएर राखेको थियो। मलाई सीपी, माधव, अमृत लगायतका महत्त्वपूर्ण नेताहरू बस्ने सबै सेल्टर थाहा थियो। मेरै कोठामा पनि उहाँहरू बारम्बार आएर बस्ने गर्नुहुन्थ्यो। मलाई लिथो मेसिन, टाइपराइटर र पार्टीका संवेदनशील दस्तावेजहरू राखेको ठाउँ पनि थाहा थियो। त्यसबेला मैले अलिकति मात्र पनि गोपनीयता खुस्काएको भए पार्टीको जहाज डुब्न सक्थ्यो। प्रहरी हिरासतमा मलाई असह्य यातना दिइएको थियो। खुट्टा ठाडो र टाउको उँधोमुन्टो लगाएर पैतालामा प्लास्टिकको डोरीले हिर्काएको थियो। प्लास्टिकको डोरीले पैतालामा हान्दा मेरा आँखाबाट झिल्का छुट्थ्यो। पैतालाबाट छर्छर्ती रगत बग्थ्यो। मैले सङ्घर्षको मैदानमा सहादत प्राप्त गरेका वीर–वीराङ्गनाहरूलाई सम्झँदै दारा किटेर त्यस्ता सबैखाले यातना सहेँ तर पार्टीको कुनै पनि गोपनीयता खोलिनँ। मैले प्रहरीलाई आफ्नो कोठासमेत देखाइनँ। अर्कै साथीको कोठा देखाएर उनीहरूलाई छक्याइदिएँ। त्यसपछि मलाई काठमाडौँको केन्द्रीय कारागारमा लगेर थुनियो। २०३५/३६ सालको विद्यार्थी आन्दोलनले मलाई जेलबाट छुटायो।

जेलबाट छुटेपछि म फेरि यट्खाको पुरानै कोठामा बस्न थालेँ। एकदिन त्यहाँ सीपी, माधव र अमृतहरू भेला हुनुभएको थियो। बेलुका यस्तै छ/सात बजेको हुँदो हो, यट्खा दमाई टोलमा एक्कासि प्रहरीको हुल देखा पर्‍यो। कहिल्यै नदेखिने त्यो अपायक ठाउँमा अचानक प्रहरी देख्दा मेरो त सात्तै गयो। प्रहरी टोली हामी बसेको सहित आठ/

दसवटा घरलाई घेरा हाल्दै अघि बढ्न थाल्यो। त्यहाँबाट उम्किने कुनै उपाय थिएन। पार्टीको महासचिव भएको हुनाले कमसेकम सीपीलाई कसरी जोगाउने भनेर सबैले सोच्न थाल्यौँ। हाम्फालेर भाग्ने कि भन्ने कुरासमेत उठ्यो। तर त्यसो गर्दा झन् ठूलो खतरा हुने देखियो। के गरौँ, कसो गरौँ भनेर छटपटी भइरहेका बेला अमृतले एकपटक घरबेटीलाई बुझ्न लगाऊँ कि भन्ने कुरा ल्याउनु भयो। घरबेटी माथिल्लो तलामा बस्थे। अमृतले उनलाई तल गएर प्रहरी किन आएको रहेछ बुझ्न लगाउनु भयो। कुरो बुझेर आएपछि घरबेटीको कुरा सुनेर हामी तीन छक्क पऱ्यौँ। प्रहरी त मूर्ति चोर खोज्न पो आएको रहेछ। त्यही टोलमा बस्ने कुनै मानिसले मूर्ति चोरेर घरमा लुकाएको भन्ने सूचना प्रहरीकोमा पुगेछ। त्यही घरमा छापा मार्न प्रहरी आएको रहेछ। अन्ततः प्रहरीले मूर्ति चोरलाई पक्रेर लग्यो। हामी ठूलो दुर्घटनाबाट बच्यौँ।

सोल्टीमोडनिर रहेको अशोक राईको डेरा सुरुमा पार्टीले प्रयोग गर्ने अर्को महत्त्वपूर्ण सेल्टर थियो। एकदिन त्यहाँ अमृत बोहरा, अशोक राई, माधव पौडेल र म भेला भएका थियौँ। त्यहाँ कमरेड जय पनि आउनु भएको थियो। कुरा चल्दै जाँदा मैले सीपीको प्रशंसा गर्दै 'एउटै जिल्लावासी भएर पनि मैले सीपीलाई चिन्न पाएको छैन, देखेको पनि छैन, एकपटक भेट्ने साह्रै ठूलो इच्छा छ' भन्ने कुरा राखेँ। मेरो कुराप्रति जय र अमृतले कुनै प्रतिक्रिया जनाउनु भएन। अशोक राई र माधव पौडेल मात्र मुसुमुसु हाँस्नु भयो। सुरुमा त मैले उहाँहरू हाँस्नु भएको तात्पर्य बुझिनँ, पछि पो थाहा भयो उहाँहरूले त सीपीलाई पहिल्यै चिनिसक्नु भएको रहेछ, त्यसबेला मेरो अवोधपना देखेर हाँस्नु भएको रहेछ। मैले त्यही डेरामा रत्नकुमार बान्तवालाई पहिलो पटक भेटेको थिएँ, त्यो पनि कमरेड महेशको नामबाट। मेरो त्यही भेट रत्नकुमार बान्तवासँगको अन्तिम भेट बन्न पुग्यो।

अचेल तीनकुनेबाट अलि अघि बढेपछि त्रिभुवन विमानस्थलको कम्पाउन्डभित्र एयरकार्गोका ठूलठूला बिल्डिङहरू देखिन्छन्। कुनै बेला त्यहाँ गैह्रीगाउँ नामको एउटा सानो बस्ती थियो। बस्तीको बीचमा रमेश केसी नाम गरेका साथीको पुरानो घर थियो। त्यो घर भूमिगत 'राँको सक्रिय दल' को भूमिगत कार्यालय थियो। 'राँको सक्रिय दल' को–अर्डिनेसन केन्द्रसँग सम्पर्क हुनुभन्दा पहिले हामीले गठन गरेको क्रान्तिकारी सङ्गठन थियो। अशोक राईको नेतृत्वमा गठन गरेको त्यस सङ्गठनमा हामी चार जना युवराज कार्की, राधवेश ज्ञवाली, कालिदास श्रेष्ठ र रमेश केसी सदस्य थियौँ। हामी प्रत्येक शनिबार त्यहाँ बैठक बस्थ्यौँ र को–अर्डिनेसन केन्द्रको नेतृत्वमा सञ्चालित क्रान्तिकारी आन्दोलनलाई कसरी सहयोग गर्ने भनेर छलफल गर्थ्यौं।

नरदेवीको भित्रपट्टि दुई जना विद्यार्थी आवास फुयाल र कुमार खड्काको डेरा थियो। त्यसलाई पनि हामीले एउटा महत्त्वपूर्ण सेल्टरका रूपमा प्रयोग गर्थ्यौं। एकदिन सीता खड्का त्यहाँ आएर बस्नुभएको थियो। सुरक्षाका कारणले सीपीलाई दिउँसो हिँडडुल गर्न मनाही गरिएको थियो। तर उहाँ सीतालाई भेट्न उक्त सेल्टरमा दिउँसै जानुभएछ। त्यसबेला सरकारले काठमाडौँमा छयाप्छयाप्ती जासुसहरू छोडेको थियो। सायद कुनै जासुसले सीपी हिँड्दै गरेको देखेछ क्यारे ! एकछिनपछि कसैले सीता बसेको कोठामा ढोका ढक्ढक्याएछ। ढोका खोलेर हेर्दा त टाटे खरेल पो देखिएछ। त्यसबेला टाटे खरेल विद्यार्थी गतिविधिमाथि निगरानी गर्न सरकारले खटाएको नामुद जासुस थियो। धन्न सीपी ऊ आउनुभन्दा अगावै त्यहाँबाट निस्किसक्नु भएको रहेछ। नत्र त्यो दिन ठूलै दुर्घटना हुन सक्थ्यो। २०३७ भदौ १३ गते अनेरास्ववियु पाँचौँले लगनटोलबाट महङ्गीविरुद्ध जुलुस निकाल्ने घोषणा गरेको थियो। कोठामा सीतालाई एक्लै देखेपछि टाटे खरेलले भनेछ 'म त कमरेड वाईलाई खोज्दै हिँडेको, धादिङबाट आउने जुलुसको रुट कता हो भनेर थाहा पाउनु पर्‍यो।' त्यसबेला मेरो भूमिगत नाम 'योगेश' थियो। साथीहरू मलाई छोटकरीमा कमरेड वाई भनेर बोलाउँथे। काठमाडौँमा विद्यार्थी गतिविधि सञ्चालन गर्ने महत्त्वपूर्ण व्यक्ति मै थिएँ। मेरो भूमिगत नाम प्रहरीको जानकारीमा पुगिसकेको रहेछ। एउटा अपरिचित मान्छेले यस्तो कुरा गरेपछि यो गलत मान्छे हो भन्ने कुरा सीताले बुझिहाल्नुभयो। उहाँले आफू सामान्य गृहिणी भएको र उसले भन्न खोजेको कुरा केही पनि नबुझेको भन्दै टाटे खरेललाई पन्छाइदिनुभएछ।

नरदेवीमै भगवान् रत्न तुलाधरको घरमा दामोदर ढुङ्गेलको डेरा थियो। त्यो पार्टीले प्रयोग गर्ने अर्को भरपर्दो सेल्टर थियो। झलनाथ खनाल पार्टीको महासचिव नियुक्त भएपछि केही समय त्यही सेल्टरमा बस्नु भएको थियो। महासचिव बस्ने सेल्टरमा पार्टीका अन्य नेताहरू आइरहनु पर्ने भएकाले अलि सुरक्षित र फराकिलो कोठा खोजेर उहाँलाई जैसीदेवलमा सारियो। उहाँको सहयोगीका रूपमा भतिजी निरा खनाललाई राखिएको थियो। झलनाथ माथिल्लो तलामा बस्नु हुन्थ्यो भने निरा तल्लो तलामा बस्नु हुन्थ्यो। त्यो घरमा मानिसहरूको बाक्लो आउजाउ बढ्न थालेपछि प्रहरीले शंका गर्न थालेछ। उसले त्यहाँ कुनै ठूलै नेता बसेको हुनुपर्छ र सम्भवतः त्यो झलनाथ खनाल नै हुन सक्छ भन्ने अनुमान गरेछ। एकदिन तत्कालीन मेची अञ्चलाधीश गोविन्द गिरी सम्भव भए उहाँलाई पक्राउसमेत गर्ने उद्देश्यले आफैँ प्रहरी लिएर उक्त सेल्टरमा पुगेछन्। गाडी अलि परै राखेर पहिले तीन/चार जना सादा पोसाकका प्रहरी त्यो घरमा पुगेर निराको ढोका ढक्ढक्याएछन्। निराले ढोका खोल्नासाथ झलनाथ खोइ भनेर सोधेछन्। भूमिगतकालमा खुला नाम लिएपछि निराले यिनीहरू गलत मान्छे हुन्

भन्ने कुरा बुझिहाल्नु भएछ र 'को झलनाथ म चिन्दिनँ मेरो अङ्कल त माथिल्लो कोठामा बस्नु हुन्छ तर अहिले कोठामा ताला लगाएर बाहिर निस्किनु भएको छ' भन्नु भएछ। तिनीहरूले माथि उक्लेर हेर्दा कोठामा ताला लगाएको देखेछन्। त्यहाँ झट्ट हेर्दा नदेखिने अर्को कोठा पनि रहेछ। झलनाथ त्यही कोठामा हुनुहुँदो रहेछ। झलनाथलाई नभेटेपछि तिनीहरू तल ओर्लेर पर्खन थालेछन्। झलनाथले झ्यालबाट चिहाएर हेर्दा अञ्चलाधीश गोविन्द गिरीलाई चिनिहाल्नु भएछ। प्रहरीले सेल्टर पत्ता लगाएर आफूलाई पक्रन आएको बुझेपछि झलनाथ सतर्क हुनु भएछ। उहाँ हतार–हतार घरबाट फुत्त बाहिर निस्किएर जैसीदेवलको अर्को गल्लीतिर पस्नु भएछ र घुम्दै घुम्दै भुरुङ्गखेलमा प्रमेश हमालको घरमा पुग्नु भएछ। त्यहाँ आएर उहाँले माधव नेपाललाई आफू प्रहरीको घेराबन्दीबाट उम्किएर प्रमेशको घरमा आइपुगेको खबर पठाउनु भएछ। त्यसपछि माधव आएर उहाँलाई अर्को सुरक्षित सेल्टरमा सार्नु भएछ। उता निरा पनि दुवै कोठामा ताला लगाएर बाहिर निस्कनु भएछ। भोलिपल्ट बिहानै खानतलासी लिन प्रहरीहरू आएछन्। तर दुवै कोठामा ताला लगाएको देखेर तिनीहरू त्यत्तिकै फर्किएछन्। संयोगले त्यो डेरा दिने घरबेटी नेकपा मानन्धर समूहका कार्यकर्ता रहेछन्। उनले सहयोग नगरेको भए झलनाथ बसेको कोठाबाट प्रहरीले पार्टीका धेरै संवेदनशील दस्तावेज र सूचनाहरू फेला पार्ने थियो। तर घरबेटीको सहयोगले त्यहाँका संवेदनशील दस्तावेज, अवैध प्रकाशन र सूचना खुल्ने सबै सामग्रीहरू रातारात गरेर सुरेन्द्र पाण्डेले अर्को सुरक्षित सेल्टरमा सार्नु भएछ। त्यो दिन पार्टीका तत्कालीन महासचिव झलनाथ खनाल पक्राउ परेको भए पार्टीले ठूलो नोक्सानी व्यहोर्नु पर्थ्यो।

घट्टेकुलोको विष्णु राउतको डेरा, ज्ञानेश्वरको योगराज कार्कीको डेरा, वसन्तपुरको भरत श्रेष्ठको डेरा, न्युरोडको ठोकप्रसाद सिवाकोटी र तारा कोइरालाको डेरा, मासाङ गल्लीको हरिकृष्ण श्रेष्ठको डेरा, भीमसेनथानको केदार बराल र दामोदर सापकोटाको डेरा, भीमसेनथानकै अग्नि खरेल र रामलाल पोखरेलको डेरा, कालिमाटीको चन्द्र योञ्जनको डेरा, कालिमाटीकै जगन्नाथ थपलियाको डेरा, डल्लुको शिवबहादुर बस्नेत र लोकराज जोशीको डेरा, भुरुङखेलको यादव शर्मा र वासु शर्माको डेरा, महाराजगन्जको गोपाल खनालको डेरा, ठहिटीको मदन थेवे र उपेन्द्र कार्कीको डेरा, डहिटीकै नरनाथ लुईंटेल र लीलाराज कार्कीको डेरा, भेडासिंहको उपेन्द्र कार्की र निदेश कोइरालाको डेरा, ट्यौडको मायानाथ अधिकारी र कुलबहादुर आचार्यको डेरा, ढोकाटोलको विजय सुब्बा र रामलाल पोखरेलको डेरा, ढोकाटोलकै लालकुमार केसीको डेरा, बखुन्डोल ललितपुरको विष्णु रिमाल र कुलबहादुर आचार्यको डेरा पार्टीले धेरै प्रयोग गरेका महत्त्वपूर्ण सेल्टर थिए। यी सेल्टरहरू धेरै प्रयोग गर्ने भूमिगत नेताहरूमा सीपी मैनाली,

माधव नेपाल, जीवराज आश्रित, अमृत बोहरा, प्रदीप नेपाल, सीता खड्का, युवराज कार्की, सुरेन्द्र पाण्डे लगायत हुनुहुन्थ्यो।

निरङ्कुश शासनको स्वेत आतङ्कका बीच काठमाडौँमा हाम्रो पार्टीलाई सेल्टर उपलब्ध गराएर मुलुकको लोकतान्त्रिक आन्दोलनमा अतुलनीय योगदान पुऱ्याउने स्थानीय घरहरुमा विजेश्वरीमा उत्तरा कोइरालाको घर, भुरुङखेलमा प्रमेश हमालको घर, टेँगालमा विष्णु चित्रकारको घर, वसन्तपुरमा पूर्णशोभा चित्रकारको घर, पकनाजोलमा पद्मा दिदीको घर, असनमा शान्ति श्रेष्ठको घर, लगनमा जमुना श्रेष्ठको घर, सुलोचना मानन्धरको घर, बसन्तपुरमा प्रणय मानन्धरको घर, खिचापोखरीमा विष्णु डङ्गोलको घर, बागबजारमा केशव स्थापितको घर, चाबहिलमा केशव वडालको घर, शम्भु वडालको घर, भीमानन्द ढुङ्गानाको घर, सानु मिश्रको घर, सिनामङ्गलमा यादव पौडेलको घर, बालुवाटारमा डा. राम उप्रेतीको घर, वासु आचार्यको घर, भक्ति घिमिरेको घर लगायत थिए। स्थानीय जनताले हामीलाई उपलब्ध गराएका महत्त्वपूर्ण सेल्टर यिनै थिए। कीर्तिपुर, पाँगा र नगाउँमा कृष्णगोपाल श्रेष्ठ र सानु श्रेष्ठको पहलमा केही सेल्टरहरू बनाइएको थियो। त्यसैगरी टोखामा जमुना श्रेष्ठ, नानीबाबु भण्डारी, बालिका गिरी र जीवाखर पौडेलको पहलमा केही सेल्टरहरू बनाइएको थियो। ललितपुरको पाटनढोकामा सुशीलचन्द्र अमात्यको घर, लगनखेलमा नारायणी रानाको घर, सातदोवाटोमा मुकेश चालिसेको घर पार्टीका महत्त्वपूर्ण सेल्टर थिए। भक्तपुरमा भाते ढिकुरोनेर सत्यनारायण फैंजुको घर पार्टीको महत्त्वपूर्ण सेल्टर थियो। सफाइ मजदुरहरूको बीचमा पनि केही सेल्टरहरू बनाइएको थियो।

भूमिगतकाल प्रारम्भिक दिनहरूमा एक जना व्यक्तिलाई पार्टीको सम्पर्कमा ल्याउने र उसको घरलाई सेल्टरका रूपमा विकास गर्ने कामलाई निकै महत्त्व दिइन्थ्यो। ललितपुरको लुभुमा एक जना किसानसँग पार्टीको सम्पर्क थियो। उहाँको घर बजारभित्र रहेकाले भेट्न जाँदा रातसाँझ पारेर जानु पर्थ्यो। एकदिन म उनलाई भेट्न ठिमीको बाटो भएर जाँदै थिएँ, घर पुग्न लागेपछि बाटो भुलियो। निष्पट्ट अँध्यारो भइसकेको थियो। फर्कन खोजेको त्यही बाटो पनि भुलियो। मलाई निशा लागेजस्तै भयो। जता जान खोज्छु बस्ती मात्र भेटिन्छ। वरिपरि सबै नेवारी बस्ती थियो। मलाई नेपाल भाषा बोल्न आउँदैनथ्यो। कसैको घरमा निस्केर सोध्न पनि सम्भव थिएन। रातको मामला थियो। चारैतिर पञ्चायती दलालहरूको बिगबिगी थियो। म सारै फसादमा परेँ। न जान खोजेको सेल्टरमा पुग्न सकिन्छ, न त फेरि फर्केर आफ्नो कोठामा आउन नै सकिन्छ। अब खेतको आलीमा बसेर रात काट्नु बाहेक विकल्प बाँकी रहेन। माघको महिना थियो, मुटु छेड्ने सिरेटो चलिरहेको थियो। खेतमा गहुँको लागि पानी लगाएको रहेछ।

आली आली हिँड्दै थिएँ, चिप्लेर ह्वाम्मै पानीमा परेँ। मैले लगाएका पाइन्ट, मोजा, जुत्ता सबै हिलाम्मे भएँ। आलीमा बसेर स्यूँस्यूँ गर्दै रात कटाएँ। त्यो एक रात कटाउन मलाई एक वर्षभन्दा बढीजस्तो लाग्यो। मिरमिरे उज्यालो भइसकेपछि हेर्छु त बाटो छर्लङ्गै देखिन्छ। रातभर चिसो पानीमा भिज्दा मेरा खुट्टाका औँला सुन्निएर हिँड्दै नसक्ने भएछु। बल्ल तल्ल यटूखाको कोठामा पुगेँ।

२०४० सालपछि पार्टीले मलाई नारायणी अञ्चलको जिम्मेवारी दिएर पठायो। त्यहाँ गएपछि म चितवन जिल्लामा केन्द्रित भएर काम गर्न थालेँ। चितवनका ग्रामीण इलाकामा धेरै सेल्टरहरू थिए तर जिल्लाको सेल्टर भरतपुर भएकाले दुइटा कोठा भाडामा लिएर मुख्य सेल्टर बनाइएको थियो। मैले त्यहीँ सेल्टरमा बसेर जिल्लाभरिको पार्टी कामलाई समन्वय गर्थें। एकदिन जिल्ला कमिटीका सदस्य रणध्वज कङ्दवा र म पार्टी कामको सिलसिलामा वीरेन्द्रनगर गएका थियौँ, त्यहाँ सेल्टरका रूपमा प्रयोग गरिने किसानको एउटा घर थियो। हामी त्यही सेल्टरमा गएर बस्यौँ। दिउँसो मूल ढोकामा चुकुल मात्र लगाएर रणध्वज बाहिर निस्किनु भयो। घरभित्र म एक्लै बसेको थिएँ। एकछिनपछि घरबेटीलाई बोलाउँदै एउटा मानिस आयो र ढोकामा साँचो पनि नलगाई यो मान्छे कता गएको होला भन्दै ढोका खोलेर भित्र पस्यो। घरभित्र एक्लै अपरिचित मानिस बसेको देखेर त्यो मानिस छक्क पर्‍यो र केही पनि नबोली बाहिर निस्कियो। एकछिनपछि रणध्वज आइपुग्नु भयो। मैले उहाँलाई भर्खरको घटना विवरण सुनाएँ। हामीले एकछिन छलफल गर्‍यौँ, त्यो मानिस खराब पनि हुन सक्छ ठानेर हामी हतार हतार अर्को सेल्टरमा सर्‍यौँ।

एक वर्षपछि पार्टीले फेरि मलाई मध्यउत्तर क्षेत्र (बागमती अञ्चल) सरुवा गर्‍यो। त्यहाँ म धादिङमा केन्द्रित भएर काम गर्न थालेँ। त्यसबखत पार्टी कामको केन्द्र मलेखु थियो। मलेखुमा पार्टी कामका महत्त्वपूर्ण सेल्टरहरूमा राजेन्द्र पाण्डेको घर, पुष्प कँडेलको घर र मीनराज कँडेलको घर थियो। अनुकूल समयमा मलेखुमा बसेर काम गरे पनि आन्दोलनका बेला राजमार्गभन्दा टाढा बसेर काम गर्नु पर्थ्यो। राजमार्गभन्दा अलि टाढा सुरक्षित रूपमा बस्न सकिने एउटा स्यादुल भन्ने गाउँ थियो। त्यो गाउँ हाम्रा निम्ति आधार इलाका थियो। त्यहाँ हामी दिउँसै हिँड्डुल गर्थ्यौं। एकपटक अनेरास्ववियुको राष्ट्रिय सम्मेलनमा भाग लिन अस्ट्रेलिया र न्युजिल्यान्डबाट दुई जना महिला विद्यार्थी आएका थिए। हामीले उनीहरूलाई नेपालको ग्रामीण क्षेत्रको अवस्था बुझ्न स्यादुल लगेका थियौँ। स्यादुल नजिकैको चेपाङ बस्तीमा रातभर नाचगान गर्दै बसियो। त्यहाँको गरिबी देखेर उनीहरू आँसु खसाल्दै रोएका थिए। भूमिगतकालमा स्यादुलमा पार्टी केन्द्रीय कमिटीको बैठक समेत आयोजना गरिएको थियो। त्यहाँ हाम्रो

भरपर्दो सेल्टर हरि सिलवालको घर थियो । नरनाथ लुईंटेल स्यादुलको स्कुलमा पढाउनु हुन्थ्यो । उहाँको कोठा पनि सेल्टरका रूपमा प्रयोग हुन्थ्यो । पूर्वी धादिङमा जगन्नाथ नेपालको घर, ध्रुव खतिवडाको घर, नारायण खतिवडाको घर, कृष्णदास श्रेष्ठको घर, भीमप्रकाश ओझाको डेरा, कृष्णप्रसाद ढकालको घर हामीले धेरै प्रयोग गर्ने सेल्टरहरू थिए ।

मध्यउत्तर क्षेत्रीय कमिटीमा केशव बडाल, माधव पौडेल, सुरेश कार्की र म चार जना सदस्य थियौँ । कमिटीको प्रमुख भएको हुनाले मैले सिङ्गो क्षेत्रको बीचमा बस्नुपर्ने भयो । काभ्रे जिल्ला यस क्षेत्रको बीचमा पर्ने भएकाले मैले त्यहाँ बसेर काम गर्नुपर्ने भयो । २०४६ सालमा सम्पन्न पार्टीको चौथो महाधिवेशनबाट केन्द्रीय कमिटीमा निर्वाचित हुनुभन्दा पहिले करिव चार वर्ष मैले काभ्रेमा काम गरेको थिएँ । काभ्रे जिल्लामा हाम्रो जनाधार पनि राम्रो थियो र सेल्टरहरू पनि धेरै थिए । बनेपा, पनौती, पाँचखाल, नयाँगाउँ, महादेवस्थान, चन्देनी, भकुण्डेवेशी, कानपुर, सर्सुखर्क, मिथिनकोट, जनागाल, नाला, ठूलोपर्सेल, ढुङखर्क, कुशादेवी, ज्याले, डाँडापारिलगायतका गाउँहरूमा हाम्रा सेल्टरहरू थिए । जिल्लाभरिको पार्टीर् कामको केन्द्र बनेपालाई बनाइएको थियो । त्यहाँ एउटा कोठा भाडामा लिएर पार्टीको प्रमुख सेल्टर बनाइएको थियो । म त्यहीँ सेल्टरमा बसेर नियमित रूपमा पार्टीका दैनिक कामहरू गर्थे । त्यसको व्यवस्थापनमा शिला, कोपिला, प्रभुराम वैद्य र उर्मिला श्रेष्ठले महत्त्वपूर्ण भूमिका खेल्नु भएको थियो ।

काभ्रे जिल्लामा भूमिगतकालमा घटेका केही घटनाहरू मेरो स्मृतिमा अहिले पनि ताजै छन् । पहिलो घटना– जनागालमा कृष्णप्रसाद बन्जाराको घर हाम्रो पार्टीको भरपर्दो सेल्टर थियो । एकपटक त्यहाँ हामीले जिल्ला स्तरीय प्रशिक्षण शिविर सञ्चालन गरेका थियौँ । त्यसमा जिल्लाभरिका २०/२५ जना अगुवा कार्यकर्ता सहभागी हुनुहुन्थ्यो । प्रशिक्षकका रूपमा मध्यउत्तर क्षेत्रीय कमिटीबाट हामी चार जना युवराज कार्की, केशव वडाल, सुरेश कार्की र माधव पौडेल तथा केन्द्रीय कमिटीबाट माधव नेपाल सहभागी थियौँ । कार्यक्रमस्थल नजिकै बनेपामा प्रहरीको अड्डा भएकाले निगरानीका लागि चार जना स्वयंसेवक खटाइएको थियो । कार्यक्रमस्थलमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका प्रमुख नेताहरू मार्क्स, ऐगेल्स, लेलिन, स्टालिन र माओका फोटा तथा पार्टीको झण्डा टाँगिएको थियो । निरङ्कुश शासकहरूको आँखामा गैरकानुनी देखिने प्रशिक्षण सामग्री पनि तयार गरिएको थियो । कार्यक्रम चलिरहेका बेला बनेपाबाट प्रहरी आउन थालेको सूचना आयो । यस्तो सूचना पाउनासाथ हलभित्र के गर्ने कसो गर्ने भनेर अन्योल सिर्जना भयो । नेताहरू कसैले पनि हल नछोड्ने भन्दै हुनुहुन्थ्यो, साथीहरू त अत्तालिँदै तलमाथिबाट हामफालेर दौडन थाल्नु भयो । यसरी दौडिने मध्ये कोही खाली

खुट्टा पनौती पुग्नु भएछ, कोही भक्तपुर पुग्नु भएछ। हामीचाहिँ प्रशिक्षण सामग्री नष्ट गर्ने र नेताहरूका फोटो तथा झण्डा लुकाउन थाल्यौँ। पछि बुझ्दै जाँदा त बनेपाबाट एउटा भूपू प्रहरी आउँदै रहेछ। पहिलो स्वयंसेवकको भूपू प्रहरी यता लागेको सूचना दिएछन्। दोस्रो, तेस्रो र चौथोमा आइपुग्दा त्यो सूचना प्रहरीको टोली नै आउन थालेको बन्न पुगेछ। स्वयंसेवकहरू राम्रो तालिम पाएका र परिपक्व नहुँदा हामी झण्डै ठूलो दुर्घटनामा परेका थियौँ।

दोस्रो घटना— ढुङ्खर्क पार्टी प्रभावका हिसाबले त्यति अनुकूल नभएता पनि हाम्रा केही महत्त्वपूर्ण सेल्टरहरू थिए। एकपटक त्यहाँ हामीले मध्यउत्तर क्षेत्रीयस्तरको प्रशिक्षण शिविर सञ्चालन गरेका थियौँ। उक्त प्रशिक्षण शिविरमा मध्यउत्तर क्षेत्रमा पर्ने विभिन्न जिल्लाबाट ३०/३५ जना अगुवा कार्यकर्ता सहभागी हुनुभएको थियो। प्रशिक्षकका रूपमा मध्यउत्तर क्षेत्रीय कमिटीका हामी युवराज कार्की, केशव बडाल, सुरेश कार्की र माधव पौडेल तथा केन्द्रीय कमिटीबाट तत्कालीन महासचिव झलनाथ खनाल, माधव नेपाल र अमृत बोहरा सहभागी थियौँ। दिनभर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति, प्रतिक्रियावादी निर्वाचनमा जनपक्षीय हस्तक्षेप, नेपाली समाजमा प्रधान अन्तरविरोध, पार्टीको आमकार्यक्रम र ठोस कार्यक्रम, तात्कालिक कार्यनीति आदि विषयमा विस्तृत रूपमा प्रशिक्षण गरियो। प्रशिक्षण समापन भएपछि खाना खाएर सबै प्रशिक्षार्थी साथीहरू फिर्न थाल्नु भयो। त्यो इलाका अलि संवेदनशील भएकाले बाटोमा टर्च बाल्न मनाही गरिएको थियो। हिँड्दै जाँदा एउटा टोलीले खुसुक्क टर्च बालेछ। हामीले मात्रै बाल्दा त के होला र भन्ने ठानेर अर्को टोलीले पनि बालेछ। टर्च बाल्न त निषेध गरिएको थियो, यो बत्ती बालेर आउने पक्कै प्रहरी हुनुपर्छ भन्ने ठानेर बाँकी टोलीहरू भागाभाग भएछन्। अँध्यारोमा भाग्दा कतिपय साथीहरू बाटोको डिलबाट चिप्लिएर खोलामा खस्नु भएछ। धन्न त्यो दिन प्रहरीको गस्ती आएको रहेनछ र साथीहरू बच्नु भयो। भूमिगतकालमा सुरक्षासम्बन्धी निर्देशनलाई कडाइका साथ पालना नगर्दा कतिपय ठाउँमा गम्भीर क्षति व्यहोरेका घटना पनि छन्।

तेस्रो घटना— एकपटक म पार्टी कामको सिलसिलामा नयाँ गाउँको सर्सुखर्क जाँदै थिएँ। वैशाख वा जेठ महिना हुनुपर्छ– म एक्लै महादेवस्थान, चोरीटार, ज्याम्दी हुँदै इन्द्रावती नदीको किनारै किनार दोलालघाटतर्फ जाँदै थिएँ। धर्ती नै डढाउलाजस्तो चर्को घाम लागेको थियो। नदी किनारको बालुवा तातेर तातो हावा चल्न थाल्यो। हेर्दा हेर्दै खुट्टा लुला हुन थाले। रिङ्गटा लाग्यो र सासै रोकिएला जस्तो भयो। म बेहोसजस्तै भएर थुचुक्क बसेँ। जिन्दगीमा कहिल्यै यस्तो भएको थिएन। मलाई त लु लागेको रहेछ। एकछिनपछि अलि हलुका भयो र म उठेर नदीको छेउमा गएर मुख धोएँ

र चिसो पानी खाएर आधा घण्टाजति विश्राम गरेँ। त्यसपछि अलि सहज महसुस भयो र दोलालघाट हुँदै सर्सुखर्कतिर लागे। त्यो दिन मलाई एक्लै अप्ठ्यारो ठाउँमा हिँड्दा नेत्रलाल अभागीले भोग्नु परेको नियतिको याद आयो।

दोलखा जिल्लामा घटेको एउटा घटना पनि मेरो स्मृतिमा ताजै छ। २०४४ सालतिरको कुरा हो। मेलुङ भन्ने ठाउँमा शिव भण्डारीको घरमा भव्य रूपले दोलखा जिल्लाको प्रथम अधिवेशन आयोजना गरिएको थियो। विभिन्न गाउँबाट छानिएका प्रतिनिधिहरू उज्यालो नहुँदै घरभित्र पसिसक्नु भएको थियो। दिनभर लगाएर अधिवेशनका औपचारिक कार्यक्रमहरू सम्पन्न गरियो। त्यसपछि भोलिपल्ट उज्यालो नहुँदै प्रतिनिधिहरू घरबाट निस्कनु पर्ने भएकाले खाना खाएर सबै सुत्नु भयो। राती १ बजेतिर सबै मस्त निद्रामा भएका बेला एक जनाले धूवाँको मुस्लो आएको देख्नु भएछ। के भयो भनेर उठेर हेरेको त धेरै मानिसहरूलाई भात पकाउँदा बढी तातेर माटो मुनिको काठमा आगो सल्केर ह्वारह्वार बल्न थालेछ। त्यसपछि उहाँले बेस्सरी कराएर आगो लाग्यो भनेपछि हतार हतार सबै जना उठ्नु भयो र पानी ल्याएर खन्याउन थाल्नु भयो। निकैबेरको प्रयासपछि आगो निभाउन सफल भइयो। एक जना साथीले थाहा पाएर नकराएको भए धेरै साथीहरू दन्केको आगोमा पर्ने निश्चित थियो। त्यसदिन ठूलो दुर्घटनाबाट बाँचियो। ●



# जसले यो पार्टी बचाए

युवराज ज्ञवाली
केन्द्रीय कमिटी उपाध्यक्ष

चीनका दिवङ्गत नेता माओ त्सेतुङले पार्टी कार्यकर्तालाई बीउ र जनतालाई माटोका रूपमा उल्लेख गरेका छन्। जसरी माटोबिना बीउ उम्रन, फुल्न र फल्न सक्तैन, जनताबिना पार्टी जन्मिन, हुर्कन र अघि बढ्न सक्तैन। नेपालमा २००६ सालमा कमरेड पुष्पलालको नेतृत्वमा जम्मा पाँच जनाको बीचमा भारतको कलकत्ताको एउटा कोठामा नेपाल कम्युनिस्ट पार्टी गठन भएदेखि यहाँसम्म आइपुग्दा उक्त पार्टीले जनताको आस्था र विश्वासको आधारमा झण्डै दुई तिहाइको सरकार बनाउने अवस्था उत्पन्न हुनुको पृष्ठभूमिमा निरङ्कुश राणा शासनको कठोर अवस्थादेखि पञ्चायती निरङ्कुशताको ३० वर्षे शासनकालमा देशको विभिन्न क्षेत्रका जनताले पार्टीलाई बचाउने, हुर्काउने र अघि बढाउने सबालमा आमाको भूमिका निर्वाह गरेका छन्। त्यसबेलाका निरङ्कुश शासकहरूले कम्युनिस्ट विचारप्रति आस्था राखेकै कारणले कैयौँ नेता, कार्यकर्ता, समर्थक–शुभेच्छुकहरूलाई पक्राउ गरेर जेलमा चरम यातना दिएका र कैयौँलाई मारेका उदाहरण धेरै छन्। त्यस्तै उनीहरूलाई समर्थन गरेको, बस्न–खान दिएको कारणले ती सेल्टरदाताहरूलाई जेल हालेका र चर्को दमन गरेका घटनाहरू पनि कति छन्। कम्युनिस्ट पार्टीका नेता–कार्यकर्ताहरूलाई संरक्षण गरेबापत हामीमाथि दमन हुन्छ र मृत्युवरण गर्नुपर्ने अवस्था पनि आउन सक्छ भन्ने जान्दाजान्दै पनि त्यो खतरा व्यहोरेर पार्टीलाई बचाउनु र अघि बढाउनु जनताको महानता थियो।

नेपालमा २०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्थाको स्थापना भयो। पार्टीमाथिको प्रतिबन्ध हट्यो, चुनावको माध्यमबाट कम्युनिस्ट पार्टी, राज्यसत्ताको नेतृत्वमा समेत पुग्ने अवस्था आयो। गणतन्त्रको स्थापनापछि पटक–पटक कम्युनिस्ट पार्टीका नेता–कार्यकर्ताहरूले सरकारको नेतृत्व गर्ने अवसर पायौँ। सत्तामा

पुगेर देश र जनताको पक्षमा कतिपय महत्त्वपूर्ण काम गर्ने अवस्था आयो। यो अवस्था आउनुको आधारका रूपमा आफ्ना छोराछोरीको गाँस काटेर, आफू सुतिरहेको कोठा अनि ओछयान छाडेर पार्टी नेता–कार्यकर्ताहरूलाई बचाउने जनताको भूमिकालाई बिर्सन पुगियो भने हामी माटोबिनाको बीउ बन्नेछौँ र यो आन्दोलन समाप्त हुनेछ। जनताले हिजो खतराको बेला पार्टीलाई जोगाए, आज अवसरका बेला अघि बढाउन सहयोग गरिरहेका छन् र भविष्यमा पनि तिनै जनताले पार्टीलाई नेपालको समृद्धिको साथै न्यायपूर्ण र समतामूलक समाजवादी व्यवस्था निर्माणको अगुवा शक्तिको रूपमा अघि बढाउन माटोको भूमिका निर्वाह गरिरहने छन्।

तर अहिले अनुकूल अवसर प्राप्त गरेर सत्तामा पुगेपछि विगतका तमाम दुःखकष्टका दिनहरू बिर्सने र त्यसबेला जनताले गरेको योगदानको भूमिकालाई बेवास्ता गर्ने प्रवृत्ति नराम्रोसँग बढ्दै गएको छ। समग्रमा भन्ने हो भने आफ्नै वास्तविक धरातल समेत बिर्सने प्रवृत्ति बढ्दै गएको छ। हामी को हौँ ? यहाँसम्म कसरी आइपुग्यौँ ? र, भविष्यमा हामी कसरी अघि बढ्ने ? यस विषयमा पार्टी पङ्क्तिलाई यथार्थ जानकारी होस् भन्ने उद्देश्यले विगतका कठिन समयमा जनताले कसरी पार्टीलाई बचाए ? मेरा आफ्नै अनुभवका आधारमा त्यसको वास्तविक चित्रण प्रस्तुत गर्ने प्रयत्न गरेको छु।

२०२६ सालमा दाङबाट एसएलसीको परीक्षा दिएर गुल्मी भट्कुवा घरमा गएको थिएँ। एकदिन दाइ फणिन्द्र ज्ञवालीले ‘आज हाम्रो गाउँका कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूको भेला छ, त्यहाँ पार्टीका ठूला नेता आउँदै छन्, जाऊँ’ भन्नुभयो। मैले ५ सम्म पढेको गाउँको प्राइमरी स्कुलको एउटा कोठामा रातीको समयमा गाउँका अगुवा कार्यकर्ताहरू जुटेका रहेछन्। केही बेरपछि केही साथीसँगै एक जना दुब्लो, चुस्स दाह्री पालेको व्यक्ति कोठाभित्र प्रवेश गर्नुभयो। सबैले मुठी उठाएर लालसलाम गरे। मैले पनि त्यसै गरेँ। दाङको घरमा पहिलेदेखि पार्टीका नेता–कार्यकर्ताहरूको आउजाउ भए पनि यस किसिमको औपचारिक कार्यक्रममा मेरो पहिलो सहभागिता थियो। केही छलफलपछि उहाँले आफ्नो प्रशिक्षणमूलक मन्तव्य व्यक्त गर्नुभयो। उहाँको टेकनाम ‘तामाङ’ थियो। धेरैपछि थाहा भयो, उहाँ नै देवेन्द्र घिमिरे हुनुहुँदो रहेछ। उहाँ त्यसबेला नेकपा (पुष्पलाल समूह) को लुम्बिनी अञ्चलको ब्युरो सदस्य हुनुहुन्थ्यो। बाहिर एक जना साथीको पहरासँगै स्कुलको बन्द कोठामा रातीको नौ बजेदेखि १२ बजेसम्म कार्यक्रम चल्यो। कार्यक्रमका बारेमा बाहिर कहीँ कसैसँग कुरा गर्न नहुने कडा अनुशासनको कुरा सुनाइयो। सबैसँग बिदावारी भएर घरमा आयौँ।

त्यसबेलादेखि हाम्रो घरमा विभिन्न नेता–कार्यकर्ताहरूको आवत–जावत निरन्तर चलिरह्यो। एकपटक गुल्मी थोर्गा निवासी तत्कालीन पोलिटव्युरो सदस्य एकदेव ज्ञवाली लगातार नौ दिनसम्म हाम्रो घरमा लुकेर बस्नुभयो। उहाँले त्यसबेला विभिन्न कार्यकर्ताहरूसँग भेटघाट–कुराकानी गर्नुभयो। परिवारका सबै सदस्यहरूलाई कम्युनिस्ट पार्टीको नीति, सिद्धान्तबारे बताउनु भयो। त्यसबेला हाम्रो गाउँ कम्युनिस्टहरूको लालकिल्लाका रूपमा चर्चित थियो। केशरमणि पोख्रेल, माधव ज्ञवाली (मधु गुरु) सिद्धिनाथ ज्ञवालीदेखि लिएर तमाम नेता–कार्यकर्ताहरू गाउँका विभिन्न कार्यकर्ताका घरमा लुकेर–छिपेर सङ्गठन निर्माणदेखि जनताका तमाम हक–अधिकारका योजना बनाएर जनपरिचालन र सङ्घर्षका कार्यक्रमहरू अघि बढाउने काम हुन्थ्यो। गाउँमा तल्लो जात भनिएका समुदायबाट पनि कार्यकर्ताहरू उत्पादन भएका थिए। २०२६ देखि २०३० सालसम्म गुल्मी जिल्लामा नेकपाको ठूलो प्रभाव थियो। त्यसबेलादेखि नै पार्टीको भूमिगत जीवनका बारेमा जान्ने, देख्ने र बुझ्ने अवस्था बन्यो। दाङबाट एसएलसी पास गरेपछि म आईकम पढ्नका लागि त्रिभुवन डिग्री कलेज, तानसेन गएँ। त्यहीँ पार्टी सम्पर्क गरेर भूमिगत विद्यार्थी सङ्गठनमा सङ्गठित भएँ। आईकम परीक्षा दिएपछि पार्टीले दाङ जिल्लामा काम गर्न पठायो। त्यहाँ नेकपा (पुष्पलाल समूह) को दाङ जिल्ला सङ्गठन कमिटी निर्माण गरी पार्टी काम अघि बढ्यो।

२०३० कार्तिक २६ गते लुम्बिनी अञ्चलका जिल्ला सदरमुकाम घेराउको कार्यक्रमपछि जिल्लामा निकै ठूलो दमन भयो। कोही भागेर भारततिर गए, कतिले आत्मसमर्पण गरे, कति कार्यकर्ताहरू जेल परे। गाउँ–गाउँमा तत्कालीन पञ्चायती सरकारले पुलिस मार्च गरायो। उक्त दमनपछि पार्टीलाई ठूलो धक्का लाग्यो। पुष्पलालले तत्काल सशस्त्र सङ्घर्षको परिस्थिति नभएकोले जनताका हक–अधिकारका विषयमा जोड दिंदै शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट अघि बढ्नु पर्ने आवश्यकता रहेको बताउनु भयो। पार्टीका दस्तावेजहरूमा सोही अनुसार विषयहरू प्रस्तुत गरियो। त्यसमा असहमत हुँदै मुक्तिमोर्चा समूह अलग भयो र त्यो समूह अखिल नेपाल को–अर्डिनेसन केन्द्र (माले) मा सामेल भयो। त्यसपछि जीवराज आश्रित, सिद्धिनाथ ज्ञवाली र देवेन्द्र घिमिरे लगायतका कमरेडहरू हाम्रो घरमा आउने क्रम बढ्यो। दाङबाट गुल्मी आएर पाल्पा अर्चलेमा शिक्षण पेसा गर्ने क्रममा नै मेरो उहाँहरूसँग भेटघाट कुराकानी भयो। म पनि कोकेमा सामेल भएँ। (देवेन्द्र घिमिरेको भनाइ अनुसार) २०३४ साल फाल्गुण २० र २१ गते तत्कालीन महासचिव सीपी मैनालीको उपस्थितिमा मेरो घरमा पहिलोपटक को–अर्डिनेसन केन्द्र (माले) को गुल्मी जिल्लाको युनिट गठन भयो। उहाँ २०३३ सालमा नख्खु जेल ब्रेक गरी लुक्दै–छिप्दै देशका विभिन्न ठाउँमा पुगेर

सङ्गठन निर्माणमा लाग्नुभएको थियो। उहाँमाथि सङ्गीन वारेण्ट थियो। सरकारले निकै सक्रियताका साथ नख्खु जेलका विद्रोहीहरूको खोजी गरिरहेको थियो। त्यसबेला उहाँ नै सीपी मैनाली हो भन्ने कुरा मलाई थाहा थिएन। तर उहाँको नाम भने सुनेको थिएँ। करिब एक घण्टा उहाँले मसँग छुट्टै कुराकानी गर्नुभयो। उहाँ जीवराज 'आश्रित' भन्दा माथिको नेता भएको बुझेँ। कुराकानीको स्तर बुझ्दा पनि उहाँ सीपी नै हो कि भन्ने शङ्का लाग्यो, तर कसैसँग कुरा गरिनँ। बैठक सकिएपछि फाल्गुण २१ को साँझ गाउँका केही अगुवा कार्यकर्ताहरूको उपस्थितिमा झापाको सुखानीका सहिदहरूको सम्झनामा स्मृति दिवस मनाइयो। त्यसदेखियता मेरो घरमा धेरै नेता तथा कार्यकर्ताको आवत–जावत बढ्यो। म आफैँ शिक्षण पेसामा रहेर पनि सुरुमा इलाका स्तरको कमिटीमा रहेर सक्रियतापूर्वक पार्टी काममा लागेको थिएँ। २०३५ पुसमा नेकपा (माले) को गठन भएपछि गुल्मी पाल्पा जिल्लामा पनि पार्टी काम तीव्र रूपमा बढ्न थाल्यो। नेकपामा सक्रिय पुराना कार्यकर्ताहरू अधिकांश निष्क्रिय भइसकेका थिए। तर पनि उनीहरूको कम्युनिस्ट विचारप्रतिको आस्था भने मेटिएको थिएन। नेकपा (माले) को नेतृत्वमा जनताको घर–घरमा लुकेर–छिपेर सङ्गठन विस्तार गर्ने क्रम चलिरहेको थियो। हामीले आफ्नो ठाउँमा विशेषतः युवाहरूलाई पार्टीमा सङ्गठित गर्ने, प्रशिक्षित गर्ने र जनतासँग घुलमिल भएर पार्टी काम अघि बढाउने कुरामा जोड दिने गर्थ्यौं।

को–अर्डिनेसन केन्द्रमा सामेल भएपछि सुरुमा इलाका पार्टी सक्रिय दलको सचिवको रूपमा काम गर्दै २०३७ सालमा पार्टीले नेकपा (माले) गुल्मी जिल्ला सङ्गठन कमिटीको सदस्य बनायो। शिक्षण पेसा गर्दै पार्टीले दिएको जिम्मेवारी पूरा गर्दै जाने क्रममा आफ्नो कार्यक्षेत्रमा धेरै सेल्टरहरू निर्माण गरियो। तिनै सेल्टरहरूमा विभिन्न तहका बैठक, भेला, प्रशिक्षण र व्यक्ति विशेषसँग सम्पर्क विस्तार गर्ने काम अघि बढ्दै गयो। दिनभर स्कुलमा पढाउने र रातीको समय र स्कुल बिदाको समयलाई सदुपयोग गर्दै गोप्य रूपमा सङ्गठन विस्तार गर्ने काम गरियो। त्यसबेला गुल्मीको दक्षिण–पूर्वी क्षेत्रमा नै सबैभन्दा बढी सेल्टर निर्माण भएको र पार्टी गतिविधि अघि बढेको थियो। सिद्धिनाथ ज्ञवाली जिल्लाको सचिव हुनुहन्थ्यो। जीवराज आश्रित, देवेन्द्र घिमिरे र सिद्धिनाथले सुरुमा छिट्टै स्कुल छाड्ने कुरा गर्नुभयो, तर शिक्षण पेसा गर्दै पार्टीको जिम्मेवारी पूरा गर्ने क्रममा उहाँहरूले क्रमशः पूर्णकालीन हुने तर तत्काल पेसामै रहेर काम गर्ने सल्लाह दिनुभयो। तर सङ्गठन र सङ्घर्षको काम अघि बढ्दै जाने क्रममा कामका चाप बढ्दै गयो र प्रशासनिक खतरा पनि बढ्यो। जीवराज र सिद्धिनाथसँग दसैँको बिदापछि स्कुल छाड्ने सल्लाह भएको थियो। यो कुरा घरमा श्रीमती बाहेक कसैलाई थाहा थिएन। तर परिस्थितिको चापका कारणले दसैँ पनि पर्खिने अवस्था रहेन।

२०३८ भदौमा म घरपायकको माविको स्थायी जागिर छाडेर पूर्णकालीन कार्यकर्ताका रूपमा भूमिगत भएर काम गर्ने निष्कर्षमा पुगेँ। सोही वर्षको भदौ १३ गते रातीको ११ बजे बाहिर झमझम पानी परिरहेका बेला मैले पढाउने स्कुलका सहयोगी नरबहादुर हमालसँगै आफूलाई चाहिने विभिन्न सामानसहितको झोला, एक हातमा बलियो लट्ठी र अर्को हातले छाता ओढेर भूमिगत यात्राको सुरुवात गरेँ। हिँड्ने बेला श्रीमतीसँग दह्रो हात मिलाएँ। ढिलै भए पनि भूमिगत रूपमै भेट गर्ने बाचा गर्दै बिदा भएँ। मेरो घरबाट एक घण्टा टाढा पर्ने बोहा गाउँका यदुप्रसाद ज्ञवालीको घरमा बास बस्न जाने योजना बन्यो। अँध्यारो रात, जङ्गलको साँघुरो बाटो, भदौरे झरी, टर्च बाल्नु एक किसिमले प्रतिबन्धजस्तै थियो। राती १२ बजे यदु बुवाको घरमा पुगेर उहाँ सुत्ने कोठाको सामुन्नेबाट लट्ठीले ट्याक–ट्याकको इसारा गरियो। आधी रातमा ट्याक–ट्याकको इसारा यदु बुवाले थाहा पाउनुभयो। तल झरेर ढोका उघार्नु भयो। आफू सुत्ने कोठामा लगेर हालखबर सोध्नुभयो। म शिक्षक भएकै बेला उहाँको घरमा सिद्धिनाथ ज्ञवाली, जीवराज आश्रित लगायतका नेताहरूसँग भेटघाट गरेको थिएँ। बोहा गाउँबाट धेरै विद्यार्थीहरू मैले पढाउने विद्यालयमा पढ्न जान्थे। विद्यार्थी भाइ–बहिनीहरू सबैसँग घनिष्ठता थियो। उनीहरूले मलाई शिक्षक मात्र नभएर एक जना अभिभावकका रूपमा लिने गर्थे। विद्यार्थीका अभिभावकहरूसँग मेरो राम्रो सम्बन्ध थियो। यदु बुवाले 'घर पायकको स्थायी जागिर, बुढा भएका बुवाआमा, जवान श्रीमती, काखका साना छोरा–छोरी छाडेर कसरी हिँड्न सक्यौ ? अब बुवाआमाले दुःख पाउने भए, श्रीमती र बच्चा–बच्चीको अवस्था के हुने हो ? परिवारमा तिमीप्रति ठूलो भरोसा थियो' भन्दै मेरो मनस्थिति बुझ्ने प्रयास गर्नुभयो। 'मलाई जागिर, घर–परिवार र सम्पत्तिको भन्दा देश र जनता नै प्यारो लाग्यो, मैले निकै सोचेर मात्र यो निष्कर्षमा पुगेँ' भनेर स्पष्ट पारेपछि उहाँले 'तिम्रो यो निर्णय सही छ, तर जस्तोसुकै कठिन अवस्थामा पनि विचलित नहुनू' भनेर हौसला दिनुभयो। यस्तै कुराकानी गरेपछि राती एक बजे उहाँकै कोठामा सुतियो। ७० वर्षको उमेरमा पनि उहाँको कम्युनिस्ट पार्टीप्रतिको आस्था अटुट थियो। घर–परिवार सबै पार्टी समर्थक थिए। यदु बुवाकी नातिनी हरिकला मैले पढाउने विद्यालयको विद्यार्थी थिइन्। त्यस घरमा धेरै भूमिगत नेताहरू आएर पटक–पटक बस्नुका साथै स–साना भेला बैठकहरू भएका छन्। सिङ्गो परिवारको पार्टीप्रतिको आस्था, निष्ठा र सहयोग इतिहासमा अविस्मरणीय छ।

त्यसबेला बिहान उज्यालो नहुँदै उठेर आफ्ना नित्यकर्म सक्नु पर्थ्यो। दिनभरि जनताको घरमा लुकेर बस्ने र रात परेपछि गन्तव्यतिर हिँड्ने चलन थियो। दुई दिन यदु बुवाको घरमा बसियो। बिहान घरका अन्य सदस्यहरूसँग कोठामै भेटघाट भयो।

हरिकलामार्फत स्कुलतिरको हालखबर बुझियो। त्यहाँ बसेको बेला एक–दुई जना गरी गाउँका केही अगुवा कार्यकर्ता र केही विश्वासिला विद्यार्थी भाइ–बहिनीहरूसँग भेटघाट भयो। उनीहरूले स्कुल छाडेकामा दुःख व्यक्त गरे पनि क्रान्ति र परिवर्तनको लागि जीवन समर्पित गरेको देखेर खुसी व्यक्त गरे। म यसरी बसेको कतै चुहाउन नहुने कडा अनुशासनको कुरा बताइयो। खानपिन, भेटघाटदेखि पिसाब फेर्ने सबै व्यवस्था कोठामै सीमित गर्नुपर्थ्यो। बाहिर मान्छे आए–नआएको रेखदेख गर्दै कोठाभित्र सानो–सानो आवाजमा राजनीतिक छलफल, प्रशिक्षण चलाउनु पर्थ्यो। भेट्न आउने–जाने कार्यकर्ताको सुरक्षित प्रबन्ध परिवारका सदस्यले नै मिलाउने गर्थे। स्कुलमा पढ्ने भाइ–बहिनीहरूमार्फत आसपासमा चिठी–पत्रको आदान–प्रदान हुन्थ्यो। अहिले जस्तो फोनको कुनै सुविधा थिएन। पार्टी कार्यकर्तालाई पैदल कुदाएर पार्टीका विभिन्न सामग्रीहरूको वितरण गर्नु पर्थ्यो। यदु बुवाको परिवारले निकै लामो समयसम्म निरन्तर पार्टीको सेवा गर्दै आयो।

गुल्मी जिल्लामा काम गर्दा म धेरैपटक त्यो घरमा आउने–जाने गरेको छु। मजस्तै कमरेड जीवराज आश्रित, सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे, प्रदीप ज्ञवाली, कोशल पोखरेल लगायतका विभिन्न कमरेडहरू आउने–जाने, बस्ने गर्नुहुन्थ्यो। तत्कालीन सरकारद्वारा गम्भीर वारेण्ट जारी भएका नेताहरूलाई राखेको थाहा लाग्ने बित्तिकै सिङ्गो परिवारले खतराको सामना गर्नुपर्थ्यो। तर पनि उहाँहरूले हरेस खानुभएन। कहिलेकाहीँ यदु बुवाले रातको समयमा मलाई आफ्नो घरबाट अर्को सेल्टरमा पुऱ्याउन सघाउनु हुन्थ्यो। 'म एक्लै जान्छु, बुढो मान्छे नजानूस्' भन्दा पनि 'अहँ, यो रातमा एक्लै छाड्दिनँ' भन्दै लौरो टेकेर हिँड्नु हुन्थ्यो। कहिलेकाहीँ खाटमुनि राखेको दिउँसो पिसाब गरेको कोपरा (भाँडो) हिँड्ने बेला फाल्न बिर्सियो भने बिहान घरका महिलाले कुचो लगाउँदा पोखिएर त्यसलाई सफा गर्नुपरेका उदाहरण कति छन्। तर पनि त्यसलाई अन्यथा नठानेर जनताले हाम्रो सुरक्षा गरिरहे। भूलबस त्यस्ता कुनै गल्ती भए अर्को पटकको भेटमा आत्मालोचना गरेर आफूलाई सुधार्ने काम गरिन्थ्यो। यदु बुवाको घरको पश्चिमतिर लीलाधर ज्ञवालीको घर थियो। त्यो घरमा पनि हामी धेरैपटक लुकेर बसेका छौँ। म जिल्लाको सचिव भएका बेला एकपटक गुल्मी जिल्ला सङ्गठन कमिटीको बैठक पनि बसेका छौँ। लीलाधरजी अत्यन्त सामान्य, साक्षर मात्र, गरिब किसान परिवारको मान्छे, छोरा–छोरीहरू सानै थिए। श्रीमान्–श्रीमतीले हाम्रो सुरक्षादेखि अन्य बन्दोवस्तको काम मिलाउनु हुन्थ्यो। घरमा आटो, पिठो, मकै, भट्मास जे पाक्छ खुसीसाथ खाइन्थ्यो। बेला–मौकामा किम इलसुङका कोटेसनहरू सुनाउने हुनाले उहाँलाई साथीहरूले किम इलसुङ काका पनि भन्थे। पार्टीका नेता–कार्यकर्तालाई

निकै माया गर्नुहुन्थ्यो। हामीजस्ता गरिब जनताको मुक्तिका लागि यिनीहरूले आफ्नो जीवन समर्पित गरेका छन् भन्ने विश्वास थियो। बोहामा लेखनाथ ज्ञवाली लगायत अन्य साथीहरूको घरमा पनि हामीले सेल्टर लिने गर्थ्यौं। अर्चले माविमा पढ्ने नारायण, ध्रुव, रम्भा, हरिकला लगायतका भाइ–बहिनीहरूको निरन्तर सहयोग रह्यो।

बोहाजस्तै पाल्पा मोहरेका एकदेव ज्ञवालीको परिवारले पनि पार्टीलाई बचाउन निकै ठूलो सहयोग पुऱ्याएको छ। घरमा विधवा बुढी आमा, एकदेव र उहाँको भाइ मात्र हुनुहुन्थ्यो। त्यो घरमा पनि जीवराज 'आश्रित', सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे, शान्ता मानवी लगायत धेरै नेताहरूको आवत–जावत हुने गरेको थियो। एकदिन म त्यो घरमा लुकेर बसेको थिएँ, संयोगवस तीन जना पुलिस घरको आँगनमा आइपुगे। म केही महिना पहिले भूमिगत भएको थिएँ। गुल्मी–पाल्पामा मेरो खोजी भइरहेको थियो। म बसेको कतैबाट थाहा पाएर आए होलान् भन्ने ठानेर एकदेवजी आत्तिनु भयो। तर त्यो संयोग मात्र रहेछ। उनीहरू घरको बाटो हुँदै अन्यत्र गए। तर मलाई खोज्नैकै लागि गाउँ–गाउँमा घुमिरहेको भन्ने थाहा लाग्यो। एकदेवजीको परिवार एउटा गरिब किसान परिवार थियो। घरको उब्जनीले वर्षभरि खान पुग्दैनथ्यो। तर पनि घरमा आएका पार्टीका नेता–कार्यकर्तालाई पाल्न र सुरक्षा गर्न कहिल्यै छाड्नु भएन। मोहरे नजिकै देउले भन्ने गाउँमा उमबहादुर दर्लामीको घरमा पनि यसैगरी हामी बस्ने, बैठक गर्ने गर्थ्यौं। गाउँका सामन्त–फटाहाविरोधी सङ्घर्षमा त्यो परिवारले साथ दियो। सँगै गाउँका तमाम जनताले साथ दिए। अर्चलेमा तत्कालीन स्थानेश्वर महाप्रभुले जनताको विपक्षमा गरेका अनियमितताका विरुद्ध यस क्षेत्रका जनताले ठूलो आन्दोलन गरे र अन्त्यमा स्थानेश्वरले यो गाउँ नै छाडेर स्याङ्जा मालमुलमा बसाइँ सर्नुपर्ने अवस्था उत्पन्न भयो। त्यो आन्दोलनको लामो घटनाक्रम छ। यहाँ सबै कुरा उल्लेख गर्नु सम्भव भएन।

गुल्मी जिल्लाका विभिन्न सेल्टरहरूमध्ये ज्ञवा कयनपानीका दिवाकर ज्ञवालीको परिवारको योगदान पनि अविस्मरणीय रहेको छ। पहाडको सानो खोलामाथिको त्यो एकान्त घरमा खास गरी गुल्मी जिल्लामा कार्यरत नेताहरूको आवत–जावत चल्ने गर्थ्यो। दिवाकरजीको सानो जागिर थियो। भाइ–बहिनी पढ्दै थिए। बुवा–आमा खेतीपातिमा व्यस्त, दुःख गरेर खान पुग्ने सामान्य परिवारमा हाम्रो लागि हमेशा ढोका खुला थियो। जङ्गलछेउको एकान्त ठाउँ भएकोले पनि हामीलाई आवत–जावत र भूमिगत बसाइको लागि सजिलो थियो। त्यो घरमा मैले पार्टीका धेरै कागजपत्र, दस्ताबेजहरू अनि मार्क्सवादी पुस्तकहरू एउटा बाकसमा राख्ने गरेको थिएँ। घरको सानो कोठामा स–साना मिटिङ्ग तथा कार्यकर्ताहरूसँग भेटघाट अनि कामको रिपोर्ट

लिने र निर्देशन दिने काम हुन्थ्यो। त्यसबाहेक खाली समयमा लेख्ने, पढ्ने काममै व्यस्त रहन्थ्यौँ। त्यो घरमा पटक–पटक बस्ने क्रममै मैले कार्ल मार्क्सको पुँजी पहिलो खण्ड पढेर सकेको थिएँ। साथीहरूसँग भेटघाट नभएको दिन, बिहानैदेखि साँझसम्म लगातार पढेर नथाक्ने त्यो समय सम्झिँदा अहिले रमाइलो लाग्छ।

त्यस्तै ज्ञवा बाक्लेसल्लाका गरिब किसान पद्मपाणी ज्ञवालीको घरमा हामी धेरैपटक बसेका छौँ। घरमा खाने आटो समेत नभएको बेला भुटेका मकै चपाएर कैयौँ रातहरू बिताएका छौँ। अत्यन्त दुःख र अभावको बेलामा पनि उहाँले हामीलाई सधैँ हाँसेर घरमा स्वागत गर्नुभयो। ओढ्ने–ओछ्याउने कपडाको अभावले एउटा फाटेको सिरक तेर्सो पारेर तीन जनाले ओढेर कैयौँ रात बिताएका छौँ। उहाँको घरको एउटा कोठामा बसेर कतिपय शिक्षक, विद्यार्थी र किसानहरूलाई सङ्गठनको काममा सक्रिय बनाउने क्रम अघि बढेको थियो। यस्ता धेरै सेल्टरदाताहरूले गुल्मी जिल्लामा कम्युनिस्ट पार्टीलाई बचाउने र अघि बढाउने सबालमा धेरै ठूलो योगदान पुऱ्याउनु भएको छ।

तीन वर्ष तत्कालीन नेकपा (माले) को गुल्मी जिल्ला सङ्गठन कमिटीको सचिवको रूपमा काम गरेपछि पार्टीले २०४१ साल जेठ महिनामा नवलपरासी सरुवा गऱ्यो। त्यहाँको पार्टी काम अस्तव्यस्त भएकोले त्यसलाई व्यवस्थित गर्न मलाई गुल्मीबाट सरुवा गरिएको थियो। त्यसबेला कुनै पनि ठाउँमा पार्टी काम गर्नको लागि सुरक्षितसाथ बस्ने–खाने सेल्टर र घरपरिवारको व्यवस्था, पहिलो अनिवार्य आवश्यकता थियो। त्यस किसिमको सेल्टरबिना काम एक इन्च पनि अघि बढ्न सक्दैनथ्यो। कहाँ बस्ने र भोक मेटाउने– ठूलो चिन्ताको विषय हुन्थ्यो। हरेक सेल्टरमा बस्दा कस्तो भूमिगत शैली अपनाउने ? परिवारका सदस्यहरूलाई खुशी राख्ने, शत्रुहरूबाट आफू पनि जोगिनु पर्ने र त्यो परिवारलाई पनि जोगाउनु पर्ने। यो सबै पार्टी भित्रको गम्भीर छलफलको विषय हुन्थ्यो। पार्टीको गोप्य निर्देशनमा यस सम्बन्धी नीति र कार्यशैली उल्लेख गरिएको हुन्थ्यो। पार्टीको निर्देशन बमोजिम काम गर्न नसक्दा या थोरै मात्र लापर्वाही गर्दा कैयौँ नेता–कार्यकर्ताहरू पक्राउ परेर जेल जीवन बिताएका र कति मारिएका छन्। कैयौँ मानिस कडा भूमिगत शैली र दुःखकष्ट सहन नसकेर आत्मसमर्पण गरेका छन्, भागेका, निरास भएका छन्। तर कैयौँ मान्छे कडा अनुशासनमा बसेर, पार्टीको निर्देशन अनुसार काम गर्न सकेकै कारणले बहुदलीय व्यवस्था स्थापना हुने बेलासम्म तत्कालीन नेकपा (माले) देशव्यापी सङ्गठन विस्तार भएको ठूलो पार्टीको रूपमा स्थापित भएको थियो। त्यही पार्टीको योजनामा जनआन्दोलन सफल भएको थियो।

म नवलपरासी आउँदा मेरा लागि केही अनुकूलता र केही गम्भीर प्रतिकूलताहरू थिए। नवलपरासीमा म अपरिचित अनुहार भएकोले हिँड्न, घुम्न त्यति समस्या थिएन। नयाँ ठाउँ भएकाले बस्ने, खाने ठाउँ र सङ्गठन विस्तारको समस्या भने गम्भीर थियो। तर थोरै भए पनि जे जति कमरेडहरू पार्टीको पक्षमा हुनुहुन्थ्यो, उहाँहरूसँग सम्बन्ध र सम्पर्क कायम गर्दै पार्टी काम व्यवस्थित गर्ने काम भयो। अन्य ठाउँमा जस्तै त्यो जिल्लामा पनि केही महत्त्वपूर्ण सेल्टरदाताहरू हुनुहुन्थ्यो, जसले लामो समयसम्म पार्टीलाई बचाएर राख्नुभयो। पछि तिनै साथीहरू पार्टीका विभिन्न तहका नेताको रूपमा स्थापित हुनुभएको छ। ती विभिन्न सेल्टरमध्ये भिउरान गाउँका ईश्वरी पाण्डेको परिवारले ठूलो योगदान पुऱ्याएको छ। उहाँ बहुदल आएपछि जिल्ला विकास समितिको सभापति बन्नुभयो र उहाँको कार्यकाल सफल रह्यो। केही वर्ष अघि उहाँको निधन भयो। त्यस घरमा पार्टीका विभिन्न भेला, बैठक र प्रशिक्षणहरू चलेका छन्। मूल सडकबाट एउटा जङ्गलपार गरेर त्यहाँ पुग्न सकिन्थ्यो। त्यस हिसाबले त्यो सुरक्षित ठाउँ मानिन्थ्यो। पूर्व–पश्चिम गर्ने निकै धेरै नेता–कार्यकर्ताहरू त्यहाँ बास बस्नुभएको छ। २०४१ सालमा त्यही गाउँमा तत्कालीन महासचिव झलनाथ खनालको उपस्थितिमा लुम्बिनी अञ्चल तत्कालीन (पश्चिम दक्षिण क्षेत्र) स्तरीय प्रशिक्षण दुई दिनसम्म चलेको थियो। लुम्बिनी अञ्चलका ६ वटै जिल्लाका अगुवा कार्यकर्ताको उपस्थिति थियो। चारैतिर पहरा र सुरक्षाको प्रबन्धसँगै, उज्यालो नहुँदै सबैले आफ्नो नित्यकर्म सकेर अरू सबै काम घरभित्रै सम्पन्न गर्नु कम्ती चुनौतीपूर्ण थिएन। पूर्वपश्चिम राजमार्ग अन्तर्गत पर्ने आरुङ्खोला बजारको पूर्वी पाखोबाट दक्षिणतर्फ पर्ने भिउरान गाउँ कम्युनिस्ट कार्यकर्ताको सुरक्षित स्थलजस्तै थियो। तर पनि जुनसुकै घरमा बसे पनि कडा भूमिगत शैली नअपनाउने हो भने कुनै पनि बेला दुर्घटना हुनसक्थ्यो। सफलताका साथ कार्यक्रम सम्पन्न गरेर सहभागीहरू सुरक्षितसाथ आ–आफ्नो कार्यक्षेत्रमा फर्कनु भयो।

नवलपरासीकै तमासपुर भन्ने गाउँका कमरेड चन्द्रमणि खरालको घर पनि पार्टीको अर्को सुरक्षित सेल्टर थियो। म धेरैपटक त्यो घरमा बसेर विभिन्न कमरेडहरूसँग भेटघाट गरेको छु। सुनवलका थानप्रसाद गैरे तथा गुल्मीबाट बसाइँ सरेर आउनुभएका तिलकराम ढकालजस्ता कमरेडहरूको गहिरो माया र सहयोग अविस्मरणीय छ। नवलपरासी जिल्लाका उहाँहरू जस्तै अन्य तमाम कमरेडहरूले पार्टी कार्यकर्ताहरूको संरक्षण गरेर नेपाली क्रान्तिको लागि सहयोग पुऱ्याउनु भएको छ। चन्द्रमणि खराल पछि त्यस जिल्लाबाट सांसदमा निर्वाचित हुनुभयो। करिब डेढ वर्षको प्रयत्नपछि पार्टी काम केही व्यवस्थित भयो।

तर छोटो समयमै पार्टीले मलाई बाँके–बर्दिया खटायो। बाँके जिल्लामा कोहलपुरभन्दा थोरै पश्चिम पर्ने वनकट्टा गाउँमा पहिलो पटक कमरेड गोविन्द कोइराला र गौरा प्रसाईंसँग उहाँहरूकै घरमा भेट गरेँ। कमरेड वामदेव गौतमले त्यहाँका प्रमुख कमरेडहरूसँग भेट गराई बाँके–बर्दियाको संयुक्त जिल्ला सङ्गठन कमिटी पुनर्गठन गर्नुभएको थियो। गौरा लामो समयको कठोर जेल जीवनपछि रिहा भएर केही समय भारत प्रवासमा काम गरेपछि गोविन्द कोइरालासँग भूमिगत रूपमै विवाह भएर बाँके–बर्दियामा काम गर्दै हुनुहुन्थ्यो। नेपालगन्जको धम्बोजीमा गोविन्दको एकतले पक्की घर थियो। त्यो घर पार्टीको एक किसिमको कार्यालय जस्तै थियो। त्यसबेला पार्टी कामले पश्चिमतिर गएका नेताहरू सुरुमा त्यस घरमै पुगेर पार्टी सम्पर्क गर्नुहुन्थ्यो। बाँके–बर्दियाको सचिवको हैसियतले मेरो त्यहाँ धेरै आवत–जावत हुन्थ्यो। म त त्यो परिवारको सदस्य जस्तै थिएँ। बुवा, दाजु, भाउजू, छोरा–छोरी सबैले औधी माया गर्ने। बिएससी प्रथम श्रेणीमा पास गरेर बर्दिया मैनापोखरा माविको प्रधानाध्यापकको जागिर अनि विदेशमा स्कलरसिपमा पढ्ने अवसर छाडेर गोविन्द कोइराला पूर्णकालीन हुनुभयो। जेलबाट रिहा भएपछि केही वर्ष स्वास्थ्योपचारमा लागेर गौरा पनि पूर्णकालीन भएर काम गर्नुभयो। भाइ अशोक कोइराला विद्यार्थी नेताको रूपमा कार्यरत हुनुहुन्थ्यो। बाँके खजुराका बालकृष्ण पौडेल प्रावि शिक्षक भएर पनि पार्टी काममा निकै सक्रिय र समर्पित हुनुहुन्थ्यो। उभिंदा टाउको ठोकिने सानो छाप्रोमा भित्र छिरेर जे पाकेको छ, त्यही बाँडेर खाँदै पार्टी कामको योजना बनाउँथ्यौँ। गरिब परिवार, रोगी श्रीमती, साना छोरा–छोरी तर पनि पार्टीको लागि समय मिलाएर निरन्तर सक्रिय हुनुहुन्थ्यो। खजुराकै मिलन सापकोटाको परिवारले पनि ठूलो भूमिका निर्वाह गरेको छ। उहाँकै घरमा लुकेर दुई दिनसम्म नेकपा (माले) सुदूर पश्चिमाञ्चल (रापतीदेखि महाकालीसम्म) को सङ्गठन कमिटीको बैठक बसेका छौँ। त्यसको सचिव वामदेव गौतम हुनुहुन्थ्यो भने म उपसचिव थिएँ। खजुराकै दक्षिणतिर सुमित्रा बीसीको घर थियो। बुवाआमा, भाइबहिनी सबै अत्यन्त सहयोगी हुनुहुन्थ्यो। सुमित्रा त्यसबेला पनि पार्टीमा सक्रिय हुनुहुन्थ्यो। कोहलपुरका लुटबहादुर रावत, रोमहर्ष धिताल, हरि पराजुली लगायतका बाँकेका अन्य धेरै कमरेडहरूले पार्टी निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ।

बर्दियामा निर्मल सुवेदी, देवबहादुर राना, बुद्धिसागर अधिकारी, भीम केसी, लोकमणि आत्रेय लगायत कमरेडहरूका घरमा पार्टीका भूमिगत कार्यकर्ताहरूले सेल्टर लिएर सङ्गठन निर्माण र परिचालनको काममा योगदान पुऱ्याउनु भएको छ। बुद्धिसागरजीको सानो घरको तलामा वैशाख– जेठको समयमा छानाको खपडा तातेर लगाएको कपडा लुछुप्पै भिजे पनि उहाँहरूको पार्टी र नेता कार्यकर्ताप्रतिको मायाले

सबै दुःख बिर्साउँथ्यो। त्यही सानो घरमा वामदेव गौतम, मेघबहादुर बीसी र म पटक–पटक लुकेर बस्ने र पार्टी कामको योजना बनाउने गर्थ्यौं। पार्टी काम अघि बढ्दै जाने क्रममा बाँके र बर्दियाको अलग–अलग कमिटी निर्माण गर्न सकिने स्थितिको विकास भयो। निरन्तरको सम्पर्क र सक्रियतापश्चात् देवबहादुर राना स्थायी शिक्षण पेसा छाडेर पूर्णकालीन रूपमा पार्टी काम गर्ने अवस्थामा पुग्नुभयो र उहाँलाई नै सचिव बनाएर बर्दिया जिल्ला सङ्गठन कमिटी गठन गरियो। बाँकेमा हरि पराजुली पूर्णकालीन हुन तयार हुनुभयो। गोविन्द कोइराला त्यसबेला दाङ जिल्लाको सचिव भएर पार्टी काम गर्दै हुनुहुन्थ्यो। त्यसबेला मेघबहादुर बीसीलाई दाङबाट सुर्खेत सरुवा गरेर उहाँ त्यहाँ जिल्ला सचिवको रूपमा कार्यरत हुनुहुन्थ्यो।

बाँके–बर्दियाको दुई वर्षको कार्यकालपछि पार्टीले मलाई दाङ जिल्लामा खटायो। कमरेड नेत्रलाल 'अभागी'को निधनपश्चात् त्यहाँ पार्टी काम छिन्नभिन्न अवस्थामा थियो। सुरुमा देवेन्द्र घिमिरे अनि गोविन्द कोइराला त्यहाँ गएर केही व्यवस्थित गर्ने काम भयो। गोविन्दलाई कारणवश कैलाली पठाउनु पर्ने भएकाले पार्टीले मलाई दाङ जिल्लाको सचिवको जिम्मेवारी दिएर काम गर्ने गरी खटायो। दाङ मेरो आफ्नै घर–परिवार बसोबास गर्ने जिल्ला भएको, सानैदेखि त्यहीँ पढेको र केही समय पहिले शिक्षण पेसा गर्दै पार्टी काम गरेकाले केही अनुकूलता अनि सामाजिक रूपमा परिचित व्यक्ति भएकाले केही प्रतिकूलता थिए। करिब दुई वर्षको अथक प्रयत्नपछि सङ्गठनात्मक कामको विस्तार, सुदृढीकरण र केही पूर्णकालीन कार्यकर्ता तयार पार्ने काम भयो। दाङ जिल्लाका धेरै घर–परिवारलाई सेल्टरको रूपमा प्रयोग गर्दै पार्टी काम अघि बढ्यो। यही बेला पार्टीभित्र समाजवादको आधारभूत पक्ष के हो ? विश्वका कुन–कुन मुलुकलाई समाजवादी मुलुक भन्न सकिन्छ भन्नेबारेमा व्यापक अध्ययन र बहस चलेको थियो। यसै सन्दर्भमा देशका सबै जिल्लाहरूमा पार्टीले प्रशिक्षण सञ्चालन गरेको थियो। दाङ जिल्लामा पनि अक्कासी भन्ने गाउँमा 'अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन' का बारेमा प्रशिक्षणको आयोजना गरियो। प्रशिक्षक म आफैँ थिएँ। समसामयिक राष्ट्रिय परिस्थिति र पार्टीको कार्यभारका बारेमा पनि विस्तृत छलफल भयो। कडा भूमिगत शैलीमा दुई दिनको कार्यक्रम सफलताका साथ सम्पन्न भयो र सबै कमरेडहरू आ–आफ्नो गन्तव्यतर्फ लाग्नुभयो। तर भोलिपल्ट गाउँको कुनै सुराकीले बेलबहादुर नेपालीकहाँ पार्टीको बैठक भएको शङ्का गरेर पुलिसलाई रिपोर्ट गर्‍यो। त्यसपछि प्रशासनले दाङका विभिन्न साथीहरूलाई पक्राउ गरी यातना दियो। कतिलाई कागज गराएर छोडिदियो। एकातिर पार्टी काममा एउटा धक्का लाग्यो भने अर्कोतिर कतिपय कमरेडहरूलाई भूमिगत लगेर पूर्णकालीन रूपमा पार्टी काम गर्न लगाइयो। त्यसबेला

अक्कासीका बेलबहादुर नेपाली, श्याम नेपाली, जुद्धबहादुर नेपाली, झुपलाल नेपाली, दुधरासका केशर नेपाली लगायतका किसान साथीहरूले कार्यकर्ताहरूलाई सुरक्षित राखेर पार्टी काम अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। आजसम्म पनि उहाँहरू पार्टी काममा सक्रिय हुनुहुन्छ। त्यही अक्कासी गाउँका टीकाराम खड्का नेकपा (एमाले) दाङ र रोल्पा जिल्ला कमिटीको अध्यक्ष हुनुभयो। हाल तुल्सीपुर उप–महानगरपालिकाको प्रमुख हुनुहुन्छ भने भागवत 'विश्वासी' नेकपा (एमाले) को केन्द्रीय सदस्य हुनुहुन्छ।

दाङ पक्वैका तीर्थ चौधरी, फचकपुरका सुन्दर चौधरी, बोसाइका राजकुमार चौधरी लगायत थारु किसान साथीहरूका घरमा लुकेर नेता–कार्यकर्ताहरूले निकै लामो समय लगाएर पार्टी निर्माण गऱ्यौँ। तिनै गरिब किसानहरूको घरमा सेल्टर लिएर काम गर्दागर्दै नेत्रलाल 'अभागी' को अचानक निधन भयो। दाङ बेसाइका शेनराज शाह, बनकट्टीका भक्तिराम ज्ञवाली, हेमन्तपुरका देवमणि देवकोटा, हाडीम विजौरीका देवी पोखरेल, बनकट्टाका छविलाल वली र मेघबहादुर बीसी लगायत व्यक्तिहरूका परिवारले त्यस सङ्कटको बेला पार्टीलाई बचाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। त्यसबेला दाङ जिल्लाको सचिव भएर काम गरे पनि सुदूर पश्चिमाञ्चलको उपसचिवको हैसियतले रोल्पा र प्यूठानमा पनि पार्टी काम विस्तार गरिएको थियो। रोल्पाको होलेरी र नुवागाउँमा स्थानीय स्तरका कमिटी गठन गरिएको थियो। प्यूठानमा व्यक्तिगत सम्पर्क गर्ने काम अघि बढ्दै थियो। हाम्रो परिवारमध्ये कोही गुल्मी भड्कुवामा र कोही दाङ बनकट्टीमा बस्ने गर्थ्यौं। दाङको जिम्मेवारी पाएपछि स्वाभाविक रूपमा महिना, दुई महिनाको एकपटक रातीको १२–१ बजेतिर घरमा गएर एक–दुई दिन लुकेर बस्ने र रातकै समयमा फर्कने क्रम चल्ने गर्थ्यो। गाउँकै सुराकी पनि मेरो खोजीमा सक्रिय थिए। भाइ लक्ष्मण ज्ञवाली राजकाज मुद्दा अन्तर्गत जेलमा थिए। परिवारका सबै सदस्यहरूको पार्टीप्रति समर्थन र सहयोगको भावना थियो। भाइ रामकुमारले कञ्चनपुरमा शिक्षण पेसा गर्दै थिए। शिक्षण पेसासँगै पार्टी काममा पनि सक्रियता थियो। सबैको सल्लाहले हामी भाइहरू अलग भयौँ। श्रीमती इन्दु ज्ञवाली, घर–परिवारको काम गर्दै पार्टी काममा पनि सक्रिय थिइन्। कविता र प्रकाश सानै भए पनि दिउँसो स्कुल जाने र साँझ बिहान आमालाई सहयोग गर्थे। विदाको दिन नजिकैको जङ्गलमा गएर दाउरा खोजेर साँझ घर आउँथे। वर्षाको समयमा कहिलेकाहिं अरूको खेतमा रोपाइँ गर्न जान्थे र त्यसबाट प्राप्त थोरै पैसाले कापी, किताब किन्नुपर्ने अवस्था थियो। जग्गाको उब्जनीले जसो–तसो खान पुग्थ्यो। अरू खर्च कसरी धान्ने सङ्कट थियो। गाउँका फटाहाहरूले 'तिम्रो श्रीमान् कहाँ छन्' भन्दै धम्काउने गर्थे। पुलिसहरूको आवत–जावत चलिनैरहन्थ्यो।

पार्टीका नेता कार्यकर्ताहरूको आवत–जावत पनि रात–विरात चलिरहन्थ्यो। कहीँ पुलिसले सुइँको पाएर नेता–कार्यकर्तासँगै आफू समेत जेल जानु पर्ने अवस्था आउने हो कि भनेर हरदम सतर्कता अपनाइरहनु पर्थ्यो। भूमिगत रूपमा आवत–जावत गर्ने क्रममै विकास र सुनिता जन्मिए। यसरी चार छोरा–छोरी हुर्काउँदै, उनीहरूलाई शिक्षा दिंदै एउटा लामो यात्रा अघि बढ्यो। जस्तोसुकै दुःख र कठिनाइ परे पनि इन्दुको पार्टी र क्रान्तिप्रतिको निष्ठामा कहिलै कमी आएन। कहिल्यै मसँग गुनासो भएन। बरु बहुदल आएर सरकारमा जाने क्रममा पार्टी विभाजित हुने, कतिपय नेता–कार्यकर्ताहरूको बारेमा देखापरेका आर्थिक विचलन र अनुशासनहीनतालाई देखेर 'यस्तै गर्न यो पार्टी बनाएको हो ?' भन्दै पछिल्लो समयमा विभिन्न गुनासा र असन्तुष्टिहरू व्यक्त हुने गर्छन्। धेरै वर्ष आर्थिक सङ्कट व्यहोर्दै आए पनि २०५४ सालमा म राष्ट्रियसभा सदस्य भएपछि स्थिति क्रमशः सहज बन्दै गयो। त्यो ६ वर्षको समयलाई छोराछोरी पढाउने अवसरका रूपमा उपयोग गरियो। पछि उनीहरूमै परिवार चलाउने जिम्मेवारी आयो।

दाङदेखि कैलालीसम्म पार्टी काम विस्तार हुँदै जाने क्रममा पार्टीले सेती–महाकालीलाई अलग क्षेत्रको रूपमा अघि बढाउने योजना बनायो र मलाई तत्कालीन नेकपा (माले) को सबैभन्दा कमजोर क्षेत्र सेती–महाकालीको सचिवको जिम्मा दिएर पठायो। त्यस बेलासम्म कर्णाली पश्चिम चिसापानीसम्म मात्र बसबाट जान सकिन्थ्यो। कैलाली सुरु भएपछि पैदल हिँड्नुको विकल्प थिएन। त्यसबाहेक नेपालगन्जबाट भारतको रुपैडिहा पुगेर त्यहाँबाट गौरीफन्टा निस्किएर धनगढी जानुपर्थ्यो। धनगढीमा वामदेव गौतमका भाइहरू बासु र पद्मले सानो उद्योग चलाउनु हुन्थ्यो भने गोविन्द कोइरालाले शिक्षण पेसा गर्दै पार्टी काम गर्नुहुन्थ्यो। उहाँहरूको मसला उद्योग पनि चलेको थियो। ती दुवै घरहरू मेरा लागि भरपर्दा आश्रयस्थल थिए। फूलवारी दिनेश सुवेदीको घर अर्को महत्त्वपूर्ण सेल्टर थियो। त्यो घरमा लुकेर कैलाली जिल्लाको पार्टी काम सञ्चालन हुन्थ्यो। फूलवारीमा अन्य धेरै साथीभाइहरूका घरलाई सेल्टरका रूपमा प्रयोग गरियो। कैलालीकै अत्तरियादेखि दक्षिण गेटा नजिकै पर्ने गेटी गाउँका नारायण चौधरीको घर अर्को भरपर्दो सेल्टर थियो। खपटाले छाएको सानो दुई तले घरको माथिको तलामा उँभिन पनि पुग्दैनथ्यो। वैशाख र जेठको टन्टलापुर घाममा खपटा तानेर बसी नसक्नु हुन्थ्यो। त्यस्तो ठाउँमा एकपटक कमरेड सीपी मैनालीको उपस्थितिमा सुदूरपश्चिम क्षेत्रको सङ्गठन कमिटीको बैठक बसेका थियौँ। तत्कालीन नेकपा (माले) को चौथो महाधिवेशनलगत्तै पूर्वबाट थप दुई जना कमरेडहरू मेघबहादुर बीसी र हरि सापकोटालाई पार्टीले त्यहाँ खटायो। सुरुमा तीन जनाको बीचमा क्षेत्रीय सङ्गठन कमिटी गठन गरियो। त्यसबेला संयुक्त जनआन्दोलन कसरी उठाउने भन्ने बारेमा योजना

बनेको थियो। मिडियामा आन्दोलनको तयारी चल्ने प्रचार भइरहेको थियो। पुलिस प्रशासनको सक्रियता बढेको थियो। तर पनि सुरक्षितसाथ बैठक सकेर सीपी मैनाली भारत प्रवासतिर लाग्नुभयो। तल खाना बनाउँदा या अन्य विभिन्न कामको लागि आगो बाल्दा धूवाँको मुस्लो हामी बसेको ठाउँमा आउँथ्यो। सास फेर्न निकै गाह्रो भएर कपडाले मुख छोपेर घोप्टो गरी सुतेर सास फेर्ने वातावरण बनाउनु पर्थ्यो। अँध्यारोमा बाहेक बाहिर निस्केर बस्ने अवस्था थिएन। त्यसबेला नारायण चौधरीको परिवारले पार्टीको लागि लगाएको गुण कहिल्यै बिर्सन सकिंदैन। कैलालीकै भादा गाउँका हनुमान चौधरीको घरमा कैलाली जिल्ला सङ्गठन कमिटीको दुई दिनसम्म बैठक बसेर नेकपा (माले) को चौथो महाधिवेशनको लागि प्रस्ताव गरिएका दस्ताबेजमाथि छलफल गरेका थियौँ। बैठकबाट आएका सुझावहरूलाई लिखित रूपमा केन्द्रमा पठाइएको थियो।

त्यस क्षेत्रको जिम्मा लिएर जाँदा सुरुमा कैलालीमा बाहेक अन्यत्र कुनै जिल्लामा पनि कमिटी थिएन। पहिले बनेका भए पनि ती सबै विघटित भएर व्यक्ति सम्पर्कमा मात्र सीमित थिए। नचिनेको ठाउँ, भाषाको पनि समस्या, कहाँ बस्ने ? कहाँ खाने ? समस्या हुन्थ्यो। मौका नपरेको बेला भोकै बस्नुको विकल्प थिएन। दिनभरि पैदल हिँडेर एक जना समर्थकलाई भेट्न पाइयो भने सन्तोषको सास फेर्नुपर्थ्यो। आफ्ना सम्पूर्ण निजी आवश्यकताको लागि तिनै समर्थक–शुभचिन्तकहरूले दिएको बाटाखर्च, लत्ताकपडा, जुत्ता आदिबाट जीवन चलाउनुको विकल्प थिएन। साथीहरूले लगाएका कपडा धोइधाइ पारेर प्रयोग गर्न पाउँदा पनि आनन्दै लाग्थ्यो।

कञ्चनपुर बेलौरी नजिकै कलकत्ता भन्ने गाउँको माध्यमिक विद्यालयमा भाइ रामकुमार ज्ञवाली शिक्षक थिए। आफ्नै भाइको घर भएकाले मलाई आवत–जावत सजिलो थियो। रामकुमारले साइकल चढाएर धेरैपटक जङ्गलै–जङ्गलको बाटो महेन्द्रनगर पुऱ्याएका छन्। त्यहाँ मसँगै पाल्पा तानसेन पढेका ऋषिराम खरेलसँग सम्पर्क भयो। उहाँ महेन्द्रनगरका स्थापित व्यापारी हुनुहुन्थ्यो। कतिपय व्यक्तिलाई पत्रकारको हैसियतले परिचय दिने गर्थें। महेन्द्रनगर नजिकै सुन्दरपुरका प्रेमबहादुर पाण्डे, सुडाका बालकृष्ण अर्याल, नारायण गिरी लगायतका साथीहरूको घरमा बसेर पार्टी कामको बारेमा छलफल हुने गर्थ्यो। कञ्चनपुर पुनर्वासका त्रिलोचन वत्सको घरमा बसेर नेकपा (माले) कञ्चनपुर सम्पर्क कमिटी गठन गरेका थियौँ। कमिटी गठन गर्नुपूर्व उर्वादत्त पन्तसँग सम्पर्क भएको थियो। पछि प्रेमसिंह धामीसँग भेटेर लामो कुराकानी गरेपछि उहाँले सक्दो सहयोग गर्ने बचन दिनुभयो।

डडेलधुरामा त्यसबेला कसैसँग सम्पर्क थिएन। दाङ आएको बेला यज्ञराज बाँस्तोलासँग गोविन्द कलौनीका बारेमा कुरा भएको थियो। उहाँलाई सानो चिठी लेख्न भनेको थिएँ। केही समयदेखि त्यो चिठी मसँगै थियो। कञ्चनपुरको काम एक हदसम्म सकेर घना जङ्गल भएको बेदकोटको उकालो बाटो हिंडेर साँझखेर डडेलधुराको जोगबुढा भन्ने ठाउँमा पुगेँ। त्यसबेला गोविन्दजीले त्यहाँको सिद्धनाथ माविमा पढाउनु हुन्थ्यो। 'उहाँको डेरा जोगबुढा बजारमै छ' भन्ने कुरा यज्ञराजजीले मसँग गर्नुभएको थियो। सोध्दै जाँदा एक जना पसलेले उहाँको डेरा बताइ दिए। हाम्रो यसभन्दा पहिले कुनै परिचय थिएन। यज्ञराजजीको चिठी परिचयको आधार बन्यो। एक क्षण डेरामा बसेर चिया खायौँ। मैले उहाँलाई चिठी दिएँ। चिठी पढेपछि उहाँ केही गम्भीर हुनुभयो। डेरामा कुरा गर्ने वातावरण मिलेन। रातको बेला नजिकै जङ्गलको बीचमा खोला किनारमा गएर एक घण्टा कुराकानी भयो। बजारमा भेटेर कुराकानी गर्न कठिन भएकोले अर्को महिनाको एक रात उहाँको गाउँको घरमा भेट गर्ने र बाँकी कामका बारेमा सल्लाहा गर्ने सहमति भयो। दिनभरिको हिंडाइले थकाइ, भोक र प्यासले निकै सताएको थियो। डेरामा गएर खाना खाई सुत्यौँ। बिहानै उठेर उहाँसँगै गाउँको घरतिर लाग्यौँ। आलीताल बान्नेगाढा भन्ने ठाउँमा उहाँको घर पुगेर साँझ खाना खाई अलि बढी कुराकानी गरियो। शिक्षक भएकोले अहिले धेरै केही गर्न नसके पनि सामान्य सहयोग गर्ने बचन दिनुभयो। त्यो नै मेरा लागि ठूलो कुरा थियो। यत्तिको एक जना इमान्दार मान्छे पाएपछि यो जिल्लामा पनि पार्टी काम अघि बढाउन सकिन्छ भन्ने विश्वास बढ्यो। त्यसपछि विभिन्न समयमा म उहाँको घरमा आउ–जाउ गरेँ। घरका परिवारसँग घनिष्ठता बढाएँ। घरमा बसेको बेला भाइलाई अङ्ग्रेजी पढाउँथेँ। धेरै पछि आउँदा बुवा–आमाले 'बाबुको अस्याट लागेको थियो' भन्नुहुन्थ्यो।

गोविन्दजीलाई आधार मानेर त्यो जिल्लामा पार्टी कम अघि बढ्यो। त्यहाँबाट म डोटी हुँदै अछामसम्म जाने गर्थे। डोटीमा पहिलोचोटी डिल्लीराज भट्टसँग भेट भयो। उहाँले पनि नेकपा (माले) लाई सघाउने बचन दिनुभयो। डोटीबाट पैदल यात्रा गर्दै कहिले अछामका जगत बोगटीलाई भेट्न मिस्तुरु गाउँ पुग्नुपर्थ्यो, कहिले भीम कडायतलाई भेट्न उहाँको गाउँ दर्ना भन्ने ठाउँमा पुग्न बाटो सोध्दै अनि बाटो बिराउदै हिंड्नु पर्‍यो। पहिलो पटक दर्ना जाँदा पहाडको बीच बाटोमै रात पर्‍यो, पानी पर्‍यो। कहिल्यै नहिंडेको र नजानेको बाटो, कहाँ पुग्ने हो ठेगान छैन। पानीमा रुझ्दै आठ बजे साँझ लेकमा पुग्दा एक जना मानिस टर्च बालेर उकालो चढ्दै गरेको देखेँ। मान्छेको सहारा मिलेको ठानेर लामो सास फेरेँ अनि 'कहाँ जाने हजुर !' भनेर बोलाएँ। उनी टक्क अडिए। मेरो प्रतिक्षा गरे। उनीसँग भेट भएपछि 'दर्ना जानु पर्ने थियो, जङ्गलमै रात

पऱ्यो अब के गर्ने ?' भनेर आफ्नो दुःख सुनाएँ। उनी गाई–भैंसी चराउनको लागि केही महिना लेक बस्ने रहेछन्। आफू बस्ने गोठमै लगे।

गोठको माथि चढेर आगो बाले। पानीले भिजेका कारण जाडोले आत्तिएको थिएँ। कपडा बदलेर आगो तापेँ। दुईवटा बाक्ला मकैका रोटी नुन खुर्सानी पिसेर एक–एक वटा बाँडेर खायौँ। मैले उनीसँग हाम्रो देशमा गरिब जनताको जीवन कसरी चलिरहेको छ भन्ने बारेमा कुराकानी गरेँ। उनले पनि आफ्ना दुःखका घटनाबारे खुलेर कुरा गरेँ। कुरै–कुरामा हाम्रो आत्मीयता बढ्यो। दिउँसो ओढ्ने–ओछ्याउने कपडा बाहिर सुकाएर उनी लेकको तल गाउँमा गएका रहेछन्। आउँदा कपडा भिजेका थिए। अँगेनाको दुवैतिर गुन्द्री बिछ्याएर सुत्ने प्रयास गरियो। उनी त बरु केही बेरमा निदाए। जाडोले गर्दा मलाई रातभरि निन्द्रा लागेन। उठेर आगो तापेर बसेँ। उनले पनि बीचमा उठेर आगोकै सहारा लिए। यस्तो रातको बेला आएको पाहुनालाई राम्रो खुवाउन र सुताउन नपाएकामा दुःखमनाउ गरिरहे। मेरो कुराकानीबाट पनि उनी निकै प्रभावित भएछन्। तर मलाई भने रातभरि जङ्गलको बास हुने र बाघ–भालुको सिकार बन्न सक्ने खतराबाट मुक्त भएकोमा सुखको अनुभूति भइरहेको थियो। उपियाँले शरीरभरि गरेको आक्रमण भने असैह्य थियो। अलि–अलि उज्यालो हुने बित्तिकै मलाई हिंड्न हतारो भयो। उनले अलि परसम्म गएर दर्ना गाउँमा जाने बाटो बताइदिए। आपतका बेला आश्रय दिएकामा धन्यवाद दिएर बाटो लागेँ। बाटो सोध्दै बिहानको नौ बजे दर्ना भीम कडायतको घरमा पुगेँ। उहाँ माविको प्रअ हुनुहुन्थ्यो। भोलिका लागि कार्यक्रम तय गरेर खाना खाई दिनभर उहाँको घरमै बसेँ। उहाँ स्कुल जानुभयो। स्कुलबाट आएपछि उहाँसँग मुलुकको समसामयिक राजनीतिक परिस्थिति र नेकपा (माले) को सङ्गठन विस्तार लगायत विभिन्न कुराकानी गरियो। अर्को दिन भीमसँगै कालागाउँ गोकुल शर्माको घरमा गएर जिल्लास्तरको कमिटी गठन गर्ने बारे सल्लाह भयो। त्यहीा बसेर जगत बोगटी लगायत केही साथीहरूलाई खबर गर्न पठाइयो। ५ जना कमरेडहरूको बीचमा जिल्ला समन्वय समिति निर्माण गरियो। गोकुलजीको घरमा तीन दिनसम्म बसेँ। कमिटीमा बस्ने सबै साथीहरूले शिक्षण पेसा गर्नुहुन्थ्यो।

कमिटी गठन, प्रशिक्षण लगायतको काम सकिएपछि उहाँहरूसँग विदा भएर यतैबाट नेपालगन्ज पुग्ने योजना बनाएर कालागाउँको उकालो बाटो लागेँ। गाउँ कटेपछि माथि लेकमा पुगेर विनायक बजारतिर झर्नु पर्ने थियो। मानिसको आवत–जावत ज्यादै कम हुने, साँघुरो, मान्छेको पदचिह्न हेर्दै अघि बढ्नु पर्ने घना जङ्गलको ठाडो उकालो बाटो चढ्दै जाँदा अचानक बाटो हरायो। कता जाने ? मान्छे कोही भेटिंदैन। 'माथि लेकमा पुगेर दक्षिणतिर झर्दै गरेपछि कोही न कोही मान्छेसँग भेट होला' भन्ने सोचेर

उकालो चढ्दै गएँ। पाइताला अड्याउने ठाउँ पाए मात्र मेरो लागि सडक बाटो जस्तो भयो। लेकमा पुगेर चारैतर्फ हेरेँ। धेरै तल केही घरहरू देखा परे। अन्धाधुन्ध जङ्गलै–जङ्गल ओरालो लागेँ। अचानक जङ्गलमा चरनका लागि ल्याएका गाईवस्तुको घण्टीको आवाज सुनेँ। त्यो नै मेरो लागि एउटा सहारा बन्यो। गाईबस्तु भएतिरै पाइला अघि बढाएँ। केही गोठाला भाइ–बहिनीहरूसँग भेट भयो। विनायक बजार जाने बाटो सोधेँ। उनीहरूले बताए बमोजिम अघि बढ्दै जाने क्रममा सानो गाउँले बाटो फेला पऱ्यो। साँझ सात बजे विनायक बजार पुगेर बास बसेँ। त्यो लेखमा भालु लाग्ने रहेछ। कस्सो भालुको सिकार हुनबाट बचे जस्तो लाग्यो। आखिर यो सबै दुःख, देश र जनताकै लागि त गरिएको छ भन्ने ठानेर मस्तसँग निदाइयो।

त्यसको केही महिनापछि जीवन राईलाई मङ्गलसेनमा बोर्डिङ स्कुल सञ्चालन गर्दै पार्टी काम गर्ने योजना बनाएर अछाम पठाइयो। उहाँको माध्यमबाट काम केही नियमित भयो। पार्टीका समग्र क्रियाकलापमा सबै ठाउँमा सेल्टरदाताहरूको काम पहिलो महत्त्वको हुने गर्थ्यो। पार्टीका सबै सङ्गठनात्मक र वैचारिक कामको लागि सेल्टरदातालाई आधार मान्नुको विकल्प थिएन। किसान, विद्यार्थी, मजदुर, शिक्षक लगायत जनवर्गीय तथा पेसागत आन्दोलनको समग्र तयारीको लागि भूमिगत सेल्टर बनाउनु अनिवार्य थियो। त्यस्तै सेल्टरहरूमा बसेर विभिन्न एक्सनहरू भएका, जमिन्दार सफाया गरेका, जनआन्दोलनको क्रममा सरकारबाट वारेण्ट जारी गरिएका, पेसा–व्यवसाय र घर परिवार छाडेर देश, जनता, क्रान्ति र पार्टीको लागि आफ्नो जीवन समर्पित गरेका तमाम नेता–कार्यकर्तालाई देशैभरि जनताले बचाए, पार्टी काम अघि बढाउन सघाए।

त्यसरी अत्यन्त दुःखकष्ट, त्याग, तपस्या र बलिदानको जगमा नै आज एमालेको पक्षमा बहुसङ्ख्यक नेपाली जनताको पङ्क्ति गोलबन्द भएको छ। हरेक जनआन्दोलन, सशस्त्र सङ्घर्ष र निर्वाचनमा जनताले साथ दिएका छन्। आजको खुला, वैधानिक र अनुकूल परिस्थितिमा काम गरिरहेका नेता–कार्यकर्ताहरूले अत्यन्त प्रतिकूल परिस्थितिमा पार्टी कसरी जन्म्यो र विकसित हुँदै सत्ता प्राप्त गर्ने अनुकूल अवसर सिर्जना भयो, यसबारे गहिरो अध्ययन गर्ने र त्यसबाट भविष्यका लागि पनि शिक्षा लिनु जरुरी छ। आजको यो अवसर साना दुःखले आएको होइन र सदासर्वदा जनआधारित भएर अघि बढ्नुको विकल्प छैन भन्ने कुरालाई शिरोधार्य गर्नु आवश्यक छ। ●

# भूमिगत कार्यकालको स्मरण



राधेश्याम थारु
पूर्व सदस्य, रुपन्देही जिल्ला कमिटी

हामी मध्यम किसान परिवारमा हुर्कियौँ। समय बित्दै जाँदा परिवार बढ्दै गयो। हामी पाँच दाजुभाइ हौँ। दाइहरूको विवाह भैसकेको थियो। त्यतिबेला हैजाको प्रकोप र चेचक (शरीरमा ठूलठूला फोका उठ्ने एकप्रकारको महामारी) जसलाई शीतला रोग अर्थात् बिफर पनि भन्थे, ले भाउजूहरूको निधन भयो। सबैको किरियाकर्म र दोस्रो विवाह गर्दा जग्गाजमिन घट्दै गयो। त्यसबेला रोजगार पनि केही थिएन। यसरी निम्नमध्यम किसान परिवारमा झरियो।

त्यसबेला गाउँमा स्कुल थिएन। ससाना बालबालिकालाई टाढा स्कुलमा पुऱ्याउन सम्भव थिएन। यही सोचेर गाउँलेहरूले एउटा पूर्वीया मास्टर ल्याए। ती गुरुजीबाट पाँच कक्षासम्म गाउँमा नै पढियो। पाँच कक्षाको जाँच सौ. फर्साटिकर प्राइमरी स्कुलबाट दिएर बुटवल हाइस्कुलमा अध्ययन गर्न थालियो। १० कक्षासम्म त्यहीँ अध्ययन गरियो। अध्ययनका क्रममा चीनबाट प्रकाशित पत्रिका 'सचित्र चीन' पढ्ने गरिन्थ्यो। अरू ससाना चिनियाँ किताब पनि पढिन्थ्यो। त्यही क्रममा कम्युनिस्ट पार्टीप्रति झुकाव भयो। म नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्तालाई मनैमनमा खोजिराखेको थिएँ। तर त्यस दौरान भेट भएन।

२०२२ सालमा गाउँमा भएको आगलागीमा घरदुवार, चल सम्पत्ति सबै नष्ट भयो। जमिन्दारले पनि सताइराखेको थियो। अनि बुवाले त्यहाँको जग्गाजमिन बेचबिखन गरी गाउँ पञ्चायत सौ.फर्साटिकर वडा नं. ४ जुगडिहवामा जग्गाजमिन किनेर स्थायी बसोबास सुरु गर्नुभयो। आर्थिक कठिनाइका कारणले १० कक्षाभन्दा माथि पढ्न पाइएन, पढाइ छुट्यो।

परिवार धेरै, उत्पादन कम भएका कारणले वर्षभरि खान पुग्दैनथ्यो। घरका दुई जना दाजुहरू अर्काको घरमा हरवाही काम गर्नुहुन्थ्यो। म पनि यताउति नोकरी खोजिराखेको थिएँ। कथम् कदाचित नोकरी पाए पनि तीन/चार महिनामा मालिकले निकालिदिन्थे। पटक–पटक नोकरी पाइन्थ्यो तर उही निकालिने क्रम दोहोरिरह्यो। पञ्चायतकाल थियो। पञ्चहरूको बोलवाला थियो। अन्याय अत्याचार हुन्थ्यो। मैले सहन सक्दिनँ थिएँ र विरोध गरिरहन्थेँ। त्यसपछि मैले अर्काको मजदुरी नगर्ने मनसाय बनाएँ।

२०२७ सालमा अचानक स्कुलमा सँगसँगै पढेको मेरो दोस्त खैरहनी शीतलनगर बस्ने गोविन्द सापकोटा आए र सोधे– 'नोकरी गर्छौ त ?' साथीसँग मैले आफ्ना विगतका घटना भनेँ। उनले भने, 'पूर्वपश्चिम राजमार्गमा एउटा सुपरभाइजरसँग तिम्रो नोकरीका बारेमा कुरा गरेको छु। उसले 'हाँ' भनेको छ।' त्यसबेला बुटवल–नारायणघाट सडक बनिराखेको थियो।

साथीले भने, 'यदि नोकरी गर्ने भए घरसल्लाह गरी भोलि या पर्सि मकहाँ आउनू, मैले सुपरभाइजरसँग भेट गराइदिन्छु।' दुई–तीन दिनपछि म साथीकहाँ गएँ। उनले सुपरभाइजरसँग भेट गराए। सुपरभाइजरले केही सोधपुछ गर्‍यो र भन्यो, 'ल, घर जानू र सरसामान, लत्ताकपडा लिएर जति सक्दो छिटो आउनू, तिम्रो नोकरी पक्का। कहाँ जानुपर्छ, काम गर्न आएपछि भनौँला।' साथीले भने, 'मित्र, अबेला भइसकेको छ। घर पुग्न सक्नु हुन्न, आज राती यहीँ बसौँ।' राती त्यहीँ बस्ने कार्यक्रम भयो। बेलुका सात/आठ बजेतिर एक जना मलाई बोलाउन आउनुभयो। म गएँ। त्यस ठाउँमा टटेरा गाउँका नाथु कुमाल बस्नुभएको रहेछ। उहाँले राजनीतिक कुराकानी सुरु गर्नुभयो। त्यसबेला कमरेड पुष्पलालको पार्टी थियो कि के थियो, मलाई त्यति ख्याल भएन। म उहाँका कुराकानीबाट प्रभावित भएँ र पार्टीमा निवेदन दिएँ कि, पञ्चायती व्यवस्था र अन्याय–अत्याचारका विरुद्ध शरीरमा रगत रहुन्जेल लड्नेछु। यही दिनदेखि मेरो राजनीतिक जीवन र नोकरी दुवै सुरु भयो।

असोज या कार्तिक महिना थियो। म घर आएँ। दुई–तीन दिनपछि म काममा गएँ। बर्दघाटमाथि दाउन्ने पहाडको खुर्सानी खोला भन्ने ठाउँमा काम गर्न थालेँ। मेरो ड्यूटी मजदुरहरूलाई बिहान सामान दिने र साँझ सामान बुझ्ने (स्टोरमेन) थियो। त्यहाँ काम सकिएपछि आमवासमा काम सुरु भयो। समय बित्दै गयो। एकदिन कुलबहादुर गुरुङ साथी भेट गर्न आउनुभयो। उहाँले म लगायत छ/सात जनाको मजदुर इकाइ कमिटी गठन गर्नुभयो। हामीहरूले मजदुरहरूलाई सङ्गठित गर्ने काम सुरु गर्‍यौँ।

त्यसबेलाको मूल लक्ष्य राजनीति, सङ्गठन, सङ्घर्ष । व्यापक सङ्गठन बनाइसकेपछि जिल्ला कमिटीको निर्देशनमा हामीहरूले मजदुरको पारिश्रमिक बढाउने विषयलाई लिएर गोराहरूका विरुद्ध आन्दोलन गर्ने योजना बनायौँ । बुटवलदेखि नारायणघाटसम्म ब्रिटिस सरकारले बाटो बनाउने ठेक्का लिएको थियो ।

२०३० जेठ १ गते आन्दोलन गर्ने घोषणा भयो । दुई दिन आन्दोलन भयो, तर हाम्रो माग पूरा भएन । धरपकड भयो । लाठीचार्ज भयो । भागाभाग मच्चियो । १६/१७ जना साथीहरू गिरफ्तार भए । म पनि गिरफ्तारीमा परेँ । छ/सात दिन परासी थानामा राखियो र भैरहवा कारागार चलान गरिदियो । मलाई र श्रीमान गुरुङ्गजीलाई दुई महिनापछि छोडिदियो । अरूलाई कति राख्यो, मलाई थाहा भएन ।

म जेलबाट घर आउँदा थाहा भयो कि हाम्रा गाउँलेहरू पाँच/छ जना बाहेक सबै कम्युनिस्ट समर्थक भइसकेका रहेछन् । म नहुँदा पनि मेरो घरमा साथीहरू आएर बस्ने, खाने गर्थे । मेरो घर सेल्टर नै थियो । केही दिनपछि साथीहरूले मलाई इकाइ कमिटीमा राखेर जनसङ्गठन गर्न जिम्मा दिए । योग्यता र क्षमताअनुसार काम गर्दै गएँ । समय बित्दै गयो । मलाई समात्नका लागि घरमा प्रहरीले दुईचोटि छापा मार्‍यो तर भेटाएन । वारेन्ट त थिएन, तर पनि प्रहरीले मलाई खोजिरहेको थियो । प्रशासनबाट बचेर काम गर्नु पर्थ्यो ।

२०३२ सालमा तत्कालीन हर्नैया गाविस, वर्तमान सियारी गाउँपालिका वडा नं. ३, सीतापुर भाँटामा ५० बिघाको प्लट नदीले काटेको बगर जमिनमा कैथोलियाको जमिन्दार दिनेश भाजीले फोकटमा आम्दानी खाइरहेको थियो । त्यसै क्रममा दिनेश भाजीविरुद्ध आन्दोलन गरी जमिन कब्जा गर्ने सोच बन्यो र सीतापुरमा सङ्गठन विस्तार भयो । प्यारे मुराउ, वासुदेव केवट, पारस चाई, टिहुल केवट आदिको एउटा कमिटी बन्यो । यिनीहरूको सल्लाहले भाँटामा सुकुम्वासी बसाल्ने कुरा जिल्ला कमिटीले निर्णय गर्‍यो । त्यतिबेला जिल्ला कमिटीको सचिवमा भीमनारायण थारु हुनुहुन्थ्यो । सुकुम्बासी त बसाल्ने, तर कस्ता मान्छे बसाल्ने भनेर छलफलको विषय बन्यो । जिल्ला कमिटी बैठकले राजनीतिक पीडित, राजनीति बुझेका, सक्रिय कार्यकर्ता, जो गरिब छन्, सर्वहारा, हरूवा–चरुवा छन्, तिनीहरूलाई बसाल्ने र सीतापुर भाँटालाई पार्टीको आधार इलाका बनाउने निर्णय गर्‍यो । जिल्ला कमिटीका साथीहरूले रूपन्देहीका विभिन्न ठाउँमा साथीहरूलाई खोजेर सुकुम्बासी बसाल्ने काम सुरु भयो । म पनि राजनीतिक पीडित भएको हुँदा मलाई पनि सुकुम्बासी बस्तीमा राखियो । यस सुकुम्बासी टोलको नाम के राख्ने भन्ने कुरा चल्यो । जस्तै सिपाही बस्ने ठाउँलाई छाउनी भन्छन्, त्यस्तै

हामी पनि पार्टीका सिपाही हौँ, त्यसकारण यसको नाम सीतापुर (छाउनी) भन्ने नाम राखियो।

झुपडीहरू बन्न थाले। घरबासका लागि जग्गा छुट्याएर घर बन्न थाले। सुकुम्बासी साथीहरू आ–आफ्नो बोरिया–बिस्तरा लिएर आउन थाले। राती रमाइलो हुन्थ्यो। राजनीतिक क्लास चल्थ्यो। फटाहाहरूमा त्रास बढ्न थाल्यो। यहाँका स्थानीय बदमासहरूले हामीलाई भगाउनका लागि दुईचोटि डाँका डाले। तर डाँकाको डरले कोही भागेनन्। माटाका दिवालहरू खडा भए। माटाका दिवालमाथि खरको छानो। तत्कालीन को–अर्डिनेसन केन्द्रका साथीहरू नख्खु जेल तोडेर यहीँ आएका थिए। केन्द्रीय कमिटी, जिल्ला कमिटी पनि यहीँबाट सञ्चालन हुन थाल्यो। केन्द्रीय कमिटीको मिटिङ, अधिवेशन र २०३४/०३५ को पार्टी एकताको अधिवेशन लगायत काम यहीँ सञ्चालन भए। यहाँका सुकुम्बासी जनताले जे खान्थे, त्यही पार्टीका कमरेडहरूलाई खान दिन्थे। साथीहरूलाई पालोपालो खुवाउने नियम थियो।

हर्नैयामा हाम्रो राम्रो सङ्गठन विस्तार भएको थियो। त्यतिबेलाका सेल्टरदाताहरूमा सीतापुरमा राधेश्याम थारु, दिनानाथ कहाँर, मनिराम थारु, फर्सुराम लोध, सीताराम धोबी, फागु थारु, चन्द्रमन नाउँ, पाहुन थारु, धौताल लोध, प्यारे मुराव, बासुदेव केवट, पारस चाई, टिहुल केवटलाई खुबै सम्झिन्छु। त्यसै गरी हर्नैयाका बैसमुनी थारु (बसाहे), मोतीलाल चाई, गौरी कहाँर, धनपत थारु, बिक्रम भुज, भगवानदास मल्लाह, जगलाल लोधको सहयोग पनि बिर्सिनसक्नु थियो। जङ्गहत्थामा पारस थारु, रामलखन थारु, रामहरष मुराव, शङ्कर थारु, बोदरवामा भगवती थारु, जहरूदिन मुसलमान, तुल्सी लोहार, राम समुच तेली, भैसा खादरमा झकरी थारु, केशव मिश्रा, अलगु यादव र कुरमारमा भगत चमार, हरिराम पासी, सन्तकुमार थारुले उपलब्ध गराएका सेल्टर पनि हाम्रा ठूला र भरोसायोग्य आश्रयस्थल थिए।

रूपन्देहीको सीतापुर (छाउनी), हर्नैया, भैंसाखादर, जङ्गहत्था र बोरहवाका किसान दाजुदाभाइले वामदेव गौतम, प्रदीप नेपाल, मोदनाथ प्रश्रित, सीपी मैनाली, विष्णु पौडेल लगायत धेरै नेतालाई सुरक्षित आश्रयस्थल उपलब्ध गराएका थिए। अरू कमरेडहरूको नाम याद भएन। यहाँका जनताले पार्टीका लागि धेरै नै योगदान पुऱ्याएका छन्।

म गाउँ कमिटी हुँदै इलाका कमिटीमा काम गर्दै २०३३/०३४ सालतिर जिल्ला कमिटी सदस्य बनेँ। सचिव कमरेड भीमनारायण थारुजी हुनुहुन्थ्यो। जिल्लाका विभिन्न ठाउँमा भएका जनआन्दोलन, किसान आन्दोलन, जमिन्दारविरोधी आन्दोलन,

छापामार एक्सन आदिमा भाग लिएँ। पोखरावारीको जमिन्दार विरोधी आन्दोलनपछि ममाथि वारेन्ट जारी भयो। त्यसपछि पूर्ण भूमिगत भएर काम गर्न थालेँ।

त्यतिबेला जिल्लालाई सातवटा इलाकामा विभाजन गरेका थियौँ। मलाई एक नम्बरमा काम गर्ने जिम्मा दिइयो। राजमार्गदेखि दक्षिण–हुलाकी सडकदेखि उत्तर, सिद्धार्थ राजमार्गदेखि पूर्व र महाव खोलादेखि पश्चिम यति चार किल्लाको एक नम्बर मानिथ्यो।

भैरहवा जेल तोडेर साथीहरू भाग्दा यही एक नम्बर इलाकामा नै सुरक्षित राखेका थियौँ। पछि त्यहाँबाट विभिन्न इलाकामा जानुभएको हो। पार्टीको निर्देशनमा काम गर्दै गइयो। समय बित्दै गयो।

२०३७/०३८ तिर पारिवारिक कारणले जिल्ला कमिटीमा निवेदन दिएर भूमिगत पार्टी कामबाट अलग भएँ। मेरो पारिवारिक समस्या देखेरै जिल्ला कमिटीले पनि बिदा दिएको हो। हर्नैया गाउँ कमिटीमा भने आबद्ध रहेँ। घरायसी काम गर्दै पार्टीलाई सघाउने काम गरेँ। सीतापुर (छाउनी) को घरमा दुई चोटि छापा मारिएको थियो। समय बित्दै गयो। २०४६ साल आयो। जनआन्दोलनले पञ्चायती व्यवस्था ढल्यो। सबै राजनीतिक मुद्दा माफ भयो। पार्टीहरू खुला भए।

हरेक काममा सकारात्मक र नकारात्मक पक्ष हुन्छन्। कामै नभएको होइन। सबै कुरा नकारात्मक मात्रै पनि भएका छैनन्। सकारात्मक पक्षलाई पनि ध्यान दिन जरुरी छ। परिवर्तनहरू भएका छन्, विकास भएको छ। पञ्चायतकालको स्थिति हेर्दा र अहिलेको स्थिति हेर्दा धेरै फरक छ। राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन भएका छन्। यति हुँदाहुँदै पनि गरिब मजदुर, पिछडा जाति र समुदायको आर्थिक विकास हामीले सोचेजस्तो भएको छैन। भुइँमान्छेको स्थितिमा सुधार ल्याउन सकेनौँ भन्ने लाग्छ।

पञ्चायतकालमा पार्टीलाई बचाउने देशमा हजारौँ सेल्टरदाता होलान्, तिनीहरूलाई बिर्सिनु भएन। उनीहरूको योगदानको उचित कदर होस्। उनीहरूकै योगदानको जगमा खडा भएको पार्टी भएकाले एमालेलाई भुइँमान्छेबाट अलग गर्ने काम नहोस्। ●

# कहिले सेल्टर, कहिले जेल



लीला कट्टेल
केन्द्रीय अनुशासन आयोग सदस्य

२०२८ सालको झापा विद्रोहका क्रममा 'कम्युनिस्ट पार्टीका टाउको कटुवाहरूले धर्मप्रसाद ढकाललाई काटेका हुन् रे' भनेर सानैदेखि सुन्दै आएकी थिएँ। पछि थाहा पाउँदा कुरा अर्कै रहेछ। मेरा बुवा नेपाली काङ्ग्रेस समर्थक हुनुहुँदो रहेछ। कुमार बुढाथोकी, डिल्लीविक्रम नेम्वाङसँग बढी हिमचिम रहेछ। बिस्तारै बिस्तारै धेरै कुरा थाहा पाउन थालेँ।

२०२९ फागुन २१ को कुरा हो। हामी तीन जना साथीहरू स्कुल छुट्टी भए पनि चौरमा खेल्दै थियौँ। खुदुनाबारीको जनता निमाविमा तीन कक्षामा पढ्थ्यौँ। बेलुकीपख खड्किनी आमैको पसलमा रातो मिठाइ किनेर खाँदै घर जाउँ है भनेर जाँदै थियौँ। खड्किनी आमैको चिया दोकान थियो। मिठाइ पनि पाइन्थ्यो। करिब ७० को हाराहारीको हुनुहुन्थ्यो होला, अहिले अन्दाज लगाउँदा। सेतै फुलेको कपाल, मोटो शरीर भएकाले सबैले आमै भन्ने गर्थे। सोही दोकानमा पूर्वबाट एउटा गाडी आयो। हामी गाडी देख्दा डराउँथ्यौँ। किनभने आक्कलझुक्कल मात्रै गाडी देख्थ्यौँ, गाडीमा चढेकै थिएनौँ। कहिलेकाहीँ सरकारी गाडी त्यही बाटो हुँदै इलाम जाने गर्थे। त्यो दिन पनि गाडी आउँदा हामी भाग्यौँ। गाडी खड्किनी आमैको दोकान छेउमा रोकियो। परबाट हेर्दै थियौँ। पुलिसहरू बन्दुक बोकेका थिए। बीचमा अरू मानिसहरू पनि थिए। ती मानिसहरूलाई हातमा चाँदीका जस्ता चुराले बाँधिएको थियो। तिनीहरू ओर्लेर पानी मागेर खाए। भरे त इलामको चिसो पानी खान पुगिन्छ भन्दै थिए। हामीले परबाट लुकेर हेर्दै थियौँ। गाडी पश्चिम सुखानीतिर लाग्यो। म दौडिँदै घरमा गएर आमालाई सुनाएँ। राती बुवाआमाले बिस्तारै गफ गरेको थाहा पाएँ। सुखानीमा आज ५ बजे बेलुका पुलिसले ५ जना मानिसलाई गोली हानेर मारेछन्। 'कसैलाई भन्नु हुँदैन, चुप

लाग्नू है' भनेर आमालाई भन्दै हुनुहुन्थ्यो। टाउको कटुवालाई मारेको रे ! शनिश्चरेका धर्मप्रसाद ढकाललाई काटेर जेल परेका थिए रे, जेल सरुवा गर्ने बहानामा सुखानीको जङ्गलमा मारेर स्याउलाले छोपे रे' भन्ने कुरा हुँदै रहेछ। त्यो सुनेपछि पाँच–सात वर्षको कलिलो मानसपटलमा एउटा नमेटिने छाप बसेको थियो।

हाम्रो घरबाट सुखानी नजिकै छ। अहिले पनि हाम्रो घर खुदुनाबारी हाल (अर्जुनधारा वडा नं. ३) मा छ। घाँसदाउरा लिन गोरुगाडा लिएर जाँदा–आउँदा त्यही बाटो पर्थ्यो। मेरा दिदीहरू, भाउजूहरू त्यहाँ आएपछि धेरै समय त डरले चुपचाप हिँड्नु हुन्थ्यो रे ! पछि गएर पाँचवटा विरुवा पनि उम्रे। अनि टक्क अडिएर 'बिचरा पाँच जना मारेको, पाँचवटै विरुवा उम्रेछन्' भनेर नराम्रो मान्नु हुन्थ्यो। हाल पनि ती पाँचवटा रुख सँगै छन्। सबैले हेर्न सकिन्छ। बिस्तारै मेरो मनमा खुल्दुली बढ्न थाल्यो। ठूली हुँदै गएँ। किन धर्मप्रसाद ढकाललाई मारेका रहेछन् भनेर खोजी गर्दै थिएँ।

२०३५ सालमा म ९ कक्षामा शनिश्चरे माविमा अध्ययन गर्थें। मेरा साथीहरू नारायणी, उमा, विजय उनीहरू डब्बल सुब्बाका छोरी–नातिनी हुन्। 'साथी, बिर्तामोड सीके प्रसाईंकोमा कार्यक्रम हुन्छ अरे जाउँ न !' भने। म पनि गएँ। कार्यक्रम स्थल सीके प्रसाईंको घरको बारीमा तयार गरिएको रहेछ। केही समयपछि एक जना नेता आउनु भयो। सबैले स्वागत गरे। त्यसैबीचमा डिल्लीविक्रम नेम्बाङ (माइला बा) ले हामी सबैलाई राखेर नेतासँग फोटो खिच्न लगाउनु भो। उहाँ बीपी कोइराला हुनुहुँदो रहेछ। मलाई गर्व लाग्यो, बीपीजस्तो ठूलो नेतासँग फोटो खिचियो। मलाई ऊर्जा मिल्यो, प्रेरणा प्राप्त भयो, साथै उत्साह पनि। हामीले पनि केही थाहा पाउनुपर्ने रहेछ जस्तो महसुस भयो। कसरी नेता होइन्छ होला ? तीव्र इच्छा जाग्न थाल्यो। पछि भारतबाट निस्किने 'दिनमान' साप्ताहिक पत्रिकामा हाम्रो फोटो छापिएर आएको देखेर त मलाई झन् धेरै इच्छा जाग्यो। खुसी पनि भएँ। अहिले पनि त्यो फोटो पाए हुन्थ्यो जस्तो लाग्छ। फोटो भेट्न सकिएन। यी दुईवटा कुरा, एक– सुखानीको हत्या, दोस्रो– बीपी कोइरालासँगको भेटले मलाई राजनीतिमा प्रवेश गर्न प्रेरणा मिल्यो।

२०३७ पुसमा दमक क्याम्पसमा भर्ना भएँ। बुवाको कान्छी छोरी हुँ म। मलाई धेरै पढाउने इच्छा थियो। म बैङ्कर बन्ने इच्छा भएर कमर्श पढ्न आएकी थिएँ। एक–दुई महिना राम्ररी पढियो। दमक क्याम्पसको प्रथम ब्याचमा धेरै साथीहरू जागिरे हुनुहुन्थ्यो। दमक डाकिनीको बसाइँ भयो। शनिश्चरे काङ्ग्रेसको अखडा भएका कारण मलाई नेविसङ्घ होला भन्ने साथीहरूको ठहर रहेछ। केही समयको सम्पर्कपछि मैले आफ्नो इच्छा बताएपछि मात्र साथीहरूले साथ दिनुभयो। विश्वास गर्नुभयो। दिनहुँ

मण्डलेसँग झडपका कारण पढाइ राम्ररी हुन सक्दैनथ्यो। दिनदिनै नारा जुलुस, भेला, भिडन्त हुँदाहुँदै एक दिन मेरो पनि प्रहरीसँग झडप पऱ्यो। इँटा, ढुङ्गा, खुर्सानीको धूलो आदि हानेकी थिएँ। पुलिस र मण्डलेसँग भिडन्त हुँदा उनीहरूको आँखामा खुर्सानीको धूलो हाल्दिने भनेर प्रत्येक दिन क्याम्पस जाँदा जामाको गोजीमा बोकेर जाने गरेका थियौँ। त्यस दिन शिव नेपाललाई पुलिसले पिट्न थाल्यो। मैले पनि मज्जाले इँटैइँटाले गर्धनमा हानेँ। मलाई लखेट्न थालियो। दौडेर डाकिनी डेरा (सापकोटा साइला बा)कहाँ पुगेँ। खाना खाँदै थिएँ। मलाई वारेन्ट काटियो भन्ने थाहा भयो।

क्याम्पसले २०३८ भदौदेखि चार महिनाका लागि शिव नेपाल र मलाई रेस्टिकेट गऱ्यो। यो चार महिनाको अवधिमा छुरी हानेको आरोपमा वारेन्ट पनि काटियो। चार महिना जनताको घरदैलोमा रहँदा बस्दा मैले धेरै कुरा सिक्ने र बुझ्ने अवसर पाएँ। त्यसपछि हतार–हतार मलाई टीका+सरिता गुरागाईंको घरको बाख्राको खोरमाथि लगेर लुकाइयो। म दिनभरि खोरमै बसेँ। बाख्राको खोरमा त खोज्दैनन् भनेर यसो गरिएको रहेछ। दिसापिसाब गर्ने कोपरा त्यहीँ राखिदिनुभयो। ज्यादै मायालु पाराले सेल्टरदाता कमरेडले जोगाउनु भयो। त्यसै दिन राती अर्को सेल्टरमा सारियो। बिहान ३ बजे नै उठाएर इन्द्र बुढाथोकी दाइको ढुकुरपानी हुँदै पिपिरे सिरान जङ्गलमा पुगेर जङ्गलै जङ्गल केर्खा निकालेर एउटा घरमा पुऱ्याउनु भयो। माटोले लिपेको टाँडे घर थियो। त्यसबेला रिमरिम उज्यालो हुन लागेको थियो। एक जना बुवाले श्लोक भन्दै हुनुहुन्थ्यो। श्लोक जनवादी रहेछ। राम्ररी सुन्दा थाहा पाएँ। उता पार्टीको बुवा, हामी सबैको बुवा, ठूलठूला नेताहरूलाई संरक्षण गर्ने र ठूलठूला बैठक भेला गर्ने सेल्टरदाता रुद्र चापागाई हुनुहुँदो रहेछ। पछि थाहा पाएँ। उहाँको घरमा कमरेड सविन (हरि कट्टेल)को श्रीमती भेषकुमारी भाउजूले धेरै महिना फुपूकी छोरी आसामबाट आएकी भनेर बच्चा जन्माएर बस्नु भएको घर (सेल्टर) बन्यो। पछि बच्चा अलिक ठूलो पारेर आफ्नो घर बिर्तामोड गएर बस्नु भयो। यो सबै पञ्चायती तानाशाही सरकारबाट बँच्न गरिएको थियो। हरि कट्टेल दाइ इलामको जितपुर धान काण्डबाट भूमिगत हुनुभएको र कार्यकर्ताको कुशल प्रशिक्षक, कुशल सङ्गठक नेता भनेर मानिनु हुन्थ्यो। धान काण्डपछि धेरै साथीहरू जोगिनका लागि झापा आउनु भएको थियो।

अनुशासन, गोपनीयता, बैठक सञ्चालनका तरिका र सेल्टरदाताको माया पाएका कारण मलाई राजनीति गर्ने प्रेरणा मिल्यो। भूमिगत कमरेडहरूसँगको भेटघाट, उत्साह, ऊर्जा प्राप्त गर्न सफल भएँ र म पनि राजनीति गर्न सक्छु भन्ने अठोट गरेँ। पहिलो कुरा पञ्चायती व्यवस्थाको अन्त्य गर्नु थियो। पढाइभन्दा बढी सङ्गठन गर्ने, भेला, सभा, जुलुस, पर्चा पम्पलेट छर्ने/टाँस्ने, सांस्कृतिक कार्यक्रम गर्नमा नै समय दिन थालेँ।

एक दिन दमकमा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो। बेलुका करिब ७ बजेको थियो। कार्यक्रम सुरु गरियो। प्रहरी आक्रमण भयो। चारैतिरबाट मञ्च घेरियो। धेरै साथीहरू धरपकडमा परे। म लगायत केही साथीलाई लाठी प्रहार गरियो। तर पनि घाइते शरीर लिएर हामी भाग्न सफल भयौँ। टाउको फुटेको, लुगा च्यातिएको जीउभरि चोटैचोट, रगताम्मे भएर म लगायत केही साथीहरू अँधेरी रातमा छामछामछुमछुम गर्दै डाकिनी साइला बाको घरमा पुग्यौँ। हामीलाई अन्तै लगियो र केही प्राथमिक उपचार गरेर भोलिपल्ट हस्पिटल लगियो। धेरै समयपछि सन्चो भयो। यस बेला सेल्टरदाता साथीहरूले धेरै सहयोग, माया, सुरक्षा, पोषिलो खानेकुरा खुवाएर बचाउनु भएको थियो। दमकमा भवानी दाहालको घरमा अनेरास्ववियुको प्रारम्भिक कमिटी निर्माण गर्दा र तीन दिनसम्म पार्टीको प्रशिक्षण कार्यक्रम चल्दा सबै चाजोपाँजो, खानपान, बाहिरी रखबारी, भित्र आवश्यक व्यवस्थापन गरेर सफल पारेका थियौँ। यस्तै पार्टीलाई माया गर्ने सेल्टरदाताको ठूलो पङ्क्ति नभएको भए आज पार्टी यो अवस्थामा आइपुग्ने थिएन भन्ने लाग्छ। दमकमा इन्दिरा आमाको घर, पवित्रा निरौलाको घर, सुरेन्द्र श्रेष्ठ, इन्द्र बुढाथोकी, राजेन्द्र दाहाल, विश्व बराल, श्रेष्ठ दाइको घर नै हाम्रा खास सेल्टर र आश्रय स्थल थिए।

२०४० माघ २६ गते अनेरास्ववियुको झापा सम्मेलनबाट मैले कोषाध्यक्षको जिम्मेवारी पाएँ। छोटो समयमा धेरै विद्यालयमा प्रारम्भिक कमिटी गठन गर्न सफल भइयो। अनेमसङ्घले ८ मार्चलाई भव्य रूपमा सम्पन्न गर्न सर्कुलर गरेको हुनाले झापाको दमकमा दुई ठाउँमा कार्यक्रम गर्ने निधो गऱ्यौँ। दमक १८ नं. बाह्रघरे स्कुलको कार्यक्रम सम्पन्न गरेर फर्क्यौं भने ढुकुरपानीमा कार्यक्रम हुन सकेन। त्यसदिन बेलुका दुईतिरकै कार्यक्रमको समीक्षाका लागि इन्द्र बुढाथोकी दाइको घरमा म, पवित्रा निरौला, विष्णु खड्का, इन्द्र बुढाथोकी, दीपक कार्की, पदम बुढाथोकीसहित ६ जना बसेर गितार बजाउँदै एउटा गीत गाएर मात्र समीक्षा गरौँ भनेर गीत गाउन थाल्यौँ। एउटा माइती दूर देश... गाउँदै थियौँ, पुलिसले घेरिसकेछ। साथी विष्णु खड्काले देख्नुभएछ। थाहा पाउने बित्तिकै सङ्गठनका महत्त्वपूर्ण सामग्री, चिठीपत्र च्यातेर चपायौँ। कति सामान पानी जाने प्वालबाट छिरायौ। तर धेरै सामान लुकाउन सम्भव भएन। आखिर सामग्रीसहित हामी ६ जनालाई नै गिरफ्तार गरियो। गिरफ्तार गर्दा डर लागेन, बरु प्रतिक्रियावादीहरूसँग प्रतिकार गर्न तयार भयौँ। दमक थाना हुँदै चन्द्रगढी जिल्ला कस्टडी र १८ दिनपछि चार जनालाई झापा जेल चलान गरियो राजकाज मुद्दा लगाएर। जेलभित्र पनि धेरै दुःख दिइयो। शारीरिक र मानसिक यातना दिइयो। रातभरि सुत्न

समस्या भयो। साँघुरो ठाउँ भएको र दिसापिसाब जान नपाइने भएकाले माटोको भाँडोमा र टपरीमा दिसा पिसाब गरेर रातभरि दुर्गन्धित कोठामा बितायौँ।

यसरी हामीलाई गिरफ्तार गरेपछि धेरै जनताले हामीप्रति सद्भाव, माया, ममता देखाउनु भयो। धेरै रुनु भयो। साथी गिरफ्तार भएको ठाउँमा ल्याउँदा र हामीलाई फेरि जेल लैजाँदा खानेकुराहरू बोरामा हालेर पठाउनुभयो। सबै रोईरोई हात हल्लाउँदै बिदा गर्दै हुनुहुन्थ्यो। त्यो दृश्य सम्झँदा उहाँहरूको मायाले अझै पनि आँखाबाट आँसु आउँछ। छाती ढक्क फुल्छ। जनताको मायाले छाती पोल्छ। अझ आँट, हिम्मत, जोश, जाँगर उम्लिएर आउँछ। आफू त्यही समयमा छु जस्तो लाग्छ।

म १० महिनापछि जेलबाट छुटेँ। फेरि वारेन्ट जारी गर्न सक्छन् भनेर पार्टीले भूमिगत जान भन्यो। मैले सहर्ष स्वीकार गरेँ, किनभने भूमिगत भएर पार्टीलाई धेरै सहयोग गर्नुपर्छ भन्ने मनमा लागेको थियो। अगाडि नै भूमिगत जीवनको अनुभव लिइसकेकी थिएँ। पहिलो चरणमा साविक दुधे गाविसमा दधि खनाल सरको घरमा विशेष आश्रयस्थल लिएर त्यस इलाकाको पार्टी काम गर्न जिम्मेवारी दिइयो। सोही अनुसार इण्डियाबाट आएकी सानिमाकी छोरीको साइनो लगाएर करिब डेढ वर्ष काम गरेँ। त्यस इलाकामा धेरै सेल्टरदाता हुनुहुन्थ्यो। धरमपुरदेखि रेग्मी कमरेडको घर। ठूला बैठक, भेला, सम्मेलन, अधिवेशन गर्ने यस घरमा धेरै राम्रो सुरक्षा व्यवस्था थियो। सानासाना नानीहरूले गार्ड गर्ने, कोही आएको सङ्केत गर्ने गर्नुहुन्थ्यो। यसै गरी लालझोडामा शेखर चापागाई कमरेडको घर, शिवगन्जमा खोद चापागाईंको घर, दुधेमा सुमित्रा कडरियाको घर, माईधार गैँडैमा समध्वज ऋतुवणी कार्कीको घर र अन्य थुप्रै सेल्टर थिएँ। यहाँ सबै उल्लेख गर्न नसकेकामा क्षमा पनि चाहन्छु। उहाँहरूले पार्टीका लागि ठूलो योगदान गर्नुभएको छ।

त्यही समयमा इलाम तारिखमा जाँदा माइली भाउजू (ऋतुवणी दाइको श्रीमती) ले फुपूको घरमा लानु भयो। चिन्छन् भनेर मितबहिनी भनेर ढाँट्नुभयो। हामी दिनेश डीसीको घरमा पुग्यौँ। राती त्यहीँ बास बसेर तारिखमा हाजिर भएर फर्क्यौं। अर्कोपल्ट तारिखमा जाँदा मेरो काका बुवा निरानन्द कट्टेल (हरि दाइ) सविनको बुवासँग इलाम जाँदा भने म धेरै डराएकी थिएँ। गोदकमा ट्रक बिग्रेर मलाई ट्याक्सी चढाएर पढाइदिनु भयो। इलाम पुग्दा रात परिसकेको थियो। बस्ने ठाउँ थिएन। म एउटा चिया पसलमा पर्खेर बसिरहेकी थिएँ। त्यसबेला एउटा मानिस आयो, परिचय गर्न थाल्यो। मैले ढाँटेर कुरा गरेँ। धेरै राती भयो। काका आइपुग्नु भएन। त्यो मानिसले होटलमा बस्ने कुरा गऱ्यो। मैले हुँदैन, मेरा बुवा आउनु हुन्छ भनेँ। तर पनि कर गर्दै थियो। अब जस्तोसुकै

अप्ठ्यारो समस्या आइपरे पनि प्रतिकार गर्छु भन्ने अठोट गरिसकेकी थिएँ। धन्न, काका आइपुग्नु भयो। नत्र त्यो दिन कस्तो घटना हुने थियो, थाहा छैन।

जस्तोसुकै समस्या परे पनि सामना गर्न सक्ने सक्षम सेल्टरदाता र गोप्य सेल्टर चयन हुन्थ्यो। बाक्लो बस्ती भएको ठाउँमा कमै हुन्थ्यो सेल्टर। किनभने नेता–कार्यकर्ता आउने जाने क्रममा छिमेकीले चियोचर्चो गर्ने र बैठकहरू पनि गर्न सकिँदैनथ्यो। दुईखाले सेल्टर हुन्थे। एउटा ठूलठूला भेला, सम्मेलन र अधिवेशन गर्न योग्य भने अर्को केवल एक–दुई जना भूमिगत कमरेडहरू बस्नका लागि मात्र। सेल्टरमा भूमिगत कमरेडका लागि खान, सुत्न, बस्न, दिसापिसाब गर्न भित्रै व्यवस्था गरिएको हुन्थ्यो। शौचालय त्यसबेला गाउँमा घरदेखि अलिक पर हुन्थ्यो। कतिपय घरमा त शौचालय नै हुँदैनथ्यो। बाहिर खाली ठाउँमा झाडीतिर जानुपर्थ्यो। तर भूमिगत रहनु भएका कमरेडका लागि गोप्य (कोठा) ठाउँमा कोपराको व्यवस्था गरिएको हुन्थ्यो। दिनभरि दिसापिसाब गरेको फोहोर प्रायः त्यही घरका कमरेडहरूले फाल्नु हुन्थ्यो। पुरुष, महिला र बालबच्चाहरूको आ–आफ्नो भूमिका हुन्थ्यो। पुरुषले बाहिरी गतिविधिलाई हेर्ने, सङ्कट परे तुरुन्त सङ्केत गर्ने र कमरेड वा भेला बैठकलाई जोगाउन उपाय निकाल्ने। त्यसैगरी महिला कमरेडले खानपानको व्यवस्था गर्ने, गोप्य तरिकाले कोठा वा गोप्य ठाउँमा राखिनु भएका कमरेडलाई खाना पुऱ्याउने, आवश्यक सरसामग्री जुटाउने, प्रतिक्रियावादीले थाहा नपाउन् भनेर नाता–सम्बन्ध लगाउने वा भेष बदलेर जोगिने तरिकाका लागि पनि खप्पिस हुनुहुन्थ्यो। आफ्नो घरमा जे जस्तो छ, महिलाहरू हार्दिकतापूर्वक खुवाउने गर्नुहुन्थ्यो। जतिबेला पनि अल्छी नगरीकन खाना बनाएर ख्वाउनु हुन्थ्यो। आफ्नो परिवारको सदस्यलाई भन्दा पनि प्यार, माया, स्नेह गरेको अनुभूति हुन्थ्यो। ठूला सेल्टरका बालबालिकाहरूको उत्तिकै ठूलो भूमिका हुन्थ्यो। बाहिर बसेर को आउँछ, के भन्छ, के गर्छ, कता जान्छ, आफ्नो घरमा केही शङ्का पो गऱ्यो कि जस्ता महत्त्वपूर्ण कुराबाट जोगाउने काम गर्नुहुन्थ्यो। केही खबर आदानप्रदान गर्नुपऱ्यो भने त्यस घरमा मजदुरी गर्ने साथीलाई पनि सेल्टरको सुरक्षाका लागि सचेत गरिएको हुन्थ्यो। मजदुरी गर्न पनि सचेत बनाइएकालाई मात्र बोलाइन्थ्यो। यसरी सबै जनाले आ–आफ्नो ठाउँबाट ठूलो भूमिका र पार्टीका लागि योगदान पुऱ्याउनु भएको छ।

हामीले पनि सेल्टरमा रहँदा धेरै कुराको ध्यान दिनुपर्थ्यो। उहाँहरूसँग गर्नुपर्ने व्यवहार, हेर्ने दृष्टिकोण, आदरसम्मान, सरसहयोग, सङ्गठन निर्माण किन गर्नुपर्छ भनी सिकाउने, पार्टीलाई स्थापित गर्दा हुने फाइदा, उपलब्धिहरू, सरसहयोग, सहज असहज परिस्थितिको मूल्याङ्न गर्ने, आफ्नो व्यवहार, काम, बोली, सरसहयोग, जीवनशैली, आहारविहार यी सबै कुराबाट सकारात्मक प्रभाव पार्ने काम भूमिगत कमरेडले गर्नु

पर्थ्यो। आर्थिक स्थिति मजबुत बनाउने उपायहरू र पार्टीलाई पनि आर्थिक रूपले मजबुत बनाउन धेरै तरिका अपनाउन छलफल गरिन्थ्यो। यसमा बाख्राको पाठो, कुखुराको चल्लो पार्टीका लागि छुट्याउने चलन पनि थियो।

खेतमा धानको शिला खोजेर भात पकाउँदा, मुठी चामल जम्मा गरेर, धान दाउनी गरिसकेपछि भुमेपाथी छोरीलाई दिने चलन थियो। त्यो भुमेपाथी पनि पार्टीका लागि छुट्याउने गरिन्थ्यो। त्यसबेला पार्टीलाई जीवनको एउटा अभिन्न अङ्गका रूपमा हेरिन्थ्यो। भेला, बैठक, सम्मेलन, अधिवेशन गर्नुपर्दा सबै जनाले आ–आफ्नो घरबाट दाल, चामल, तेल, नुन, तरकारी, दही, दुध इत्यादि बोकेर आउने नियम बसाइएको थियो। सोही बमोजिम कार्यक्रम सम्पन्न हुन्थ्यो। धेरै टाढाटाढा पनि हिँडेर नै पार गरिन्थ्यो। किनभने गाडी चढ्न पैसा हुँदैनथ्यो। अर्को कुरा झोलामा पार्टीका सामग्री बोकिएको हुन्थ्यो। कहिलेकाहीँ पुलिसले पनि भेट्न सक्थ्यो। त्यसैले पार्टीलाई क्षति नहोस् र प्रतिक्रियावादीबाट बच्नका लागि लामो बाटो पनि हिँड्ने गरिन्थ्यो।

सेल्टरमा धेरै कुराको अभाव हुन्थ्यो। खाना, लत्ता, कपडा, सुत्ने ठाउँको अभाव, बत्ती बाल्न मट्टीतेलको अभाव, वर्षायाममा छानो चुहिएर भिजाउने, जाडोमा कपडाको अभाव, घर कमजोर भएर भत्किने आदि कारणबाट काममा अवरोध पनि हुने गर्दथ्यो। सर्वहारा वर्गको पार्टी भएका कारण हाम्रा सेल्टर प्रायः गरिब, दुःखी जनताका घरमा हुन्थे। सेल्टरदाता आमाहरूले कहिलेकाहीँ बिरामी पर्दा औधी मायालु पाराले हेरचाह, औषधिमूलो गर्नुहुन्थ्यो। डाक्टरकोमा जाँदा चिन्छन् भनेर घरायसी औषधि गर्नुहुन्थ्यो। गाउँमा बिहे, ब्रतवन्ध भए खाने कुरा मागेर ल्याइदिनु हुन्थ्यो। यिनै व्यवहारबाट नै पार्टी आज यो ठाउँ पुग्न सफल भएको छ। पुराना कुरा सम्झिँदा आज पनि ती पार्टी जोगाउने स्नेही सेल्टरदाताबाट पाएको ऊर्जा, उत्साहले जीवनभर प्रेरणा दिइरहन्छ। ती महान् सेल्टरदाता कमरेडहरूलाई हार्दिक सम्मान गर्न चाहन्छु। ती महान् मनहरूका कारण आज नेकपा (एमाले) यो स्थानमा आइपुगेको छ। जनताका छोराछोरीले जनताको संविधान आफ्नै हातले लेखेर कार्यान्वयन गर्ने क्रममा पार्टी अगाडि बढेको छ। देशमा सबैभन्दा ठूलो पार्टीको रूपमा स्थापित भएको छ।

२०४१ असार ८ गतेका दिन म चारआली शेखर घिमिरे दाइको घरबाट पार्टीका केही सामग्री (पर्चा, पम्प्लेट, अन्य सामग्री, चिठीपत्र) झोलामा बोकेर माइखोला पारि पश्चिम ऋतुवर्ण+समध्वज कार्की दाइको घर जानका लागि हिँडेँ। हिँड्नुभन्दा पहिले बम काण्डका कारण ठाउँठाउँमा पुलिस बसेको हुनाले नचिनिने हिसाबले मेकअप गरेर, अलिक राम्रा खालका कपडा लगाएर, झोला पनि राम्रै लिएर, कोही सामन्ती घरानाकी

छोरीजस्तै भएर जाँदै थिएँ। चारआलीबाट बस चढेर सुरुङ्गा उत्रेँ, किनभने माइको पुलमा पुलिस चेक गर्न बसेका छन् भन्ने खबर पाएकी थिएँ। सुरुङ्गादेखि दक्षिण झरेर पश्चिमतर्फ माइपारि गैँडे जान खोलामा पुगेँ। वर्षायामका कारण बाढी आएको रहेछ। मसँग एउटा झोला र पार्टीका लागि भनेर मेरी दिदी पार्वताले दिनु भएको एउटा कुखुराको चल्लो थियो। त्यही सामानका साथ म खोला तर्न पसेँ। थोरै परतिर पुगेपछि खोलाले बगाउन थाल्यो। म अलि अलि खोला तर्न जान्दथेँ। तर त्यो दिन धेरै बाढी आएको रहेछ। बल्लतल्ल किनारा लागेँ। बाहिर निस्केर एकछिन सोच्न थालेँ।

यसो तलतिर पैनी बनाउने मानिसहरू देखेँ। अब तिनीहरूले त मेरो झोला हेर्दैनन् भन्ने लागेर खोला तारी माग्न गएँ। खोला तारिदिनु भनेर अनुरोध गर्दा उनीहरूले गाली गर्दै पुलबाट जानू नि, किन खोलाबाट जानु, बाढीले बगाउँछ भनेपछि मैले भनें– ऊ त्यो पारि गाउँमा मेरो आफन्तको घर छ, मैले जरुरी खबर लानु छ, उता घरमा आमा साह्रै बिरामी हुनुहुन्छ मलाई तारिदिनु न दाजु' भनेर ढिपी गरेँ। त्यसपछि दुई जनाले दुईतिर कुम समातेर उचालेर, झोला र कुखुराको चल्ला टाउकोमा बोकेर पारि तारिदिए। मलाई साह्रै ठूलो युद्ध जितेजस्तो भयो। एक त मलाई खोलाले बगाएको भए म मरिसक्थेँ र पार्टीका सामग्री, चिठीपत्र पनि बग्थे होला। अनि कतै कसैले भेटे सबै कुरा खुल्थ्यो होला। अनि कमरेडहरूलाई गिरफ्तार गर्थ्यो होलान्। अनेकन् कुरा मनमा खेलाउँदै ऋतुवर्ण कार्की दाइकोमा पुगेँ। त्यहाँ कमरेड हरि मलाई पर्खेर बसिरहनु भएको रहेछ। मलाई देख्ने बित्तिकै सबै भिजेको तर झोला नभिजेको देखेर यस्तो कसरी भयो भनी सोध्नु भयो। माइली भाउजू (ऋतुवर्ण दाइकी श्रीमती) ले हतारहतार भित्र लगेर कपडा फेर्न दिनुभयो। मेरा सबै कपडा दुधेमा पदम दाइकोमा थिए। पदम दाइ शोभा कुँवरको दाइ हुनुहुँदो रहेछ। पछि थाहा पाएँ। मलाई त्यो इलाकामा सविता भनेर कमरेडहरूले चिन्नु हुन्थ्यो र त्यो दिन म त्यहीँ बसेँ। कुखुराको चल्ला पनि पाल्न भनेर त्यहीँ छोडेँ। पछि त्यसले धेरै चल्ला काढेर पार्टीलाई पैसा जम्मा पारेको थियो। यसरी ज्यानको बाजी लगाएर सेल्टरदाता कमरेडहरूले महत्त्वपूर्ण सहयोग गरेर पार्टीलाई यो अवस्थामा ल्याइपुऱ्याएको घामजस्तै छर्लङ्ग छ।

पार्टीले म, हरि (युक्त) भेट्वाल कमरेडलाई झापाको गोलधाप हल्दिबारी, चकचकी, जलथल इलाकामा पठाएको थियो। त्यताको कामका दौरानमा हामीले धेरै दुःख, हण्डर र मण्डले गुण्डाको लखेटाइ पनि बेहोरेका थियौँ। त्यो इलाकामा मलाई सिर्जना भनेर चिन्नुहुन्थ्यो। त्यस इलाकामा धेरै सेल्टरदाताहरू हुनुहुन्थ्यो। त्यस इलाकामा पनि दुई प्रकारका सेल्टर थिए, एउटा– एकान्त ठाउँमा बैठक, भेला गर्ने र अर्को– भूमिगत कमरेडहरू मात्रै बस्ने।

जलथल चारकोसे झाडीका छेवैमा कोषराज पौडेलको घर पार्टीको बलियो सेल्टर थियो । जङ्गलको छेवैमा भएका कारणले सजिलो पनि र अप्ठ्यारो पनि थियो । कसैले थाहा पाइहाले जङ्गलमा लुक्न सजिलो, तर जङ्गली जनावर हात्तीबाट बँच्न उत्तिकै जोखिम । २०४३ सालको कुरा हो, कोषराज कमरेडको छोरीको विवाह थियो । विवाह रातीको थियो । 'प्रतिक्रियावादीहरूले थाहा पाउँदैनन् होला, हामी निगरानी गर्छौं, आउनु है कमरेड' भनेर निम्ता गर्नुभएको थियो । ९ बजेतिर हामी गयौँ । केही समयपछि राजेन्द्र लिङ्देनसहित आठ/दस जना मण्डले झ्याप्पै आए । अँधेरी रात भएका कारणले भाग्न सफल भयौँ । भाग्दै गएर एउटा पैनीमुनि पसेर लुक्यौँ । उनीहरू हामीलाई नदेखेर खेदाउँदै खेदाउँदै गए । हामी भने अर्को दिशातिर लाग्यौँ । सेल्टर नजिकै थिएन । धेरै माथि कन्चन श्री स्कुलको छेउमा एक जना अधिकारी साथीको घर थियो । त्यहाँ पुगेर बस्यौँ । जलथलबाट जङ्गलपारि बैठकमा (बनियानी) जान केशव बस्नेत, म र एक जना अर्को साथी जङ्गलको गोरेटो बाटो लाग्यौँ । जङ्गलको बीचमा मूल बाटो त थियो, तर पुलिस आउजाउ गर्ने, धेरै मानिसको आवतजावत हुने भएकाले असुरक्षित महसुस गरेर गोरेटो बाटो समातेका थियौँ । बेलुका पारि बनियानी पुगेर खाना खाएर पार्टी सक्रिय दलको बैठक बस्यौँ । भोलिपल्ट बिहान केशव बस्नेत र म मात्र फर्क्यौँ, किनभने अर्को साथी रिसिभ गर्न मात्र आउनु भएको थियो । सधैँ जङ्गलको गोरेटो हिँड्नेले त बाटो पत्ता लगाउनु हुँदोरहेछ । हामी चिया खाएर झुल्के घामको समयमा हिँडेर जङ्गलमै हरायौँ । जता गोरेटो भेटेर हिँड्छौँ, अलि पर पुगेपछि गोरेटो मेटिन्छ । यस्तै क्रम दिनभरि दोहोरिएर बाटो भने भेटाउनै सकेनौँ । घाम अस्ताउने बेला भइसकेको थियो । जङ्गलमा हात्तीले भर्खरै दिसा गरेर आलै थियो । बाफ उड्दै गरेको, मोलीको पात खाएर डाँक्लामा थुक पनि आलै थियो । हामी त्यही ठाउँमा पुगेछौँ । ला, अब हामी दुईमध्ये कसलाई पहिले मार्ने हो ! भनेर धेरै डरायौँ । त्यसैले अर्कोतर्फ दौडिदै जाँदा धन्न भेटेन । दौडेको दौड्यै जाँदा बल्ल दाउरा चिरेको मुडा भेटियो । अब भने गाउँ नजिकै पुगिएछ भनेर ठूलो सास फेरियो । नभन्दै बाटामा पुगेछौँ र हतारहतार गरेर इन्दिरा शिवाकोटी दिदीको सेल्टरमा पुगेर बास बस्यौँ । दिदी निम्न वर्गको हुनुहुन्थ्यो । हामीले यो सबै कुरा सुनाउँदा दिदीले डराउँदै भन्नुभयो– धन्न हात्तीले भेटेनछ, नत्र जिउँदो राख्ने थिएन । तपाईंहरूको भाग्य ठूलो रहेछ, पछि पार्टीको काम गर्दै जाँदा ठूलो पदमा पुग्नुहुन्छ होला भनेर हँसीमजाक गर्नुभयो । त्यो दिन जलथलको बडाबारी बजारभन्दा माथि एक जना किसान साथीको घरमा बैठक थियो । राती बैठक बसेर योजना बनाएर हामी सुत्यौँ । त्यो घटना किसान साथीलाई पनि सुनायौँ । उहाँले कहाँ यति छिट्टै मरिन्छ र ? नेकपा (माले) को काम अझ धेरै गर्नु पर्नेछ भन्नुभयो ।

२०४३ सालमै म हल्दीबारी मित्र बस्नेतका घरबाट हरिचरण शिवाकोटीकोमा केही चिठीपत्र पुऱ्याएर फर्किएँ र हरि (युक्त) पनि आफ्नो काम सकेर आउनु भयो। हामी जलथलमा इन्दिरा दिदीको घरमा भेट भयौँ। गाउँमा पातलो घर भएका कारण हामीलाई बेलाबखत दिउँसै हिँड्न पनि सजिलो थियो। मलाई धेरै भोक लागेको थियो। 'हरि कमरेड ! साह्रै भोक लागेको छ, के खाने ?' मैले प्रश्न गरेँ। त्यसबेला इन्दिरा दिदी कता जानु भएछ। छोराहरू स्कुल गएका थिए। भिनाजु पनि हुनुहुन्न थियो। चुलामा गएर खानेकुरा केही छ कि भनेर खोज्दा एउटा दानो प्याज र अलिकति नुन मात्र भेटियो। झिँझा दाउरा बालेर प्याज र नुनमा पानी पकाएर एक–एक बटुका पिएर हिँड्यौँ। हामी क्रान्ति गर्न, समाज परिवर्तन गर्न, सामाजिक रूपान्तरणको अभियानमा लागेका, तानाशाही पञ्चायती व्यवस्थाका विरुद्धमा सर्वहारा वर्गलाई मुख्य शक्तिका रूपमा अगाडि बढाउन जनचेतना फैलाउँदै हिँडेका, जनताको घरमा जे छ, त्यही खाएर, जस्तो ठाउँ छ, त्यस्तै ठाउँमा बस्ने अठोट लिएर भूमिगत हिँडेका व्यक्तिलाई त्यो प्याज र नुनको झोलले शक्ति, आँट र हिम्मत बढाउन सहयोग पुऱ्यायो। इन्दिरा दिदीको दयनीय अवस्था। खाने लाउने बस्ने समेत समस्या थियो। तर उहाँले पार्टीका साथीहरू भनेपछि मरिमेट्नु हुन्थ्यो। औधी प्यारो गर्नुहुन्थ्यो। त्यसैले ठूलठूला घर, पुगीसरी आएका सेल्टरभन्दा यस्ता सेल्टर साह्रै प्यारो लाग्थ्यो। एकान्तमा सानो झुप्रो घर, वरिपरि झिंक्राको बार लगाएको घर, साह्रै दुःख थियो। परिवार सङ्ख्या ठूलो थियो। पाँच छोरा, आमाबुवा गरेर सात जनाको परिवार धान्न निकै कठिन थियो। आफू भोकै बसेर पनि पार्टीका साथीहरूलाई खुवाउने गर्नु हुन्थ्यो।

कञ्चनश्री स्कुलको आसपासमा एकान्त ठाउँमा एक जना अधिकारी साथी हुनुहुन्थ्यो। एकान्त भएको कारणले म प्रायः दिनभरि त्यहीँ बसेर अध्ययन गर्ने, योजना बनाउने गर्थें। उहाँ सामान्य परिवारको हुनुहुन्थ्यो। निम्न वर्गको भएका कारणले घर पनि टाटीले बारेको टाँडे घर थियो। एक दिन म राती त्यहीँ बसेकी थिएँ। म सुतेको ठाउँबाट घरको बार नै भुइँमा खस्यो। ब्युझिँदा पानी नै पानीको पोखरीको बीचमा जस्तो भान भयो। म त छक्क परेँ, सबै कराउँदै हुनुहुन्थ्यो। के भयो भयो भनेर म भूमिगत बसेको थाहा पाएर शत्रु लाग्ने होला भन्दै हतारहतार मलाई लुकाउन साडी लगाइदिएर मजेत्री ओढाइ दिनुभयो र गाउँलेहरूबाट बचाउनु भयो। मेरो झोला, भएका सबै कागजात पानीमा भिजे, कामै नलाग्ने गरी नष्ट भए।

जलथलमा धेरै पानी जम्ने गर्थ्यो वर्षा याममा। त्यस घटनाको केही दिनपछि म एउटा सेल्टरबाट अर्को सेल्टर (बडावारी बजारभन्दा पूर्व–दक्षिण शिव नेपालको बहिनीको घरमा) जाँदै थिएँ। त्यो दिन राती इलाकाको बैठक आयोजना गरिएको थियो।

पैनीको डिलबाट चिप्लेर म डुबेँ। मसँग कोही थिएन। रातीसम्म निस्कन सकिनँ। धेरै समयपछि सिर्जना कमरेड आउनु भएन भनेर खोजी भएछ। बल्लतल्ल निस्केर भिजेको मुसो भएकी मलाई हतार–हतार सेल्टरदाता दिदीले भित्र लगेर आफ्नो कपडा फेर्न दिनु भयो र हामी बैठक सकेर राती नै फर्क्यौं।

सेल्टरमा दिनभरि रहँदा देवासुर सङ्ग्राम, माओका जीवनी, मार्क्सवाद–लेनिनवादबारेका पुस्तक, वर्ग सङ्घर्ष, लिउ हुलानको चित्रकथा, द्वन्द्वात्मक भौतिकवादजस्ता पुस्तक पढ्थेँ। यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति सम्बन्धमा अध्ययन गर्थें। भूमिगत कमरेडहरू मदन भण्डारी, प्रदीप नेपाल, शोभा कुँवर, अमृत बोहरा, सविन, अष्टलक्ष्मी शाक्यसँगको भेटपछि अझ मजबुत, अझ परिस्कृत, अझ साहसी भएको महसुस हुन्थ्यो। उहाँहरूको कार्यशैलीबाट मेरो जीवनमा धेरै प्रभाव परेको छ। ●

# युद्ध र मेरा अनुभूति



लेखराज भट्ट
केन्द्रीय कमिटी सचिव

२०४६ सालको पञ्चायती व्यवस्थाका विरुद्ध गरिएको आन्दोलनका क्रममा सेल्टरदाताको अतुलनीय साथ, सहयोग र समर्थन रह्यो। उत्पीडन, अन्याय र शोषणका विरुद्धमा व्यवस्था परिवर्तनका खातिर जीवन नै दाउमा राखेर भूमिगत रहँदा हाम्रो सुरक्षार्थ जनताले गरेका योगदानहरू अमिट छन्, अविस्मरणीय छन्।

विभिन्न राजनीतिक परिवर्तनका लागि प्रमुख भूमिका खेल्दै र विभिन्न धारहरूलाई एकीकृत गर्दै नेकपा (एमाले) बलियो राष्ट्रवादी शक्तिका रूपमा स्थापित भएको छ। कैयौँ अग्रज कमरेडहरूको त्याग, तपस्या र बलिदानका साथै आन्दोलनका क्रममा भोगेका कठिनाइ र सेल्टरदाताका रूपमा जनताले खेलेको अतुलनीय योगदान समेट्दै यो संस्मरण कोर्दैछु। वि.सं. २०५२–२०६३ सालसम्म चलेको सशस्त्र युद्धमा म स्वयं सहभागी भएर विभिन्न मोर्चा सम्हालेँ। म यसलाई जनयुद्धकै रूपमा मान्ने र बुझ्ने गर्दछु। मैले यहाँ युद्धका दौरान मेरा भोगाइ, अनुभूति र महान् जनताले आफूलाई जोखिममा राखेर स्वःस्फूर्त रूपमा हामीलाई 'सेल्टर' दिई गर्नुभएको योगदानलाई शब्दमा व्यक्त गर्ने प्रयत्न गरेको छु।

आन्दोलनका सुरुआती दिनहरू कति कठिन थिए भन्ने कुरा भनिरहनु पर्दैन। २०५२ फागुन १ गते युद्धको सुरुआत हुनुभन्दा अगाडि म पार्टी कामको सिलसिलामा काठमाडौँमै थिएँ। विभिन्न जिम्मेवारी बाँडफाँट गरिसकेपछि मलाई पश्चिम ब्युरोका इन्चार्ज रामबहादुर थापा (बादल)सँगै आन्तरिक व्यवस्थापन र उहाँलाई सहयोग गर्ने जिम्मेवारी तोकिएको थियो।

त्यसै अनुसार मैले महामन्त्री कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड'कोमा रिपोर्टिङ र चिठीपत्रहरू नियमित पुऱ्याउँथे भने यता ब्युरो इन्चार्ज रामबहादुर थापालाई विभिन्न

रिपोर्टिङ ल्याउनु पर्थ्यो। मलाई सम्झना छ, म लखनउबाट गइसकेपछि काठमाडौँमा भएको मेरो डेरामै बसेर मेरो घरबेटीले के भन्छन्, कस्तो गर्छन् भनेर सोचिरहन्थेँ। त्यतिखेर मेरो घरबेटी हितमान शाक्यको सहोदर भाउजू हुनुहुन्थ्यो। उहाँ सारै माया गर्नुहुन्थ्यो मलाई। बोलाउँदा पनि देवर बाबु भनेर बोलाउनुहुन्थ्यो। एकदिन अचानक सिँढीमा उहाँसँग जम्काभेट भयो। सधैँ भेट्दा मुस्कुराउने, सोधपुछ गर्ने मान्छे केही नबोलेर बाहिर निस्कनु भयो। साँझपख त मलाई बोलाएरै 'बाबु ! कि सेल्टर अन्यन्त्र सार्नु, नत्र भने डेरा नै सर्नु पर्ला !' पो भन्नुभयो। हुन त उहाँले त्रासले भन्नुभएको होला। तर पनि मेरो मानसपटलमा उहाँले त्यसो भनेको कुरा अहिले पनि ताजै छ। मैले पनि मनमनै सोचेँ, भोलि मलाई खोज्दै कहीँकतैबाट दुश्मनहरू यहाँसम्म आइपुगे भने मेरै कारणले घरबेटीको परिवारलाई दुःख दिन सक्छन्। त्यसकारण म यहाँबाट निस्किनु पर्छ भन्ने लाग्यो। एकदमै मिल्ने साथी हुस्न बानुलाई तुरुन्तै फोन गरेँ। एकछिन पछि उहाँ ट्याक्सी लिएर आउनु भयो। मेरो परिवारसहित बाँसबारीमाथि उहाँको डेरामा गएर तीन/चार दिन बस्यौँ। त्यहाँ बस्दा उहाँले गर्नुभएको सहयोगको अहिले पनि ऋणी छु म।

त्यसपछि पार्टी कामका लागि लखनउ हुँदै भित्री मधेशबाट आउनु पर्ने थियो। त्यहाँ हामीलाई रुट गाइडका रूपमा एकजना राना थारु सम्पूर्णनगरमा लिन आउनुभयो। मसँग कमरेड पम्फा भुसाल हुनुहुन्थ्यो। उहाँ र म भारतको बसाइँ हुँदै राना मात्रै बस्ने ढक्का भन्ने एउटा गाउँमा पुग्यौँ। त्यो रात थारुको घरमा बास बस्नुपर्ने भयो। म थारुको घरमा खाना खान अभ्यस्त थिएँ तर पम्फा कमरेड चाहिँ हुनुहुन्थेन। खानामा प्याजको सुख्खा तरकारी, त्यो पनि यति पिरो थियो कि उहाँले खानै सक्नु भएन। एक त उहाँ राना थारुको भाषा पनि नबुझ्ने। पिरोका कारण रातोपिरो मुख लगाएर उहाँले 'अब त मरिन्छ कि के हो। यति सारो पिरो खाइयो' भन्नुभयो। त्यसपछि मैले पिरो मार्न पलियाबाट लिएर आएको सखर खान दिएँ। दोस्रो दिन बिहान सबैरै उठेर त्यो साथी, कमरेड पम्फा र म दैजीको मुसेपानीमा पुग्यौँ। सायद उहाँको घर पनि त्यहीँ हो जस्तो लाग्छ। पछि उहाँले मुसे आक्रमणमा सहादत प्राप्त गर्नुभयो।

उहाँको घरमा सेल्टर बनाएर बस्यौँ। त्यस सेल्टरमा बस्दा त्यहाँका जनताले राम्रो माया दिनुभयो। २०५७ सालमा देशमा युद्धको भयावह स्थिति हुँदा पनि त्यहाँका जनताले हाम्रो सुरक्षा, खानपिन र सेल्टरको व्यवस्था यति मजबुत तरिकाले गरे कि, अहिले सम्झँदा पनि आनन्द आउँछ। ती जनताप्रति श्रद्धा जाग्छ।

त्यसपछि बिहानै घरबेटीले हामीलाई यसरी जानुहोस् भनेर बाटोको बारेमा बुझाइदिनुभयो। हामी भित्री मधेस अथवा चुरेतिर लाग्यौँ। त्यतिबेला त्यसलाई जोगबुढा गाविस भनिन्थ्यो। त्यो डडेलधुराको सबैभन्दा बढी जनघनत्व भएको गाविस

पनि हो। जोगबुढाको माथि दजिगडा भन्ने ठाउँमा हाम्रो प्रशिक्षण कार्यक्रम थियो। हामी त्यसतर्फ प्रस्थान गर्‍यौँ। त्यो प्रशिक्षणमा जनार्दन शर्मा, पम्फा भुसाल र पोष्टबहादुर बोगटी लगायत नेताहरू उपस्थित हुनुहुन्थ्यो।

प्रशिक्षण कार्यक्रमपछि उहाँहरू त्यहाँबाट फर्किनुभयो। म चाहिँ पार्टीले दिएको विभागीय जिम्मेवारी पूरा गर्न बाजुराको केही भूभाग, अछाम, बझाङ र महाकालीको चारवटा जिल्लाको अभियानमा लागेँ। मलाई ती जिल्लाको इन्चार्जको जिम्मेवारी दिइएको थियो। इन्चार्जको जिम्मेवारीसँगै आन्तरिक व्यवस्थापन र आर्थिक विभाग प्रमुखको जिम्मेवारी पनि मैले नै निर्वाह गर्नुपर्ने भएकोले सो जिम्मेवारी पूरा गर्न र अभियानलाई तीव्र गतिमा अगाडि लैजान म लगायत केही कमरेडहरू डडेलधुराको लामिडाँडातर्फ लाग्यौँ। त्यहाँ एकजना कमरेडले एउटा घरमा लगेर राख्नुभयो। त्यहाँ जयराज भट्ट (विनय) हुनुहुन्थ्यो। पछि उहाँ बझाङमा सेनाद्वारा निर्ममतापूर्वक मारिनुभयो। त्यहाँ अन्य कलाकारहरूको टिम पनि थियो। सायद असारको महिना थियो, सबै रोपाइमा व्यस्त थिए। विनयजीले हामी सबै रोपाइँमा जान्छौँ तपाईं चाहिँ यही घरमै बस्नुस् भन्नुभयो। म बसेको घरमा १४–१५ वर्षकी नानी थिइन्। ती नानीलाई हाम्रा साथीहरूले उहाँलाई भोक प्यास लाग्दा सहयोग गर्नू भनेर भन्नुभएको रहेछ। नानीले पनि म बसेको कोठाको बाहिरबाट ढोका लगाई दिइन्। बाहिर निस्कनु परे अथवा अन्य केही आवश्यक परेमा ती नानीलाई बोलाउँथेँ। एकछिनपछि नानीले मलाई नास्ता गर्नुहोस् भनेर भनिन्। मैले नास्ता भनेको थोरै खानेकुरा होला भन्ने बुझेँ। तर नास्ता भनेको त त्यहाँको खाना रहेछ। फेरि ५ बजेतिर खाना खानुहोस् भनेर भनिन्। मैले रातीको खाना होला सोचेर खाएँ, तर त्यो ५ बजेको खाना भनेको त दिउँसोको नास्ता रहेछ। फेरि ७ बजेतिर तिनै नानीले खाना खानुहोस् भनेर बोलाइन्। त्यो खाना चाहिँ रातीको खाना रहेछ। असारमा कामको चटारोले बिहान अलि धेरै नास्ता खाएर बिहानको खाना अलि पछि र बेलुकाको खाना चाहिँ सात/आठ बजेतिर खाने रहेछन्, पछि मात्र बुझेँ।

त्यतिखेर त्यहाँका जनताले दिएको सेल्टर, ती नानीले मलाई दिएको सुरक्षा (हरेक आउने जाने मान्छेको गतिविधिको निगरानी गरिरहेकी थिइन्) लाई असाधारण ठानेको छु। तर धेरैलाई भने युद्धताका बन्दुकको भरमा सेल्टर लिन्थे भन्ने जुन खालको भ्रम छ, त्यो वास्तविकता होइन। त्यतिखेर हामी युद्धको सुरुआती चरणमा थियौँ, हामीसँग थोरै मात्र हातहतियार हुन्थे। त्यसमाथि पनि सङ्कटकालको कठिन समय थियो। हातहतियार कसरी चलाउने भन्ने पर्याप्त तालिम थिएन र भएका हतियारलाई पनि जनताका अगाडि खुलम् खुला देखाएर हिँड्न सक्ने स्थिति थिएन। कतिपय अवस्थामा

सेल्टर लिन पनि निकै गाह्रो भएको त्यो समयलाई सम्झिँदा अहिले पनि आङ सिरिङ्ग हुन्छ। कसरी बाँचियो होला भन्ने लाग्छ।

जोगबुढा क्षेत्रको पुरनपानी भन्ने ठाउँमा जाँदा हेमन्तप्रकाश ओलीलगायत त्यस टिममा म पनि थिएँ। टिमको सेक्सन कमान्डर खेम ओझा हुनुहुन्थ्यो। केही साथीहरू नयाँ हुनुहुन्थ्यो। अनि जनतासँग मागेर खान सक्ने स्थिति पनि थिएन। त्यसमा हामी पनि चारैतिरबाट घेराबन्दीमा थियौँ। सेनाको एउटा टोली कञ्चनपुर र अर्को टोली कैलालीबाट आएको थियो। यता बुडरबाट पनि सेनाको निगरानी बढेको थियो। महाकालीपारि भारत जान सक्ने परिस्थिति पनि थिएन। त्यहीँ पुरनपानी डाँडामा एउटा गोठ थियो। तल गाईगोरु बाँधेका थिए। माथिको तलामा गाह्रो (खर) सुकाएर राखेको रहेछ। चार दिनसम्म खान पाइएको थिएन। भोकले शरीर निकै शिथिल बनिसकेको थियो। त्यसमाथि घाँसको लागि सुकाएर राखेको त्यही खरमा सुतेर रात बिताउनुको विवशता। त्यो राती पिउने पानी पनि नपाइएको अवस्थामा, आकाशबाट सिमसिम परेको पानीले जिउ कठ्याङ्ग्रिन केही बाँकी थिएन। पहाडको हावा, त्यो पनि चार दिनदेखिको भोको शरीरमाथि परेको पानीले थुरथुर काँपेको त्यो कठिन रात स्मृतिमा ताजै छ।

त्यसपछि हामी बिहानै आइढुङ्गा गयौँ। 'हामी माओवादी हौँ। तपाईंहरूकै मुक्तिका खातिर यो व्यवस्थाविरुद्ध र गणतन्त्र स्थापनाका लागी लडिरहेका छौँ' भनेर जनतालाई भन्यौँ। त्यसपछि उहाँहरूले 'तपाईंहरूलाई हामी एउटै घरमा खाना खुवाउन सक्दैनौँ, घरघरमा बाँडेर खानाको व्यवस्था गर्छौं' भनेर मुस्कुराउँदै स्वागत गर्दा मनमनै हाम्रो लडाइँ सार्थक हुँदै गएको आभास भयो। म र हेमन्तप्रकाश ओली एउटै घरमा गयौँ। मैले यसो खोल्सातिर हेरेको त तरुलका लहरा देखेँ। सेक्सन कमान्डर खेम ओझा (उहाँलाई हामी मामाजी भन्ने गर्थ्यौं) लाई घरवालाको अनुमति लिएर यो तरुल खन्नुपर्‍यो भनेँ। उहाँले खनेर ल्याउनुभयो। दुई दिनसम्म हामीले त्यही तरुल खायौँ।

हामीप्रति जनताको साथ र सहयोग बढेको देखेर ऊर्जा बढ्थ्यो। जुन म यहाँ शब्दमा वर्णन गर्न सकिरहेको छैन। एकाध घटनालाई अतिरञ्जित गर्दै भ्रमहरू छरे पनि त्यसबेला हामीलाई जनताले मुस्कुराउँदै प्रदान गरेको सुरक्षा, सेल्टर र अन्य थुप्रै सहयोग भने अविस्मरणीय छन्। जनताको त्यो साथ र समर्पणप्रति मेरो उच्च कदर छ र यिनै शब्दहरूमार्फत फेरि पनि हृदयदेखि नै नमन भन्छु र आभार प्रकट गर्दछु।

त्यसपछि हामी बयलपाटा भन्ने ठाउँमा पुग्यौँ, जहाँ माथितिर एउटा किल्ला छ। त्यस किल्लालाई कसैकसैले डोटी राज्यको किल्ला, कसैले गोर्खालीको र कसैकसैले

अमरसिंह थापा र भक्ति थापाको किल्ला पनि भन्ने गर्छन्। मलाई लाग्छ, त्यो डोटी राज्यको किल्ला हो। यद्यपि त्यहाँमाथि डाँडामा एउटा ठूलो ढुङ्गा र पुरानो ओखल पनि छ। त्यहाँ कपुर भन्ने कमरेडको परिवारमा बुवाआमा हुनुहुन्थ्यो। उहाँहरूले हामीलाई बास र सुरक्षाका लागि सेल्टर दिनुभयो। पछि उनले सहादत प्राप्त गरे। त्यतिबेलाका सहकर्मीहरू अहिले कोही प्रदेशसभा सदस्य, कोही प्रतिनिधिसभा सदस्य, कोही संविधानसभा सदस्य पनि हुनुहुन्छ। तर कतिपय अलपत्र र दुःखदायी जीवनयापन गर्न बाध्य भएको देख्दा, सुन्दा भने निकै नरमाइलो लाग्छ। युद्धको मर्ममाथि घात पो भयो कि ! भन्ने आभास हुन्छ।

त्यहाँ राती हामी सेल्टर खोज्दै गयौँ। त्यो बेला एकदम चलायमान हुनुपर्थ्यो। थोरैले पनि चुकेको भए म लगायत केही साथीहरू त्यहीँ मारिने खतरा थियो। त्यस्तो बेलामा हामी अति सतर्क हुनुपर्ने स्थितिमा राती ११ बजे ददिगडा भन्ने ठाउँमा पुग्यौँ। त्यहाँ अलि सम्पन्न मान्छे हुनुहुन्थ्यो। दुई घर थिए, एउटा ठूलो र अर्को सानो। उहाँलाई 'बुवा अब हामीलाई बस्न दिनुपर्‍यो' भनेपछि उहाँले दुवै हात जोड्नुभयो र घुँडा टेकेर ढोक्दै भन्नुभयो, 'मेरो नातीलाई मार्न र मराउन आएका हौ। तपाईंहरूलाई म बस्न दिन्न।' हामी पनि त्यहाँको परिवेशमा नयाँ थियौँ। उहाँको कुराले मनमा थप डर जाग्यो। राती कहाँ जाने, के खाने, साथीहरूलाई कसरी बचाउने भन्ने तनाव थपियो। तर पनि उहाँलाई सम्झाइबुझाइ गर्दै मैले बिस्तारै अलिकति पछि धकेलेँ र हामी भित्र छिर्‍यौँ।

मैले साथीहरूलाई 'त्यही घरको भकारीबाट नापेर, जोखेर धान निकालेर खानाको व्यवस्था गर्नू, पछि घरवालासँग म कुरा गरौँला' भनेँ। फेरि उहाँसँग मैले हामी दुई दिनदेखि भोकै भएको र आफ्नो सम्पूर्ण अप्ठ्यारो परिस्थितिको बेलिविस्तार लाएँ। उहाँले भावुक हुँदै 'मैले तपाईंहरूलाई चिनिनँ। तपाईंहरू समस्यामा हुनुहुन्छ। यहाँ बसेर खाना पकाएर खानु र अरू बेला पनि आउँदा हुन्छ' भन्नुभयो। उहाँ निकैपछिसम्म माओवादी समर्थक भएर हाम्रा थुप्रै साथीहरूलाई सेल्टर दिनुभएको मलाई याद छ। पछि सुदूरपश्चिममा मेरो आफ्नो कार्यक्षेत्र परेकाले पनि होला, धेरै जना सेल्टरदाता निस्कनुभयो र आन्दोलनलाई समर्थन गर्दै सफल बनाउन हौसला दिनुभयो।

अभियानकै क्रममा एउटा टिमसहित बझाङ जाने क्रममा हामी डडेल्धुराको चिरकिट्टेबाट तल छिपुरमा झर्‍यौँ। छिपुरमा खगराज भट्टको घर नजिकै पसलमा अत्यन्तै होनहार दुई जना साथीहरू मारिनुभयो। राती हामी त्यहीँ बस्यौँ। एकैछिनपछि होहल्ला गर्दै, गाली बेइज्जती गर्दै पेट्रोम्याक्स बालेर कोही हिँड्दै गरेको देखेपछि तिनीहरू पक्कै पनि सेना हुन् भन्ने लाग्यो। पछि हाम्रो पीएलएको नेतृत्व गरेका रुकुमका एक जना

गुरुङ कमरेडलाई यसो तलसम्म बुझ्न पठाएँ। उहाँसँगै बैतडी पाटनका भुवन झट्ट (क. वैज्ञानिक्) जानुभयो। पछि बुझ्दा त ती साँच्चै सेना रहेछन्। अनि सेल्टर खोज्ने क्रममा एउटा घारीभित्रको घरमा गएँ।

त्यो घरवालाले हाम्रो समस्या बुझेर राम्रो व्यवस्थापन गर्नुभयो र हाम्रो आन्दोलन सफल हुनेछ भनेर शुभकामना दिनुभयो। मृत्युलाई नजिकबाट देखेर त्यो कठिन क्षण, ती महान् सेल्टरदाताले हामीप्रति देखाएको तत्परता र हार्दिकतालाई म कहिल्यै बिर्सिन सक्दिनँ।

भोलिपल्ट उज्यालो भइसकेपछि हामी एनपी साउँदजीको गाउँ लुमरीमा पुग्यौँ। एनपीजीको दाइ विक्रम साउँदलाई म पनि दाइ भन्थेँ। उहाँले हामीलाई चिया पकाएर खुवाउनुभयो। अनि हामी त्यहाँबाट हिँडिसकेपछि एक जना शुभचिन्तक आत्तिदै आएर 'तपाईंहरू माथि दिव्यदेवलमा नजानुहोस्, सेनाले मार्छन्' भन्नुभयो। हामी फर्केर खोलातिर झऱ्यौँ। अनि बिस्तारै माथि उक्लेर झिणी गाउँमा पुग्यौँ। त्यस गाउँका बारेमा अध्यक्ष कमरेड केपी शर्मा ओलीले पनि कहिलेकाहीँ कुरा गर्नुहुन्छ। झिणीमा पहिला 'रातो झण्डा' समूहमा काम गर्नुभएका आरपी लक्ष्मी जोशी हुनुहुन्थ्यो। उहाँले हामीलाई एकछिन रोकेर खाना ख्वाएर पठाउनुभयो। खाना खाँदै गर्दा उहाँले मतिर हेरेर 'किन सबै कुरा पुग्ने भएर पनि घर छोडेर यसरी हिँडेको' भनेर प्रश्न गर्नुभयो। म आफ्ना लागि नभएर देश र जनताको खातिर हो भनेपछि उहाँले समर्थन जनाउनुभयो।

त्यहाँबाट अलि माथि पुगेपछि दुई जना सेता कपडा लगाएर बरखीमा बस्नुभएको थियो। सायद उहाँहरू नेपाली काङ्ग्रेस निकट हुनुहुन्थ्यो। उहाँहरूले हामी सबैलाई रोकेर माथि सेना छन् भनेपछि हामी फर्कियौँ। त्यहाँ एक जनाले हामीलाई सेल्टर मात्रै नभएर सुरक्षाका लागि सेन्ट्री पनि दिनुभयो। अनि हामी भोलिपल्ट दुर्गाथान नजिकै भुवन भट्टजीको घरमा बस्यौँ। त्यहाँ पनि हामीले राम्रो स्वागत सत्कार पायौँ। हिँड्ने बेलामा हामीले राखेको एउटा सकेट बम हराएको रहेछ। खोजी गर्दै जाँदा त्यो त त्यही घरको सानो बाबुले लुकाएको रहेछ। किन त्यसो गरेको भन्दा त 'तपाईंहरू गैइहाल्नुहुन्छ। सेना आएर हामीलाई दुःख दिन्छ। अनि हामीले गाउँको पनि त रक्षा गर्नु छ' भन्दा छक्क पऱ्यौँ र वंशीय शासन व्यवस्थाको अराजकता र उत्पीडन साँच्चै नै डरलाग्दो रहेछ भन्ने आभास भयो। त्यो बाबुको भनाइले राज्यद्वारा गरिएको दमनका विरुद्ध लड्ने ममा अझै जाँगर थपियो।

सङ्कटकाल लगाइसकेपछि खेम ओझाको सेक्सन कमान्डरमा म, हेमन्तप्रकाश ओलीलगायत एघार जना जोगबुढामा थियौँ। त्यतिबेला उपव्युरोको हेडक्वार्टरमा

सम्पर्क गर्नुपर्ने थियो। करिब तीन महिनासम्म हाम्रो सम्पर्क भएको थिएन। त्यतिखेर हामी ब्युरो र उपब्युरोको सम्पर्कमा आउन सकिरहेका थिएनौँ। पूरै सञ्चारविहीन थियौँ। के गर्ने, कस्तो गर्ने भनेर निकै छटपटी भयो।

तीन महिना बितिसकेपछि लाग्यो, कहीँ न कहीँ अवस्था गडबड छ। हामीले सञ्चार आदानप्रदानका लागि जिम्मा दिएको एक जना व्यक्तिले नै यताबाट पठाएका, उताबाट आएका जम्मै चिठ्ठीपत्र एउटा ठूलो रुखको टोट्कामा राख्ने रहेछन्। यसरी सम्पर्कविहीन भइसकेपछि एकाएक हामीलाई खबर आयो 'सम्पर्क गर्नु' भनेर। त्यसपछि दुई जना महिलासहित ११ जनाकै हाम्रो टिम फलटुँडे र सहजपुरको बीचमा गडी भन्ने ठाउँबाट तल गयौँ। निकै रात परिसकेको थियो। दिनभर परेको वर्षाका कारण हिँड्ने बाटो पनि धेरै चिप्लो थियो भने जाडो पनि असाध्यै थियो। रात धेरै छिप्पिसकेको र भोकले निकै नै थकित थियौँ। मसँग मेरो सहयोगी महान् भन्ने कमरेड हुनुहुन्थ्यो। उहाँले नै घरबाट भुटेर ल्याउनुभएको भटमास र मकै टिममा रहेका ११ जनाले एक एक मुठ्ठी खोलाको पानीसँगै खाएपछि अलिकति राहत भयो।

पानी पनि यस्तो मुसलधारे थियो कि, कहाँ जाने जाने भयो। बाटो पत्ता लगाउन सक्ने अवस्था थिएन। त्यसपछि बाटो खोज्दै गर्दा बल्लतल्ल एउटा बाटो भेटियो। अलि पर पुगेपछि एउटा घरमा पुग्यौँ। घरमा सबै सुतिसकेका थिए। हामी पनि निकै भोक र थकित अवस्थामा थियौँ। माघको महिना थियो। मौसम पनि साह्रै चिसो। बीच बाटोमा भेटिएका एक–दुई घरबाहेक अन्य कतै बस्ती वा घर थिएन। हामीले तिनै घरमा बस्ने निधो गऱ्यौँ। चिसोले निकै कठ्याङ्ग्रिएको अवस्थामा मैले नै घरका ढोका ढक्ढक्याएँ। सायद मस्त निद्रामा भएर होला, कसैले सुनेनन्। तर डराएर कोही नबोलेका हुन् कि भन्ने लागेपछि मैले टिमको एक जना बहिनीलाई तपाईंले बोलाउनूस् भनेँ। बहिनीले 'आमा, ढोका खोल्नु न !' भनेर बोलाएपछि घरको आमाले ढोका खोल्नुभयो।

त्यो साउँद थर भएका व्यक्तिको घर रहेछ। घरवाला जिल्ला प्रशासन कार्यालय डोटीमा खरदारमा कार्यरत हुनुहुँदो रहेछ। उहाँले आफ्नो परिवारलाई हाम्रो घरमा जोसुकै राम्रो मान्छे आउँदा जुनसुकै अवस्थामा पनि बास र गाँस चाहिँ दिनुपर्छ भन्नुभएको रहेछ। घरमा सासु, बुहारी र दुई जना दिदीबहिनी हुनुहुन्थ्यो। बुहारीले हाम्रो टिममा भएका दुई जना महिलालाई आफैँसँग र पुरुषलाई अर्को कोठामा सुताउने व्यवस्था गर्नुभयो।

उहाँले मेरा बारेमा निकै जिज्ञासा राख्नुभयो। घर कहाँ हो ? कहाँबाट आउनुभएको भनेर सोध्न थाल्नुभयो। भूमिगत अवस्थामा रहेको बेला के भन्ने भनेर एकछिन

अत्तालिएँ। पछि मैले मेरो घर सिलगढीको पुन्ना हो भनें। पुन्नामा फेरि मैले कसैलाई पनि चिनेको अवस्था थिएन। त्यसपछि एक जना नेपाली काङ्ग्रेसको नेता जन्मजय भट्ट मात्रै चिनेको हुनाले जन्मजय भट्टको जेठो बुवाको छोरा हुँ भनेर भनिसकेपछि ती दिदीले 'को जेठो छोरा ? उहाँ त हाम्रो पण्डित हुन्' भन्न थाल्नुभयो। एक झूट लुकाउन सयौँ झूट बोल्नुपर्छ भनेझैँ मलाई फेरि झूटो बोल्नु पर्ने भयो। अनि म त सानोमै इन्डिया गएको उतै पढेँ, यता जन्मजय भट्ट बाहेक अरू कसैसँग चिनजान भएको छैन भनेर मिलाउन खोजेँ। दिदीले सोधेको सोध्यै गर्नुभएको त्यो क्षण अहिले नै जस्तो लाग्छ।

सिमसिम पानी परिरहेकै थियो। त्यस घरमा हामी तीन दिन बस्यौँ। त्यहाँ बस्दा हामीलाई बस्न, खान र सुरक्षाका लागि केही पनि समस्या भएन। बिहान तीन बजे उठ्ने, बाहिर निस्कने, दैनिक नित्यकर्म गरी फ्रेस हुने र दिनभरि घरभित्रै बस्ने कार्यतालिका थियो हाम्रो। पछि त्यो घर–वरिपरिका छिमेकीहरूले पनि आ–आफ्नो घरमा बोलाउने, खाना खुवाउने गर्नुभयो। हाम्रो पनि अन्य साथीहरूसँग सम्पर्कविहीन भएको धेरै दिन भैसकेको हुनाले सम्पर्क गर्नकै लागि कमरेड खेम ओझालाई सहजपुरको बजार र त्यस क्षेत्रको आसपासमा पठाएका थियौँ।

हामी बसिरहेको बस्तीबाट नजिकै एउटा रोड र अनि त्यो रोडबाट अलि पर गइसकेपछि बुडरमा सेना बसेको हुँदा हामीलाई असुरक्षाको जोखिम निकै थियो। स्थानीयले पनि यस्तो असुरक्षित ठाउँमा नबस्न सुझाए। एक जना आमाले पनि 'यो ठाउँबाट सुरक्षित ठाउँमा जानू। यदि तिमीहरू यहीँ बस्यौ भने नजिकै रोड छ, सेना पनि नजिकै भएकाले तिमीहरू मारिन्छौ। तिमीहरू मारियौ भने हाम्रो मुक्तिको लागि कसले लडिदिन्छ' भन्नुभयो। ती आमाको हामीप्रतिको चिन्ता, त्यो ठाउँका मानिसले हाम्रो सुरक्षाबारे देखाएको संवेदनशीलताप्रति गर्व महसुस हुन्छ। अहिले पनि डोटी बुडर हुँदै त्यो बाटोबाट अन्य जिल्लामा जाँदै गर्दा त्यस गाउँमा बसोबास गर्ने जनता र ती आमाको झलझली याद आउँछ।

त्यहाँबाट तलपट्टि एउटा तेलपारा भन्ने गाउँ थियो। त्यो गाउँमा मेरा नातेदार पनि हुनुहुन्थ्यो। आतङ्कको अवस्था भएका कारणले हुन सक्छ, त्यतिखेर नातेदारले पनि नचिनेजस्तो गरेको महसुस हुन्थ्यो। रातीको समयमा जतासुकै, सहजै बस्ने अवस्था पनि थिएन। त्यस गाउँमा एक जना रजवार भनेर चिन्थ्यौँ। म उहाँको घरमा गएर बोलाएपछि उहाँ ढोका खोलेर बाहिर निस्किनुभयो। उहाँकी छोरीले हामीलाई खाना खानुभएको छ कि छैन भनेर सोधिन्। रातको करिव ११ बजिसकेको थियो। मैले खाना खाएरै आएको, बरु हामीलाई सुत्ने व्यवस्था मिलाइदिनु पऱ्यो भनेपछि त्यो बहिनीले

कालो चिया बनाएर खुवाइन् । सुत्ने राम्रो व्यवस्था मिलाइ दिइन् । त्यो घरमा पनि चार दिनसम्म बस्यौँ । अर्को दिनबाट स्थानीयले खान, बस्नका लागि निकै राम्रो व्यवस्था गरिदिनुभएको थियो ।

त्यसपछि हामी हेडक्वार्टरमा कमरेड जनार्दन शर्मा लगायत अन्य कमरेडहरूलाई खोज्दै तल खोलासम्म गयौँ । तर कहीँ पनि भेटेनौँ । त्यहाँबाट फर्केर निगालीको अलि तल पखीर भन्ने ठाउँमा पुगिसकेपछि एक जना स्थानीयले यति राती तपाईंहरू कतै नजानूस्, यतै बस्नुस् भन्नुभयो । रात अबेर भइसकेको हुनाले उहाँकै घरमा बस्यौँ । जहाँ म बसेको थिएँ, त्यस घरमा मेरो एक जना भण्डारी नातेदार हुनुहुन्थ्यो । त्यो दिन उहाँसँगै खानपिन र दुःखसुखका गफ पनि भए । त्यसको भोलिपल्ट हामी तल शिवनगर र बीपीनगर भन्ने ठाउँमा गइसकेपछि उहाँले मेरो नाम लिएर 'फलानो भाइ त हिजो मेरोमा आएको थियो' भनेर गाउँमा हल्ला गर्नुभएछ । त्यसको भोलिपल्ट शाही सेनाहरू मलाई खोज्दै उहाँको घरमा र त्यो गाउँमा आइपुगेछन् । त्यस घरका सदस्य र मेरो भाउजू नाता लाग्ने एक जना महिलालाई त बढी नै कुटपिट गरेर दुःख दिएछन् । तर तिनै भाउजूले धेरै दुःख पाउँदा र बेस्सरी कुटाइ खाँदा पनि मलाई र मेरो टोलीलाई यो बाटो गयो, ऊ बाटो गयो भनेर एक शब्द पनि भन्नुभएनछ । भाउजूले यति मात्र भन्नु भएछ, 'उहाँहरू आउनुभयो, खाना खाएर जानुभयो । तपाईंहरू पनि आउनु भएको छ । खाना खाएर जानुहोस्, केही छैन । हाम्रो घरमा जोसुकै राम्रो मान्छे आइसकेपछि खाना खुवाउने हाम्रो कर्तव्य हो ।' ती भाउजूले आफूले सेनाबाट चरम यातना पाउँदा पनि हामीलाई बचाउनुभएको त्यो पललाई सम्झिँदा ती घरका परिवार र भाउजू मेरो जन्मदाताजस्तै लागिरहेको छ ।

त्यो दिन रातको ११ बजेतिर हामी डोटीको अडाई पुग्यौँ । त्यहाँ पुग्दा हामी पानीले निकै नै भिजिसकेका थियौँ । खाना नपाउँदा भोकले पनि सताइरहेको थियो । हामी बासस्थान खोज्दै भौँतारिएका थियौँ । त्यसपछि बल्लबल्ल एउटा घरमा गयौँ । मैले 'हामीलाई बास दिनुहोस् । आज हामी यतै बस्छौँ' भनेर अनुरोध गरेपछि घरकी एक जना महिलाले 'उहाँ बिरामी हुनुहुन्छ । हामी पनि बाहिर सरेका (महिनावारी भएका) छौँ । यहाँ त व्यवस्था हुन्न' भनेपछि मैले पुनः आग्रह गरेँ, 'हैन हामीले खाना खाएर आएका छौँ । यति राती अब कहाँ जाने ? के गर्ने ? यता चिनजानको ठाउँ पनि कतै छैन । चिसोले पनि मार्न लागिसक्यो, हामीलाई सुत्न मात्र दिए पुग्छ, हामी भोलि बिहानै यहाँबाट गैहाल्छौँ' भनेपछि उहाँको मन पग्लियो । बास दिन राजी हुनुभयो । बास पाइने भएपछि हामी पनि खुसी भएर बस्यौँ । चिनजान गर्दै जाँदा ती महिला त नाताले मेरो दिदी पो हुनुहुँदो रहेछ । उहाँ र मेरो चिनजान भइसकेपछि दिदीले मलाई मेरो नामै लिएर

'भाइ तँ पो होस्। नचिनेको, नजानेको मान्छेलाई बास नदिने भएर मैले त्यसो भनेको पो त ! ल ल बस। तिमीहरूले खाना खाएका छैनौ। मलाई थाहा छ, तिमीहरू भोकै छौ। म खाना पकाउँछु, खाना खाएर मात्रै सुत्नुपर्छ' भन्दै दिदी धन्दा गर्न थाल्नुभयो। अनि मैले 'हैन तपाईंले दुःख गर्नु पर्दैन। बरु चामल, दाल र तरकारी दिनूस्। खाना हामी आफैँ पकाइहाल्छौँ नि ! बूढी मान्छेलाई कहाँ दुःख दिन्छौँ' भनेर भनिसकेपछि, उहाँले 'हो, माओवादी त यस्तो पो हुनुपर्छ ! अस्ति माओवादीकै दुई जना केटा आएका थिए। हामीलाई खाना पकाउनुहोस् भनेर भने, बाँदरले मकै खाएर सकाउन लागिसकेकाले म बाँदरलाई धपाउन जान्छु, तिमीहरूलाई खाना पकाउनको लागि सबै चाहिने सामग्री दिन्छु, तिमीहरूले खाना पकाएर तिमीहरू पनि खाऊ हामीलाई पनि खुवाऊ भनेको त उल्टै झपारेपछि मैले नै पकाएर खुवाउनु पर्‍यो।' त्यसपछि ती दिदीले मलाई भन्नुभयो– भाइ, तैले चाहिँ तिनीहरूलाई सम्झाउनुपर्छ। नत्र तिमीहरूको बेइज्जत हुन्छ।' ती दिदीले माओवादी भनेको त यस्तो भलाद्मी हुनुपर्छ भनेर भन्नुभएको कुरा अहिले पनि जेठी दिदीको आशीर्वादजस्तै लाग्छ। पछिसम्म पनि म त्यो घरको बाटो हिँड्दा दिदीसँग भेट भयो भने उहाँले मलाई सधैँ भन्नुहुन्थ्यो, 'तिम्रो भान्जालाई भेटेर अलिअलि खर्च मागेर लिनू। तिमीले कहाँ पाउँछौ र ? यसरी भूमिगत भएर हिँडेका छौ।'

२०५९ सालतिरको कुरा हो। डोटीमा पार्टीको प्रशिक्षण कार्यक्रम राखिएको थियो। कार्यक्रममा हेमराज भट्टराई, भगत बडुवाल, लक्ष्मण चौधरी लगायत अन्य कमरेडहरू पनि उपस्थित हुनुहुन्थ्यो। हामी पनि ८४– ८५ जनाको टोली लिएर कार्यक्रममा प्रशिक्षित हुनका लागि डोटीतर्फ लाग्यौँ। त्यतिखेर विद्यार्थी गोपाल शर्मा पनि त्यहीँ हुनुहुन्थ्यो। डोटीको खड्यौलीमा छेडा भन्ने एउटा गाउँ छ। त्यो गाउँमा पार्टीको प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। त्यहाँ सबैसँग भेटघाट, भलाकुसारी गरिसकेपछि छेडामै मेरो साथीको मामाको घर थियो। ती घरका बाबु किशोर सेनाको आक्रमणबाट मारिएको रहेछन्। हामीले पनि त्यही घरमा बस्ने निधो गर्‍यौँ। त्यो घरका मान्छेले यस्तो स्वागत, सम्मान, खाना र बस्नको व्यवस्थापन गर्नुभएको थियो कि, उहाँहरू साँच्चिकै हाम्रो लडाइँको योद्धा हो भन्ने भान हुन्थ्यो।

२०५९ चैत १९ गतेको कुरा हो। बिहान ११ बजेतिर हामी सेनाको आक्रमणमा पर्‍यौँ। हाम्रा केही साथीहरू निस्किनुभएको थियो। म लगायत घरका परिवारहरू घरभित्रै बसिरहेका थियौँ। चारैतिरबाट सेनाले घेरा हाल्यो। घेराको बीचबाट मैले घरको माथिबाट हाम फालेर खोला तरेर पारि जङ्गलमा गएपछि बाँचेँ। पछि त्यो घरमा सेनाले सकेट बम हानेर पूरै ध्वस्त पारिदियो। त्यो आक्रमणमा परी एउटै परिवारका चार जनाले ज्यान गुमाए। गोरु खोज्न खोलाको पारिपट्टि आएका गोठालालाई पनि

गोली हानेर हत्या गरियो। हामीलाई बास दिएको निहुँमा एउटै गाउँका पाँच जनाको निर्ममतापूर्वक हत्या भयो। सेनाले हामी बसेको घरको नानीलाई समातेर मरणासन्न हुने गरी कुटपिट गर्न थालेपछि लुकेर बस्नुभएका कैलालीका एक जना चौधरी कमरेडले बाहिर निस्केर 'उहाँ निर्दोष मान्छे हो। माओवादी त हामी हो। जे गर्नु छ हामीलाई गर। जनतालाई किन यातना दिन्छौ ?' भन्नुभयो। त्यसपछि उहाँलाई समातेर लगियो र डोटीको गोबघाट र कालागाड भन्ने ठाउँमा हत्या गरेर फालियो। त्यसपछि पनि त्यस घरकै बुहारी लगायत सात जना मारिनुभएको थियो। त्यो बेला हाम्रो सुरक्षाको निम्ति चिन्तित जनता र सेल्टरदाताको त्यो अठोट देखेर मलाई आश्चर्य लाग्छ।

पछि पोष्टबहादुर बोगटी पार्टीको कमान्ड इन्चार्ज हुँदा त्यही गाउँमा पार्टीको ठूलो प्रशिक्षण कार्यक्रम राखिएको थियो। सेनाले त्यहाँ आक्रमण गर्दा पनि त्यहाँका जनताले हामीलाई जसरी सुरक्षा दिएर दुश्मनको घेराबाट निकाल्ने जुन खालको प्रयत्न गर्नुभएको थियो, त्यो जनताको हामीप्रति गरिएको महान् योगदान हो भन्ने बुझेको छु।

अभियानकै क्रममा कैलाली र डोटीको सिमानामा पुग्दा खिमडीको पारिपट्टि कैलालीको खिमणी भन्ने ठाउँ छ। त्यसको पूर्वपट्टि कर्णाली बगेको छ भने त्यसको पश्चिमपट्टि एउटा ठूलो खोला बगिरहेको छ। त्यही ठाउँको माथिपट्टि ओखलढुङ्गा भन्ने ठाउँमा पार्टीको ठूलो प्रशिक्षण कार्यक्रम राखिएको थियो। त्यहाँ डोटी र अछामका केही भूभागबाट मान्छेहरू आएर बसेका रहेछन्। त्यस ठाउँका जनताले पनि हामीलाई निकै राजीखुसी भएर सेल्टर, खाना र बस्ने व्यवस्था गर्नुभएको थियो। त्यहाँबाट अलि माथि गएपछि एउटा घाँघल भन्ने ठाउँ छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण त्यो ठाउँमा २५ जना सेनाको आक्रमणमा मारिएका थिए। त्यो आक्रमणमा गणेश सापकोटाको छोरी दुर्गा सापकोटा र एक जना चौधरी कमरेडको पनि हत्या भएको थियो। अहिले पनि मारिएका ती २५ जना लगायत त्यो सुन्दर, शान्त बस्तीको निकै याद आउँछ।

त्यस ठाउँमा हामी धेरै पटक बस्यौँ। जहिले पनि त्यहाँका समुदायले हामीलाई सेल्टर दिने, आएका प्रत्येक मान्छेको व्यवहारलाई निगरानी राख्ने र सुरक्षास्वरूप सेन्ट्री बस्ने गर्नुहुन्थ्यो। एक दिन त त्यो घरका मुख्य मान्छे नै रातभर नसुती सेन्ट्री बस्ने र बिहान उठिसकेपछि हामीले सबै नित्यकर्म सकेर आफ्नो काममा लागेपछि मात्रै उहाँ आएर सुत्ने गर्नु हुँदोरहेछ।

सुर्खेत हुँदै अछाम जाने क्रममा कैयौँ पटक ढकारीमा बास बसेको छु। त्यहाँका जनताले मलाई प्रदान गरेको माया, हार्दिकता, चिन्ता र चासोलाई अहिले पनि बिर्सिन सकिरहेको छैन। अछामको माथि गइसकेपछि त्यो बेलाको भाँटाकाटियाँ गाविस र

अहिलेको रामारोशन गाउँपालिका हाम्रो आधार थियो। त्यहाँको एक जना सिर्जना भन्ने महिला हुनुहुन्थ्यो। उहाँको आमा व्यवस्थापनदेखि लिएर कार्यक्रम गर्दासम्म के गर्ने, कसरी गर्ने, आएका अतिथिलाई कहाँ बसाल्ने, कसरी सुरक्षा प्रदान गर्ने आदि इत्यादिमा निकै नै सक्रिय हुनुहुन्थ्थो। गाउँमा महिलाको त्यस्तो खालको चेतनास्तर देखेर मलाई अहिले पनि खुसी लाग्छ।

२०५९ सालतिरको कुरो हो, पहिलो चोटि 'रामारोशन सांस्कृतिक महोत्सव' कार्यक्रम राखियो। त्यसमा सुदूरपश्चिमका कर्णालीतिरका सांस्कृतिक पहिचान, लोक साहित्य र देउडादेखि लिएर विभिन्न विधामा सांस्कृतिक महोत्सव चलाएका थियौँ। महोत्सव समापनपछि केही साथीहरू नयाँ आक्रमणको तयारीतिर लागे। मेरो खुट्टाको भर्खर प्लास्टरको रिङ झिकेकाले म लगायत थुप्रै नेता–कार्यकर्ता भाँटाकाटियाको एउटा हलमा सेती महाकाली राष्ट्रिय मुक्ति मोर्चाको पहिलो राष्ट्रिय भेलामा सहभागिताका लागि त्यसतर्फ लागेका थियौँ। त्यस कार्यक्रममा जनता, नेता–कार्यकर्ताको व्यापक उपस्थिति थियो। त्यही भेलाबाट म अध्यक्ष चुनिएँ। भेलामा मोर्चाका इन्चार्ज जनार्दन शर्मालगायत थुप्रै नेता उपस्थित हुनुभएको थियो। भेला सकिएपछि हाम्रो गन्तव्य कालिकोटका लागि तयार भयो। त्यसमा जनार्दन शर्मा, म र हेमन्त प्रकाश ओली त्यसतर्फ लाग्यौँ। त्यो दिन हामी मुङ्ग्रामा बास बस्यौँ। त्यहाँ बस्दा पनि जनताले हामीलाई यसरी स्वागत गरे कि, युद्धमा गएपछि पहिलो पटक मैले त्यहाँ मार्सी चामलको भात खाएको थिएँ। मलाई अहिले पनि स्मरण छ– हामीले त्यहाँका जनतालाई एउटा यस्तो नारा दिएका थियौँ कि 'नुन र खुर्सानीसँग रोटी खाने मान्छे प्रतिक्रान्तिकारी हुन्, तिनीहरूले क्रान्तिलाई सफल पार्न सक्दैनन्।' यसको अर्थ जनताले तरकारी खेती गरुन् भन्ने थियो र त्यहाँ हामीले जनतालाई तरकारीको बीउ पनि वितरण गरेका थियौँ। जनताले त्यही नारालाई आत्मसात् गर्दै बारीमा तरकारी फलाउन निकै मिहिनेत गरेछन्।

हामीलाई बाजुराको कोल्टी, अछामको मङ्गलसेन, कालीकोटको कोटबाडा सबै तिरबाट सेनाले घेरिसकेपछि त्यहाँबाट रातको ८ बजे हिंडेर मुङ्ग्रा, रूपसा हुँदै कालिकोटको चाल्नेको लेकको तलपट्टि गोठहरू भएको ठाउँमा पुग्यौँ। त्यहाँ पुग्दा रातको ११/१२ बजेको थियो होला। त्यहाँका जनताले हामीप्रति देखाएको उत्तरदायी भूमिका, सुरक्षार्थ प्रदान गरिएको सेल्टर, बस्न र खानका लागि जुन खालको व्यवस्था गर्नुभएको थियो, त्यसको म अहिले पनि ऋणी नै छु। अर्को दिन बिहान हामी खाना खाएर माथि चाल्नेको लेकभन्दा अलि परपट्टि, अछाम र कालिकोटका केही गोठहरू भएको ठाउँमा गइसकेपछि सेती–महाकाली व्युरोका इन्चार्ज जनार्दन शर्माका सहयोगी 'वैज्ञानिक' नामक कमरेडले भन्नुभयो, 'सर, माथि हेलिकप्टर ल्यान्ड गरेको आवाज

आइरहेको छ ।' नभन्दै मैले पनि एमआई १७ को आवाज सुनेँ । टोलीमा भएका सबैले कमरेड विज्ञानलाई हेलिकप्टर ल्यान्ड गरेको होइन, यता कतै हेर्नलाई आएको होला भनेर मात्रै के भनेका थियौँ, माथिबाट गोलीको वर्षात् नै भयो । हामी कोही कता कोही कता भाग्यौँ । हाम्रो ग्रुपको एक जना बहिनीको तीघ्रामा गोली लागेर खोलातिर लागेकी थिइन् । पछि हेलिकप्टर गैसकेपछि त्यो रक्तपात बाटोलाई पछयाउँदै जाँदा खोलाको छेउमै मृत अवस्थामा भेटेको थियौँ ।

यही बीचमा बिना मगरकी आमाको योगदान पनि सम्झिन चाहन्छु । कञ्चनपुरको आईबीआरडीमा हुँदा उहाँ हाम्रो खानपिनको मात्रै नभएर रातभरि नसुतेर हाम्रो सुरक्षार्थ सेन्ट्री बस्नुहुन्थ्यो । उमेरले मैले दिदी भन्नुपर्ने भए पनि उहाँ मलाई दाइ भनेर सम्बोधन गर्नुहुन्थ्यो ।

निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, समानुपातिक, समावेशितासहितको संविधान निर्माणका लागि गरिएका जनआन्दोलन होस् या २०५२ देखि २०६३ सम्म गरिएको जनयुद्ध होस्, यसमा विभिन्न दृष्टिकोण र सिद्धान्तलाई आत्मसात् गरी छरिएर रहेका कम्युनिस्ट पार्टीका नेताहरूले भूमिगत अवस्थामा खेलेको भूमिका श्रद्धा र सम्मान गर्नलायक छ । जुन बेला नेताहरू भूमिगत भएर निर्दलीय पञ्चायत शासन व्यवस्थाका विरुद्ध जुन खालको लडाइँ लड्नुभयो, त्यसमा नेताहरूको मात्रै भूमिका नभएर जनताले लिएको अठोट पनि त्यत्तिकै सराहनीय छ ।

निर्दलीय पञ्चायतकालमा कम्युनिस्ट नेताहरूले राजतन्त्रको खुलेरै विरोध गर्ने अवस्था थिएन । भूमिगत रहेर जनतासँग सेल्टर माग्नुपर्ने अवस्था थियो । अभियानमा जाँदै गर्दा कहीँ सेल्टर सजिलै प्राप्त गर्न सकिन्थ्यो भने कहीँ मुस्किलले मात्रै सेल्टरहरू प्राप्त हुन्थे । आतङ्कको बेला जनताबाट पाएको साथ र सहयोग, नेताहरूले गर्नुभएको त्यागले मात्रै अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्र र नयाँ संविधान हामीले प्राप्त गरेका हौँ ।

क्रान्तिको उद्देश्य राज्य व्यवस्था सहजै प्राप्त गर्ने होइन । यसमा ठूलो त्याग र सङ्घर्षपूर्ण बलिदान आवश्यक हुन्छ । देश र जनताका लागि कति गर्न सक्यौँ, कति सकेनौँ, यो समीक्षा गर्न जरुरी छ । तर पनि गर्न नसकेका र गर्नैपर्ने अझै थुप्रै अभिभारा बाँकी नै छन् । ती पूरा गर्न सके मात्रै वीर सहिदहरूको साँचो अर्थमा सम्मान हुनेछ र देश र जनताप्रतिको हाम्रो उत्तरदायित्व पूर्ण हुनेछ । ●

# सेल्टरदाता र भूमिगत कार्यकर्ता



लोचना अधिकारी
पूर्व सदस्य, गण्डकी प्रदेश कमिटी

हत्केलामा आगो राखेकालाई मात्र पोलेको अनुभव हुन्छ । जहाँ त्याग, बलिदान, समर्पण गरिन्छ, त्यसैको बढी माया हुन्छ । चाहे त्यो भौतिक, शारीरिक वा मानसिक नै किन नहोस् । लाखौँ जनता र हजारौँ नेता–कार्यकर्ताको रगत, पसिना, आँसुको हिमनदी हो– नेकपा (एमाले), जुन निरन्तर बगिरहन्छ, बगिरहन्छ ।

कास्की जिल्ला बेगनास गाउँ पञ्चायतको बेगनास र रूपातालको दुई आँखाको नानी सुन्दरगाउँमा बुवा तोयनाथ र आमा यशोधा अधिकारीकी जेठी छोरीका रूपमा २०२३ जेठ १० गते यस धर्तीमा पाइला टेकेकी थिएँ। मुखियाकी नातिनी, मास्टरकी छोरी, तीन दाजुभाइ र तीन दिदीबहिनीकी धनी सानै उमेरबाट विद्यालय जाने अवसर पाएँ। पढाइमा तेज, अन्य क्रियाकलापमा सक्रिय भएपछि गुरुहरू, साथीहरूको माया पाउनु स्वाभाविक थियो। गाउँमा आनन्दज्योति निमावि कक्षा सातसम्म थियो। बाल्यकाल अत्यन्तै उर्वर र सुन्दर थियो। १३ वर्षकै उमेरमा सात कक्षा पास गरेपछि मलाई पोखरा कन्या माविमा भर्ना गरिदिनुभएको थियो। गाउँमा छोरी पढाउने चलन थिएन र साथी पनि थिएनन् । पढ्ने रहर हुँदाहुँदै त्यो बिरानो सहरमा एक्लै बस्न नसकी म गाउँ फर्कें । अर्को वर्ष गाउँमै हाइस्कुल खुल्ने र फेरि पढ्ने अभिलाषामा एक वर्ष त्यत्तिकै बिताएँ ।

## राजनीतिमा प्रवेश

बेगनास वामपन्थीहरूको उर्वर भूमि थियो। बहुदल र निर्दलको निर्वाचनले राजनीतिक चेतना विस्तार हुँदै थियो। बुवाले बनारसमा मोदनाथ प्रश्रितसँग बसेर पढ्नुभएकाले क्रान्ति, आन्दोलन र समाज परिवर्तनका कुरा गर्नुहुन्थ्यो। एकदिन मलाई

'नारी बन्धन र मुक्ति' पुस्तक दिँदै भन्नुभयो– ल, यो किताब पढ, अर्को वर्ष मावि खुल्छ अनि आठमा भर्ना गरौँला।' अध्ययन गर्ने बानी नानीदेखिकै रहेछ, के गरौँ के पढौँ भन्ने भइरहँदा नजिकैको पुस्तकालयबाट लिएर पढेको 'मुनामदन', 'गौरी' कण्ठै थियो। माघमा स्वस्थानी भन्न घरघर र वरपर भ्याइनभ्याइ हुन्थ्यो। जेठी छोरी हुनुको नाताले सानैदेखि घरभित्र र बाहिरका सबै काम गर्नुपर्थ्यो। 'नारी बन्धन र मुक्ति' पुस्तक जति पढ्दै जान्थेँ उति गाउँका आमा दिदीबहिनीका अनुहार सम्झन्थेँ। सबैको विश्वासिलो भएकीले मेलापात, घाँसदाउरा, पानीपँधेरा गर्दा महिलाहरूका कथाव्यथा नजिकबाट बुझेकी थिएँ। झन् यो पुस्तकले छर्लङ्ग पारिदियो। अझै भन्दा राजनीतिक यात्राको मार्गदर्शन यसैबाट भयो। जता हेरे पनि अन्याय, अत्याचार, विभेद देख्न थालेँ, घरमै पनि सबै काम गर्नुपर्ने भएकाले ममा बिस्तारै विद्रोह टुसाउन थाल्यो। 'वर्ग सङ्गर्ष', 'आमा' उपन्यास र माओका 'रेडबुक' पढ्न थालेँ।

२०३७ सालमा गाउँमा आठ कक्षामा भर्ना भएँ। हामी भाग्यमानी विद्यार्थी रहेछौँ। थोरै समयका लागि मात्र माध्यमिक तहमा स्ववियुको निर्वाचन हुने भयो। नेकपा (माले) ले सम्पर्क गरिसकेको थियो। गाउँमा सूर्य अधिकारी काका र गोकर्ण तिवारी दाइको घर सेल्टर थिए। पार्टी काममा मीनराज पौडेल कमरेड (लाल) खटिनुभएको थियो। अनेरास्ववियु र नेविसङ्घका बीचमा स्ववियु निर्वाचन हुने भयो। मलाई सचिवमा उठाइयो। मैले 'भोला दाइले अध्यक्षमा जित्न गाह्रो हुन्छ, मलाई दिनूस्' भनेँ। 'तपाईं उमेरले सानो, कार्यक्रम बनाउन र चलाउन सिपालु, सचिवको काम धेरै हुन्छ' भन्नुभयो। नमान्ने कुरै भएन। राधकृष्ण लामिछाने दाइले इतिहास र भूगोल पढाउनु हुन्थ्यो, पढाउँदै गर्दा राजनीति घुसाउनु हुन्थ्यो। निर्वाचन भयो। अध्यक्ष नेविसङ्घ र बहुमतसहित सचिवमा म विजयी भएँ। त्यसै बेला पनि परिस्थिति आकलन गर्ने क्षमता रहेछ। वामपन्थीको उर्वरभूमिमा नेविसङ्घका तर्फबाट अध्यक्ष देवीप्रसाद तिवारी निर्वाचित भए। यसरी औपचारिक रूपमा राजनीतिक यात्रा सुरु भयो। २०३७ फागुनमा पुरुन्चौरमा भएको भेलाले शान्ता मानवीको अध्यक्षतामा अखिल नेपाल महिला सङ्घको पुनर्गठन भएपछि अनेमसङ्घ बेगनास गाउँ कमिटीको अध्यक्ष बन्ने दिन म लोचनाबाट कमरेड (रिता) बनेकी थिएँ।

## नक्सा बोकेर हिंडेको पहिलो दिन

राजनीतिक चेतना र जिम्मेवारी दिन दुई गुना रात चौगुना बढ्दै थियो। एक दिन साँझपख सूर्य काकाको घरमा जाने खबर आयो। पक्कै पार्टीको कामले होला, पाँच/सात मिनेट लाग्ने बाटोमा कतिबेला पुगौँ जस्तो भयो। काकाको घरमा नेताका

लागि छुट्टै धन्सार थियो। मलाई काकाले कोठामा लानुभयो। गोरो, अग्लो र हँसिलो मोटोघाटो वामदेव गौतम (गिरीश) कमरेडलाई चिनाउँदै भन्नुभयो, 'यिनै हुन् लोचना (रिता)। साह्रै विश्वासिली, निडर, चलाख, इमान्दार, जस्तो जिम्मा दिए पनि पूरा गर्छिन्।' यता हरिश कमरेड एउटा कागजमा यति राम्रो नक्सा बनाउँदै हुनुहुन्थ्यो कि त्यति राम्रो त मेरा गुरुहरूले पनि बनाएको देखिनँ। वन, बाटो, खोला, स्कुल, पुल, घरहरू सबै सङ्केत देख्दा भर्खर भर्खर नौलो जनवाद पढेको, समाजवाद, साम्यवादमा पुग्ने लक्ष्य सुनेको, कम्युनिस्टहरूले अहिले नै त्यो साम्यवादी समाजको चित्र बनाइदिए ! कस्ता घर, बाटा, पुल, विद्यालय, अस्पताल, आहा ! त्यो समाज कस्तो होला ? पानीको साह्रै दुःख भोगेकी म, घरघरै धारा, राम्रा स्कुल, अस्पताल, काम अनुसारको दाम आदि सोच्दै थिएँ, वामदेव गौतमले 'बाटोमा डर त लाग्दैन नि !' भन्नुभयो। मैले 'एक्लै हिँडेकी त छैन, तर जसरी पनि जिम्मेवारी पूरा गर्छु' भनेँ। एउटा चिठी र एउटा नक्सा हातमा थमाउनुभयो। भोलि बिहानै ४ घण्टाको बाटो हंसपुर पुगेर शारदा सुवेदी (विनय) कमरेडलाई दिनुपर्ने रहेछ। बाटोमा कतै अलमल पर्दा नक्सा हेर्थें, बाक्ला घरको बीचमा विनय कमरेडको घर अलि बोल्ड गर्नुभएको रहेछ। यसरी नक्सा बोकेर हिँड्ने दिन सुरु भए। अहिले जस्तो फोन सुविधा थिएन, ४० वर्षअगाडिका दिनहरू। पछि मैले भूमिगत भएपछि त्यसरी नै नक्सा बनाएर कैयौँ कार्यकर्तालाई सम्पर्क गर्न चिठी पुऱ्याउन ठाउँ–ठाउँमा पठाएँ।

## रातभरि हिँडेको पहिलो रात

पार्टी कामको विस्तार, जनसङ्गठन निर्माण, प्रशिक्षण कार्यले तीव्र गति लिइरहेको थियो। जिल्ला र राष्ट्रियस्तरका कार्यक्रमको व्यवस्थापन टिममा रहेर जिम्मेवारी बहन गर्ने क्रममा २०३९ भदौ २०–२१ गते बेगनास प्रथम राष्ट्रिय शिक्षक भेला थियो। कमरेड लाल र किरण गुरुङ (सुमन) खटिनुभएको थियो। कमरेड सुमनले कागज काटेर रातो कपडामा टाँसी ब्यानर तयार गर्नुभएको थियो। दुई–तीन दिनदेखि अनिँदो थिएँ, त्यहीँमाथि चिया घप्लक्कै पोखियो, म डरले थरर काँपेँ। अनुहारतिर हेर्दै यत्रो मिहिनेत खेर गयो भन्नुभयो। भेला दुई दिन राम्रो चल्यो। खाना, खाजा लिएर हलमा जान पाइन्थ्यो। एक जना मात्र महिला शिक्षक पूर्णशोभा चित्रकार देखेर खुसी पनि भएँ, अचम्मित पनि। यतिका पुरुषहरू भएको ठाउँमा एक जना महिला निर्धक्क बस्न सक्ने, अति अनुशासित पार्टीको सिपाही हुन पाएकामा भित्रभित्र उदेकै खुसी थिएँ। दोस्रो दिन साँझ गाइँगुइँ चलेछ– बेगनासमा मालेको भेला छ रे ! अब रातमै गाउँ छोड्नुको विकल्प थिएन। पाँचवटा समूहमा विभिन्न बाटोबाट सुरक्षित अवतरण गराउने लिस्टमा मेरो नाम थियो। बेगनास माझठाना, कालिका, विजयपुर हुँदै अँध्यारोमै पोखरा पुऱ्याउनुपर्ने,

उसो त बेगनास ल्याउन पनि मेरो एउटा टिम थियो। बद्री खतिवडा सर अलि पाको हुनुहुन्थ्यो। रातमा बारीको डिलबाट तल खस्नुभयो। जनतालाई मुक्ति दिन हिँडेको झण्डै आफैँ मुक्त भएँ भनेर खुट्टा समाउनुभयो। अझै बेला भएको छैन भन्दै मिचमाच, तन्याकतुनुक पारेपछि हिँड्नु भयो। उहाँहरूकै टिम रहेछ, सबै बाहिरका। बाटो केही थाहा हुने कुरा भएन। राती १० बजे बेगनासको डिलबाट हेर्दा पारि ज्यामिरे, माझठाना, कालिका मस्त निदाइसकेको थियो।

माझठाना र बेगनासको बीचमा सातदोबाटो नपुगेसम्म बाक्लो वन थियो। बहुत सतर्कतापूर्वक हिँड्दै गर्दा वनको बीचमा टर्चलाइट बलेको सऱ्याकसुरुक आवाज आयो। लौ, आज एकैचोटि जेलमा पुगिने भयो, यही बाटो पुलिस आएछन्। बुढा कमरेडहरूको मुटुले ठाउँ छोड्यो। अहिले सम्झँदा थरर्र ज्यान काँप्छ। उहाँहरूलाई थोरै वनभित्र लगेँ, 'चुपचाप बस्नूस्, के रहेछ बुझेर आउँछु। असहज परिस्थितिमा धैर्य, उच्च मनोबल चाहिन्छ' भनेँ। हिँड्न लाग्दा सबैले 'तपाईं महिला, हामीमध्ये कोही जान्छौँ' भन्नुभयो। 'आज महिला, बच्चा केही होइन, म तपाईंहरूको कमान्डर हो, मलाई वैकल्पिक बाटाहरू थाहा छ, तपाईंहरूलाई केही थाहा छैन। चुपचाप बस्नुहोस्' भनेर म बिस्तारै तल झरेँ। रातको १२ बजे, निष्पट्ट अँध्यारो थियो। वन कुखुरा, मृग पाइने जङ्गलमा रुखको फेदबाट हेरेँ, दुई जना सिकारी बन्दुक भिरेर, टर्च बालेर, कुखुरा खोज्दै हिँडेको देखेपछि ढुक्क भएँ र डरले काँपेका कमरेडहरूलाई सबै बताएँ। ४५ मिनेटपछि बिस्तारै बाटो लागियो। भोक, निद्रा, थकाइ केही थिएन। उज्यालो नहुँदै विजयपुर खोला तर्नु थियो। रातभरि हिँडेपछि मिर्मिरे उज्यालोमा पोखरा पुगेर बिदाइ गरेँ। न उहाँहरूले मलाई चिन्नुभयो, न मैले। त्यसपछिका दिनहरूमा मलाई राती हिँड्न डर लागेन। अहिले भीम सुवेदी कमरेडले पटक–पटक चर्चा गर्दा आनन्द आउँछ र ऊर्जा पनि।

२०३९ मङ्सिरमा अनेरास्ववियुको तेस्रो जिल्ला अधिवेशन बेगनासमा हुने भयो। त्यसको पनि व्यवस्थापनको जिम्मा मलाई पऱ्यो। केन्द्रीय अध्यक्ष गौरी प्रधान प्रमुख अतिथि हुनुहुन्थ्यो। कार्यक्रम उद्घाटन हुनै लाग्दा पुलिसले हस्तक्षेप गऱ्यो। त्यही वर्ष तीजमा ठूलो कार्यक्रम आयोजना गरी पञ्चायतविरोधी गीत आफैं रचना गरेर गाउँदा सर्वाधिक रुचाइएको थियो। यस्तो थियो उक्त गीत :

'पारिपाखा वनपालेमा न्याउली चरी करायो
पञ्चायती व्यवस्थाको मूल्य हरायो
नबुझेर भन्थेँ मैले सिक्री लाउन पाइएन
दासताको साङ्लो रैछ अब चाहिएन।'

गीत रचना गर्ने, गाउने निकै रुचि थियो। तीज र ८ मार्च जनचेतना फैलाउने दिनका रूपमा एक वर्षदेखि तयारी गरिन्थ्यो। कला, गला सुन्न गाउँभरिको भेला हुन्थ्यो। हाइस्कुलमा लोचनाको तीज कार्यक्रममा जाने भन्दै बुढाबुढीदेखि सबै उत्साहित हुन्थे। हुन पनि निर्धक्क रूपमा चेतना फैलाउने माध्यम थियो तीज र मार्च ८। कमरेड ऋषि देवकोटा 'आजाद'को हत्यापछि गोमा देवकोटा दिदी १० महिनाकी छोरी जोशिला र स्वीटर बुन्ने मेसिन बोकेर बेगनास आउनुभयो। दिउँसो स्वीटर बुन्ने, राती सँगसँगै पार्टी काममा जान थाल्यौँ। उहाँसँगको लामो सामीप्य र सहयात्राले निकै ऊर्जा थपेको थियो। राजनीतिमा कलिलो उमेरमा होमिएको, निकै धेरै कार्यक्रमको नेतृत्व गरिरहँदा प्रतिक्रियावादीहरूको नजरमा परेकाले वारेन्ट काटिसकेको थियो। २०३९ सालमा मेरो एसएलसी नजिकै आउँदै थियो। मलाई भने बुर्जुवा शिक्षाले कुनै परिवर्तन गर्न सक्दैन, साम्यवादको लक्ष्यमा पुगिँदैन भन्ने भइसकेकाले त्यति रुचि थिएन। एकपटक सुनेपछि, पढेपछि आउने क्षमता र भविष्यमा नर्स बन्ने योजनाले यति छिट्टै यो कहालीलाग्दो यात्रा कसरी तय गरेँ, अहिले सम्झँदा पनि आश्चर्य लाग्छ।

### कठिन भूमिगत जीवनका सात वर्ष

पञ्चायतविरोधी गतिविधिमा लागेको भनेर उग्र रूपमा पटक–पटक पुलिसले पिछा गर्न थाल्यो। केही समय अर्धभूमिगत रूपमा काम गर्दा घरबाट पनि दबाब सिर्जना भयो। तिनताका मङ्सिरको अन्तिमतिर एसएलसी परीक्षा हुन्थ्यो, परीक्षा दिएर भूमिगत लैजाने पार्टीको योजना थियो। राष्ट्रिय मावि पोखराबाट परीक्षा सकेँ। घरमा आमालाई भनेँ– 'मलाई गाउँमा बस्न खतरा छ, पुलिसले भेटे लान्छ। बरु पोखरा बस्छु, कटिङ सिलाइ सिक्छु, रिजल्ट आएपछि क्याम्पस पढ्न सजिलो हुन्छ।' आमाले मान्नुभएको थिएन, बुवा घर हुनुहुन्थेन। म एक महिनालाई पुग्ने चामल, दाल, तरकारी, घ्यू, लुगाफाटो बोकेर हिँडेँ। नौलो जनवाद, समाजवाद, साम्यवादको सुन्दर समाज निर्माण गर्ने परिकल्पना बाहेक मेरो अरू कुनै स्वार्थ थिएन। पोखरा झरेर सबै सामान बेचेँ। २ सय ५० रुपैयाँमा त्यसबेला एचएमटी घडी पाइन्थ्यो, १ सय १० रुपैयाँमा एभरेडी लाइट पाइन्थ्यो। घडी, लाइट, स्टिच मिसिन, पिन, सियोधागो, डायरी, पेन, सामान्य औषधि किनेँ। स्कुले जामासँगै कठिन यात्रा तय गरेँ।

बगरमा साँझपख कमरेड मीनराजले सम्पर्क गरी लालटिन बजारमा रहेको गोपाल श्रेष्ठको घरमा पुऱ्याउनुभयो, जहाँ भूमिगत जानेहरूलाई दुई दिनको प्रशिक्षण दिनुहुन्थ्यो। त्यहाँ कमरेड त्रिलोचन ढकाल, केशवलाल श्रेष्ठ, किरण गुरुङ, धर्मदत्त देवकोटाले निकै राम्रो प्रशिक्षण दिनुभएको थियो। तीन/आठ नियम कण्ठ थिए। जनताको घरमा

बस्दा, बोल्दा, खाँदा, सुत्दा, दैनिक व्यवहार, सुरक्षाका उपायहरू, सङ्गठन निर्माण, बैठक सञ्चालन, प्रशिक्षण, एक ठाउँबाट अर्को ठाउँमा जाँदा ध्यान दिनुपर्ने कुराहरू, कार्ययोजना निर्माण, दायित्व सम्पन्न गरेपछि सुरुमा आफूभन्दा सिनियर र पछि सिधै हेडक्वार्टर पोखरामा पुगेर पार्टी सचिव, अञ्चल सचिवलाई रिपोर्टिङ गर्ने आदि विषयमा पूरा ज्ञान लिएर तेस्रो दिन उत्तरपश्चिम इलाका शारदा सुवेदीसँग पहिलो सेल्टरदाता (भीम सुवेदी, मित्र कुमारी गुरुङ सुवेदी) कहाँ पुगेँ। उहाँहरूलाई पहिला नै चिनेकी थिएँ।

कठिन पञ्चायतकालमा जनताका घरमा बसेर मुक्तिको राँको बाल्ने बलिदानी कार्यकर्ता उत्पादन गर्न सजिलो थिएन। आश्रयदाता र भूमिगत कार्यकर्ता दुवैले कुशलतापूर्वक पाइला नटेक्ने हो भने सबै सखाप हुने कालरात्रिका दिन थिए। परिवारका सबै सदस्य बुढाबुढी, बालबच्चालाई राजनीतिक रूपमा सचेत बनाएर मात्र सेल्टर सिफारिस हुन्थे। म आफैँ पनि अत्यन्त मिलनसार, सहयोगी, कठिन परिस्थितिमा संयम, ठोस स्थितिको ठोस मूल्याङ्कन गर्ने, निडर साहसी, विश्वासिलो थिएँ। जनताका घरमा तलामा जहाँ धनसम्पत्ति, अझ भगवान् अर्थात् देवता राख्ने ठाउँमा भूमिगत नेता–कार्यकर्ता राखेर सेवा गर्ने सेल्टरदाता पार्टीका पिलर हुन्। आफ्ना नेताहरूप्रति यति अगाध माया, विश्वास थियो कि कास्कीकोटका अनेमसङ्घका महिला कमरेडहरूले पाँच–पाँच रुपैयाँ उठाएर किनिदिएको ऊनीको पछ्यौरा कति प्रिय थियो ! कसैले देखिहाले पनि उहाँहरूको जस्तै पहिरन, भाषा, नाता– सानिमा, फुपू, मामाकी छोरी, मीत छोरी, दिदीबहिनी, सोल्टिनी, सैनी बनेर दिनभर जनसम्पर्क, रातभरि भेला, बैठक, प्रशिक्षण, सुरक्षाका पहरेदार, आवश्यक पर्दा दिसापिसाब फालेर, गाँस काटेर खाना खुवाउने सेल्टरदाताका बारेमा जति लेखे पनि कम हुन्छ। सेल्टरदाता बढी निम्न वर्गका, विश्वासिला थिए। कहिलेकाहीँ राती पुग्दा खाना त सोध्नुहुन्थ्यो, घरको अवस्था देख्दा खाएर आएको भन्थेँ। फेरि रातभरि भोकले निदाउन दिने होइन।

कैयौँ दिन त एक मुठी मकै र दुई मुठी चिउराले पनि बितेका छन्। आज ती दिन सम्झँदा र अहिले कतिपय व्यक्तिका गतिविधि देख्दा मुडअफ हुन्छ। हिजोको फलामे अनुशासन यतिसम्म थियो, कार्यकर्ता यति इमान्दार थिए, रातभरि पुरुषहरूसँग हिँड्दा पनि पूर्ण सुरक्षित महसुस हुन्थ्यो। पार्टी सदस्यको मापदण्ड यति कडा थियो कि मैले भूमिगत गएपछि मात्रै २०३९ पुस ९ गते सदस्यता पाएकी थिएँ। जनताको जीवनस्तरभन्दा पनि तल थियो हाम्रो दिनचर्या। महिनाभरि १ सय २० रुपियाँ खर्च गरिन्थ्यो। एकपटक १ सय ३९ रुपियाँ खर्च पेस गर्दा शारदा सुवेदी कमरेडले सातो खानु भयो। त्यसपछि केही समय भोकै हिँडेँ। साना दुःखले बनेको थिएन नेकपा (माले)। त्यसो त कामको परिणाम पनि उच्च थियो मेरो। २०४२ सालमा पञ्चायतलाई उपयोग

गर्ने नीति लिएपछि कास्कीबाट सोमनाथ अधिकारी 'प्यासी' दाइ रापंसमा विजयी हुनुभयो। २०४३ सालमा स्थानीय निर्वाचनमा उम्मेदवार उठाउने निर्णय भयो। मेरो क्षेत्रमा धिताल गाउँ पञ्चायतमा प्रधानपञ्च पृथ्वीनारायण कलेजको कक्षाकोठाबाटै टिकट लिएर आउनुभएको लालबहादुर पौडेल र उपप्रधानपञ्चमा प्रेम दवाडी, हेम्जामा जयप्रकाश बास्तोला, मोहन कार्की, ल्वाङमा राजेन्द्र गुरुङ, घाहाचोकमा आशबहादुर गुरुङ। सबैभन्दा बढी विजय हासिल गर्ने ७ जना प्रधानपञ्च र ३ जना उपप्रधानपञ्च मेरै क्षेत्रका थिए। त्यसबेला कमरेड जीवराज आश्रितले उच्च मूल्याङ्कन र प्रशंसासहित दिएको बधाईले थप ऊर्जा दिएको थियो। काममा केन्द्रित भएर रातदिन खटेको परिणामस्वरूप नेकपा (माले) सशक्त जनाधार भएको पार्टीका रूपमा विकास हुँदै थियो। प्रत्येक गाउँमा गाउँ पार्टी कमिटीका साथै बुद्धिजीवीको क्रान्तिकारी बुद्धिजीवी सङ्घ, महिलाहरूको अखिल नेपाल महिला सङ्घ, किसानहरूको अखिल नेपाल किसान सङ्घ, युवा लिग, अनेरास्ववियुजस्ता सङ्गठन निर्माण भएका थिए। यति धेरै माया र विश्वास थियो पार्टीप्रति। पार्टीले भनेपछि बलिदान दिन तयार। इतिहासको कालखण्डमा बिनास्वार्थ, घरपरिवार, पेसा, व्यवसाय, पढाइ, आफ्नो व्यक्तित्व विकास गर्ने सबै अवसर त्यागेर पार्टी निर्माणमा लाग्ने भूमिगत पेसेवर योद्धाहरूप्रति उच्च सम्मान छ।

२०४२ सालमा धितालको अस्ताममा १० दिन पार्टी केन्द्रीय कमिटीको बैठक मेरो सम्पूर्ण व्यवस्थापकीय जिम्मेवारीमा सम्पन्न भएको थियो। जीवराज आश्रित कमरेडले हेडक्वार्टर पोखरा बोलाएर मलाई सम्पूर्ण जिम्मेवारी दिनुभयो। बैठकको तयारीदेखि सम्पन्न गर्दा चार महिना लाग्यो। सक्रिय इलाका पार्टी कमिटी, चार तहको सुरक्षा दल, (पोखरा हेमजा धिताल र अस्ताम) खाना–खाजा व्यवस्थापन। कठै, ती कमरेडहरूले बोरा–बोरा आलु, चामल बोकेर माझभट्टीको उकालोमा खुइय सुस्केरा हाल्दै 'कहिले आऊलान् हाम्रा दिन' भनेको आवाज ठोकिन्छ घरिघरि मेरो मानसपटलमा। कार्यक्रम हलमा घण्टी झुन्ड्याएर पिँढीमा डोरी समातेर बस्ने, एक घण्टीमा आवाज सानो, दुई घण्टीमा साउती, तीन घण्टीमा चुपचाप बस्नु, चारपटक टिङटिङ गरेपछि फेरि सुरु गर्ने नियम। घण्टी समाउने फरक दिनका फरक तर एकै ठाउँका आमा र दिदीबहिनीहरू। १० दिनसम्म खाना–खाजा बनाउने टिम। १० दिनसम्मका रुटिन। अझै महत्त्वपूर्ण, सुरक्षामा खट्ने कमरेडहरूलाई प्रशिक्षण। अनुगमनमा जानेले ८ राम भन्दा आराम ८८ उत्तर आएमा हाम्रो सुरक्षामा खटिएको भनेर चिन्नुजस्ता कोड भाषा प्रयोग गरी अत्यन्तै कडा मिहिनेतका साथ त्यो बैठक सम्पन्न गरिएको थियो। यदि इमान्दार सेल्टरदाता, बलिदानी भूमिगत पेसेवर कार्यकर्ता नहुँदा हुन् त पार्टीका बैठकमा चर्का बहस, योजना

निर्माण, भेला, बैठक, प्रशिक्षण गरी पार्टी विस्तार कसरी हुन्थ्यो ? त्यही बैठकमा हो मैले झलनाथ, सीपी कमरेडहरूलाई देखेको । गज्जब लाग्थ्यो– गरिब जनताको पार्टीका नेता, ऊ बेला पनि महङ्गा पहिरन देखेर ।

**केही अविस्मरणीय घटनाहरू**

कठिन परिस्थितिमा टाउकोमा कफन बाँधेर बलिबेदीमा होमिने भूमिगत, अर्धभूमिगत कार्यकर्ताहरूको नामावली, पार्टी निर्माण, विस्तारमा अतुलनीय भूमिकामा रहनुभएका सेल्टरदाताको नामावली मैले लेख्दै गरेको अनुभवको आत्मकथा पुस्तकमा आउने छन्। सात वर्ष लामो काँडाघारी छिचोल्दै, मसानघाट, चिहानमाथि टेक्दै मध्यरातमा एक्लै नदी खोलाका तीरहरू हिँड्दा नकाँपेका पाइला सम्झेर लेख्न लाग्दा कलम काँपेको अनुभूति भइरहेको छ ।

अत्यन्तै अनुशासित, इमान्दार कार्यकर्ता भएकाले पार्टी नेताहरूको प्रशंसा नै हुन्थ्यो । तैपनि न्याय नगरेको, कामको मूल्याङ्कन नगरेको, लैङ्गिक विभेद त्यसबेला पनि थियो । पुरुषहरूलाई माथिल्ला कमिटीमा, महिलालाई आफ्नो इलाकाका सचिव मात्र बनाइन्थ्यो । स्वभावैले पद नखोज्ने र कामबाट परिणाम निकाल्ने बानी थियो । बिनाकुनै स्वार्थ समाज रूपान्तरणको महान् अभियानमा लागेका बेला पद गौण रह्यो । कुनै गुनासो नगर्ने, जिम्मेवारी मरेर पनि पूरा गर्ने बानी भएकाले आलोचना, स्पष्टीकरण दिनु परेन । तर एकपटक २०४१ सालको तिहारको बेला थियो । कमरेड केपी ओली पोखरा जेलमा हुनुहुन्छ भन्ने थाहा थियो, भेट्ने तीव्र इच्छा भयो । गोमा देवकोटा दिदीलाई भनेँ– 'हामीसँग भएको पैसाले खानेकुरा किनेर जेलमा भेट्न जाऊँ ।' दिदीले नमान्ने कुरै भएन । दुवै जना भूमिगत थियौँ । परिस्थिति अत्यन्तै असहज थियो । पुलिसले चिनेको भए दुवै जना जेल पर्ने निश्चित थियो ।

अनेक मेलोमेसो मिलाएर जेलमा पुग्यौँ । केपी कमरेडलाई एकैछिन टाढैबाट भेटेर फर्केपछि हेडक्वार्टरमा, जहाँ ठूला नेता बस्नुहुन्थ्यो र जहाँ मासिक/त्रैमासिक रिपोर्ट बुझाउनु पर्थ्यो, केपी कमरेडलाई भेटेर आएको कुरा भनेर नसक्दै कमरेड राजन यति रिसाउनुभयो, यति थर्काएर गाली गर्नुभयो कि पुलिसले पिछा गर्‍यो कि भनेर यताउता हेर्दै लिखित आत्मालोचना माग्नुभयो । हुन पनि कति मूर्ख भएछौँ– वारेन्ट थियो, बाघको खोर खोजेर आफैँ काल बेसाउन गएजस्तो । भूमिगत भएको बेला प्रिय नेता भेट्ने चाहनाले जेल जानु मेरो गम्भीर गल्ती थियो । त्यही बेला पुलिसले समाएको भए गोमा दिदी र मेरो अवस्था के हुन्थ्यो । अहिले दिनहुँ देख्न पाइन्छ कार्यक्रम र टीभीमा । आस्था, विश्वास उस्तै छ । न मैले बालकोट टेकेकी छु, न सबै कहानी सुनाउने अवसर

पाएकी छु । मलाई विश्वास छ, उहाँले चिन्नुहुन्छ । किनकि उहाँसँग अद्भुत स्मरणशक्ति छ । पहिलो र अन्तिमपटक मैले पार्टी जीवनमा दुई पानाको लिखित आत्मालोचना बुझाएको त्यही बेला हो ।

राती ८ बजे अस्ताम जाने क्रममा झिझिर्काको वनमा बाघ मैतिर तेर्सियो । अब आज अन्तिम हुने भयो भनेर थर्र ज्यान काँप्यो, सम्झेँ– सहज, सरल बाटो त रोजेकै होइन, मर्नु त छँदैछ– प्रतिक्रियावादीको हातबाट मरे पनि, जङ्गली जनावरबाट मरे पनि । सानैदेखि घाँस–दाउरा गर्न वनपाखा गरेकीले रुखमा चढ्ने सीप थियो, मन दह्रो पार्दै नजिकैको उत्तिसको रुखमा चढेर बसेँ, रात छिप्पिँदै थियो । करिब एक घण्टापछि झरेर गन्तव्यतिर लागेँ ।

दिनभरि भदौरे झरी लागेको थियो । त्यो रात रिभान गाउँ पार्टी कमिटीको बैठकको पूर्वयोजना थियो– नगई नहुने, न अहिलेजस्तो टेलिफोन थियो, न कुनै बहानामा ढिलासुस्ती गर्ने बानी । जसरी पनि तोकिएका कार्यक्षेत्रमा जानै पर्थ्यो । धिताल नुवागाउँबाट झम्के साँझमा झरेँ, पानी सिमसिम परेकै थियो । सधैँ सहजै तर्ने मर्दिखोला सम्मै थियो । २०४२ भदौ १३ गते, जुन दिन दोस्रोपटक मैले जीवनको आश मारेकी थिएँ । पहिलाभन्दा पानी माथिमाथि आएझैँ लाग्यो । मसँग भएको एभरेडी लाइट बालेँ, मधुरो उज्यालोमा धमिलो मर्दी अनुमान गर्न कठिन भयो । जसै पनि जानु थियो । झोला घाँटीमा भिरेर पसेँ । लेउ लागेका चिप्ला ढुङ्गा । बढेको खोला । रातको समय । के चिनोस मुक्तिकामी योद्धा ? उसले आफ्नो धर्म किन छोड्थ्यो, बगाइहाल्यो । यही अन्तिम रहेछ, म मरेको खबर पार्टीलाई कसले पुऱ्याउला, मेरो जिम्मेवारी कसले लेला ? चिन्ता मर्नुभन्दा नि पार्टीकै । खोलासँगै निकै तलसम्म बगेँ । तल पुगेपछि एउटा मुढो भेटियो । छेउमै ठूलो ढुङ्गा रहेछ । अन्तिमसम्म बाँच्न मानिसले कति सङ्घर्ष गर्नुपर्ने रहेछ, सकेसम्म हिम्मत नहारी बाँचेँ । चप्पल र टर्च बगाएछ । ओभानो हुने कुरै भएन । घिस्रेर पारि पुगेपछि सबै लुगा निचोरेर लगाएँ । कागजपत्र, पुस्तक सबै भिजे । चप्पलबिनाको रातीको बाटो, पैतालामा बिझेका काँडा निकै लामो समय खिल थिए । भिजेको थकित शरीर । तैपनि किञ्चित कमजोर बनेकी थिइनँ । रिभान पुगी कमरेड सीता गिरीको लुङ्गी, टिसर्ट लगाएँ । आगो तापेर शरीर तातेपछि कहानी सुनाउँदै बैठक सञ्चालन गरेँ ।

२०४३ सालको स्थानीय निर्वाचनपछि पञ्चहरूको निगरानी, दमन, धरपकड, गिरफ्तारी, यातना चरमचुलीमा पुगेको थियो । पक्राउ परेकालाई दिएको चरम यातना । कुटाइले लगाएको सटबाहिरबाटै रगत बगेको छोराको यातना देखेका पुरञ्चौरका काफ्ले परिवारका अभिभावकले हामीमाथि गरेको दुर्व्यवहार पनि कम थिएन । घटना

बुझौँ, सान्त्वना दिऊँ, पीडामा अभिभावक भेटौँ भनेर जाँदा सीता गिरी र मलाई काफ्ले परिवार खनिएर 'यिनै राँडीहरूले राजनीति सिकाएर आज छोराले यो यातना पायो, यिनलाई पनि त्यसरी नै कुटेर पुलिसकहाँ बुझाउनुपर्छ' भन्दै कपालका रौ रौ उखेले, कुचाको डाँठ, ढिकी कुट्दा प्रयोग हुने लुडीको लठ्ठी र दाउराले ढाड, तिघ्रामा सोंठ्याँए। निकै बेरको हल्लापछि शिक्षक दीपक आउनुभयो। 'बिन्ती, उहाँहरूलाई छोड्दिनू, बरु मलाई जे गर्नुपर्छ भोलि गर्नु होला' भनेर हामीलाई बचाएर घरमा लानुभयो। बिहान हेर्दा शरीरमा नीलडाम थिए। अहिले पनि ज्वरो आउँदा कपालका जराजरा दुख्छन्।

२०४१ को फागुनको अन्तिमतिर कास्की दक्षिणपश्चिम इलाका नं. ६ भरतपोखरी, निर्मलपोखरी, कृस्ती र पुम्दीभुम्दी चार वटा गाउँ पञ्चायतको इलाका कमिटीको बैठक खाल्सेमा लीलाधर पौडेल (हाल कास्की जिल्ला समन्यय समितिका प्रमुख) को घरमा थियो। पुम्दी यदु कमरेडको घरबाट करिब ६ बजे निस्केर फुस्रे खोलाको किनारै किनारा हिँडिरहेकी थिएँ। बायाँ पुम्दीको डाँडो, दायाँ कृस्तीको हरियाली, आफ्नै गतिमा बगेको फुस्रेखोला किनारमा लहलह गहुँ, उवा, जौ, तोरी, खान तयार भएका केराउ झुलेका थिए। जनताको बाली नबिगार्नु, नसोधी, नदिएसम्म हात हालेर केही नखानु, तीन आठका नियम पार्टीका निर्देशन मन्त्रजस्तै थिए। भोकले शरीर गलेकै अनुभव हुन्थ्यो, फुस्रेखोलाको हिउँदको सङ्लो पानी चार अञ्जुली पिएर लामो सुस्केरा तान्दै आकाशतिर हेरेँ। बिहानैदेखि मन अलि गहुँङ्गो भएको थियो। 'नथाकौँ साथी कुनै साँझमा आउनेछ त्यो दिन हाम्रो माझमा' सम्झेँ। केही साना चराचुरुङ्गी र पुतली सन्ध्याको आगमनसँगै अत्यन्तै सुनसान खोलाको तिरैतिर हिँड्दै थिए।

एक्कासि माथिबाट ठूलो आवाज आयो। 'चोर चोर ! आज बल्ल भेटियो, छोड्न हुँदैन' भन्दै १०/१२ जना चिच्याउँदै झरे। भूमिगत महिला, मैमाथि केन्द्रित होला, सहजै अनुमान गरेँ। आखिर जे परे पनि सामना नगरी सुख थिएन। कत्ति विचलित भइनँ। बाघ कराएको बाख्रो हराएको भनेझैँ भएछ। अघिल्लो दिन त्यही समयमा केराउ चोरी भएको रहेछ, आज पनि त्यही बाटो चोर आउँछ, समातेर कारबाही गर्ने भनेर तयारी अवस्थामा रहेछन्। सानो गाउँमा चोर पक्रियो भनेर ठूलो हल्ला भएपछि कमरेड लीलाधर पौडेल झर्नुभयो। आफ्नो नेता, बैठक चलाउन आउनु भएको, नीलोकालो अनुहार बनाउनु भयो। पञ्च मण्डलेको भीडले एउटी अञ्जान महिलालाई तथानाम गाली गर्दै हिजो कति चोरिस्, आज तेरो लास पार्छौं भन्दै भौतिक आक्रमण गर्ने तयारी गर्दा लीलाधर कमरेड कठै ! पिलपिल गर्दै मसिनो स्वरमा 'केराउ चोर्ने महिलाजस्तो त लाग्दैन' भन्दै हुनुहुन्थ्यो। मानिस थुप्रिँदै थिए। 'यही हो केराउ चोर, आज छोड्न हुँदैन। पुलिसकोमा बुझाउनुपर्छ' भन्दै भौतिक आक्रमण गर्नै लाग्दा म भने धैर्यतापूर्वक प्रतिउत्तर गर्दै थिएँ,

म अत्यन्तै फलामे अनुशासन भएको जनताको कुनै चिज नदिएसम्म नखाने, नलिने स्वभावगत रूपमा पनि आफ्नो मर्यादामा कठोर थिएँ। केराउ टिप्न त के हेरेको पनि थिइनँ। त्यो बेला प्रायः मसँगै दैनिक प्रयोगका सामानसाथै पार्टी विधान, मार्क्स, लेनिनका पुस्तक या राम्रा क्रान्तिकारी उपन्यास, कार्ययोजना डायरी, पत्रिकामा राम्रोसँग बेरेको सानो खुकुरी, कुशलतापूर्वक मिलाएको झोला बोकेर हिँड्थेँ। भीडले घेरिसक्यो, म सानिमाको घर जान आएको, स्याङ्जा खानेपानीमा काम गर्छु भन्दै थिएँ, झोला तान भन्न लागे। म देखाउँछु भनेर कुशलतापूर्वक सबै मिलाएर राखेका सामान देखाएँ। केराउ चोर्न आएकी हो भनेर तथानाम गाली गर्दै पिट्नै आए। मृत्युको तरबार सधैँ टाउको माथि नै घुमिरहने कठिन यात्रा कति बेला ज्यान जान्छ या पुलिसकोमा पुग्नुपर्छ, ठेगान थिएन। मर्नै परेपछि किन डराउने भनेर पाखुरा सुर्किंदै 'यतिका लोग्नेमान्छे, म एउटी महिलामाथि खनिन तपाईंहरूको इज्जत जान्छ। मैले कुनै गल्ती र अपराध गरेकी छैन। सिङ्गल–सिङ्गल फाइट गरौँ, एक–एक जना इज्जतका साथ आउनूस्' भनेँ। हदै भए मलाई मार्ने हो, तयार छु भनेर झोला पछाडि भिरेर अलिकति अगाडि सरेँ। 'म पनि एकएक ढाल्दिन्छु' भनेर चर्कै बोलेँ। भीडमा अलि पाको पञ्च पनि रहेछन्, भन्न थाले– 'कति खतरा आईमाई हो। नचिनेको ठाउँमा सिङ्गल फाइट भन्छे, पढेलेखेजस्ती छ, गल्ती भए डराउँथी, जिराही रहिछे, हाम्रो बदनाम हुन्छ, छोडिदेऊ।' रातमै सेल्टर परिवर्तन गरी प्यामलाल बरालकोमा पुगेँ। चुप लागेर बसेको भए मलाई थिलोथिलो पारेर मेरो डायरी जफत गर्थे। सबैका टेकनाम भए पनि कार्ययोजनासहित पुलिसको चरम यातना सहेर बहुदल नआउँदासम्म जेल हुन्थेँ म। कति चुनौतीपूर्ण थिए ती दिन, सम्झँदा आज पनि आङै सिरिङ्ग हुन्छ। यो घटनाको प्रत्यक्षदर्शी त्यो बेलाका कमरेड भूषण (लीलाधर पौडेल) अहिले पनि मलाई देख्नासाथ 'साहस भएको नेता' भन्नुहुन्छ।

यी त केही नमुना घटना हुन्। भूमिगत गएको भोलिपल्ट दिउँसो कमरेड भीम सुवेदीको घरमा भएको 'डाक्टर नभएमा' भन्ने पुस्तक पढ्दा सयौँ रोगहरूका बारेमा लेखिएको पुस्तकमा कुनै रोग लाग्ने लक्षण मेरो शरीरमा देखिएको थिएन। २०४६ सालको अन्तिममा निस्कने बेला हाइप्रेसर, कुपोषणबाट लाग्ने रोग, ग्यास्ट्रिक, अल्सर, युरिनसम्बन्धी समस्या, घामको मुख नदेखेकाले पूरा शरीर सुन्निने जस्ता रोगको सिकार बन्नुपर्दा बाँकी जिन्दगी पीडादायक नै थियो।

अझै दुःख त सन्तानसमेत 'अपाङ्गता' भएको बनाउनु परेको, कहिल्यै नपुरिने घाउ पूर्वमालेको चिनो मुटुको खिल बनेको छ। पार्टीकै आयोजनामा जीवराज आश्रित, त्रिलोचन ढकाल, किरण गुरुङ, गोमा देवकोटा लगायत नेताहरूले २०४५ भदौ १० गते मोदनाथ रेग्मीको घरमा राती १ बजे विवाह आयोजना गर्नुभएको थियो। केही समयपश्चात्

मेरो पेटमा बच्चा छ, बिदा पाउँभन्दा त्रिलोचन ढकाल (राजन) ले कार्यकर्ताको अभाव छ, जनताको घरमा व्यवस्था गरौँला, तपाईंको ठाउँमा जिम्मेवारी लिने मान्छे छैन भनेर बिदा दिनुभएन। न खोप, न खाना, न आराम, न घामका किरण, जीर्ण शरीर, बाबु सुस्त मनस्थिति र बौद्धिक अपाङ्गता भएको जन्मियो। कति पीडा हुन्छ– शब्दमा लेख्नै सक्दिनँ। करिब ९ महिनापछि डा. विश्वबन्धु शर्माले बच्चा पेटमा हुँदा कहाँ हुनुहुन्थ्यो ? के काम गर्नु हुन्थ्यो ? यो बच्चाले घामको किरणसम्म पाएको छैन, बच्चा सुस्त छ भनेको क्षण सबैभन्दा दुःखद दिन थियो। पीडाले त्यहीँ ढलेकी थिएँ। श्रीमान् जनपक्षीय प्रधान हुनुहुन्थ्यो। २०४६ फागुन ७ गतेबाट आन्दोलन सुरु थियो। माघ २० गते बाबुलाई अस्पतालमा राखेका बेला राती घेराबन्दीमै उहाँलाई गिरफ्तार गऱ्यो। मलाई बाबुको हालत देखेपछि छोडेको थियो। पोखरा जेलमा नारा लगायो भनेर कमरेड लालबहादुर, पुण्य पौडेल लगायत नेताहरूलाई लमजुङ पुऱ्याइएको थियो।

**निष्कर्ष**

भव्य महल निर्माणमा जगको महत्त्वपूर्ण भूमिका हुन्छ। तर सबैका नजर टल्केका टायल, मार्बल, ग्रेनाइट, सजावटतिर लाग्छन्। परिवर्तित परिस्थितिमा स्वाभाविक पनि हो। इतिहासको कालखण्डमा शोषित पीडित आमजनताको पक्षमा निरङ्कुश पञ्चायतको अन्त्य गरी शोषणरहित, विभेदरहित समाज निर्माण गर्न जुन जिम्मेवारी बहन गरेँ, नेपाल आमाको कर्मठ छोरीको हैसियतले गर्व गर्छु। अहिलेको पिँढीले कल्पनासम्म गर्न नसक्ने, धेरैका लागि दन्त्यकथा, समकालीन नेता तथा भूमिगत पेसेवर कार्यकर्ताका लागि पनि ती दिनका अनुभव र अनुभूतिहरू अबका दिनमा 'न भूतो न भविष्यति'का अनमोल अविस्मरणीय, अमूल्य सम्पत्ति हुन्।

आजका दिनसम्म पार्टीले लिपिबद्ध रूपमा भूमिगत पेसेवर कार्यकर्ताहरूको सूची तयार गरेर राख्न नसक्नु कमजोर पक्ष हो। बरु राज्यले बहुदल आउने बित्तिकै निकालेको राजनीतिक पीडितहरूको नामावली रातो किताबमा मेरो नाम ३५५ नम्बरमा रहेको थियो। अब अहिले शिक्षकका भेलामा नेताले म पनि शिक्षक थिएँ भन्न नबिर्सेझैँ भूमिगत नेताको मुखसम्म नदेखेका, २०६२/०६३ पछि झल्याकझुलुक सभा/समारोहमा देखिएका बढे नेता हुने अवसर पाएका नेताज्यूहरूले म पनि भूमिगत थिएँ भनेको सुन्दा, बाटोमा दुर्घटनामा ज्यान गुमाएकालाई सहिद भनेझैँ लाग्छ। अपाङ्गता भएको छोराका साथ जीवन निर्वाहका लागि, प्रधानाध्यापकको भूमिकामा शिक्षण पेसामा रहे पनि आफ्नो जीवन, जवानी, व्यक्तित्व विकास गर्ने उर्वर उमेर सकेको, पटक–पटक मरेर

बाँचेको, नाफाको जीन्दगी, आशाभरोसा र विश्वासको धरोहर प्यारो पाटीको निर्देशन र जस्तोसुकै जिम्मेवारी बहन गर्न तम्तयार छु।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, नेपाल शिक्षक महासङ्घ, अपाङ्ग महासङ्घ, अनुशासन आयोग, अखिल नेपाल महिला सङ्घ, नेपाल बुद्धिजीवी परिषद्, पेसागत महासङ्घ राष्ट्रिय अपाङ्गता सङ्गठन नेपालजस्ता जनवर्गीय सङ्गठनको केन्द्रीय कमिटीका रहेर जिम्मेवारी पूरा गरेको अनुभव छ। पार्टी कास्की जिल्ला कमिटी सचिवालय, गण्डकी अञ्चल कमिटी सदस्य, गण्डकी प्रदेश पार्टी संस्थापक सचिवालय सदस्य, दशौँ महाधिवेशन प्रतिनिधिको जिम्मेवारी पूरा गरे पनि अहिले पार्टीको खास जिम्मेवारीबाट बाहिर छु।

बुर्जुवा शिक्षाको सर्टिफिकेट च्यातेर हिँडेका बेला विश्वकल्याण पराजुलीको घरमा कमरेड खगराज अधिकारी दाइले एसएलसीको एउटा पेपर देऊ, तिमीलाई पछि काम लाग्न सक्छ भनेर धैरै सम्झाएपछि दिएको परीक्षाको रिजल्ट चार महिनापछि घान्द्रुक बुद्धिमान गुरुङको घरमा भएको गोरखापत्रमा पास लिस्टमा देखेर पनि कुनै उत्सुकता थिएन। देशमा बहुदल आयो, सेतीमा धैरै पानी बग्यो, बुद्धिजीवी परिषद्को कार्यक्रममा जनताको बहुदलीय जनवाद र बुद्धिजीवीको भूमिका विषयमा आफ्नो विचार पस्केर तल झर्दै गर्दा कति पढेकी रहिछन्, निकै राम्रो प्रस्तुति लाग्यो भनेको सुनेपछि सर्टिफिकेटले मात्र भए पनि बुर्जुवा शिक्षाको क्षतिपूर्ति गर्ने क्रममा एमएड, एलएलबी उत्तीर्ण गरी कथाले माग्यो भने सबै मार्ग खुला गरेकी छु।

हिजोको स्कुलिङ फलामे अनुशासन, अदम्य साहस, चुनौती सामना गर्ने क्षमता, नेतृत्व सीप मलाई विभिन्न क्षेत्रमा काम गर्दा, रिता, नमुना, दीपा, विमला र बहुदलपछि लोचना भनेर चिन्नुहुने, सेल्टरदाताका माया, नेता, कार्यकर्ता, समर्थक, शुभचिन्तक लामो पङ्क्ति मेरो अमूल्य सम्पत्ति हुन्। हाम्रा अनुभूति आजको पुस्ताले चाहेको पद नपाउँदा चौबाटोमा बसेर पार्टी नेतालाई तथानाम गाली गर्नेमात्र होइन, पार्टीका उम्मेदवारलाई हराउन कल्पनै गर्न नसकिने हर्कत गर्नेहरूले राम्रोसँग पढ्दा हुन्छ। आजको विरासतमा हाम्रो पुस्ताको त्याग, समर्पण, बलिदानको मूल्य कति छ, नेता स्वयं पनि सच्चिनु आवश्यक छ।

पार्टी बलियो भएमात्र हामी बलियो हुन्छौँ। नेता बलियो, पार्टी कमजोर हुनै सक्दैन। अझै पनि नेपाली जनताको ठूलो हिस्सा नेकपा (एमाले)को साथमा छ। चौतर्फी घेराबन्दी गरेका बेला 'समृद्ध नेपाल : सुखी नेपाली'को परिकल्पना साकार पार्न सिङ्गो पार्टी पङ्क्ति जुरुक्क उठ्न आवश्यक छ। ●

# मेरा स्मृतिका केही सेल्टर



विद्यादेवी भण्डारी
पूर्व राष्ट्रपति, तत्कालीन पार्टी उपाध्यक्ष

वि.सं.२०३५ तिर म भर्खर १८ वर्ष लागेको विद्यार्थी थिएँ। विद्यार्थी जीवनको एउटा साधारण सपना हुन्छ– पढ्ने र आफ्नो भविष्य उज्यालो बनाउने। तर मेरो जीवनले मलाई त्यसभन्दा अलि पर विद्यार्थी राजनीतितर्फ डोऱ्याएको थियो। अर्थात्, देशको सामाजिक–आर्थिक जीवन र राजनीतिक प्रणालीमा परिवर्तन ल्याउन म अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मा सङ्गठित भएकी थिएँ। त्यस बेलाको निरङ्कुश र निर्दलीय राज्य व्यवस्थामा कम्युनिस्ट सिद्धान्त प्रेरित प्रगतिशील–क्रान्तिकारी विचार बोक्ने विद्यार्थी सङ्गठनमा आबद्ध हुनु कठिन यात्राका लागि तयार रहनु थियो। यस्तो जोखिम मोल्न सचेतनतापूर्वक नै म अग्रसर बनेकी थिएँ।

म सम्पर्कमा रहेको अहिलेको एमाले अर्थात् तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) लाई सामन्ती शासन व्यवस्थाले प्रतिबन्ध लगाएको हुँदा त्यस पार्टीले भूमिगत रूपमै राजनीतिक गतिविधि गरिरहेको थियो। निरङ्कुश व्यवस्थाविरोधी आन्दोलनमा जनतालाई सङ्गठित गर्ने आधारभूमि तयार गर्न पार्टीसँग वैचारिक आस्था राख्ने अनेरास्ववियुले भूमिका खेल्नु पर्थ्यो। जीवन जोखिममा राखेर भूमिगत काम गर्ने नेताहरूलाई सुरक्षित तवरमा सेल्टरमा गएर भेट्नु पर्थ्यो र सङ्गठनका योजना र रणनीति बनाउनु पर्थ्यो।

विद्यार्थी राजनीतिमा लाग्दा जब कम्युनिस्ट आन्दोलनका बारेमा थाहा भयो, तब सङ्गठनका नेता–कार्यकर्तालाई जोगाउन लुकीछिपी सम्पर्क गर्नुपर्ने बाध्यता बुझ्न थालियो। पार्टीका आवश्यक सन्देशहरू जनसमक्ष लैजान हामीलाई कहिलेकाहीँ भूमिगत नेताहरू बस्नुभएका कुनै सुरक्षित आश्रयस्थलमा बोलाइन्थ्यो। त्यसै क्रममा मैले सेल्टरको अर्थ, उपादेयता र महत्त्व बुझेँ। पछि आफैँ सेल्टर प्रयोग गर्नुपर्ने अवस्थामा पुगेँ।

विद्यार्थी राजनीतिमा संलग्न हुँदाका बखत सेल्टरमा बसेका मेरा पनि केही स्मरण र अनुभव छन्। पार्टी र सङ्गठनका शुभचिन्तकका घर, गोठ, टहरामा भूमिगत नेताहरू आउने, कार्यकर्तालाई प्रशिक्षण दिने र कहिलेकाहीँ विवाह आदि समारोहहरू गर्ने चलन थियो। विद्यार्थी जीवनका कैयौँ दिन मैले त्यस्ता सेल्टरमा बिताएकी छु। आफ्नो विगततिर फर्किंदा आन्दोलनलाई उठाउन महत्त्वपूर्ण भूमिका खेलेका ती सेल्टरहरूको मलाई सम्झना हुने गर्दछ। अनि क्रान्तिकारीहरूलाई आश्रय दिएबापत आफूमाथि हुन सक्ने प्रशासनिक दमनलाई समेत थेग्ने संकल्प गरेका सेल्टरदाताको पवित्र योगदानको याद आउँछ।

पढाइ सकेपछि पार्टी जीवनमा म पूर्णकालीनजस्तै गरी सक्रिय रहेँ, त्यो भूमिगत जीवन भने होइन। म आफ्नो परिचयका साथ नै घुमफिर गर्थें। एक ठाउँबाट अर्को ठाउँमा जाँदा वा भूमिगत नेताहरूसँग भेट्दा पत्रमार्फत यकिन भएपछि मात्रै भेट हुन्थ्यो। खुला भनिए पनि शैली भूमिगत नै थियो। त्यसैले मैले बेलाबेला सेल्टर प्रयोग गर्नुपर्ने अवस्था उत्पन्न भएको थियो।

पार्टीले भोजपुरमा महिला केन्द्रित प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो। जिल्लाको दिल्पा चोलन्ती गाउँमा १०/१५ जना अगुवा महिलालाई बोलाइएको थियो। मैले पछि थाहा पाएँ, त्यो रङ्गध्वज राईको घर रहेछ। घरपछाडि गाई गोठजस्तो थियो। भेला भएकाहरूलाई त्यहीँभित्रबाट चर्पी जान पनि मिल्ने गरी संरचना बनाइएको थियो। मान्छेको जमघट भएको बाहिरबाट कसैले चाल नपाऊन् भनेर त्यस्तो बनाइएको थियो। सहभागीहरू जम्मा भएको केही बेरपछि प्रशिक्षण दिन मदन भण्डारी र अशोक राई आउनु भयो। उहाँहरूको वास्तविक नाम हामीलाई त्यसबेला थाहा हुने कुरै भएन। मदनको नाम सागर थियो, अशोकको पनि अर्कै नाम थियो। हामी दुई दिन त्यस सेल्टरमा बस्यौँ। खाना, खाजा र पानीको प्रबन्ध त्यहीँभित्र हुन्थ्यो। दुईदिने प्रशिक्षण सकेर हामी सबै आ–आफ्नो गन्तव्यतर्फ लाग्यौँ। मेरो पहिलो सेल्टर जीवनको अनुभव यही थियो।

मध्यम खालका पहाडी थुम्के पाखामा फिँजारिएका पातला मानव बस्ती, दिनभरि खेतबारीमा परिश्रम गरेर रातभरि निदाएका थिए। हामी भने रातभरि जागै थियौँ। निद्रा नत्यागी जागरणको वीजारोपण सम्भव थिएन भन्ने प्रतीकात्मक अर्थमा पनि यसलाई लिन सकिन्छ, हाम्रो प्रशिक्षण रातभरि नै भयो। यस्ता सेल्टरहरूमा प्रशासनको नजरबाट बच्ने उच्च सतर्कता आवश्यक पर्छ। सत्ताले कतिबेला दमनको मौका पाउँछ भन्ने भय त हामीमा सधैँ रहन्थ्यो, त्यहाँ भने एकरत्ति डर महसुस भएन। प्रशासनका सीआईडी

र प्रहरी आउँछन् भनेर बाहिर अलि परपरसम्म स्थानीय साथीहरूलाई ड्युटी राखिएको थियो ।

त्यसो त हामीमा जस्तोसुकै जोखिम आए पनि सामना गर्न सकिन्छ भन्ने साहस थियो । बाहिरबाट हेर्दा त्यसमा दुस्साहस पनि देखिन सक्थ्यो । तर भयभन्दा साहसको मात्रा बढी भएकाले पनि होला– हामीमा चुनौतीको जङ्गार छिचोल्ने हिम्मत आएको । त्यस दिन सेल्टरबाट हिँड्ने बेलामा म र अशोकबीच छुट्टै भेट पनि भयो । महिलाहरूलाई कसरी सङ्गठित गर्ने भन्ने विषयमा समेत कुरा भए ।

**उकाली–ओरालीका दुःख**

तल खोलामा पुगेर उकालो लाग्ने बेलामा हेर्छु– मसँगै हिँड्नु भएको साथी अगाडि कहाँ हो कहाँ ! अग्लो मानिस र लामो फड्को भएकाले हुन सक्छ, उहाँलाई भेट्न म सक्दिनथेँ ! उहाँ अगाडि गएर चौतारामा थकाइ मार्नुहुन्थ्यो, अनि म पुग्नासाथ हिँड्नुहुन्थ्यो । थकाइ मार्ने ठाउँमा आक्कलझुक्कल भेट हुनुबाहेक सँगै हिँडेको भन्ने अनुभूति नै भएन । गर्मी याम, चर्को घाम, टाढा खेतबारीमा काम गरिरहेका किसान बाहेक बाटोमा कसैसँग खासै भेट भएन । उहाँको छिटो हिँडाइका कारणले आफूले एकछिन थकाइ मार्न पनि नपाउँदा मनमा एउटा जबर्जस्त भाव पलाउँथ्यो– यी कम्युनिस्टहरू यसरी काम गर्छन्, म त सक्दिनँ कि क्या हो ! थकाइले उत्पन्न यस्तो भाव एकछिन आउँथ्यो, विश्रामपछि आफैँ हराउँथ्यो । एउटा पहाड चढ्यो, फेरि खोलामा ओर्लियो, फेरि अर्को पहाड चढ्यो, फेरि ओर्लियो । उज्यालो छउन्जेल हामी लामो दूरीको अनुपातमै हिँड्यौँ । हिँड्यौँ पनि के भन्नु ! दौड्यौँ ।

साँझ पर्दै जान थालेपछि मेलापात गएका किसानहरू घर फर्कंदै गरेका भेटिन थाले । बाहिर रहेका परिवारका सदस्यहरूलाई टाढासम्म सुनिने गरी ठूलो स्वरले बोलाएको एकोहोरो आवाज सुनिन्थ्यो । पहाडका भित्तामा टाँसिएका पातला गाउँमा कतैकतै धिपधिपे उज्यालो देखिन्थ्यो । वातावरणको सन्नाटालाई गाउँतिर कुकुर भुकेको भ्वाउँ भ्वाउँ आवाजले ढाकेको हुन्थ्यो । एवंरीतले खोला र पहाड काटेर राती हामी सेल्टरमा पुग्यौँ । त्यो सेल्टर हिमालधन राईको घर रहेछ ।

दिनभर हिँडाइको थकानले लखतरान भएको शरीरमा त्यहाँको वातावरणले मानसिक ऊर्जा भऱ्यो । बाँसको कप्टेरोमा मट्टितेलमा चोपेको कपास बेरेर बनाएको राँको बालेर २०/२२ जना मानिस जम्मा हुनुभयो । उहाँहरू स्थानीय किसान, शिक्षक र महिला हुनुहुन्थ्यो । नयाँ मान्छे पुगेपछि उहाँहरूको ध्यान पूरै हामीतिर खिचियो ।

भोजपुरको यस सेल्टरमा भेला भएका सबैलाई खानाको प्रबन्ध परिवारकै सदस्यहरूले नै मिलाएको बुझेँ। त्यो लेकको अलिक ओसिलो र एकलासको ठाउँ हो। बाहिरका मान्छेहरू हत्पती त्यहाँ पुग्दैनथे। त्यसैले त्यो सुरक्षित सेल्टर भयो, कुनै डर भएन। एकदिन र पूरै एक रातको कार्यक्रम सकेर हामी आ–आफ्नो कार्यक्षेत्रतिर लाग्यौँ। मेरो दोस्रो सेल्टर यही थियो।

## प्रशिक्षकको भूमिकामा

भोजपुरको दक्षिणी क्षेत्रमा हतुवा, घोडेटार भन्ने ठाउँ छ। त्यस ठाउँमा मैले एक पटक प्रशिक्षक बनेर जानु पऱ्यो। उमेरले केटाकेटी नै भए पनि पढेलेखेको महिला भनेर मलाई प्रशिक्षक बनाइएको रहेछ। यो वि.सं. २०३७ अन्तिमतिरको कुरा हुनुपर्छ। बेलुका खाना खाएपछि महिलाहरूको भेला भयो। आफू जन्मेको जिल्ला भए पनि त्यो अनकन्टार गाउँमा म पहिलो पटक पुगेकी थिएँ।

खाना खाएपछि सानोसानो दियालोजस्तो राँको बाल्दै महिलाहरू जम्मा हुनुभयो। हामीले एक–आपसमा परिचयबाट कार्यक्रम सुरु गऱ्यौँ। तर लाज र सङ्कोचले महिलाहरू कसैले पनि आफ्नो नाम भन्न मान्नुभएन। १०/१२ जना ग्रामीण महिलाहरू हुनुहुन्थ्यो। म क्याम्पसको विद्यार्थी भएर त्यहाँ गएकी थिएँ। नाम सोद्धा पछाडि फर्किएर एकआपसमा हाँस्ने गर्नुहुन्थ्यो। अर्कोलाई सोध्यो, ऊ पनि उस्तै। एकले अर्काको मुख हेरेर हाँस्ने। एक जना पुरुष कमरेडले क्रान्ति गर्ने, सुखका दिन ल्याउने भन्ने अनि आफ्नो नाम भन्न पनि लाज मान्ने भनेर सम्झाउनु भयो। तैपनि, कसैले ठूली, कसैले माइँली, कसैले साइँली र कसैले कान्छी भनेर आ–आफ्नो परिचय दिनुभयो। ग्रामीण महिलाहरूमा यसरी बोल्दा सङ्कोच मान्ने समस्या त्यसबेलाको मात्र होइन। पछि म अखिल नेपाल महिला संघ (अनेमसङ्ग) को अध्यक्ष हुँदा पार्टीको केन्द्रीय कार्यालय, काठमाडौँ बल्खुमा भएको महिला भेलामा पनि ग्रामीण क्षेत्रबाट सहभागी कतिपय महिला साथीहरूले उस्तैउस्तै स्वभाव देखाउनु भएको थियो। आज महिला धेरै क्षेत्रमा अगाडि बढ्नु भएको छ। तर परम्पराले सिर्जना गरेको लघुताभाषले अझै पनि ग्रामीण क्षेत्रका महिलाहरूमा सङ्कोचको त्यो प्रवृत्ति हराएको छैन।

## भोजपुर जाँदाको पहिलो बास

वि.सं. २०३८ देखि म विराटनगरमा बढी बस्न थालिसकेकी थिएँ। मदनसँग मेरो बिहेको कुरा चलिसकेको थियो तर हामी पूर्ण निष्कर्षमा पुगिनसकेको जस्तो लाग्छ। मलाई भोजपुर जानुपर्ने थियो। मैले पार्टीमा कुरा राखेर भोजपुर जान बिदा लिएँ। तर पार्टीले मदनलाई पनि मसँगै जाने व्यवस्था मिलायो। सायद मदनको पनि

त्यही रूटमा पार्टी काम थियो। हामी विराटनगरबाट कोशी किनारैकिनार धनकुटाको फेदी हुँदै भोजपुर हिँड्यौँ। कोशी किनारको सानो घरमा हामी बास बस्न पुग्यौँ। चित्र निरौला पनि त्यहीँ हुनुहुँदो रहेछ। उहाँले मदन र मलाई भित्र बोलाउनु भयो। धनकुटाको त्यस सेल्टरमा मदनसँग चित्रजीले भेट्ने कुरा पहिल्यै तय भएको हुनुपर्छ। हामी त्यहाँ पुग्यौँ। धिपधिपे बत्ती बलिरहेको थियो। पहिले हामीले खाना खायौँ। त्यसपछि उहाँहरू कुराकानी गर्न थाल्नु भयो। उहाँहरू सिनियर हुनुहुन्थ्यो। त्यसैले म त्यहाँ बस्ने कुरा भएन, बाहिर निस्किएँ। बाहिर कोशी एकदमै सुसाएको थियो। गुन्द्री ओच्छयाइएको एउटा टाँडजस्तो खटिया थियो। म त्यही टाँडमा बसेर बगेको खोला हेरिरहेकी थिएँ। उहाँहरू दुई जना भित्रै अँगेनाको छेउमा बसेर बैठक गरिरहनुभएको थियो। घरबेटी खाना खाएर माथि सुत्न गइसकेका थिए। मलाई भित्र सुत्न बोलाउनुहुन्छ भन्ने लागेको थियो। तर किन हो, मलाई बोलाउनु भएन। गर्मी महिना, विशाल नदी सुसाएको, शीतल हावा चलिरहेको म त्यसै बाँसको टाँडमा बस्दाबस्दै निदाएँछु। बिहानको झिसमिसेमा दुई जना मेरो छेउमा आउनु भयो, म झल्यास्स भएँ। ब्युँझदा त त्यही टाँडमा सुतिरहेकी रहेछु। खोला सुसाइरहेकै थियो। उहाँहरूको मिटिङ त्यतिबेला मात्रै सकिएको हो कि ? चित्रले हामीलाई बिदा गर्नु भयो। त्यसपछि झोला बोकेर हामी त्यहाँबाट हिँड्यौँ। मलाई त्यो अनुभव बडो विचित्रको लाग्छ। सेल्टरमा बस्दा मैले सबैबाट आत्मीय व्यवहार नै पाएँ। गाउँमा बस्ने मान्छेको व्यवहार यसै पनि फरासिलो हुन्छ। कतिपय परिवार कमजोर भएकाले आफू समस्यामा रहेर पनि पार्टीलाई सहयोग गर्थे। आफ्ना समस्याबारे खुलेर कुरा गर्न खोज्दैनथे। धेरैबेर बसेर कुरा गरेपछि बल्ल उनीहरूका निजी समस्या थाहा पाइन्थ्यो। पार्टी र आन्दोलनको विषयले प्राथमिकता पाउँथ्यो।

**भोजपुर जाँदाको दोस्रो बास**

दिनभरि हिँडेर कोशी किनारको एक जना शुभेच्छुकको धनकुटाको घरमा बास बस्न पुग्यौँ। उहाँ मदनसँग परिचित हुनुहुँदो रहेछ। खुसीसँग स्वागत गर्नुभयो, उहाँहरूले कुराकानी गर्नुभयो। बेलुकाको खाना उहाँहरूसँगै टाँकीको मुन्टाको तरकारी र मकैको च्याँख्ला खायौँ। बेलुका सुत्नका लागि उहाँलाई र मलाई गोठमा व्यवस्था गरियो। गोठको टाँडमा एउटै मात्र बिस्तरा लगाइएको थियो। मदनको मनमा के लागिरहेको थियो, थाहा छैन। मलाई भने निकै अप्ठ्यारो लागिरहेको थियो। विवाह गर्ने कुरा भए पनि बिहे भएको छैन। एउटै ठाउँमा कसरी सुत्ने ? हाम्रो केही कुराकानी पनि भएन। पछि त्यही ठाउँमा हामीले गुन्द्री र राडी छुट्याएर अलगअलग बिस्तारा बनाएर सुत्यौँ। मलाई डर लाग्यो। डर मदनसँग होइन, हाम्रो साथीभाइ सर्कलले के भन्छन् भन्ने थियो। मदनको धेरै नबोल्ने स्वभाव थियो। केही बोल्नु भएन। सेल्टरदाताले हामीलाई दम्पती

भन्ने ठानेर त्यस्तो व्यवस्था गरेका होलान्। बिहे त हुनेवाला नै थियो। तर हामी सँगै बस्ने चरणमा प्रवेश गरिसकेका थिएनौँ। यसरी महिला र पुरुष मात्र हिँड्दा हामीमाथि पर्ने इम्प्रेसनले कहिलेकाहीँ आफैँलाई अप्ठ्यारो महसुस हुन्थ्यो।

**सेल्टरदाताको माया र सपना, विवाहको निर्णय**

म विराटनगर बस्न थालेपछि बालकृष्ण देवकोटा र राम देवकोटाको घरलाई मुख्य सेल्टर बनाएर बस्न थालेँ। उहाँहरूको घर महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको दक्षिणमा थियो। म यस क्याम्पसको विद्यार्थीसमेत थिएँ। बालकृष्णको पार्टी नाम 'नरेश' र रामको 'धर्म' थियो। नरेश अहिले बितिसक्नु भयो। दुवै भाइ प्राथमिक विद्यालयमा शिक्षण पेसामा हुनुहुन्थ्यो। दुवै भाइको विवाह भइसकेको थियो। मेरो घरमा भने म बिहे नगरी आफूखुसी हिँड्दा आमाले दुःख मान्नु भएको थियो। मलाई बिहे नगरेकामा भन्दा पनि आमाको चिन्तित मनोदशाको डर थियो। एक–डेढ वर्षसम्म यस्तै डरडरमा चल्यो। मसँग विवाह गर्नका लागि हाम्रा नातागोताहरूमार्फत आमासँग धेरै प्रस्ताव आइरहन्थे। यता मदनसँग मेरो बिहेको कुरा चलेर पनि टुङ्गोमा पुगेको थिएन। बिहे गरेर, गृहस्थ भएर बस्ने मेरो कुरा पनि थिएन। देशका लागि काम गर्नुपर्छ भन्ने थियो। त्यसबीचको समय तनावमै बित्यो। आमालाई पनि सम्झाइरहनु पर्‍यो। घरमा जाँदा बिहेको दबाब बढ्छ भनेर म घरमा पनि कमै जान थालेँ। विराटनगरमा आएका प्रायः नेताले झोला बिसाउने सेल्टर बालकृष्ण र रामको त्यही घर थियो। मैले नचिनेका धेरै नेताहरूको पनि सम्पर्क बिन्दु त्यही थियो। आउने नेताहरूलाई खाना पकाउने, खुवाउने काम नरेश र धर्मका श्रीमतीहरूले गर्नुहुन्थ्यो। नरेश अलि बढी संवेदनशील स्वभावको हुनुहुन्थ्यो। मेरो विवाहको छिनोफानो त्यहीँ भएको थियो।

बालकृष्णको परिवार आर्थिक हिसाबले सामान्य थियो। दुवै दाजुभाइ शिक्षक भएकाले तलबबाटै गुजारा चल्थ्यो। उहाँहरू त्यो घरमा भाडामा बस्नु भएको थियो। श्रीमतीहरू घरै बस्नुहुन्थ्यो। उहाँहरूको जग्गाजमिन भने कतै थिएन। एकदिन मैले रामसँग कुरा गरेँ– पाहुनाहरू धेरै आउँछन्, अप्ठ्यारो हुन्छ, केही आर्थिक व्यवस्था गर्ने कि ! तर उहाँले मान्नु भएन। 'त्यस्तो कुरा नगरौँ, म आफूले सकेको गर्छु' भन्नुभयो। कुनै कुनै अवसरमा मिठोमसिनो खाऊँ भनेर आफैँले किनेबाहेक उहाँहरूकै आम्दानीले सेल्टर चलेको थियो। मलाई उहाँहरूले एकदमै माया गर्नुहुन्थ्यो। त्यस सेल्टरमा लामै समय बसाइ भयो।

बालकृष्णकी श्रीमती सिर्जना देवकोटा एकदमै सहयोगी हुनुहुन्थ्यो। म आफ्नो काम सबै गर्न सक्ने भए पनि उहाँ सहयोग गर्न खोज्नुहुन्थ्यो। नुहाउन पनि सहयोग गर्ने।

आफ्नै दिदीबहिनीले पनि त्यति गर्छन् कि गर्दैनन्, म भन्न सक्दिनँ। तर उहाँले मलाई असाध्यै माया गर्नु हुन्थ्यो। एकदिन सपनामा सिर्जनाले मेरो विवाह मदनसँग भएको देख्नु भएछ। त्यसैले उहाँ मनमनै खुब खुसी हुनुहुँदो रहेछ र मदनसँग मेरो विवाह चाँडै होस् भनेर खुबै चाहनुहुँदो रहेछ। यो कुरा उहाँले मलाई पछि भन्नु भयो।

विराटनगरको त्यो सेल्टर मेरा लागि आफ्नै घरजस्तो भइदियो। मेराबारेमा कसैले नकारात्मक कुरा मदनलाई लगाइदियो भने बालकृष्णले पहिले नै मलाई भन्नुहुन्थ्यो। मेरो पार्टी नाम रचना थियो। 'रचना कमरेड, तपाईंका बारेमा मदनलाई यस्तो कुरा लगाइएको छ है !' उहाँ अक्सर मेरो प्रतिकूल हुने कुरा थाहा पाउनु भयो भने यसरी सुनाउनु हुन्थ्यो।

## पार्टीको निर्णय, संस्कृतिको निरन्तरता

वि.सं. २०३९ साउन २४ गते बालकृष्ण देवकोटाको घरमा मदन र मेरो बिहे भयो। बिहेमा माधव नेपाल, ईश्वर पोखरेल, मुकुन्द न्यौपाने, राजेश बान्तवा, अशोक राई, चित्र निरौला हुनुहुन्थ्यो। अशोक राई त बिहेको स्थानीय आयोजक नै हुनुभयो। हामीले अहिलेजस्तो बिहेकै लागि भनेर लत्ताकपडा किनेका थिएनौँ। जस्तो लुगा लगाइएको थियो, त्यस्तैमा बिहे भयो। सिर्जना देवकोटाले यस्तो साडीमा त बिहे हुँदैन भनेर आफ्नो साडी मलाई फेराइदिनु भयो। राजेश बान्तवाहरू बिहे भयो भनेर धेरै खुसी हुनु भएको थियो। उहाँले मासु र पुलाउ खानु पर्छ भन्दै आफैँले बजारबाट किनेर ल्याउनु भयो। बिहेमा जम्माजम्मी ६ सय रुपैयाँ जति खर्च भएको थियो। बिहेमा नयाँ लुगा गहना नलगाए पनि सिन्दुर र पोते भने लगाइयो। पार्टीको झण्डा र ब्यानर राखेर शपथ पनि गराइयो।

पार्टीले विवाहका लागि प्रक्रिया तोकेको हुन्थ्यो। बिहे गर्न राजी भएपछि दुवै जनाले पार्टीसमक्ष निवेदन दिनु पर्थ्यो। निवेदन स्वीकृत भएपछि सँगै हिँड्न, डुल्न र बस्न पाइन्थ्यो। त्यसपछि नैतिकताको प्रश्न उठ्दैनथ्यो। मदन र मेराबीच भने एक–अर्काप्रति चिनजान वा आकर्षण भएर प्रस्ताव राखेको होइन। बिहे गर्ने उमेर भयो भनेपछि मैले त्यो कुरा पार्टीमा राखेकी थिएँ। त्यसपछि मदनसँग उहाँहरूले कुरा गर्नुभयो। मदनले पनि केटी पक्ष तयार छ भने हुन्छ भन्नु भयो। एकदिन बिहे गर्नैपर्छ भन्ने भयो। उहाँ २८/२९ वर्ष भइसक्नु भएको थियो, म २०/२१ वर्षकी थिएँ।

बिहेको दिन हामी त्यहीँ बस्यौँ। भोलिपल्ट बिहान नेताहरू आ–आफ्नो काममा लाग्नु भयो। बिहेपछि हाम्रो एउटा निश्चित सेल्टरमा बस्ने सल्लाह भयो। अब हामीलाई

एउटा समस्या आयो। हामी दम्पती हौँ भन्ने कसैलाई थाहा छैन, थाहा नदिई बसौँ– गलत सन्देश जान्छ। दम्पती हौँ भनेर परिचय दिऊँ– असुरक्षित हुन सकिन्छ। त्यसबेला मदनमाथि प्रशासनको कडा निगरानी थियो। बिहे गरेको पाँच महिनापछि विराटनगरको तीनटोलिया भन्ने ठाउँमा हामीले बल्ल एउटा डेरा खोज्यौँ। त्यो ढकाल परिवारको घर थियो। यो घर रामप्रसाद ढकाल र दुर्गा ढकाल दम्पतीको थियो। घरमा आमा हुनुहुन्थ्यो। उहाँहरूले मलाई असाध्यै माया गर्नुहुन्थ्यो। एउटा कोठामा अमर श्रेष्ठ, नगेन्द्र भट्टराई र ईश्वरी लामिछाने तीन जना विद्यार्थी बस्नुहुन्थ्यो। ती विद्यार्थीहरू एउटा कोठामा र हामी दुई जना अर्को कोठामा बस्न थाल्यौँ।

विद्यार्थीहरूलाई त हाम्रो बिहे भएको थाहा छ, तर घरमुलीलाई थाहा छैन। घरमुलीसँग मेरो राम्रो सम्बन्ध थियो। उहाँहरूलाई मैले साइनो लाएर दाजु–भाउजू भन्थेँ। मैले एकदिन घरमुली भाउजूलाई आफूहरूको बिहे भएको बताएँ। यो कुरा उहाँलाई बताएपछि मलाई त सजिलै भयो, तर छरछिमेकीले उठाएका प्रश्नले उहाँलाई भने अप्ठेरो पऱ्यो। बिहे गरे पनि मैले सिन्दुर–पोते लगाएकी थिइन। बाहिरबाहिर हामी सँगै बसेको भनेर कुरा काट्ने रहेछन्। मैले 'कसैले सोध्यो भने भर्खर बिहे भएका विद्यार्थी हुन् र श्रीमान्ले ठेक्कापट्टाको काम गर्ने भएकाले धेरैजसो बाहिर जान्छन् भन्दिनूस्' भनेँ। उहाँले यस्तो समस्या राख्नुभएपछि त्यसै दिनदेखि सिन्दुर–पोते लगाउन थालेँ। मदन भने कहिले १०/१५ दिनमा त कहिले एक–दुई महिनामा मात्रै कोठामा आउनुहुन्थ्यो।

मैले सिन्दुर र पोते त लगाएँ, तर फेरि क्याम्पसमा मेरो बिहे कोसँग भयो भन्ने सोधीखोजी हुन थाल्यो। त्यसबेला पार्टीमा चर्को मतभेद थियो– पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता भन्ने। सीपी मैनाली पक्षका विद्यार्थीहरूले 'ओहो ! यसले कोसँग बिहे गरी, यसको त पोते देखिन्छ !' भनेर प्रश्न उठाएको कुरा साथीहरूले सुनाउँथे। मेरो अगाडि भने यस्तो कुरा गरेनन्। समाज पनि त्यसबेला सङ्कुचित नै थियो। कसैसँग रिक्सामा बस्यो वा कसैसँग साइकलको पछाडि बस्यो भने उसैसँग बिहे भयो भन्ने गर्थे।

सेल्टरहरूमा आन्तरिक तवरमा त बिहे भएको थाहा हुन्थ्यो। बाहिर यस्तो कुरा थाहा नहुने भएकाले हाम्रो सन्तान भइसकेपछि पनि कसको बच्चा हो भनेर सोध्ने गरिन्थ्यो। पहिलो सन्तान जन्मेका बेला क्याम्पसमा पढ्ने विद्यार्थीहरू मलाई भेट्न अस्पताल आएका थिए। उनीहरूले भने– हामीले भिनाजुलाई गेटमा भेट्यौँ। उनीहरूले छोरीको अनुहार हेरेर बाबु ठम्याएछन्। मलाई भेट्न आउँदा गेटमा नै मदनलाई भेटेका रहेछन्।

रामप्रसाद ढकालको घरमा शौचालय अलिक अग्लो थियो र मलाई अप्ठ्यारो भयो। बच्चा हुने भएपछि हामी विराटनगरको अर्को ठाउँमा सऱ्यौँ। जोगवनी जाने रोडमा हवाइफिल्ड नजिकै इलाम पशुपतिनगरका स्थायी बसोबासीको घर रहेछ। हामी त्यहीँ डेरा गरेर बसेका बेला छोरी उषाको जन्म भएको हो।

**विद्यार्थी भाइहरूको स्नेह**

हामी बसेको घरमा बाहिर बरन्डा थियो। राती म व्यथा लागेर छटपटाउन थालेँ। बाहिरबाट अमर, नगेन्द्र आए। उनीहरूले मलाई अस्पताल लान पहिले नै रिक्सा र चालक ल्याइराखेका रहेछन्। विद्यार्थी साथीहरू मेरो अवस्थामा सतर्क भई पूर्वतयारीसाथ बसेका रहेछन्। मलाई रिक्सामा राखेर विद्यार्थीहरूले अस्पताल पुऱ्याए। उषा अस्पतालमा जन्मिइन्। डाक्टरले बर्थ सर्टिफिकेटमा आमा र बाबुको नाम माग्थे। आमाको नाम त मैरै लेखे तर बाबुको नाम अर्कै केही लेखे। सायद उहाँको उपनाम सागर लेखेको हुनुपर्छ। छोरी जन्मेको खबर मदनसम्म पुऱ्याउन अहिलेजस्तो फोनको माध्यम थिएन। म सुत्केरी भएको चार दिनपछि मदन आउनु भयो।

**मदन, मनमोहन र सीपीको भेटघाट**

नियमित रूपमा प्रयोग हुने सेल्टरमध्ये प्राध्यापक चिरञ्जीवी शर्माको दाजुको घर एक थियो। विराटनगरमा पार्टी पङ्क्तिले उहाँलाई किसान दाइको नामले चिन्दथ्यो। त्यहाँ पनि देवकोटा परिवारमा जस्तै नेताहरूको जमघट हुन्थ्यो। म प्रायः किसान दाइको यस घरमा नियमित रूपमा जाने र बस्ने गर्दथेँ। उहाँको परिवारका सदस्यहरूसँग म परिचित थिएँ। किसान दाइकोमा बस्दा उहाँका भाइ, बहिनी, श्रीमती र छोराछोरीसँग मेरो राम्रो सम्बन्ध थियो।

त्यो सेल्टरमा म परिचित भएकाले होला, मदन भण्डारी, सीपी मैनाली र मनमोहन अधिकारीको मिटिङ गर्ने कुरा तय भएको रहेछ। मनमोहन अधिकारीलाई त्यहाँ लिएर जाने जिम्मा पार्टीले मलाई लगाएको थियो। त्यतिबेला त्यहाँ बाटो पनि थिएन। खेतको डिलैडिल उहाँलाई लिएर किसान दाइकोमा गएँ। भित्र मदन भण्डारी र सीपी मैनाली बस्नु भएको रहेछ। उहाँहरूको बैठक भयो। म बाहिर कुरेर बसेँ। मदन र सीपी बिस्तारै बोल्नु हुन्थ्यो। मनमोहनजी अलिक ठूलो स्वरले बोल्नु हुन्थ्यो। आवाज मात्रै आउँथ्यो, तर कुरा भने बुझिँदैन थियो। किसान दाइको घर मुख्य सहरभन्दा अलि टाढा थियो। त्यसैले प्रहरीको डर कम थियो। ●

# सेल्टर : स्मरणीय क्षणहरू



विष्णुप्रसाद पौडेल
केन्द्रीय कमिटी उपाध्यक्ष

**१.** तीसको दशकको कुरा हो, निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाले लादेको प्रतिबन्ध र दमनकारी शासनले गर्दा पार्टी निर्माणको काम भूमिगत रूपमा गर्नुपर्ने वाध्यकारी परिस्थिति थियो । झापा आन्दोलनको जगमा निर्माण भएको र विभाजित नेपाली कम्युनिस्ट आन्दोलनलाई क्रान्तिकारी सिद्धान्त र व्यवहारका आधारमा पुनर्एकीकरण गर्ने उद्देश्यका साथ स्थापना भएको अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसन कमिटी (माले) र नेकपा (माले) कालमा पार्टी निर्माण गर्नमा सेल्टर र सेल्टरदाता जनसमुदायको अत्यन्तै महत्त्वपूर्ण भूमिका थियो । उहाँहरूको योगदान पार्टी निर्माणमा मात्र होइन, व्यवस्था परिवर्तनमा पनि उल्लेखनीय रह्यो ।

भूमिगतकालमा पार्टीको विचार र सङ्गठन निर्माण, जनाधार विस्तार, सङ्घर्षका योजना निर्माण र कार्यान्वयनका लागि सेल्टर निर्णायक स्थान थिए । सेल्टरमै पार्टीका नेता–कार्यकर्ताहरू लुकिछिपी जाने, आश्रय लिने, लेख्ने–पढ्ने, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय परिस्थितिको अध्ययन विश्लेषण गर्ने, सम्पर्क विस्तार गर्ने, सङ्गठन निर्माण गर्ने, बैठक बस्ने, विचार, सङ्गठन र सङ्घर्षका योजना निर्माण र कार्यान्वयन गर्ने, भेला तथा प्रशिक्षण गर्ने लगायत पार्टी निर्माणका मुख्य कामहरू गरिन्थ्यो । सेल्टरमै विस्तारित बैठक, सम्मेलन, अधिवेशन र महाधिवेशन आयोजना गरिन्थ्यो । नीति, नेतृत्व निर्माण गरिन्थ्यो । पार्टीहरू प्रतिबन्धित भएको विशेष परिस्थितिमा पार्टीका नेता, कार्यकर्ता, प्रकाशन, निर्णय पुस्तिका, बैठक, भेला, सम्मेलन, महाधिवेशनलाई प्रहरी प्रशासनबाट सुरक्षित गर्न सेल्टर निर्माण गरिन्थ्यो । सेल्टरमा आन्दोलनको योजना बन्थ्यो र सडकमा कार्यान्वयन हुन्थ्यो । समीक्षा सेल्टरमा हुन्थ्यो, कार्यान्वयन मैदानमा हुन्थ्यो । सारा काम–कारबाही प्रहरी प्रशासनको जानकारीभन्दा बाहिर हुन्थ्यो ।

सेल्टर निर्माण र सेल्टरको प्रयोग पार्टी निर्माणको विशेष विधि थियो, कला थियो। सेल्टर र सेल्टरदाताहरूको सहयोगमा निर्दलीय पञ्चायत र निरङ्कुश राजतन्त्र अन्त्यका लागि बलियो वैचारिक, राजनीतिक, सङ्गठनात्मक र सङ्घर्षको आधार तयार भएको थियो। त्यतिबेला सेल्टरहरू सङ्गठन निर्माण र जनाधार विस्तारका केन्द्रबिन्दु थिए। सेल्टरले हजारौँ नेता, कार्यकर्ता र सदस्य सहितको बलियो पार्टी र पार्टीको फराकिलो जनाधार निर्माण गर्नमा निर्णायक योगदान गरेको छ।

नेता, कार्यकर्ता र सेल्टरदाताहरूबीचको सम्बन्ध परिवारका सदस्यबीचको सम्बन्धजस्तै थियो। सुख–दुःखमा सहयात्रा, गोपनीयता नखुल्ने गरी घरभित्र र बाहिरको काममा सहभागिता सेल्टरमा नेता–कार्यकर्ताको दिनचर्या थियो। एकातिर सेल्टर, भूमिगत नेता–कार्यकर्ताले भूमिगत रूपमा रहेर काम गर्न प्रयोग हुन्थ्यो, अर्कोतिर खुला कार्यकर्ताले भूमिगत नेता–कार्यकर्तासँग भेट्न, उहाँहरूबाट प्रशिक्षित र निर्देशित हुन, खुला रहेर गरिने पार्टी कामको योजना बनाउनमा पनि प्रयोग हुन्थ्यो। भूमिगत नेता–कार्यकर्ताको सेल्टर प्रयोग र खुला कार्यकर्ताको सेल्टर प्रयोगका तरिका फरक–फरक हुन्थे। आजको यो विशाल पार्टीको आधारभूमि सेल्टर थियो। यो पार्टी सेल्टरमै जन्मिएको र हुर्किएको हो भन्दा फरक पर्दैन।

२०३५ मङ्सिर ३ गतेदेखि सुरु भएको मेरो पूर्णकालीन र भूमिगत राजनीतिक यात्रा २०४६ चैत २६ सम्म जारी रह्यो। त्यस अवधिमा मूलतः तत्कालीन लुम्बिनी अञ्चलमा केन्द्रित रहेर पार्टी काम गर्दा सयौँ, सम्भवतः हजारौँ सेल्टरमा आश्रय लिइयो। प्रत्येक सेल्टरका र प्रत्येक सेल्टरदातासँगका विशिष्ट अनुभव छन्, संस्मरणहरू छन्। तिनलाई यस लेखमा समेट्न सम्भव छैन। तीमध्ये केही प्रतिनिधि घटनालाई मात्र यहाँ स्मरण गर्ने जमर्को गरेको छु।

**२.** २०३३ सालमा एसएलसी उत्तीर्ण भएपछि म गोपी गुरु (भिनाजु गोपीरमण उपाध्याय) को सल्लाहमा बुटवल बहुमुखी क्याम्पसमा भर्ना हुने योजनाका साथ स्याङ्जाबाट रूपन्देही झरेको थिएँ। हालको तिलोत्तमा नगरपालिका वडा नं. १३, टिकुलीगढमा मेरी दिदी टुकुमारी उपाध्यायको घर थियो र त्यहीँ बसेर बुटवल क्याम्पस पढ्ने हाम्रो सल्लाह थियो। त्यतिबेला गोपी गुरु शिक्षण पेसामा रहेर मुक्तिमोर्चाको राजनीतिमा सक्रिय हुनुहुँदो रहेछ। दिदीको घर कम्युनिस्ट पार्टीका नेता–कार्यकर्ताको आश्रयस्थल रहेछ। त्यहाँ रहँदा–बस्दा मुक्तिमोर्चा र को–अर्डिनेसन केन्द्रका नेता–कार्यकर्ता कमरेडहरूसँग सम्पर्क सम्बन्ध हुँदै गयो। दिदीको घरमा मुक्तिमोर्चाका नेताहरूमध्ये जीवराज आश्रित, सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे, शान्ता मानवी,

भीमनारायण थारु अलिक बाक्लो र मदन भण्डारी, मोदनाथ प्रश्रित कहिलेकाहीँ आउनुहुन्थ्यो। को–अर्डिनेसन केन्द्रका नेता– कार्यकर्ताहरूमध्ये प्रदीप नेपाल, राघवेश ज्ञवाली अलिक बाक्लो र सीपी मैनाली, झलनाथ खनाल कहिलेकाहीँ आउनुहुन्थ्यो। मेरो दिदीको घर कोके र मुक्तिमोर्चाका नेताहरूको वार्तास्थल पनि रहेछ। त्यहाँ उहाँहरू एकआपसमा छलफल गर्नुहुन्थ्यो। कहिलेकाहीँ उहाँहरूका बीचमा गरमागरम वहस हुन्थ्यो तर फेरि हार्दिक र आत्मीय सम्बन्धमा फर्किनुहुन्थ्यो। उहाँहरूसँगको सम्पर्क र सङ्गतले पत्तै नपाई प्रभावित हुँदै गएँ। म क्याम्पस भर्ना हुन चाहने तर नेताहरू, विशेषगरी प्रदीप नेपालले क्याम्पस पढ्न हुँदैन, बुर्जुवा शिक्षा बहिष्कार गर्नुपर्छ, जनताका माझमा गएर, जनताको विश्वविद्यालयमा पढ्नुपर्छ भनेर प्रशिक्षित गरिरहने। अन्ततः म क्याम्पस भर्ना नहुन र बुर्जुवा शिक्षा बहिष्कार गर्न सहमत भएँ। मेरो क्याम्पस भर्ना हुने र उच्च शिक्षा आर्जन गर्ने योजना सुरु नहुँदै समाप्त भयो।

क्याम्पस भर्ना हुन नपाएपछि म उहाँहरूजस्तै पूर्णकालीन भएर पार्टी काममा जुट्न चाहन्थेँ। तर उहाँहरू पार्टी राजनीतिका बारेमा न्यूनतम ज्ञान पनि नभएको १७ वर्षे केटोलाई पूर्णकालीन बनाउन तयार हुनुभएन। मलाई उहाँहरूले शिक्षण पेसामा संलग्न भएर पार्टी काममा जुट्न निर्देशन दिनुभयो। मैले अनिच्छापूर्वक रूपन्देहीको गीर्वाण माध्यमिक विद्यालयमा प्रावि तहको शिक्षकको नियुक्ति लिएर पढाउन थालेँ। म क्याम्पस पढ्न चाहन्छु अनुमति पाउँदिनँ, पूर्णकालीन कार्यकर्ता भएर पार्टी काममा जुट्न तयार छु, त्यो पनि अनुमति पाउँदिनँ। शिक्षक बन्न मन छैन तर शिक्षक नबनी सुखै छैन। मैले मेरो राजनीतिक जीवनको प्रारम्भमै पार्टी निर्णय र मेरो इच्छाबीचको बेमेललाई यसरी व्यहोर्नु पऱ्यो। त्यही बेलादेखि आफ्नो इच्छालाई पार्टी निर्णयको अधीनस्थ राख्न म अभ्यस्त हुँदै गएँ। यद्यपि, मैले त्यतिबेलासम्म पार्टी सदस्यता प्राप्त गरेको थिइनँ। पार्टी सदस्यका पूर्वसर्त पूरा गर्न मैले अरू धेरै परीक्षामा उत्तीर्ण हुनुपर्ने थियो।

केही महिना गीर्वाण स्कुलमा शिक्षकको आवरणमा रहेर पार्टी दस्तावेजहरूको अध्ययन र पार्टी काममा सहभागी भएपछि रूपन्देहीको तिनाउ नदी पश्चिमको नयाँ कार्यक्षेत्रमा पार्टी काममा सरिक हुने गरी जनता मावि अमुवामा सरुवा हुन निर्देशन प्राप्त भयो। तदनुरूप नै जनता माविमा सरुवा भएर शिक्षकको आवरणमा मार्क्सवादी साहित्य र पार्टीका प्रकाशनहरूको अध्ययन गर्दै पार्टी काममा सरिक भएँ। त्यसको केही महिनापछि फेरि त्यहाँबाट स्याङ्जा जान र शिक्षण पेसामा रहेर पार्टी काममा जुट्न निर्देशन प्राप्त भयो। मैले पूर्णकालीन भएर पार्टी काम गर्ने अनुमति मागेँ, मेरो माग फेरि पनि अस्वीकृत भयो। म अनिच्छापूर्वक स्याङ्जा गएर आफूले पढेको चक्र कमला प्रावि, राङखोलामा शिक्षकको नियुक्ति लिएँ र शिक्षण पेसाको आवरणमा पार्टी काममा जुटेँ।

यसबीच २०३४ भदौ १४ मा कोके र मुक्तिमोर्चा समूहका बीचमा एकीकरण सम्पन्न भयो। मलाई २०३५ असोज १५ गते अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को–अर्डिनेसन कमिटी (मार्क्सवादी–लेनिनवादी)को सदस्यता प्राप्त भयो। त्यो मेरो जीवनको अत्यन्तै गौरवपूर्ण दिन थियो र समग्र जीवनको यात्रा निर्धारण गर्ने महत्त्वपूर्ण 'टर्निङ प्वाइन्ट' थियो।

स्याङ्जामा मलाई धनिराम लामिछानेको सम्पर्कमा रहेर पार्टी काममा जुट्न निर्देशन थियो। उहाँबाहेक पार्टीका नेता–कार्यकर्ता वा समर्थकका रूपमा चिनिने कोही व्यक्ति थिएन। मैले आफू सक्दो सम्पर्क विस्तार गर्ने प्रयास गरेँ, सुरुमा परोक्ष र क्रमशः प्रत्यक्ष रूपमा पार्टी राजनीतिका बारेमा छलफल गर्दै सङ्गठन निर्माणको आधार तयार पार्दै गएँ। मैले धनिराम लामिछाने बाहेक पार्टीका अरू नेता कमरेडहरूलाई भेट्न रूपन्देही जानुपर्ने अवस्था थियो। २०३५ असोजमा शिक्षण पेसा छाडेर पूर्णकालीन कार्यकर्ता बन्ने अनुमतिका लागि पुनः अनुरोध गर्ने सोचका साथ जीवराज आश्रित र प्रदीप नेपाललाई भेट्न रूपन्देही झरेँ।

मेरो प्रस्तावलाई लिएर उहाँहरू दुईका बीचमा गम्भीर बहस भयो। जीवराज आश्रित अपरिपक्व कार्यकर्तालाई पूर्णकालीन बनाउनु हुँदैन भन्ने अडानमा, प्रदीप नेपाल अहिले अपरिपक्व भए पनि सिक्दै, हण्डर–ठक्कर खाँदै अघि बढ्ने सम्भावना रहन्छ, तसर्थ पूर्णकालीन बन्न अनुमति दिनुपर्छ भन्ने अडानमा। अनिर्णीत अवस्थामा रहिरहन उपयुक्त हुँदैनथ्यो। अन्ततः जीवराज आश्रित आफ्नो मतबाट पछि हट्न तयार हुनुभयो र प्रदीप नेपालको मत कार्यान्वयन गर्न सहमत हुनुभयो। यसरी मलाई मेरै प्रस्तावमा पूर्णकालीन कार्यकर्ता बन्ने अनुमति प्राप्त भयो।

**३.** मैले २०३५ मङ्सिर ३ गते साँझपख घर, परिवार र शिक्षण पेसा छाडेर पूर्णकालीन राजनीतिक यात्रा आरम्भ गरेँ। त्यसदिन म ट्रकको हुडमा बसेर स्याङ्जाबाट बुटवलका लागि प्रस्थान गरेँ र रातको ११ बजे बुटवल ट्राफिक चोक नजिकको मुस्ताङ होटलमा बास बसेँ। भोलिपल्ट पार्टीबाट प्राप्त सूचनाबमोजिम रूपन्देहीको गिदैयास्थित आमा भीमकुमारी थापा र बुवा पहलसिंह थापाको घरमा पुगेँ। त्यो घर पार्टीका नेता–कार्यकर्ताहरूका लागि विश्वासिलो सेल्टर थियो। त्यहाँ आश्रय लिने नेता–कार्यकर्ताले आमाबुवाको असाधारण माया र संरक्षण पाउनु हुन्थ्यो। हामी भीमकुमारी थापालाई पार्टीकी आमा भन्ने गर्थ्यौं। पछि प्रदीप नेपालले उहाँलाई मुख्य पात्र बनाएर 'पार्टीकी आमा' नामक लघु उपन्यास नै लेख्नु भएको छ।

आमाको घर मेरो पहिलो सेल्टर थियो। म लगातार एक हप्ता आमा र बुवाको संरक्षणमा उहाँकै घरमा बसेँ। त्यहाँ रहँदा घरायसी काममा सहभागी हुने, दिउँसोको समयमा अध्ययन गर्ने र रातीको समयमा राजनीतिक विषयहरूमा छलफल गर्ने नित्यकर्मजस्तै थियो। आमा र बुवाबाट व्यावहारिक ज्ञान प्राप्त हुन्थ्यो। उहाँहरूकी छोरी तुलसा थापासँग राजनीतिक विषयमा छलफल हुन्थ्यो। मभन्दा पहिल्यै पार्टी सम्पर्कमा आउनुभएकी उहाँले पुष्पलाल लगायतका नेताहरूसँग भेट्ने मौका पाउनु भएको थियो र एकदेव आलेबाट प्रशिक्षित हुनुहुन्थ्यो। त्यहाँको एक हप्ताको बसाइँ मेरा लागि अत्यन्त महत्त्वपूर्ण पाठशाला हुन गयो। त्यहाँ मलाई पार्टीका दस्ताबेजहरूको अध्ययन, छलफल–बहस, सेल्टर प्रयोगको कला, सेल्टरदातासँगको सम्बन्ध र सेल्टरमा रहँदा श्रममा सहभागी हुनुको महत्त्वजस्ता विषयमा प्रारम्भिक अनुभव भयो।

एक हप्तापछि मलाई तुलसा थापाले सीतापुर भाँटामा लगेर भीमनारायण थारुको जिम्मा लगाउनु भयो। सीतापुर पार्टीको पहलमा बसेको सानो बस्ती थियो। त्यतिबेला भीमनारायण थारु रूपन्देही जिल्ला सङ्गठन कमिटीको सदस्य हुनुहुन्थ्यो। करिब एक महिना सीतापुर भाँटाका परशुराम लोध (मास्टर), बुचनु लोहार, दिनानाथ कहार लगायतका किसान साथीहरूकहाँ रहेर राजनीतिक, सङ्गठनात्मक काम सिक्दै गरेँ। गाउँको पूर्वी किनारमा रहेको समाजघर (२८ घरले सामुदायिक कामका लागि निर्माण गरेको घर) भूमिगत नेता–कार्यकर्ताको सेल्टर थियो। हामी त्यहीँ बस्थ्यौँ र किसानहरूले आलोपालो गरेर खानेकुरा ल्याइदिनुहुन्थ्यो। जाडोको मौसम थियो, उहाँहरूले हामीलाई प्रायःजसो गहुँको सुख्खा रोटी र नुन–खुर्सानी, लसुनको चटनी ल्याइदिनु हुन्थ्यो। बाँडेर खाँदा कहिले दुई–तीन त कहिले एउटा रोटी भागमा पर्थ्यो। नुन–खुर्सानी, लसुनको चटनीसँग एउटा वा दुईवटा रोटी खायो। पेट भरिने कुरा थिएन, खाली पेट पानीले भऱ्यो र काम चलायो। हाम्रो आहारा यस्तै थियो। धेरै दिनसम्म अल्पाहारमा रहनु परेपछि एकदिन प्रदीप नेपालले हामीलाई स्थानीय जमिन्दार सन्तप्रसाद चौधरीको उखुबारीको बीचमा लैजानु भयो र भन्नुभयो– लौ आज अघाउने गरी उखु चुसौँ।' अघाउँजी उखु चुसेर सेल्टरमा फर्किंदा हामी नशा लागेजस्तो लट्ठ परेका थियौँ।

सीतापुर भाँटामा बस्दा मलाई भाषाको समस्या पऱ्यो। स्थानीय किसान र सेल्टरदाताहरूले नेपाली भाषा नबुझ्ने, मैले स्थानीय अवधी भाषा नबुझ्ने। भाषामा विकल्प नभएपछि छिटो सिकिँदो रहेछ। मैले पनि क्रमशः अवधी भाषा सिक्दै गएँ। किसानहरूले मसँग राजनीतिक विषयमा छलफल गर्ने वा सिक्ने भन्दा पनि मेरो टुटेफुटे अवधी भाषा सुनेर आनन्द लिनु हुन्थ्यो। समय बित्दै जाँदा मेरो अवधी भाषा राम्रो हुँदै गयो। उहाँहरूले बोलेको मैले बुझ्ने र मैले बोलेको उहाँहरूले बुझ्ने भयौँ। स्थानीय

भाषामा बोल्नु, विचार व्यक्त गर्नुको विशिष्ट महत्त्व हुने रहेछ। स्थानीय भाषाको प्रयोगले जनतासँगको सम्बन्धलाई आत्मीय र घनिष्ट बनाउँदो रहेछ।

**४.** २०३५ देखि २०३७ सम्म करिब डेढ वर्षजति मैले रूपन्देहीमा अवधी भाषा सिक्दै र प्रयोग गर्दै काममा जुटेको थिएँ। भाषाको प्रयोग र स्मृति अनौठो हुँदो रहेछ। मलाई फरक कार्यक्षेत्रमा कार्यरत हुनु परेकाले २०३७ सालपछि अवधी भाषा बोल्ने अवसर प्राप्त भएन। एकैचोटि २०५६ सालमा रूपन्देहीमा प्रतिनिधिसभा सदस्यको उम्मेदवारको हैसियतले स्थानीय भाषामा भाषण नै गर्नुपर्ने अवस्था आयो। त्यतिबेला म अलमलमा परेको थिएँ, मैले अवधी भाषा बिर्से कि ? तर भाषाको सम्झना जस्ताको तस्तै रहेछ। बोल्दै जाँदा सहज ढङ्गले बोल्न सकिने रहेछ। संयोगले मेरो निर्वाचन क्षेत्रमा २०३५–३७ को अवधिमा मेरो भूमिगत कार्यक्षेत्रका प्रायः सबैजसो अवधीभाषी गाउँ समावेश थिए। ती ठाउँमा अवधी भाषामै जनसभाहरूलाई सम्बोधन र घरदैलो गरेर मत मागेँ। अहिले पनि म अवधीभाषी कमरेड वा जनसमुदायसँग भेट हुँदा स्थानीय भाषामा कुरा गर्न मन पराउँछु। त्यसले आफ्नै प्रकारको स्वाद र सन्तुष्टि दिन्छ।

**५.** माघ महिना थियो जस्तो लाग्छ, जिल्ला सङ्गठन कमिटी, रूपन्देहीले शान्ता मानवी सचिव, रविलाल बञ्जाडे, राधेश्याम थारु, केशव मिश्र र म सदस्य रहेको पाँच सदस्यीय इलाका कमिटी गठन गर्ने निर्णय गऱ्यो। तदनुरूप भैँसाखादरमा बैठक आयोजना भयो र भीमनारायण थारुले हामीलाई सदस्य पदको शपथ ग्रहण गराउनु भयो। कमिटीमा कार्यविभाजन भयो, कामको योजना बन्यो। अब हामी कार्यविभाजन अनुरूप आ–आफ्नो कार्यक्षेत्रमा खटिने भयौँ। रूपन्देहीका हर्नैया, कुर्मार, जङ्गहत्था र बोहरवा नामका चारवटा गाउँहरू मेरो कार्यक्षेत्र तय भयो। यी चार गाउँमा करिब एक दर्जन घरमा आश्रय लिन सकिन्थ्यो। तिनै घरमा आलोपालो गरेर महिना दिन बिताउनु पर्थ्यो। पूर्णकालीन राजनीतिक यात्राका प्रारम्भिक दिनहरूका यी आश्रयस्थलमा रहँदा बस्दा र पार्टी काम गर्दाको आफ्नै प्रकारका रोमाञ्चक अनुभूति छ।

कुर्मारमा भगत चमारको घर बस्तीको उत्तरपट्टि थियो। त्यहाँ भूमिगत रूपमा आउजाउ गर्न र रहन–बस्न तुलनात्मक रूपमा अनुकूल थियो। परिवारका सबैजसोले आफ्नो घरमा आश्रय लिने कमरेडहरूलाई असाधारण माया गर्ने, आफूहरूले जे खानुहुन्छ त्यही खुवाउने, जस्तो बिस्तरामा सुत्नुहुन्छ त्यस्तैमा सुताउने। भोक, तिर्खा लाग्यो कि ? केही गर्नुपर्छ कि ? भनेर बेलाबेलामा सोधिरहने। आर्थिक दृष्टिले भूमिहीन अवस्थाको परिवार, श्रम बेचेर जीवन चलाउनु पर्ने अवस्था तर पार्टीका कमरेडहरूलाई यो स्तरको रेखदेख, हाम्रा लागि कल्पनाभन्दा बाहिरको कुरा थियो। गर्मीका बेलामा हातेपङ्खाको

व्यवस्था गर्नुहुन्थ्यो, मच्छडबाट जोगाउन घर धुवाउनु हुन्थ्यो। पुस/माघको जाडो छल्न घरभित्र आगो बालेर न्यानो पार्नुहुन्थ्यो। चाडपर्वमा मिठामिठा परिकार बनाएर पहिला हामीलाई खुवाउनु हुन्थ्यो। पार्टी राजनीतिका बारेमा उहाँहरूलाई त्यति धेरै थाहा थिएन तर हामीलाई राजा फाल्न र जनताको शासन ल्याउन हिँडेका कम्युनिस्ट भनेर बुझ्नु हुन्थ्यो। कम्युनिस्टहरू सरल, सहयोगी, आत्मीय र असल हुन्छन् भन्ने बुझाइ थियो। उहाँहरूकहाँ हामी कहिले एक्लै त कहिले दुई–तीन जना, कहिले एक–दुई दिन त कहिले एक हप्तासम्म पनि बस्थ्यौँ। तर उहाँहरूको हामीप्रतिको व्यवहारमा कहिल्यै पनि कुनै उतारचढाव आएन।

**६.** २०३५ पुस ११ मा नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी)को स्थापना भएलगत्तै २०३५ माघ ११ मा सीतापुर भाँटाका 'मास्टर' कमरेडका घरमा रूपन्देहीको प्रथम जिल्ला सम्मेलन आयोजना भयो। तीन दिनमा सम्पन्न भएको उक्त सम्मेलनले प्रदीप नेपाल सचिव र भीमनारायण थारु, राधेश्याम थारु, राघवेश ज्ञवाली र शान्ता मानवी सदस्य रहने गरी ५ सदस्यीय जिल्ला कमिटी चयन गरेको थियो। त्यस कमिटीमा २०३६ मा हिरामणि बस्याल र २०३७ मा जेल विद्रोहबाट बाहिर आएपछि म मनोनीत भएका थियौँ। प्रदीप नेपालले उद्घाटन गर्नुभएको उक्त अधिवेशनमा हामी सायद २०/२२ जना प्रतिनिधि थियौँ। गोपी गुरु पनि सम्मेलनको प्रतिनिधि हुनुहुन्थ्यो।

गोपी गुरु १८ वर्ष मात्र उमेर भएको, सैद्धान्तिक–राजनीतिक ज्ञान र अनुभव नभएको कलिलो केटो पूर्णकालीन हुनुहुँदैन भन्नेमा चट्टानी अडान लिएर बस्नुभएको थियो। पार्टीभित्रको छलफलमा केही नलागेपछि उहाँले मैले घर छाडेर हिँड्नुभन्दा केही दिन पहिला मेरो घर स्याङ्जामा गएर– तपाईंको छोरा, तिम्रो श्रीमान, घरबार छाडेर कम्युनिस्ट पार्टीको राजनीतिमा लाग्दैछ, मैले रोक्न सकिनँ भनेर जानकारी दिनुभयो। त्यसपछि घरमा भएको तनाव, दबाब र रुवावासीलाई व्यवस्थापन गर्न मलाई हम्मेहम्मे परेको थियो। गोपी गुरुको राय र दबाब विपरीत पूर्णकालीन कार्यकर्ता बन्न घरबाट निस्किएपछि गोपी गुरुसँग भेटघाट बन्द भएको थियो। एकैचोटि रूपन्देहीको प्रथम जिल्ला सम्मेलनमा प्रतिनिधिको हैसियतमा हामी भेट भयौँ।

जिल्ला सम्मेलनमा मेरो विषय पनि एजेण्डा बन्यो। अन्ततः प्रदीप नेपालले म पूर्णकालीन हुनु ठिक र मलाई पूर्णकालीन हुन रोक्ने गोपी गुरुको अडान बेठिक भन्ने निर्णय सुनाउनु भयो। सम्मेलन त्यो निर्णयमा सहमत भयो। त्यसपछि म दिदीको घरमा बेलामौकामा जान थालेँ। गोपी गुरुसँगको भेटघाट नियमित हुन थाल्यो। गोपी गुरु मलाई कम्युनिस्ट राजनीतिमा लाग्नका लागि प्रेरणा दिने मेरो पहिलो राजनीतिक गुरु हुनुहुन्छ।

उहाँप्रति मेरो मनमा सदा उच्च आदरभाव रहिआएको छ। सायद त्यतिबेला म पूर्णकालीन हुन हुन्थ्यो या हुन्नथ्यो भन्ने विषयमा हाम्रोबीचमा मतैक्यता छैन होला। यद्यपि, अहिले हामीबीच यस विषयमा कुरा हुँदैन।

जिल्ला सम्मेलनले रूपन्देहीमा पार्टीको राजनीतिक र सङ्गठनात्मक कामलाई योजनाबद्ध र तीव्र गतिमा अघि बढाउने आधार तयार गऱ्यो। परिणामतः त्यसपछिका स्थानीय वर्गसङ्घर्ष र पञ्चायती व्यवस्था र राजतन्त्रविरोधी आन्दोलनमा पार्टीले नेतृत्वदायी र निर्णायक योगदान गरेको छ।

**७.** पाकिस्तानमा जुल्फिकार अली भुट्टोलाई फाँसी दिने निर्णयका विरुद्ध नेपालमा सुरु भएको विद्यार्थी आन्दोलन क्रमशः राष्ट्रव्यापी बन्दै गयो। आन्दोलनमा राजनीतिक मागहरू जोडिँदै गए र आन्दोलनले पञ्चायती व्यवस्थाविरोधी स्वरूप ग्रहण गऱ्यो। आन्दोलनमा रूपन्देहीमा आन्तरिक रूपमा नेकपा (माले) र सार्वजनिक रूपमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (एकताको पाँचौँ)को महत्त्वपूर्ण भूमिका थियो। जिल्लामा मण्डलेतन्त्रको बिगबिगी तोड्न आन्दोलनको उल्लेख्य भूमिका थियो। आन्दोलनलाई विषयान्तर गर्न राजाले जनमतसङ्ग्रहको घोषणा गरे।

नेकपा (माले) ले सुरुमा 'जनमतसङ्ग्रह धोका हो' भन्दै बहिष्कार गर्ने नीति तय गऱ्यो। तर बहिष्कारको नीतिले निरङ्कुश पञ्चायती व्यवस्थालाई मद्धत पुग्थ्यो। पार्टीभित्र यस विषयमा छलफल र बहस चल्दै गयो। २०३६ सालमा जनमतसङ्ग्रहबारे पार्टी नीति तय गर्न केन्द्रीय कमिटीको बैठक रूपन्देहीको सीतापुर भाँटामा आयोजना गरियो। बैठकको व्यवस्थापनमा रूपन्देही जिल्ला कमिटीका कमरेडहरूसँगै म पनि खटिएको थिएँ। बैठक निर्धारित समयभन्दा लम्बिँदै गएपछि व्यवस्थापनमा चुनौती थपियो। भूमिगत रूपमा आयोजना गरिएको केन्द्रीय कमिटीको बैठक, गोपनीयता जोगाउने समस्या, जिल्ला सदरमुकाम भैरहवाबाट करिब एक घण्टाको दूरीमा रहेको बैठकस्थल– सुरक्षाका चुनौती पनि थपिए।

बैठकले जनमतसङ्ग्रहलाई 'नीतिगत बहिष्कार' गर्ने नीति तय गऱ्यो। तर त्यस निर्णयले पार्टीलाई अझ धेरै द्विविधाग्रस्त बनायो र अराजकताको बाटोमा लतायो। पार्टीभित्र नीतिगत बहिष्कारको निर्णयलाई एकरूपताका साथ बुझ्ने र व्याख्या गर्ने अवस्था थिएन। त्यस निर्णयलाई कसैले बहुदलको पक्षमा मतदान गर्ने भनेर बुझे, कसैले बहिष्कार गर्ने भनेर। अन्ततः त्यस गलत निर्णयले निर्दलीय पञ्चायती व्यवस्थालाई नै मद्धत पुग्यो। त्यतिबेला नेकपा (माले) बहुदलको पक्षमा सक्रियतापूर्वक लागेको भए

कस्तो नतिजा आउँथ्यो होला भन्ने अनुमानको विषय हो। पछि आएर उक्त गलत निर्णयप्रति आत्मालोचना गरिसक्दा पनि हामी विभिन्न आरोपबाट मुक्त हुन सकेका छैनौँ।

८. त्यतिबेला महासचिवको सेल्टरलाई हेडक्वार्टर भनिन्थ्यो। सीपी मैनाली पार्टीको महासचिव हुनुहुन्थ्यो। सीतापुर भाँटामा पार्टीको हेडक्वार्टर थियो। उहाँले त्यहीँ रहेर जिम्मेवारी सम्हाल्नु हुन्थ्यो। केन्द्रीय कमिटीको बैठक बसेको धौताल (गम्भा) लोधको घर र महासचिव बस्ने परशुराम लोधको घर जोडिएका थिए। बैठकको अन्तिम दिन बैठक कक्षको बाहिर आँगनमा एक जना जोगीको भेषधारण गरेका व्यक्ति भिक्षा माग्न आइपुगे। उनले मधेसी बस्तीमा पहाडे अनुहारका व्यक्तिलाई देखे। हामीलाई शङ्का लाग्यो– कतै जासुस त होइन ? बैठक सम्पन्न भयो। बैठकका सहभागी कमरेडहरू एक–एक गरेर आ–आफ्नो कार्यक्षेत्रतिर प्रस्थान गर्नुभयो। हामी महासचिवलाई अर्को सुरक्षित सेल्टरमा सार्ने निष्कर्षमा पुग्यौँ। सेल्टरको व्यवस्था गर्ने, सुरक्षित रूपमा नयाँ सेल्टरमा सार्ने र महासचिवको सहयोगीको भूमिका निर्वाह गर्ने जिम्मेवारी मलाई आइपुग्यो।

मैले महासचिवका लागि बोहरवाका रामसमुज तेलीको घरमा रहने व्यवस्था मिलाएँ र उहाँलाई रातीको समयमा सुरक्षित तवरले सेल्टरमा पुऱ्याएँ। उहाँ त्यहाँ करिब एक हप्ता रहनुभयो। पछि परिस्थिति सामान्य भएपछि हामीले उहाँलाई पुनः सीतापुरमा पुरानो हेडक्वार्टरमा फर्कायौँ। सेल्टरमा रहँदा उहाँले अध्ययनमा जोड दिनुहुन्थ्यो। फुर्सदको समयमा सैद्धान्तिक, राजनीतिक विषयमा पार्टीको विचार, दृष्टिकोण बताउनुहुन्थ्यो। स्थानीय परिस्थिति कस्तो छ ? हामीले कसरी काम गर्दैछौँ, समस्या के छन् आदि विषयमा जानकारी लिनुहुन्थ्यो। सुझाव, निर्देशन दिनुहुन्थ्यो।

सीपी मैनालीका अक्षर राम्रा थिए, छिटो लेखेको पनि बुझिन्थ्यो। उहाँले मलाई आफूले लेखेका लिखतलाई सफा र राम्रो अक्षरमा उतार्न लगाउनुहुन्थ्यो। मेरो अक्षर राम्रो थिएन, सीपी मैनालीसँगको सङ्गतपछि मेरा अक्षर पनि क्रमशः राम्रो हुँदै गए। पछि थाहा भयो, उहाँले वर्ग सङ्घर्ष, मुक्तिमोर्चाजस्ता दस्तावेजहरूका लागि लेख्नुभएको रहेछ, तिनै आर्टिकलहरू मलाई उतार्न लगाउनु भएको रहेछ।

त्यतिबेला नेकपा (माले)मा भाकपा (माले)को जबर्जस्त प्रभाव थियो। विचार, सङ्गठन, सङ्घर्ष र कार्यशैलीमा समेत गहिरो प्रभाव थियो। एक किसिमले भन्दा भाकपा (माले)ले नेकपा (माले)लाई आफ्नो मातहतको सङ्गठन जस्तो ठान्थ्यो। सीपी मैनालीले भाकपा (माले)का प्रकाशनहरू लिबरेसन, लालझण्डा एवं चारु मजुमदार, विनोद मिश्र, सरोज दत्तका रचनाहरू साम्नेमा फिंजारेर राख्ने, बेलाबेलामा पढ्ने र लेख्ने गर्नुहुन्थ्यो। पछि थाहा लाग्यो, उहाँले नेपाली विशेषता र नेपाली आवश्यकताका रचनाहरू तयार

गर्नुभन्दा पनि भाकपा (माले) र त्यस पार्टीका नेताका प्रकाशनहरूको विश्लेषण र दृष्टिकोण अनुरूप पार्टीका प्रकाशनहरू वर्ग सङ्घर्ष र मुक्ति मोर्चाका लागि लेख तयार गर्नु हुँदोरहेछ र मलाई उतार्न लगाउनु हुँदोरहेछ ।

नेकपा (माले) लाई सार्वभौम देशको स्वतन्त्र पार्टीका रूपमा स्थापित गर्न पार्टीभित्र लामै विचारधारात्मक सङ्घर्ष गर्नुपर्‍यो । को–अर्डिनेसन केन्द्र र नेकपा (माले) लाई लिबरेशन, लालझण्डाजस्ता भाकपा (माले)का प्रकाशनहरू पार्टीव्यापी वितरण गर्ने र त्यसबाट निर्देशित हुने अवस्थाबाट बाहिर आउन निकै मिहिनेत गर्नुपर्‍यो । मुक्तिमोर्चालाई कम्युनिस्ट समूह नमान्ने, त्यससँग पार्टी एकीकरण नगर्ने, को–अर्डिनेसन केन्द्रमा विलय हुनुपर्ने, पुरानो पार्टी सदस्यतालाई मान्यता नदिने र को–अर्डिनेसन केन्द्रको नयाँ सदस्यता लिनुपर्ने जस्ता अनुचित सर्त स्वीकार गरेर कोके र मुक्तिमोर्चा सूमहका बीचमा एकता सम्पन्न भएको थियो । को–अर्डिनेसन केन्द्रका उग्रवामपन्थी–अतिवादी मान्यतालाई विचारधारात्मक सङ्घर्षद्वारा सच्याउने सङ्कल्पका साथ मुक्तिमोर्चाका नेताहरू त्यसमा समाहित हुन सहमत हुनुभएको थियो । नभन्दै कोके र मुक्तिमोर्चाको त्यो एकता कोकेको उग्रवामपन्थी विचार प्रवृत्तिलाई परास्त गर्नका लागि निर्णायक हुन पुग्यो । को–अर्डिनेसन केन्द्र, नेकपा (माले) र नेकपा (एमाले) हुँदै अघि बढेको नेपाली कम्युनिस्ट आन्दोलन समयक्रममा लोकतान्त्रिक क्रान्तिकारी धारामा रूपान्तरित, विकसित हुँदै राष्ट्रिय राजनीतिको निर्णायक शक्ति बन्न पुग्यो ।

**९.** सीपी मैनालीसँग जोडिएको एउटा रोचक प्रसङ्ग छ । उहाँका काम–कारबाही, अभिव्यक्ति आदिले उहाँ पार्टीको प्रमुख नेता हुनुहुन्छ भन्ने अनुमान लगाउन सहज थियो । उहाँलाई हामी केहीले महासचिव भनेर चिनेका थियौँ तर महासचिव भनेर सम्बोधन गर्दैनथ्यौँ । एकदिन सीपीले मलाई भन्नुभयो, 'आज हामी भैरहवा जान्छौँ, त्यहाँ एक जना कमरेड आउनु भएको छ, उहाँलाई साथै लिएर आउँछौँ ।' म अचम्म परेँ, मनमा कुरा खेल्यो, एक जना कमरेडलाई लिन महासचिव आफैँ किन जानुपर्ने होला ? मैले जवाफ फर्काएँ, 'कमरेड नै जानु पर्दैन, म गएर ल्याइहाल्छु नि !' सीपीले आफैँ जाने र मलाई पनि साथै लाने निर्णय सुनाउनु भयो । मनका प्रश्नहरू अनुत्तरित थिए, तथापि मैले सहमति जनाएँ ।

भैरहवा प्रस्थान गर्नुअघि सीपीले दारी काट्नुभयो । भुत्ते पत्तीले दारी छिमल्न धेरै समय लाग्यो । उहाँले आफ्नो दारी मुस्किलले काटेपछि मेरो पनि दारी काटिदिनु हुने भयो । मलाई त्यतिबेलासम्म आफैँले दारी काट्न आउँदैनथ्यो । उहाँले दारीमाथि पत्ती चलाउनु हुन्छ, तर पत्तीले दारी काट्दैन, माथिमाथि कुद्छ । आफूलाई दुखेर असैह्य

भइसक्यो, दुख्यो भन्न पनि नहुने। दुख्यो भन्यो भने त्यति पनि सहन नसक्ने ? यस्ताले के क्रान्ति गर्छन् भन्ने लाग्ला भन्ने डर। मलाई दुखिरहेको छ, तर हाँसीहाँसी सहेँ। अन्ततः सीपी हैरान हुनुभयो र घरबेटी बुचनु लोहारलाई नयाँ पत्ती किन्न पठाउनु भयो। नयाँ पत्ती आएपछि दारी काट्न सजिलो भयो।

सीपी र म अपराह्नतिर भैरहवाका लागि प्रस्थान गऱ्यौँ। भैरहवाको बुद्धचोकदेखि केही पश्चिम खाद्य संस्थानका जागिरे साथी (अहिले उहाँको नाम याद भएन)को डेरामा पुग्यौँ। त्यहाँ एक जना महिला कमरेड हुनुहुँदो रहेछ। सीपीले कमरेड निलम भनेर उहाँको परिचय दिनुभयो। मलाई कैलाश भनेर चिनाउनु भयो। निलमसँग सीपीले अर्को कोठामा निकै लामो कुरा गर्नुभयो। निकैबेरपछि हामी त्यहाँबाट सीतापुर भाँटाका लागि प्रस्थान गऱ्यौँ। करिब एक घण्टाको दूरी पार गर्न हामीलाई झण्डै दुई घण्टा लाग्यो। म अगाडि छु, उहाँहरू दुई जना पछाडि सुस्त गतिमा हिँड्नुभएको छ। एकछिन हिँडेपछि खेतको मेढीमा बस्नुहुन्छ, फेरि सुस्त गतिमा हिँड्नुहुन्छ। झमक्क साँझ परेपछि हामी सीतापुर भाँटाका परशुराम लोधको घरमा आइपुग्यौँ। मलाई बाटामै आभास भैसकेको थियो– उहाँहरू श्रीमान् श्रीमती हुनुहुन्छ। सीपीले घरबेटीलाई आफूहरूको सम्बन्धबारे बताउनु भयो। सीपी सीतापुरको हेडक्वार्टरमा रहँदासम्म निलम पनि सँगै रहनुभयो। धेरै पछि थाहा भयो, निलम त सीता खड्का हुनुहुँदो रहेछ।

**१०.** को–अर्डिनेसन केन्द्रले क्रान्तिकारिता र हार्दिकताको आडम्बरमा धेरैजनाले एउटै थालमा सँगै खाना खाने चलन चलाएको थियो। कोही सफा छ, कोही फोहोरी, कोही स्वस्थ्य छ, कोही बिमारी, तर खाना भने एउटै भाँडामा खानुपर्ने। घिन मान्न, जुठो खान्नँ भन्न नहुने। कसैलाई रुघा लागेको छ, मुखमा घाउ छ, ज्वरोले ग्रस्त छ, टाइफाइड भएको छ वा जेसुकै भएको होस्, सँगै एउटै भाँडामा खानु पर्ने। म परिवारमा अत्यन्त माया गरेर हुर्काइएको कान्छो सन्तान। मेरा लागि त्यस प्रकारको जीवनशैली कल्पनाभन्दा बाहिरको थियो। जब म पूर्णकालीन भएर पार्टी काममा जुट्न थालेँ, मलाई अरूसँगै एउटै थालमा खान सिकाइयो। खान्न भनौँ– 'गैरक्रान्तिकारी', 'बुर्जुवा' भइएला भन्ने डर, खाउँ, खान सकिने कुरै थिएन। केही दिन मैले भोकै बसेर, थालको एउटा छेउबाट थोरैमात्र खाएर जोगिन कोसिस गरेँ। तर त्यसरी जुठो खानबाट बच्ने मेरा सारा प्रयासहरू असफल भए। घरिघरी म एक्लै बसेर रुन्थेँ, पूर्णकालीन राजनीतिक यात्राबाट पछाडि फर्किएर क्याम्पस भर्ना हौँ कि भन्ने सोच्थेँ। अर्को मनले भन्थ्यो, पार्टीका नेताहरूले के भन्नुहोला ? साथीभाइहरू, इष्टमित्रहरू, परिवारका सदस्यहरूले के भन्लान् ? अनि दह्रो मन बनाएर जुठो खाने अभ्यासमा अभ्यस्त हुने अठोट गर्थें। समय बित्दै गयो, भोकले

फोहोरलाई पचाउँदै गयो। एउटै थालमा सँगै खाने फोहोरी शैलीमा म पनि अभ्यस्त हुँदै गएँ।

को–अर्डिनेसन केन्द्र र मुक्तिमोर्चा समूहको एकीकरणपछि अन्य क्रान्तिकारी समूह तथा व्यक्तिहरू को–अर्डिनेसन केन्द्रसँग एकताबद्ध हुने वा समाहित हुने क्रम बढ्दै गयो। को–अर्डिनेसन केन्द्र र सन्देश समूहको एकीकरण भयो। एकीकरणपश्चात् दाङ जाने क्रममा नेत्रलाल अभागी र शोभाराम बस्नेत रूपन्देहीको सीतापुर भाँटामा आइपुग्नु भयो। प्रदीप नेपाल र म सीतापुरमा थियौँ, उहाँहरूलाई हार्दिक स्वागत गर्‍यौँ। खुसी व्यक्त गर्‍यौँ। एकरात सँगै बस्यौँ, कुराकानी गर्‍यौँ। को–अर्डिनेसन केन्द्रको राजनीतिक सङ्गठनात्मक काम लुम्बिनीभन्दा पश्चिमतिर विस्तार हुन सकेको थिएन। राप्तीमा केन्द्रित भएर काम गर्नुभएका सन्देश समूहका कमरेडहरू को–अर्डिनेसन केन्द्रमा समाहित भएपछि राप्ती र सोभन्दा पश्चिममा पनि विस्तारको आधार तयार भयो।

प्रदीप नेपालले उहाँहरूलाई नौतनवा पुर्‍याउने र रेल चढाएर बिदा गर्ने जिम्मेवारी मलाई दिनुभयो। बिहानको खाना सँगै खाने र नौतनवा जाने तय भयो। सीतापुर भाँटाका बुचनु लोहार र गम्भा लोधको पालो परेको थियो, उहाँहरूले हामी बसेको सेल्टरमा बिहानको खाना ल्याइदिनु भयो।

को–अर्डिनेसन केन्द्र र सन्देश समूहको एकताको खुसीयाली र विशिष्ट पाहुनाहरूको स्वागतार्थ त्यस दिन हाम्रा लागि मिठो परिकार अर्थात् दाल, भात, तरकारी पाकेको थियो। खाना खाने हामी चार जना थियौँ तर भान्सेले दुईवटा केराको पातलाई घोप्टो पारेर खाना पस्किनु भयो। अर्थात्, एउटा केराको पातमा दुई जनाले खानु पर्ने भयो। हामी त अभ्यस्त भैसकेका थियौँ। नेत्रलाल अभागी र शोभाराम बस्नेतलाई त्यो तरिका मन परेन। तर उहाँहरूले भो भन्न सक्ने अवस्था थिएन। नेत्रलाल अभागी र मैले एउटा पातमा अनि प्रदीप नेपाल र शोभाराम बस्नेतले अर्को पातमा सँगै खायौँ। खाना खाँदै गर्दा नेत्रलाल अभागीले केराको पातको बीचको अग्लो भाग भन्दा उताको मात्र खानुभयो, सँगै मुछ्न, मिसाउन चाहनु भएन। खाना खाएपछि हामी भारतको नौतनवाका लागि प्रस्थान गर्‍यौँ। आज पछाडि फर्केर हेर्दा लाग्छ, त्यतिबेला हामी एकअर्काको जुठो खानुलाई 'क्रान्तिकारिता' र अलग खानुलाई पेट्टी बुर्जुवा भन्ने हद दर्जाको बचकनापनबाट ग्रस्त रहेछौँ।

**११.** प्रदीप नेपालले मलाई सीतापुरका पाँच जना किसान साथीहरू लिएर भारतको नौतनवा जाने, नेत्रलाल अभागी र शोभाराम बस्नेतलाई रेल चढाएर बिदा गर्ने र नौतनवाबाट पार्टीका दस्ताबेजहरू लिएर फर्किने जिम्मेवारी दिनुभएको थियो।

म त्यसअघि कहिल्यै नौतनवा गएको थिइनँ र प्रतिबन्धित पार्टीका महत्त्वपूर्ण दस्तावेज स्वदेश भित्र्याउने चुनौतीपूर्ण जिम्मेवारी पूरा गरेको अनुभव पनि थिएन। त्यतिबेला म भाषिक दृष्टिले स्थानीय अवधी र हिन्दी भाषामा कमजोर थिएँ। तथापि, नेत्रलाल अभागी, शोभाराम बस्नेत र स्थानीय साथीहरूलाई लिएर नौतनवा गएँ। नेपाल–भारतको सिमानामा पुग्दा नेत्रलाल अभागी पिसाब फेर्न झाडीतिर जानुभयो। फर्किएर आउँदासम्ममा भारतका सीमा प्रहरी आएर हाम्रा झोला खानतलासी गर्दै थिए। उनीहरूले झोलामा को–अर्डिनेसन केन्द्र र सन्देश समूहका दस्तावेज देखे र सोधे– 'तुम लोग कम्युनिस्ट हो क्या ?' मैले 'हौँ' भनेर जवाफ दिएँ। उनीहरूले नेत्रलाल अभागीको झोलामा एउटा सानो चिठ्ठी आकारको स्टिच गरेको कागज भेटे। उनीहरू त्यो कागज खोल्न चाहने, नेत्रलाल अभागी खोल्न तयार नहुने, एकछिन तनाव भयो। मैले नेत्र कमरेडलाई सोधेँ, यो स्टिच गरेको कागजमा के छ ? उहाँले को–अर्डिनेसन केन्द्रको पर्चा भएको जानकारी दिनुभयो। मैले खोलिदिउँ भने, उहाँले खोलेर देखाउनु भयो। उनीहरूले 'तुम लोग क्यों तङ्ग करते हो ?' भन्दै हामीलाई छाडिदिए।

हामीले नौतनवाको रेलवे स्टेसनमा पुगेर नेत्रलाल अभागी र शोभाराम बस्नेतलाई हार्दिकता साटासाट गर्दै बिदा गऱ्यौँ। हामी जुन बाटो गएका थियौँ, त्यहीबाट फर्किंदै थियौँ। नेपाल–भारत सिमानामा नेपाल प्रहरीका हबल्दार र सिपाहीहरूसँग जम्काभेट भयो। उनीहरूले रोके। हाम्रो झोलामा को–अर्डिनेसन केन्द्रका छानिएका रचनाहरू र अरू महत्त्वपूर्ण दस्तावेज थिए। पञ्चायती कालरात्रिमा कम्युनिस्ट पार्टीका दस्तावेज सहित गिरफ्तार हुनु पार्टीका लागि क्षतिको विषय थियो। हामीले प्रहरीको पञ्जाबाट उम्कने उपाय खोज्न थाल्यौँ।

प्रदीप नेपालले हामीलाई खाजा खानका लागि भनेर भारतीय १० रुपैयाँ दिनुभएको थियो। हामीले ५ रुपैयाँ ७५ पैसाको भेली र च्युरा किन्यौँ। हामीसँग भारु चार रुपैयाँ २५ पैसा बाँकी रहेको थियो। प्रहरीको पञ्जाबाट उम्किन हामीले त्यही पैसा प्रयोग गर्ने सोँच बनायौँ। मैले प्रहरीलाई 'हामी नेपाली जनताको मुक्तिका लागि सङ्घर्ष गर्ने कम्युनिस्ट कार्यकर्ता हौँ। हामीले राजतन्त्र र पञ्चायती व्यवस्थालाई ध्वस्त पार्छौं, जनताको राज कायम गर्छौं र तपाईंहरूको समेत हित र कल्याण गर्छौं' भनेर सम्झाउने कोसिस गरेँ। मेरो तर्क खेर गयो। प्रहरीले हामीलाई जिल्ला प्रहरी कार्यालयमा लैजाने भए। अन्तिम कोसिस गर्नुपर्छ भन्ने लाग्यो र मैले प्रहरी टोलीको मुख्य व्यक्ति (सई वा असई के थिए कुन्नि ?) सँग एकान्तमा कुरा गरेँ। मैले भनेँ– हामीलाई छाडिदिनूस्, म तपाईंलाई तीन सय रुपैयाँ दिन्छु। उनले त्यतिले नहुने, पाँच सय रुपैयाँ दिनुपर्ने सर्त राखे। मैले त्यति त सक्दिनँ, तीन सयमा मान्नूस् भनेँ। अन्ततः उनी तीन सयमै सहमत भए। त्यसपछि

मैले भनेँ, 'अहिले हामीसँग ४ रुपैयाँ २५ पैसा भारु छ, यो लिनूस्, बाँकी रकम पर्सि यसै समयमा यही ठाउँमा ल्याइदिन्छु।' एकछिन उनी अलमलमा परे र भने पर्सि हुँदैन, भोलि चाहिन्छ। मैले 'भोलि पनि सक्दिनँ, पर्सि ल्याइदिन्छु, मान्नुहुन्न भने हामीलाई गिरफ्तार गर्नुस्' भने। उनले मेरो भनाइलाई विश्वास गरे र पर्सिपल्ट त्यही ठाउँमा २ सय ९५ रुपैयाँ ७५ पैसा दिने गरी हामीलाई छाड्न सहमत भए। मैले ४ रुपैयाँ २५ पैसा भारु उनको हातमा थमाएँ। उनले हिसाब गर्न सजिलो हुन्छ भन्दै २५ पैसा फिर्ता गरे। हामी उत्साहका साथ सीतापुर भाँटातिर लाग्यौँ। प्रहरीलाई झुक्याउन सकेकामा हामी दङ्ग थियौँ।

सीतापुर भाँटा पुग्दा झमक्क साँझ परिसकेको थियो। हामीले दस्ताबेजको भारी बिसायौँ र प्रदीप नेपाललाई बुझायौँ। प्रहरीको पञ्जामा परेको र प्रहरीलाई चक्मा दिएर उम्किएको घटना विवरण सुनायौँ। स्याब्बासी पाइएला भन्ने अपेक्षा गरेका थियौँ। तर प्रदीप नेपालले हामीलाई 'प्रहरीलाई पैसा दिएर उम्किने ? एउटा क्रान्तिकारी कम्युनिस्ट भएर यस्तो कायरता प्रदर्शित गर्ने ?' भन्दै कडा आलोचना गर्नुभयो। आइन्दा यस्तो नगर्न चेतावनीको भाषामा निर्देशन दिनुभयो। म रातभरि निदाउन सकिनँ। आफूबाट गम्भीर गल्ती भएको महसुस भयो। गल्ती कसरी सच्याउने ? पार्टी र नेता कमरेडहरूको विश्वास कसरी जित्ने ? कसरी आगामी दिनमा गल्ती गर्नबाट जोगिने ? मनमा यस्तै–यस्तै तरङ्ग आइरह्यो।

दोस्रो पटकदेखि प्रदीप नेपालले दस्ताबेज भित्र्याउन नौतनवा जाँदा हामीलाई पैसा होइन, भेली र च्युरा दिएर पठाउन थाल्नु भयो। सायद नगद पैसा नभएपछि हामीले गल्ती गर्दैनौँ भन्ने ठान्नुभयो होला। भेली र च्युरा बोकेर जाने, दस्ताबेज बोकेर फर्किने र पार्टीलाई बुझाउने। नौतनवाबाट रूपन्देहीमा दस्ताबेज भित्र्याउने मुख्य जिम्मेवारी मेरै थियो। मैले किसान साथीहरूमध्ये कहिले कसलाई त कहिले कसलाई लिएर नौतनवा जान्थेँ र दस्ताबेजको भारी बोकेर फर्किन्थेँ।

एकपटक वर्षायाम थियो, हामी नौतनवाबाट दस्ताबेजको भारी बोकेर सीतापुर भाँटा आइपुग्दै थियौँ। झमक्क साँझ परेको थियो। भर्खर पानी बिसाएको हिलो बाटो थियो। गणसारीनेर आइपुग्दा मलाई सर्पले टोक्यो। अब के गर्ने ? हस्पिटल जाने कि सीतापुर भाँटा जाने ? हामीसँग उपचारका लागि एक रुपियाँ पनि थिएन। दस्ताबेजको भारी गन्तव्यमा पुर्‍याउने जिम्मेवारी पनि पूरा गर्नु थियो। त्यसैले हामी सीतापुर भाँटातिर नै लाग्यौँ। त्यहाँ पुगेपछि हामीले दस्ताबेजको भारी बिसायौँ। त्यहाँ अरू कोही जिम्मेवार कमरेडहरू हुनुहुन्नथ्यो। मैले सेल्टरमा हुनुभएका किसान कमरेडहरूसँग आफूलाई सर्पले टोकेको बताएँ। बायाँ पैतालाको माथिपट्टि सर्पले टोकेको घाउबाट रगत बगिरहेको

थियो। किसान साथीहरूले मेरो तिघ्रा रसीले बाँध्नुभयो र मलाई खुर्सानी खान दिनुभयो। सर्प विषालु हो होइन भनेर बुझ्न खुर्सानी खान दिने चलन रहेछ। खुर्सानी खाँदा पिरो भयो भने सर्प विषालु होइन, पिरो हुन छाड्यो भने विषालू हो भन्ने थाहा लाग्दो रहेछ। खुर्सानी खाँदा मलाई पिरो भयो। उहाँहरूले आधा घण्टाको फरकमा राती १२ बजेसम्म पनि खुर्सानी खान लगाउनु भयो। मलाई हरेक पटक पिरो भैरह्यो। उहाँहरू विषालु सर्प होइन भन्ने निष्कर्षमा पुग्नु भयो र मेरो खुट्टाको रसी खोलिदिनु भयो। सर्पको टोकाइबाट सुरक्षित हुन पाएकामा त खुसी लाग्ने नै भयो। तर मनमा एउटा अव्यक्त त्रास लामो समयसम्म रहिरह्यो– कदाचित् मलाई टोक्ने सर्प विषालु थियो भने मेरो हालत के हुन्थ्यो होला? त्यस्तो अवस्थामा खुर्सानी खाएर त जीवन जोगिने थिएन।

**१२.** पूर्णकालीन एवं भूमिगत राजनीतिक यात्राका सुरुका दिनहरूमा चार गाउँको मेरो कार्यक्षेत्र, करिब एक दर्जन घरमा महिना दिन बिताउनु पर्ने प्रतिकूल परिस्थिति थियो। पार्टीले हामीलाई जनताको घरमा आश्रय लिएर, जनताको सुखदुःखमा सहभागी भएर, जनतासँग एकाकार भएर, जनताको विश्वास जितेर पार्टीको जनाधार विस्तार गर्ने, सङ्गठन निर्माण गर्ने र सङ्घर्षका योजना निर्माण तथा कार्यान्वयन गर्ने निर्देशन दिएको थियो। जनता जहाँ जसरी बस्छन्, त्यसैगरी बस्ने, जे खान्छन् त्यही खाने, भात–भान्छा, घर सफा गर्ने, खाना पकाउने, भाँडा माझ्ने, कपडा धुने, अनुकूलता हेरेर खेत जोत्ने, बाली लगाउने, बाली उठाउने लगायतका श्रममा सहभागी हुन भनिएको थियो। सुरुमा त धेरै असहज र अप्ठ्यारो महसुस भयो। जब समय बित्दै गयो, क्रमशः पार्टीको निर्देशन अनुरूप चल्न अभ्यस्त हुँदै गएँ।

बोहरवामा रुदल यादवको घर मेरो अलिक बाक्लो बस्ने सेल्टर थियो। घरायशी श्रम र सुखदुःखमा सहभागिता तथा जीवन्त संवादले गर्दा परिवारका सबै उमेर समूहका व्यक्तिहरूले मलाई औधि माया गर्नुहुन्थ्यो। मङ्सिरको महिना, बिहानको समय थियो। जाडो छल्न हामीले घरसँगै जोडिएको गाईगोठमा कौडा (करिब ६ इन्च गहिरो खाल्टोमा गोबरका गुइँठा, धानको भुस र सुकेको झारपात बालेर तयार गरिएको आगो ताप्ने ठाउँ) तापेका थियौँ। परिवारका प्रायः सबै आगो वरिपरि हुनुहुन्थ्यो। एउटा सप्रिएको मुसा दौडिएर नजिक आइपुग्यो। सानो भाइले आफ्नी आमालाई भन्यो– 'माई रे हयी चुहवा के मुवा दे।' भाउजूले कौडाको छेउमा रहेको लाठीले मुसालाई हिर्काउनु भयो। मुसाको टाउकैमा लाग्यो र छटपटिँदै उत्तानो पर्‍यो। सानो भाइले आमालाई फेरि भन्यो– 'माइ रे ये के भुज द।' भाउजूले त्यो मुसालाई झिरले रोपेर बलिरहेको कौडामा पोल्नुभयो। काठको छेस्काले घोटेर डढेको रौँको धूलो झार्नुभयो। काट्नु भयो, आन्द्राभुँडी फाल्नु भयो, टुक्राटुक्रा पार्नुभयो। प्रत्येक टुक्रालाई फलामको सुइरोमा उनेर फेरि सेकुवाको

शैलीमा पोल्नुभयो। थालमा राखेर खाने तेल, नुन, खुर्सानी, लसुनमा मोल्नुभयो। सानो भाइले मलाई औधी माया गर्थ्यो। त्यस घरमा जानासाथ मसँगै बस्ने, खाने र खेल्ने उसको रुचिको विषय थियो। उसले मलाई देखाउँदै आमालाई भन्यो– 'माइ रे भुजल चुहवा दाइ के दईद।' भाउजूले सानो भाइको आग्रह बमोजिम खान तयार भएको मुसाको मासुका चार टुक्रा कचौरामा राखेर मलाई दिनुभयो।

म फसादमा परेँ। जनताले जे दिन्छन्, जे खान्छन्, त्यही खानू भन्ने पार्टीको निर्देशन छ। मुसा नखाउँ पार्टी आदेशको अवज्ञा हुन्छ। खाउँ, खान सकिने अवस्था नै छैन। आफूले जान्दा मुसा त बिरालोको खाना हो। मान्छेले मुसा खान्छ र त्यो पनि आफैँले खानुपर्छ भन्ने कुरा कल्पनाबाहिरको विषय थियो। केहीबेर कचौरामा मुसाको मासु राखेर खाउँ कि नखाउँको द्विविधामा घोरिएर बसेँ। धेरै समय अनिर्णयमा रहन सम्भव थिएन। मुसाको मासु नखाँदा आफूलाई जनताभन्दा अलग र विशेष ठानेको अर्थ लाग्थ्यो र आलोचना हुन सक्थ्यो। अन्ततः करिब आधा घण्टाको अन्तरालमा मैले मुसाको मासु खाने निर्णय गरेँ। मुसा खाँदा उल्टी भयो भने ? खाने निर्णयपछि पनि कसरी खाने भन्ने पिरलोले छाडेन। अन्ततः मैले मुसाको टुक्रा जिब्रोको फेँदमा राख्ने र नचबाई निल्ने निधो गरेँ। त्यसैगरी एक–एक गरेर मुसाका चार टुक्रा मासु निलेँ।

मङ्सिरमा धान काटेपछि धान खाने मुसा मार्न सेल्टरदाताहरू कोदालो र बाल्टिन बोकेर खेत खलिहानमा जानुहुन्थ्यो। प्वालको एउटा छेउमा पानी हालेपछि मुसा अर्को छेउको प्वालबाट निस्कन्थे। प्वालको मुखमा जाली राखेर मुसा समातिन्थ्यो। प्वालमा पानी हाल्दा मुसा निस्किएन भने कोदालोले प्वाल खनेर मुसा खोजिन्थ्यो। हिउँदमा मुसाको सिकार पर्याप्त मात्रामा हुन्थ्यो। मुसाको मासु घरका सदस्यलाई मात्र होइन, पाहुनाहरूका लागि समेत विशेष परिकार हुन्थ्यो। म क्रमशः मुसाको मासुमा अभ्यस्त हुँदै गएँ। मुसाको मासु खाने मात्र होइन, पकाउनमा समेत सहभागी हुन थालेँ। हिउँदको समयमा अधिकांश सेल्टरमा केही दिन बिराएर मुसा पाक्थ्यो। म मुसाको मासु खान सक्ने मात्र होइन, स्वाद मानेर खाने सक्ने हुँदै गएँ।

एकदिन हर्नैयाको सेल्टरमा त्रिलोचन ढकाल आइपुग्नु भयो। उहाँ उत्तर–पश्चिम क्षेत्र (हालको गण्डकी प्रदेश)का लागि पार्टीका प्रकाशन लैजाने योजनाका साथ आउनुभएको थियो। त्यस दिन घरबेटीले पर्याप्त मात्रामा मुसाको सिकार गर्नुभएको थियो। भान्सामा मुसाको मासुको मिठो परिकार तयार भएको थियो। हामीले सँगै खाना खायौँ, उहाँले पनि स्वाद मानेर मुसाको मासु खानुभयो। पछि हामीले सोध्यौँ, आज खाएको मासु केको थियो, तपाईंले चिन्नु भयो ? उहाँले तित्रा, कालिज वा अन्य कुनै चराको मासु होला भन्ने

अनुमान लगाउनु भयो। त्यस दिन अन्यथा होला भन्ने ठानेर हामीले बताएनौँ, भोलिपल्ट मुसाको मासु भनेर बतायौँ।

**१३.** पार्टीको निर्णय अनुरूप प्रदीप नेपाल पश्चिम–दक्षिण क्षेत्र (साबिकको लुम्बिनी अञ्चल)बाट पूर्व–उत्तर (साबिकको मेची, कोशीका पहाडी जिल्ला) का लागि बिदा हुनुभयो। सीतापुर भाँटामा बिदाइ समारोह आयोजना गरियो। भीमनारायण थारु लगायतका कमरेडहरू बिदाइ समारोहमा सहभागी भएका थियौँ। हामीले सँगै खाना खायौँ। सँगै काम गर्दाका सम्झनाहरू साटासाट गऱ्यौँ। अप्ठ्यारो बेलामा पार्टी निर्माणमा नेतृत्व गर्नुभएका आदरणीय नेतलाई बिदा गर्नुपर्दा हाम्रो मन भारी भएको थियो। मैले उहाँलाई सीतापुर भाँटाबाट भारतको गोरखपुरसम्म गएर रेल चढाएर बिदा गरेँ।

भदौको महिना थियो। घनघोर वर्षापछिको गणसारी गाउँ किनारको बाटो हिलाम्मे थियो। हामी बेहिचक कुरा गर्दै हिँडिरहेका थियौँ। हामीलाई समयमै गोरखपुर पुग्नु र रेल भेट्टाउनु थियो। गोबर र माटो मिसिएको हिलोमा आधा भाग लत्पतिएको, कसैले कोपरेको पोलेको मकैको घोँघामा हाम्रो आँखा पऱ्यो। प्रदीप नेपाल टक्क अडिनुभयो। मकैको घोँघातिर सङ्केत गर्दै भन्नुभयो– 'देख्नुभयो ?' मेरो सहज जवाफ थियो– 'देखेँ।' उहाँले फेरि प्रश्न गर्नुभयो– 'के गर्ने ?' म अलमलमा परेँ। मलाई लाग्यो मेरो परीक्षा हुँदैछ। परीक्षामा उत्तीर्ण हुन मैले जवाफ फर्काएँ– 'भुइँबाट उठाउने, पानीले धुने, छोडाउने र खाने।' उहाँले मेरो भनाइमा सहमति जनाउँदै उठाउन निर्देशन दिनुभयो। मैले उठाएँ, गाउँको चापाकलमा गएर धोएँ, छोडाएँ र हामी दुई जनाले बाँडीचुँडी खायौँ। त्यो मकै हिलोमा मात्र थिएन, गोबर मिसिएको हिलोमा थियो, नजाने के के मिसिएको हिलो थियो।

यात्राका क्रममा प्रदीप नेपालले करिब आधा घण्टा भुइँमा खसेको त्यो मकै किन खानुपर्थ्यो भनेर बताउनु भयो। उहाँको तर्क थियो– 'हामी जनतासँग सम्पूर्ण रूपमा एकाकार हुनुपर्छ। त्यसका लागि उनीहरूले जे जस्तो खान्छन्, त्यो खान सक्नु पर्छ। विपन्न परिवारका मानिसहरूले यस्तो मकै भुइँबाट उठाएर खान्छन्, त्यसैले हामीले पनि खानु पर्छ।' आजको मेरो चेतनाले भन्छ, जनतासँग एकाकार हुनु त नितान्त उचित र आवश्यक कुरा हो। तर हामी जनताको पछौटे चेतनासँग एकाकार हुने होइन, जनतालाई अग्रगामी विचारद्वारा प्रशिक्षित गर्दै एकाकार हुनु पर्छ।

**१४.** बोहरवामा सन्तप्रसाद यादवको घर मैले आश्रय लिने महत्त्वपूर्ण सेल्टर थियो। त्यहाँ रहँदाका दुईवटा अवस्था मेरा लागि सदा स्मरणीय छन्। एकातिर सेल्टरदाताले मलाई असाधारण माया, स्नेह र संरक्षण गर्नुहुन्थ्यो। अर्कोतिर खान, बस्न अत्यन्तै कठिन थियो। जाडोको समयमा नुन, खुर्सानी र लसुनको चटनीसँग गहुँको सुखारोटी मेरा लागि

चौरासी व्यञ्जनसरह थियो । यो हाम्रो नियमित भोजन थियो । कहिलेकाहीँ एक अञ्जुली जति उसिना चामलको भुजिया दिउँसोको खाजा हुन्थ्यो । दाल, भात, तरकारी खान पाउँदा दसैँ आएजस्तो लाग्थ्यो । पुस–माघको जाडोमा पराल ओच्छयाउने र लुङ्गी ओड्ने वा लुङ्गी ओच्छयाउने र पराल ओढ्ने, सुत्नका लागि यी दुईमध्ये एउटा विकल्प रोज्नुपर्ने अवस्था थियो । त्यहाँ बस्दाको मेरो अनुभव के छ भने मानिसले सहन सक्ने क्षमता बढाउँदै लग्यो भने जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि टिक्न सक्छ । भोक, तिर्खा, जाडो, गर्मी र कस्तै अभाव वा प्रतिकूलताले पनि मानिसलाई विचलित बनाउन सक्तैन । सन्तप्रसाद यादव २०५४ मा मैनहिया गाउँ विकास समितिको उपाध्यक्षमा निर्वाचित हुनुभयो ।

**१५.** जाडोको मौसम थियो। एकदिन भीमनारायण थारु र म हर्नैयाबाट फर्साटिकरको बाटो भएर सेमलार जाँदै थियो । हामी मनहोरापुर भाँटामा मरेका मानिसको अन्त्येष्टि गर्ने ठाउँ अर्थात् मसानघाटको नजिक पुग्यौँ। त्यहाँ हामीले नयाँ लाग्ने, राम्रो खोल भएको बाक्लो सिरक देख्यौँ। पुस–माघको जाडोमा चिसोमा सुत्नुपर्दाको पीडा सम्झना भयो। आपसी सल्लाहपछि हामीले त्यो सिरक लैजाने निर्णय गऱ्यौँ। त्यसदिन हामीलाई सेमलार जानु थियो। हामी राती ९ बजेतिर सेल्टरमा पुग्यौँ। सिरकको भारी बिसायौँ। सिरक हाम्रो साथमा देखेर घरमुली अचम्म पर्नुभयो। परिवारका सबैका सामु रहस्य खोल्न उचित ठानेनौँ र घरमुलीलाई एकान्तमा लगेर सबिस्तार बतायौँ। रातीको खानापछि ठूलो कसौँडीमा खरानी पानी उमाल्यौँ र सिरकको खोल राखेर एकछिनसम्म पकायौँ। सबै प्रकारका ब्याक्टेरिया, भाइरस मरे होलान् भन्ने भएपछि चुलोबाट कसौँडी उताऱ्यौँ। सिरकको खोल मिचिमिची धोयौँ, पखाल्यौँ र सुकायौँ। त्यहाँबाट हामी पर्सिपल्ट सीतापुर भाँटा जानु थियो। हामीले त्यो सिरक पालोपालो बोकेर सीतापुर पुऱ्यायौँ। भूमिगतकालभरि त्यो सिरक सीतापुर भाँटाको मुख्य सेल्टरमा पार्टीका भूमिगत नेता, कार्यकर्ताले ओढ्न प्रयोग भयो। मसानघाटको सिरकले कैयौँ नेता–कार्यकर्तालाई जाडोबाट जोगायो। सीतापुर भाँटाको सेल्टरमा बस्दा प्रदीप नेपाल, सीपी मैनाली, जीवराज आश्रित, मोदनाथ प्रश्रित, नेत्रलाल अभागी, सिद्धिनाथ ज्ञवाली, भीमनारायण थारु, शान्ता मानवी, म लगायत दर्जनौँ नेता–कार्यकर्ताले त्यो सिरक ओडेर जाडोबाट जोगिएका छौँ।

**१६.** जनमतसङ्ग्रहपछि प्रकाशित पार्टीका दस्ताबेजहरू लिएर मोदनाथ प्रश्रित बनारसबाट नौतनवा आउने, हामी यताबाट जाने र दस्ताबेज बोकेर सीतापुर फर्किने योजना बन्यो। तदनुरूप सात जना साथीहरू नौतनवा पुगेर रेलवे स्टेसनमा प्रश्रितजीलाई कुरेर बस्यौँ। छकछक गर्दै रेल आइपुग्यो। प्रश्रितजी दस्ताबेजको बोरा घिसार्दै रेलबाट ओर्लिनु भयो। हामीले त्यो बोरा उठाएर नजिकैको होटलमा लग्यौँ। बोराको सामानलाई

झोला–झोलामा बाँड्यौँ र आ–आफ्ना गह्रौँ झोला बोकेर गाउँको बाटो सीतापुरका लागि प्रस्थान गर्‍यौँ। प्रश्रितजीले कविता भाउजूका लागि लुङ्गी र केही आयुर्वेदिक औषधि किन्ने कुरा गर्नुभयो। मैले साथीहरूलाई नौतनवा बजार पश्चिमको बगैँचामा बस्न भनेँ। प्रश्रितजी र म बजार पस्यौँ। हामी फर्किंदा ढिलो भैसकेको थियो, बगैँचामा पुग्दा साथीहरू हिँडिसक्नु भएको थियो। प्रश्रितजीलाई बाटोका बारेमा केही थाहा थिएन। मलाई पनि भैरहवा विमानस्थलको पश्चिम भएर बेथरी हुँदै सीतापुर जाने एउटा मात्र बाटो थाहा थियो। साथीहरू कुन बाटो लाग्नुभयो, थाहा भएन। हामी भने मलाई थाहा भएको बाटो लाग्यौँ। भैरहवा विमानस्थलको नजिक आइपुग्दा लुम्बिनी रोडमा मानिसहरूको झुण्ड देखियो। अलिक नजिक पुगेपछि औपचारिक पोसाकका प्रहरीहरूको माझमा हाम्रा साथीहरू देखिनुभयो। हामीलाई यकिन भयो, साथीहरू गिरफ्तार हुनुभएछ। उहाँहरू र हामीबीच करिब दुई सय मिटरको दूरी थियो। हामी त्यहीँ रोकियौँ र पश्चिम दक्षिणतिर भाग्न थाल्यौँ। साथीहरूले प्रहरीलाई हाम्रा बारेमा बताइसक्नु भएको रहेछ। प्रहरीले कुरेर बसेको रहेछ।

हामी भागेको देखेपछि प्रहरीको एउटा जत्था साथीहरूलाई कुरेर बस्यो र अर्को जत्था हामीलाई गिरफ्तार गर्न तीव्र गतिमा कुदेर नजिक आइपुग्यो। प्रहरीले कटबाँसको लाठीले मलाई दुईवटै तिघ्रामा एकसाथ लाग्ने गरी चोटिलो प्रहार गर्‍यो। मैले ऐया... भनेर चिच्याएँ। प्रश्रितजीले किन पिट्छस् भनेर लाठी समाउनु भयो। उनीहरूले हामीलाई साथीहरू भएको ठाउँ, बुद्धचोक र गल्लामण्डी जाने दोबाटोमा लगे। हामी जिल्ला प्रहरी कार्यालयको करिब दुई किलोमिटरको दूरीमा थियौँ। साँझ पर्न थालेको थियो। हामीलाई भाग्न सजिलो र सायद सम्भव पनि थिएन। तथापि प्रश्रित र मैले कसरी भाग्ने भन्ने सल्लाह गर्‍यौँ। सडकबाट धूलो बालुवा उठाउने, प्रहरीको आँखा ताकेर फ्याँक्ने, प्रहरीहरू आँखा मिच्न थाल्छन्, हामी भाग्ने भन्ने सल्लाह भयो। तर प्रहरीको सङ्ख्या, उनीहरूको उपस्थिति र छरिएर रहेको अवस्थाले गर्दा भाग्ने योजना सफल हुन सकेन। सीतापुरको सेल्टरमा पुग्नका लागि चालिएका हाम्रा पाइला प्रहरी कस्टडीमा पुगेर रोकिए। जनताको न्यानो स्नेह सहितको सीतापुरको सेल्टरको साटो कठोर यातना सहितको प्रहरी कस्टडी हाम्रो नयाँ सेल्टर बन्न पुग्यो। प्रहरी कस्टडीको दुई साताभन्दा लामो बसाइँपछि अञ्चालाधीश मनमोहन मिश्रको निर्णयका आधारमा हामीलाई राजकाज अपराधमा ३ वर्ष जेल, तीन हजार जरिवाना र ‘क’ श्रेणीको सिदा सहित भैरहवा जेल चलान गरियो। अब भैरहवा जेल हाम्रा लागि नयाँ सेल्टर बन्न पुग्यो।

जीवनका ऊर्जाशील तीन वर्ष जेलमा बिताउने कुरा हाम्रा लागि सहज थिएन। उता पार्टीको जेल नीति– सकेसम्म जेल विद्रोह गरेर जनताको माझमा जाने र पार्टी काममा जुट्ने भन्ने थियो। अञ्चलाधीश मनमोहन मिश्रले हामीलाई एक–एक गरेर बयान लिन

लगाउँथे र बयान सकिएकाहरूलाई सजाय तोकेर जेल चलान गर्थे। बुटवलको प्रहरी कार्यालयबाट सबैभन्दा पहिला मोदनाथ प्रश्रित भैरहवा जेल चलान हुनुभयो। बयान सकिएपछि पर्सिपल्ट मलाई जेलमा पठाइयो। एवंरितले सबै साथीहरूलाई भैरहवा जेल चलान गरियो। प्रश्रित र म बाहेक अरू साथीहरूलाई २ वर्ष जेल र 'ख' श्रेणीको सिदा तोकियो। प्रश्रितजी र म जेलमा भेट भएसँगै जेलविद्रोहको योजना बनाउनमा तल्लीन भयौँ। करिब एक हप्ता लगातारको छलफल गरेपछि हामी जेल विद्रोहको मोडालिटी तय गर्न सहमत भयौँ र जेलविद्रोह गरेर जनताका बीचमा गई छाड्ने दृढ निश्चय गऱ्यौँ। जेल विद्रोहको अनुभव अत्यन्त रोमाञ्चक छ। योजना बनेको ४५ औँ दिन बिहान हामी भैरहवा जेलबाट बाहिर निस्कन सफल भयौँ। राती करिब ११ बजे सुरु भएको जेलबाट बाहिर निस्कने हाम्रो प्रयास बिहान ४.४५ बजेमात्र सम्पन्न भयो।

**१७.** हामीले जेलविद्रोहको तयारी गरिरहँदा जेलबाट निस्केपछि कहाँ जाने भन्ने पनि छलफल गर्दै थियौँ। एकसरो छलफलपछि विदेश (भारत) नजाने, देशभित्रै रहने निर्णय गऱ्यौँ। चार किलोमिटर दक्षिण जाँदा हामी नेपालको सिमाना पार गरेर भारतीय भूमिमा पुग्न र सजिलै सुरक्षित हुन सक्थ्यौँ। तर हामीले सुरक्षाका लागि सजिलो बाटो रोज्ने होइन, सावधानीका साथ देशभित्रै रहने निश्चय गऱ्यौँ। भैरहवा जेलको पर्खालबाहिर आइपुग्दा रिमरिम उज्यालो भइसकेको थियो। हाम्रा सामु गम्भीर सुरक्षा चुनौती थियो। ठूलो सङ्ख्यामा हतियारधारी प्रहरी हाम्रो खोजीमा परिचालित भइसकेका थिए। सानो असावधानी हुँदा हामी गिरफ्तार हुन सक्थ्यौँ। गिरफ्तार हुँदा निर्मम यातना त मामुली कुरा थियो, हाम्र विरुद्ध त्यसभन्दा बढी पनि हुन सक्थ्यो। जनताका माझमा रहेर क्रान्तिका निम्ति समर्पित हुने हाम्रो सङ्कल्पका सामु ब्रेक लाग्न सक्थ्यो। तर, हामीसँग विकल्प सीमित थियो। हामी भैरहवा जेलबाट करिब एक किलोमिटरको दूरीमा रहेको गोलीगढका पुष्पराज/सीताकहाँ गयौँ। उहाँहरू हामीलाई देखेर डराउनु भयो। उहाँहरू नियमितजसो हामीलाई भेट्न जेलमा जानुहुन्थ्यो। हिजोसम्म जेलमा भेटेको व्यक्ति आज बिहान झिसमिसे उज्यालोमै जेलबाट करिब एक किलोमिटरको दूरीमा आफ्नो आँगनमा आएको देख्दा डराउनु स्वाभाविकै थियो। पुष्पराज भैरहवामा चिनिएका कम्युनिस्ट। प्रहरी हाम्रो खोजीमा उहाँको घरमा आउने सम्भावना थियो। त्यसैले उहाँहरूले हामीलाई त्यहाँ नबस्न सल्लाह दिनुभयो। पुष्पराजले हामीलाई गोलिगढपूर्वको गाउँको सिमानासम्म छाड्न जानुभयो। हामी त्यहाँबाट खेतैखेत उत्तरतिर लाग्यौँ। करिब ४ घण्टा हिँडेपछि हामी बिहुलीको नजिक पुग्यौँ। त्यहाँ मलाई थाहा भएको सेल्टर बाबुराम चौधरीको घर मात्र थियो। बिहानको करिब ९ बजे हामी उहाँको घरमा पुग्यौँ। हामी ६ जनाको समूहमा थियौँ। घरमा बिना सिंह र परिवारका अन्य सदस्य हुनुहुन्थ्यो। बिनाले हामीलाई चिन्नु थारुकहाँ

अर्थात् सुरक्षित सेल्टरमा लानुभयो। चिन्नुको निवासमा प्रवेश गर्दा नगर्दै प्रहरीको जत्था गाउँको दक्षिणको बाटो भएर कुदिरहेका थिए। दुई दिन हामीले चिन्नु थारु र दोहा थारुको निवासमा आश्रय लियौँ। चिन्नुको विपन्न परिवार, खपडाको छाना भएको अँध्यारो र सानो घर, झिँगा र मच्छडको प्रकोप, तर असाधारण माया, स्नेह, सद्भावयुक्त व्यवहार। हामीलाई प्रहरी प्रशासनबाट सुरक्षित राख्नुभएको मात्र होइन, अवस्था अनुसारको खानपिन र सुत्ने बस्ने प्रबन्ध गर्नुभयो। कहिल्यै बिर्सन सकिँदैन चिन्नु, दोहा, बिना, बाबुराम र उहाँहरूको परिवारका अन्य सदस्यको त्यो आत्मीय व्यवहार। जेल तोडेर आएका र प्रहरीले सम्पूर्ण तागतका साथ खोजिरहेका हामीलाई त्यो पनि भैरहवादेखि केही घण्टाको दूरीका बस्तीमा सुरक्षित तवरले राख्ने कुरा चानचुने साहस, सुझबुझको विषय थिएन। हामी त्यस्तो प्रतिकूल परिस्थितिमा पनि जनताको घरमा सुरक्षित रूपमा आश्रय लिएर जोगिन सफल भयौँ।

पर्सिपल्ट रातको समयमा हामी तुकतुकियाका परमेश्वर थारुकहाँ पुग्यौँ। त्यहाँ हामीलाई परमेश्वर थारु, रामशङ्कर थारु, तमलेश्वर थारु लगायत स्थानीय किसान साथीहरूले आश्रय दिनुभयो, संरक्षण गर्नुभयो। केही दिन त्यहाँ बसेपछि हामी टटेराभाँटा गयौँ। त्यहाँ पार्टीप्रति अत्यन्त निष्ठावान रामप्रीत ठाकुरकहाँ केही दिन बस्यौँ। सुकुम्बासी बस्तीका रामप्रीत र उहाँको श्रीमती मेवतीले हामीलाई हार्दिकताका साथ जोगाएर राख्नु भयो। गरिबी थियो, तर पाहुनालाई जस्तो व्यवहार गर्नुहुन्थ्यो, त्यहाँ त्यस्तै व्यवहार पायौँ। मोहनाजोदका शम्भु (भुलन) थारुको घरमा रहँदाको आत्मीय व्यवहार पनि स्मरणीय छ। अभावका बीचको आत्मीय व्यवहारको आफ्नै प्रकारको विशिष्ट महत्त्व हुन्छ, जसलाई शब्दमा वर्णन गर्न सजिलो हुँदैन।

जेल विद्रोहपछिको अप्ठ्यारो अवस्थामा क्रान्तिका लागि महत्त्वपूर्ण अभिभारा ठानेर हामीलाई स्नेहका साथ संरक्षण गर्ने सेल्टरदाताहरूमध्ये कैयौँको निधन भैसकेको छ। यही २०८० पुस १६ गते बिहुलीका चिन्कु थारुले हामीलाई आश्रय दिएपछि बेहोर्नु परेको गिफ्तारी र यातनाको कथा यसरी सुनाउनु भयो– 'अरे बाबु, का कहीँ? तुहन पाँच चली गैला। का जानी कौनो ने पुलिस के कहदेहलस् कि हमरे तुहन के छुपा के रखले रहली। प्रहरी आइले और हमरे साथ गाउँ के १५ मिला के पकरके लेगैले। पुलिस हम्मनके नेतागिरी करला ? कहिके गरियात रहे। काहे उन्हन पाँचके बैठे देहला ? कहिके पुछत रहे। हमरे नेता नाही होइला, और नेता कैसे होले पता भी नही बा कहल गइल। पुलिस हम्मन के लाठी, बुटसे कब्बो केहर, कब्बो केहर जोरजोर से मारले। यहेमे से पैतरा मे मारलका बहुत पीडा होला बाबु। हम एक बरस तक जेलमे रैली, तब जाके तारिख मे छोड्देहले।' उहाँ अहिले ८६ वर्षको हुनुभएको छ। उहाँ भन्नुहुन्छ– जब से हम

पार्टी मे लगली, तब से कब्बो हयी पार्टी छाडले नही बाटी। अभिन तक सुरु के शपथ नाहीँ भुलाईले बाटी। बकीर नेता लोग बड्का–बड्का पदमे पुगले के बाद हम्मन के विसरगइले, यह मे दुःख लागता।

टटेराभाँटाका रामप्रीत ठाकुरको निधन भैसकेको छ। उहाँकी श्रीमती मेवती ठाकुर अस्वस्थ हुनुहुन्छ तर उहाँमा पुराना घटनाक्रमहरूको स्मरण भने बेजोड छ। हामी भेट्न जाँदा उहाँले आफ्नो मातृभाषामा मलाई सङ्केत गर्दै धाराप्रवाह भन्नु भयो। 'ए तिमी कैलाश हौ ? मैले त तिमी ज्यूँदो छौ कि मरिसक्यौ होला भन्ने सोचेकी थिएँ' भन्दै मलाई अँगालो हाल्नुभयो। उहाँले रामप्रीत ठाकुर पार्टी काममा जुट्दाको अनुभव सुनाउनु भयो। भन्नुभयो– 'हम भात रिझत रहली, धेर मिला एक्के परातमे खात रहले।' उहाँले सेल्टरमा सुरक्षित तवरले आउने, जाने र रहँदा खाने, बस्ने, दिसा, पिसाब गर्ने, असम्बन्धित मान्छेसँग जोगिने तरिका बताउनु भयो। एक दिनको घटना सम्झँदै उहाँले भन्नुभयो– 'वामदेव पानी लाए खोलामे जात रहले। गाउँवाले पुछले कि तु कौन हो ? वामदेव ने कहदेहले, हम ठाकुरजी के पहुना होइला। फिर उनरे पुछले, तुँ त पहाडिया जैसन लगला, कैसे ठाकुर के पहुना होगइला ? वामदेवजी अनेक वहाना गरेर उम्किएको कुरा सुनाउनु भयो।'

उहाँले आफूले दशकौँदेखि कमाएर आएको जमिनको लालपुर्जा नपाएको गुनासो गर्नुभयो। 'अचेल त कोही नेता आउँदैनन्, गाउँका साथीहरू पनि आउँदैनन्, सबैले भुले। ओह समय ठिक रहे, अब बढियाँ नही लगता। तर मरे पनि एमाले छाड्दिनँ।' रामप्रीतको भरपर्दो साथी दुखहरण दुसाध ७० वर्ष पुग्नुभएको छ। उहाँले पनि पार्टीका नेताहरूलाई सघाएको सम्झना गर्नुभयो र भन्नुभयो– 'हमे अभिन तक नागरिकता नही मिलल्। बेटवाके मिलल बा, हमे नाहीँ मिलल। पहले, पहले सुरजमे ओट डारे जात रहली अब त ओटो डारेके नहीँ मिलता। तब्बो हम हई पार्टी मे बाटी। का जाने हम्मे नागरिकता काहे नाहीँ देहले ? तब्बो हम यह पार्टी नाही छाडब।'

हामी भूमिगत कार्यशैलीमा पारङ्गत नै थियौँ भन्दा हुन्छ। गिरफ्तार भएपछि बयानका क्रममा मैले कैलाश उपाध्यायको नाममा बयान दिएको थिएँ। मेरो पुख्यौली घर गुल्मी हो। मेरा बाआमा भारतको आसाम गएका थिए। म त्यहीँ जन्मेको हुँ। बाआमा बित्नु भयो, म टुहुरो भएँ। अहिले पुख्यौली गाउँ कस्तो रहेछ हेरौँ न भन्ने सोचले आउँदै गर्दा गिरफ्तार भइयो भन्ने मेरो बयान पत्याएका थिए। जेल विद्रोहपछि मेराविरुद्धको वारेण्ट पुर्जी छपियाको स्कुलमा कैलाश उपाध्यायका नाममा टाँसेका थिए।

मलाई लाग्छ, आजको यो विशाल र शक्तिशाली पार्टीमा म जुन ठाउँमा र जस्तो भूमिकामा छु, हिजोका तिनै सेल्टर र सेल्टरदाताका कारणले छु। मैले प्रयोग गरेका

सेल्टरहरू मेरो पूर्णकालीन राजनीतिक यात्राको पहिलो दशकमा भूमिगत तवरले कार्यसम्पादन गर्नमा अत्यन्त महत्त्वपूर्ण र अविस्मरणीय रहेका छन्। आज पनि म मेरा सेल्टरलाई मेरो राजनीतिक शिक्षाको पाठशाला र सेल्टरदाताहरूलाई शिक्षक/शिक्षिकाका रूपमा आदरपूर्वक स्मरण गर्न चाहन्छु।

**१८.** प्रश्रितजीको स्वास्थ्य सजगता प्रेरणादायी थियो। सँगै रहँदा उहाँले हामीलाई बिहान सबेरै उठाउनु हुन्थ्यो र योग तथा व्यायाममा सहभागी बनाउनु हुन्थ्यो। अक्सिजन त सबैलाई चाहिन्छ तर उहाँलाई विशेष व्यवस्था गर्नुपर्ने। पक्की घर छ भने झ्याल खोल्नु पर्ने, कच्ची घर छ भने पनि तदनुरूप अक्सिजनका लागि अनुकूल अवस्था निर्माण गर्नुपर्ने। हामी टटेरामा एउटा टाँटीको घरमा थियौँ। प्रश्रितजीले अक्सिजनका लागि टाँटीमा प्वाल पार्नुभएको मलाई आजैजस्तो लाग्छ।

**१९.** यतिबेला उमेरले ८२ वर्ष पुग्नुभएको रविलाल बञ्जाडे र ७८ वर्ष पुग्नुभएकी चुमकला बञ्जाडेको जोडी अनुपम छ। दाम्पत्य जीवनको तात्पर्य र श्रीमान् श्रीमतीबीचको सम्बन्धको महत्त्व बुझ्न उहाँहरू पाठशाला नै हुनुहुन्छ। दस वर्षदेखि उहाँहरूको परिवार मायादेवी गाउँपालिकाको बसडिलवामा रहँदै आएको छ। २०३५/३७ सालतिर उहाँहरू मैनहिया गाउँपालिकाको बहादुर टोलमा, तिनाउ नदीको किनारमा बस्नुहुन्थ्यो। उहाँको घर पार्टीको अत्यन्त भरपर्दो सेल्टर थियो। त्यहाँ हामीलाई बस्न, खान, बैठक गर्न सबै हिसाबले सुविधा थियो। परिवारका सबै सदस्य, यहाँसम्म कि बच्चाबच्ची समेत तालिमप्राप्त सुरक्षाकर्मी, पहरेदारजस्ता। प्रहरी, प्रशासन र अपरिचित व्यक्तिहरूबाट नेताहरूलाई कसरी बचाउने ? त्यहाँबाट अर्को सेल्टरमा जानुपर्दा कसरी सघाउने ? बस्ने, खाने, दिसा–पिसाब गर्ने, नुहाइ–धुवाइ गर्ने लगायत सबै विषयमा नेताहरूलाई सघाउन पारङ्गत हुनुहुन्थ्यो।

रविलाल/चुमकलाको घर हाम्रा लागि आफ्नै घरजस्तो थियो। त्यहाँ रहँदा हामी सुरक्षाका दृष्टिले निश्चिन्त हुन्थ्यौँ। खाने, बस्ने, नुहाइ, धुवाइ, बैठक, भेला हरेक कामका लागि अनुकूल थियो त्यो सेल्टर। चुमकला दिदी अत्यन्त साहसी हुनुहुन्थ्यो। हामीलाई जोखिम मोलेर अभिनयका साथ जेल विद्रोहका लागि आवश्यक पर्ने उपकरण उहाँले नै लगिदिनु भएको थियो।

**२०.** २०३७ कार्तिक १ गते रातको समय थियो। छपियाको माविमा अमर जीसीद्वारा लिखित तथा निर्देशित ‘वर्गीय समाजमा’ नामक नाटक प्रदर्शनका लागि एक महिनादेखि तयारी भइरहेको थियो। रातको समय, दर्शकहरू खचाखच। अत्यन्त जीवन्त र आकर्षक प्रस्तुति। म केही हप्ताअघि मात्र भैरहवा जेल तोडेर बाहिर निस्किएको र प्रहरी

प्रशासनको कडा निगरानीमा रहेको मान्छे, सार्वजनिक कार्यक्रममा उपस्थित हुनु उचित हुँदैनथ्यो। तथापि नाटक नहेरी मनले मान्दै मानेन। भीमनारायण थारु मेरो कमिटीको प्रमुख। मैले उहाँसँग नाटक हेर्न जाने अनुमति मागेँ। उहाँले सावधानी अनपनाउनु भन्दै अनुमति दिनुभयो। त्यसपछि म हीरामणि शर्मासँगै नाटक हेर्न गएँ। हीरामणिले आन्तरिक रूपमा व्यवस्थापन कार्यको नेतृत्व गर्नुभएको थियो। त्यहाँ मेरो भूमिका भने दर्शकको मात्रै थियो।

नाटक प्रदर्शनीको उत्कर्षमा पुगेका बेला मञ्चमा प्रहरीको पोसाकमा बन्दुक बोकेका करिब आधा दर्जन मानिस देखिए। हामीलाई लाग्यो– क्या आकर्षक प्रस्तुति, कलाकारहरूले कसरी हुबहु प्रहरीको भूमिका निर्वाह गर्न सकेका होलान् ? तर केही सेकेण्डमै हाम्रो अनुमान फेल खायो। मञ्चबाट गोली चल्यो, ती त प्रहरीको पोसाक धारण गरेका कलाकार होइन रहेछन्, दमन गर्न खटाइएका प्रहरी रहेछन्। चौध वर्षीय विद्यार्थी तारापति भट्टराई घटनास्थलमै मारिनु भयो। वेजाप्रसाद चौधरी घाइते हुनु भयो। जागरणमूलक सांस्कृतिक कार्यक्रम गर्दा गोली प्रहार गरेर निर्दोष विद्यार्थीको हत्या गर्ने र दर्शकका रूपमा सहभागी भएका किसानलाई घाइते बनाउने त्यतिबेलाको पञ्चायती शासन कति क्रूर थियो भन्ने कुरा निर्वाध रूपमा लोकतान्त्रिक अभ्यास भइरहेको आजको समयमा अनुमान लगाउन गाह्रो विषय हो। जनमतसङ्ग्रहपछि सुधारिएको भनिएको पञ्चायती शासन त त्यति दमनकारी थियो भने त्यसअघिको अवस्था कस्तो थियो होला ?

पञ्चायती कालरात्रिमा एउटा प्रगतिशील नाटक वा सांस्कृतिक कार्यक्रमको सफल आयोजना ठूलो युद्धको जीत–हारजस्तो विषय हुन्थ्यो। त्यस्ता कार्यक्रमको प्रभाव पनि निकै व्यापक हुन्थ्यो। यस्तो एउटा कार्यक्रमले एकसाथ हजारौँ मानिसलाई प्रत्यक्ष वा परोक्षरूपमा पार्टीको पक्षमा गोलबन्द गर्थ्यो। गाउँबस्तीहरूमा एकसाथ पार्टीको प्रभाव विस्तार हुन्थ्यो। जनगायक अमर जीसी र उहाँको सांस्कृतिक टोलीले गीत, सङ्गीत र नाटकका माध्यमबाट रूपन्देही र आसपासका जिल्लाहरूमा पार्टी विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो।

छपियामा प्रहरीको निर्मम दमनपछिको अवस्था अत्यन्त चुनौतीपूर्ण थियो। छपियाका घरघरमा खनतलासी, गिरफ्तारी, यातना आदिको दौर चल्यो। त्यतिबेला हाम्रासामु सहिद तारापतिको अन्त्येष्टि, घाइते वेजाप्रसाद थारुको उपचार गर्नुपर्ने दायित्व थियो। दमनले सिर्जना गरेको प्रतिकूल मनोविज्ञानलाई चिरेर पार्टीलाई जोगाउने र अघि बढाउने जिम्मेवारी थियो। मैदानमा रहेर नेतृत्व गर्दामात्र तत्कालको अभिभारा पूरा हुन सक्थ्यो र पार्टी जोगाउने र अघि बढाउने काममा योगदान पुग्न सक्थ्यो। यही

विश्लेषणका साथ हामी, खासगरी हीरा शर्मा र म छपियामै भूमिगत रूपमा कार्यरत रह्यौँ। अन्त्येष्टि, उपचार लगायतका काम अघि बढाउन भूमिगत रूपमै नेतृत्व गर्‍यौँ। कार्यकर्ता, सेल्टरदाताको मनोबल टुट्न नदिन हरसम्भव कोसिस गर्‍यौँ। समय बित्दै गयो र परिस्थिति सामान्य हुँदै गयो। छपिया प्रहरी दमनलाई चिरेर पार्टीको बलियो किल्लाका रूपमा अघि बढ्यो। त्यस्तो विषम परिस्थितिमा छपियामा हामीलाई सेल्टर दिने र भूमिगत रूपमा कार्यरत पार्टी नेतृत्वसँग सम्पर्कमा रहेर नेता–कार्यकर्ता, सेल्टर र समग्र पार्टीको प्रतिरक्षा गर्ने तुलसी, पम्फा, शारदा, विष्णु बोहरा लगायतका साथीहरू सदा स्मरणीय हुनुहुन्छ।

**२१.** अप्ठ्यारो बेलाको चिनजानले होला, नेत्रलाल अभागीसँग मेरो सम्बन्ध घनिष्ट थियो। उहाँ केन्द्रीय कमिटीको बैठकमा सहभागी भएर दाङ जाने गरी रूपन्देहीमा आइपुग्नु भयो र मलाई भेट्न चाहेको खबर पठाउनुभयो। त्यही दिन साँझ छपियामा नाटक प्रदर्शनीको तयारी चलिरहेको थियो। म तयारी कार्यलाई सघाउने र नाटक पनि हेर्ने योजनाका साथ बकुलगाडको सेल्टरमा थिएँ। म उहाँलाई भेट्न जान सकिनँ र खबर पठाएँ। उहाँले मलाई अत्यन्त आत्मीय र कमरेडली भावको पत्र लेख्नुभयो र दाङतिर लाग्नु भयो। केही दिनपछि मैले त्यो पत्र पढेँ र उहाँसँग भेट हुन नपाएकामा पश्चात्ताप महसुस गरेँ। पछि खबर आयो– कमरेड नेत्रलाल अभागी हराउनु भयो। पार्टीले कार्यदल नै बनाएर उहाँको खोजी गर्‍यो। धेरै समयपछि उहाँको अस्थिपञ्जर दाङमा एउटा खोला किनारमा भेटियो। पश्चिममा उदाइरहेको सूर्य, कम्युनिस्ट आन्दोलनको एउटा नक्षत्र हामीबाट सदाका लागि बिदा भएर जानुभयो। आज पनि उहाँको मृत्युको कारण पत्ता लाग्न सकेको छैन। सायद उहाँ यात्रामा एक्लै हुनुहुन्थ्यो, यात्राका क्रममा ब्लडप्रेसर वा यस्तै कुनै स्वास्थ्य समस्यामा पर्नुभयो। सहयोग गर्ने, उद्धार गर्ने कोही भएन र एक्लो अवस्थामा हामीबाट सदाका लागि बिदा भएर जानु भयो। त्यतिबेला मैले नेत्रलाल अभागीलाई भेट्न नपाएको पछुतो जीवनपर्यन्त रहिरहने छ।

**२२.** २०३७ कार्तिक ६ गतेको कुरा हो, त्यतिबेला म रूपन्देहीको सेमलारस्थित दिदी हीरा पौडेलको निवासमा आश्रय लिएर बसेको थिएँ। पार्टीले मलाई पाल्पा सरुवा गर्ने निर्णय गरेछ। त्यतिबेला कार्यकर्ताको पार्टीमाथिको विश्वास र कार्यकर्तामाथि पार्टीको भरोसा यस्तो थियो कि एउटा जिल्लाबाट अर्को जिल्लामा कार्यक्षेत्र परिवर्तन हुँदा एक वचन सोध्नसम्म आवश्यक ठानिँदैनथ्यो। मैले पार्टीको निर्णय खुसीसाथ स्वीकार गरेँ र पाल्पा जाने तयारी गरेँ। केही महिनाअघिमात्र भैरहवा जेल विद्रोह गरेर बाहिर आएको हुनाले ममाथि सङ्गीन वारेन्ट थियो। सुरक्षित तवरले पाल्पा पुग्नु सजिलो थिएन। मलाई लिन पाल्पाबाट लक्ष्मण घिमिरे आइपुग्नु भयो। त्यसै दिन सेमलार माविमा सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। हामीले सांस्कृतिक कार्यक्रम हेर्ने र भोलिपल्ट

पाल्पा प्रस्थान गर्ने सल्लाह गर्‍यौँ। साँझ विशाल जनसहभागिताका साथ भव्य सांस्कृतिक कार्यक्रम चलिरहेको थियो, अचानक मञ्चका कलाकार र दर्शकहरूमाथि कटबाँसका लाठी बर्सिए। सयौँको सङ्ख्यामा आएका लाठीधारीहरूको निरन्तरको निर्घात प्रहारपछि कार्यक्रम बिथोलियो। कैयौँ साथीहरू घाइते हुनुभयो। गम्भीर घाइते हुनेमध्ये लक्ष्मण घिमिरे पनि हुनुहुन्थ्यो। उहाँलाई नजिकको सेल्टरमा सुरक्षित राखेर उपचार गरियो। उहाँ केही बिसेक भएपछि पाल्पा लाग्नुभयो, उहाँलाई निको हुन केही समय लाग्यो। आज आएर हेर्दा, छपिया हत्याकाण्डको समीक्षा नगरी, त्यसबाट प्राप्त अनुभवबाट शिक्षा नलिई, सुरक्षा लगायतको राम्रो प्रबन्ध नगरी पाँच दिनको अन्तरमा अर्को सांस्कृतिक कार्यक्रमको आयोजना गर्नु त्यति बुद्धिमानी थिएन भन्ने लाग्छ।

**२३.** कार्तिकको महिना थियो, करिब एक हप्तापछि मीनप्रसाद गैरे मलाई लिन रूपन्देही आइपुग्नुभयो। त्यतिबेला म रामापुरमा थिएँ। मीनप्रसाद म भएको सेल्टरमा आउनुभयो। हामीले भोलिको यात्रा कसरी गर्ने भन्ने सल्लाह गर्‍यौँ र सुत्यौँ। बिहान सबेरै हामी रूपन्देहीको रामापुरबाट पाल्पाको बल्डेङगढी, जुठापौवा, छहरा, कुसुमखोला हुँदै हार्थोक नारायण भाटको निवासमा पुग्ने रुट तय गरेर हिँड्यौँ। बाटामा खाना खान त्यति सजिलो थिएन। त्यसैले हामीले दाल र चामल बोकेर गयौँ। बल्ढेङगढी पुगेपछि एक जना किसान महिलालाई खान पकाउन अनुमति माग्यौँ। चुलोमा आगो बाल्यौँ, कसौँडीमा भात बसाल्यौँ। तेल, बेसार, नुन, खुर्सानी माग्यौँ र ताप्केमा तरकारी पकायौँ। भोक बिर्सने गरी स्वादले खाना खायौँ। अँगेनो, दाउरा, भाँडाकुडा, नुन, खुर्सानी, तेल बेसारको पैसा दिन खोज्यौँ, घरबेटीले अस्वीकार गर्नुभयो। उहाँहरूलाई धन्यवाद दियौँ र बाटो लाग्यौँ। बाटामा पर्ने जुठा र मुझुङको प्रहरी चौकी छल्नुपर्ने थियो। जुठा चौकी छल्ने बाटो थाहा भएन। के गर्ने ? चौकी छल्ने बाटो खोज्न नलाग्ने बरु चौकीकै अगाडिबाट प्रहरीलाई झुक्याउँदै अघि बढ्ने तय गर्‍यौँ। चौकीकै बाटोबाट गफ गर्दै अघि बढ्यौँ। मीनप्रसादजी मधेसबाट पहाड आउँदै गरेको मास्टरको भाषामा कुरा गर्दै हुनुहुन्थ्यो। म भारतबाट घर फर्केको विद्यार्थीजस्तो बनेर कुरा गर्दै थिएँ। अत्यन्तै सहज ढङ्गले प्रहरी चौकी पार गर्‍यौँ। चौकी पार भएपछि हामी आफ्नो स्वाभाविक शैलीमा फर्कियौँ र कुरा गर्दै अघि बढ्यौँ। केही घण्टाको यात्रापछि हामी छहरा पुग्यौँ। अगाडि मुझुङमा प्रहरी चौकी थियो। मीनप्रसादजीले प्रहरी चौकी छलेर जाने गाउँको बाटो लैजानु भयो। बाटामा सुन्तला किन्यौँ र खाँदै गयौँ। हार्थोक नारायण भाटको घरमा पुग्दा रातीको ९ बजेको थियो।

नारायण भाटको घरमा बुवा, आमा र उहाँका दुई श्रीमती हुनुहुन्थ्यो। यो परिवार भूमिगत नेताहरूलाई कसरी राख्ने, कसरी संरक्षण गर्ने भन्नेमा अभ्यस्त थियो।

समयक्रममा यो घर मैले पनि नियमित आश्रय लिने सेल्टर बन्यो। आमाबुवाले छोराजस्तो, नारायणजीले घनिष्ट साथीजस्तो व्यवहार गर्नुहुन्थ्यो। नारायण भाटका श्रीमतीहरू पनि सहयोगी हुनुहुन्थ्यो। उहाँको घरमा बेलाबेलामा जिल्ला कमिटीका बैठक र साना–मझौला भेलाहरू पनि आयोजना गर्थ्यौं।

पाल्पा सरुवा भएपछि म पूर्वी पाल्पाको कार्यक्षेत्रमा खटिएँ। आर्यभञ्ज्याङ भन्दा पूर्वको सबै क्षेत्र मेरै इलाका थियो। तर सेल्टर निकै कम थिए। पार्टी काम कमजोर थियो। सीमित साथीहरूको सहयोगमा सम्पर्क विस्तार, सङ्गठन निर्माण र सङ्घर्ष सञ्चालन गर्नुपर्ने अवस्था थियो। समय बित्दै जाँदा देउगीरका डोलेन्द्र गहतराजको घर मैले धेरै समय आश्रय लिने भरोसायोग्य सेल्टर बन्न पुग्यो। अलिक पर जालपामा ईश्वरी, दया, केशव लगायतका साथीहरू सम्पर्कमा हुनुहुन्थ्यो। कहीलेकाहीँ हामीले उहाँहरूको घरलाई पनि सेल्टरका रूपमा प्रयोग गर्थ्यौं। एकदिन बिहान करिब ९ बजे डोलेन्द्र र म केशवको घरमा पुग्यौँ। केशव तराई जानुभएको रहेछ। घरमा आमा मात्र हुनुहुन्थ्यो। आमाले मलाई नचिन्ने, तर डोलेन्द्रलाई चिन्नुहुन्थ्यो। आमाले हामीलाई बाख्राका पाठाले बिच्छ्याएको र पिसाबले भिजेको थोत्रो गुन्द्री दिनुभयो। आँगनको डिलमा त्यही गुन्द्री बिच्छ्यायौँ र बस्यौँ। हामीलाई घरभित्र जाने अनुमति थिएन। खाना खाने बेला भयो। आमाले आँटीमा ध्वाँसोले कालो भएका दुईवटा पित्तलका थालमा मकैको आटो र गाभाको तरकारी दिनुभयो। डल्ले लोटामा मोही पनि दिनुभयो। आमा ब्राह्मण परिवारको सदस्य, उहाँले हामीलाई अछूत मानेर बस्नका लागि घरका सदस्यले प्रयोग नगर्ने थोत्रो गुन्द्री, खानाका लागि पित्तलको थाल र डल्ले लोटा दिनुभएको थियो। हामीले खाना खायौँ। थाल, लोटा माझ्यौँ। आमाले भित्रबाट रातो अँगार ल्याएर भाँडामा राखिदिनुभयो र माथिबाट पानी खन्याउनुभयो। यसरी अछूतले छोएको भाँडा शुद्ध हुन्छ भन्ने कथित उच्चजातीय चलन थियो। त्यस दिनको केही घण्टा मैले दलित हुनुको पीडा कस्तो हुन्छ भन्ने प्रत्यक्ष अनुभव गर्ने मौका पाएँ।

**२४.** २०४४ सालको कुरा हो। त्यतिबेला म अर्घाखाँची जिल्ला कमिटीको सचिव थिएँ। कपिलवस्तुको दानापुरमा शिव गुरुको घरमा पश्चिम–दक्षिण क्षेत्रीय कमिटीको बैठक आयोजना गरिएको थियो। म पिपराबाट दानापुर सोध्दै दक्षिणतिर लागेँ। निकै बेर हिँड्दा पनि दानापुर नपुगेपछि मैले गाउँकी एक जना वृद्ध आमालाई सोधेँ– 'माई दानापुर कितने लामे बा ?' उहाँले भन्नुभयो– 'होई पनर कोष।' मैले फेरि सोधेँ– 'दानापुर जाएवाला रास्ता कौन हो ?' उहाँले भन्नुभयो– 'हई राहिया जा।' म भौँतारिँदा भौँतारिँदै दिनको ३ बजेतिर कपिलवस्तुको होइन, रूपन्देहीको दानापुर पुगेछु। त्यहाँबाट फेरि दुई घण्टाको यात्रा तय गरेर दानापुर पुग्दा कमरेडहरूले बैठकका लागि मलाई कुरिरहनु भएको थियो।

**२५.** नेकपा (माले)को चौथो महाधिवेशनपछि पाल्पाको मदनपोखरामा भूमिगत रूपमा सम्पन्न भएको प्रथम पश्चिम–दक्षिण क्षेत्रीय सम्मेलनबाट ईश्वर पोखरेल क्षेत्रीय कमिटीको प्रमुखको जिम्मेवारीबाट बिदा भएर अर्को कार्यक्षेत्रमा जानुभयो भने केपी शर्मा ओली पार्टी केन्द्रबाट खटाइनुभएको इन्चार्जका साथै सम्मेलनबाट सचिव निर्वाचित हुनुभयो। उक्त सम्मेलनको उद्घाटन महासचिवको हैसियतमा मदन भण्डारीले गर्नुभएको थियो। म पनि केपी शर्मा ओलीले नेतृत्व गर्नुभएको पश्चिम–दक्षिण क्षेत्रीय कमिटीको सदस्यमा निर्वाचित भएँ।

केपी शर्मा ओलीको मातहतमा रहेर पार्टी काममा जुट्दाका अनुभवहरू अत्यन्त रोमाञ्चक र प्रेरणादायी छन्। उहाँले आफू मातहतका कार्यकर्तालाई अत्यन्त स्नेहका साथ प्रशिक्षित गर्ने, सक्षम तुल्याउने र परिणाम निस्कने गरी काममा लगाउने गर्नु हुन्थ्यो। उहाँको सहृदयी स्वभावले गर्दा उहाँसँग खुलेर कुरा गर्न, समस्यामा प्रवेश गर्न र समाधान खोज्न सजिलो हुन्थ्यो। कमिटीका सदस्यहरूले उहाँसँग खुलस्त कुरा गर्थ्यौं, उहाँले हाम्रो समेत विचार सुनेर समाधान दिनुहुन्थ्यो। अनि, हामी उत्साहका साथ काममा फर्किन्थ्यौँ।

२०४६ को जनआन्दोलनमा केपी शर्मा ओली लुम्बिनीको कमान्डर हुनुहुन्थ्यो। मैले उहाँको मातहतमा रहेर जिल्ला कमिटी सचिवको हैसियतले नवलपरासीको नेतृत्व सम्हालेको थिएँ। हामीले उहाँको प्रत्यक्ष निगरानी र निर्देशनमा आन्दोलनको योजना निर्माण र कार्यान्वयन गर्थ्यौं। फागुन ७ गते नवलरासीको बेल्डिया र भुताहामा जनप्रर्दशन गर्ने कार्यक्रम तय भयो। बेल्डियाको कार्यक्रम प्रहरी दमनलाई चिर्दै अत्यन्त सफलताका साथ सम्पन्न भयो। तर भुताहाको कार्यक्रम अपेक्षाकृत सफल हुन सकेन। बेल्डियाको आन्दोलन पहिलो दिन फागुन ७ गते नै राष्ट्रिय चर्चाको विषय बन्न सफल भयो र बीबीसी नेपाली सेवाले महत्त्वका साथ समाचार प्रशारण गऱ्यो। हामीलाई केही पऱ्यो भने केपी शर्मा ओलीसँग सम्पर्क गर्ने, निर्देशन लिने र काममा जुट्ने सुविधा थियो। केही दिनको तयारीपछि भुताहामा पनि हामीले भव्य प्रदर्शन गऱ्यौँ।

आन्दोलन उतारचढावको ढाँचामा अघि बढिरहेको थियो। चैत २४ गतेको कार्यक्रमको समीक्षा गर्न र अर्को कार्यक्रमको तयारी गर्न सोही साँझ भुताहामा कार्यकर्ता भेला आयोजना गरियो। उक्त भेलामा साथीहरूले पञ्चायत ढल्छ त भनेर आशङ्का मिश्रित प्रश्न गर्नुभयो। मैले उहाँहरूलाई आन्दोलन सफल हुन्छ भनेर उत्साहित गर्नु आवश्यक थियो। त्यही मानसिकताले मैले भने– आन्दोलन सफल हुन्छ, पञ्चायत ढल्छ र बहुदल आउँछ। उहाँहरूले ठाउँठाउँमा भएको प्रहरी दमनतर्फ सङ्केत गर्दै फेरि आशङ्कामिश्रित प्रश्न दोहोऱ्याउनु भयो। अनि मैले जोड दिएर भनेँ– 'हेरिराख्नूस्,

पञ्चायत ४८ घण्टाभित्र ढल्छ।' नभन्दै चैत २६ गते राजाले आन्दोलनरत राजनीतिक दलका नेताहरूलाई वार्तामा बोलाए। प्रक्रियामा केही समय लागे पनि वस्तुतः त्यही दिन पञ्चायत ढलेको थियो। पछि साथीहरूले मलाई बारम्बार सोध्ने गर्नुहुन्थ्यो– 'तपाईंले त्यही दिन पञ्चायत ढल्छ भनेर कसरी थाहा पाउनुभयो ?' मैले भन्ने गर्थें– 'पञ्चायत त ढल्नेवालै थियो, तर त्यही दिन ढल्छ भन्ने त थाहा हुने कुरा थिएन। मैले तपाईंहरूलाई उत्साहित गर्न त्यसो भनेको थिएँ।'

केपी शर्मा ओली मान्छे पढ्ने, मान्छेको मनोविज्ञान बुझ्ने र तदनुरूप व्यवहार गर्नेमा अत्यन्त कुशल नेता। उहाँले प्रयोग गरेका सेल्टरका सेल्टरदाताहरू र परिवारका सदस्यहरू उहाँसँग मोहित हुन्थे। वृद्धवृद्धा, युवकयुवती, किशोरकिशोरी, बच्चाबच्ची सबै नै उहाँको अभिव्यक्ति कला र व्यावहारिक कार्यशैलीबाट प्रभावित हुन्थे। मेरा छोराछोरीलाई उहाँले असाध्यै माया गर्ने, उनीहरूले पनि उहाँलाई मलाईभन्दा पनि बढ्ता माया गर्ने। एकदिन उहाँ बुटवलबाट काठमाडौँ आउनुहुने भएछ। ६ वर्षकी मेरी छोरीलाई साथै लिएर काठमाडौँ आउनुभएछ। आफ्नो डेरामा आफू र राधिका मेडमसँग लामै समय सँगै राखेर फर्किनुभएछ। यो कुरा मैले उहाँ लुम्बिनी फर्केपछि थाहा पाएको थिएँ। बच्चाबच्चीका रुचि र आवश्यकता बुझ्ने र तदनुरूप आत्मीय र स्नेहपूर्ण व्यवहार गर्ने उहाँको शैलीले जुनसुकै सेल्टरका नानीहरू उहाँसँग छिट्टै झ्याम्मिन्थे। वृद्ध उमेरको मेरो बाले पनि उहाँलाई औधि माया गर्नुहुन्थ्यो। मेरो श्रीमतीको मनमा उहाँप्रति उच्च सम्मान र भरोसा थियो। सही विचार र नीतिको पक्षमा दृढतापूर्वक उभिँदै आत्मीय व्यवहार गर्ने र कार्यकर्ता, सदस्य, सेल्टरदाता एवं जनसमुदायको विश्वास जित्ने यस्तो नेता समकालीन नेपाली राजनीतिमा अरू कोही छैन भन्ने बुझाइ छ मेरो। उहाँको यस्तै सोच्ने काइदा, सही विचार ठम्याउने सामर्थ्य र सरल एवं आत्मीय कार्यशैलीले होला उहाँ आज पनि सबै उमेर समूहका नेपालीहरूबीच सर्वाधिक लोकप्रिय नेताको स्थान सुरक्षित गर्न सफल हुनुभएको छ।

**२६.** धनेन्द्र घिमिरे पाल्पाको रजघरा स्कुलको शिक्षक हुनुहुन्थ्यो। मङ्सिरको औँसीको दिन थियो। स्कुल छुट्टी भएपछि यमनाथ पाठकको घरबाट हामी दुई जना गल्धा घनश्याम ज्ञवालीको घर जान हिँड्यौँ। सीताकुण्डसम्मको ठाडो उकालो पार गर्दा साँझ पर्न थालिसकेको थियो। त्यहाँबाट केही सम्मो र तेर्पाएँ बाटो पार गरेपछि जङ्गलको बाटो भएर जानुपर्ने थियो। मेरा लागि नौलो भए पनि धनेन्द्र घिमिरेलाई बाटो थाहा थियो। जङ्गलको बाटो आरोलो लागेपछि हामी घाँस–दाउरा गर्ने बाटोतिर लागेछौँ। घना जङ्गल, रातको समय। काँडाले कोतरेको छ, हामी झाडीमा हरायौँ। हाम्रो यात्रा अवरुद्ध भयो। धनेन्द्रले प्रश्न गर्नुभयो– 'अब के गर्ने ?' मैले जवाफ दिएँ– 'वरपर छामछुम गरौँ,

अलिक सम्मो ठाउँ भेटियो भने त्यहीँ सुत्ने ।' बाघ, चितुवाजस्ता जङ्गली जनावरको डर थियो । तर पनि हामीसँग विकल्प थिएन । छाम्दै जाँदा तेर्पाएँ–तेर्पाएँ ठाउँ भेटियो । मैले रुखका हाँगा भाँचेर स्याउला बिच्छाएँ र धनेन्द्रलाई सुतौँ भनेँ । झोलामा सुन्तला थियो, भोक लागेपछि सुन्तला खायौँ । जाडोको मौसम, जङ्गलको बास, निदाउने त कल्पनाभन्दा बाहिरको कुरा थियो । तैपनि म कोल्टे परेँ । धनेन्द्र जाग्राम बस्ने हुनुभयो । रात बित्दै जाँदा धनेन्द्रले भन्नुभयो– 'झोलामा एउटा टर्च या सलाइसम्म त हुनुपर्थ्यो । मैले झल्याँस सम्झेँ– झोलामा सलाई छ । सलाई निकालेँ । वरपरका सुकेका दाउरा बटुल्यौँ र आगो तापेर रात बितायौँ । आगो बालेपछि हामी निश्चिन्त भयौँ । आगोको न्यानोमा घरीघरी निदायौँ पनि । भोलिपल्ट बिहान उज्यालो भएर हेर्दा त निस्दी खोलाको पारिपट्टि घनश्याम ज्ञवालीको घर देखियो ।

**२७.** आज नेकपा (एमाले) राष्ट्रिय शक्ति मात्र होइन, राष्ट्रिय राजनीतिको निर्णायक शक्तिको हैसियतमा स्थापित हुँदैछ । पार्टीको यो हैसियत सयौँ नेता, हजारौँ कार्यकर्ता, लाखौँ सदस्य र लाखौँलाख जनसमुदायको सङ्गठित प्रयासमा निर्माण भएको हो । यसका निम्ति प्रतिबन्धित कालमा सेल्टरदाताहरूको असाधारण योगदान छ । सेल्टरसँग जोडिएका माथिका प्रसङ्गहरु प्रतिनिधिमूलक प्रसङ्ग मात्रै हुन् । भूमिगत कालमा आफूले प्रयोग गरेका अन्य सेल्टरहरुसँग जोडिएका सम्झनाहरू आगामी दिनमा लेख्दै जानेछु । आज हामी नेकपा (एमाले) हुनुमा गर्व गर्दछौँ । हामीले पार्टीको यस हैसियतका लागि अतुलनीय योगदान गर्ने सेल्टरदाताहरूलाई पनि आदरभावका साथ स्मरण गर्नुपर्दछ । ●

# सेल्टरका अविस्मरणीय सम्झनाहरू



शान्ता मानवी
केन्द्रीय सल्लाहकार परिषद् सदस्य

सेल्टर भन्नाले सुरक्षित रूपमा बस्ने आश्रयस्थल हो। राजनीतिक दलहरू प्रतिबन्धित भएको अवस्थामा, आफूलाई लागेका विषयमा मुख खोलेर बोल्न नपाइने र आफूमाथि अन्याय पर्दा पनि म अन्यायमा परेँ भनेर भन्नसमेत नपाइने बेलामा, सत्ताको गुणगान बाहेक आफूलाई लागेका विषय लेख्न, पढ्न समेत नपाइने र कसैले त्यस्तो आँट गरेमा 'जाने बोल नजाने जीउको मोल' जस्तै सजाय भोग्नुपर्ने ती दिनहरूमा दलहरूले सम्पूर्ण गतिविधि गोप्य रूपमा गर्नुपर्ने बाध्यता थियो। त्यसले गर्दा राती–राती हिँडेर एक ठाउँबाट अर्को ठाउँमा जाने, रातीमै मान्छेहरू भेट्ने, उनीहरूलाई वैचारिक, सैद्धान्तिक र राजनीतिक प्रशिक्षणका काम पनि रातीमै हुने गर्थे। छिसिक्क कुरा बाहिर गयो भने तत्कालीन सरकारका संयन्त्रहरू पूरै दमनमा उत्रिन्थे। त्यसैले राजनीति गर्नेले ज्यानको बाजी लगाएरै गर्नुपर्ने हुन्थ्यो। त्यसैले हिजो भूमिगत रहेर राजनीति गरेकाहरूले हाम्रो जिन्दगी नाफाको जिन्दगी हो भन्ने गर्छौं।

एकै ठाउँमा बसेर त देशभरिको राजनीति हुँदैनथ्यो। त्यसैले लुकीछिपी गाउँगाउँमा जानुपर्थ्यो र एउटासम्म चिनेको मान्छे भेटियो भने उसैका माध्यमबाट अरूलाई सम्पर्क गरेर जोडजाम गर्दै नयाँ नयाँ सङ्गठन निर्माण गरेर अगाडि बढ्नुपर्थ्यो। गोप्य रूपमा काम गर्न बस्ने स्थान पनि गोप्य नै चाहिन्थ्यो। यदि हामीलाई कसैले घरमा बस्न दिएको थाहा पाए अ.त. (अराष्ट्रिय तत्त्व)लाई पालेको आरोपमा पुलिसहरू छापा मार्न आइपुग्थे। त्यसैले मलाई त आफ्नोभन्दा पनि सेल्टरदाताको बढी चिन्ता लाग्थ्यो। उहाँहरूलाई संरक्षित गर्न सकिएन भने ठूलो नोक्सान व्यहोर्नु पर्ने हुन्थ्यो। त्यसकारण पार्टी कामको पहिलो आधार नै गोप्य सेल्टर निर्माण गर्नु हुन्थ्यो।

सुरुमा जनताका माझमा जाँदा मलाई वारेन्ट थिएन। पार्टी प्रतिबन्धित भएकाले खुला रही काम गर्ने अवस्था थिएन, त्यसैले भूमिगत जानुपरेको थियो। म भूमिगत जाँदा स्थानीय रूपमा खुला आन्दोलन चलिरहेका थिए। गाउँमा जालीफटाहाविरोधी आन्दोलन चलिरहेकाले उनीहरू गाउँ छोड्दै बजार पस्न थालेपछि गाउँलेहरूमा एकखालको आतङ्क फैलिन थालेको थियो। हाम्रा नाममा पनि भटाभट वारेन्ट आउन थालेपछि गोप्य रूपले काम गर्नुपर्ने वाध्यता थपिँदै गए। त्यसै त भूमिगत रहेर काम गर्नु पर्थ्यो भने वारेन्ट नै आएपछि त कडा भूमिगत शैलीमा खट्नुपर्ने भयो।

मेरो जीवनको पहिलो सेल्टर कमरेड भीमनारायण थारुको घर थियो। उक्त घर रूपन्देही जिल्लाको सौरैया भन्ने गाउँमा पर्छ। २०३२ साल जेठको महिनाको पहिलो हप्तादेखि म पूर्णकालीन कार्यकर्ताका रूपमा पार्टीमा दर्जिएकी थिएँ। पहिले कहिल्यै नदेखेका र नचिनेका कमरेड भीमनारायणको घरमा मलाई पार्टीका कुनै साथीले पुऱ्याउनु भएको थियो। उहाँको घरमा ठूलो परिवार रहेछ। उहाँकी आमा फूलकुमारी थरुनी हुनुहुँदो रहेछ। नपढेको महिला भए पनि भद्र र व्यवहारकुशल महिला। मैले पार्टीप्रति आस्था, निष्ठा भएकी र त्यस क्षेत्रकी एउटा खम्बा बनेर उभिएकी महिलाका रूपमा उहाँलाई भेटेकी थिएँ।

दिनभरि भीमनारायणको घरभित्रै बसी साँझको खाना खाइयो, त्यहाँ घरपरिवार बाहेक अन्य दुई जना मानिस पनि रहेछन्। म एक जना पहाडी मूलकी केटी, सबैले मलाई विशेष रूपले हेरेजस्तै लाग्यो। खाना खाइसकेपछि सबैलाई बैठक कोठामा राखेर भीमनारायणले पालैपालो परिचय गराउनु भयो। अन्तिममा आफ्नो परिचय दिँदै आफू जिल्ला पार्टी सचिवको जिम्मेवारीमा रहेको बताउनु भयो। आफ्ना घर–परिवारलाई बिदा गरेपछि दुई जना कमरेड र मलाई संयुक्त रूपमा राखी एक घण्टाजति जिल्लाको वस्तुस्थितिका विषयमा प्रशिक्षण दिनुभएको थियो।

आमा फूलकुमारी थरुनीले जनताका घरघरमा भूमिगत बस्दा अपनाउनु पर्ने विषयमा मसिनो गरी एक घण्टाजति प्रशिक्षण दिनुभएको अहिले पनि मेरा मानसपटलमा ताजै छ। उहाँ हेर्दा कपाल फुलेर सेतै देखिने तर फूर्ति भने नौजवानको जस्तै थियो। कमरेड महेन्द्र थारु त्यही क्षेत्रको इलाका इन्चार्ज हुनुहुँदो रहेछ। मलाई उहाँकै जिम्मा लगाएर अर्को गाउँ पोखराबारी जानका लागि खटाउनु भएको थियो। रातको समय, कमरेड महेन्द्र थारु, बेतहीका कमरेड सानो भीमनारायण समेत गरी तीन जना सौरैयाबाट पोखराबारी गएका थियौँ। सेल्टरमा पुग्दा त्यस घरका परिवारसहित अन्य किसान साथीहरू समेत हाम्रै प्रतीक्षामा बस्नु भएको रहेछ। पुग्ने बित्तिकै के महिला के पुरुष सबै साथीहरूले पालैपालो

बडो सौहार्दतापूर्वक न्याना हातहरू मिलाएका थिए। अँधेरी रात, खेतका आली–आली लड्दै–पड्दै त्यहाँ पुग्दा पाएको अपनत्व र किसान साथीहरूले देखाएको हार्दिकताले अत्यन्त प्रभावित भई आफ्ना अन्य आफन्तहरू बिर्सन पुगेकी थिएँ। त्यहाँ कमरेड जग्गु थारु (गुनाहाने)को घर नै मुख्य सेल्टरका रूपमा रहेको थियो।

**रूपन्देहीलाई फर्किएर हेर्दा**

सौरैयामा कमरेड भीमनारायण थारुको घर नै मुख्य सेल्टरका रूपमा रहेको थियो र आफ्नै घरजस्तो थियो। नेता–कार्यकर्ता गोप्य रूपले जो जति बेला आए पनि सबैलाई खान–बस्न सहज हुन्थ्यो। आमा र पाँच भाइका परिवारसहितको संयुक्त परिवार थियो त्यो। कहिलेकाहीँ असचेत मानिस आउँदा भने अलि प्रतिकूल अवस्थाको सिर्जना हुन सक्थ्यो। यदि त्यस्तो भयो भने अन्यत्र सेल्टर खोजेर व्यवस्था मिलाउने काम आमा फूलकुमारीको हुने गर्थ्यो। उहाँहरू वर्गीय हिसाबले धनी किसानमा पर्नु हुन्थ्यो र आफ्ना गाउँमा स्थापित नै हुनुहुन्थ्यो। आमा सबैकी सम्मानित आमा भएकीले गाउँमा जमिन्दार बाहेकका कसैले पनि आमाको बचन काट्दैन थिए। व्यवहार कुशलताले सबैलाई रिझाउनु भएको थियो, फूलकुमारीले। उहाँहरूको घरपरिवार मात्र हैन, गाउँमै पार्टीप्रतिको आस्था र निष्ठा दह्रो थियो, आफ्नो गाउँ नै राजनीतिक रूपमा सचेत बनाउनु भएको थियो। गाउँमा जमिन्दार बाहेकका सबै एकजुट थिए।

सौरैयामा कमरेड लालजी थारु अरूका खेतमा काम गरेर जीविकोपार्जन गर्ने कृषि मजदुर हुनुहुन्थ्यो। उहाँका सन्तान थिएनन्, श्रीमान्–श्रीमती मात्रै बस्नु हुन्थ्यो। ‘सन्तान छैनन्, त्यसैले सौता ल्याउँछन् कि भनेर सशङ्कित भइरहने स्वभाव’ रहेछ लालजीकी श्रीमतीको। बसाइ पनि गाउँको बीचमा थियो। आवाज निकालेर बोल्न पाइँदैनथ्यो, कानकानमा फुसफुसाएर बोल्नुपर्थ्यो। धनी भए पनि, गरिब भए पनि परिवारका मालिकहरू पुरुषहरू नै हुने भए। पहिला उनीहरूलाई बुझाएपछि बल्ल महिलाहरूलाई बुझाउन पाइन्थ्यो। पुरुषहरूका कानकानमा फुसफुसाउँदा महिलाहरूले झम्टिनसमेत पछि परेका थिएनन्। त्यसरी झम्टिन आउनेमध्येकी एक जना महिला कमरेड लालजीकी श्रीमती पनि हुन्। एकदिन त लालजीले नदेखेका भए उनले मेरो टाउको नै फुटाइदिने रहिछन्। चिरुवा दाउरो हातमा लिएर मुखमा आएजतिको तथानाम गाली गर्दै उभिएको देखेकी थिएँ। लालजीले हातको दाउरो खोसेर उनैलाई पिट्न थालेपछि मलाई छुट्याउनको सास्ती भएको थियो।

सौरैया गाउँका हरिहर हरिजन (गोडाइतो) ‘गाउँमा सबैलाई सूचना प्रवाह गर्ने सूचनावाहक व्यक्ति’ हुनुहुन्थ्यो। उहाँको बसाइ गाउँको छेउमा गाउँलेहरूले नै

बनाइदिएको एउटा सानो थाकलको छाप्रो थियो। उक्त थाकले छाप्रो मेरो सुरक्षित सेल्टर बन्न पुगेको थियो। भौतिक सुविधाहरूको अभावै अभाव थियो, तर सुरक्षाका दृष्टिले र त्यहाँको निःस्वार्थ व्यवहारका कारण सेल्टरमा बस्ने गर्थें। उहाँ पार्टीको सङ्गठित सदस्य हुनुहुन्थ्यो र स्थानीय पार्टी कमिटीको सदस्यसमेत रहनुभएको थियो। सेल्टरमा बस्दा कहिले मान्छे मरेर चोखिने दिनमा बचेको दही–चिउरा ल्याउनुहुन्थ्यो। कति दिन त्यसैका भरमा छाक टारेर बसेका दिनहरू अहिले पनि मनमा ताजै छन्।

त्यस्तै गिदैयामा बुवा पहलमानसिंह थापा र आमा भीमकुमारी थापाको घर पनि मुख्य सेल्टरका रूपमा रहेको थियो। उहाँहरूको परिवार एउटी छोरीसहित तीन जनाको मात्र थियो। तर त्यहाँ हर्दम पार्टीका नेता–कार्यकर्ता कोही न कोही भइरहन्थे। माटाका भित्ता र फुसको छानो भएको सानो एउटा झुपडी थियो, वर्गीय रूपले निम्नवर्ग। बुवा भारतीय आर्मीको पेन्सिनवाला हुनुहुन्थ्यो भने छोरी तुलसा थापाले छपियाको एउटा प्राविमा अध्यापन गर्नुहुन्थ्यो। दुई–चार कट्ठा ऐलानी जग्गा समेत कमाउने गर्नु हुन्थ्यो। दैनिकी चलाउन धौ धौ थियो। कुखुरा र परेवा पाल्नु भएको थियो र त्यसले अलिअलि थपथाप हुन्थ्यो। त्यो सेल्टर पार्टीको आफ्नै घरजस्तो थियो, गोप्य ढङ्गले आउने पार्टीका जो कोहीलाई पनि उक्त घर खुला थियो। त्यहाँ जाँदा मलाई पनि आफ्नै घरमा गएर बसेजस्तै ढुक्क लाग्थ्यो। कहिलेकाहीँ त्यहाँ बस्न नमिल्ने अवस्था आउँदा कमरेड तुलसा थापाले अन्यत्र सेल्टरको व्यवस्था गरी राख्ने कामसमेत गर्नुहुन्थ्यो। उहाँहरू गोरखपुरको कुँडाघाटमा बस्दादेखि नै कमरेड पुष्पलालसँग सम्पर्कमा रहँदै आउनुभएकाले पनि उहाँहरूको परिवारैमा पार्टीप्रति गहिरो अपनत्व थियो। पार्टीप्रतिको आस्था कमरेड पुष्पलाल र एकदेव आलेसँगको सम्बन्ध र सम्पर्कले गर्दा दह्रो थियो। म २०२८/२९ सालतिर बनारसमा हुँदा कमरेड जीवराज आश्रित र वामदेव गौतमले मलाई तुलसा थापाको उदाहरण दिएर कार्यकर्ताका रूपमा नेपाल फर्कनका लागि प्रेरित गर्नुहुन्थ्यो। त्यतिबेला म विद्यार्थी अवस्थामा नै थिएँ।

जङ्गहत्था गाउँमा कमरेड दशरथ थारुको घर थियो। करिब ६०/७० जनाको संयुक्त परिवार थियो उहाँहरूको। उहाँहरू धनी किसान वर्गमा पर्नुहुन्थ्यो। उहाँहरूका घरबाट मात्रै १४/१५ जना जति बालबालिका लाम लागेर स्कुल जाने गर्थे। घर–परिवारको मुख्य व्यक्ति कमरेड दशरथ हुनुहुन्थ्यो र पार्टीको सम्पर्क पनि उहाँसँग मात्र रहन्थ्यो। उहाँलाई गडधुरिया, गडधुरायन भन्ने चलन थियो। उक्त सेल्टरमा सानातिना बैठक गरे पनि ठूलठूला बैठक भने गरिँदैनथ्यो। कहिलेकाहीँ जाने बस्ने गरिन्थ्यो। संयुक्त परिवारमा भए पनि आ–आफ्नो पारिवारिक संसार हुने गर्थ्यो। भान्सा एउटै थियो र कामकाज गर्ने एकै ठाउँमा हुन्थ्यो। सबैले दशरथको आज्ञालाई विनम्रतापूर्वक पालना गर्थे।

उहाँहरूको प्रत्येक साँझमा पारिवारिक बैठक बस्ने छुट्टै कोठा थियो। प्रत्येक परिवारका प्रमुख बैठकमा भाग लिएर दिनभरि कसले के के गरे ? त्यसको सबै रिपोर्टिङ हुन्थ्यो र सबैका कामको समीक्षा गरेर भोलिको योजना निर्माण गर्दै सबैको कामको बाँडफाँट हुनुहुन्थ्यो र गडधुरियाबाट बैठक समापन हुने गर्न्थ्यो। त्यसैले हाम्रा बैठक राख्न खासै अनुकूल थिएन। उक्त सेल्टरमा बसेका बेलामा डाँका आएर ढोका फोर्नका लागि अनेक प्रयास गरे। केही उपाय नलाएर धान कुट्ने ढिंकी फुकालेर त्यसलाई रसीले माथि झुण्डाएर ढोकामा ढ्याङ्ढ्याङ् हान्दासमेत ढोका नखुलेपछि आफैँ भागेका थिए।

कुरमारवर्तीमा कमरेड कण्ठीवाला भगत चमारको परिवार थियो। उहाँहरू गाउँको छेउ, कुलाको ढिकमा सानो एउटा फुसको (मडाई) झोपडी बनाएर त्यसैमा बस्नुहुन्थ्यो। उहाँहरू निःसन्तान जोडी हो। उहाँहरूले अरूको खेत अँधिया, बटैयामा लिएर खेती लगाउने गर्नुहुन्थ्यो भने अरूका घरमा मजदुरी पनि गरेर गुजारा चलाउने गर्नुहुन्थ्यो। उहाँहरू वर्गीय हिसाबमा गरिब किसानमा पर्नुहुन्थ्यो र त्यहाँ पनि हाम्रो सेल्टर थियो। भगत चमार पार्टीको सङ्गगठित सदस्य हुनु हुन्थ्यो र सङ्गठनमा आबद्ध हुनुहुन्थ्यो। उक्त सेल्टरमा बस्नका लागि भौतिक असुविधाहरू त थिए, तर पनि उहाँहरूको पवित्र र निःस्वार्थी व्यवहारले गर्दा उक्त सेल्टरमा बढी नै बस्ने गरिन्थ्यो। जाडो महिनामा जुटका बोरा ओछयाएर भित्रबाट ओढ्नका लागि केही नभएपछि आफ्नै च्यादर रहेछ भने च्यादर, नभए लुङ्गी र माथिबाट पराल ओढेर समेत कैयौँ रात बिताइन्थ्यो। त्यसरी समय बिताउनुपर्ने बाध्यता थिए र पनि यस्तो भनेर कहिल्यै दुःख लागेन। अँध्यारोमा हिँड्दाहिँड्दै त्यही बानी भएर उज्यालोमा हिँड्न खोज्दा खुट्टै लटपटाउँथे। एकदिनको रमालो घटना राख्नै मन लाग्यो, अर्कै सेल्टरमा कार्यक्रम थियो। सकेर फर्कंदा रातको १२ बजेको हुनुपर्छ। गाउँको पूर्वी मोहडाबाट गाउँमा खुब ठूलो हल्ला भयो। सबैले घरका ढोका खुल्लै छोड्दै एउटा दरी र सिरक टाउकामा राख्दै भागे। म बसेको सेल्टरकी विधवा वृद्धाले पनि सिरक र दरी कुटुरो पारेर म सुतेकी मान्छेलाई उठाएर कुटुरो बनाएर बाँसघारीमा लुकाउन लगेकी थिइन्। डाँका पर्दाका आफ्नै नियम अनुसार गाउँमा पसेको सङ्केतस्वरूप एक फायर छोड्ने र लुटपाट सकेर निस्कँदा अर्को एउटा फायर गरेर गाउँ छोडेको सङ्केत आएपछि बल्ल सबै आ–आफ्ना घर–घरमा फर्किने गर्दा रहेछन्। ती वृद्ध महिलाले अब त खतरा टऱ्यो, डराउनु पर्दैन भन्दै फर्काएर सेल्टरमा ल्याएको घटना सम्झँदा त्यसबेला मुटु ढुकढुक भए पनि अहिले रमाइलो लाग्छ।

हर्नैयामा कमरेड उत्तम थारु (बसाहे)को घर थियो, त्यहाँ हाम्रो सेल्टर पनि थियो। २०३४ कार्तिक/ मङ्सिरतिर जस्तो लाग्छ, त्यसबेला लुम्बिनी अञ्चलस्तरको ठूलो भेला भएको थियो, मुक्तिमोर्चा समूहको। को–अर्डिनेसन केन्द्रमा जाने तयारीको भेला

थियो त्यो। अन्यत्र कतै ठूलो ठाउँको व्यवस्था गर्न सकिएन र नलाहे थारुको गोठ खाली गराएर त्यसैमा दुई दिनदेखि हाम्रो छलफल चलिरहेको थियो। बाहिर त 'लौ नेपालमा पनि नक्सलपन्थी घुसेर पूरै गोलाबारुद घाममा सुकाएका छन्' भन्ने प्रचार भएको सूचना गोप्य रूपमा आयो। वास्तविकता के हो भनी स्थानीय साथीहरू गम्भीर भएर खोजतलासमा लाग्नु भयो। हावाको तालमा कसैले अफवाह फैलाएको भन्ने प्रमाणित भयो र हाम्रो कार्यक्रम निरन्तर चलिरह्यो। स्थानीय किसान साथीहरूले कहाँबाट बकुल्लाका बथानै छोपेर बोराभरि ल्याउनु भएछ र त्यसैको मासु पकाएर खुवाउनु भएका कुराहरू अविस्मरणीय सम्झनाका रूपमा रहेका छन्।

कमरेड पूर्णप्रसाद सुवेदीको घर सेमलारमा थियो। उहाँ स्वयं पूर्णकालीन कार्यकर्ताका रूपमा जनतामाझ कार्यरत हुनुभए पनि उहाँको घर पनि एउटा भरपर्दो सेल्टरका रूपमा रहेको थियो। अन्तरजातीय विवाह गरेबापत उहाँलाई घर–परिवारले अलग गराइदिएको रहेछ। बुवाआमा र अन्य भाइबहिनीहरू अलग्गै बस्नुहुन्थ्यो। बहिनी सीता सुवेदी भने महिला कार्यकर्ताका रूपमा कार्यरत हुनुहुन्थ्यो। उहाँहरू वर्गीय रूपमा मध्यमवर्गका किसान परिवारमा पर्नुहुन्थ्यो। उक्त गाउँमा उहाँहरूको घर र हीरा दिदीको घरलाई प्रतिक्रियावादीले तारो बनाएका थिए। हीरा दिदी त त्यहाँ बस्न नसकेर पछि भरतपुरतिर बसाइँ सरेर जानुभएको थियो।

सीतापुर भाँटामा कमरेड परशुराम लोध र उहाँकी जीवनसङ्गिनी फगुनी लोधको घर थियो। त्यहाँ उहाँहरूको घर नै मुख्य सेल्टरका रूपमा रहेको थियो। उहाँहरूका तीन छोरा र आफूहरूसहित पाँच जनाको परिवार थियो। स्थानीय भाषामा लोकगीतहरू तयार गरी गाउन र नाच्न सिकाउने भएकाले उहाँलाई सबैले मास्टर र मास्टराइन पनि भन्ने गर्थे। उहाँहरू दुई जना मिलेर त्यहाँका सम्पूर्ण व्यवस्थापकीय काम हेर्नुहुन्थ्यो। त्यहाँ बसेका सानातिना बैठक भेलाको त कुनै गणना नै भएन। एकपटकको कुरा हो, पार्टी केन्द्रीय कमिटीको बैठक बस्नका लागि तीन दिनको व्यवस्थापन गर्ने जिम्मेवारी दिएको थियो पार्टीले। कमरेड सिन्धु (प्रदीप नेपाल) जिल्ला कमिटीको सचिव हुनुहुन्थ्यो। परशुरामले बैठक बस्नका लागि कमरेड धौताल लोधका घरमा व्यवस्था मिलाउनु भएको रहेछ। तीन दिनका लागि भनेर राखिएको बैठक १५ दिनसम्म चलेको थियो। पञ्चायती व्यवस्थाको दबदबा थियो। अन्य व्यवस्था त जसोतसो मिलाए पनि सुरक्षाका विषयले भने हम्मेहम्मे पारेको थियो। तर पूर्ण सुरक्षाका साथ बैठक सम्पन्न गरी पठाउन सकेकाले बैठकपछि साथीहरूको ऊर्जा निकै बढेको थियो।

मनरीभाँटाका कमरेड रविलाल र उहाँकी जीवनसङ्गिनी चुमकला बन्जाडेको घर तिनाउ खोलाको किनारमा थियो। त्यो हाम्रो मुख्य सेल्टरका रूपमा रहेको थियो र त्यहाँ शीर्ष नेताहरूदेखि स्थानीय कार्यकर्तासम्म सबै सुरक्षित बस्नुभएको थियो। अँधेरी रातमा खेतका आलीहरूमा लड्दैपड्दै हामीहरू त्यहाँ पुग्दा कमरेड चुमकलाले केही न केही खाने कुरा खटप्वालमा छोपेर राख्दिनु भएको हुन्थ्यो। मधुरो टर्चलाइट बालेर पनि त्यो खानेकुरा खाने गरिन्थ्यो। वर्गीय हिसाबले उहाँहरू गरिब किसानमा पर्नुहुन्थ्यो। दुई/चार कट्ठा ऐलानी भाँटामा खेती लगाउनु हुन्थ्यो। टाटीले बारेका भित्ता र थाकलका पातले छाएको छानो भएको एउटा लामो गोठसाल थियो। त्यही गोठसाललाई बारेर आधा–आधा पार्नु भएको थियो। आधामा एकहल गोरु र एउटा भैँसी तथा एक–दुईवटा बाख्रा पनि थिए, सबै त्यसैमा अटाएका थिए। बीचमा बार लगाई एकापट्टि आफूहरू बस्नु हुन्थ्यो। त्यही बारको भित्तामा एउटा खोपो पनि राखिएको रहेछ। उक्त खोपाले पनि हामीलाई ठूलै सहयोग पुऱ्याएको थियो। उहाँका ६ जना सन्तान र आफूहरू दुई जना गरी आठ जनाको परिवार थियो। त्यस समयमा प्रतिक्रियावादीले पिछा गर्लान् भनेर बत्ती बाल्न समेत पाइँदैनथ्यो। अँध्यारो अँध्यारोमै सबै क्रियाकलापहरू गरेर हुर्काएको त्यही पार्टी नै आजको विशाल नेकपा (एमाले) बन्न पुगेको देख्दा हिजो सामना गर्दै आएका चुनौतीहरूको सम्झनाले पनि अहिले गर्व लागेर आउँछ।

२०३७ सालको कुरा हो। पार्टी प्रकाशनहरू नेपालमा प्रकाशित गर्न प्रतिकूल अवस्था थियो। सीमापारि लगी उतै प्रकाशन गरेर ल्याउने क्रममा बोर्डरबाट भित्र्याउन बडो कठिनाइको सामना गर्नु पर्थ्यो। तर पनि सीतापुरका चार–पाँच जना साथीहरू लिएर नेपालबाट कमरेड कैलाश (विष्णु पौडेल) सुनौली जानु भई पार्टी प्रकाशन लिएर फर्कंदै गर्दा प्रहरीको गिरफ्तारीमा पर्नुभयो। कमरेड मोदनाथ प्रश्रितले यी प्रकाशनहरू बनारसदेखि सुरक्षितसाथ ल्याउनु भएको थियो। यताबाट गएका साथीहरूले पार्टीका दस्तावेजहरू– मुक्तिमोर्चा, युगदूत लगायत सामग्रीका पोका बोकेर नेपाल फर्कंदै गर्दा गस्तीमा हिँडेका प्रहरीले भेटाएर सामान सहित गिरफ्तार गरी भैरहवामा लगी थुनेका थिए। थुनिएका साथीहरूलाई जेल बाहिर ल्याउने तयारी र निस्कने योजनाहरू कमरेड भीमनारायणको निर्देशनमा जेलभित्र साथीहरूले मगाएका सामान तयार गर्ने जिम्मा कमरेड हीरा बस्याललाई दिइएको थियो। ती सामान पुऱ्याउने आँट कमरेड चुमकला बन्जाडेले देखाउनु भयो र खतरा मोलेर पनि साहसका साथ पार्टीको निर्देशन अनुसार जेलभित्र पुऱ्याउनु भयो। त्यसैका सहारामा जेलभित्र थुनिएका कमरेडहरू जेलबाहिर निस्केर जनतामाझ आउन सफल हुनुभयो।

छपियाको चिलाहा भन्ने ठाउँमा कमरेड गणेश पोखरेल र उहाँकी जीवनसङ्गिनी ज्ञानु पोखरेलको घरमा अर्को महत्त्वपूर्ण सेल्टर थियो। उहाँहरूका तीन सन्तान थिए– दुई छोरा र एउटी छोरी। पाँच जनाको परिवार थियो, तर पार्टीको पनि आफ्नै घरजस्तो भएकाले नेता–कार्यकर्ताहरू पनि एक–दुई जना कहिल्यै टुट्दैनथे। वर्गीय हिसाबले उहाँहरू निम्न किसान परिवारको हुनुहुन्थ्यो। उहाँहरू दुवैजना अत्यन्त पौरखी हुनुहुन्थ्यो। उहाँहरू बर्माबाट आई जङ्गल फाँडेर बस्नुभएको रहेछ। बर्मेलीहरूको बस्ती नै थियो। दुवै जना पार्टीप्रति निष्ठावान् हुनुहुन्थ्यो। बस्तीका करिब ७५ प्रतिशतजति मानिस पार्टीप्रति आस्थावान थिए। त्यसैले उक्त गाउँमा काम गर्न सजिलो थियो। कमरेड गणेश र ज्ञानु दुवै जना पार्टीमा सङ्गठित हुनुहुन्थ्यो र स्थानीय स्तरका नेताहरू नै हुनुहुन्थ्यो। हावाहुरी सहितको ठूलो पानी पर्दा परालका गुन्द्री ओडेर बिताएका ती रातहरू अहिले पनि सम्झनामा छन्।

सेमलारमा कमरेड हीरादेवी पौडेलको घर नै मुख्य सेल्टर थियो। उहाँका दुई छोरा र एक छोरी गरी पाँच जनाको परिवार थियो। एकाध नेता–कार्यकर्ता घरमा टुट्दैनथे। उहाँ मध्यम वर्गीय किसानमा पर्नुहुन्थ्यो। नयाँ सम्पर्क बढाउने, सेल्टरहरूको व्यवस्थापन गर्ने कामको जिम्मेवारी हीरा दिदीले गर्नुहुन्थ्यो। श्रीमान् किसान सङ्घमा, छोरा कृष्ण अनेरास्ववियुमा, दिदी पार्टी र महिला गरी दोहोरो जिम्मेवारीमा हुनुहुन्थ्यो। त्यस क्षेत्रको पार्टी काम उठाउन हीरा दिदी र कमरेड पूर्णप्रसाद सुवेदीको ठूलो योगदान छ। हीरा दिदीका सबै परिवार आ–आफ्ना जिम्मेवारीमा जानुपर्दा गोठमा गाईभैँसी अलपत्रै हुन्थे।

रामापुरमा कमरेड खडानन्द र उहाँकी श्रीमती सावित्राको घर मुख्य सेल्टरका रूपमा रहेको थियो। उहाँहरूका चार छोरा र एउटी छोरीसहित सात जनाको परिवार थियो। त्यसमाथि पार्टीका नेता–कार्यकर्ता पनि अटूट हुने गर्थे। उहाँहरू मध्यमवर्गीय किसानमा पर्नुहुन्थ्यो तर आर्थिक स्थिति भने कमजोरै थियो। कमरेड खडानन्द त्यस क्षेत्रकै जिम्मेवार र कुशल नेता हुनुहुन्थ्यो। नेकपा (माले) कालको केन्द्रीय स्तरका बैठकका लागि सम्पूर्ण व्यवस्थापन गरी सुरक्षासाथ सम्पन्न गराउन खडानन्द र शिवराज न्यौपाने दुवैले उत्तिकै भूमिका निर्वाह गर्नुभएको थियो। कमरेड शिवराज न्यौपाने एक बौद्धिक व्यक्तित्व हुनुहुन्थ्यो। उहाँका दुई छोरा र दुई छोरी थिए भने आमा सहित सात जनाको परिवार थियो। वर्गीय हिसाबले मध्यमवर्गीय किसान। उक्त क्षेत्रको नेतृत्व दुवैले संयुक्त रूपमा गर्नुहुन्थ्यो। उक्त क्षेत्रका कमरेड रामशरण न्यौपानेका घरमा पार्टी केन्द्रीय कमिटीको बैठक सम्पन्न भएको थियो।

लौसा गाउँमा कमरेड नारायण सुवेदीको घर प्रमुख सेल्टर थियो। उहाँहरू पाँच भाइ र दुई दिदीबहिनी, आमाबुवा सहित नौ जनाको परिवार भए पनि जेठो दाजु पाल्पातिर बस्नुहुन्थ्यो। घरमा बाआमा र अन्य भाइहरू बस्नु हुन्थ्यो। नारायण सुवेदी माइलो भए पनि जेठाको भूमिकामा हुनुहुन्थ्यो। बाँसगढीबाट दक्षिणतर्फ जाँदा जङ्गल पर्थ्यो। जङ्गल सकिने बित्तिकै उहाँहरूको खेत आउँथ्यो। त्यसको सिरानमा उहाँहरूको लामो गोठसाल थियो। त्यसलाई बीचबाट आधाआधा पारेर आधामा आफूहरू बस्नुहुन्थ्यो र आधामा भैँसी बाँध्ने गर्नुहुन्थ्यो। वर्गीय हिसाबमा मध्यम वर्गीय परिवार भए पनि रहनसहन र सामाजिक क्षेत्रमा भने सम्पन्नताको आभास पाइन्थ्यो। उक्त सेल्टरमा सानातिना बैठकहरू हुने गर्थे। पार्टीप्रति परिवारैको सौहार्दपूर्ण व्यवहार पाइन्थ्यो। एकान्त स्थानको आवश्यक पर्दा लौसामा जाने बस्ने चलन थियो। त्यस गाउँसँग जोडिएका दुईवटा रमाइला घटना छन्। पहिलो, पार्टीका दस्तावेज सुरक्षित राख्न उहाँहरूले आँट नगरेपछि सुरक्षित ठाउँ खोज्न थालियो। उक्त गाउँका एक जना अधबैँसे किसानलाई कुष्ठरोग लागेको भनेर एउटा ठूलो सालको रुखमुनि यसो सेउलाले बारेर छुट्टै राखेका रहेछन्। उनी बसेका ठाउँमा सुरक्षित हुन्छ भनेर पार्टीका केही दस्तावेजहरू त्यहीँ लगेर राखियो। जिल्लाका पार्टी सदस्यहरूको तथ्य खोज्न जाँदा त पानी चुहिएर सबै कागज भिजेछन्। जिल्लाभरिका पार्टी सदस्यहरूको तथ्यहरू पखालिएर सेतो कागज मात्र भेटिएको घटना सम्झँदा अहिले पनि मन चहऱ्याएजस्तो अमिलो हुन्छ।

अर्को, कमरेड नारायण सुवेदीको उमेर भए पनि बिहे नभएको रहेछ। एकदिनको कुरा हो, रामापुरमा इलाका कमिटीको बैठक बसेर राती नै म पनि कमरेड नारायणसँगसँगै गएर माटाको तला जस्तामा बसेकी थिएँ। गाउँलेहरूको त 'नयाँ दुलही' हेर्न भनी लर्को लागेर आउँदा जोगिएर बस्न धौधौ परेको घटना पनि बेलाबेलामा सम्झना आउने गर्छ।

बकुलगाडमा एउटा मात्र सेल्टर थियो, कमरेड बमबहादुर चौधरीको घर। अलि लामो विश्राम गर्न आवश्यक पर्दा त्यहाँ जाने गरिन्थ्यो। उहाँहरू वर्गीय रूपमा मध्यम किसान परिवार हो। बमबहादुरले स्थानीय प्राइमरी स्कुलमा शिक्षण पेसा गर्नुहुन्थ्यो। उहाँका भाइका छोराको नाम पुष्पलाल भनेको सुनियो। मैले यो नाम कसरी राखियो भनी सोधखोज गर्दा 'कुनै समयमा कमरेड पुष्पलाल आएर यहाँ बस्नुभएको थियो, त्यही समयमा छोराको जन्म भएको हो। स्थानीय चलन अनुसार कस्ता बेलामा जन्म हुन्छ, त्यसै अनुसारका नाम राख्ने चलन छ। कमरेड पुष्पलाल आएका बेला जन्मिएकाले यसको नाम पनि पुष्पलाल रहन गएको हो' भनी बमबहादुरले अर्थ्याउनु भएको थियो।

सालझण्डीमा कमरेड नन्दलाल गहतराजको घर मुख्य सेल्टरका रूपमा थियो। उहाँहरूको आधा परिवार पैतृकस्थल अर्घाखाँचीमा बस्नुहुन्थ्यो, आधा परिवार यता तराईमा। अरू एक–दुईवटा सेल्टर थिए, कमरेड गोविन्द र रामबहादुरका घरमा। खाना भने पालैपालो खानुपर्थ्यो। पेसाले उहाँहरू सुन व्यवसायी हुनुहुन्थ्यो र घरेलु गरगहनाहरू बनाउने मुख्य पेसा थियो। रहनसहनमा भने उच्च वर्गीयपन झल्किन्थ्यो। त्यहाँ सानातिना बैठकहरू बसे पनि माथिल्ला तहका बैठकहरू भने सुरक्षाका हिसाबले राखिएन।

बाँसगढीमा कमरेड बलराम भट्टराईको एक्लो घर थियो। सुकुम्बासी बस्तीमा बस्नुभएको थियो। पूर्व–पश्चिम राजमार्गको डिलैमा थियो उहाँ बस्ने गरेको फुसको झोपडी। आउँदा जाँदा खुस्स पस्न निस्कन सजिलो थियो। उक्त सेल्टर एउटा जक्सनजस्तै बनेको थियो।

कुमारगड्डीमा कमरेड धर्म पौडेलको एक्लो घर थियो, हाम्रो भरपर्दो र विश्वासिलो सेल्टर। त्यहाँ कहिलेकाहीँ अलि एकलास स्थानको आवश्यक पर्दा जाने गरिन्थ्यो। उहाँ मध्यम वर्गीय किसान परिवारमा पर्नुहुन्थ्यो।

रामापुरमा कमरेड चिरञ्जीवी लम्सालको घर थियो, पूर्व–पश्चिम राजमार्गदेखि उत्तर, खेतको बीच र इङ्गुरिया खोलाको ढिकमा, एकान्तमा। उक्त घर पनि हाम्रो विश्वासिलो तथा भरपर्दो सेल्टर थियो। अरूको खेत अँधिया बटैयामा गर्नुहुन्थ्यो। पार्टीको सङ्गठित सदस्य भए पनि किसानी काममा व्यस्त रहेकाले समय दिन भने सक्नु हुन्थेन। वर्गीय हिसाबले उहाँहरू गरिब किसान परिवारमा पर्नु हुन्थ्यो। रहनसहन भने मध्यम वर्गको जस्तो थियो।

बाँसगढीको पूर्वपट्टि इङ्गुरिया नदीको पुल छेउमा कमरेड नारायण शर्माको घर थियो। सडकका छेउमा रहेकाले जान आउन सजिलो थियो। कहिलेकाहीँ समय मिलाएर गाडी चढ्न पाइने भएर पनि उक्त सेल्टरमा आउने जाने गरिन्थ्यो। उहाँ पेसाले शिक्षक हुनुहुन्थ्यो। पार्टीको सङ्गठित सदस्यसमेत भएकाले हामीलाई त्यहाँ बस्न कुनै असजिलो थिएन। एउटा उल्लेखनीय घटनाको स्मरण हुन्छ। कमरेड सीपी मैनालीलाई कमरेड आश्रितसँग भेटाउन भनी बकुलागाड गाउँ पुऱ्याउन उक्त सेल्टरमा साँझको खाना खाएर इङ्गुरिया नदीको किनारको बाटो लागियो। खोलाको किनारै किनार मान्छेहरू हिँड्ने गोरेटो बाटो थियो। म अघिअघि सीपी पछिपछि हिँड्दै थियौँ। म त कति दिनको अनिँदो थिएँ। कहिलेकाहीँ हिँड्दाहिँड्दै निदाएर पनि निद्रा पुग्ने गर्थ्यो। त्यसदिन पनि म निदाएँछु र हिँडिरहेको बाटो छोडेर खोलाको बगरतिर लागेछु। त्यहाँ बालुवा निकालेको

ठूलै खाल्टो रहेछ । त्यही खाल्टोमा बयरका काँडाका झुँडी फाँडेर फालेका रहेछन् । म त त्यही काँडाको झ्याङमा पर्दा पो झल्याँस्स ब्युँझेकी थिएँ ।

भड्छामा कमरेड जगन्नाथ पोखरेलको घर थियो। उहाँको ठूलै कपडा पसल थियो। उहाँका दुई छोरा सानै थिए। चार जनाको परिवार थियो र दुवै जना पसलमा व्यस्त रहनुहुन्थ्यो । कमरेड जगन्नाथ पार्टीको सङ्गठित सदस्य भए पनि खासै समय दिन सक्नु हुन्थेन । पसलमा जतिबेला पनि ग्राहकको घुइँचो लागिरहेको देखिन्थ्यो । भित्र बस्दा गर्न सकिने केही कामहरूमा मैले सघाउने पनि गर्थें । खाना पकाइदिने, बालबालिकालाई भुलाइदिने आदि कामहरूमा सघाउने गरिन्थ्यो । वर्गीय हिसाबले उहाँहरू मझौला व्यापारी हुनुहुन्थ्यो । कार्यक्रम गर्न नमिले पनि कहिलेकाहीँ बस्न जगन्नाथ कमरेडको घर भरपर्दो थियो ।

कमरेड तुलसी न्यौपानेको घर पनि भड्छामै थियो र त्यो हाम्रो सुरक्षित रूपमा बस्ने सेल्टर थियो । उहाँकी वृद्ध आमा हुनुहुन्थ्यो । हामी त्यहाँ जाँदा अलि सशङ्कित बन्नुहुन्थ्यो । यिनीहरू कस्ता मानिसहरू हुन् ? हाम्रा घरमा आएर किन लुकेर बस्ने गर्छन् ? बाहिर नभने पनि उहाँको हामीलाई हेर्ने दृष्टिकोण त्यति राम्रो थिएन । त्यसैले त्यस सेल्टरमा कम जाने गर्थ्यौं ।

चम्कीपुरमा कमरेड लक्ष्मण शर्मा र उहाँकी श्रीमती हीमा शर्मा दुई दम्पती मात्र बस्नुहुन्थ्यो । उहाँहरूका सन्तान थिएनन्, त्यसैले अलि चिन्तित पनि हुनुहुन्थ्यो । वर्गीय हिसाबले उहाँहरू मध्यम वर्गमा पर्नुहुन्थ्यो र दुवै जना सङ्गठित सदस्य हुनुहुन्थ्यो । पार्टी कमिटीमा पनि सङ्गठित हुनुहुन्थ्यो। पूर्व–पश्चिम राजमार्गभन्दा उत्तर पहाडकै घैंचोमा पर्थ्यो उहाँहरूको बस्ती । त्यसैले त्यहाँ जान झट्ट कसैले भेउ पाउँदैनथे । बुटवलबाट बसमा पूर्व–पश्चिम राजमार्गको बाटो पश्चिम गएर रामापुरमा ओर्लिएर पैदलै जाँदा करिब एक घण्टा जति समय लाग्थ्यो । भड्छा हुँदै चम्कीपुर जानुपर्थ्यो र त्यहाँ उहाँहरूको मात्र एक्लो घर थियो। अरूका घरहरू अलि परपर थिए। त्यस ठाउँमा कोही नजाने भएकाले पनि हाम्रा लागि सुरक्षित मानिन्थ्यो र पार्टीका गतिविधि समेत बाक्लै हुने गर्थे ।

उपर्युक्त ठाउँमा हामीले एउटा विशेष काम समेत गरेका थियौँ। उहाँको घर र गोठ अलि उच्चा ठाउँमा थियो र ओभानो पनि। त्यसैले गोठमुनि जमिनभित्र खनेर १०/१५ जना जति मानिस बस्न मिल्ने घर बनाएका थियौँ। केही निश्चित साथीहरू मात्र खटेर उक्त घर तयार भएको हो । कमरेड प्रश्रित, स्थानीय कमरेडहरूमा खडानन्द न्यौपाने र शिवराज न्यौपाने हुनुहुन्थ्यो भने म, भीमनारायण थारु तथा उदय राई बाहेक अरू कमरेडहरू कसैलाई जानकारी पनि थिएन । उक्त भूमिगत घरमा हामीले एउटा सानो हाते प्रेस राखेका

थियौँ। उक्त प्रेसलाई सञ्चालन गर्ने जिम्मेवारी मलाई दिइएको थियो र सहयोगका लागि पूर्वतिरबाट कमरेड उदय राईलाई पार्टीले पठाएको थियो। त्यस प्रेसबाट हाते पर्चा र पार्टीका अपिलहरू प्रकाशित गरेर पठाउने गर्थ्यौं।

रामापुरमा कमरेड रामशरण न्यौपानेको घर राजमार्गको दक्षिणतर्फ राजमार्गसँग जोडिएको थियो। त्यो घर बैठक बस्ने सेल्टरका रूपमा थियो र केही निश्चित जिम्मेवार साथीहरूबाहेक अरूहरूलाई जानकारी थिएन। खासगरी माथिल्ला तहका बैठक मात्र त्यहाँ हुने गर्थे।

कालिकानगर कमरेड तेजबहादुर केसी (थाम्केदाइ) र उहाँकी जीवनसङ्गिनी केशकुमारी दुवै जना पार्टीका सङ्गठित सदस्य हुनुहुन्थ्यो। दुवै जना कमिटीमा सङ्गठित हुनुहुन्थ्यो। उहाँहरूको घर पार्टीको घरजस्तै थियो। उहाँहरूका दुई जना छोरा र एक जना छोरी समेत पाँच जनाको परिवार थियो। पार्टीका नेता–कार्यकर्ता कोही न कोही घरमा अटुट हुन्थे। उहाँहरू मध्यम किसान वर्गमा पर्नुहुन्थ्यो। उहाँको खेती पनि थियो र दूधको व्यवसाय पनि गर्नुहुन्थ्यो। उहाँको परिचय नै दूध व्यवसायी थाम्केदाइ बनेको थियो। कमरेड पुष्पलाल र कमरेड सहाना प्रधान सबैका दाइभाउजू भएजस्तै थाम्केदाइ र थाम्केनी भाउजू पनि सबैका दाइभाउजू हुनुहुन्थ्यो। उहाँ पार्टीप्रति यति भक्त हुनुहुन्थ्यो कि कमरेड प्रश्रित दोस्रोपटक गिरफ्तार हुँदा 'प्रश्रित कमरेडलाई छोड्दिने भए त पाँचधुर जग्गा बेचेर पनि बाहिर निकाल्ने थिएँ' भन्नुभएको थियो। बुटवल–भैरहवा राजमार्ग छेउमा थाम्केदाइको घर थियो। त्यसले गर्दा सेल्टर चुनौतीपूर्ण चाहिँ थियो।

ड्राइभरटोलमा कमरेड टीकानिधि गौतमको घर थियो, त्यहाँको मुख्य सेल्टर। त्यहाँ जाँदा कमरेड सीता खरेलका घरमा पनि कहिलेकाहीँ बस्ने गरिन्थ्यो। कमरेड टीकानिधि वर्गीय हिसाबले मध्यम किसानमा पर्नु हुन्थ्यो। पार्टी सम्पर्कका लागि बुटवलमा 'लुम्बिनी पुस्तक पसल' खोलिएको थियो र पसल कमरेड टीकानिधिले चलाउनु हुन्थ्यो। पार्टी सम्पर्कहरू त्यहीँबाटै हुने गर्थे। मैले जान्दा उहाँ त्यो समयमा जिल्लाको जिल्लास्तरको कुनै जिम्मेवारीमा पनि हुनुहुन्थ्यो।

दीपनगरमा कमरेड देवेन्द्र घिमिरेको घर थियो। तीन भाइ र एउटी बहिनी, बुवाआमा सहित छ जनाको परिवार थियो। कमरेड देवेन्द्र भने पार्टीको पूर्णकालीन कार्यकर्ताका रूपमा जनताका माझमा हुनुहुन्थ्यो। त्यस क्षेत्रमा कार्यक्रमहरू हुँदा त्यहाँ जाने बस्ने गरिन्थ्यो। छोराका साथीहरू भनेर बुवाआमाले जो गए पनि राम्रो व्यवहार गर्नु हुन्थ्यो र पार्टीप्रति पनि राम्रो समर्थन थियो। बहिनी तारा घिमिरेले पनि केही समय महिला कार्यकर्ताका रूपमा काम गर्नुभएको थियो। भाइहरू भने स्कुल पढ्दै थिए।

मणिग्राममा कमरेड घनश्याम भुसालको घर थियो। उहाँ पढ्नका लागि पाल्पामा हुनुहुन्थ्यो। घरमा एक जना दाजु, तीन जना भाइ र एउटी बहिनी अनि बुवाआमा हुनुहुन्थ्यो। बेलामौकामा उहाँका घरमा पनि जाने बस्ने गरिन्थ्यो र साना भाइबहिनीहरूले सूचना आदान–प्रदानमा राम्रो सहयोग गर्नुहुन्थ्यो। बहिनी लीला भुसालले त केही समय महिला कार्यकर्ताका रूपमा काम पनि गर्नुभएको थियो। बुवा पनि त्यहाँ जाँदा हौसी–हौसी छलफलमा जुट्ने गर्नु हुन्थ्यो र त्यसले हामीलाई नयाँ ऊर्जा दिने गर्थ्यो। उहाँहरू वर्गीय हिसाबले मध्यम किसान भए पनि सामाजिक रूपले धनी किसानको रहनसहन थियो। सामाजिक रूपमा धेरै अगाडि हुनुहुन्थ्यो।

मणिग्राममै कमरेड कमल भुसालको पनि घर थियो। दुईवटी श्रमती र आफूसहित तीन जनाको परिवार थियो। सन्तान जन्माउने भने भर्खर सुरसार हुँदै थियो जस्तो लाग्थ्यो। उहाँको घर पनि कहिलेकाहीँ बस्ने सेल्टरका रूपमा थियो। भैरहवा–बुटवल गर्ने मुख्य सडकबाट पूर्वतर्फ पर्थ्यो। यता–उताबाट आउँदा जाँदा पस्न निस्कन सजिलो थियो।

भलबारीमा कमरेड तुलसी थारुको घर थियो। उहाँका दुईवटी श्रीमती हुनुहुन्थ्यो। छोराछोरी कति थिए, यकिन भएन। आर्थिक हिसाबले उहाँ गरिब किसानमा परे पनि रहनसहन भने मध्यम किसानको जस्तो थियो। कमरेड तुलसी थारु स्वयं पूर्णकालीन पार्टी कार्यकर्ताका रूपमा हुनुहुन्थ्यो। उहाँको खपडाले छाएको घर भलबारी बाटाकै छेउमा जोडिएजस्तै थियो। कहिलेकाहीँ जाने आउने गरे पनि धेरै समय बस्नका लागि चुनौती हुन्थ्यो।

बिहुलीमा कमरेड नारायण थारुको घर मुख्य सेल्टरका रूपमा रहेको थियो। त्यहाँ स्थानीय साथीहरूको सामाजिक नियम अनुसार पालैपालो खाना खुवाउने भए पनि सुत्ने व्यवस्था भने कमरेड नारायणकै घरमा हुन्थ्यो। हाम्रा लागि उपयुक्त सेल्टर पनि थियो त्यो।

भैरहवा कमरेड पुष्पराज शर्मा र सीता शर्माको घर थियो कृषि फार्मसँगै। त्यो पनि हाम्रो एउटा भरपर्दो र विश्वासिलो सेल्टर थियो। भैरहवा बजार नजिकै भएकाले जिम्मेवार नेता कमरेडहरू भारततर्फ जाँदा आउँदा बस्ने काममा प्रयोग हुन्थ्यो। वर्गीय हिसाबमा उहाँहरू मध्यम वर्गमा पर्नुहुन्थ्यो। सामान्य खेतीपातीका साथै पुष्पले घरमै ट्यूसन पढाउने काम पनि गर्नुहुन्थ्यो। उहाँहरू दुवै जना पार्टीका सङ्गठित सदस्य हुनुहुन्थ्यो। सीता महिला सङ्घ र कमरेड पुष्प पार्टीमा सङ्गठित हुनुहुन्थ्यो।

भैरहवामै ऋद्धि प्याकुरेल र उहाँकी जीवनसङ्गिनी पद्माको घर थियो। दुवै जना पार्टीप्रति निष्ठावान हुनुहुन्थ्यो र उहाँका घरमा डेरा गरेर बस्ने अनबहादुर पुन र रामचन्द्र लिम्बू दुवै जना पार्टी सदस्य हुनुहुन्थ्यो। राम्रो व्यवहार कुशलता, वैचारिक स्पष्टता अनि जिम्मेवार भएकाले सीमापारिबाट पार्टीले छापेका दस्तावेजहरू ल्याउन ठूलो सहयोग गर्नुभएको थियो। घरबेटी र डेरावाल दुवैबाट पार्टीलाई उत्तिकै सहयोग पुगेको थियो। डेरामा बस्ने दुवै जना कमरेडहरू कुष्ठरोग निवारण संस्थामा कार्यरत हुनुहुन्थ्यो। त्यही ठाउँका कम्मल चमारका परिवारले पनि पार्टीका गोप्य सामग्री सुरक्षित गर्न र बोर्डरबाट पार्टीका दस्ताबेजहरू ल्याउन राम्रो भूमिका निर्वाह गर्नुभएको थियो।

वनकट्टी गोपीगुरुको घर थियो। उहाँहरू चार दाजुभाइ र बुवाआमा तथा भाउजू बुहारीहरू समेत गरी १० जनाको परिवार थियो, जसलाई राम्रै जान्ने मौका पाएकी थिएँ। उहाँहरू मध्यम किसान परिवारमा पर्नु हुन्थ्यो। उहाँहरूको घर हाम्रो भरपर्दो र बढी मात्रामा बस्ने सेल्टरका रूपमा थियो। ठूलदाजु बाहेक सम्पूर्ण परिवार पार्टीप्रति आस्थावान हुनुहुन्थ्यो। बुवाआमा धार्मिक प्रवृत्तिका भए पनि पार्टीलाई सहयोग गर्नुहुन्थ्यो।

उक्त सेल्टरको सम्झना गर्दा एउटा घटनाको सदा याद आउने गर्छ। कमरेडहरू माधव नेपाल, अमृत बोहरा, ईश्वर पोखरेल लगायतलाई रविलाल बञ्जाडेका घरमा साँझको खाना खाएर कमरेड सिन्धु (प्रदीप नेपाल)लाई भेट्न तिनाउँ खोला तरेर बगधुरवा टिकुलीगढ हुँदै वनकट्टी पुऱ्याउन जाँदा बाटो अलमल भयो। एउटा ठूलो चौर थियो, त्यहाँ त ग्रामीण भूमिगत जलपरियोजनाले छपक्कै सेता पाल टाँगेर टेन्ट बनाएको रहेछ। सबैका धुरीमा लाल्टिनको मधुरो बत्ती झुन्ड्याएको छ। त्यो देखेपछि एकछिन त मेरो सातोपुत्लो उड्््यो, कमरेडहरूलाई कहाँ ल्याइपुऱ्याएँ भनेर। उहाँहरूलाई जसोतसो बुकुरा पछाडिबाट उत्तरपट्टि कुनामा सालका रुखहरू भएको ठाउँमा पुऱ्याएँ र उहाँहरूलाई थाहै नदिई सेल्टर खोज्न गएँ। सेल्टर पत्ता लगाएपछि ढोकामा उभिएर गोप्य सङ्केत गरेँ। प्रदीप कमरेड ढोका खोलेर निस्कनुभयो। हतार–हतार कमरेडहरूलाई प्रदीप कमरेड भएको सेल्टरमा पुऱ्याएर जिम्मा लगाएपछि बल्ल अब पार्टी जोगियो भनी लामो सास फेरेकी थिएँ।

बुटवलमा विष्णु पौडेलका बुवा देवीलाल पौडेल र बुहारी सपना बस्नुहुन्थ्यो। विष्णु पौडेल पार्टीको पूर्णकालीन कार्यकर्ताका रूपमा भूमिगत हुनुहुन्थ्यो। बुटवल दीपनगरमा टिनको छानो भएको सामान्य ठाँटी घर थियो। बेलाबखतमा पार्टीका नेता–कार्यकर्ता जाने बस्ने चलन थियो। बाले छोराका पार्टीका मान्छे भनी हदै माया गर्ने, मीठो

खान दिने गर्नुहुन्थ्यो । बिदा गर्ने बेलामा 'छिटोछिटो आउनु है, तिमीहरूलाई देख्दा मलाई त छोराको नियास्रै मेटिन्छ' भन्ने गर्नुहुन्थ्यो ।

दीपनगरमै कमरेड कुलबहादुर आचार्यको पनि घर थियो। उहाँहरू पाँच भाइ हुनुहुन्थ्यो। संयुक्त परिवार थियो। कुलबहादुर काठमाडौँमा दूरसञ्चारको जागिरे हुनुहुन्थ्यो । नारायण आचार्य, दिलबहादुर आचार्य र बलबहादुर आचार्यका परिवारको बसोबास दीपनगरमा थियो । ठूलो परिवार भए पनि अत्यन्त मिलेको परिवार, पार्टीप्रति सम्पूर्ण परिवारको निष्ठा र आस्था दह्रो थियो। उहाँहरूको जनवादी व्यवहार शैलीले गर्दा त्यहाँ पुग्दा सुसंस्कृत कम्युनिस्ट बस्तीभित्र पसेको अनुभूति हुन्थ्यो। पूरै बस्तीमा उहाँहरूको बोलवाला रहेकाले पनि ढुक्क हुन्थ्यो ।

पोखराबारी कमरेड गुनाहने जग्गु थारुको घर मुख्य सेल्टरका रूपमा रहेको थियो । उहाँ वर्गीय हिसाबमा धनी किसानमा पर्नु हुन्थ्यो। उहाँका परिवारका अन्य सदस्य हाम्रो सम्पर्कमा आउन चाहँदैन थिए। कमरेड जग्गुका अगाडि राम्रै व्यवहार गरे पनि उहाँ नहुँदाको व्यवहार आत्मीय हुँदैनथ्यो । खान नपाएर आएका हुन् कि जस्तो व्यवहार देखाउँथे ।

२०३२ सालतिरको कुरा हो । सेल्टर बनाउन साह्रै गाह्रो हुन्थ्यो । पञ्चायती शासन चर्को थियो, त्यसैले सबै डराएर थरहरी हुन्थे। त्यसैले सेल्टरहरू एकदम कम हुन्थे। को पहिला सहिद हुने र कसले धेरै नयाँ नयाँ सेल्टर निर्माण गर्ने भन्ने प्रतिस्पर्धा नै हुने गर्थ्यो । ●

# काठमाडौँमा सेल्टर व्यवस्थापन



सुरेन्द्र पाण्डे
केन्द्रीय कमिटी उपाध्यक्ष

निर्दलीय पञ्चायतकालको कठोर शासन व्यवस्थामा राजनीतिकर्मीहरूले चुनौतीको सामना गर्दै भूमिगत रूपले काम गर्नु पर्‍थ्यो। काठमाडौँको काम अझै जटिल थियो।

त्यतिबेलाको काठमाडौँको पार्टी काम भन्नुको अर्थ सिङ्गो देशको पार्टी कामसित सम्बन्धित हुन्थ्यो। यसले धेरैवटा जिम्मेवारी बहन गर्नु पर्‍थ्यो। केन्द्रीय तहका नेताहरूदेखि लिएर जिल्लाहरूबाट आउने नेता–कार्यकर्ता तथा स्थानीय कार्यकर्ताहरूको व्यवस्थापन गर्नुपर्‍थ्यो। पार्टीको हेडक्वार्टर नै काठमाडौँ भएकाले पार्टीका महासचिव, पोलिटव्युरो र केन्द्रीय कमिटीका सदस्यहरू, जिल्लाहरूबाट काठमाडौँ आउने विभिन्न तहका नेता तथा कार्यकर्ताहरूको खाने, बस्ने, दस्तावेजहरू सबै तहसम्म पुर्‍याउने, आन्दोलनको व्यवस्थापन र नेतृत्व गर्नुपर्‍थ्यो। त्यस बेला कसैको कुनै व्यक्तिगत स्वार्थ हुँदैनथ्यो। एक मात्र लक्ष्य पञ्चायतलाई ढाल्ने हुन्थ्यो। सबै जनाले गोप्य रूपमा काम गर्नुपर्‍थ्यो।

मैले २०३६ देखि २०४६ सालसम्मको अवधिमा काठमाडौँको पार्टी काममा सक्रिय रहँदै जिल्ला कमिटी सदस्य र सचिव भएर काम गरेँ। काठमाडौँको जिल्ला सचिव भए पनि भक्तपुर र ललितपुरको पार्टी काम पनि हेर्नु पर्‍थ्यो। सेल्टरहरू पनि पार्टी कामको प्रकृति अनुसार व्यवस्थापन गर्नु पर्‍थ्यो। पोलिटव्युरो एवं केन्द्रीय कमिटीका बैठक, भूमिगत र खुला नेता–कार्यकर्ताबीचको सम्पर्क व्यवस्थापन, पार्टीका कागजपत्रलाई गोप्य रूपमा प्रकाशन एवं सुरक्षितसाथ सबैमाझ पुर्‍याउनुपर्ने, जनसङ्गठनका सम्मेलन एवं भेला, पञ्चायतविरुद्धको आन्दोलनलाई एकीकृत हिसाबले अगाडि बढाउनुपर्ने लगायत पार्टीलाई व्यवस्थित रूपमा अगाडि बढाउने काममा काठमाडौँमा रहेका सेल्टर र

सेल्टरदाताहरूले धेरै महत्त्वपूर्ण भूमिका निभाएका थिए। त्यस बेला पार्टी कामका लागि जोखिम मोलेको सम्झँदा आज पनि गौरव लाग्छ।

मैले काठमाडौँको नेतृत्व सम्हालेपछि पार्टी काम विस्तार हुँदै गयो। तीव्र रूपमा आन्दोलनको विकास र सङ्गठन विस्तारसँगै काठमाडौँको सेल्टर व्यवस्थापन गर्ने र पार्टीका आन्तरिक गतिविधिलाई व्यवस्थित गर्ने काम व्यापक बन्दै गयो।। नेताहरूको बैठक समय–समयमा काठमाडौँमै हुने गर्थ्यो। तर सेल्टरहरू भने थोरै थिए। सेल्टरहरू ज्यादै विश्वसनीय र अनुशासित हुनु पर्थ्यो। त्यो बेला काठमाडौँको नेवार समुदायको सांस्कृतिक प्रचलन अनुसार पाहुनाहरूलाई खानपिनको व्यवस्था गर्ने तर बास बसाउने चलन हुँदैनथ्यो।

स्थानीय मानिसहरूका सीमित घरहरू, विद्यार्थी, कर्मचारी र विभिन्न पेसा/व्यवसायमा आबद्ध व्यक्तिहरूका डेरा र काठमाडौँका काँठ क्षेत्रका मानिसका घरहरूलाई मुख्य सेल्टरको रूपमा प्रयोग गर्ने गरिन्थ्यो। कतिपय सेल्टरमा दुई जना कर्मचारी मिलेर एउटा भूमिगत नेता पाल्नुपर्ने हुन्थ्यो। बेलामौकामा आवश्यक पर्ने ठूला सम्मेलन, कार्यक्रमहरू गर्न काँठ तथा भित्री सहरका सेल्टरहरू प्रयोग हुने गर्थे।

सेल्टरको व्यवस्थापन गर्दा निकै तनाव खेप्नु पर्थ्यो। कतै सुराकी लाग्ने, कतै डेरा गरिरहेका सेल्टरदाताहरू गाउँ फर्कने वा अन्तै डेरा सार्ने कारण नयाँ सेल्टरको व्यवस्थापन निरन्तर गरिरहनु पर्थ्यो। तीव्र रूपले पार्टी विस्तार भएपछि खुला क्षेत्रका मानिसहरूलाई भूमिगत सम्पर्कमा कठिनाइ हुन्थ्यो। अनेरास्ववियु, नेस्वमयु, अनेमसङ्घ लगायत जनसङ्गठनका धेरैजसो नेताले पार्टी केन्द्रका नेताहरूलाई सिधै सम्पर्क गर्न मिल्दैनथ्यो। चिनिएका अनुहारलाई प्रहरीले पछयाउन सक्ने कारण पनि नेताहरूसँग भेट्न परेमा बीचका माध्यमहरू प्रयोग गरिन्थ्यो।। भेटघाट गर्नैपर्ने अवस्थामा सुरक्षाका धेरैवटा उपाय अपनाइन्थ्यो।। नेतासँग तुरुन्तै भेट्नुपऱ्यो भने सूचना आदानप्रदान गर्ने माध्यम त्यतिबेला चिठी मात्रै थियो। त्यस्ता चिठीहरू गोप्य रूपले एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम पनि अत्यन्तै महत्त्वपूर्ण हुन्थ्यो। चिठी छोड्नका लागि छुट्टै सेल्टरको व्यवस्था गरिन्थ्यो। काठमाडौँको त्यौड टोलका शान्ति श्रेष्ठ र प्रतिमा श्रेष्ठको घरलाई चिठी छोड्ने मुख्य सेल्टर बनाइएको थियो। उहाँहरूले चिठी प्राप्त भएपछि तत्कालै अर्को तोकिएको स्थानसम्म पुऱ्याउनु हुन्थ्यो। ती चिठीहरूलाई महासचिव रहनुभएका सीपी मैनाली, झलनाथ खनालसमक्ष पुऱ्याउने काममा मेरो भूमिका रहन्थ्यो। त्यस्ता ठाउँहरू काठमाडौँमा चार–पाँचवटा थिए।

## काठमाडौँका गोप्य सेल्टर र सेल्टरदाता

काठमाडौँमा महासचिव, पोलिटव्युरो सदस्य र अरू नेताहरू भिन्दाभिन्दै सेल्टरमा बस्नुहुन्थ्यो । तर कुन नेता कहाँ बस्ने र महासचिव कहाँ बस्ने भन्ने केही सीमित व्यक्तिलाई मात्रै थाहा दिइन्थ्यो । काठमाडौँ बाहिरबाट आएका कतिपय नेतालाई बस्न, खान, बिरामी भएकाहरूलाई डाक्टरको सुविधासहित अस्पतालको व्यवस्था, मुद्दा–मामिला भएर आउनेलाई निःशुल्क कानुनी उपचार लगायतका जिम्मेवारी पनि सेल्टर व्यवस्थापन गर्नेहरूले नै गर्नुपर्थ्यो । समयक्रमसँगै एउटै सेल्टरबाट काम गर्दा असुरक्षित हुने भएकाले सेल्टरदाताहरूलाई अञ्चल अनुसार जिम्मेवारी बाँडफाँट गर्न थालियो । यस व्यवस्थाले सेल्टरदाताहरूलाई केही सहज बनाएको थियो ।

पार्टीको सेल्टरहरू बस्न र खानका लागि मात्र नभई नियमित रूपमा भइरहने पार्टी र खुला सङ्गठनका ठूला सभा/सम्मेलनहरूका लागि पनि उत्तिकै आवश्यक भइरहन्थ्यो । त्यसका लागि आवधिक सेल्टरहरू निर्माण गरिएका थिए । भूमिगत नेताहरू ठूला कार्यक्रमहरूमा बडो होसियारीपूर्वक भाग लिने गर्थे ।

महासचिव, पोलिटव्युरो सदस्यहरू, काठमाडौँ हेर्ने केन्द्रीय सदस्य लगायतका स्थायी रूपमा काठमाडौँमा बस्नु पर्ने नेताहरूको सेल्टरलाई भने विशेष ख्याल गरिन्थ्यो । ती सेल्टरमा जो पायो त्यही व्यक्ति पुग्न सक्दैनथे । स्थायी रूपले सेल्टरमा बसेकाहरूलाई जुलुस, आन्दोलनमा जान रोक लगाइन्थ्यो, किनकि आन्दोलनमा सहभागी भएपछि प्रहरीले पछ्याउँदै डेरासम्म आउने अवस्था हुन सक्थ्यो । त्यसैले भूमिगत सेल्टर उपलब्ध गराउने कार्यकर्तालाई खुला आन्दोलनबाट टाढा राखिन्थ्यो ।

पार्टीका सामग्रीहरू मात्रै राख्न छुट्टै सेल्टर हुने गर्थे । वर्ग सङ्घर्ष, मुक्तिमोर्चा, अन्तरपार्टी निर्देशन (अपानि) छाप्ने लिथो मेसिन, टाइपराइटर र टाइप गर्ने एवं छाप्ने गोप्य र संवेदनशील काम तथा भण्डारण गर्ने काम हुने गर्दथ्यो । यसका लागि पूर्णशोभा चित्रकारको घर सुरुदेखिकै सेल्टरका रूपमा प्रयोग भइरहेको थियो । त्यहाँ भूमिगत बैठकहरू पनि हुने गर्थे । काठमाडौँको सुरुको सम्पर्क ट्याँगलको विष्णु चित्रकार र रवि चित्रकारको घरमा थियो । उहाँको दाजु केबी चित्रकार एण्ड कम्पनीको कार्यालयलाई बेलामौकामा पार्टीको सम्पर्क–बिन्दु बनाएर पार्टी गतिविधि सञ्चालन हुने गर्थे । त्यस्तै पाटनढोकामा रहेको सुशीलचन्द्र अमात्यको घर सम्पर्क बिन्दु र केही दिन बस्नका लागि महत्त्वपूर्ण सेल्टर थियो । खुला क्षेत्रमा रहेका मानिसहरूसँग भेट्ने, भूमिगत नेताले खाने, बस्ने, पार्टीको बैठक बस्ने, विभिन्न सामग्री राख्ने खास खास प्रकारको सेल्टर काठमाडौँमा बनाइएका थिए ।

एउटा सम्झना छ, नरदेवीका भगवानरत्न तुलाधरको घरमा लामो समयसम्म एउटा सेल्टर रह्यो। त्यहाँ राजनबहादुर राउत र दामोदर ढुङ्गेलले सहयोग गर्नुहुन्थ्यो। त्यस सेल्टरमा जीवराज आश्रित, मदन भण्डारी, प्रदीप नेपाल, माधव नेपाल, अमृत बोहरा, ईश्वर पोखरेल, म लगायतका नेताहरू रहने गर्थ्यौं। अर्को दमाई टोलमा रहेको भाउजू भनेर चिनिने महिलाको घरमा सेल्टर थियो, जहाँ भूमिगत नेताहरू आउने जाने गर्दथे। त्यो भाडामा लिएको सेल्टर थियो र गोपनीयता नखुलोस् भनेर हामी घरबेटीलाई ठेक्कापट्टामा काम गर्छौं भन्ने गर्थ्यौं। मुकेश चालिसेको घर अर्को महत्त्वपूर्ण सेल्टर थियो। सीपी मैनाली महासचिव छउन्जेल प्रायःजसो त्यहीँ बस्ने गर्ने हुन्थ्यो। शिव बस्नेतले उहाँलाई सेल्टरदाताका रूपमा काम गर्नुहुन्थ्यो। धेरै संवेदनशील बैठक त्यहाँ हुने गर्थे। झलनाथ खनाल महासचिव भएपछि जैसीदेवलको एउटा भूमिगत सेल्टरमा बस्नुहुन्थ्यो। त्यो सेल्टर प्रहरीले पत्ता लगाएछ, त्यसैले सामानदेखि सबै सामग्री रातारात त्यस सेल्टरबाट अन्त सार्नु परेको थियो। उहाँ महासचिव रहुन्जेल तीन/चार ठाउँमा सेल्टर सार्नुपरेको थियो। हात्तीगौँडामा भाडा तिरेर नै सेल्टरको व्यवस्थापन गरिएको थियो। सुरुमा माधव नेपाल रामलाल पोखरेलको डेरामा बस्नु हुन्थ्यो। पछि कुलबहादुर आचार्य र मायानाथ अधिकारीको त्यौडको डेरालाई सेल्टर बनाएर बस्नुभयो। कुलबहादुर आचार्य र विष्णु रिमाल बस्ने कुपण्डोलमा रहेको सेल्टरमा प्रदीप नेपाल लगायतले खाने बस्ने गर्नुहुन्थ्यो। युवराज कार्की काठमाडौँको मासङ्गल्लीमा बनेपाको साथीको सेल्टरमा बस्नु हुन्थ्यो। दुई जना मिलेर लामो समयसम्म खर्चको व्यवस्थापन गर्नुभएको त्यो सेल्टरमा म पनि बेलाबेला पुग्ने गर्थें। ठँहिटीमा मदन थेबे, निदेश कोइराला र उपेन्द्र कार्कीसहितको सेल्टरमा पनि बस्ने गर्थें। पछि उपेन्द्र कार्की र निदेश कोइरालालाई झलनाथ खनालको सेल्टरदाताको रूपमा जिम्मा दिइयो।

शान्ति र प्रतिमाको घर (त्यौड), विष्णु डङ्गोलको घर (खिचापोखरी), पूर्णशोभा चित्रकारको घर (झोँछे), सानु तुलाधरको घर (असन), सानु मिश्र, भीमानन्द ढुङ्गाना, बटु न्यौपाने, सुकदेव नेपाल, शार्दुल भट्टराई (चाबहिल) सहितका घर फरक–फरक सेल्टर थिए। प्रणय मानन्धर झोँछेमा तत्कालीन महासचिव सीपी मैनालीलाई भेट्ने काम हुन्थ्यो। यस्तै सुलोचना मानन्धरको माइती (झोँछे), जहाँ कमरेड झलनाथ खनालको बिहे भएको थियो, पदमा मानन्धर (पकनाजोल), चन्द्र योन्जनको डेरा (कालिमाटी) बैठक गर्ने महत्त्वपूर्ण स्थल थिए। केशव स्थापितको घर बागबजारमा खुला खालका सम्मेलनसहित कार्यक्रम हुन्थे। जीवन मानन्धरको घर (कालिमाटी) जहाँ २०४२ सालमा अनेरास्ववियुको सम्मेलन समेत गरिएको थियो, कतिपय शीर्ष नेताहरू त्यहाँको सेल्टरमा बस्नुहुन्थ्यो। त्यसैगरी राजेन्द्र श्रेष्ठ (क्षेत्रपाटी), स्वस्ती बज्राचार्य (कमलाक्षी), राधिका शाक्य र ज्ञानेन्द्र

शाक्य (पाटन), बालचन्द्र प्रजापति (भेडासिंह) का घरमा धेरै बैठक हुन्थे। प्रजापतिको घर भूमिगत नेतालाई चिठी आदानप्रदानका लागि प्रयोग हुने महत्त्वपूर्ण केन्द्र पनि थियो। वर्ग सङ्घर्ष, मुक्ति मोर्चा, अपानि लगायत भण्डारण गर्ने सेल्टर विराटमान चित्रकारको घर (जैसीदेवल) थियो। कमला श्रेष्ठको बालाजुको घरमा मजदुर नेताहरू बस्ने, खाने र बैठक बस्ने सेल्टर थियो। प्रमेश हमालको घर रक्तकालीमा मुख्य नेताहरू बस्ने गर्नुहुन्थ्यो। सीताराम मास्के/राधा मास्केको जलजला शिशु सदन, नरदेवीमा खुला गतिविधि गरिन्थ्यो। रमेश चित्रकारको पाटन सुन्धारामा रहेको घर अधिकांश पोलिटव्युरो बैठक बस्ने र केही कमरेडहरको खाने, बस्ने व्यवस्था सहितको सेल्टर थियो। विष्णु राउतको डेरा (पाटन), रामेश्वर फुयाँलको डेरा (जैसीदेवल), गुणलक्ष्मीको घर (गल्कोपाखा), मेदिनी खरेलको डेरा, हरि शर्माको डेरा र रेस्टुरेन्ट, टु फेसेस रेस्टुरेन्ट ठमेलका सञ्चालक पूर्ण श्रेष्ठ र उनको साथी, रामशरण कुँवरको डेरा लगायतका सेल्टर थिए। नरदेवी अस्पतालको छेउमा सुनकोशी छापाखाना रहेको थियो। उत्तम महत र चुनु महतको त्यस छापाखानामा बस्ने, खाने कामसहित खुला प्रकृतिका मानिसहरू आउने/जाने सेल्टर थियो।

एउटा प्रसङ्ग छ। विजय गच्छदारले महेन्द्र मोरङ क्याम्पसमा अखिलका नेता फणीन्द्र तिमिल्सिनाको हत्या गर्नका लागि प्रयोग गरेका दुईवटा पेस्तोल र दुई थान गोली अनेरास्ववियुका नेताहरूले मदन भण्डारीलाई बुझाउनु भएको थियो। पछि उहाँले मलाई सुरक्षित राख्ने जिम्मा दिनुभयो। त्यो रश्मि गुरुङको डेरामा केही समय रह्यो। २०४६ सालपछि मैले पार्टी कार्यालय बल्खुको पुस्तकालयको जिम्मामा दिएँ। २०७२ मा गएको भूकम्पले पार्टी कार्यालय भत्किएपछि सामान निकाल्ने क्रममा प्रहरीले लिएर गएछन्। त्यतिबेलाका कतिपय मूल्यवान सामग्री काठमाडौँका सेल्टरहरूमा अझै छन् र पार्टीसमक्ष आइपुगेका छैनन्।

धेरै लामो समय बितिसक्दा मेरो जिम्मेवारीमा धेरै पटक अदली–बदली भइसकेको छ। त्यसकारण कतिपय सेल्टर र त्यहाँका बारेमा बिर्सिसकेको छु। काठमाडौँको काँठ भेगका सेल्टरहरूमा कीर्तिपुर, नगाउँ, पाँगा, मच्छेगाउँ, थानकोट, टोखा, आलापोट, गागलफेदी, गैरीगाउँ, बौद्धको रामहिटी क्षेत्र लगायत छन्। जयबहादुर महर्जनको घर कीर्तिपुरमा अधिकांश पोलिटव्युरो बैठक बस्ने महत्त्वपूर्ण सेल्टर थियो। शरद महर्जनको कीर्तिपुर, पूर्णबहादुर महर्जनको घर नगाउँमा नियमित बैठकहरू हुने गर्थे। पार्टी खुला भइसकेपछि पार्टीको राष्ट्रिय परिषद्को बैठक पनि त्यहाँ भएको थियो। रत्न महर्जनको घर पाँगामा पनि पार्टीको पोलिटव्युरो बैठक हुने गर्थे। बल्बु महर्जन, जितबहादुर/धनमाया महर्जन (पाँगा) को घरमा पनि नियमित बैठक बस्ने सेल्टर थियो। कृष्णगोपाल श्रेष्ठ बस्ने पाँगाको डेरा, सानु श्रेष्ठको घर (मच्छेगाउँ), नारायण महर्जन र विनोद श्रेष्ठ (थानकोट),

सत्यनारायण फैजु (भक्तपुर), राजाराम श्रेष्ठ र श्यामलाल दिवाकरका घर पनि बैठक सहित अन्य पार्टी गतिविधिका महत्त्वपूर्ण सेल्टर थिए।

कमरेडहरूलाई काठमाडौँबाट बाहिर पठाउनु पऱ्यो भने विनोद श्रेष्ठको थानकोटमा रहेको घरसम्म पुऱ्याएर बस चढाएर पठाउने काम गरिन्थ्यो। गणेशलाल श्रेष्ठको टोखाको घर केन्द्रीय कमिटीको बैठक हुने महत्त्वपूर्ण सेल्टर थियो। जमुना श्रेष्ठ, गजराज श्रेष्ठ, बाबुलाल डङ्गोल, अष्टनारायण डङ्गोल, आशनारायण डङ्गोल लगायतका घरहरू (टोखा) महत्त्वपूर्ण सेल्टर थिए। अष्टलक्ष्मी शाक्यको बच्चा भएपछि लामो समय टोखाको राधेश्याम डङ्गोल र अरू साथीहरूका घरमा बसेर भूमिगत राजनीति गर्नुभएको थियो। यस्तै नारायण ढकालको घर मूलपानीमा समय–समयमा बैठक हुने गर्थे। आलापोटको गोविन्द फुयाँल र रामेश्वर फुयाँलको घरमा पनि सेल्टरको व्यवस्थापन हुने गर्दथ्यो। २०४४ सालमा जेलबाट रिहा भएका राधाकृष्ण मैनाली र अन्य नेताहरूको पनि विभिन्न सेल्टरहरूमा व्यवस्था गरिएको थियो। पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सुशील प्याकुरेल र जीवन मानन्धरको घरमा आलोपालो गरी राखिएको थियो। अध्यक्ष कमरेड केपी शर्मा ओली र राधिका शाक्यको भूमिगत विवाह कुपन्डोलको महेश्वर र सध्या श्रेष्ठको घरमा भएको थियो।

एउटा सम्झना छ– २०३८ चैतमा अनेरास्ववियुको छैटौँ राष्ट्रिय सम्मेलन तय गरिएको ठाउँ इन्जिनियरिङ क्याम्पस, पुल्चोकमा प्रहरीको व्यापक दमनपछि सम्मेलनको स्थान अचानक काठमाडौँको मनमैँजुमा सार्नु पऱ्यो। सम्मेलन भूमिगत रूपले सम्पन्न भयो। सम्मेलनमा आएका प्रतिनिधिहरूलाई काठमाडौँमै बस्ने विद्यार्थीका कोठाहरूमा राखेर स्वयंसेवकमार्फत सम्मेलन हुने गुप्त स्थानमा पुऱ्याइएको थियो। २०४० सालमा अनेरास्ववियुको सातौँ राष्ट्रिय सम्मेलन काठमाडौँ उपत्यकाको पाँच ठाउँ– भक्तपुर, ललितपुर, काठमाडौँको नगाउँका पूर्ण महर्जनको घर, टोखाको राधेश्याम डङ्गोलको घर र केशव स्थापितको बागबजारको घरमा गरी सम्पन्न गरिएको थियो। २०४२ सालमा अनेरास्ववियुको आठौँ सम्मेलन काठमाडौँको गजराज श्रेष्ठको घर (टोखा), जीवन मानन्धरको घर (कालिमाटी) र पाँगा गरी तीन ठाउँमा भएको थियो। २०४४ सालको नवौँ राष्ट्रिय सम्मेलन काठमाडौँ भीमसेनस्थानको राजेन्द्र्र स्थापितको घर र कीर्तिपुरमा गरी दुई ठाउँमा सम्पन्न भएको थियो। कीर्तिपुरका सुविन्द्र महर्जनको घरमा २०४६ सालको जेठ महिनामा अनेमसङ्को प्रथम सम्मेलन भएको थियो। त्यतिबेला तालिम दिइएका स्वयंसेवकमार्फत प्रतिनिधिलाई ल्याउने लैजाने काम गरिन्थ्यो।

**सेल्टरमा सङ्कट**

माथि चर्चा गरेजस्तै पार्टी गतिविधि अगाडि बढाइरहँदा बेलाबेलामा सेल्टर भत्किने, दाताहरू छोडेर अन्तै हिँड्ने अवस्था बन्थ्यो। कतिपय अवस्थामा सेल्टरदाताले आर्थिक रूपले धान्न नसक्ने स्थिति बन्थ्यो। एकाध सेल्टरमा भने ठूलो सङ्कट परेको थियो। महासचिव झलनाथ खनालको सेल्टर प्रहरीले थाहा पाएपछि उहाँ उम्किएर प्रमेश हमालको घरमा पुग्नुभएछ। पछि त्यसबारे मलाई खबर भयो। गोपनीयता कस्तो कडा थियो भने काठमाडौँकै सचिवजस्तो जिम्मेवारीमा रहेको मलाई पनि त्यस बेलासम्म झलनाथ खनाल बसेको सेल्टरबारे जानकारी थिएन। माथिल्लो तहका केही नेतालाई मात्रै देखाइएको थियो। जैसीदेवलको त्यस सेल्टरमा झलनाथका दाइकी छोरी नीरा खनाललाई काकाको हेरचाह गर्ने, खाना बनाउन सहयोग गर्न राखिएको थियो। पार्टीका सबै माइन्युटदेखि सबै खाले सामग्री त्यहाँ भएकाले भयानक नोक्सान हुन सक्थ्यो। तर मजदुर साथीहरूमार्फत ती सामग्री सुरक्षितसाथ अन्तै सारेपछि महासचिवलाई नयाँ सेल्टरसम्म पुऱ्याइएको थियो। त्यहाँका घरबेटी वामपन्थी भए पनि अर्कै पार्टीसँग संलग्न रहेछन्। तैपनि, उनलाई बज्र होटलको छेउमा रहेको उनकै बारीमा ती सामग्री ल्याइदिन अनुरोध गरेपछि उनले खर्पनमा राखेर, मल खरानीले छोपेर ल्याइदिए। महासचिव बस्ने अर्को ठाउँ निश्चित भएपछि ती सामग्री सम्बन्धित स्थानसम्म पुऱ्याइएको थियो।

पूर्णशोभा चित्रकारको झोछेँको घर प्रहरीले घेरा हाल्यो। त्यहाँ लिथो मेसिन, टाइपराइटर, अपानि सहित महत्त्वपूर्ण भूमिगत दस्ताबेजहरू थिए। प्रहरीले थाहा पाएमा सबै विषय बाहिरिने खतरा भएपछि पूर्णशोभा चित्रकारका भाउजूहरूमार्फत अर्कै ठाउँमा पुऱ्याउन सफल भएका थियौँ। सामान सार्न समयको अभावमा उहाँहरूले कैयौँ बहुमूल्य दस्ताबेज इनारमा समेत हालिदिनुभएको थियो। लिथो र टाइपराइटरसहितका केही सामग्रीहरू सुरक्षितसाथ लगेर पार्टीलाई भयानक दुर्घटनाबाट जोगाउन सहयोग गर्नुभएको थियो।

शान्ति र प्रतिमा श्रेष्ठकोमा चिठी छोड्ने र अन्य सामग्री पनि राखिन्थ्यो। एकदिन प्रहरी छापा मार्न पुगेपछि उहाँहरूले थुप्रै महत्त्वपूर्ण सामग्री जलाइदिनुभयो भने गोठमा राखिदिनुभएको सामग्री जोगियो। त्यस्तै एकचोटि ब्रह्मटोलमा रहेको प्रेसमा नेकपा (माले) को मुखपत्र वर्ग सङ्घर्ष छापियो। छाप्ने समयसम्म ती गोप्य थिए। प्रेसको प्यासेजमा ती किताब चाङ लगाएर राखेका रहेछन्। हामीले प्रहरीले भेट्यो भने मालिकसहित सबैलाई उठाएर लैजान्छ भनेपछि उनीहरूले लुकाएर राख्ने काम गरे। पछि ठेलागाडाबाट ती सामान अन्यत्र पुऱ्याइएको थियो। यता २०४४ सालमा अनेरास्ववियुको सम्मेलन थियो।


मितिभन्दा एक दिनअगावै प्रतिनिधि आउने र उनीहरूको व्यवस्थापन गर्नुपर्ने रहेछ। तर माधव नेपालले एक दिनपछिको समय दिएको हुँदा व्यवस्थापन गर्न कठिन भएको थियो। त्यो अपर्झट आइपरेको समस्या समाधानको निम्ति राजेन्द्र स्थापितलाई धेरै सम्झाउनु पर्‍यो र अन्तमा उहाँ सेल्टर दिन तयार हुनुभयो। उक्त सम्मेलनमा दुई सय जना बढी प्रतिनिधि थिए। बीचमै केही सङ्कट आउने हो कि भन्ने चिन्ता सधैँ भइरहन्थ्यो। किनकि सेल्टर बिग्रिने बित्तिकै सबै गिरफ्तार हुन सक्ने अवस्था थियो।

पार्टी विस्तार हुँदै जाँदा नेता–कार्यकर्ताहरूप्रति गर्नुपर्ने जिम्मेवारी पनि बढ्दै गयो। स्वास्थ्यको समस्या भएका कमरेडहरूका लागि डा. भरत प्रधान र डा. सरोज धितालकहाँ पठाउने गर्थ्यौं। उहाँहरूले बिरामी कमरेडहरूको उपचार निःशुल्क गर्ने मात्र होइन, अस्पतालमा तिर्नुपर्ने शुल्क र औषधिसमेत सकेसम्म निःशुल्क उपलब्ध गराउनु हुन्थ्यो। उहाँहरूले कमरेडहरू बसेका सेल्टरहरूमा पुगेर समेत उपचार गर्नु हुन्थ्यो। त्यसैगरी मुद्दा–मामिलामा परेका कमरेडहरूका लागि विष्णुबहादुर राउत र अग्नि खरेलको ल फर्ममा पठाउँथ्यौँ। एउटा सानो चिठी लेखेको भरमा उहाँहरूबाट त्यो काम हुन्थ्यो।

**परिवर्तनमा सेल्टरदाताहरूको योगदान**

त्यतिबेला सेल्टरदाताहरूले सेल्टर दिने र त्यसको सुरक्षा दिने कामलाई पार्टी कामको एक अङ्गका रूपमा ग्रहण गरिन्थ्यो। आफ्नोभन्दा पार्टीका नेता र पार्टीका सामग्रीलाई महत्त्व दिइन्थ्यो। सायद त्यसो नभएको भए न त पार्टी ढुक्क भएर काम गर्न सक्थ्यो, न पार्टीलाई विस्तार र सुदृढ नै गर्न सकिन्थ्यो। सेल्टरहरू कुनै व्यक्तिको घर या डेरा मात्र नभई वास्तवमा पार्टीका आधारक्षेत्र जस्तै हुन्थे। यी हरफहरू लेखिरहेका बखत म ती सबै सेल्टरदाताहरूलाई सम्मान गर्न चाहन्छु, जसको सुझबुझ, त्याग, धैर्य, निडरता, जिम्मेवारीको भावनाले नै भूमिगत राजनीतिको त्यो लामो समयमा उच्चस्तरका सबै जिम्मेवार कमरेडहरू सुरक्षित रहन सक्नुभयो। यी सेल्टरहरू र सेल्टरदाताहरू हाम्रो पार्टी पङ्क्तिभित्र नभएको भए सायद २०४६ सालको जनआन्दोलन पनि त्यसरी सफल हुने थिएन होला। ●

# सेल्टर : चितवनदेखि कञ्चनपुरसम्म



हरि सापकोटा
केन्द्रीय सल्लाहकार परिषद् सदस्य

## पार्टी सम्पर्क

तीसको दशक, जतिबेला देशको राजनीतिमा निरङ्कुश राजतन्त्रको हाली–मुहाली थियो। उसले ढकोसलाको रूपमा पञ्चायती व्यवस्था अघि सारेको थियो। समाजमा पञ्चायतको शोषण, दमन र उत्पीडन चरमोत्कर्षमा थियो। पञ्च र मण्डलेहरूको ताण्डव नृत्य चलिरहेको थियो।

त्यस्तै परिवेशमा २०३३ फागुनतिर को–अर्डिनेसन केन्द्रमार्फत मेरो राजनीतिक सम्पर्क सुरु भएको थियो। उमेरका हिसाबले १४–१५ वर्षको मात्रै थिएँ। पाँच वर्षजति घरैमा बसी विद्यार्थी, लाल रक्षक दल लगायत सङ्गठनमा काम गरेपछि पार्टीले पूर्णकालीन भएर भूमिगत जाने प्रस्ताव ल्यायो।

मलाई तिब्बतको भूदास विद्रोह, डाक्टर नर्मन ब्येथुनको कथा, ल्यु हुलानको चित्रकथा, दक्षिण भियतनामी क्रान्तिकारी योद्धा न्युयेन भान ट्राइको जीवनी, अग्निदीक्षा उपन्यास र कमरेड रत्नकुमार बान्तवाको जीवनी लगायतका सन्दर्भसामग्रीहरूले प्रेरित गरेकै थिए। मूलतः मेरो वर्ग स्रोत, पारिवारिक परिवेश र देशको राजनीतिक व्यवस्थासँगै कमरेड केदार न्यौपानेको विशेष प्रेरणाका कारण म भूमिगत काममा जान तयार भएँ।

## भूमिगत जीवनको प्रारम्भ

बुवाआमाको हुर्किसकेको जेठो छोरो। थुप्रै भाइबहिनीको दाजु। परिवारको ठूलो अपेक्षा र होलफस्टदेखि टप टेनसम्मको राम्रो पढाइ। साथै निजी जीवनका सफलताका सबै अवसरहरू छोडेर २०३८ असोज ५ गते बिहानीको मिरमिरेमा स्वेच्छाले घर छोडेर भूमिगत पार्टी काममा हिडेँ। त्यतिबेला भर्खर १९ पुगेर २० लाग्दै थियो मेरो उमेर।

चितवन जिल्ला चार भागमा विभाजित छ। जिल्लाको मुख्य भूमि बरन्डाभार जङ्गलले पूर्व र पश्चिम गरी दुई भागमा छुट्याएको छ भने हालको माडी नगरपालिकालाई चितवन राष्ट्रिय निकुञ्जले छुट्याएको छ। त्यस्तै इच्छाकामना गाउँपालिका सिङ्गै, राप्ती नगरपालिकाका चारवटा वडा, कालिका नगरपालिकाका तीनवटा वडा र भरतपुर महानगरपालिकाको वडा नं २९ गरी एउटा महत्त्वपूर्ण भाग पहाडमा पर्छ।

## पूर्वी चितवनमा पार्टी काम

राजाको निरङ्कुशकालमा पूर्वी चितवनको पूर्व–पश्चिम राजमार्गको दक्षिणी भेगमा पहाडिया र थारु जमिन्दारहरूको दबदबा थियो, चर्को शोषण थियो। त्यसैकारण वर्गीय अन्तरविरोध पनि चर्को हुने नै भयो। राजमार्गको किनारमा खसआर्य समुदायका माथिल्लो वर्गका मानिसहरूको बसोबास थियो भने राप्ती खोलाको किनार, जङ्गलको किनार र पृष्ठभागमा दनुवार, थारु, दराई, बोटे, माझी, तामाङ, चेपाङ र दमाई, कामीजस्ता दलित एवं जनजाति समुदायका श्रमजीवी वर्गीय मानिसका बस्तीहरू थिए।

## पहिलो सेल्टर

केदार न्यौपानेले मलाई २०३८ असोज ५ गते चितवन जिल्लाको पूर्वीभाग भण्डारा जागृतप्रसाद (जेपी) भेटवालको घरमा पुऱ्याउनु भयो। त्यही नै मेरो भूमिगत जीवनको पहिलो सेल्टर थियो। शासकहरूले राजतन्त्र र पञ्चायतविरोधी राजनीतिक शक्तिहरूलाई अराष्ट्रिय तत्त्व (अ.त.) र कम्युनिस्टहरूलाई उग्रवादी आतङ्ककारी समेत भनेर दमन र धरपकड गर्थे। हिरासत र जेल हाल्थे। त्यस्तो बेलामा कम्युनिस्ट कार्यकर्ताहरूलाई घरमा खुवाइ–पियाइ सुरक्षित ढङ्गले लुकाएर राख्नु खतरा मोल्नु थियो। हामीलाई सुरक्षित राखिने तिनै घरहरूलाई नै सेल्टर (आश्रयस्थल) भनिन्थ्यो।

यही क्षेत्रमा लगातार पाँच वर्ष पार्टी निर्माणको काम गरेँ। जेपी भेटवालको घर सिङ्गै क्षेत्रको आधार सेल्टर थियो। जेपी त्यतिबेला पत्रकारिता गर्नुहुन्थ्यो र प्रायःजसो काठमाडौँमै बस्नुहुन्थ्यो। उहाँ आफैँ पनि पार्टी कार्यकर्ता र राजनीतिक व्यक्ति भएकाले परिवारलाई पार्टीका साथीहरूसँग कस्तो व्यवहार गर्ने भन्नेबारे राम्रोसँग सम्झाउनु भएको थियो। त्यस घर–परिवारले पार्टी विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो।

त्यस क्षेत्रमा पिप्ले, भण्डारा, कठार, खैरहनी, कुमरोज, पदमपुर, बच्छयौली र रत्ननगर गरी आठ गाउँ पञ्चायत पर्थे। जनस्तरमा पहिलो सेल्टर थियो कमरेड अमृतलाल तामाङको घर। मलाई जेपी भेटवालको घर भण्डाराबाट करिब तीन किलोमिटर दूरीमा रहेको तत्कालीन पिप्ले गाउँ पञ्चायत वडा नं. ८ पर्सा गाउँमा रहेको त्यस घरमा पुऱ्याउनु

भएको थियो कमरेड दिनेश (रामप्रसाद ढकाल) ले। अहिले उहाँ हामीबीच हुनुहुन्न। देशमा राजनीतिक परिवर्तन भएर बहुदल आएपछिको खुला परिवेशमा उहाँले जेजस्ता कुरा भोग्नु र महसुस गर्नुभयो, तिनलाई पचाउन सक्नु भएन। अन्य केही आन्तरिक पारिवारिक कारण समेतले उहाँको मानसिक स्वास्थ्यमा समस्या देखिएको थियो। त्यसको उपचार चलिरहेका बेला निमोनिया समेतको आक्रमणबाट उहाँको केही वर्ष पहिले मृत्यु भयो।

अमृत तामाङ वर्गीय किसान कार्यकर्ता हुनुहुन्थ्यो। त्यस गाउँमा करिब ३५ घर थिए, करिब–करिब सिङ्गो गाउँ नै हाम्रो पार्टीको पकड र प्रभावमा थियो। कमरेड गोविन्द दराई, जितबहादुर दनुवार (राई), कृष्णबहादुर राई, गोपाल राई लगायत छ–सात घर हाम्रा सेल्टर थिए। कमरेड अमृतलाल तामाङ र उहाँकी श्रीमती समेतको मृत्यु भैसकेको छ। उहाँ जिल्ला पार्टी उपाध्यक्ष कमरेड दावा लामाका मामा हुनुहुन्थ्यो।

पिप्ले–६ को माधवटार गाउँमा विद्यार्थी जीवनमा अनेरास्ववियुको सम्पर्कमा आएका तीर्थराज पाठकमार्फत पार्टी सम्पर्क भएको थियो। घरमुली हुनुहुन्थ्यो तीर्थजीको जेठो दाजु गोपाल पाठक। उहाँ नै सेल्टरदाता हुनुहुन्थ्यो। उहाँले केही समय प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चमा रहेर काम गर्नुभयो र बहुदलीय व्यवस्था आएपछि दुई कार्यकाल पिप्ले गाविसको अध्यक्ष भएर काम गर्नुभयो। पछि हृदयघात भएर बित्नुभयो। उहाँको घर–परिवारबाट त्यस भेगमा पार्टी काम विस्तार गर्न महत्त्वपूर्ण योगदान पुगेको थियो।

पिप्लेकै झुरझुरे केदारटारमा कमरेड परशुराम आचार्यको घर थियो। उहाँ त्यतिबेलाको पार्टी इलाका कमिटी सदस्य हुनुहुन्थ्यो। घरमुली हुनुहुन्थ्यो परशुरामजीको बुवा सिंहबहादुर आचार्य। बुवा कडा मिजासको हुनुहुन्थ्यो। तर हाम्रो पार्टीको सहयोगी नै हुनुहुन्थ्यो। त्यो घर पनि हाम्रो सेल्टर थियो।

पिप्लेका नौवटै वडामा पार्टी सम्पर्क थियो। तर कामको सघनता भने वडा नं. १, ४, ६ र ८ मा थियो। त्यस्तै वडा नं. १, २, ३ र ८ मा दनुवार जातिको बाहुल्य थियो। दनुवारहरू आफूलाई राई भन्ने गर्छन्। दनुवार राईहरूमा त्यतिबेला सबैभन्दा भरोसायोग्य हुनुहुन्थ्यो– जीतपुरका राजबहादुर राई। उहाँको सहयोगमा वरपरका दनुवार बस्तीमा पार्टी काम विस्तार गरिएको थियो।

म पहिलो चोटि घर छोडेर आधारभूत जनताको घरमा भूमिगत भएर बसिरहेको थिएँ। यो आफैंमा नौलो अनुभूति थियो। त्यस्तैमा एकाबिहानै घरबेटी भाउजू (अमृतलालकी श्रीमती) ले चरेसको सानो कचौरामा लगभग आधा कचौरा हल्का तातो, हेर्दा सङ्लो देखिने तरल पदार्थ ल्याएर दिनुभयो र भन्नुभयो– चिया हो, खानूस् कमरेड,

जाडोमा कान तातोतातो बनाउँछ। आखिर त्यो त घरैमा बनाएको तीनपाने रक्सी रहेछ, मैले पहिलो पटक रक्सी चाखेँ।

पार्टी काम विस्तारको सन्दर्भमा पिप्ले गाउँकै पर्साउनीमा चन्द्रबहादुर राई र सूर्यबहादुर राई नामका दुई जना कमरेडहरूसँग सम्पर्क भएको थियो। उहाँहरू एकाघरका दुई भाइ हुनुहुन्थ्यो, दुवै भाइ मलाई आफ्नो घरमा लान सहमत हुनुभयो। एकदिन बिहानै म उहाँहरूको घरमा गएँ। बिहानको खाना खाएपछि चन्द्रबहादुरजीका बुवा सोमबहादुर राई मसँग कुरा गर्न आउनुभयो, कुरा गर्दागर्दै गाली गर्न थाल्नुभयो। उहाँ त्यत्तिमा सीमित हुनुभएन। मलाई गलहत्ती लगाएर बाहिर निकाल्न थाल्नुभयो। चन्द्रबहादुरले बुवालाई सम्झाउनु भयो– यस्तो गर्न हुँदैन भनेर। बुढाले माने पो ! दनुवारको घरमा म फरक नश्ल र अनुहारको मान्छे। दिउँसोको समय। अब के गर्ने, मलाई फसाद पर्‍यो। कतै पञ्च वा पुलिसलाई खबर गरेर पक्राउँछन् कि भन्ने भयो। धन्न, उनको घर पश्चिमतिर खुला ठाउँ थियो, बस्ती थिएन र अलि पर अर्को सेल्टर थियो। कुनै उपाय निकालेर म त्यस घरबाट निस्कँ र अर्को सेल्टरमा पुगेँ। यो मेरो जीवनको अविस्मरणीय घटना थियो।

तत्कालीन भण्डारा गाउँ पञ्चायतका सबैजसो वडामा पार्टी सम्पर्क बिस्तार भइरहेको थियो। विशेषतः भण्डारा, फुलौरिया, पडरिया, धमौरा र भवानीपुर–डडुवामा पार्टीको सङ्गठन राम्रो थियो। मुख्य सेल्टरदाताहरू हुनुहुन्थ्यो– .जेपी भेटवाल, फणीन्द्र पाठक, खिलकान्त रुवाली, बलराम सेढाईं, फणीन्द्र सेढाई, बालकृष्ण लोहनी, रामबहादुर खरेल, राजदेव चौधरी, जलु चौधरी, हठना चौधरी, वभना चौधरी, वीरबहादुर रुम्बा, सूर्यबहादुर तामाङ र सीताराम बल। उहाँहरूमध्ये राजदेव चौधरी धमौरा गाउँका जमिन्दार परिवारका सदस्य हुनुहुन्थ्यो भने जलु चौधरी फुलौरिया भन्ने गाउँको गुरौ परिवारको सदस्य हुनुहुन्थ्यो। उहाँहरूको गाउँमा विशेष प्रभाव हुने भएकाले पार्टी विस्तारमा राम्रो सहयोग पुगेको थियो।

तत्कालीन कठार गाउँ पञ्चायतमा प्रारम्भमा वडा नं. ८ सुण्ढी भन्ने गाउँमा पार्टी सम्पर्क भएको रहेछ। वन विज्ञान क्याम्पस हेटौँडामा पढ्दा अनेरास्ववियुसँग सम्पर्कमा आई विद्यार्थी क्षेत्रमा काम गरेर फर्केका बुद्धिराम दराईबाट पार्टी सम्पर्क भएको रहेछ। उहाँहरूको परिवार चौतरिया परिवार रहेछ, दराई जातिमा आफ्ना चौतरियालाई विशेष सम्मान गर्ने चलन छ। त्यसैले दराई जातिभित्र पार्टी सम्पर्क बढाउन सजिलो भएको थियो। पिढहनी गाउँमा पनि दराई जातिको बाहुल्य भएकाले सम्पर्क भएको थियो। वडा नं. ९ का सम्पर्क व्यक्ति सिद्धिलाल दराई हुनुहुन्थ्यो। सम्पर्क विस्तारका क्रममा सुकबहादुर तामाङ, शङ्कर भण्डारी लगायतका साथीहरू पार्टीमा आउनु भयो।

पार्टी विस्तारका दौरान बडगाउँमा जनक अधिकारीसँग सम्पर्क भयो। उहाँको घरलाई सेल्टर बनाएर वडाभरि पार्टी विस्तार हुँदै थियो। उहाँका बुवा जजमानी गर्नुहुन्थ्यो, जजमानहरूमार्फत पनि पार्टी विस्तार गर्न सहज भएको थियो। त्यो वडाको पार्टी विस्तारमा शिव पाण्डे, नवराज उप्रेती र गोकर्ण थपलियाको पनि महत्त्वपूर्ण भूमिका थियो।

एकदिन बिहानै छापामार शैलीमा म वडा नं. ७ खरखुट्टेका भेषनाथ आचार्यकहाँ गएँ। उहाँ सर्वहारा श्रमिक सङ्गठनको कार्यकर्ता र गाउँ प्रमुख हुनुहुन्थ्यो। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्गठनको केन्द्रीय उपाध्यक्ष समेत भएर काम गरिसक्नु भएको थियो। भेटेर हाम्रो पार्टीका कुरा विस्तारपूर्वक राखेपछि उहाँ सहमत हुनुभयो र पार्टीमा रहेर काम गर्न तयार हुनुभयो। हाम्रो पार्टीमा उहाँको आगमनले कठार गाउँको पार्टी काममा महत्त्वपूर्ण योगदान पुगेको थियो। त्यसै गरी गैँडाहमा कृष्णप्रसाद न्यौपाने, खयरघारीमा शिवप्रसाद पाठक र उहाँका छोराहरू राम–लक्ष्मण पाठकजस्ता साथीहरूको सहयोग र सक्रियताले कठारको पार्टी निर्माणमा सहयोग पुगेको थियो।

त्यतिबेला खैरहनीमा त्यति साह्रो पार्टी काम विस्तार भएको थिएन। जमौलीका भरत भण्डारी, कमल न्यौपाने, खासखैरहनीका रामचन्द्र गौतम, तुलसीपुरका गङ्गाबहादुर बर्मा र मजुईका राजेन्द्र फुँयालका घरहरूमा सेल्टर थिए। तिनमा आश्रय लिएर पार्टी काम विस्तार गरिएको थियो।

कुमरोजमा घोग्रेहरा, जनकपुर, धरमपुर, गौवै र बहिरिया गाउँहरूमा पार्टी सम्पर्क थियो। घोग्रेहरा मूलतः दराई बस्ती थियो। त्यहाँ केयरसिंह (वीरसिंह) दराई, नारायण दराई र डढुवा दराईका घरमा सेल्टर थिए। वीरसिंह दराई पाउरोटी कम्पनीका लाइनमेन (बिक्रेता ) हुनुहुन्थ्यो। आफ्नो बिक्री क्षेत्रमा पार्टी सम्पर्क गराउनु हुन्थ्यो। त्यसैगरी जनकपुरमा रामहरि ढुङ्गाना र इन्द्र लटौलाको घरमा सेल्टर थियो। रामहरिका छोरीहरू उर्मिला, निर्मला अनेरास्ववियुमा काम गर्दथे भने इन्द्र र उहाँका भाइ शिव लटौला पार्टीले अह्राए–खटाएको काम गर्नुहुन्थ्यो। धरमपुरमा हुतराज छत्कुलीको घरमा सेल्टर थियो। उता बाहुन–क्षेत्रीहरूको बाहुल्य रहेका बहिरिया गाउँमा भने लगभग हाम्रै पकड थियो, धेरै घरमा सेल्टर थियो। पीताम्बर पन्त, शिव नेपाल, तेजप्रसाद नेपाल, टीका सिलवाल र भेषराज पन्त आदि स्थानीय नेता हुनुहुन्थ्यो।

त्यतिबेला पदमपुर राप्तीपारि राष्ट्रिय निकुञ्जको बीचमा थियो। पदमपुर–२ जितपुरमा ताराबहादुर गुरुङ, होमबहादुर गुरुङ, चतुरमान गुरुङ, सोमबहादुर गुरुङ र विष्णुप्रसाद अधिकारीका घरहरूमा सेल्टर थिए। पिपरियामा शिवनारायण चौतारियाको घरमा सेल्टर थियो। भीमपुरमा शङ्कर चौधरीको घरमा, बच्छयौलीमा नारायण चापागाईंको घरमा र

गढ्यौलीमा लोकप्रसाद चापागाईंको घरमा सेल्टर थियो। त्यतिखेरका सेल्टरदाताहरू शङ्कर चौधरी र लोकप्रसाद चापागाईंको निधन भइसकेको छ।

त्यतिबेला बच्छयौलीको झुवानीमा पार्टी काम अलि सघन थियो। गाउँमा पार्टी काम विस्तार गर्न रामजीप्रसाद रिजाल, ओमप्रकाश ढुङ्गाना, माधव खतिवडा, गोपाल रिजाल, हीरा धमला नारायण ढुङ्गानाका घरहरू, जनकौलीमा देवीप्रसाद पराजुली, भूमि ढुङ्गाना र गोपी खरेलका घरहरू, खास बच्छयौलीमा घनश्याम तिम्सिनाको घरमा रहेका सेल्टरहरू र सेल्टरदाताहरूको अहम् भूमिका थियो।

त्यतिबेलाको रत्ननगर गाउँ पञ्चायतमा वडा नं. ७ मा सबैभन्दा राम्रो पार्टी काम थियो। कमरेड सूर्य शर्माको परिवार माडीबाट बसाइँ सरेर आएको थियो। उहाँहरूसँगै दुई घर आफन्तहरू पनि आउनु भएको थियो। सबै हाम्रै समर्थक–शुभचिन्तक हुनुहुन्थ्यो। कमरेड सूर्य शर्मालाई २०३७ सालमा माडी वसन्तपुरमा घटेको हत्याकाण्डसँग जोडेर ज्यानसम्बन्धी अभियोग लगाइएको थियो। त्यसकारण उहाँ कडा भूमिगत हुनुहुन्थ्यो र पार्टीले दिएको जिम्मेवारी पूरा गर्दै हुनुहुन्थ्यो। उहाँ लगायत उहाँका सानबा (सानिमा)को घरमा पार्टीको सेल्टर थियो। सानबाको थर पराजुली थियो। पराजुली बाका छोराहरू भोलानाथ, घुनाथ, नारायण र अम्बिका सबै इमान्दार कार्यकर्ता थिए। थारु जातिका बालसिंह चौधरी, रामकुमार चौधरी, गोरिया चौधरी, जनुवा चौधरी र जलेश्वर चौधरीको घरमा पार्टीका सेल्टरहरू थिए भने दराईमा जगुराम दराई र उहाँको काकाको घरमा सेल्टर थिए। वडा नं. ३ मा पनि पार्टी सम्पर्क विस्तार हुँदै थियो। कमल भुसाल, प्रेम शर्मा लामिछाने र वडा नं. ४ भोकाहामा मोतीलाल सुवेदीको सेल्टर हुँदै सम्पर्क विस्तार गरिँदै थियो।

टाँडीबजारमा जगतकृष्ण प्रजापति, दीपक कर्माचार्य, राजेन्द्र श्रेष्ठ, नारायण वन, सावित्री पुरी र ओमनाथ सापकोटा लगायतका साथीहरू सम्पर्कमा हुनुहुन्थ्यो। त्यस क्षेत्रको दक्षिणी सिमाना राप्ती खोला र राष्ट्रिय निकुञ्ज पर्थ्यो भने यता राजमार्ग साइड र बजारमा माथिल्लो वर्गका मानिसहरू, राजा र पञ्चायतका समर्थक एवं जनविरोधी तत्त्वहरूको अलि बाक्लो बसोबास थियो। भित्री गाउँमा समेत सत्ता पक्षका समर्थकहरू बस्थे। एकातिर हिंस्रक जङ्गली जनावरहरू र अर्कातिर सत्ता पक्षका सुराकीहरूबाट जोगिएर कम्युनिस्ट पार्टी विस्तार र सुदृढीकरणको काम गर्नु चुनौतीपूर्ण थियो। कैयौँ पटक रात–विरात एक ठाउँबाट अर्को ठाउँ जाँदा बाटोमा गैँडासँग जम्काभेट भएका र छक्याएर भाग्नु परेका घटनाहरू सम्झँदा अहिले पनि आङ सिरिङ्ग हुन्छ।

पञ्चायती चुनावलाई उपयोग गर्ने पार्टी नीति अनुरूप २०४४ को पञ्चायती चुनावमा जनपक्षीय उम्मेदवारहरू उठाइएको थियो। चुनाव प्रचारप्रसारका क्रममा थुप्रै नयाँ मान्छेहरू सम्पर्कमा आए। उनीहरूलाई सङ्गठित गरेर परिचालन गर्दा पार्टीको सङ्गठन विस्तारमा उल्लेखनीय योगदान पुगेको थियो।

## चितवनको पूर्वी पहाडमा

२०४३ को राष्ट्रिय पञ्चायत चुनावपछि पार्टीले मलाई जिल्लाको पूर्वी पहाडमा जिम्मेवारी दिएर पठायो। जिल्लाको उत्तरी भागमा अग्ला अग्ला पहाड छन्। अहिलेसम्म पनि सबै ठाउँमा बाटो पुगेको छैन, त्यस समयमा त बाटो पुग्ने कुरै भएन। अग्ला पहाडहरूलाई नाघेरै ओहोर–दोहोर गर्नुपर्थ्यो।

चितवनका पहाडी भागमा नौ गाउँ पञ्चायत थिए। त्यसमध्ये सिद्धि, कोराक, लोथर र मकवानपुरको काँगडा गाउँ पञ्चायतलाई मिलाएर चितवन–मकवानपुर सीमान्त इलाका पार्टी सक्रिय दल गठन गरिएको थियो। इन्चार्ज म थिएँ भने सचिव दावा लामा हुनुहुन्थ्यो। सङ्गठनका अन्य सदस्यहरूमा डिल्लीराज प्रजा, स्वामिलाल मोक्तान र मोहनसिंह मोक्तान हुनुहुन्थ्यो। कोराक र लोथरमा काम राम्रै फैलिँदै थियो।

कामको सिलसिलामा मलाई मोहनसिं मोक्तानले आफ्नो घर लिएर जानुभयो। गाउँका मान्छेहरूलाई भेला गराउनु भयो। मैले हाम्रो पार्टी र राजनीतिका बारेमा धेरै कुरा बताएँ। अर्को दिन उहाँले मलाई त्यही गाउँको खर्लिङ भन्ने ठाउँमा फटकबहादुर (पीबी) गोलेको घरमा लिएर जानुभयो र मलाई छोडेर आफू चाहिँ फर्कनु भयो।

त्यो गाउँ चारैतिरबाट पहाडी डाँडाहरूले घेरिएको खोँचजस्तो थियो। पीबीको घरमा उहाँका बुवा–आमा र दाजु–भाउजूहरू हुनुहुन्थ्यो। पीबी काठमाडौँमा पढ्नु हुन्थ्यो। संयोगवश, म त्यहीँ हुँदै उहाँ पनि आइपुग्नु भयो। भोलिपल्ट दिनभरि उहाँसँग राजनीति लगायत विविध विषयमा कुराकानी भयो। त्यहाँ बस्दाबस्दै मलाई त ज्वरो आउन थाल्यो। ज्वरो बढ्दै गयो। बिस्तारै मलाई असहज महसुस हुन थाल्यो।

मेरो स्वास्थ्य अवस्थाका सम्बन्धमा उहाँहरूबीच छलफल भएछ क्यारे, हेटौँडाबाट गर्लिङको स्कुलमा पढाउने वीरबहादुर थापालाई बोलाएर उहाँसँगै भण्डारा पठाउनु भयो। वीरबहादुर सरले म हिँड्न नसक्दाको अवस्थामा बोक्नुभयो। कतिखेर म हिँड्ने, कतिखेर उहाँले बोक्ने गरेर निकै कठिन यात्राका साथ भण्डारा जेपी भेटवालको घरमा पुग्यौँ। मलाई त्यहाँ छोडेर उहाँ फर्कनु भयो। औषधि उपचार र स्याहारसुसारपछि मेरो स्वास्थ्य ठीक हुँदै गयो। त्यस समयको कमरेडली व्यवहारको यो एउटा उत्कृष्ट उदाहरण हो।

## पश्चिम चितवनमा सरुवा

२०४३ को उत्तरार्द्धतिर मेरो जिम्मेवारी पश्चिम चितवन तोकियो। गीतानगर, पटिहानी, शिवनगर, पार्वतीपुर, जगतपुर, शुक्रनगर, गुञ्जनगर, दिव्यनगर र मेघौली गाउँ पञ्चायत मेरो कार्यक्षेत्रमा पर्थे।

पूर्वको तुलनामा पश्चिममा वर्गीय अन्तरविरोध चर्को र तीव्र थिएन। तर राजनीतिक अन्तरविरोध भने तीव्र थियो। यस क्षेत्रमा नेपाली काङ्ग्रेसको बलियो उपस्थिति थियो। कम्युनिस्टहरूमध्ये विशेषतः चौथो महाधिवेशन/मशाल समूहको क्षेत्रभरि नै एक खालको प्रभाव थियो भने कतैकतै सर्वहारावादी श्रमिक सङ्गठन (रूपलाल) समूहको पनि प्रभाव थियो। छिटफुट रूपमा मानन्धर समूहको पनि प्रभाव देखिन्थ्यो। यिनै राजनीतिक शक्तिहरूसँगको प्रतिस्पर्धामा हामीले पार्टी काम अघि बढाउनु पर्थ्यो।

चितवनमा कोके र मालेकालसम्म पनि साबिक गीतानगर–६ केसरवाग पार्टीको एउटा महत्त्वपूर्ण आधार थियो। किनभने नरबहादुर खाँड चौथो महाधिवेशन समूह परित्याग गरी हाम्रो पार्टीमा आउनु भएको थियो। उहाँको जिल्लामै एकखाले प्रभाव थियो। त्यस्तै शोभाखर चापागाईंको गाउँमा राम्रो प्रभाव थियो र उहाँका धेरै दाजुभाइ थिए। अर्को ठूलो परिवार थियो श्यामकृष्ण तिवारीजीको। उहाँका पनि आठ–नौ भाइ थिए र पूरै परिवार पार्टी समर्थक थियो। यी सबै घरमा सेल्टर लिन सकिन्थ्यो। कालु गिरी, तुलसी गिरी, बमबहादुर राउत र केदार पोखरेलका घरहरू पनि सेल्टर थिए। मेरो घर पनि यही गाउँमा हो। यही गाउँको वातावरणमा हुर्केको हुनाले म पार्टी कार्यकर्ता बनेर यहाँसम्म आइपुगेको छु। हाम्रो घर पनि पार्टीको सेल्टर थियो। खास कालखण्डमा यो वडामा पार्टीको एकछत्र प्रभुत्व थियो। दुर्भाग्य भन्नुपर्छ– नरबहादुर खाँड, शोभाखर चापागाईं, श्यामकृष्ण तिवारी, कालु गिरी र तुलसी गिरी अहिले हामीबीच हुनुहुन्न, उहाँहरू सबैको निधन भैसकेको छ।

स्मरणीय कुरा के छ भने नरबहादुर खाँड पहिले नेकपा मानन्धर समूहमा हुनुहुन्थ्यो। २०४७ मा माले– मार्क्सवादी एकीकरणपछि मानन्धर समूह परित्याग गरेर केही साथीहरू सहित उहाँ पनि पुनः एकीकरणमा जोडिनु भएको थियो।

केसरबागदेखि अलि पर अम्बर बस्तीमा मुक्तिनाथ वाग्लेजीको घरमा पनि पार्टीको सेल्टर थियो। उहाँ पाको मान्छे हुनुहुन्थ्यो। सिङ्गै परिवार पार्टीको पक्षमा थियो।

मेघौली, शुक्रनगर र जगतपुरमा पार्टीको प्रभाव धेरै राम्रो थियो। मेघौली र शुक्रनगरमा त जनपक्षीय चुनाव नै जितिएको थियो। जगतपुरमा चुनाव जित्न नसकेको भए

पनि पार्टीको सङ्गठनात्मक अवस्था राम्रो थियो। पटिहानी र गीतानगर सङ्गठनात्मक हिसाबले मध्यमस्तरको काम भएका गाउँहरू थिए भने शिवनगर, पार्वतीपुर, दिव्यनगर र गुञ्जनगर कमजोर अवस्थामा थिए।

पटिहानीको गङ्गानगर बनपाले टोलबाट हाम्रो पार्टी काम सुरु भएको हो। विनोद सापकोटा त्यहाँको सम्पर्क सूत्र र सुरुवातकर्ता हुनुहुन्थ्यो। त्यो गाउँमा उहाँबाहेक सूर्यराज आचार्य, उदयराज सापकोटा, रामजी सापकोटा, कृष्ण सापकोटा र पदमराज घिमिरे अगुवा कार्यकर्ता हुनुहुन्थ्यो।

जगतपुरमा पदमपाणि पौडेल, केशव पौडेल, थानप्रसाद तिवारी, जगन्नाथ न्यौपाने, तोयनाथ ढुङ्गाना, राजाराम पौडेल, गङ्गाराम पौडेल, रवि आचार्य, रामशरण लम्साल र रामु लक्ष्मण दराईका घरहरूमा सेल्टर लिएर त्यहाँको पार्टी काम विस्तार गरिएको थियो। उहाँहरूकै भूमिकाले त्यहाँको पार्टी बलियो हुँदै अघि बढेको थियो।

शुक्रनगरमा बोधनाथ दवाडी, सूर्यप्रकाश जमरकट्टेल, थमबहादुर पुन, नरबहादुर थापामगर (सोल्टी) ढकुल पुरी, बलबहादुर पुरी, काशीराम भण्डारी, भीमबहादुर भण्डारी, दिलबहादुर लामिछाने, डम्बरबहादुर राना र धर्मराज महतोका घरहरूमा सेल्टर थिए। त्यतिबेला हाम्रो पार्टीको काम राम्ररी उठेका गाउँहरूमध्ये एउटा गाउँ हो– शुक्रनगर। २०४२ को पञ्चायती स्थानीय चुनाव समेत जितेको गाउँ हो। प्रधानपञ्चमा थमबहादुर पुन र उपप्रधानपञ्चमा धर्मराज महतो विजयी हुनुभएको थियो।

त्यतिबेला हाम्रो जनमत राम्रो भएको अर्को गाउँ थियो– मेघौली। पञ्चायती चुनावमा जयमङ्गल कुमाललाई प्रधानपञ्चको उम्मेदवार बनाइएको थियो। परिणाम हाम्रो पक्षमा आएको थियो। जयमङ्गल कुमाल लडाकु कार्यकर्ता हुनुहुन्थ्यो, उहाँलाई काङ्ग्रेस लगायत विरोधीहरूले धेरै दुःख दिएका थिए। उहाँले करिब तीन वर्ष जेल जीवन पनि बिताउनु भएको थियो।

हरि अधिकारी अत्यन्त इमान्दार कार्यकर्ता हुनुहुन्थ्यो, आफ्नै मिलको फितामा हात अल्झिएर धेरै पहिले उहाँको निधन भयो। त्यस्तै पार्टीको पक्षमा दृढतापूर्वक बहस गर्ने पाको कार्यकर्ता हरि कोइराला र माधव चापागाईंको पनि निधन भैसकेको छ।

शिवनगरमा छविलाल आचार्य र माधव घिमिरेका घरमा सेल्टरहरू थिए। पार्वतीपुरमा सामान्य सम्पर्क मात्रै थियो, सेल्टर बनिसकेको थिएन। सम्पर्क व्यक्ति हुनुहुन्थ्यो– मुक्ति अधिकारी। गुञ्जनगरमा नारायण सुवेदीको घर र आनन्द गुरुङको घरमा

सेल्टरहरू थिए। शिवनगर, पार्वतीपुर, दिव्यनगर र गुञ्जनगरमा हाम्रो पार्टीको अवस्था कमजोर थियो, त्यहाँ नेपाली काङ्ग्रेस नै बलियो थियो।

## सेल्टरमा विवाह

२०४५ माघ २९ गते पार्टी जिल्ला कमिटीको आयोजनामा छविलाल आचार्यको घरमा भूमिगत रूपमा जनवादी विवाह समारोह आयोजना भयो। गुल्मी जिल्लाको रुरु गाउँपालिका भट्कुवामा जन्मे–हुर्केर मध्यपश्चिम क्षेत्रको पार्टी काममा कार्यरत कमरेड प्रतिभा (लक्ष्मी ज्ञवाली) सँग म पर्वत जिल्लामा जन्मे– हुर्केर बसाइँसराइका क्रममा चितवन आई बसोबास गरेको र यतै कार्यरत हरि सापकोटाका बीच विवाह सम्पन्न भएको थियो। समारोहमा घर–परिवार सहित बढीमा १४–१५ जना उपस्थित थियौँ होला। एक जोर नयाँ सर्टपाइन्ट सहित म दुलाहाका रूपमा उपस्थित थिएँ भने लक्ष्मी एक सेट नयाँ कपडा सहित दुलहीका रूपमा उपस्थित हुनुहुन्थ्यो। मेरा जुत्ता पुरानै थिए, अतिरिक्त क्रान्तिकारी बनेर एकजोर नयाँ जुत्ता पनि किन्न दिएको थिइनँ। खानामा लोकल कुखुराको मासु, दाल–भात, मिठो तरकारी र असाध्यै मिठो अचार बनाउनु भएको थियो छविलाल कमरेडको परिवारले।

त्यसबेला जनवादी विवाहको लहरै चलेको थियो।

## चौथो महाधिवेशनको प्रतिनिधि छनोट

२०४६ भदौ ९–१४ सम्म सिरहा जिल्लाको विष्णुपुरकट्टीमा नेकपा (माले) को आयोजनामा नेकपाको चौथो महाधिवेशन सम्पन्न भएको थियो। भूमिगत रूपमा महाधिवेशन गर्नुपर्ने भएकाले प्रतिनिधित्वको सङ्ख्या साँघुरो थियो। चितवनबाट जम्मा दुई जना जान पाउने निर्देशन थियो, त्यो पनि पार्टी सदस्यहरूको भेलाले होइन, जिल्ला कमिटीको बैठकले छान्ने गरी। बैठकमा त्यस विषयमा छलफल सुरु भएपछि सबैभन्दा पहिले मैले नै कमरेड गोविन्द (काशीनाथ अधिकारी) र कमरेड विमल (रणध्वज कन्दङ्वा) को नाम महाधिवेशन प्रतिनिधिका लागि प्रस्ताव गरेँ। बैठकले पास पनि गरेको थियो। काशीनाथ अधिकारी जिल्ला सचिव हुनुहुन्थ्यो भने रणध्वज कन्दङ्वा जनजातिबाट आएको र यातना सहित जेल जीवन भोगेको कमरेड हुनुहुन्थ्यो। पछि कतिपय कमरेडहरूले मलाई आलोचना गर्दै भन्नुभएको थियो– 'तपाईं आफैँ पनि पर्न सक्नुहुन्थ्यो, हामी पर्न सक्थ्यौँ। जान्ने भएर पहिले नै नाम प्रस्ताव किन गर्नुभएको ?'

## सुदूरपश्चिमतिरको यात्रा

एकातिर चौथो महाधिवेशनपछि पार्टीले आफ्नो कार्यशक्तिलाई देशव्यापी विन्यास गर्ने नीति लिएको थियो भने अर्कोतिर विवाहपछि पनि हामी दुई जना टाढा–टाढा र अलग–अलग कार्यक्षेत्रमा कार्यरत थियौँ। यसलाई मिलाउने सन्दर्भमा मलाई चितवनबाट र लक्ष्मी ज्ञवालीलाई बाँकेबाट सुदूरपश्चिम पठाउने निर्णय गरेर हामीलाई सुदूर पश्चिम सेती–महाकाली पठाइएको थियो।

२०४६ मंसिर १ गते बिहानै ६ बजे हामी नेपालगन्जबाट गाडी चढ्यौँ र कच्ची बाटोमा शरीर धुलाम्य हुँदै कर्णाली नदीमा फेरी तरेर राती करिब १२ बजे धनगढी चौराहामा उत्रियौँ। त्यतातिरको हाम्रो यात्रा पहिलो थियो। नेपालगन्जबाट पश्चिम लागेपछि न बाटो पिच भएको रहेछ, न कर्णाली नदी लगायत खोला–खोल्सीहरूमा पुल नै बनेका रहेछन्। धनगढी चौराहाबाट गन्तव्यतिर लाग्न खोजेका मात्रै के थियौँ, पुलिसले रोकेर केरकार गर्न पो थाल्यो। उसले सोधेका सबै प्रश्नको फटाफट उत्तर दियौँ, त्यसपछि छोडिदियो र गन्तव्यस्थलतर्फ लाग्यौँ। मध्यराती दुई जना भर्खरका केटाकेटी झोलासोला बोकेका छन्, कतै गलत उद्देश्यले भारततिर जान लागेका त होइनन् भन्ने पनि लागेको हुन सक्छ पुलिसलाई। जेहोस्, त्यस फन्दाबाट उम्क्यौँ।

हाम्रो गन्तव्य थियो चौराहादेखि थोरै पूर्वतिर रहेको अशोक मसला उद्योग, जहाँ कमरेड गोविन्द कोइराला र गौरा प्रसाईंहरू डेरा गरेर बस्नुहुन्थ्यो। गौराजीको साइँला दाइ पदम प्रसाईंले मसला उद्योग चलाउनु भएको थियो। भोलिपल्ट कमरेड युवराज ज्ञवालीसँग त्यहीँ भेट भयो।

सुदूरपश्चिममा उहाँ नेतृत्वको तीन सदस्यीय सेती–महाकाली क्षेत्रीय कमिटी थियो। कमिटीमा उहाँ सहित म र मेघबहादुर बीसी सदस्य थियौँ। कार्यविभाजन गर्दा मेरो जिम्मेवारीमा सिङ्गो महाकाली अञ्चल परेको थियो। पहिलो चरणमा कमरेड युवराजले त्यसबेलासम्म बनेका सेल्टरहरू, सम्पर्क सूत्रहरू र सम्पर्क व्यक्तिहरूकहाँ लगेर सम्पर्क गराउनु भएको थियो।

त्यतिबेलासम्म महाकालीमा सम्पर्कको सुरुवात मात्रै भएको थियो भन्दा हुन्छ। महेन्द्रनगरको भासीमा बाबुराम शर्मा न्यौपानेको घरलाई सेल्टर बनाइएको थियो। हल्दुखालमा उर्वादत्त पन्तको घरमा सेल्टर थियो। मुख्य सहरमा भरोसायोग्य सेल्टरहरू थिएनन्। सम्पर्क व्यक्तिका रूपमा ऋषिराम खरेल लगायत केही व्यक्तिहरू हुनुहुन्थ्यो।

जिल्लाको दक्षिणी भेग र भारतीय सीमावर्ती क्षेत्रको रामपुर–बिलासीपुरको भुरा भन्ने गाउँमा शम्भु ज्ञवाली र हरि ज्ञवालीका घरहरू सेल्टर थिए भने कलकत्ता भन्ने गाउँमा रामकुमार ज्ञवालीको घर भरोसायोग्य सेल्टर थियो। त्यस्तै श्रीपुर–बेलौरीको शान्तिपुरमा तुलाराम खरेल र रामप्रसाद ढकालका घरहरू सेल्टर थिए। उता त्रिभुवन बस्तीको 'घ' गाउँमा त्रिलोचन वत्स दाहालको घर, उहाँकै भान्जा स्थिरप्रसाद घिमिरेको घर र कृष्णबहादुर तामाङका घरहरू सेल्टर थिए भने 'ग' गाउँमा माधव पोखरेल र उहाँका दाजु निल पोखरेलका घरहरूमा पनि सम्पर्क थियो।

डडेल्धुरा जिल्लाको जोगबुडामा कमलसिंह ठगुन्ना, महेश पन्त र टेकबहादुर–धनबहादुर ऐरहरूको घरमा सम्पर्क थियो। डडेल्धुराकै आलितालमा गोविन्द कलौनी र प्रेमबहादुर विष्टको घरमा सेल्टर थिए। यसरी क्रमशः महाकालीमा पार्टी काम विस्तार हुँदै थियो।

**जीवनसङ्गिनी भेरीतिर, म हिरासततिर**

ऐतिहासिक जनआन्दोलनको राष्ट्रव्यापी तयारी भइरहेको थियो। त्यसै क्रममा हाम्रो पार्टीको सेती–महाकाली क्षेत्रीय कमिटीको बैठक १ फागुन २०४६ मा कैलालीको गेटी गाउँमा राखिएको थियो। बैठकमा कमिटीका हामी तीनजना सहित वामदेव गौतम र सीपी मैनाली पनि उपस्थित हुनुहुन्थ्यो। बैठकले सङ्गठनात्मक अवस्थाको सामान्य समीक्षा गर्दै आन्दोलनको तयारीसम्बन्धी निर्णयहरू गऱ्यो।

बैठकपछि फागुन २ गते नै कमरेड वामदेव गौतमले बर्दियामा आन्दोलनको बेला नेतृत्वको सङ्कट पऱ्यो भनेर कैलाली जिल्ला कमिटी सदस्य र अनेमसङ्घको सेती–महाकाली इन्चार्ज भएर काम गरिरहेकी लक्ष्मी ज्ञवालीलाई भेरीतिर लिएर जानुभयो। म भने फागुन ३ गते कमरेड युवराज ज्ञवालीसँग थप सरसल्लाह गरी पञ्चायतविरुद्ध लडाकु शक्ति निर्माण गर्ने पार्टीको विशेष सर्कुलर लगायत गोप्य दस्ताबेजहरूको छुट्टै प्याक बनाएर पाइन्टको पेटीभित्र घुसारी सुइटरले छोपेर झोला बोकी साइकल चढेर आफ्नो कार्यक्षेत्र कञ्चनपुरतिर लागेँ।

रामकुमार ज्ञवालीले पार्टीलाई एउटा साइकल दिनुभएको थियो। त्यही साइकल चढेर म कञ्चनपुर जिल्लाभरि राउन्ड लगाउने र आवश्यकता पर्दा धनगढी समेत आउने–जाने गर्थें। त्यो दिन पनि साइकल चढेरै दशगजाको बाटो पुनर्वास क्षेत्रतिर जाँदै थिएँ। धनगढीको भन्सार कटेर अलि अगाडि लालझाडी भन्ने ठाउँमा पुगेको थिएँ। पुलिसले सिठ्ठी बजाएको रहेछ, मैले हेक्का राखिनँ। अगाडि बढिरहेँ, उसले बारम्बार सिठ्ठी बजाइ

रह्यो। त्यसपछि फर्केर हेरेँ, उसले हातले इसारा गरेर बोलायो। म गएँ। झोला खोलेर हेऱ्यो। झोलामा अरू सामग्री सहित मार्क्सवादी–लेनिनवादी दर्शनको हिन्दीमा लेखिएको मोटो किताब थियो। उसले भन्यो– यो अवैध हो। मैले पनि हऱ्यारेसमेन्ट गर्ने हिसाबले भनेँ– किताब होइन तपाईंको दिमाग चाहिँ अवैध हो। ऊ अकमकिंदै थियो, त्यतिबेलै मैले भनें......– पिसाबले अत्याएको छ, पिसाब फेर्न कता जाऊँ ? उसले एकछिन सोचेर नेपालतिर देखायो। तर के ठान्यो कुन्नि, फेरि भारतको दुधुवा नेसनल पार्कतिर देखायो र त्यता जानुस् भन्यो। मलाई पिसाब फेर्नु त के थियो र, आफूसँग भएका गोप्य कागजपत्र नष्ट गर्नुथियो। भारतको दुधुवा नेसनल पार्कमा ती सामग्रीहरू फालेर नष्ट गरिदिएँ र आफूलाई हलुङ्गो भएको महसुस गरेँ।

त्यसपछि उसले आफ्नो कन्स्टेबललाई मेरो साथ लगाएर धनगढी भन्सारको इन्स्पेक्टरसँग किताबका बारेमा बुझ्न पठायो। धनगढी भन्सारको इन्स्पेक्टरले हाम्रो एरियाको कुरा नभएकाले रिस्क नलिने जवाफ दिएर पठायो। अब उसले मलाई त्यही कन्स्टेवलसँग त्रिभुवन बस्तीको थानामा पठायो। कन्स्टेबलले– आज रात पऱ्यो हजुर, भोलि बिहान जाउँला भनेर पचकडिया चौकीमै राख्यो।

मलाई गिरफ्तार गर्ने पुलिस बेलुका आठ बजे चौकीमा आयो र कन्स्टेबललाई गाली गऱ्यो– आजै थानामा नपुऱ्याएको, नमकहराम भनेर। तुरुन्त युनिफर्म लगाउन लगायो र राती नै हिँडायो। करिब राती ११ बजे मलाई त्रिभुवनबस्ती थानामा बुझाएर उनीहरू फर्किए। यसरी म २०४६ फागुन ३ गते गिरफ्तार भएको थिएँ। पछि थाहा भयो, मलाई गिरफ्तार गर्ने पुलिस असई कुबेर चन्द रहेछन्।

रातीको ११ बजिसकेकाले केही खाने कुरा भएन। मलाई भोकै तुरुङ (ठेँड्को या कट्ठा, एकखाले यातनाको साधन) मा हालेर राखे। म प्रमाणित अपराधी होइन, किन तुरुङमा हालेको भनेर प्रतिवाद गरेपछि मात्रै एउटा खुट्टा बाहिर निकाल्न दिएका थिए। भोलिपल्ट बिहान ८ बजेतिर चिया मगाएर खुवाए। चिया खाइसकेपछि एक जना चन्द थरको निमित्त थानेदारले बयान लिन थाल्यो। मैले अघिल्लो जे जस्तो बयान दिएको थिएँ, त्यही दोहोऱ्याएँ। उसलाई यो बयान चित्त बुझेन। गालामा थप्पड हान्ने, हत्केलामा लठ्ठीले हान्ने, घोप्टो परेर निहुरिन लगाई पालैपालो दुईवटै खुट्टाका पैतालामा लठ्ठीले हान्ने जस्ता यातना दिन थाल्यो। सोधपुछ गर्दा 'राधाकृष्ण मैनालीलाई चिन्छौ ? तुलबहादुर गुरुङलाई चिन्छौ ? कुन पार्टीमा लागेका छौ ? पञ्चायती व्यवस्थालाई मान्छौ कि मान्दैनौ ? चितवनदेखि यहाँ किन आएको ? साइकल कहाँबाट ल्याएको ? अराष्ट्रिय तत्त्व र उग्रवादीहरूले चलाएको आन्दोलनलाई समर्थन गर्छौ कि विरोध गर्छौ ?' आदि

आदि सोध्यो। मैले 'चिन्दिनँ, कुनै पार्टीमा लागेको छैन, साइकल घरैबाट लिएर आएको हो, धेरै भाइहरू भएको र जमिन थोरै भएकाले सस्तो जमिन खोज्दै नवलपुरदेखि यहाँसम्म आइपुगेको हो, आन्दोलनका बारेमा केही थाहा छैन, म आफ्नो निजी काममा हिँडेको बेला बाटोमै समातेर तपाईंहरूले यसरी यातना दिएको हुनाले यो व्यवस्थालाई मान्दिनँ' भनेर जवाफ दिएँ। बयानको त्यस्तै कागज बनाएर मलाई बेलौरी इलाका प्रहरी कार्यालयमा चलानी गऱ्यो।

बेलौरी इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक अलि भलादमी देखिन्थे। अफिसको मेच टेबलमै राखेर कुरा गरे। मैले भनेँ– 'तपाईंका पुलिसहरूले धेरै दुःख दिए, खान–सुत्न दिएनन्, दुई दिनदेखि खान सुत्न पाएको छैन। आज तपाईंले सुत्ने व्यवस्था मिलाउनु पर्छ।' उनले हुन्छ भने।

आफ्ना कारिन्दा लगाएर एउटा कोठा राम्रोसँग सफा गराए, पराल बिच्छ्याएर कम्बलहरू ल्याइदिएर सुत्ने व्यवस्था मिलाए। मेसमा खुवाउनू भनेर छोडेका रहेछन्, तर पुलिसहरूले खाना खुवाएनन्। राती साढे ९ बजेतिर आएर खाना खानुभयो भनेर सोधे। मलाई रिस उठिरहेको थियो– भोकमाथि यति सारो व्यङ्ग्य नगर्नुस् न इन्स्पेक्टर साहब' भनेर जवाफ दिएँ। उनले पुलिसहरूलाई सोधे। उनीहरूले 'बाहुन जस्तो लागेर हाम्रो मेसको खाना खानुहुन्न होला भनेर खुवाएनौँ' भने। त्यो रात पनि भोकै सुत्न बाध्य भएँ।

भोलिपल्ट फागुन ५ गते ९ बजेतिर बेलौरी बजारको होटलमा लगेर खाना खुवाए। खाना खाएपछि इन्स्पेक्टरले मलाई 'आज जिल्ला प्रहरी कार्यालय महेन्द्रनगर पठाउने भनेको केमा पठाउने होला' भनेर सोधे। उनको कार्यालयमा थोत्रो साइकल समेत रहेनछ। पछि कतैबाट एउटा पुरानो साइकल खोजेर एक जना हवल्दार त्यो साइकलमा र अर्को एक जना प्रहरी जवानले मेरो साइकलमा मलाई राखेर झलारीसम्म लगे। त्यहाँबाट बस चढाएर करिब ५ बजे जिल्ला प्रहरी कार्यालय, महेन्द्रनगरमा झोला र साइकल सहित मलाई बुझाएर उनीहरू फर्किए।

हिरासतमा कहिले डीएसपी र इन्स्पेक्टर भएर बयान लिने र यो मान्छेबाट सही कुरा आएको छैन भनेर मानसिक यातना दिने, कहिले बोर्डको बयान भनेर प्रमुख जिल्ला अधिकारी, डीएसपी, सेनाको मेजर र जनसम्पर्क अधिकारी भएर बयान लिने, यस्तै गरेर १५ दिन हिरासतमै राखे।

डीएसपीले फागुन २० गते राती १० बजेतिर हिरासतमा भएका सबै बन्दीलाई लाइनमा राखेर मुखमा लाइटले हेर्दै हिरासतबाटै छोड्नेलाई एकातिर, जेल चलान गर्नेलाई

अर्कोतिर गराउँदै थिए । 'तपाईंहरूलाई त भोलि हवालतको हावा खान पठाइदिन्छु, तर यो मान्छे चितवनदेखि आएर हामीलाई दुःख दिने' भन्दै मेरो मुखमा हेरे ।

२१ फागुन दिनको ३ बजेतिर आवश्यक डकुमेन्ट सहित हामीलाई कञ्चनपुर जेल चलान गरियो । जेल गएपछि मैले एकखाले स्वतन्त्रताको महसुस गरेँ, किनभने हिरासतमा जस्तो उकुसमुकुस त्यहाँ थिएन । जेलमा हामी राजनीतिक बन्दीहरू २४ जना थियौँ, त्यसमध्ये नेपाली काङ्ग्रेसका पाका र युवा नेता–कार्यकर्ता २० जना थिए भने वामपन्थी विचार राख्ने चार जना थियौँ ।

जेलजीवन भने रमाइलोसँग बिताइयो । जेलमा बन्दीकोठा नपुगेर हामीलाई बाहिर कम्पाउण्डमा टेन्ट राखेर थुनिएको थियो । बेड पार्टनर थिए, वामपन्थी विचारका यादवनाथ शर्मा । एकखाले दिनचर्या बनाइएको थियो– बिहानै उठ्ने, नित्यकर्म गर्ने, हल्का योग र व्यायाम गर्ने । चिया नास्तापछि प्राप्त सामग्रीहरूको अध्ययन गर्ने । दिनको १२–१ बजेतिर बिहानको खाना खाने । दिउँसो राजनीतिक छलफल चलाउने र चेस, लुँडो खेल्ने । बेलुका ४–५ बजेतिर खाना खाने, कम्पाउण्डभित्रै हल्का हिँडडुल गरेपछि साथीहरू जम्मा भएर गफगाफ गर्ने । ९–१० बजेसम्ममा सुत्ने ।

बाहिर भने देशैभरि पञ्चायतविरोधी आन्दोलनको राँको बलिरहेको थियो । विभिन्न खाले समाचारहरू आइरहन्थे । यसै क्रममा २०४६ चैत २६ गते शान्ति सुरक्षा ऐन अन्तर्गतका बन्दीहरूलाई रिहाइ गर्ने सूचना आयो । म पनि शान्ति सुरक्षा ऐन अन्तर्गतकै बन्दी भएकाले रिहा हुने भएँ । यसरी गिरफ्तारी, यातना, हिरासत र जेल जीवनका १ महिना २३ दिन बिताएर चैत २६ गते बेलुका ५ बजे मुक्त भएँ । सँगै साढे आठ–नौ वर्षको भूमिगत जीवनबाट पनि खुला भएँ ।

करिब आधा शताब्दी लामो राजनीतिक जीवनमा आत्मसुरक्षा र निजी लाभहानिको चिन्ताले मलाई कहिल्यै सताएन । काम गर्दै जाँदा चितवनजस्तो सचेत र प्रतिस्पर्धी जिल्ला सहित महाकालीका तुलनात्मक रूपमा कमजोर चेतना र पिछडिएका जिल्लाहरूमा काम गरेको लामो अनुभव सँगाल्ने सौभाग्य पनि प्राप्त भयो । राजतन्त्रको निरङ्कुशताको अँध्यारोमा बिनासर्त र निस्वार्थ ढङ्गले कम्युनिस्ट आन्दोलनमा अविराम र जीवनपर्यन्त लागिरहने सङ्कल्पका साथ घर छोडेर हिँडिएको थियो । उक्त सङ्कल्प र त्यसलाई पूरा गर्न पार गरेको भूमिगत यात्राप्रति गर्वबोध छ । ●